# लुम्बिनी प्रदेशको

# प्रथम आवधिक योजनाको समीक्षा प्रतिवेदन

(आर्थिक वर्ष २०७६/७७-२०८०/८१)




जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## प्रदेश सरकार

## प्रदेश योजना आयोग

## लुम्बिनी प्रदेश

## राप्ति उपत्यका(देउखुरी), दाङ, नेपाल

**लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना**

**(आर्थिक वर्ष २०७६/७७-२०८०/८१)को समीक्षा प्रतिवेदन**

**अध्ययन बर्षः २०८०/८१**

**आर्थिक सहयोगः प्रदेश योजना आयोग, लुम्बिनी प्रदेश, राप्ती उपत्यका(देउखुरी), दाङ**

**प्राविधिक परामर्श सेवाः** एडमायर मल्टीसर्भिस कम्पनी प्रा.लि.

## अध्ययन टोली

**टोली प्रमुख** : डा. जनक राज शाह, पूर्व सदस्य, राष्ट्रिय योजना आयोग
**सदस्यहरु** : राम कुमार ढुङ्गाना, योजना/तथ्याङ्क विद्
डा. प्रमोद नरसिंह केसी, अर्थशास्त्री
जनक गिरी, समाजशास्त्री

**कम्प्युटर एवं डिजाइनः** भ्याइलेन्टिका घिमिरे
आरोही श्रेष्ठ

**प्रदेश सरकार**

**लुम्बिनी प्रदेश**

**राप्ति उपत्यका(देउखुरी), दाङ**

**मूख्यमन्त्री**

## मन्तव्य

लुम्विनी प्रदेशको प्रथम आवधिक योजनाको समीक्षा कार्य सम्पन्न गर्नुभएकोमा लुम्बिनी प्रदेश योजना आयोगलाई हार्दिक बधाइ तथा धन्यवाद ज्ञापन गर्दछु । समीक्षा प्रतिवेदनले प्रदेशको पहिलो आवधिक योजनाले राखेका दीर्घकालिन सोच, लक्ष्य, उदेश्य, कार्यक्रम तथा अपेक्षित उपलब्धीको नीतिगत, प्रमुख आयोजना तथा कार्यक्रम र परिमाणात्मक लक्ष्य र प्रगतिको हालसम्मको उपलब्धीको समीक्षा गरी दोस्रो आवधिक योजनाका लागि सुझावहरुका साथ स्पष्ट मार्गचित्र प्रस्तुत गरेको थाहा पाउँदा खुसि लागेको छ ।

प्रदेशस्तरीय संरचनाहरू भर्खर भर्खर निर्माण भइरहेका, प्रदेशस्तरको आवधिक योजनाको पहिलो अभ्यास भएको र पन्ध्रौ राष्ट्रिय योजना तर्जुमा हुनुभन्दा अगाडि तर्जुमा गरिएको कारण यस योजनाको समीक्षा नियमित रूपमा गरिने समीक्षाभन्दा बढी महत्त्वपूर्ण हुने भएकोले नै आवधिक योजनाको समीक्षा प्रदेश सरकारका लागि विशेष र सहयोगी रहनेछ । आवधिक योजना कार्यान्वयनमा आएको दोस्रो वर्षदेखि नै कोभिडको विश्वव्यापी महामारी सुरु भई असामान्य अवस्था सिर्जना भएको, कोभिडका कारण योजनाका गतिविधि प्रभावित भएको, सरकारको फेरबदल तथा आर्थिक मन्दीले समेत योजना कार्यान्व्यन प्रक्रियामा समस्या सिर्जना भएको हामी सवैले बुझेकै तथ्य हो ।

यही पृष्ठभूमिमा प्रदेश योजना आयोगले प्रदेशको पहिलो आवधिक योजनाको समीक्षा गरी यो प्रतिवेदन सार्वजनिक गरेको छ । योजना प्रक्रिया भनेको निरन्तरको सिकाइको अनुभव र अभ्यासहरूको परिमार्जन पनि हो । यस अर्थमा यो समीक्षाले आवधिक योजनाको बाँकी अवधिमा गर्नुपर्ने गतिविधि निक्योल गर्न, आगामी दिनमा योजना कार्यान्वयनलाई थप प्रभावकारी बनाउन अवलम्बन गर्नुपर्ने सुधारको मार्गचित्र प्रदान गर्न र यसै वर्ष तर्जुमा गरिने प्रदेश सरकारको दोस्रो आवधिक योजनाका लागि आधार तयार गर्न ठोस रूपमा सहयोग गर्ने विश्वास लिएको छु ।

प्रस्तुत समीक्षा प्रतिवेदन तयार गर्ने कार्यमा अभिभावकीय भूमिका खेल्नुहुने प्रदेश योजना आयोगका उपाध्यक्ष डा. नहकुल केसी र आयोगका सदस्यहरु तथा आयोगका प्रशासकीय प्रमुख पोषन राज भण्डारी तथा कर्मचारीहरु, प्राविधिक सहयोग उपलब्ध गराउने एडमायर मल्टीसर्भिस कम्पनी तथा संलग्न विज्ञहरु राष्ट्रिय योजना आयोगका पूर्व सदस्य डा. जनक राज शाह, विज्ञ सदस्य आरके ढुंगानालगायत सवैमा विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु । धन्यवाद ।

मिति: २०८०/०९/२०

मुख्यमन्त्री
डिल्ली बहादुर चौधरी

**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**
**प्रदेश योजना आयोग**
**राप्ति उपत्यका(देउखुरी), दाङ**

# भूमिका

प्रदेश योजना आयोगले आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाको समीक्षा गर्ने उद्धेश्यका साथ आवधिक योजनाले तय गरेका लक्ष्य, उद्धेश्य र कार्यक्रमहरुको उपलब्धीको लेखाजोखा गर्ने प्रयोजनले समीक्षा अध्ययन सम्पन्न गरेको छ ।

आवधिक योजनाको समीक्षाले आवधिक योजनाले तर्जुमा गरेका मन्त्रालयगत तथा क्षेत्रगत विषयको नीतिगत उपलब्धि, प्रमुख आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्थाको वस्तुगत विश्लेषण तथा आवधिक योजनाले विभिन्न सूचकहरुको बारेमा राखेको लक्ष्य र प्रगतिको समेत समीक्षा गरेको छ । समीक्षाले सरकारको कामकारवाही अझै सशक्त र व्यवस्थित बनाउनुपर्ने, अर्थतन्त्रलाई माथि उकास्न निजी क्षेत्रमैत्री वातावरण बनाउने, कोरनाबाट थला परेको आर्थिक तथा सामाजिक क्षेत्रको पुनरुत्थानका कार्यक्रम ल्याउने, प्रदेशको तथ्याङ्कलाई एकीकृत गर्ने, वस्तुपरक योजनाहरु मात्र समावेश गर्ने, प्रदेशको आर्थिक क्रियाकलाप वृद्धि गरी राजस्व परिचालन क्षमता बढाउने, प्रदेशमा रहेका प्राकृतिक सम्पदाहरुको उपयोग गर्ने, स्थानीय तह र प्रदेशका बीच नतिजामूलक सम्वन्ध विकास गर्ने, प्रदेशको खर्च क्षमता बढाउन समन्यायिक वितरणमा जोड दिने, शिक्षा र स्वास्थ्यको परम्परागत अवस्थामा सुधार गर्ने, जनशक्ति परिचालनको विशेष प्रबन्ध गर्ने, सहकारीको उपयोग आर्थिक उन्नयनमा गर्ने, दिगो विकास लक्ष्य उत्तरदायी योजना बनाउने लगायतका क्षेत्रमा विशेष जोड दिनुपर्नेतर्फ सङ्केत गरेको छ ।

यो समीक्षाले प्रथम आवधिक योजनालाई थप वस्तुपरक बनाई यसको प्रभावकारी कार्यान्वयनमा मद्धत गर्नुका साथै दोस्रो आवधिक योजना तर्जुमा र सञ्चालनमा विशेष योगदान पुर्याउने विश्वास लिएको छु । अन्त्यमा आवधिक योजनाको समीक्षा जस्तो गहन कार्य सम्पन्न गर्न सदैव प्रेरित गर्नु हुने माननीय मुख्यमन्त्री दिल्ली चौधरीप्रति हार्दिक आभार व्यक्त गर्दछु । प्रदेश योजना आयोगका माननीय सदस्यहरु साथै प्रदेशका प्रमुख सचिवज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । प्रदेश योजना आयोगका प्रशासकीय प्रमुख लगायतका सम्पूर्ण कर्मचारीहरु, प्रदेश मन्त्रालयका सचिवहरु लगायत यस प्रक्रियामा सहयोग गर्नु हुने सबै राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, नागरिक समाज र विज्ञहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

यस महत्वपुर्ण कार्यमा प्राविधिक सहयोग उपलब्ध गराउने संस्था एडमायर मल्टीसर्भिस कम्पनी प्रा.लि.का टोली प्रमुख एवं योजना आयोगका पूर्व सदस्य डा. जनक राज शाह, राम कुमार ढुंगाान लगायत सम्पूर्ण टिमप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै, समीक्षा कार्यमा विज्ञको रूपमा सहयोग गर्ने सबैलाई विशेष धन्यवाद दिन चाहन्छु । अन्त्यमा समीक्षाबाट प्राप्त निष्कर्ष र यसले दिएका सुझावहरुको कार्यान्वयनमा हामी सबैको सहयोग रहनेछ भन्ने विश्वास व्यक्त गर्दछु । प्राप्त ती उपलब्धिहरुको रक्षा गर्दै नयाँ अवसर र चुनौतिहरुको सम्बोधन गर्दै योजना आयोगलाई अझै र प्रभावकारी बनाउँदै प्रदेशवासीहरुको चाहना र आवश्यकतालाई दिगो रुपमा पूरा गर्न काममा एकाग्र भएर लाग्ने प्रतिवद्धता समेत जाहेर गर्दछु ।

मितिः २०८०/०९/१९

डा. नहकुल के.सी.

उपाध्यक्ष
प्रदेश योजना आयोग

**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**
**प्रदेश योजना आयोग**
**राप्ति उपत्यका(देउखुरी), दाङ**

# कृतज्ञता

प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, सो का उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालिन र अल्पकालिन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश स्तरका महत्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने र सो को आधारमा प्राप्त सूचनाहरुको अध्ययन एवं विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह सुझाव र सहयोग प्रदान गर्ने उद्देश्यले गठित प्रदेश योजना आयोगले प्रदेशको नीति तथा योजना निर्माणमा थप सहयोग पुऱ्याउने हिसावले विभिन्न अध्ययन तथा अनुसन्धानात्मक कार्य समेत गरिरहेको छ । प्रदेशको दीर्घकालिन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा, प्रदेश सरकारका नीति, योजना, आयोजना तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन, सो सम्वन्धमा तहगत समन्वय, अध्ययन अनुसन्धान तथा अन्वेषण, लगानीका लागि आवश्यक समन्वय र परामर्श गरी लगानीको वातावरण तयार गर्ने प्रदेश योजना आयोगले प्रमुख जिम्मेवारी बहन गरिरहेको परिप्रेक्ष्यमा प्रदेश योजना आयोगले लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाको समीक्षा कार्य सम्पन्न गरेको छ ।

आयोजना / कार्यक्रम सञ्चालनमा देखा परेका समस्यासहित समाधानका उपायसमेत समावेश गरी तयार गरेको यस समीक्षा प्रतिवेदनबाट लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनालाई वस्तुनिष्ठ र यथार्थपरक बनाउन अमुल्य सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्तमा, आवधिक योजनाको मध्यावधि समीक्षामा महत्वपूर्ण जिम्मेवारी वहन गर्नुहुने योजना आयोगका उपाध्यक्ष, सबै मन्त्रालयका सचिवज्युलगायत सम्पूर्ण प्रदेश सरकारका कर्मचारीहरू, प्रदेश योजना आयोगका पदाधिकारी एवम् कर्मचारी तथा विज्ञ टोलीलाई हार्दिक धन्यवाद दिन चाहन्छु । हामीलाई तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने लुम्बिनी प्रदेशका मन्त्रालय तथा मातहतका कार्यालयहरु, सरकारी तथा निजी क्षेत्रका कार्यालयहरु, उद्योग, व्यापारिक प्रतिष्ठान एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु । यो प्रतिवेदन तयार पार्न प्राविधिक सहयोग उपलब्ध गराउने एडमायर मल्टीसर्भिस कम्पनी तथा संलग्न विज्ञहरु राष्ट्रिय योजना आयोगका पूर्व सदस्य डा. जनक राज शाह, विज्ञ सदस्य आरके ढुंगानालगायत सवैमा विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद ।

मिति: २०८०/०९/१४

पोषन राज भण्डारी
प्रशासकीय प्रमुख

## कार्यकारी सारांश

लुम्विनी प्रदेशको प्रदेश योजना आयोगले आ.व २०७६/७७ देखि २०८०/८१ सम्म पाँच वर्षका लागि तर्जुमा गरेको पहिलो आवधिक योजना चौथो आर्थिक वर्षको समाप्ति संगै कार्यान्वयनमा रहेको छ । अर्को आर्थिक वर्षमा चालु पहिलो आवधिक योजनाको अवधि समाप्त समेत हुने भएको छ । यसै क्रममा नयाँ कार्यदिशा तय गर्न पहिलो आवधिक योजनाको अध्यावधिक समीक्षा गर्नु आवश्यक भएको हुँदा यसमा लिइएका रणनीति तथा कार्यनीतिको कार्यान्वयनको अवस्था, लक्षित उपलब्धिमा भएको प्रगति र त्यसबाट योजनाको समग्र लक्ष्य, उद्देश्य प्राप्तिमा पुगेको योगदान एबं भविष्यमा कसरी अगाडि बढ्न सकिन्छ भन्ने बारे पृष्ठपोषण लिने प्रयोजनका लागि प्रदेश योजना आयोगले प्रथम आवधिक योजनाको चार बर्षसम्मको समीक्षा गरेको छ ।

आवधिक योजनाको चार आर्थिक बर्षको भौतिक र वित्तीय प्रगतिका साथै नीतिगत, कार्यक्रमिक तथा नतिजा सूचकहरुको अवस्थाबारे समीक्षा गरी सुझाव प्रस्तुत गर्नु यस समीक्षात्मक अध्ययनको उद्देश्य रहेको छ । समीक्षाको क्रममा कार्य योजना तयारी र स्वीकृति, डेस्क अध्ययन, प्रदेश योजना आयोगका पदाधिकारीहरुसँग छलफल, विभिन्न मन्त्रालयहरुबाट तथ्यांक र सूचना संकलन, छलफल र परामर्शको आधारमा प्रारम्भिक दस्तावेज तयार गरी विभिन्न तहमा छलफल गरी प्राप्त सुझावका आधारमा मस्यौदामा परिमार्जन गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

आवधिक योजनाको दीर्घकालीन सोचको रुपमा "समृद्ध प्रदेशः खुशी जनता" भन्ने रहेको छ । प्रदेशको दीर्घकालीन सोचका १६ वटा प्रमुख परिमाणात्मक लक्ष्य सूचकमध्ये १४ ओटा सूचकहरुको लक्ष्य प्रगति विवरण उपलब्ध भएको छ । प्रदेशको आर्थिक वृद्धि दरको आ.व. २०७९/८० को लक्ष्य १०.२ प्रतिशत रहेकोमा २.२३ प्रतिशतमात्र प्रगति भएको छ । जन्मदाको अपेक्षित आयुको चौथो वर्षको लक्ष्य ७०.१७ वर्ष रहेकोमा लक्ष्य भन्दा बढी ७०.९० प्रतिशत प्रगति भएको छ । सूचकमध्ये बहुआयामिक गरिबीको दर, प्रतिव्यक्ति आय, बेरोजगारीको दर, १५ बर्ष भन्दा माथिको साक्षरता दर, बाल मृत्यू दर, माध्यमिक तह (९–१२) मा कुल भर्ना दर, खानेपानी सुविधा पुगेका घरपरिवार, विद्युत सेवा पुगेको जनसंख्या, पक्की सडकको अंश र इन्टरनेटको पहुँच भएका घरपरिवार लगायतका १० वटा सूचकहरुमा आधार बर्षको तुलनामा प्रगति भएको छ भने लक्ष्य भनें प्राप्त प्राप्त हुन सकेन । सिंचित क्षेत्रमा थोरैमात्र प्रगति भएको छ भने सडकको लम्बाइमा लक्ष्यभन्दा बढी उपलब्धि भएको देखिन्छ । यस्तै अन्य केही लक्ष्यहरुमध्ये प्रदेश प्रादेशिक विश्वविद्यालय स्थापना गर्ने लक्ष्य मात्र पुरा भएको छ बाँकी लक्ष्यहरु प्राप्त गर्न कठिन हुने देखिन्छ ।

योजनाको नतिजा खाकामा कूल ३६८ वटा प्रभाव, असर र प्रतिफल तहका सूचकहरु तय गरिएकोमा १९३ वटा (५२.४५ प्रतिशत) सूचकको मात्र आधार तथ्यांक समावेश गरिएको छ । त्यसैगरी २७५ वटा (७४.७३ प्रतिशत) सूचकहरुको लक्ष्य निर्धारण गरिएकोमा १८७ वटा (६८ प्रतिशत) सूचकहरुमा मात्र प्रगति विवरण प्राप्त हुन सकेको छ ।

आवधिक योजनामा ६ वटा समष्टिगत रणनीति तथा विषयगतरुपमा २०४ वटा रणनीति र ८२८ वटा कार्यनीति तय गरिएका थिए । समीक्षामा समेटिएका कार्यनीतिहरु मध्ये समीक्षा अवधिमा करीब ६५.५४ प्रतिशत कार्यनीतिहरु कार्यान्वयनमा आएको देखिन्छ ।

प्रदेश सरकारको तर्फबाट योजना अवधिमा जम्मा रु १ खर्ब १३ अर्ब २१ करोड पूँजीगत लगानी हुने अनुमान गरिकोमा चार वर्षको अन्त्यसम्म आइपुग्दा जम्मा रु. ६८ अर्ब ३६ करोड ६६ लाख (६०.३९ प्रतिशत) पूँजीगत

लगानी भएको देखिन्छ । यस अवधिमा प्रदेश सरकारले रु. १८ अर्ब ४१ करोड आन्तरिक आय परिचालन गरेको छ ।

योजना कार्यान्वयनको मुख्य अवधिमा कोभिड-१९ महामारीले पुऱ्याएको अवरोधले गर्दा यसको लक्ष्य प्राप्तिमा प्रत्यक्ष नकारात्मक असर गर्न गएको छ । परिणामस्वरुप प्रदेशको आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को विकास गतिविधिमा पनि अवरोध सिर्जना भयो र योजनाको लक्ष्य प्राप्तिमा नकारात्मक असर पर्न गयो । आर्थिक वर्ष २०७६/७७, २०७७/७८, २०७८/७९ र २०७९/८० मा क्रमशः ८.४ प्रतिशत, ९.० प्रतिशत, ९.६ प्रतिशत र १०.२ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने योजनाको लक्ष्य रहेकोमा वास्तविक उपलब्धि सोभन्दा निकै कम क्रमशः -०.८४ प्रतिशत, ४.७२ प्रतिशत, ५.०३ प्रतिशत र २.२३ प्रतिशत मात्र भयो ।

प्रदेशको आवधिक योजनाको लक्ष्य प्राप्तिमा देखिएका प्रमुख समस्याहरुमा प्रदेशको तथ्याङ्कीय आधार कमजोर हुनु, आवधिक योजना र वार्षिक कार्यक्रमबिच तालमेलको अभाव, योजनाको लक्ष्य प्राप्तीमा विभिन्न क्षेत्रको सम्भावित भूमिकालाई उपयोग गर्न नसक्नु, कार्यान्वयन अवस्था कमजोर हुनु, अन्तरसरकार समन्वय र सहकार्यको अभाव, कोभिड १९ महामारीको प्रतिकूल असर पर्नु, योजनाका लक्ष्य सूचकहरु स्पष्टता नहुनु, संस्थागत संरचना तथा नीतिगत व्यवस्थाको कमि हुनु, योजनाको कार्यान्वयनसम्बन्धी प्रगति विवरण प्राप्त हुन नसक्नु, रणनीति र कार्यनीतिबिच अन्तर आवद्धताको कमि हुनु, योजनाको रणनैतिक क्षेत्र वमोजिम कार्यक्रम र साधन-स्रोत विनियोजन हुन नसक्नु आदि रहेका छन् ।

चालु आवधिक योजनाको बाँकी अवधिका लागि तथ्याङ्क नै योजनाको प्रमुख आधार भएकाले प्रदेशको वस्तुस्थिति एवं तथ्यांकीय विवरण समेट्नेगरी आर्थिक सर्भेक्षण अध्यावधिक गर्ने, योजनाको पुनरावलोकन गर्ने, अधुरा आयोजना कार्यान्वयन गर्नेतर्फ बढी जोड दिने, मध्यकालीन खर्च संरचनालाई यथार्थपरक वनाउने, प्रदेश र स्थानीय योजनाबिच सामञ्जस्यता कायम गर्न स्थानीय तहलाई सहजीकरण गर्ने, आवधिक योजना तर्जुमामा तहगत सरकारबिच समन्वय र सहकार्य गर्ने, अन्तर सरकार सूचना एवं डाटा बैंक तथा सञ्जालको निर्माण गर्ने, प्रभावकारी अन्तरसरकार र अन्तरनिकाय समन्वय कायम गर्ने जस्ता कार्यहरुमा ध्यान दिनुपर्ने देखिन्छ ।

यसैगरी आगामी आवधिक योजना निमार्ण गर्ने क्रममा प्रदेश सरकारको कार्य जिम्मेवारीमा केन्द्रित रही योजना तर्जुमा गर्ने, राष्ट्रिय लक्ष्य, प्रदेशको दीर्घकालीन लक्ष्य, आवधिक योजनाको लक्ष्य र क्षेत्रगत लक्ष्य बिच तालमेल कायम गर्ने, योजनाको लक्ष्य प्राप्तीमा विभिन्न क्षेत्रको संभावित भूमिकालाई अधिकतम उपयोग गर्ने, आवधिक योजनाका लक्ष्य तथा सूचकहरुलाई आधारको रुपमा लिनु पर्ने, निर्धारण गरिएका नतिजा सूचकहरुमा स्पष्टता कायम गर्ने, उपलव्ध जनशक्ति, स्रोत साधन र क्षमतामा आधारित रही कार्यान्वयनमुखी योजना तर्जुमा गर्ने, आवधिक योजनाको नतिजासूचक केन्द्रित हुनेगरी वार्षिक कार्यक्रम तर्जुमा गर्ने, योजना तर्जुमा प्रक्रियामा तहगत सरकारविच परस्पर समन्वय र तालमेल कायम गर्ने, मध्यमकालीन खर्च संरचना र आयोजना वैंकको प्रभावकारी कार्यान्वयन गर्ने, कार्यान्वयन गर्ने निकायलाई जिम्मेवार र उत्तरदायी वनाउने, अनुदान प्रणालीलाई नतिजा प्राप्तिसँग आवद्ध गर्ने, योजनाको समग्र रणनीति, क्षेत्रगत रणनीति, कार्यनीति र कार्यक्रमविच अन्तरआवद्धता कायम गर्ने, योजनाको रणनैतिक क्षेत्र एवं प्रदेश विकासका प्रमुख संवाहक वमोजिम वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमा गर्ने, विशेष परिस्थितिको सामना गर्न वैकल्पिक रणनीतिको तर्जुमा गर्ने, प्रदेश योजना आयोगको संस्थागत क्षमता अभिवृद्धि गर्ने लगायतका विषयमा ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ ।

**समष्टिगत आर्थिक क्षेत्र**

समष्टिगत आर्थिक क्षेत्र अन्तर्गत बचत र लगानी, सार्वजनिक खर्च, राजस्व परिचालन, आन्तरिक ऋण र वैदेशिक सहयोगसम्बन्धी निर्धारित सोच, लक्ष्य तथा उद्देश्य प्राप्त गर्न १३ ओटा रणनीति र सो अर्न्तगत ४६ ओटा कार्यनीति निर्धारण गरिएकोमा आंशिक कार्यान्वयन समेत गरी २८ ओटा कार्यान्वयनमा आएका छन् । योजनामा बचत तथा लगानी उपक्षेत्रका लागि ३ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएकोमा ठोस प्रगति देखिएन ।

सार्वजनिक खर्चलाई बढी प्रभावकारी बनाउने सम्बन्धमा मध्यकालिन खर्च संरचना बनाई कार्यान्वयन गरिएको छ भने बजेट सम्बन्धी तालिम संचालन र बजेट इन्फरमेशन मेनेजमेन्ट सिस्टमको रुपमा PLMBIS लागु रहेको छ । प्रदेशमा बढी प्रतिफल दिने रणनीतिक आयोजनाहरु छनौट गरी पर्याप्त बजेट व्यवस्था गर्ने परिपाटी पनि अवलम्बन गरिएको छ । यससम्बन्धमा प्रदेश गौरवका आयोजना निर्धारण सम्वन्धी मापदण्ड, बहुवर्षिय आयोजना स्विकृती तथा ठेक्का सम्वन्धी मापदण्ड प्रदेश अनुगमन तथा मूल्यांकन दिग्दर्शन, मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालन कार्यविधि, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, विभिन्न ऐन कानून, आदि तर्जुमा भई कार्यान्वयनमा ल्याइएको छ । यद्यपी प्रदेशको सार्वजनिक खर्चमा पूँजीगत खर्चको हिस्सा बढाउने र पूर्णरुपमा बजेटको ९० प्रतिशतभन्दा बढी कार्यान्वयन गर्ने जस्ता अपेक्षित उपलब्धि भने प्राप्त गर्न सक्ने अवस्था रहेको छैन ।

राजस्व परिचालनसम्बन्धी कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयन भई अपेक्षा गरे अनुरुप प्रादेशिक खर्चमा राजस्वको अंश बढेको अवस्था देखिदैन । यातायात, मालपोत कार्यालयलाई राजस्व संकलनको प्रशासनिक संरचनाको रुपमा संचालन गरिएको छ भने राजस्वसम्बन्धी सचेतना कार्यक्रमहरु संचालन भएका छन् ।

आन्तरिक ऋण परिचालन र वैदेशिक सहयोग सम्बन्धमा लिइएका कुनै पनि कार्यनीति कार्यान्वयनमा आएको छैन । हालसम्म कुनै पनि आन्तरिक ऋण र वैदेशिक सहयोग उठाइएको छैन । योजनामा उल्लेख गरिएको वित्तीय व्यवस्था, आन्तरिक ऋण व्यवस्थापन र वैदेशिक सहयोगसम्बन्धमा कुनै प्रगति भएको देखिँदैन ।

योजनामा समष्टिगत आर्थिक क्षेत्रका प्रभाव तहका ३ ओटा, असर तहका ८ ओटा र प्रतिफल तहका १० ओटा गरी कुल २१ ओटा सूचकहरु निर्धारण गरिएका छन् । कूल ग्रार्हस्थ्य उत्पादनको वृद्धिदर १०.२ प्रतिशत पुऱ्याउने भनिएकोमा आ.व. २०७९/८० सम्मको प्रगति अवस्था हेर्दा लुम्बिनी प्रदेशको आर्थिक वृद्धिदर २.२३ प्रतिशतमा सीमित हुने अनुमान छ । यसैगरी आ.व. २०७९/८० सम्म कृषि क्षेत्रको उत्पादन वृद्धिदर र गैर कृषि क्षेत्रको उत्पादन वृद्धिदर क्रमशः ६.७ र ११.५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकामा यो वृद्धिदर क्रमशः ३.६ प्रतिशत र १.५ प्रतिशत रहने अनुमान छ ।

योजनाले उद्योग र सेवा क्षेत्रलाई विस्तार गर्दै प्रदेश अर्थतन्त्रमा कृषिको भूमिकालाई योजनाको अन्तिम वर्ष अर्थात् आ.व. २०८०/८१ सम्ममा आ.व. २०७५/७६ को हिस्सा ३१.४ प्रतिशत हिस्साबाट २६.६ प्रतिशतमा झारी यो हिस्सालाई ४.८ प्रतिशत विन्दुले घटाउनु पर्नेमा आ.व. २०७९/८० सम्म प्रादेशिक कूल ग्रार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३०.४ रहने अनुमान छ । वास्तवमा खाद्यान्न समेत आयात गर्नु परी ठुलो व्यापार घाटाको जटिल अवस्था व्यहोरी रहनु परेको बेला यो संरचनागत परिवर्तनभन्दा कृषि उत्पादन वृद्धिमा जोड दिदैं कृषि पैदावरमा आत्मनिर्भर तथा आयात प्रतिस्थापनमा जोड दिनु उपयुक्त देखिन्छ ।

योजनाले आ.व. २०७५/७६ मा १६.५ प्रतिशत रहेको कूल ग्रार्हस्थ उत्पादनमा द्वितिय क्षेत्रको हिस्सालाई योजनाको अन्तिम वर्ष सम्ममा २१.४३ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएकोमा यो हिस्सा आधार वर्षको भन्दा पनि कम १४.१ प्रतिशतमा रहेको छ।

कूल ग्रार्हस्थ्य उत्पादनमा तृतीय क्षेत्रको योगदान भने योजनाको सुरु वर्षदेखि नै लक्ष्यभन्दा बढी देखिन्छ। तसर्थ आधार वर्षमा ५२.१ प्रतिशत रहेको तृतीय क्षेत्रको योगदानलाई योजनाको अन्तसम्ममा आधार वर्षको भन्दा कम ४८.३८ प्रतिशत पुर्‍याउने लक्ष्य राखिएकोमा लक्ष्य निर्धारण मै त्रुटि रहेको देखिन्छ। जबकी योजनाको चौथो वर्षमा कूल ग्रार्हस्थ उत्पादनमा तृतीय क्षेत्रको हिस्सा आधार वर्षको हिस्सा भन्दा बढी ५५.५ प्रतिशत भन्दा बढी रहने अनुमान छ।

बचत परिचालन, नीजि क्षेत्रको लगानी र कूल लगानी सम्बन्धमा प्रदेशमा आधार तथ्याङ्क सहित अन्य कुनै लक्ष्य प्रगति तथ्याङ्क उपलब्ध हुन सकेन। योजना अवधिको कूल प्रक्षेपित लगानी रु. १२ खर्ब ७ अर्ब ८० करोड रहेको छ। लगानीको मूल स्रोत नै बचत मान्न सकिन्छ। प्रदेश तहमा बचत सम्बन्धी तथ्याङ्क उपलब्ध हुन सकेन।

योजनाको पहिलो बर्षदेखि चौथौ आर्थिकसम्ममा रु. २५७६ करोड (बार्षिक बजेट) राजस्व उठाउने लक्ष्य राखिएकोमा रु. १८४१ करोड सङ्कलन भई लक्ष्यको ७१.४७ प्रतिशत राजस्व सङ्कलन भएको छ। आवधिक योजनाले चार बर्षसम्मको आन्तरिक राजस्व लक्ष्य रु. २२१३.४ करोड मात्र निर्धारण गरेको थियो। राजस्व सङ्कलन बढ्दो क्रममा देखिएता पनि बार्षिक बजेटको लक्ष्य प्राप्ति हुन नसकेको अवस्था रहेको छ। ग्रार्हस्थ उत्पादनमा राजस्वको अंश आधार वर्ष २०७५/७६ मा ०.६४ प्रतिशत रहेकोमा योजनाको चौथो बर्षमा ०.६५ प्रतिशत रहेकोमा आधार वर्षको तुलनामा खासै सुधार भएको देखिदैन।

कुल सार्वजनिक खर्च (बजेट खर्च) को उपयोगलाई प्रभावकारी नबनाएसम्म त्यसको प्रतिफल प्राप्त हुन कठिन पर्छ। आवधिक योजनामा कुल सार्वजनिक खर्च (बजेट खर्च) लाई प्रतिफल सूचकको रुपमा लिइएको छ। आधार वर्ष २०७५/७६ को कुल बजेट रु. २३०९०० लाखको तुलनामा आ.व. २०७९/८० सम्मको लक्ष्य रु.४७२६२० लाख पुऱ्याउने रहेको थियो। यो लक्ष्य पूरा हुने देखिदैन।

कुल ग्रार्हस्थ्य उत्पादन र वार्षिक बजेटबीचको अनुपात आ. व. २०७९/८० मा ५.५९ प्रतिशत रहेको हुँदा ६.८५ प्रतिशत पुर्‍याउने लक्ष्य पुरा हुने देखिँदैन। वार्षिक विनियोजन बजेटमा कुल खर्चको अंश बढाउनुपर्ने भएकाले आवधिक योजनाले राखेको ९० प्रतिशत भन्दा बढी खर्च गर्ने लक्ष्य पुरा हुने देखिँदैन। वार्षिक पुँजीगत खर्च विनियोजनमध्ये यथार्थ पुँजीगत खर्च चार बर्षको औषतमा ८२.१३ प्रतिशत रहेकोमा योजनाले राखेको लक्ष्य ९० प्रतिशत भन्दा बढीको लक्ष्य प्राप्त हुनसक्ने आधार देखिँदैन। चार आर्थिक वर्षको चालु खर्चको विनियोजनको औसत ६०.८८ प्रतिशत मात्र रहेकाले आवधिक योजनाको ९० प्रतिशत भन्दा बढी पुऱ्याउने लक्ष्य पुरा हुने देखिँदैन।

प्रदेश सरकारको पूँजीगत खर्चको प्रवृत्ति हेर्दा आ.ब. २०७७/७८ मा अस्वाभाविकरुपमा खर्च बढेको छ भने अर्को बर्ष फेरी घट्न गएको छ। पुँजीगत खर्चमा समेत Consistency रहेको छैन। आवधिक योजनाले आ.व.२०७९/८० मा पूँजीगत खर्च रु २२५१६० लाख (प्रतिफल सूचक) पुऱ्याउने लक्ष्य राखेकोमा यो लक्ष्य पूरा हुने देखिदैन।

विनियोजन दक्षताका हिसाबले हेर्दा आधार वर्ष २०७५/७६ मा कूल बजेटमा पुँजीगत बजेटको अंश ५९.१८ प्रतिशत विनियोजन भएकोमा आ.व. २०७६/७७ मा ५०.९९ प्रतिशत, आ.व २०७७/७८ र २०७८/७९ मा पुँजीगत बजेट क्रमशः ५१.२२ प्रतिशत र ५१.७१ प्रतिशत र आ.व. २०७९/८० र चालु आ.व. २०८०/८१ मा पुँजीगत बजेट विनियोजन क्रमशः ५७.४१ प्रतिशत र ५७.४५ रहेको छ। यसरी आधार वर्षको तुलनामा त्यसपछिका ५ आर्थिक वर्षमा पुँजीगत बजेट घटेको र चालु बजेट बढ्दै गएको देखिन्छ। आधार वर्षको तुलनामा प्रथम आवधिक योजनाले पाँचौ बर्षको पुँजीगत बजेट विनियोजनको लक्ष्य ५३.७५ राखेको थियो जुन आधार वर्षको लक्ष्यभन्दा पनि कम रहेको छ। त्यसैले लक्ष्य निर्धारणमा नै त्रुटि देखिन्छ।

प्रदेशको मन्त्रालयगत बजेट विनियोजनमा समग्रमा पूर्वाधारसँग सम्बन्धित निकाय (भौतिक पूर्वाधार, सहरी विकास) ले उच्च प्राथमिकता पाएको देखिन्छ। सामाजिक क्षेत्रसँग सम्बन्धित मन्त्रालय (शिक्षा, स्वास्थ्य) ले दोस्रो प्राथमिकता पाएका छन् भने आर्थिक क्षेत्रसँग सम्बन्धित मन्त्रालय (भूमि व्यवस्था, कृषि, पर्यटन, उद्योग आदि) ले त्यसपछिको प्राथमिकता पाएका छन्।

प्रदेश सरकार अन्तर्गतका मन्त्रालयहरूमध्ये आ.व. २०७९/८० मा पुँजीगत बजेटको सबैभन्दा बढी प्रतिशत गर्ने खर्च गर्ने मन्त्रालयहरुमा क्रमशः प्रथम खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय (८७.८१ प्रतिशत), दास्रो भौतिक पूर्वाधार विकास मन्त्रालय (७६.५१ प्रतिशत) र तेस्रो उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय (७३.६१ प्रतिशत) रहेका छन्। यसरी अघिल्ला वर्षहरुको तुलनामा मन्त्रालयगत पुँजीगत खर्चको प्रतिशतमा सुधार हुँदै गएको भए तापनि पुँजीगत खर्च उच्च गतिमा लैजान सबै मन्त्रालयले ध्यान दिनुपर्ने देखिन्छ।

प्रदेशको कूल ग्रार्हस्थ्य उत्पादनमा सङ्घीय बजेटबाट हस्तान्तरित अनुदानको हिस्सा सम्बन्धमा आ.ब. २०७९/८० को बजेटमा रु. १५.३८४२ (१.९७ प्रतिशत) अर्बको लक्ष्य राखिएको छ। जबकी योजनाले लिएको रु १९.८३९० अर्बको लक्ष्य पुग्ने देखिँदैन। योजनाले लिएको अन्तिम वर्षसम्म २.८७ प्रतिशत पुऱ्याउने लक्ष्य पनि पुग्ने देखिँदैन। सङ्घीय बजेटबाट लुम्बिनी प्रदेशमा हस्तान्तरित अनुदान घट्दै गएको देखिएकाले योजनाले राखेको लक्ष्य ६१.४१ प्रतिशत प्राप्त हुन सक्ने देखिदैन।

दिगो विकास लक्ष्य १ ले कम्तीमा ७ प्रतिशतको आर्थिक वृद्धिदर कायम राख्नुपर्ने भनेको छ। तर लुम्विनी प्रदेशको प्रथम आवधिक योजनाको पहिलो चार वर्षको औसत आर्थिक वृद्धिदर २.७४ प्रतिशत मात्र रहेको छ भने योजनाको लक्ष्य औसत वार्षिक ९.५ प्रतिशत छ। यो लक्ष्य हासिल हुन सक्ने देखिँदैन। तर सन् २०३० सम्ममा ७ प्रतिशतको वृद्धिदर हासिल हुने सम्भावना भने नकार्न सकिदैन।

**विषयगत आर्थिक क्षेत्र**

आवधिक योजनाले "कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र औद्योगिकीकरणबाट प्रदेशको समृद्धिमा योगदान" भन्ने कृषि क्षेत्रको दीर्घकालीन सोच र कृषि क्षेत्रलाई प्रतिस्पर्धी, व्यावसायिक र सम्मानजनक पेशाको रूपमा रूपान्तरण गर्ने लक्ष्य निर्धारण गरेको छ। योजनामा कृषि विकाससम्बन्धी १० ओटा रणनीति र ४८ ओटा कार्यनीति निर्धारण गरिएकोमा ३७ वटा कार्यनीति केहि हदसम्म सम्बोधन भएका छन्। नीति निर्माण गर्ने कार्य गरिएको छ। कृषि विकास उपक्षेत्रका लागि २० ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएकोमा १७ ओटा संचालन भएका छन्।

योजनामा पशुपन्क्षी विकाससम्बन्धी ५ ओटा रणनीति र २४ ओटा कार्यनीति निर्धारण गरिएकोमा २१ ओटा कार्यनीति हालसम्म सम्बोधन भएका छन् । निर्धारित १२ ओटा प्रमुख कार्यक्रमहरुमध्ये ११ ओटा संचालनमा आएका छन् । मत्स्य विकाससम्बन्धी ६ ओटा रणनीति र २२ ओटा कार्यनीति निर्धारण गरिएकोमा १८ ओटा कार्यनीति सम्बोधन भएका छन् । निर्धारित ७ ओटा प्रमुख कार्यक्रमहरुमध्ये समीक्षा अवधिमा ५ ओटा संचालन भएका छन् ।

योजनामा भूमि व्यवस्थापनसम्बन्धी ४ ओटा रणनीति र १४ ओटा कार्यनीति निर्धारण गरिएकोमा ८ ओटा कार्यनीति केही हदसम्म सम्बोधन भएका छन् । निर्धारण गरिएका ६ ओटा प्रमुख कार्यक्रमहरुमध्ये २ ओटा आंशिकरुपमा संचालन भएका छन् । योजनाले सहकारीसम्बन्धी ३ ओटा रणनीति र १४ ओटा कार्यनीति निर्धारण गरिएकोमा ६ वटा कार्यनीति सम्बोधन भएका छन् भने निर्धारित ५ ओटा प्रमुख कार्यक्रमहरुमध्ये आंशिकरुपमा भएपनि सबै कार्यान्वयनमा आएका छन् । जडीबुटीसम्बन्धी २ ओटा रणनीति र १४ ओटा कार्यनीति निर्धारण गरिएकोमा ६ ओटा कार्यनीति सम्बोधन भएका छन् भने निर्धारित ६ ओटा प्रमुख कार्यक्रमहरुमध्ये ५ ओटा कार्यक्रम संचालनमा आएका छन् । योजनामा खाद्य तथा पोषण सूरक्षासम्बन्धी ५ ओटा रणनीति र १२ ओटा कार्यनीति निर्धारण गरिएकोमा ८ ओटा कार्यनीति सम्बोधन भएका छन् भने ४ ओटा प्रमुख कार्यक्रमहरुमध्ये एउटा पनि कार्यक्रम संचालनमा आएको जानकारी प्राप्त हुन सकेन ।

समग्रमा कृषि, सहकारी र जडीबुटी विकासको २०७५/७६ लाई आधार वर्षको रुपमा लिई उपलब्धिको विश्लेषण गर्दा प्रभावस्तर (लक्ष्य स्तर) को उपलब्धि २०७९/८० मा निरपेक्ष गरिबीको रेखामुनिको जनसंख्या (ग्रामीण गरिबी) को लक्ष्य १० प्रतिशत राखिएकोमा यसको प्रगति प्राप्त हुन सकेन । कृषि क्षेत्रको उत्पादन बृद्धिदर लक्ष्य ६.७ राखिएकोमा ३.६ प्रतिशत प्रगति भएको छ । यसैगरी कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादनमा योगदानको लक्ष्य २७.५ प्रतिशत राखिएकोमा ३०.४ प्रतिशत हुन पुगेको छ । प्रभावस्तर (लक्ष्य स्तर) खाद्य सुरक्षा भएका घरधुरीहरुको आधार तहको तथ्यांक मात्र राखिएको छ भनें उपलब्धि २०७९/८० को लक्ष्य प्रक्षेपण गरिएको छैन । असर (उद्देश्य) तहको नतिजा हेर्दा प्रमुख खाद्यान्न वालीको उत्पादनमा लक्ष्यको नजिक प्रगति भएको छ । पशुपन्छी तर्फ मासु उत्पादन र दूध उत्पादनको लक्ष्य क्रमशः ९० मेटन(हजार) र ४८२ किलो लिटर(हजार) लक्ष्य राखिएकोमा क्रमशः १०९.८ मेटन(हजार) र ५५७.२ किलो लिटर (हजार) प्रगति भएको छ । धेरैजसो नतिजा सूचकहरुको प्रगति तथ्यांक सम्बन्धीत मन्त्रालयबाट प्राप्त हनु सकेन ।

दिगो विकास लक्ष्य हासिल गर्न कृषि क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ । खासगरी लुम्विनी प्रदेश खाद्य सुरक्षा तथा पोषण (प्रतिव्यक्ति प्रतिवर्ष कृषिजन्य वस्तुको उपलब्धता)का हिसाबले प्रगति उन्मुख रहेको छ भने मासु र दूध उत्पादनमा आत्मनिर्भर रहने अवस्था रहेको छ ।

योजनाले “उत्पादन र रोजगारीमा औद्योगिक क्षेत्रको योगदान वृद्धि” भन्ने उद्योग क्षेत्रको दीर्घकालीन सोच भने उद्योगधन्दामा लगानी प्रवर्द्धन गर्न औद्योगिक वातावरण सिर्जना गर्ने लक्ष्य निर्धारण गरिएको छ । योजनामा ५ ओटा रणनीति र २४ ओटा कार्यनीति निर्धारण गरिएकोमा १७ ओटा वटा कार्यनीति सम्बोधन भएका छन् । निर्धारित ८ ओटा प्रमुख कार्यक्रमहरुमध्ये ४ ओटा आंशिकरुपमा संचालन भएका छन् । मोतिपुरमा औद्योगिक क्षेत्र र स्थानीय स्तरमा उद्योग ग्रामहरु स्थापनाको स्थापनाको थालनी भएको छ । खानी तथा खनिज पदार्थको विकाससम्बन्धी ४ ओटा रणनीति र ११ ओटा कार्यनीति निर्धारण गरिएकोमा ३ ओटा कार्यनीति सम्बोधन भएका छन् भने निर्धारित ७ ओटा कार्यक्रमहरुमध्ये एउटा पनि कार्यक्रम संचालन हुन सकेको छैन ।

समग्रमा उद्योग उपक्षेत्रको उपलब्धिको विश्लेषण गर्दा नतिजा खाकाको प्रभाव तहको (लक्ष्य स्तर) सूचकहरुमध्ये निरपेक्ष गरिबीको रेखामुनिको जनसंख्या र गैरकृषि क्षेत्रमा रोजगारी बृद्धिको प्रगति हुन सकेको छैन । गैरकृषि क्षेत्रको उत्पादनमा बृद्धि दर लक्ष्य ११.५ प्रतिशत भएकोमा प्रगति १.५ प्रतिशत मात्र भएको छ । कुल गार्हस्थ्य उत्पादनमा (असर तह) उद्योग क्षेत्रको योगदानको लक्ष्य २०.४ प्रतिशत भएकोमा प्रगति १४.१ प्रतिशत मात्र भएको छ भने आ.व. २०७९/८० मा यस प्रदेशको उद्योग क्षेत्रको बृद्धि दर भने १.५ प्रतिशतले ऋणात्मक हुने अनुमान छ । निर्धारण गरिएका अन्य नतिजा सूचकहरुको प्रतिवेदन हुन सकेको छैन ।

दिगो विकास लक्ष्य हासिल गर्न उद्योग उपक्षेत्रको योगदानका हिसाबले हेर्दा योजनाले पनि प्रदेशको कूल ग्रार्हस्थ्य उत्पादनमा उद्योगको हिस्सा आ.व. २०७५/७६ को १७.६ प्रतिशतबाट बढाएर आ.व. २०७९/८० मा २०.४ प्रतिशत र आ.व. २०८०/८१ मा २०.५ प्रतिशत पुर्‍याउने लक्ष्य राखेको छ । योजनाको यो लक्ष्य पुरा नहुने देखिन्छ ।

योजनाले "पर्यटन क्षेत्रको विकास एवम् वृद्धि मार्फत आर्थिक समृद्धि" भन्ने दीर्घकालीन सोच राखेको छ भने पर्यटन क्षेत्रको प्रवर्द्धनबाट रोजगारी एवम् आयआर्जन वृद्धि गरी गरिबी निवारणमा योगदान गर्ने लक्ष्य निर्धारण गरेको छ । योजनामा पर्यटन उपक्षेत्र सम्बन्धी ५ ओटा रणनीति र २२ ओटा कार्यनीति निर्धारण गरिएकोमा १९ ओटा कार्यनीति आंशिकरुपमा भएपनि कार्यान्वयनमा आएका छन् भने निर्धारित १४ ओटा कार्यक्रमहरुमध्ये १२ ओटा संचालनमा आएका छन् । समष्टिमा परिमाणात्मक लक्ष्यको आधारमा प्रगति हेर्दा पर्यटन क्षेत्रका १२ ओटा लक्ष्य सूचकमध्ये एउटा सूचकको मात्र उपलब्धि प्राप्त भएको भने प्रगति पनि आशाप्रद छैन ।

## सामाजिक क्षेत्र

योजनाले "समतामूलक गुणस्तरीय शिक्षाको माध्यमबाट सक्षम, नैतिकवान र समर्पित जनशक्तिको विकास" भन्ने दीर्घकालीन सोच सहित रोजगार, स्वावलम्बी, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, जीवन र जगतप्रति सकारात्मक, मानवीय मूल्यप्रति संवेदनशील, खुशी, इमान्दार, श्रमप्रति आस्थावान र नैतिकवान नागरिक तयार गर्ने लक्ष्य निर्धारण गरेको छ । लक्ष्य प्राप्तिका लागि ७ ओटा रणनीति र ३२ ओटा कार्यनीति निर्धारण गरिएकोमा २९ ओटा कार्यान्वयनमा आएका छन् भने १३ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएकोमा १३ ओटा नै संचालनमा आएका छन् ।

नतिजा खाकाका आधारमा प्रगति हेर्दा शिक्षा उपक्षेत्रका असर तहका १३ ओटा सूचकमध्ये ५ ओटाको लक्ष्यभन्दा बढि प्रगति भएको, ५ ओटा सुचकको लक्ष्यभन्दा कम प्रगति भएको र बाँकी सूचकको लक्ष्य निर्धारण नभएको भएता पनि उल्लेखनिय प्रगति भइ आधार तथ्याङ्क प्राप्त भएको छ । यसैगरी प्रतिफल तहका ११ सूचकमध्ये ८ ओटा सूचकको आ.व.२०७९/८० को निर्धारित लक्ष्यभन्दा बढी उपलब्धी भएको र बाँकी ३ सूचकको लक्ष्यभन्दा कम प्रगति हासिल भएको देखिन्छ ।

स्वास्थ्य उपक्षेत्रका लागि योजनाले "गुणस्तरीय स्वास्थ्य सेवामा सवै जनताको पहुँचमार्फत स्वस्थ र सबल नागरिको विकास गर्ने" भन्ने दीर्घकालीन सोच राखेको छ भने सवै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाहरु सर्वसुलभ रुपमा उपलब्ध गराउने लक्ष्य निर्धारण गरेको छ । लक्ष्य प्राप्तिका लागि ५ ओटा रणनीति र २५ ओटा कार्यनीति निर्धारण गरिएकोमा २३ ओटा कार्यनीति कार्यान्वयनमा आएका छन् भने तोकिएका १५ ओटा कार्यक्रममध्ये सबै कार्यक्रम पूर्ण वा आंशिकरुपमा संचालन भएका छन् । नतिजा खाकाका आधारमा प्रगति

हेर्दा स्वास्थ्य उपक्षेत्रका असर तहका ८ ओटा सूचकमध्ये २ ओटा सूचकको लक्ष्यभन्दा बढि प्रगति भएको, २ ओटा सुचकको प्रगति लक्ष्य नजिक रहेको देखिन्छ भने २ ओटा सुचकको लक्ष्यभन्दा कम प्रगति भएको, १ ओटा सुचकको लक्ष्य निर्धारण नभए तापनि आधार तथ्याङ्कभन्दा प्रगति भएको र बाँकी १ ओटा सूचकको प्रतिवेदन हुन सकेको छैन ।

## भौतिक पूर्वाधार क्षेत्र

योजनाले यातायात पूर्वाधार विकास उपक्षेत्रका लागि "अन्तर्राष्ट्रिय मापदण्डसहितका यातायात पूर्वाधारको सञ्जाल विकाससहितको समृद्ध प्रदेश" भन्ने दीर्घकालीन राखेको छ भने सबै बस्तीहरूमा स्तरीय सडक सञ्जालसंगै सुलभ र भरपर्दो यातायात सुविधाको विस्तार गर्ने लक्ष्य तय गरेको छ । लक्ष्य प्राप्तिका लागि ५ ओटा रणनीति र १७ ओटा कार्यनीति निर्धारण गरिएकोमा ११ ओटा कार्यनीति कार्यान्वयनमा आएका छन् भने १३ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएकोमा १० ओटा संचालनमा आएका छन् । परिमाणात्मक लक्ष्यको (नतिजा खाका) आधारमा प्रगति हेर्दा यस उपक्षेत्रका १४ ओटा लक्ष्य सूचकमध्ये केही बाहेक अधिकांश सूचकहरुमा उपलब्धि हासिल भएको भएतापनि निर्धारित लक्ष्यभन्दा कम प्रगति हासिल भएको छ ।

योजनाले "यातायात व्यवस्थापनमा प्रदेशका जनतावीच आपसी आवद्धता बढाई समुन्नत प्रदेशको निर्माण" गर्ने दीर्घकालीन सोच सहित आधुनिक, किफायती, गुणस्तरीय, विश्वासिलो र सुरक्षित यातायात प्रणालीको विकास गर्ने लक्ष्य तय गरेको छ । लक्ष्य प्राप्तिका लागि ५ ओटा रणनीति र २९ ओटा कार्यनीति निर्धारण गरिएकोमा २७ ओटा कार्यनीति कार्यान्वयनमा आएका छन् भने १० ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएकोमा ३ ओटा मात्र संचालनमा आएको देखिन्छ ।

सिँचाइ उपक्षेत्रका लागि योजनाले "कृषि उत्पादकत्व वृद्धिको लागि पर्याप्त सिँचाइ सुविधा भएको प्रदेश" भन्ने दीर्घकालीन सोच सहित कृषियोग्य भूमिमा भरपर्दो एवम् दिगो सिँचाइको व्यवस्थापन गरी कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिमा योगदान पुऱ्याउने" लक्ष्य निर्धारण गरेको छ । लक्ष्य प्राप्तिका लागि ४ ओटा रणनीति र १३ ओटा कार्यनीति निर्धारण गरिएकोमा ८ ओटा कार्यनीति कार्यान्वयनमा आएका छन् भने ९ ओटा प्रमुख कार्यक्रमहरुमध्ये ५ ओटा संचालनमा आएका छन् । परिमाणात्मक लक्ष्यको (नतिजा खाका) आधारमा प्रगति हेर्दा सिँचाइ उपक्षेत्रका ९ ओटा लक्ष्य सूचकमध्ये ५ वटा सूचकहरुमा उपलब्धी हासिल भएको भएको देखिन्छ । बाँकी २ ओटा सुचकमा निर्धारित लक्ष्यभन्दा कम उपलब्धी हासिल भएको छ भने २ ओटा सूचकको प्रगति प्रतिवेदन हुन सकेको छैन ।

योजनाले "प्रदेशको जलविद्युत संभावनाको अधिकतम सदुपयोग र यसको प्रयोग अभिवृद्धि" गर्ने दिर्घकालिन सोच राखेको छ भने स्वच्छ ऊर्जाको रूपमा जलविद्युत उत्पादन र यसको अधिकतम सदुपयोग गरी आर्थिक समृद्धिमा योगदान पुऱ्याउने लक्ष्य निर्धारण गरेको छ । लक्ष्य प्राप्तिका लागि ४ ओटा रणनीति र १५ ओटा कार्यनीति निर्धारण गरिएकोमा ६ ओटा कार्यनीति कार्यान्वयनमा आएका छन् भने ८ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएकोमा ३ ओटा संचालनमा आएका छन् । परिमाणात्मक लक्ष्यको आधारमा प्रगति हेर्दा जलविद्युत उपक्षेत्रका ११ ओटा लक्ष्य सूचकमध्ये ५ वटा सूचकहरुको तथ्याङ्क प्रतिवेदन भएतापनि प्रगति लक्ष्य भन्दा न्यून भएको छ ।

योजनाले शहरी विकास उपक्षेत्रका लागि "नेपाली मौलिकता बोकेका समावेशी, सभ्य, सम्पन्न र व्यवस्थित शहरी विकास" गर्ने दिर्घकालिन सोच सहित प्रदेशमा तीन मुख्य शहर कोरिडर सहित स्याटेलाइट शहरहरूको व्यवस्थित एवम् योजनाबद्ध हिसाबले विकास गर्ने लक्ष्य निर्धारण गरेको छ । लक्ष्य प्राप्तिका लागि योजनाले

शहरी विकास उपक्षेत्रसम्बन्धी ३ ओटा रणनीति र ११ ओटा कार्यनीति निर्धारण गरिएकोमा १ मात्र कार्यनीति कार्यान्वयनमा आएको छ भने ६ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएकोमा ३ ओटा मात्र संचालनमा आएका छन् । परिमाणात्मक लक्ष्य सूचकको आधारमा प्रगति हेर्दा शहरी विकास उपक्षेत्रका ११ ओटा लक्ष्य सूचकहरुमध्ये ५ वटा सूचकहरुको तथ्याङ्क उपलब्ध भएको र ति सूचकमध्ये ३ सूचकको मात्र लक्ष्यअनुसार प्रगति भएको देखिन्छ ।

योजनाले खानेपानी तथा सरसफाइ उपक्षेत्रका लागि "पूर्ण सरसफाइयुक्त तथा स्वच्छ खानेपानीमा शत प्रतिशत पहुँच भएको समृद्ध प्रदेश" गर्ने दिर्घकालिन सोच राखेकोमा प्रदेशका सबै बस्तीहरूमा स्वच्छ र भरपर्दो खानेपानी पुऱ्याउने र सबै प्रकारका फोहोरको प्रभावकारी व्यवस्थापन गर्ने लक्ष्य निर्धारण गरेको छ । लक्ष्य प्राप्तिका लागि ५ ओटा रणनीति र ३० ओटा कार्यनीति निर्धारण गरिएकोमा ८ ओटा कार्यनीति कार्यान्वयनमा आएका छन् भने ९ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएकोमा ३ ओटा मात्र संचालनमा आएका छन् । परिमाणात्मक लक्ष्य सूचकको आधारमा प्रगति हेर्दा यस उपक्षेत्रका ८ ओटा लक्ष्य सूचकमध्ये ५ ओटा सूचकहरुको मात्र तथ्याङ्क उपलब्ध भएको र ति सूचकमध्ये २ सूचकको मात्र लक्ष्यअनुसार प्रगति भएको देखिन्छ ।

योजनामा विज्ञान तथा प्रविधि उपक्षेत्रका लागि "प्रदेशको समृद्धिका लागि नवप्रर्वतन, विज्ञान तथा प्रविधिको प्रचुर विकास" गर्ने दिर्घकालिन सोच संगै विज्ञान तथा प्रविधिको विकासमार्फत् आर्थिक वृद्धिमा योगदान पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ । लक्ष्य प्रातिका लागि ४ ओटा रणनीति र १२ ओटा कार्यनीति निर्धारण गरिएकोमा ३ ओटा कार्यनीतिमात्र कार्यान्वयनमा आएका छन् भने ७ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएकोमा कुनै पनि कार्यक्रम संचालनमा आएको देखिदैन । परिमाणात्मक लक्ष्य सूचकको आधारमा प्रगति हेर्दा यस उपक्षेत्रका ४ ओटा लक्ष्य सूचकमध्ये सवै सूचकहरुमा कुनै प्रगति भएको देखिदैन ।

**सुशासन र सुरक्षा**

योजनाले सुशासन र सुरक्षा क्षेत्रअन्तर्गत सुशासन तथा भ्रष्टाचार नियन्त्रण उपक्षेत्रका लागि "जनताले वास्तविक रुपमै अनुभूत गर्नेगरी भ्रष्टाचारमुक्त असल शासनको प्रत्याभूति र सदाचारयुक्त समाजको निर्माण गर्ने" भन्ने दीर्घकालीन सोच सहित प्रदेशको सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचार र अनियमितता नियन्त्रण गरी सुशासन सुनिश्चित गर्ने लक्ष्य निर्धारण गरेको छ । लक्ष्य प्रातिका लागि ५ ओटा रणनीति र १८ ओटा कार्यनीति निर्धारण गरिएकोमा ११ ओटा कार्यनीति केहि पूर्ण र धेरैजसो आंशिकरुपमा भएपनि कार्यान्वयनमा आएका छन् भने तोकिएका ६ ओटा कार्यक्रममध्ये ४ ओटा संचालन भएका छन् । परिमाणात्मक लक्ष्यको आधारमा प्रगति हेर्दा सुशासन तथा भ्रष्टाचार नियन्त्रण क्षेत्रका ६ ओटा लक्ष्य सूचकमध्ये दुई ओटा सूचकको मात्र उपलब्धी तथ्याङ्क प्राप्त भएको छ भने ति सूचकको प्रगति पनि न्यून रहेको छ ।

योजनाले शान्ति सुरक्षा उपक्षेत्रका लागि "शान्त, संयमित, हिंसारहित सुरक्षित र न्यायपूर्ण समाज निर्माण गर्ने" भन्ने दीर्घकालीन सोच सहित प्रदेशमा शान्ति सुरक्षाको प्रत्याभूति गराउने लक्ष्य निर्धारण गरेको छ । लक्ष्य प्रातिका लागि ४ ओटा रणनीति र १९ ओटा कार्यनीति निर्धारण गरिएकोमा १५ ओटा कार्यनीतिमध्ये केहि पूर्ण र धेरैजसो आंशिकरुपमा कार्यान्वयनमा आएका छन् भने तोकिएका ११ वटा कार्यक्रममध्ये ८ ओटा संचालन भएका छन् । परिमाणात्मक सूचकको आधारमा प्रगति हेर्दा शान्ति सुरक्षा क्षेत्रका ८ ओटा लक्ष्य सूचकमध्ये ४ ओटा सूचकको मात्र उपलब्धी तथ्याङ्क प्राप्त भएको छ भने ति सुचकको प्रगति पनि न्यून रहेको छ ।

**अन्तरसम्बधित क्षेत्र**

गरिबी निवारण उपक्षेत्रको लागि योजनाले "निरपेक्ष गरिबी शून्य भएको समृद्ध प्रदेश" भन्ने दीर्घकालीन सोच सहित बहुपक्षीय ढंगबाट प्रदेशको आयमूलक, मानवीय तथा बहुआयामिक गरिबी न्यूनिकरण गर्ने लक्ष्य राखेको छ । यसकालागि ३ ओटा रणनीति र १३ ओटा कार्यनीतिहरू निर्धारण गरिएकोमा कुनैपनि कार्यनीति ठोसरुपमा कार्यान्वयनमा आउन सकेका छैनन् भने ४ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएकोमा एउटामात्र संचालन भएको छ ो नतिजा खाकामा प्रभाव तहका ५ ओटा सूचक सहितका १३ ओटा लक्ष्य सूचकहरूमध्ये २ ओटा सूचकको मात्र प्रगति विवरण प्राप्त हुन सकेको छ । योजनाले गरिबी निवारणसम्बन्धी दिगो विकासको लक्ष्यसंग सम्बन्धीत ४ ओटा लक्ष्यहरुलाई प्रभाव तहको सूचीमा राखेकोमा लक्ष्य प्राप्त गर्न कठिन रहेको छ ।

योजनाले "सबै प्रकारका श्रमको सम्मान सहितको पूर्ण रोजगारीको स्थिति सिर्जना" भन्ने दीर्घकालीन सोच सहित श्रमबजारलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनसंगै पर्याप्त आन्तरिक रोजगारी सिर्जना गर्ने लक्ष्य निर्धारण गरेको छ । यसका लागि ५ ओटा रणनीति र १९ ओटा कार्यनीतिहरू निर्धारण गरिएकोमा १७ ओटा कार्यनीति कार्यान्वयन भएका छन् भने ७ ओटा प्रमुख कार्यक्रमहरुमध्ये ४ ओटा संचालनमा आएका छन् ।

योजनाले वन तथा वातावरण व्यवस्थापन मार्फत् वातावरणीय सन्तुलन कायम राख्दै रोजगारी र आयआर्जन हुनेगरी वनको दिगो व्यवस्थापन गर्ने दीर्घकालीन सोचका आधारमा जैविक विविधता र जलाधारको समुचित संरक्षण, व्यबस्थापन र सदुपयोगबाट वातावरणीय सन्तुलन कायम गर्दै वनपैदावारहरूको समूचित प्रयोगबाट रोजगारी र आयआर्जनमा वृद्धि गर्ने लक्ष्य निर्धारण गरेको छ ।  यसका लागि ५ ओटा रणनीति र त्यस अन्तर्गत १९ ओटा कार्यनीतिहरू निर्धारण गरिएकोमा १४ ओटा कार्यनीति कार्यान्वयन भएका छन् भने १० ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएकोमा सबै कार्यक्रमहरु संचालन भएका छन् । यस उपक्षेत्रका ८ ओटा लक्ष्य सूचकहरूमध्ये ५ ओटा सूचकको प्रगति विवरण प्राप्त हुन सकेको छ । वनजन्य उत्पादनबाट आम्दानी, वृक्षारोपण क्षेत्रफल, सडक सौन्दर्यीकरण र वनस्पति उद्यान संख्या जस्ता सूचकहरूमा सन्तोषजनक उपलब्धि हासिल भएको देखिन्छ ।

योजनामा "सूचना र संचार प्रविधिको सहज पहुँच र भरपुर उपभोगमार्फत आर्थिक र सामाजिक समुन्नति" भन्ने दीर्घकालीन सोचसहित सबै बस्तीहरूमा टेलिफोन र इन्टरनेटको सहज पहुँच पुर्‍याउने लक्ष्य निर्धारण गरेको छ । यसका लागि ३ ओटा रणनीति र १५ ओटा कार्यनीतिहरू निर्धारण गरिएकोमा ३ ओटा कार्यनीति कार्यान्वयनमा आएका छन् भने ७ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएकोमा २ ओटा मात्र संचालनमा आएका छन् । निर्धारित ६ ओटा लक्ष्य सूचकहरूमध्ये २ ओटा सूचकको मात्र प्रगति विवरण प्राप्त हुन सकेको छ । आम संचारसँग सम्बन्धि १० ओटा कार्यनीतिमध्ये ८ ओटा कार्यान्वयनमा  आएका छन् । आम संचार उपक्षेत्रलाई अलगै राखिएकोमा सूचना र संचार प्रविधि उपक्षेत्रभित्र समेट्नुपर्ने देखिन्छ ।

योजनामा "विपद्को घटना र यसको असर एवम् प्रभाव न्युनीकरण भएको अवस्था" मा पुग्ने दीर्घकालीन सोच अनुरुप जलवायु परिवर्तन, प्राकृतिक प्रकोप तथा विपद्सिर्जित हानि र नकारात्मक प्रभाव न्यून गर्ने लक्ष्य निर्धारण गरिएको छ । यसका लागि ७ ओटा रणनीति र ३० ओटा कार्यनीतिहरू निर्धारण गरिएकोमा १५ ओटा कार्यनीति कार्यान्वयन भएका छन् भने १० ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएकोमा ४ ओटा सञ्चालन भएका छन् । यस क्षेत्रका ७ ओटा लक्ष्य सूचकहरूमध्ये सबै सूचकको प्रगति विवरण प्राप्त भएको

छ । प्रदेशमा विपद्मा परी विपद्मा परी ज्यान गुमाउने, घाइते हुने, विपद्बाट पुगेको आर्थिक क्षति, विपद्बाट प्रभावित घरपरिवार संख्या, विपद् प्रभावितलाई उपलब्ध गराइएको रकम आदि बढेको देखिन्छ ।

समग्रमा योजनाको सुरुवातमा मै झन्डै २ वर्षसम्म रहेको कोभिड १९ महामारीका कारण योजना कार्यान्वयनमा असर परेको हुँदा धेरैजसो नतिजा सूचकमा लक्षित प्रगति हुन सकेन । केहि रणनीति अन्तर्गत कार्यनीतिको सङ्ख्या अत्याधिक हुनु र सरकारको संस्थागत क्षमता सीमित हुनुले पनि कार्यान्वयनमा प्रतिकूल असर परेको छ । मन्त्रालयको पोर्टफोलियो परिवर्तन भैरहनु, तीन तहका सरकारबिच समन्वय र सहकार्यको उपयुक्त वातावरण बन्न नसक्नु, जनशक्तिको व्यवस्थापन र परिचालन प्रभावकारी हुन नसक्नु, सूचना प्रणालीको अभाव, योजना र वार्षिक कार्यक्रमबिच कमजोर तादात्म्यता, आदिले समग्र योजनामा लक्ष्य उपलब्धि हासिल गर्न समस्या परेको छ ।

प्रस्तुत आवधिक योजना संघीय संरचनामा गइसकेपछिको पहिलो प्रयास भएको हुँदा योजनाको तर्जुमा र कार्यान्वयनमा समस्या देखिनुलाई स्वाभाविक मान्न सकिन्छ । योजना कार्यान्वयनमा देखिएका समस्या र अनुभवहरुबाट सिक्दै आगामी योजना तर्जुमा एवं कार्यान्वयन गर्दा सुधार गर्नुपर्ने बिषयमा ध्यान दिनुपर्ने देखिन्छ । खासगरी प्रदेश योजना आयोगको संस्थागत विकास एवं क्षमतामा सुधार, भरपर्दो तथ्यांक एबं सूचना प्रणाली विकास, योजना छनौटको वस्तुगत मापदण्ड कार्यान्वयन गर्ने, परियोजना बैंक तथा मध्यमकालीन खर्च संरचनालाई पूर्ण रुपमा कार्यान्वययनमा ल्याउने, वार्षिक कार्यक्रमसंग पूर्णरुपमा तालमेल गर्ने, योजना तथा कार्यक्रमको कार्यान्वयनमा विकास प्रशासनलाई पूर्ण रुपमा उत्तरदायी बनाउने, स्थानीय तहको योजना प्रक्रियामा संस्थागत क्षमता अभिवृद्धि गर्न ध्यान दिने, अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने जस्ता बिषयहरुलाई प्राथमिकाताकासाथ आवलम्वन गर्न सकिएको खण्डमा आगामी आवधिक योजनाको समग्र प्रक्रियामा प्रभावकारिता ल्याउन सकिन्छ ।

# विषयसूची


परिच्छेद १ ............ १

परिचय ............ १

१.१ पृष्ठभूमि ............ १

१.२ प्रदेशको संक्षिप्त वस्तुस्थिति ............ २

१.३ समीक्षाको उद्देश्य ............ ३

१.४ समीक्षा विधि र प्रक्रिया ............ ४

१.४.१ सन्दर्भ सामग्रीको अध्ययन ............ ४

१.४.२ सरोकारवालाहरूसँगको परामर्श ............ ४

१.४.३ तथ्याङ्क प्रशोधन, विश्लेषण तथा प्रतिवेदन लेखन ............ ४

१.५ प्रतिवेदनको ढाँचा ............ ५

१.६ अध्ययनको सीमा ............ ५

परिच्छेद- २ ............ ६

आवधिक योजनाको नीतिगत समीक्षा ............ ६

२.१ पृष्ठभूमि ............ ६

२.२ आवधिक योजनाको दीर्घकालीन सोच, समष्टीगत लक्ष्य तथा उद्देश्य ............ ६

२.३ आवधिक योजनाको परिमाणात्मक लक्ष्य तथा उपलब्धि ............ ७

२.४ आवधिक योजनाको रणनीति र कार्यनीति ............ ११

२.५ योजनाको लक्ष्य प्राप्तीमा विभिन्न क्षेत्रको अपेक्षित भूमिका ............ १२

२.६ योजनामा गरिएको लगानी ............ १५

२.७ कोभिड १९ महामारीको असर ............ १७

२.८ योजना लक्ष्य प्राप्तिमा देखिएका प्रमुख समस्याहरु ............ २४

२.९ समस्या समाधानका लागि सूझावहरु ............ २६

२.१० उपसंहार ............ ३१

परिच्छेद ३ ............ ३२

समष्टिगत आर्थिक क्षेत्र ............ ३२

३.१ पृष्ठभूमि ............ ३२

३.२ उपलब्धि विश्लेषण ............ ३३

३.२.१ समष्टिगत आर्थिक क्षेत्रको नीतिगत उपलब्धि ............ ३३

३.२.२ समष्टिगत आर्थिक क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलब्धि ............ ३४

३.२.३ परिमाणात्मक उपलब्धि ............ ३७

३.३ दिगो विकास लक्ष्य हासिल गर्नमा योगदान ............ ५८

३.४ समस्या र सुझावहरु ............ ५८

३.५ उपसंहार ........ ६३
परिच्छेद ४ ........ ६४
विषयगत आर्थिक क्षेत्र ........ ६४
४.१ कृषि, सहकारी र जडीवुटी ........ ६४
४.१.१ पृष्ठभूमि ........ ६४
४.१.२ उपलव्धि विश्लेषण ........ ६५
४.१.२.१ नीतिगत उपलव्धि ........ ६५
४.१.२.२ कृषि, सहकारी तथा जडिवुटी क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलव्धि ........ ७७
४.१.२.३ परिमाणात्मक उपलव्धि ........ ८६
४.१.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान ........ ८९
४.१.४ समस्या तथा सुझावहरु ........ ९०
४.१.५ उपसंहार ........ ९१
४.२ उद्योग ........ ९१
४.२.१ पृष्ठभूमि ........ ९१
४.२.२ उपलव्धि विश्लेषण ........ ९२
४.२.२.१ नीतिगत उपलव्धि ........ ९२
४.२.२.२ उद्योग क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलव्धि ........ ९५
४.२.२.३ परिमाणात्मक उपलव्धि ........ ९७
४.२.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान ........ ९९
४.२.४ समस्या र सुझावहरु ........ ९९
४.२.५ उपसंहार ........ १००
४.३ पर्यटन ........ १००
४.३.१ पृष्ठभूमि ........ १००
४.३.२ उपलव्धि विश्लेषण ........ १०१
४.३.२.१ नीतिगत उपलव्धि ........ १०१
४.३.२.२. पर्यटन क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलव्धि ........ १०३
४.३.२.३ परिमाणात्मक उपलव्धि ........ १०५
४.३.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान ........ १०६
४.३.४ समस्या तथा सुझावहरू ........ १०७
४.३.५ उपसंहार ........ १०८
परिच्छेद ५ ........ १०९
सामाजिक क्षेत्र ........ १०९
५.१ शिक्षा ........ १०९
५.१.१ पृष्ठभूमि ........ १०९

५.१.२ उपलव्धी विश्लेषण........................................................................................................११०
५.१.२.१ नीतिगत उपलव्धी ......................................................................................................११०
५.१.२.२ शिक्षा क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलब्धि...........................................११२
५.१.२.३ परिमाणात्मक उपलब्धि ..............................................................................................११५
५.१.३ दिगो विकास लक्ष्य हासिल गर्नको लागि योगदान...............................................................११७
५.१.४ समस्या र सुझावहरु......................................................................................................११८
५.१.५ उपसंहार..................................................................................................................... १२०
५.२ स्वास्थ्य........................................................................................................................ १२०
५.२.१ पृष्ठभूमि ..................................................................................................................... १२०
५.२.२ उपलव्धी विश्लेषण........................................................................................................१२१
५.२.२.१ नीतिगत उपलब्धि ......................................................................................................१२१
५.२.२.२ स्वास्थ्यक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलब्धि ........................................ १२४
५.२.२.३ परिमाणात्मक उपलब्धि ..............................................................................................१२९
५.२.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान .........................................................................१३२
५.२.४ समस्या र सुझावहरु......................................................................................................१३२
५.२.५ उपसंहार..................................................................................................................... १३४
परिच्छेद ६ ...........................................................................................................................१३५
भौतिक पूर्वाधार विकास .........................................................................................................१३५
६.१ यातायात पूर्वाधार विकास...................................................................................................१३५
६.१.१ पृष्ठभूमि......................................................................................................................१३५
६.१.२ उपलव्धी विश्लेषण........................................................................................................१३५
६.१.२.१ नीतिगत उपलब्धि.......................................................................................................१३५
६.१.२.२ यातायात पूर्वाधार विकास क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलब्धि .................१३८
६.१.२.३ परिमाणात्मक उपलब्धि............................................................................................... १४१
६.१.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान ......................................................................... १४२
६.१.४ समस्या र सुझावहरु...................................................................................................... १४३
६.१.५ उपसंहार .....................................................................................................................१४४
६.२ सिँचाइ ......................................................................................................................... १४५
६.२.१ पृष्ठभूमि......................................................................................................................१४५
६.२.२ उपलब्धि विश्लेषण........................................................................................................१४५
६.२.२.१ नीतिगत उपलब्धि....................................................................................................... १४५
६.२.२.२ सिँचाइ क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्बन्धी उपलब्धी............................................ १४६
६.२.२.३ परिमाणात्मक उपलब्धि...............................................................................................१४८
६.२.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान ......................................................................... १४९
६.२.४ समस्या र सुझावहरु...................................................................................................... १५०

६.२.५ उपसंहार ..................................................................................................१५१
६.३ जलविद्युत ........................................................................................................१५२
६.३.१ पृष्ठभूमि.........................................................................................................१५२
६.३.२ उपलव्धी विश्लेषण ...........................................................................................१५२
६.३.२.१ नीतिगत उपलव्धी...........................................................................................१५२
६.३.२.२ जलविद्युत क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलव्धि ..............................१५३
६.३.२.३ परिमाणात्मक उपलव्धि.......................................................................................१५५
६.३.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान ...............................................................१५६
६.३.४ समस्या र सुझावहरु ..........................................................................................१५७
६.३.५ उपसंहार .........................................................................................................१५८
६.४ शहरी विकास ....................................................................................................१५९
६.४.१ पृष्ठभूमि .........................................................................................................१५९
६.४.२ उपलव्धी विश्लेषण ............................................................................................१५९
६.४.२.१ नीतिगत उपलव्धी ...........................................................................................१५९
६.४.२.२ शहरी विकास क्षेत्रका प्रमूख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलव्धि...........................१६०
६.४.२.३ परिमाणात्मक उपलव्धि ......................................................................................१६२
६.४.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान..............................................................१६३
६.४.४ समस्या र सुझावहरु..........................................................................................१६३
६.४.५उपसंहार...........................................................................................................१६४
६.५ खानेपानी तथा सरसफाई .....................................................................................१६५
६.५.१ पृष्ठभूमी .........................................................................................................१६५
६.५.२ उपलव्धी विश्लेषण............................................................................................१६५
६.५.२.१ नीतिगत उपलव्धी ...........................................................................................१६५
६.५.२.२ खानेपानी तथा सरसफाई क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्बन्धी उपलब्धि ..................१६६
६.५.२.३ परिमाणात्मक उपलब्धि .....................................................................................१६८
६.५.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान ..............................................................१६९
६.५.४ समस्या र सुझावहरु..........................................................................................१६९
६.५.५ उपसंहार.........................................................................................................१७०
६.६ विज्ञान तथा प्रविधि ...........................................................................................१७१
६.६.१.पृष्ठभूमी..........................................................................................................१७१
६.६.२ उपलव्धी विश्लेषण............................................................................................१७१
६.६.२.१ नीतिगत उपलव्धि............................................................................................१७१
६.६.२.२ विज्ञान तथा प्रविधि विकास क्षेत्रका प्रमुख आयोजना तथा कार्यकमसम्बन्धी उपलब्धि................१७१
६.६.२.३ परिमाणात्मक उपलव्धि.......................................................................................१७२
६.६.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान ..............................................................१७२

६.६.४ समस्या र सुझावहरु ............ १७२

६.६.५ उपसंहार ............ १७३

परिच्छेद ७ ............ १७४

सुशासन र सुरक्षा ............ १७४

७.१ पृष्ठभूमि ............ १७४

७.२ उपलब्धि विश्लेषण ............ १७५

७.२.१ नीतिगत उपलब्धि ............ १७५

७.२.२ सुशासन र सुरक्षा क्षेत्रका प्रमुख आयोजना र कार्यक्रमसम्बन्धी उपलब्धि ............ १७८

७.२.३ परिमाणात्मक उपलब्धि ............ १८२

७.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान ............ १८३

७.४ समस्या तथा सुझावहरू ............ १८४

७.५ उपसंहार ............ १८४

परिच्छेद ८ ............ १८५

अन्तरसम्वधित क्षेत्र ............ १८५

८.१ गरिवी निवारण ............ १८५

८.१.१ पृष्ठभूमि ............ १८५

८.१.२ उपलव्धी विश्लेषण ............ १८५

८.१.२.१ नीतिगत उपलब्धि ............ १८५

८.१.२.२ गरिवी निवारण क्षेत्रका प्रमुख आयोजना तथा कार्यकमसम्वन्धी उपलब्धि ............ १८६

८.१.२.३ परिमाणात्मक उपलब्धि ............ १८७

८.१.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान ............ १८९

८.१.४ समस्या र सुझावहरु ............ १८९

८.५.१ उपसंहार ............ १९०

८.२ श्रम तथा रोजगारी ............ १९१

८.२.१ पृष्ठभूमि ............ १९१

८.२.२ उपलव्धी विश्लेषण ............ १९१

८.२.२.१ नीतिगत उपलब्धि ............ १९१

८.२.२.२ श्रम तथा रोजगारी क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलब्धि ............ १९२

८.२.२.३ परिमाणात्मक उपलब्धि ............ १९४

८.२.३ दिगो विकास लक्ष्य हासिल गर्नमा योगदान ............ १९४

८.२.४ समस्या र सुझावहरु ............ १९४

८.२.५ उपसंहार ............ १९५

८.३ वन तथा वातावरण ............ १९५

८.३.१ पृष्ठभूमि ............ १९५

८.३.२ उपलव्धी विश्लेषण ............ १९६

८.३.२.१ नीतिगत उपलब्धि ........................................................................१९६
८.३.२.२ वन तथा वातावरण क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलब्धि ......................१९७
८.३.२.३ परिमाणात्मक उपलब्धि ........................................................................ २००
८.३.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान ........................................................................ २०१
८.३.४ समस्या र सुझावहरु........................................................................ २०२
८.३.५ उपसंहार........................................................................२०३
८.४ सूचना तथा संचार प्रविधि........................................................................२०३
८.४.१ पृष्ठभूमि........................................................................२०३
८.४.२ उपलव्धी विश्लेषण ........................................................................ २०४
८.४.२.१ नीतिगत उपलब्धि........................................................................ २०४
८.४.२.२ सूचना तथा संचार प्रविधि क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलब्धि ............... २०६
८.४.२.३ परिमाणात्मक उपलब्धि........................................................................ २०७
८.४.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान........................................................................ २०८
८.४.४ समस्या र सुझावहरु ........................................................................ २०८
८.४.५ उपसंहार ........................................................................ २०९
८.५ विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तन व्यवस्थापन ........................................................................ २०९
८.५.१ पृष्ठभूमि ........................................................................ २०९
८.५.२ उपलव्धी विश्लेषण ........................................................................ २१०
८.५.२.१ नीतिगत उपलब्धि ........................................................................ २१०
८.५.२.२ विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तन क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलब्धि २१२
८.५.२.३ परिमाणात्मक उपलब्धि........................................................................ २१४
८.५.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान........................................................................२१५
८.५.४ समस्या र सुझावहरु ........................................................................२१६
८.५.५ उपसंहार........................................................................२१६
सन्दर्भ सामाग्री........................................................................ २१८
अनुसूची-२.१ ........................................................................२१९
आगामी आवधिक योजनाका समावेश गर्न सकिने दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरू.................२१९
अनुसूची-३.१ ........................................................................२२१
नीति, ऐन, नियम, कार्यविधि आदिको विवरण........................................................................२२१
अनुसूची- ३.२ ........................................................................२२८
समष्टिगत आर्थिक क्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था........................................................................ २२८
अनुसूची-४.१........................................................................२३२
कृषि, पशुपन्छी, मत्स्य, जडिवुटी, सहकारी, भूमि व्यवस्थापन र खाद्य तथा पोषण सुरक्षा उपक्षेत्रको रणनीति र कार्यनीतिको कार्यान्वयन अवस्था ........................................................................ २३२
अनुसूची-४.२........................................................................ २४३

उद्योग, खानी, वाणिज्य तथा आपूर्ति उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था ..................... २४३
अनुसूची-४.३ ........................................................................................... २४७
पर्यटन उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था ..................................... २४७
अनुसूची-५.१ ........................................................................................... २५०
सामाजिक क्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था ..................................... २५०
अनुसूची-५.२ ........................................................................................... २५८
स्वास्थ्य उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था ..................................... २५८
अनुसूची-६.१ ........................................................................................... २६३
यातायात पूर्वाधार विकास र यातायात व्यवस्थापन उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था.......... २६३
अनुसूची-६.२ ........................................................................................... २६७
सिचाँइ उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था........................................ २६७
अनुसूची-६.३ ........................................................................................... २६८
जलविद्युत तथा प्रसारण लाइन र अन्य नवीकरणीय ऊर्जा उपक्षेत्रका रणनीति र कार्यनीतिको कार्यान्वयन अवस्था ..... २६८
अनुसूची-६.४ ........................................................................................... २७१
शहरी विकास उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था ................................. २७१
अनुसूची-६.५ ........................................................................................... २७२
खानेपानी र सरसफाई उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था ......................... २७२
अनुसूची-६.६ ........................................................................................... २७५
विज्ञान तथा प्रविधि उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था............................ २७५
अनुसूची-६.७ ........................................................................................... २७६
भवन, आवास तथा बस्ती विकास उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था ...................... २७६
अनुसूची-७.१ ........................................................................................... २७८
सुशासन तथा भ्रष्टाचार नियन्त्रण र शान्ति सुरक्षा उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था ......... २७८
अनुसूची-८.१ ........................................................................................... २८२
अन्तरसम्बिधित क्षेत्रको रणनीति र कार्यनीति कार्यान्वयन अवस्था ............................................ २८२

## तालिकाहरुको सूची


तालिका २.१ : आवधिक योजनाका परिमाणात्मक लक्ष्यहरु र प्रगति अवस्था........................................८

तालिका २.२ : अन्य केही गुणात्मक लक्ष्य र प्रगति अवस्था (चेक लिस्ट)........................................९

तालिका २.३ : विषयगत क्षेत्र अर्न्तगत प्रभाव, असर र प्रतिफल तहका सूचकहरुको विवरण ........................ १०

तालिका २.४ : विषय क्षेत्रगत रणनीति तथा कार्यनीति कार्यान्वयन अवस्था........................................ १२

तालिका २.५ : समीक्षा अवधिमा प्रदेश सरकारको विनियोजन र खर्चको अवस्था........................................ १५

तालिका २.६ : आन्तरिक आय सङ्कलनको अवस्था ........................................................१६

तालिका २.७ : आवधिक योजनाको रणनीतिमा समेटिएका दिगो विकासका लक्ष्यहरूको विवरण...................... १८

तालिका २.८ : दिगो विकास लक्ष्य प्राप्तीमा कोभिड १९ महामारीको समग्र प्रभाव ................................ १९

तालिका २.९: प्रदेशगत कोभिड १९ सङ्क्रमण, निको हुने र मृत्युदर ........................................२३

तालिका ३.१ : वचत परिचालन तथा लगानी प्रवर्द्धन कार्यक्रमहरुको कार्यान्वयन अवस्था ........................... ३५

तालिका ३.२ : सार्वजनिक खर्च व्यवस्थापनसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था ............................ ३५

तालिका ३.३ : राजस्व परिचालनसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था........................................३६

तालिका ३.४ : आन्तरिक ऋण परिचालनसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था.................................. ३७

तालिका ३.५ : आन्तरिक राजस्व लक्ष्य र प्रगति विवरण........................................................४३

तालिका ३.६ : लुम्विनी प्रदेशको कूल ग्रार्हस्थ्य उत्पादन र वार्षिक वजेट वीचको अनुपात............................४७

तालिका ३.७ : लुम्विनी प्रदेशको पुँजीगत र चालु वजेट विनियोजनको अनुपात .................................. ४८

तालिका ३.८ : लुम्विनी प्रदेशका वार्षिक विनियोजनमध्ये कूल खर्चको अवस्था........................................४९

तालिका ३.९ : लुम्विनी प्रदेशको पुँजीगत खर्च विनियोजन र यथार्थ पुँजीगत खर्चको अवस्था........................४९

तालिका ३.१० : लुम्विनी प्रदेशको चालु खर्च विनियोजन र यथार्थ चालु खर्चको अवस्था............................५०

तालिका ३.११ : लुम्विनी प्रदेशको कूल वजेटमा पुँजीगत वजेटको अंश ........................................ ५१

तालिका ३.१२ : लुम्विनी प्रदेशको मन्त्रालयगत वजेट विनियोजन................................................ ५१

तालिका ३.१२ : लुम्विनी प्रदेशको कूल ग्रार्हस्थ्य उत्पादनमा सङ्घीय वजेटवाट हस्तान्तरित अनुदान...................... ५६

तालिका ३.१३ : सङ्घीय वजेटवाट लुम्विनी प्रदेशमा हस्तान्तरित अनुदान ........................................ ५६

तालिका ३.१४ : प्रदेशको वजेटमा स्थानीय तहमा जाने अनुदानको लागि विनियोजन ................................५७

तालिका ३.१५ : स्थानीय तहमा जाने अनुदानको लागि विनियोजन गरिएको रकममा भएको यथार्थ खर्च ...............५७

तालिका ४.१ : कृषि विकाससम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था........................................ ७७

तालिका ४.२ : पशुपंछी विकाससम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था........................................८०

तालिका ४.३ : मत्स्य विकाससम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था ........................................८१

तालिका ४.४ : भूमि व्यवस्थापनसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था........................................८२

तालिका ४.५ : सहकारीसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था................................................८३

तालिका ४.६ : जडविुटीसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था............................................. ८४

तालिका ४.७ : खाद्य तथा पोषण सूरक्षासम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था..................................८५

तालिका ४.८ : कृषि विकाससम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ........................................८६

तालिका ४.९ : औद्योगिकीकरणसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था........................................९५

तालिका ४.१० : खानी तथा खनीज पदार्थसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था ............................... ९६
तालिका ४.११ : उद्योगसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ............................................... ९७
तालिका ४.१२ : पर्यटनसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था ............................................ १०३
तालिका ४.१३ : पर्यटनसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ........................................... १०५
तालिका ५.१ : शिक्षासम्वन्धी प्रमुख आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था ............................ ११३
तालिका ५.२ : शिक्षासम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ................................................ ११५
तालिका ५.३ : स्वास्थ्यसम्वन्धी प्रमुख आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था ......................... १२४
तालिका ५.४ : लुम्विनी प्रदेशमा स्वास्थ्यको अवस्था ........................................................ १३०
तालिका ५.५ : स्वास्थ्यसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ............................................ १३०
तालिका ६.१ : यातायात पूर्वाधार विकाससम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था ............................ १३८
तालिका ६.२ : यातायात पूर्वाधार विकास र व्यवस्थापनसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ............... १४१
तालिका ६.३ : सिचाइ सम्वन्धी प्रमूख आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था ......................... १४६
तालिका ६.४ : सिँचाइसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था .......................................... १४९
तालिका ६.५ : जलविद्युत सम्वन्धी प्रमूख आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था ....................... १५३
तालिका ६.६ : ऊर्जा र जलविद्युतसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ................................... १५५
तालिका ६.७ : शहरी विकाससम्वन्धी प्रमूख आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था ...................... १६०
तालिका ६.८ : आवास, भवन तथा शहरी विकाससम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ...................... १६२
तालिका ६.९ : खानेपानी तथा सरसफाईसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था ............................... १६६
तालिका ६.१० : खानेपानी तथा सरसफाईसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था .......................... १६८
तालिका ७.१ : सुशासन तथा भ्रष्टाचार नियन्त्रणसम्वन्धी प्रमुख आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था .... १७८
तालिका ७.२ : शान्ति सुरक्षासम्वन्धी प्रमुख आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था....................... १७९
तालिका ७.३ : सुशासन तथा भ्रष्टाचार नियन्त्रण र शान्ति सुरक्षासम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ....... १८२
तालिका ८.१ : गरिवी निवारणसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था ....................................... १८६
तालिका ८.२ : गरिवी निवारणसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था..................................... १८८
तालिका ८.३ : श्रम तथा रोजगारीसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था .................................... १९३
तालिका ८.५ : वन तथा वातावरणसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था..................................... १९७
तालिका ८.६ : वन तथा वातावरणसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ................................. २०१
तालिका ८.७ : सूचना तथा संचार प्रविधिसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था ............................ २०६
तालिका ८.८ : सूचना तथा संचार प्रविधिसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था .......................... २०८
तालिका ८.९ : विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तनसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था ............. २१२
तालिका ८.१० : विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तन व्यवस्थापनसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था २१५

# परिच्छेद १

## परिचय

### १.१ पृष्ठभूमि

संघीय प्रणालीको अवधारणाअनुसार नेपाललाई ७ प्रदेश, ७७ जिल्ला र ७५३ स्थानीय तहमा विभाजन गरिएको छ । अहिले केन्द्रमा संघीय सरकारसँगै प्रत्येक प्रदेशको छुट्टै सरकार छ र स्थानीय तहमा स्थानीय सरकार क्रियाशिल रहेका छन् । राज्य पुनर्संरचना भएर प्रदेश संरचनाहरु बनेको ६ वर्ष भइसकेको छ । संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने अपेक्षा लिएको नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहका आ-आफ्नै अधिकार र कार्यक्षेत्र तोकेको छ । राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी प्रदेशको एकल अधिकार संविधानको अनुसूची-६ मा, संघ र प्रदेशको साझा अधिकार सुची अनुसूची-७ मा र संघ प्रदेश तथा स्थानीय तहको साझा अधिकार सूची अनुसूची-९ मा व्यवस्था गरिएको छ । सुरुवाती बर्षहरुमा भएको प्रदेशको कार्यसम्पादनको स्थिती, उपलब्धि र अनुभव संघीयताको कार्यान्वयनमा अघि बढन् आधार बन्न सक्दछन् । पाँचौ प्रदेशको रुपमा घोषणा भएको प्रदेश अहिले लुम्बिनी प्रदेशको नामाकरणसंगै स्वशासनको अभ्यासमा रहेको छ र समग्र आर्थिक विकासका आधारहरु निर्माण हुँदै गईरहेका छन् ।

नेपालको संविधान अनुसार संघीयताको महत्वपूर्ण कडीको रुपमा प्रदेश संरचना रहेको छ । संविधानले प्रदेश सरकारलाई राष्ट्रिय निर्देशन र सिद्धान्त अनुरुप प्रदेश योजना तथा नीतिहरू बनाउन अधिकार प्रदत्त गरेको छ । यसै अनुरुप लुम्विनी प्रदेशको प्रदेश योजना आयोगले आ.व. २०७६/७७ देखि २०८०/८१ सम्म पाँच वर्षका लागि तर्जुमा गरेको पहिलो आवधिक योजना चौथो आर्थिक वर्षको समाप्तीसंगै कार्यन्वयनमा रहेको छ । पहिलो आवधिक योजनाको कार्यन्वयनमा राजनैतिक अस्थिरता र कोभिड १९ महामारी र निर्वाचनजस्ता कारणहरूले प्रभाव पारेको देखिन्छ । प्रदेश सरकारका लागि भएको दोस्रो निर्वाचनसंगै प्रदेश सरकारमा भएको राजनैतिक नेतृत्वको परिवर्तनसँगै विकासको सोच र जनआकाङ्क्षामा समेत परिवर्तन आएको छ । आगामी आर्थिक वर्षमा पहिलो चालु आवधिक योजनाको अवधि समाप्त हुने भएको हुंदा नयाँ कार्यदिशा तय गर्न पहिलो आवधिक योजनाको अध्यावधिक समीक्षा गर्नु आवश्यक भएको छ । यस्तो समीक्षाले योजना वा कार्यक्रमको प्रगति मूल्याङ्कन गर्दै बाँकी अवधिमा अझ प्रभावकारी कार्यन्वयनका लागि यथार्थपरक सुझावहरू प्रस्तुत गर्नुका साथै कार्यान्वयनमा रहेका समस्याहरू पहिचान गर्नुका साथै समाधान गर्ने उपायहरू समेत प्रस्तुत गर्ने हुँदा अर्को अवधिको आवधिक योजनाको लागि पनि आधार तयार गर्ने भएकोले यो महत्वपूर्ण रहेको छ ।

योजना कार्यान्वयनको पहिलो वर्ष अर्थात सन् २०१९ को अन्त्यतिरबाट विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारी र सोको नियन्त्रणका लागि अवलम्बन गरिएको बन्दाबन्दीले गर्दा समग्र मानव जनजीवन तथा विश्व एवम् राष्ट्रिय अर्थतन्त्रमा नकारात्मक असर गरेको

सर्वविदितै छ । उक्त प्रभावबाट लुम्बिनी प्रदेश लगायत सबै प्रदेशमा आर्थिक गतिविधिमा मन्दी र संकुचनको अवस्था सिर्जना हुन पुग्यो । शिशु अवस्थाको प्रदेशको समग्र विकास प्रक्रिया र मुलुकको समग्र आर्थिक, सामाजिक एवम् मानवीय पक्षलाई यो महामारीले नराम्रोसँग असर पाऱ्यो । महामारीको पहिलो लहरले आर्थिक क्षेत्रमा पारेको असरबाट अर्थतन्त्र माथि उठ्न खोजिरहेकै अवस्थामा दोस्रो लहरले थप आर्थिक एवम् मानवीय क्षतिसमेत पुऱ्याएले योजनाले निर्धारित गरेका लक्ष्य एवम् उद्देश्य प्राप्तिलाई प्रभावित तुल्याएको छ । कोरोना महामारीलगत्तै रूस र युक्रेनबीच भएको युद्धले विश्वव्यापी अर्थतन्त्रमा पारेको थप असरले गर्दा यस योजनाले निर्धारण गरेका लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धि हासिल गर्नमा जटिलता सिर्जना गरेको छ । उल्लेखित सन्दर्भमा प्रथम आवधिक योजनाको कार्यान्वयनको अवस्था, कार्यान्वयनमा देखिएका समस्या र चुनौती विश्लेषण गरी दोस्रो आवधिक योजनाको तर्जुमा प्रक्रियालाई थप व्यवस्थित र व्यवहारिक बनाउँदै सोको प्रभावकारी कार्यान्वयन सूनिश्चित हुने गरी लक्ष्य तथा उद्देश्य निर्धारण गर्न र उल्लिखित उपलब्धि हासिल गर्न उपयुक्त रणनीति तथा कार्यक्रम र स्रोत साधनको व्यवस्थापनको पूर्वानुमान गर्नको लागि चालु योजनाको हाल सम्मको प्रगति अवस्थाको समीक्षा गरिएको छ । प्रदेश योजना आयोगले उपलव्ध गराएको कार्यशर्त बमोजिम प्रथम आवधिक योजनाको समीक्षा तथा दोस्रो आवधिक योजना तयारीका लागि सुझावसहितको प्रतिवेदन तयार गरिएको हो ।

## १.२ प्रदेशको संक्षिप्त वस्तुस्थिति

लुम्बिनी प्रदेशको कूल क्षेत्रफल १७८१० वर्ग कि.मी. रहेको छ । नेपालको कुल क्षेत्रफलको ११.८ प्रतिशत भूभाग यस प्रदेशमा रहेको छ । नेपालको संविधान अनुसार नेपालको पश्चिम-दक्षिण भू-खण्डमा अवस्थित करीब ५४ प्रतिशत भूभाग तराई क्षेत्रमा पर्ने यस प्रदेशको पूर्वमा गण्डकी प्रदेश, उत्तरमा गण्डकी र कर्णाली प्रदेश, पश्चिममा सुदूर पश्चिम प्रदेशसंग सीमाना जोडिएको छ भने दक्षिणमा भारतसंग सीमाना जोडिएको छ । दक्षिणमा तराईको समथर भू-भाग मर्चवार देखि ७२४६ मीटरसम्म उचाई भएको पुथा हिमालसम्म फैलिएको हुंदा यस प्रदेशमा नेपालमा पाइने सबै प्रकारको हावापानी पाइन्छ । गौतम बुद्धको जन्मस्थल लुम्बिनी र दक्षिण एसियाकै ठुलो दाङ उपत्यका समेत यस प्रदेशमा रहेको छ । प्रशासनिक हिसाबले कुल १२ जिल्ला रहेको यस प्रदेशमा रुपन्देही, कपिलवस्तु, बर्दिया, बाँके, दाङ्ग, नवलपरासी पश्चिम गरी ६ वटा तराई क्षेत्रका जिल्लाहरु छन् भने रुकम पूर्वी, रोल्पा, प्युठान, गुल्मी, अर्घाखाँची र पाल्पा गरी ६ वटा पहाडी क्षेत्रका जिल्लाहरु रहेका छन् । यस प्रदेशमा ४ उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कुल १०९ वटा स्थानीय तहहरु र स्थानीय तहका ९८३ वडाहरु रहेका छन् । यस प्रदेशबाट संघीय संसद अन्तर्गत प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि २६ निर्वाचन क्षेत्र र प्रदेश सभा निर्वाचनका लागि ५२ निर्वाचन क्षेत्र कायम गरिएको छ भने प्रदेश सभा समानुपातिक सहित कुल ८७ सदस्य रहने संवैधानिक व्यवस्था छ । यस प्रदेशको मुख्य वित्तीय तथा व्यापारिक केन्द्रहरुमा बुटबल, भैरहवा, नेपालगंज, दाङ्ग आदि

रहेका छन् । २०७८ को जनगणना अनुसार यस प्रदेशमा ११ लाख ४१ हजार ९०२ घरपरिवार र कुल जनसंख्या ५१ लाख २२ हजार ०७८ रहेको छ भने २२ प्रतिशतले घरपरिवार संख्या बढेको देखिन्छ । बि.सं. २०६८ र २०७८ बीचमा यस प्रदेशको औसत जनसंख्या वृद्धिदर १.२४ प्रतिशत रहेको छ । जुन सातैवटा प्रदेशहरुमध्ये सबैभन्दा बढी हो । २०६८ मा ८८५०२३ रहेको परिवार संख्या बढेर ११४१९०२ भएको छ जुन २२ प्रतिशतले वृद्धि हुन आउँछ । परिवारको आकार ५.०८ बाट घटेर ४.४९ सम्म सदस्य संख्या रहेको देखिन्छ । यस प्रदेशमा ५९.०२ प्रतिशत घरमूली पुरुष रहेका छन् भने ३५.५२% घरमूली महिला रहेका छन् ।

राष्ट्रिय अर्थतन्त्रको चरित्र जस्तै लुम्बिनी प्रदेशको अर्थतन्त्रका प्रमुख आधारशिला कृषि, उद्योग र सेवा क्षेत्र नै हुन् । प्रदेश अर्थतन्त्र निर्माणमा कृषि, उद्योग, सेवा क्षेत्रको महत्पूर्ण योगदान रहेको छ । लुम्बिनी प्रदेशको अर्थतन्त्रमा आर्थिक वृद्धि, प्रतिव्यक्ति आय, कुल गार्हस्थ उत्पादनमा कृषि, उद्योग, सेवा क्षेत्रको योगदानलाई सकारात्मकरुपमा नै लिन सकिन्छ । आर्थिक वर्ष २०७९/८० मा नेपालको अर्थतन्त्र गत आर्थिक वर्षको ५.४६ प्रतिशतको तुलनामा २.१६ प्रतिशतले मात्र विस्तार हुने अनुमान छ । आर्थिक वर्ष २०७९/८० मा प्रचलित मूल्यको कुल गार्हस्थ उत्पादन रु. ५३ खर्ब ८१ अर्ब ३४ करोड मध्ये लुम्बिनी प्रदेशको हिस्सा १४.२ प्रतिशत रहेको छ भने गत बर्ष ४.७२ प्रतिशत रहेको यस प्रदेशको आर्थिक बृद्धि २.२३ प्रतिशत रहने अनुमान छ । प्रदेशगत कुल गार्हस्थ उत्पादनमा यस प्रदेशमा कृषि क्षेत्रको योगदान ३०.४ प्रतिशत, उद्योग क्षेत्रको योगदान १४.१ प्रतिशत र सेवा क्षेत्रको योगदान ५५.५ रहने अनुमान छ । यसै गरी यस प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन ११२६ अमेरिकी डलर रहने प्रक्षेपण गरिएको छ ।

## १.३ समीक्षाको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाको विगत चार आर्थिक बर्षसम्मको प्रगति अवस्थाको समीक्षा गरी योजनाको कार्यान्वयन, पुनरावलोकन र आगामी योजना तर्जुमा एवं प्रभावकारी कार्यान्वयनका सम्बन्धमा सुझाव सहितको प्रतिवेदन तयार गर्नु हो । सो बमोजिम यसका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) चालु प्रथम आवधिक योजनाको आर्थिक वर्ष २०७६/७७, २०७७/७८, २०७८/७९ र २०७९/८० सम्मको योजनाको कार्यान्वयन अवस्था, लक्ष्य र उपलब्धिको विश्लेषण तथा समीक्षा गर्ने ।

ख) कोभिड १९ महामारीले योजनाले निर्दिष्ट गरेका लक्ष्य एवम् उद्देश्य प्राप्तिमा पारेको असर तथा प्रभाव समीक्षा गर्ने ।

ग) योजनाले दिगो विकास लक्ष्य हासिल गर्न पुऱ्याएको योगदानको समीक्षा गर्ने ।

घ) योजनाको लक्ष्य/नतिजा हासिल गर्न रणनीति, कार्यनीति एवम् कार्यक्रमको योगदान विश्लेषण तथा समीक्षा गर्ने,

ङ) योजनाको निर्दिष्ट लक्ष्य हासिल गर्ने सम्बन्धमा प्रगतिको विश्लेषण गरी योजना र बजेट, बजेट तथा कार्यक्रमबीचको तादाम्यता एवं अन्तरसम्बन्ध विश्लेषण गरी आगामी योजनाको सम्बन्धमा सुझाव दिने ।

## १.४ समीक्षा विधि र प्रक्रिया

आवधिक योजनाको समीक्षा कार्यका लागि परिमाणात्मक र परिणामात्मक दुवै विधिलाई अपनाइएको छ । मूलतः द्वितिय स्रोतको तथ्याङ्कको प्रयोग गरी आंशिक रुपमा प्राथमिक तथ्याङ्कलाई समेत प्रयोग गरिएको छ । अध्ययनको क्रमका अपनाइएको समीक्षा विधि प्रक्रिया निम्नानुसार प्रस्तुत गरिएको छ ।

### १.४.१ सन्दर्भ सामग्रीको अध्ययन

समीक्षासँग सम्बन्धित विभिन्न सन्दर्भ सामग्री (जस्तै प्रथम आवधिक योजना दस्तावेज, मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम, आर्थिक सर्वेक्षण, तथ्यांकसम्बन्धी सर्वेक्षण तथा अध्ययन प्रतिवेदन, लुम्बिनी प्रदेश सरकारका प्रमुख नीति, विषय क्षेत्रगत नीति, रणनीति, कार्य योजना लगायत) को अध्ययन तथा सम्बन्धित साहित्यहरुको डेस्क अध्ययन गरिएको छ । राष्ट्रिय योजना आयोग तथा अन्य प्रदेश सरकारहरुले गरेको समीक्षाको समेत अध्ययन गरिएको थियो । यसको अतिरिक्त प्रदेश योजना आयोगका वार्षिक प्रतिवेदन, प्रदेश आर्थिक मामिला मन्त्रालयको वार्षिक बजेट समीक्षा र मन्त्रालयगत वार्षिक प्रतिवेदनहरूको पनि अध्ययन गरिएको थियो । साथै सन्दर्भका रुपमा नेपालको संविधान, महालेखा परीक्षकको प्रतिवेदन, महालेखा नियन्त्रकको प्रतिवेदन र अन्य उपलब्ध विषयगत प्रतिवेदनहरूको समेत अध्ययन गरिएको थियो ।

### १.४.२ सरोकारवालाहरूसँगको परामर्श

अध्ययनको क्रममा विभिन्न चरणमा लुम्विनी प्रदेश सरकारका मन्त्रालयहरूसँग परामर्श गरिएको थियो । पहिलो चरणमा अध्ययनको खाका तयार गरी प्रदेश योजना आयोगमा छलफल गरियो । दोस्रो चरणमा विभिन्न मन्त्रालयका मुख्य सूचनादाताहरूसँग विषयगत रुपमा समेत छलफल गरियो । गैर सरकारी सरोकारवालासमेतको उपस्थितिमा आर्थिक क्षेत्र तथा वित्तीय व्यवस्थापन, सामाजिक क्षेत्र र पूर्वाधार क्षेत्र केन्द्रित सरोकारवालासँग छलफल गरिएको थियो ।

### १.४.३ तथ्याङ्क प्रशोधन, विश्लेषण तथा प्रतिवेदन लेखन

प्रतिवेदनको लेखनमा तथ्याङ्कको गुणस्तरको अहंम भूमिका हुन्छ । तथ्याङ्कको गुणस्तर कायम गर्न प्राथमिक र दोस्रो स्रोतबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी तथ्याङ्कको शुद्धीकरण, प्रशोधन र तालिकीकरणमा प्रचलित तथ्याङ्कीय मान्यतालाई अनुसरण गरि विश्लेषण गरिएको छ । मस्यौदा प्रतिवेदनलाई सम्बन्धित सरोकारवालाहरू वीचमा छलफल गरी प्राप्त सुझावहरू समेतलाई

दृष्टिगत गरी प्रतिवेदनलाई थप परिमार्जन गरिनुमा साथै परिमार्जित  प्रतिवेदनलाई प्रदेश योजना आयोगमा छलफल गरी अन्तिम रुप दिइएको थियो ।

## १.५ प्रतिवेदनको ढाँचा

आवधिक योजनाको समीक्षा प्रतिवेदनलाई ८ परिच्छेदमा विभाजन गरिएको छ । यस प्रतिवेदनको पहिलो परिच्छेदमा अध्ययनको पृष्ठभूमि, उद्देश्य, विधि लगायतका शीर्षक समावेश गरिएको छ । दोस्रो परिच्छेदमा आवधिक योजनाको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यको समीक्षा सहितको नीतिगत समीक्षा गरिएको छ । तेस्रो परिच्छेदमा समष्टिगत आर्थिक क्षेत्रको समीक्षात्मक विश्लेषण प्रस्तुत गरिएको छ । चौथो परिच्छेदमा विषयगत आर्थिक क्षेत्रअन्तर्गत् कृषि, उद्योग र पर्यटनक्षेत्रको समीक्षा गरिएको छ । पाँचौ परिच्छेदमा सामाजिक क्षेत्रअन्तर्गत् शिक्षा, स्वास्थ्यसम्बन्धि समीक्षा गरिएको छ । परिच्छेद ६ मा भौतिक पूर्वाधार विकासका क्षेत्रहरुको समीक्षा अध्ययनलाई स्थान दिइएको छ । परिच्छेद ७ मा सुशासन र सुरक्षा र परिच्छेद ८ मा अन्तरसम्बन्धित क्षेत्र अन्तर्गत गरिबी निवारण, श्रम तथा रोजगारी, वन तथा वातावरण, सूचना तथा सञ्चार प्रविधि, विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तन व्यवस्थापन उपक्षेत्रको समीक्षा गरिएको छ ।

## १.६ अध्ययनको सीमा

- सीमित स्रोत र छोटो समयमा गरिएको यो समीक्षा अध्ययनले पहिलो आवधिक योजनाको सम्पूर्ण पक्षलाई समेट्न सकेको छैन ।
- यो अध्ययन मूलतः द्वितीय स्रोत अर्थात् उपलब्ध प्रकाशित तथ्याङ्कमा मात्र आधारित रहेको छ । अध्ययनसंग सम्बन्धित प्राथमिक तथ्याङ्क प्राप्त गर्न जिल्ला तथा पालिकाहरुको स्थलगत भ्रमण गरिएको छैन ।
- योजनाको नीतिगत समीक्षा, समष्टिगत आर्थिक क्षेत्र, विषयगत आर्थिक क्षेत्रअन्तर्गत कृषि, उद्योग, पर्यटन, सामाजिक क्षेत्र अन्तर्गत शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार विकासका क्षेत्रहरु, वन तथा वातावरणको क्षेत्र, सुशासन र सुरक्षा, बिभिन्न अन्तरसम्बधित क्षेत्र, योजना कार्यान्वयनमा कोभिड १९ महामारीको असर, दिगो विकास लक्ष्य हासिल गर्नमा योगदान, आदि विषयवस्तु समेटिएको छ ।

## परिच्छेद- २

## आवधिक योजनाको नीतिगत समीक्षा

### २.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्याभूत गरेको संघीय व्यवस्था बमोजिम संचालनमा आएको लुम्बिनी प्रदेश सरकारको प्रदेश योजना आयोगले प्रदेशको समग्र विकासका लागि आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मका लागि पहिलो आवधिक योजना तर्जुमा गरेको थियो । नयाँ राजनैतिक संरचनामा तीन तहको सरकारले योजना तर्जुमा गर्न सक्ने प्रावधान अनुरूप यस प्रदेशमा आर्थिक सामाजिक लगायतका क्षेत्रमा समृद्धि हासिल गर्न आवधिक योजना तर्जुमा गरिएको देखिन्छ । प्रदेशको समृद्धिसँगै नेपाल सरकारको "समृद्ध नेपाल सुखी नेपाली' भन्ने दीर्घकालीन सोच र सो अनुरूप तर्जुमा गरिएको पन्ध्रौ योजनाले लिएका लक्ष्य र उद्देश्य, दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने गरी योजना तर्जुमा गरिएको देखिन्छ । यो योजना संविधानले निर्दिष्ट गरेअनुसार समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने राष्ट्रिय योजनाको सहयोगी दस्तावेज पनि भन्न सकिन्छ । यस परिच्छेदमा आवधिक योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, परिमाणात्मक लक्ष्य, प्रमुख रणनीतिहरु, कार्यान्वयनका सहयोगी योजना चालकहरू, संघ, प्रदेश र स्थानीय तअको योजनासँगको तादात्म्यता, प्रमुख समस्या र सुझावहरु समावेश गरिएका छन् ।

### २.२ आवधिक योजनाको दीर्घकालीन सोच, समष्टीगत लक्ष्य तथा उद्देश्य

आवधिक योजना (२०७६/७७-२०८०/८१) मा प्रादेशिक दीर्घकालीन सोचको रुपमा "समृद्ध प्रदेशः खुशी जनता" को नारालाई अगाडि सारिएको छ । उच्च आर्थिक वृद्धिसहित समृद्ध अर्थतन्त्र, रोजगारीसहित जीवन निर्वाहका लागि पर्याप्त आम्दानी, आधारभूत भौतिक सुविधाको उपलब्धता, सुरक्षा र स्वच्छ वातावरण कायम रहने समृद्ध प्रदेशका खुशी जनताको परिकल्पना आवधिक योजनामा गरिएको छ । प्रादेशिक दीर्घकालीन सोचलाई हासिल गर्न आवधिक योजनाले समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित समावेशी, सन्तुलित र दिगो विकासको माध्यमबाट आर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउने लक्ष्य लिएको छ । यो लक्ष्य प्राप्त गर्न योजनाले सामाजिक न्यायमा आधारित रही अवसरको सिर्जना, उत्पादन वृद्धि, रोजगारी प्रवर्द्धन र गरिबी निवारण गर्ने उद्देश्य राखेको छ ।

योजनामा ५ वर्षभित्र उपलब्धि हासिल गर्ने गरी परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ । जसमा प्रदेशको दीर्घकालीन सोचका ४ वटा प्रमुख परिमाणात्मक लक्ष्य सूचकमध्ये आर्थिक वृद्धिदर र मूल्यवृद्धि, कुल ग्रार्हस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, गरिबी तथा रोजगारी, निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या (प्रतिशत), रोजगारीको प्रतिशत, खानेपानी पुगेका

घरपरिवार, विद्युत पुगेको प्रतिशत, सिंचित क्षेत्र, सडक, इन्टरनेटको पहुँच परिवार लगायतका १६ वटा सूचकहरु तय गरिएका छन् । यस्तै अन्य केही लक्ष्यहरुमा प्रदेश भित्रै प्रादेशिक विश्वविद्यालय स्थापना हुनुका साथै प्राविधिक उच्च शिक्षाको सहज उपलब्धता भएको हुने, सबै नागरिकको स्वास्थ्य सेवा तथा बीमामा पहुँच भएको हुने, प्रदेशभित्र सबै किसिमको विशेषज्ञ सेवासहित स्तरीय सेवा उपलब्ध भएको हुने, प्रदेशका रणनीतिक सडक र गाउँ तथा नगरपालिकाका केन्द्रमा पुग्ने सडक कालोपत्रे भएका हुने, सबै गाउँ तथा नगरपालिकामा खेल मैदान र बहुउद्देश्यीय भवन स्थापना भएको हुने, मुख्य शहरहरूमा आधुनिक यातायात प्रणाली ( विद्युतीय बस संचालन तथा रेल्वे निर्माण) सुरू भएको हुने, खाद्यान्न, माछामासु, दूध, फलफूल र तरकारी उत्पादनमा आत्मनिर्भर भई पूर्ण खाद्य सुरक्षा कायम गरी निर्यात गर्न सक्ने स्थिति बन्ने, बुटवल-भैरहवा-लुम्बिनी, घोराही-तुलसीपुर र कोहलपुर-नेपालगन्ज गरी तीन शहरी कोरिडरमा व्यवस्थित सहरीकरण विकास भएको हुने, नगर क्षेत्रहरूमा फोहोर संकलन तथा प्रशोधन केन्द्र स्थापना भएको हुने, सबै नागरिकहरूलाई आधारभूत आवासको उपलब्धता भएको हुने, कुल ग्रार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान करीब २० प्रतिशत पुगेको हुने, मुख्य पर्यटन केन्द्रको रूपमा विकास भई वार्षिक न्यूनतम १५ लाख बाह्य पर्यटक आगमन भएको हुने जस्ता बिषय पनि समेटिएका छन् ।

## २.३ आवधिक योजनाको परिमाणात्मक लक्ष्य तथा उपलब्धि

योजनाले "समृद्ध प्रदेश र सुखी जनता" भन्ने दीर्घकालीन सोचका परिमाणात्मक लक्ष्य सूचकहरु पनि निर्धारण गरेको छ । यी सूचकहरूमा कतिपय समावेश हुनैपर्ने सूचकहरू पनि छुटेका छन् । नेपालको आ.व. २१००/०१ को दीर्घकालिन लक्ष्यसँग तादात्म्यता हुनेगरी विस्तृतिकरण सहित लक्ष्यहरु निर्धारण गरिएको छैन । तापनि यस समीक्षात्मक अध्ययनमा आवधिक योजनाको दस्तावेजमा समावेश गरिएका सूचकहरू र त्यसअन्तर्गत किटान गरिएका परिमाणात्मक लक्ष्यलाई नै समीक्षाको आधार बनाइएको छ । यो समीक्षा योजना अवधिको अन्तिम बर्ष बाँकी रहँदाको समीक्षा भएको हुँदा बाँकी छोटो अवधिमा सुधार गर्न सकिने भन्दा पनि आगामी आवधिक योजनाको निर्माणमा उपयोगी हुन जाने देखिन्छ । पाँच वर्षको लक्ष्य प्राप्तिमा बितेका चार वर्षको उपलब्धिका हिसाबले आँकलन गर्दा १६ ओटा निर्धारित लक्ष्य सूचकहरूको मूल्याङ्कन गर्दा एउटा सूचकको मात्र लक्ष्य प्राप्त हुने देखिएको छ भनें बाँकी १५ वटा लक्ष्यहरू प्राप्त हुन नसक्ने देखिन्छ । जसमध्ये २ ओटा सूचकको प्रगतिको तथ्याङ्क प्राप्त हुन सकेन । योजनाको पहिलो दुई वर्ष कोभिड प्रभावित वर्ष भएकाले उपलब्धि न्यून हुनु स्वाभाविक हो । तर कोभिडको प्रभावलाई समेत दृष्टिगत गरी योजनाको बाँकी अवधिको उपलब्धिलाई आँकलन गर्दा उत्साहप्रद चित्र देखिँदैन ।

आवधिक योजनाका परिमाणात्मक लक्ष्यहरु र आर्थिक वर्ष २०७९/८० सम्मको प्रगति विवरण तालिका २.१ मा प्रस्तुत गरिएको छ ।

## तालिका २.१ : आवधिक योजनाका परिमाणात्मक लक्ष्यहरु र प्रगति अवस्था

| क.सं. | प्रादेशिक लक्ष्य र सूचक | एकाइ | | २०७९/८० | | |
|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष २०७५/७६ को यर्थाथ | लक्ष्य | प्रगति | आ.व. २०८०/८१ सम्मको लक्ष्य |
| १ | आर्थिक वृद्धि दर | प्रतिशत | ७.४ | १०.२ | २.२३ | ९.५ औसत |
| २ | मूल्य वृद्धि दर | प्रतिशत | – | – | ७.८$ | ६.० औसत |
| ३ | निरपेक्ष गरिवीको रेखामुनि रहेको जनसंख्या (दिविल १.२.१) | प्रतिशत | १८.२ | – | - | १०.० |
| ४ | वहुआयामिक गरिवीको दर( दिविल १.२.२) | प्रतिशत | २९.९ | – | १८.२ | १५.० |
| ५ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | ८०३ | – | ११२६ | १६०० |
| ६ | वेरोजगारीको दर (दिविल ८.५.२) | प्रतिशत | ११.२ | – | ८.१ | ६.० |
| ७ | जन्मदाको अपेक्षित आयु | वर्ष | ६९.३ | – | ७०.९० | ७२ |
| ८ | साक्षरता दर १५ वर्ष भन्दा माथि | प्रतिशत | ५८ | – | ७८.८ | ८५ |
| ९ | वाल मृत्यू दर (दिविल ३.२.१) | प्रति हजार जना | ४५ | – | ४१ | २५ |
| १० | माध्यमिक तह (९–१२) मा कुल भर्ना दर (दिविल ४.१) | प्रतिशत | ७४.७ | – | ७९.१ | ९३ |
| ११ | खानेपानी सुविधा पुगेका घरपरिवार | प्रतिशत | ८९.८३ | १०० | ९०.२ | १०० |
| १२ | विद्युत सेवा पुगेको जनसंख्या | प्रतिशत | ८१.०३ | १०० | ९८.३२ | १०० |
| १३ | सिंचित क्षेत्र | प्रतिशत | ५१.० | – | ५५.७० | ७०.० |
| १४ | सडकको लम्वाई* | कि.मी. | ११२३३ | १२३५० | १५०७६& | १२५०० |
| १५ | पक्की सडकको अंश | प्रतिशत | १७.० | – | २१.१ | २८.० |
| | | कि.मी. | १९३८ | – | २४५० | ३५०० |
| १६ | इन्टरनेटको पहुँच भएका घरपरिवार | प्रतिशत | ४९.४ | – | ७५.५@ | ८५ |

$ नेपालको मूल्य वृद्धि दर

*स-साना शहरी तथा स्थानीय तहभित्रका सडक वाहेक ।

& स्थानीय सडक (प्रादेशिक र स्थानीय सडक) संजाल ९५५४ कि.मी. सहित

@राष्ट्रिय जनगणना २०७८ अनुसार इन्टरनेटको पहुँच भएका घरपरिवार ३६ प्रतिशत र स्मार्ट फोन भएको घरपरिवार ७५.५ प्रतिशत रहेको ।

स्रोत : लुम्विनी प्रदेशको आर्थिक सर्भेक्षण २०७९/८०, आर्थिक सर्वेक्षण, २०७९/८०, नेपाल सरकार, अर्थ मन्त्रालय, राष्ट्रिय जनगणना २०७८ ।

तालिका २.१ अनुसार यस प्रदेशका प्रायः सवै सूचकहरुको प्रगति अवस्था चित्तवुझ्दो देखिएको छैन । योजनामा हरेक उपक्षेत्रको दीर्घकालीन सोच निर्धारण गरिएको छ र सवै उपक्षेत्रका दीर्घकालीन सोचको एकिकृत स्वरुपमा योजनाको समष्टीगत सोच निर्धारण गरिएको छ । तर

उक्त दीर्घकालीन सोच नेपालको दीर्घकालिन सोच २१०० संग तादात्म्यता हुनेगरी आ.व. २१००/०१ का लागि प्रदेशस्तरका लक्ष्य सूचकहरु विस्तृत रुपमा निर्धारण गरिएका छैनन् ।

योजनाको दीर्घकालीन सोचका १६ वटा प्रमुख परिमाणात्मक लक्ष्य सूचकमध्ये उपभोक्त मूल्य वृद्धिदर सूचक वाहेक सवै सूचकहरुमा आधार वर्षको तथ्यांक उपलब्ध रहेको छ भने सवै सूचकहरुको आवधिक योजनाको लक्ष्य निर्धारण गरिएको छ । मूल्य वृद्धिदरलाई लक्ष्य सूचकवाट हटाउँदा उपयुक्त हुन्छ । तर दिगो विकास लक्ष्य र नेपालको  दीर्घकालीन सोच २१०० संग सम्वन्धित लक्ष्य सूचकहरु प्रदेशको प्रदेश दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्य सूचकहरुमा थप्न सकिए अझ परिणाममुखी हुने देखिन्छ ।

प्रगति विवरण उपलब्ध भएका सूचकमध्ये वहुआयामिक गरिवीको दर, प्रतिव्यक्ति आय, वेरोजगारीको दर, १५ वर्षभन्दा माथिको साक्षरता दर, वाल मृत्यु दर, माध्यमिक तह (९–१२) मा कुल भर्ना दर, खानेपानी  सुविधा पुगेका घरपरिवार, विद्युत सेवा पुगेको जनसंख्या, पक्की सडकको अंश र इन्टरनेटको पहुँच भएका घरपरिवार लगायतका १० वटा सूचकहरुमा आधार वर्षको तुलनामा केही प्रगति भएको छ भने लक्ष्य भनें प्राप्त नहुने देखिन्छ । जन्मदाको अपेक्षित आयु आधार वर्षभन्दा केही घटेको देखिन्छ । सिंचित क्षेत्रमा खाशै प्रगति भएको देखिदैन भने सडकको लम्बाईमा लक्ष्यभन्दा वढी उपलब्धि भएको देखिन्छ । यसरी आवधिक योजनामा समावेश भएका अधिकांश परिमाणात्मक लक्ष्यको कार्यान्वयन अवस्था हेर्दा योजनाको वाँकी अवधिमा दीर्घकालीन लक्ष्य प्राप्त गर्न सकिने देखिदैन ।

आवधिक योजनाले निर्धारण गरेका अन्य केही थप लक्ष्यहरुमा भएको प्रगति चेक लिस्ट तालिका २.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.२ : अन्य केही गुणात्मक लक्ष्य र प्रगति अवस्था (चेक लिस्ट)**

| **लक्ष्य सूचक** | **प्रगति** | | | |
|---|---|---|---|---|
| | **पूर्णरुपमा भएको** | **आंशिक भएको** | **नभएको** | **कैफियत** |
| प्रादेशिक विश्वविद्यालय स्थापना | √ | - | - | संचालनमा रहेको |
| सवै नागरिकहरूको स्वास्थ्य सेवा तथा वीमामा पहुँच भएको हुने र प्रदेशभित्र सवै किसिमको विशेषज्ञ सेवासहित स्तरीय सेवा उपलब्ध भएको हुने | - | - | √ | |
| प्रदेशका रणनीतिक सडक र गाउँ तथा नगरपालिकाका केन्द्रमा पुग्ने सडक कालोपत्रे भएको हुने | - | - | √ | |
| सवै गाउँ तथा नगरपालिकामा खेल मैदान र वहुउद्देश्यीय भवन स्थापना भएको हुने | - | - | √ | |
| मुख्य शहरहरूमा आधुनिक यातायात | - | - | √ | |

| | | | | |
|---|---|---|---|---|
| प्रणाली (विद्युतीय वस संचालन तथा रेल्वे निर्माण) शुरू भएको हुने | | | | |
| खाद्यान्न, माछामासु, दूध, फलफूल र तरकारी उत्पादनमा आत्मनिर्भर भई पूर्ण खाद्य सुरक्षा कायम गरी निर्यात गर्नसक्ने स्थिति वन्ने | - | √ | - | माछामासु र दूध उत्पादनमा आत्मनिर्भर तर्फ अग्रसर |
| वुटवल-भैरहवा-लुम्विनी, घोराही-तुलसीपुर र कोहलपुर-नेपालगन्ज गरी तीन शहरी कोरिडरमा व्यवस्थित शहरीकरण विकास भएको हुने | - | - | √ | |
| नगर क्षेत्रहरूमा फोहोर संकलन तथा प्रशोधन केन्द्र स्थापना भएको हुने | - | √ | - | केही क्षेत्रहरुमा थालनी भएको |
| सवै नागरिकहरूलाई आधारभूत आवासको उपलव्धता भएको हुने | - | - | √ | यकिन नभएको |
| कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान करीव २० प्रतिशत पुगेको हुने | - | - | | १४.१ प्रतिशत रहेको |
| मुख्य पर्यटन केन्द्रको रूपमा विकास भई वार्षिक न्यूनतम १५ लाख वाह्य पर्यटक आगमन भएको हुने | - | - | √ | आव २०७९/८० को ९ महिनासम्म ५४२५६ जना पर्यटक तेस्रो मलुकवाट आएका |

स्रोतः सम्बन्धीत मन्त्रालय ।

योजनाको नतिजा खाकामा कूल ३६८ वटा प्रभाव, असर र प्रतिफल तहका सूचकहरु तय गरिएकोमा १९३ वटा (५२.४५ प्रतिशत) सूचकहरुको मात्र आधार तथ्यांङ्क समावेश गरिएको छ । त्यसैगरी २७५ वटा (७४.७३ प्रतिशत) सूचकहरुको लक्ष्य निर्धारण गरिएकोमा १८७ (६८.० प्रतिशत) सूचकहरुमा मात्र प्रगति विवरण प्राप्त हुनसकेको छ । यससम्वन्धी विवरण तालिका २.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.३ : विषयगत क्षेत्र अन्तर्गत प्रभाव, असर र प्रतिफल तहका सूचकहरुको विवरण**

| विषयगत क्षेत्र | जम्मा सूचक संख्या | आधार तथ्याङ्क उपलव्ध सूचक संख्या | लक्ष्य निर्धारण भएका सूचक संख्या | प्रगति विवरण प्राप्त भएका सूचक संख्या |
|---|---|---|---|---|
| आर्थिक विकास | १५७ | ९५ | १३३ | ८९ |
| सामाजिक विकास | ७६ | ४६ | ५६ | ३८ |
| पूर्वाधार विकास | ६१ | ३२ | ६० | ३६ |
| सुशासन र सुरक्षा | २१ | ८ | ६ | ७ |
| अन्तरसम्वन्धित विषय | ५३ | १२ | २० | १७ |

| | | | | |
|---|---|---|---|---|
| जम्मा (%) | ३६८ (१००) | १९३ (५२.४५) | २७५ (७४.७३) | १८७ (६८.०) |

स्रोतः अध्ययन कार्य दलद्वारा गणना गरिएको ।

## २.४ आवधिक योजनाको रणनीति र कार्यनीति

योजनाको लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्यहरू हासिल गर्न योजनाले विभिन्न रणनीतिहरू पनि अवलम्वन गरेको छ । उत्पादन र उत्पादकत्व वृद्धिको निमित्त कृषि, उद्योग र पर्यटनलाई आर्थिक समृद्धि र रोजगारीको आधारको रूपमा लिई आधुनिकीकरण र व्यावसायीकरण गर्दै सरल नियमन प्रक्रिया, सहयोगी भौतिक पूर्वाधारको उपलव्धता र कार्यकुशलता अभिवृद्धि गरी निजी क्षेत्रलाई प्रोत्साहित (दिगो विकासका लक्ष्य १, २, ८, ९, १०, १२) गर्ने विषयलाई मूल रूपमा अङ्गीकार गरेको छ ।

व्यवस्थित शहरीकरण, यातायात पूर्वाधार, सिंचाइ, खानेपानी, उर्जा र आवासजस्ता आवश्यक भौतिक पूर्वाधार निर्माण तथा विस्तार गरि भौतिक पूर्वाधारको विस्तारलाई उत्पादनसंग आवद्ध गर्ने रणनीति पनि योजनाले अवलम्वन गरेको छ (दिगो विकासका लक्ष्य ६, ७, ९, ११)।

शिक्षा र स्वास्थ्यको पहुँच विस्तार र गुणस्तर सुधार गर्ने विषयले जनताको शिक्षा र स्वास्थ्यको आधारभूत अधिकारप्रति प्रदेश सरकार सचेत रहेको देखिन्छ भने प्राविधिक शिक्षामा सहज पहुँच वढाई जीवनोपयोगी, उद्यमशील र व्यावसायिक सिप विकास गरी मानव पूँजी निर्माण गर्ने कुराले केही हदसम्म स्वरोजगार वढाउन टेवा पुऱ्याउने देखिन्छ (दिगो विकासका लक्ष्य ३, ४) ।

सामाजिक समावेशितामा, लैङ्गिक समता र महिला सशक्तीकरणमा जोड दिँदै भाषा कला, धर्म र संस्कृतिको संरक्षण, अन्धविश्वास, कुरीति र हिंसाको अन्त्य गर्ने रणनीतिले उन्नत र वैज्ञानिक समाज निमार्णमा सघाउ पुऱ्याउने देखिन्छ (दिगो विकासका लक्ष्य ५, १६) ।

वातावरणको संरक्षण गर्दै उपलव्ध प्राकृतिक साधनहरूको समुचित उपयोगका साथै आर्थिक सामाजिक क्षेत्रका गतिविधिहरूलाई जलवायु परिवर्तन अनुकूलित र संभावित विपद्प्रति सचेत रहने रणनीतिले वातावरणमैत्री अवधारणालाई टेवा पुऱ्याउने देखिन्छ (दिगो विकासका लक्ष्य १३,१५) ।

विधिको शासन, सदाचार, पारदर्शिता तथा जवाफदेहीताको मान्यतालाई सरकारी कामकाज र सेवा प्रवाहमा संस्थागत गरी जनअपेक्षा अनुकूल सुशासन प्रणाली प्रत्याभूत गर्ने रणनीतिले राज्यका सेवाप्रवाहीकरणमा प्रभावकारीता अभिवृद्धि गर्ने देखिन्छ (दिगो विकासका लक्ष्य १६ र १७) ।

समग्रमा उपरोक्त रणनीतिवाट समृद्धि र खुशी प्राप्त गर्ने दीर्घकालीन सोच र सामाजिक न्यायमा आधारित रही अवसरको सिर्जना, उत्पादन वृद्धि, रोजगारी प्रवर्द्धन र गरिवी निवारण गर्ने योजनाको उद्देश्य हासिल गर्न वलियो टेवा मिल्ने देखिन्छ । यसका लागि साधन स्रोतसहित प्रदेशको व्यवस्थापकिय क्षमता र उपयुक्त कार्यक्रमहरूको साथ हुनु जरुरी हुन्छ ।

योजनामा ६ वटा समष्टिगत रणनीति तथा विषयगतरुपमा २०४ वटा रणनीति र ८३३ वटा कार्यनीति तय गरिएका छन् । समष्टिगत रणनीतिहरु विषय क्षेत्रगत रणनीति तथा कार्यनीति

मार्फत् कार्यान्वयन हुने भएकोले यसको कार्यान्वयन अवस्थालाई विषय क्षेत्रगत रुपमा नै समीक्षा गरिएको छ । समीक्षामा समेटिएकामध्ये ६५.५४ प्रतिशत कार्यनीतिहरु कार्यान्वयनमा आएको अध्ययनवाट देखिन्छ । यससम्वन्धी विवरण तालिका २.४ मा समेटिएको छ ।

**तालिका २.४ : विषय क्षेत्रगत रणनीति तथा कार्यनीति कार्यान्वयन अवस्था**

| विषयगत क्षेत्रगत | रणनीति | | कार्यनीति | | कार्यनीतिको कार्यान्वयन अवस्था | |
|---|---|---|---|---|---|---|
| | कूल संख्या | समीक्षामा समेटिएको संख्या | कूल संख्या | समीक्षामा समेटिएको संख्या | भएको संख्या | नभएको संख्या |
| आर्थिक | ७१ | ७१ | २८० | २८० | १८८ | ९२ |
| सामाजिक | ३५ | २४ | १६७ | ११७ | १०२ | १५ |
| पूर्वाधार विकास | ४८ | ४१ | १८४ | १६६ | ७७ | ८९ |
| सुशासन र सुरक्षा | ९ | ९ | ३७ | ३७ | २७ | १० |
| अन्तर सम्वन्धित | ३४ | २८ | १३४ | ११६ | ७२ | ४४ |
| अन्य | ७ | - | ३१ | - | - | - |
| कुल जम्मा | २०४ | १७३ | ८३३ | ७१६ | ४६६ | २५० |
| % | (१००) | (८४.८०%) | (१००) | (८५.९५%) | (६५.५४%) | (३४.४६%) |

स्रोतः अध्ययन कार्य दलद्वारा गणना गरिएको ।

## २.५ योजनाको लक्ष्य प्राप्तीमा विभिन्न क्षेत्रको अपेक्षित भूमिका

प्रदेशको समृद्धिका लागि प्रदेश सरकारका अतिरिक्त नेपाल सरकार, स्थानीय सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र, गैर-सरकारी संस्थाहरू, सामुदायिक तथा सामाजिक संस्थाहरू, विभिन्न सरोकारवाला लगानीकर्ता, संचार माध्यम र प्रदेशवासिहरूको भूमिका अपेक्षा गरिएको थियो । योजना निर्माण प्रकियामा सरोकारवालासंग गरिएको छलफलको व्यापकता र उनीहरुका अपेक्षा कति समेटिएको छ भन्ने कुराले योजना प्रति अपनत्व निर्धारण सहित योजनाको प्रभावकारी कार्यान्वयन संभव हुन्छ र सवैको सामुहिक प्रयासबाट योजनाको कार्यान्वयन सहज ढंगले भै परिलक्षित उद्देश्यहरू हासिल हुन सक्छन् । साथै आवधिक योजनासंग तादात्म्यता हुने गरी वार्षिक कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्न सकेमा योजनाका लक्ष्य तथा उद्देश्यहरु सफलीभूत हुन सक्दछन् ।

यसैगरी आर्थिक समृद्धि र विकासका विषयगत क्षेत्रहरु निर्धारण र योजनाको लक्ष्य प्राप्तिका लागि ती क्षेत्रहरुवाट योजनाले अपेक्षा गरिएको भूमिका समग्र योजनाको उद्देश्य प्राप्तिमा अहंम हुन जान्छ ।  योजनाले कृषि, उद्योग र पर्यटनलाई आर्थिक समृद्धि र रोजगारीका तीन महत्वपूर्ण आधारको रुपमा लिदैं यी क्षेत्रहरुको आधुनिकीकरण र व्यावसायिकरणमा जोड दिएको भए

तापनि क्षेत्रगत योगदान अपेक्षा गरे अनुरुप रहेको छैन । यसैंगरी समृद्धिका पुर्वाधारको रुपमा व्यवस्थित शहरीकरण, यातायात, सिंचाई, खानेपानी, ऊर्जा, आवास, आदि जस्ता विषयहरुलाई लिएको छ । यसैगरी गुणस्तरिय शिक्षा र स्वास्थ्य विस्तार गरी मानवीय पूँजी निर्माण गर्ने, सामाजिक समावेशीता र लैङ्गिक समता प्रवर्द्धन, वातावरण संरक्षण, सूशासन, आदि जस्ता विषयहरुको भूमिका प्रदेशको समृद्धिमा अपेक्षित रहेको छ ।

लुम्विनी प्रदेशको आर्थिक सर्वेक्षण २०७९/८० अनुसार अहिले पनि प्रदेशको कूल गार्हस्थ उत्पादनमा कृषिको योगदान ३०.४ प्रतिशत रहने अनुमान छ। प्रदेशको कूल खेतीयोग्य जमिन ६ लाख ९७ हजार ३ सय ३१ हेक्टर मध्ये ७७.३५ प्रतिशत जमीन अर्थात ५ लाख ३९ हजार ४ सय ४३ हेक्टर जमीनमा खेती गरिएको छ । जसमध्ये केवल ५१.१३ प्रतिशत जमीनमा मात्र सिंचाइ सुविधा पुगेको छ । आर्थिक वर्ष २०७८/७९ मा प्रदेशगत रूपमा प्रमुख खाद्यान्न वालीको कुल उत्पादनमा यस प्रदेश तेस्रो स्थानमा, मकैमा चौथो स्थान, गहुँमा दोस्रो, कोदोमा तेस्रो, जौमा तेस्रो र फाफर उत्पादनमा पहिलो भएको थियो । यसैगरी कुल तरकारी खेती गरेको क्षेत्रफलमध्ये औसत १४.७७ प्रतिशत क्षेत्रफल लुम्विनी प्रदेशमा रहेको छ। कुल तरकारी उत्पादनमा यस प्रदेशको हिस्सा औसत १३.६३ प्रतिशत रहेको छ।

विश्व स्वास्थ्य संगठन र विश्व खाद्य तथा कृषि संगठनले निधार्रण गरेको मापदण्ड अनुसार एक जना वयस्क व्यक्तिको लागि वार्षिक ९१ के.जी. प्रतिव्यक्ति प्रतिवर्ष दूध आवश्यक पर्नेमा यस प्रदेशको उपलव्धता ११० के.जी. प्रतिव्यक्ति प्रतिवर्ष रहेको छ । मासुको उपलव्धता पनि आवश्यकता भन्दा उच्च रहेको छ भने अण्डा र माछामा भने आवश्यकता भन्दा न्यून उपलव्धता रहेको छ। २०६८ सालको जनगणना अनुसार लुम्विनी प्रदेशमा कृषि पेशामा संलग्न जनसङ्ख्या ६४.४% रहेकोमा २०७८ सालको जनगणनामा सो सङ्ख्या ५७.४% मा झरेको छ । प्रदेश स्थापना भएदेखि कृषि क्षेत्रवाट सिर्जित रोजगारी ५ लाख ५० हजार रहेको छ र चालु आर्थिक वर्ष २०७९/८० मा कृषि क्षेत्रको कार्यक्रमवाट थप ४५ हजार रोजगारी सिर्जना हुने अनुमान रहेको छ। लुम्विनी प्रदेशको अर्थतन्त्रलाई समृद्ध वनाउन यस क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरण गर्न प्रभावकारी हुने कुरा स्पष्ट छ।

आत्मनिर्भर प्रदेश अर्थतन्त्र निर्माणका लागि आयातलाई प्रतिस्थापन गर्न सक्ने औद्योगिक वस्तुहरूको उत्पादनमा तीव्र वृद्धिको आवश्यकता छ । पर्यटन व्यवसायको पृष्ठ सम्वन्धको विकासवाट पनि रैथाने उत्पादन वढाउनमा टेवा पुयाउन सकिन्छ । यो सम्भावनालाई समेत ध्यानमा राखी प्रथम आवधिक योजनाले उद्योगलाई पनि समृद्धिको आधारको रूपमा पहिचान गरेको छ । आर्थिक वर्ष २०७९/८० चैत्रसम्म दर्ता भएका लघु, घरेलु तथा साना उद्योगको सङ्ख्या ९४ हजार ७ सय ७८ रहेको छ । प्रदेशगत रूपमा लघु, घरेलु तथा साना उद्योग लुम्विनी प्रदेशमा १५.९ प्रतिशत रहेका छन् । आर्थिक वर्ष २०७९/८० चैत्रसम्म लुम्विनी प्रदेशमा दर्ता भएका कम्पनीहरूको सङ्ख्या ४ हजार १ सय ९५ रहेको छ। तर दर्ता भएका लघु, घरेलु तथा साना उद्योग तथा कम्पनीहरूको सङ्ख्याले मात्र प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान वृद्धि गर्ने कुरा सुनिश्चित हुदैन ।

प्रदेशमा विद्यमान प्राकृतिक तथा सांस्कृतिक सम्पदा र लुम्विनी क्षेत्र लगायतको पर्यटकीय ख्याति समेतको सन्दर्भमा हेर्दा पर्यटनलाई यस प्रदेशको समृद्धिको आधारको रूपमा लिन सकिन्छ । लुम्विनी प्रदेश पुरातात्विक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक दृष्टिले सम्पन्न रहेको छ । गौतम वुद्धको जन्मस्थल लुम्विनी, प्राचिन कपिलवस्तुको राजधानी तिलौराकोट, पासणकालीन मानवको वसोवास रहेको दाङ्ग देउखुरी, १ करोड १० लाख पूर्व पुरानो मानव रामापिथेकसको दन्तावशेष फेला परेको तिनाउतटको वुटवल, कालिगण्डकी तटमा रहेको रुरु क्षेत्र, स्वगद्वारी, रानीमहल, सुपादेउराली, रेसुङ्गा, बागेश्वरी तथा वर्दिया र वाँके राष्ट्रिय निकुञ्ज साथै पुथा र सिस्ने हिमाल लगायतका सम्पदा यस प्रदेशमा रहेका छन् । लुम्विनी प्रदेशमा रहेका विभिन्न अध्यागमन कायार्लयमार्फत आर्थिक वर्ष २०७९/८० को चैत्रसम्म ५४ हजार २ सय ५६ जना पयर्टक तेस्रो मुलुकवाट नेपाल भित्रिएका छन् । गत आर्थिक वर्ष २०७८/७९ को सोहि अवधिमा तेस्रो मुलुकवाट ४१३१५ पर्यटक नेपाल भित्रिएको देखिन्छ ।

त्यस्तै लुम्विनी प्रदेशमा जलस्रोतलाई विद्युत् उर्जाको महत्वपूर्ण स्रोतको रुपमा विकास गरी समृद्धिको आधार तयार गर्न सकिन्छ । आर्थिक वर्ष २०७५/७६ अर्थात् योजनाको आधार वर्षको तथ्याङ्क अनुसार यो प्रदेशको नवलपरासीमा १५ मे.वा., प्यूठानमा १२ मे.वा. पाल्पामा १.७५ मे.वा., गुल्मीमा ७.४ मे.वा लगायत अन्य केही आयोजना समेतगरी ३६.४५ मे.वा. जलविद्युत उत्पादन भएको छ । साथै, पाल्पामा १.७ मे.वा., गुल्मीमा १.७५ मे.वा., रोल्पामा ०.९६ मे.वा. र रूकुममा ५ मे.वा. गरी १५.९९ मे.वा निर्माणाधीन अवस्थामा रहेको छ । करीव ११३.९३ मे. वा. क्षमताका ९ वटा आयोजनाले सर्वेक्षणको लागि अनुमति प्राप्त गरेका छन् । यस प्रदेशमा करीव ३००० मे.वा. जलविद्युत उत्पादन गर्न सकिने प्रारम्भिक अनुमान रहेको छ । नेपाल सरकारको वास्केटमा गुल्मीमा ४ वटा, अर्घाखाँचीमा एउटा र रोल्पामा ७ ओटा गरी एक दर्जन साना आयोजनाहरूवाट ५१ मे.वा. जति जलविद्युत उत्पादन गर्न सकिने अनुमान छ । लुम्विनी प्रदेशको आ.व. २०७९/८० को आर्थिक सर्वेक्षणमा उल्लेख भएवमोजिम आ.व. २०७८/७९ सम्म ३६.७ मेगावाट मात्र विद्युत उत्पादन भएको थियो । आ.व. २०७९८/८० चैत्रसम्म २.४८ मेगावाट उत्पादन थप भई कुल विद्युत उत्पादन ३९.१० मेगावाट पुगेको छ । यसले के देखाउछ भनें उर्जा क्षेत्रको विकासको संभावनालाई आत्मसात गर्न सकिएको खण्डमा प्रदेशको समृद्धिमा ठूलो टेवा पुग्ने देखिन्छ ।

यसरी योजनाको उद्देश्य र लक्ष्य प्राप्तीमा उपरोक्त क्षेत्रको अपेक्षित भूमिका हुँदा हुँदैपनि योजनाको कार्यान्वयले अपेक्षित परिणाम ल्याउन सकेको देखिदैन ।

## २.६ योजनामा गरिएको लगानी

योजना अवधिमा जम्मा रु १२ खर्व ७ अर्व ८० करोड लगानी हुने अनुमान गरिएको थियो । उक्त अनुमानमध्ये सार्वजनिक क्षेत्रवाट कुल लगानीको ३३ प्रतिशत, निजी क्षेत्रवाट ६२.१ प्रतिशत, सहकारीवाट ३.४ प्रतिशत र सामुदायिक क्षेत्रवाट १.५ प्रतिशत लगानी हुने अनुमान गरिएको छ। उक्त लगानीको हिस्साको आधारमा योजना अवधिमा सार्वजनिक क्षेत्रवाट कुल रू. ३ खर्व ९८ अर्व ७३ करोड, निजी क्षेत्रवाट रू. ७ खर्व ४९ अर्व ४० करोड, सहकारीवाट रू. ४१ अर्व ४४ करोड र सामुदायिक संस्थाहरूवाट रू. १८ अर्व १८ करोड लगानी हुने अनुमान गरिएको छ । क्षेत्रगत रूपमा कृषि क्षेत्रमा योजना अवधिमा रू १ खर्व ६४ अर्व ६९ करोड, उद्योग क्षेत्रमा ४ खर्व ५३ अर्व ६० करोड र सेवा क्षेत्रमा रू ५ खर्व ८९ अर्व ६० करोड लगानी आवश्यक पर्ने अनुमान गरिएको छ । संघीय संरचना अनुरुप प्रदेशमा तीन तहको सरकारवाट खर्च तथा लगानी हुने अवस्था छ । प्रदेशगत रूपमा संघवाट हुने खर्च र स्थानीय तहवाट हुने पुँजीगत खर्चको आँकलन गर्न पर्याप्त तथ्याङ्क उपलव्ध हुन सकेको अवस्था छैन ।

सार्वजनिक क्षेत्रवाट हुने लगानीमध्ये प्रदेश सरकारवाट योजना अवधिमा जम्मा रु. १ खर्व १३ अर्व २१ करोड पूँजीगत लगानी हुने अनुमान छ जुन कुल सार्वजनिक लगानीको २८.३९ प्रतिशत र जम्मा लगानीको ८.८६ प्रतिशत हुन आउँछ ।

समीक्षाको क्रममा निजी तथा सहकारी क्षेत्रको लगानीसम्वन्धी तथ्यांक उपलव्ध हुन सकेन । सार्वजनिक क्षेत्रवाट हुने लगानीमध्ये पनि संघीय सरकारवाट हुने खर्च र स्थानीय तहवाट भएको लगानीसम्वन्धी तथ्याङ्क उपलव्ध समेत उपलव्ध हुन नसकेको हुँदा प्रदेश सरकारवाट भएको लगानीमात्र समावेश गरिएको छ । प्रदेश सरकारले विगत ४ आर्थिक वर्षमा गरेको लगानीसम्वन्धी विवरण तालिका २.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.५ : समीक्षा अवधिमा प्रदेश सरकारको विनियोजन र खर्चको अवस्था**

(रकम रु. लाखमा)

| आर्थिक वर्ष | जम्मा विनियोजन | जम्मा खर्च | प्रतिशत | चालु खर्च | प्रतिशत | पुँजीगत खर्च | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| **२०६७/७७** | ३६४१६८ | २५४१०० | ६९.७८ | ६४६०० | ४७.९९ | १४७२०० | ७९.२२ |
| **२०७७/७८** | ३६३५२५ | ३२१०३० | ८८.३१ | ८२३०० | ६५.३७ | १८५००० | ९९.३६ |
| **२०६८/७९** | ४०९५९७ | ३००५४७ | ७३.३८ | ८३६०० | ६१.२५ | १७४१०० | ७७.४८ |
| **२०७९/८०** | ४२६३५७ | ३०२४५७ | ७०.९४ | १२५०९२ | ६८.८९ | १७७३६६ | ७२.४५ |
| **जम्मा** | **१,५६३,६४७** | **१,१७८,१३४** | **७५.६०** | **३५५,५९२** | **-** | **६८३,६६६** | **-** |

स्रोतः लुम्बिनी प्रदेशको आर्थिक सर्भेक्षण २०७९/८०, आर्थिक सर्वेक्षण, २०७९/८०, बजेट तथा कार्यक्रम र वार्षिक प्रतिवेदनहरु ।

प्रदेश सरकारले विगत ४ वर्षमा रु. १ अर्व ५६ अर्व ३६ करोड ४७ लाख वजेट विनियोजन गरेकोमा जम्मा रु. १ खर्व १७ अर्व ८१ करोड ३४ लाख रकम मात्र खर्च भएको छ। यसमध्ये पुँजीगततर्फ विनियोजन भएको वजेटमध्ये आर्थिक वर्ष २०६७/७७, २०७७/७८, २०७८/७९ र

२०७९/८० मा क्रमशः ७९.२२, ९९.३६, ७७.४८ र ७२.४५ प्रतिशत खर्च भई ४ वर्षमा रु. ६८ अर्व ३६ करोड ६६ लाख रकम मात्र खर्च भएको देखिन्छ। यसरी देर्दा विनियोजन भएको वजेटको तुलनामा प्रदेश सरकारको खर्च गर्न सक्ने क्षमता सबल देखिदैन । प्रदेश सरकारवाट योजना अवधिमा जम्मा रु. १ खर्व १३ अर्व २१ करोड पूँजीगत लगानी हुने अनुमान गरिकोमा चार वर्षको अन्त्यसम्म आइपुग्दा जम्मा रु. ६८ अर्व ३६ करोड ६६ लाख (६०.३९ प्रतिशत) खर्च भएको देखिन्छ। योजना अवधि एक वर्षमात्र बाँकी रहेको हुँदा यो लक्ष्य पुग्न सक्ने देखिदैन।

प्रदेश सरकारको लगानीको स्रोत संरचना हेर्दा प्रदेशको आन्तरिक आयको अंश न्यून रहेको छ। लगानीका लागि संघीय सरकारमा निर्भर हुनुपर्ने अवस्था रहेको छ । योजना अवधिको विगत चार आर्थिक वर्षको औसत आन्तरिक आय १४ प्रतिशत रहेको छ। विगत चार आर्थिक वर्षमा आन्तरिक तर्फको अनुमानित आय र सङ्कलन भएको यथार्थ आयसम्वन्धी विवरण तालिका २.६ मा प्रस्तुत गरिएको छ।

**तालिका २.६ : आन्तरिक आय सङ्कलनको अवस्था**

(रु.लाखमा)

| विवरण/आ.व. | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | जम्मा |
|---|---|---|---|---|---|
| अनुमानित आन्तरिक राजस्व लक्ष्य | ४६००० | ४५००० | ९३५०० | ७३१०० | २५७६०० |
| यथार्थ राजस्व सङ्कलन | ३२२०० | ४७४०० | ५४९०० | ४९६०० | १८४१०० |
| % | ७०.० | १०५.३३ | ५८.७२ | ६७.८५ | ७१.४७ |

स्रोतः लुम्विनी प्रदेशको आर्थिक सर्भेक्षण २०७९/८०, आर्थिक सर्वेक्षण, २०७९/८०, बजेट तथा कार्यक्रम र वार्षिक प्रतिवेदनहरु।

यसरी आन्तरिक आयको आकार सानो रहेनुका साथै अनुमान र यथार्थ आय विच ठूलो अन्तर रहेको हुँदा राजस्व प्रक्षेपणलाई यर्थाथपरक वनाउनुपर्ने देखिन्छ।

प्रदेश सरकारको पुँजीगत खर्चतर्फ विगत चार वर्षको प्रवृत्ति विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/७७ मा जम्मा पुँजीगत खर्चको ७९.२२ प्रतिशत मात्र खर्च भएको छ भनें आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा यस्तो प्रतिशत क्रमशः ९९.३६ प्रतिशत र ७७.४८ प्रतिशत रहेको छ । प्रदेशको आर्थिक सर्वेक्षण अनुसार आर्थिक वर्ष २०७९/८० मा चैत्र मसान्तसम्म कुल विनियोजनको ३१.७० प्रतिशत मात्र खर्च भएको देखिन्छ भने आर्थिक वर्षको अन्तमा आएर पुँजीगत खर्च ७२.४५ प्रतिशत भएको छ। यसले के देखाउँछ भनें शुरुका नौ महिनामा पुँजीगत खर्च न्यून हुने र आर्थिक वर्षको अन्त्यतिर अत्यधिक खर्च गर्ने प्रवृत्ति रहेको देखिन्छ।

## २.७ कोभिड १९ महामारीको असर

### २.७.१ पृष्ठभूमी

सन् २०१९ को डिसेम्वरवाट विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीको कारण वाह्य तथा आन्तरिक आर्थिक गतिविधिमा संकुचन भई आर्थिक वर्ष २०७६/७७ मा नेपालको आर्थिक वृद्धिदर पछिल्लो दुई दशककै सवैभन्दा न्यून अर्थात २.४ प्रतिशतले ऋणात्मक हुन पुगेको थियो । महामारीको प्रभाव क्रमशः न्यून हुँदै गएसँगै त्यसपछिका दुई आर्थिक वर्षमा आर्थिक गतिविधिमा क्रमशः विस्तार भई अथर्तन्त्र पुनः कोभिड पूर्वकै अवस्थामा फर्कन शुरू गरेको थियो । यद्यपि, पछिल्लो समयमा रुस-युक्रेन युद्ध र अन्तर्राष्ट्रिय वजारमा पेट्रोलियम पदार्थको उच्च मूल्य वृद्धिको असरले आर्थिक पुनःरुत्थान गर्ने कार्यमा पुनः चुनौती सिर्जना हुन गएको थियो । लुम्विनी प्रदेशको समग्र आर्थिक सामाजिक विकासको प्रमुख वाधकको रूपमा गरिवी रहेको छ । देशमा गरिवी न्यूनीकरणका लागि हालसम्म भएका प्रयासको परिणाम स्वरुप गरिवीको दर घट्नुका साथै आयस्तर वृद्धि भए तापनि समग्र एवम् लुम्विनी प्रदेशको समेत आशातीत लक्ष्य हासिल हुन सकेको छैन । कोभिड १९ महामारी र वतर्मान आर्थिक संकुचनको प्रभावले निरपेक्ष गरिवीको रेखामुनि रहेको जनसङ्ख्या, आर्थिक एवम् सामाजिक रुपले विपन्न, गरिव र वञ्चितीकरणमा परेका वर्ग, क्षेत्र र समुदायका साथै न्यून मध्यम आय वर्ग भएको घरपरिवार र समुदाय समेत गरिवीको दुस्चक्रमा पर्ने उच्च जोखिम रहेको छ ।

कोभिड १९ का कारण थला परेको पर्यटन क्षेत्र उल्लेखनीयरुपमा पुर्नरुत्थान हुँदैछ । लुम्विनी प्रदेशमा नयाँ होटेलहरुको निमार्ण भएको र केही थप होटेलहरु निमार्णको कममा रहेको अवस्था छ । यस अवधिमा स्तरीय होटल तथा लज संख्या १८.३० प्रतिशतले वृद्धि भएको छ । जस अनुसार होटल तथा लज संख्या १८१ पुग्न गएको छ भनें होटल तथा लजमा शैंयाको संख्या समेत उल्लेख्य रुपमा वृद्धि भएको छ । प्रत्यक्ष रोजगारी संख्या क्रमशः २९९ प्रतिशत र २६.८३ प्रतिशतले वृद्धि भएको पाईन्छ । यसै गरी होम स्टेमा पनि गुमेको रोजगारी पुर्नरुत्थान हुँदै अघिल्लो वर्षको तुलनामा प्रत्यक्ष रोजगारी संख्या १२.६७ प्रतिशतले वृद्धि हुन गएको छ । पर्यटक आगमन संख्याका हिसावले हेर्दा यस अवधिमा भारतवाट १०३५० र तेस्रो मुलुकवाट १४१५ गरी जम्मा ११७६५ पर्यटकको यस प्रदेशमा आगमन भएको देखिन्छ । विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को महामारीले केही समय लुम्विनी प्रदेशको व्यवसायलाई धरायसी वनाए तापनि हाल पर्यटनमा क्रमिक सुधार हुँदै गइरहेको पाइन्छ । हाल नवनिर्मित अन्तराष्ट्रिय विमानस्थलले आन्तरिक वा वाह्य पर्यटकको आगमनमा सुधार ल्याउने अपेक्षा गरिएको छ ।

यसरी कोभिड १९ महामारीको प्रकोपबाट लुम्विनी प्रदेश पनि अछुतो रहने कुरै रहेन । खासगरी कोभिड १९ महामारीको प्रकोपवाट मुख्यतः प्रदेशको पर्यटन, उत्पादन तथा व्यापार, आपूर्ति र स्वास्थ्य क्षेत्र वढी प्रभावित भएको पाइन्छ । महामारीले नागरिकको दैनिक जीवनदेखि निजी र सार्वजनिक जीवनमा समेत व्यापक असर पर्न गएको छ । सँगसँगै मुलुकको अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्न गई आर्थिक वृद्धिमा समेत नकारात्मक असर पर्न गएको छ । यसैगरी मुलुकको अर्थतन्त्रमा १४.३७ प्रतिशत योगदान गर्ने थोक तथा खुद्रा व्यापारमा कोभिड

महामारीका कारण आएको गिरावटको कारण अर्थतन्त्रमा थप असर पर्नुका साथै मुद्रास्फितिको जोखिम समेत वढ्न गएको छ । समग्रमा लुम्विनी प्रदेशमा कोभिड १९ महामारीवाट विभिन्न क्षेत्रमा पर्न गएको असरवारे निम्न प्रकरणहरुमा उल्लेख गरिएको छ ।

### २.७.२ दिगो विकास लक्ष्य प्राप्तिमा परेको असर

संयुक्त राष्ट्र संघको महासभाले विश्व रुपान्तरणको आकाँक्षा लिएर सन् २०१६ देखि २०३० ( वि.सं २०७२ देखि २०८७) सम्मका लागि घोषणा गरेको दिगो विकास लक्ष्यलाई नेपालले पनि आत्मसात गरेको छ । तदनुरूप दिगो विकास लक्ष्यलाई देशको आवधिक योजनामा अङ्गीकार पनि गरेको छ । दिगो विकास लक्ष्यअन्तर्गत १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य र २३४ वटा सूचकहरू रहेका छन्  दिगो विकासका लक्ष्यहरू हासिल गर्नमा प्रदेशहरूको पनि गहन भूमिका हुन्छ । तसर्थ, लुम्विनी प्रदेशको प्रथम आवधिक योजना तर्जुमा गर्दा अवलम्वन गरिएका ६ वटा रणनीति र प्रभाव तहका विभिन्न सूचकहरुमा दिगो विकासका लक्ष्यहरूलाई पनि समेट्ने प्रयास गरेको छ । तालिका २.७ मा आवधिक योजनाको रणनीतिमा समेटिएका दिगो विकासका लक्ष्यहरूको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका २.७ : आवधिक योजनाको रणनीतिमा समेटिएका दिगो विकासका लक्ष्यहरूको विवरण**

| क्र.सं. | रणनीतिक क्षेत्र | दिगो विकासका लक्ष्य |
|---|---|---|
| १. | कृषि, उद्योग र पर्यटन | |
| | | १ गरिवीको अन्त्य |
| | | २ भोकमरीको अन्त्य |
| | | ८ मर्यादित काम र आर्थिक वृद्धि |
| | | ९उद्योग, नवीन खोज र पूर्वाधार |
| | | १० असमानता न्यूनीकरण |
| | | १२ दिगो उपभोग तथा उत्पादन |
| २. | भौतिक पूर्वाधार | ६ स्वच्छ पिउने पानी तथा सरसफाइ |
| | | ७ किफायती र स्वच्छ उजा |
| | | ९उद्योग, नवीन खोज र पूर्वाधार |
| | | ११ दिगो शहर र समुदाय |
| ३. | शिक्षा र स्वास्थ्य | ३ सु-स्वास्थ्य तथा समृद्ध जीवन |
| | | ४ गुणस्तरीय शिक्षा |
| ४. | सामाजिक समावेशितामा, लैङ्गिक समता | ५ लैङ्गिक समानता |
| | | १६ स्वच्छ पिउने पानी तथा सरसफाइ |
| ५. | विपद् व्यवस्थापन र जलवायु परिवर्तन | १३ जलवायुमा पहल |
| | | १५ जमिन माथिको जीवन |
| ६. | सुशासन | १६ शान्ति, न्याय र सक्षम निकायहरु |
| | | १७ लक्ष्य प्राप्तिका लागि साझेदारी |

दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्वन्धित सूचकहरूको योजनाको चार वर्षको तथ्याङ्कको आधारमा विश्लेषण गर्दा आर्थिक वृद्धिदर, कूल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान, वाल मृत्युदर र घरपरिवारको विद्युतमा पहुँच, युवा सक्षारता, आधारभूत तहको विद्यालयमा भर्ना दर, विद्युतमा पहुँच पुगेका घरपरिवार, आधारभूत खानेपानीमा घरपरिवारको पहुँच, जल विद्युत उत्पादनमा जडित क्षमता, प्रतिव्यक्ति प्रतिवर्ष विद्युत उपभोग, प्रतिव्यक्ति आय, वहुआयामिक गरिवी, आदि सम्वन्धी अधिकांश सूचकहरूको योजना अवधिमा लक्ष्य हासिल गर्न नसकिने देखिन्छ ।

हरेक क्षेत्रमा रहेका सवै स्वरुपको गरिवी अन्त्य गर्ने दिगो विकास लक्ष्य १ हासिल गर्न नेपालले प्रतिव्यक्ति आयलाई सन् २०३० सम्ममा २५०० अमेरिकी डलर पुऱ्याउन प्रस्ताव गरेको छ । त्यस्तै वहुआयामिक गरिवी सूचकाङ्कलाई ७ प्रतिशत भन्दा कम गराउने लक्ष्य राखिएको छ । लुम्विनी प्रदेश सरकारले पनि आ.व. २०७५/७६ मा यु.एस. डलर ८०३ रहेको प्रतिव्यक्ति आयलाई वि.सं. २०८१ (सन् २०२५ मा १६०० पुऱ्याउने लक्ष्य राखेको छ । त्यस क्रममा आ.व. २०८०/८१ सम्ममा यु.एस. डलर १६०० पु-याउने प्रदेश योजनाले राखेको लक्ष्य योजना अवधिको पहिलो  चारवर्षमा यु.एस. डलर ३२३ ले मात्र वढ्न गई आ.व. २०७९/८० मा ११२६ डलर रहने प्रक्षेपण गरिएको छ । जसअनुसार योजनाको लक्ष्य हासिल नहुने देखिएको छ । वहुआयामिक गरिवीलाई २९.९ प्रतिशतवाट १५ प्रतिशतमा झार्ने योजनाको लक्ष्य पनि पुरा नहुने देखिएको छ ।

दिगो विकास लक्ष्य १ ले कम्तीमा ७ प्रतिशतको आर्थिक वृद्धिदर कायम राख्नु पर्ने भनेको छ । तर आवधिक योजनाको पहिलो चार वर्षको औसत आर्थिक वृद्धिदर २.७९ प्रतिशत मात्र छ । योजनाको लक्ष्य औसत वार्षिक ९.५ प्रतिशत छ । यो लक्ष्य हासिल हुन सक्ने देखिँदैन । तर सन् २०३० सम्ममा ७ प्रतिशतको वृद्धिदर हासिल हुने सम्भावना छ । यसरी दिगो विकास लक्ष्य हासिल गर्नमा प्रदेशको समष्टिगत आर्थिक क्षेत्रको योगदान मिश्रित देखिएको छ ।

योजनाले समेटेको दिगो विकासको लक्ष्य प्राप्तिमा कोभिड १९ महामारीवाट विभिन्न क्षेत्रमा असर पर्न गएको छ । भारतसंग लामो सीमाना जोडिएको लुम्विनी प्रदेश कोभिड १९ को प्रभावको हटस्पटको रूपमा देखा पऱ्यो । ग्रामीण लगायत प्रमुख सहरी क्षेत्रमा यसको सामाजिक आर्थिक र मानवीय असर तुलनात्मक रूपमा वढी रहेको देखिन्छ । कोभिड १९ महामारीको अवधिमा आवधिक योजना कार्यान्वयनको मुख्य अवधि परेको कारण यसको लक्ष्य प्राप्तिमा प्रत्यक्ष असर परेको देखिन्छ । कोभिड १९ महामारीको समग्र प्रभाव सम्बन्धमा T.N.Joshi समेतले सन् २०२१ मा गरेको एक अध्ययनको सारांश सान्दर्भिक हुने भएकोले तालिका २.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.८ : दिगो विकास लक्ष्य प्राप्तीमा कोभिड १९ महामारीको समग्र प्रभाव**

| दिगो विकास लक्ष्य | अवस्था | प्रभावहरू |
|---|---|---|
| लक्ष्य १: गरिवीको अन्त्य | उच्च जोखिम | १. उल्लेख्य सङ्ख्याले रोजगारी गुमाउनुपरेको<br>२. वैदेशिक रोजगारीमा रहेका १० देखि ३० प्रतिशत नेपालीले रोजगारी |

| | | |
|---|---|---|
| | | गुमाउनु परेको |
| लक्ष्य २: शुन्य भोकमरी | उच्च जोखिम | १. करिव २० प्रतिशत घरपरिवारले दैनिक खाद्यान्न उपलब्धताको लागि सङ्घर्ष गर्नु परेको<br>२. कृषि सामग्रीको अभाव भएको<br>३. खाद्यान्नको माग र आपूर्तिमा असन्तुलन भएको |
| लक्ष्य ३ स्वास्थ्य तथा आरोग्यता | उच्च जोखिम | १. अस्पतालहरू कोभिड १९ का सङ्क्रमितले भरिभराउ भएका<br>२. टी.वी. मलेरिया जस्ता राष्ट्रिय प्राथमिकतामा परेका रोगको नियन्त्रणमा समेत नकारात्मक असर परेको<br>३. नागरिकको मानसिक स्वास्थ्यमा ह्रास आएको |
| लक्ष्य ४: गुणस्तरीय शिक्षा | जोखिम | १. एक वर्ष भन्दा वढी विद्यालय तथा क्याम्पस वन्द भएको<br>२. विद्यार्थीको पठनपाठन र परीक्षा प्रणाली नै प्रभावित भएको<br>३ ठुलो सङ्ख्यामा विद्यार्थीहरू अध्ययनवाट वञ्चित हुनुपरेको |
| लक्ष्य ५ : लैङ्गिक समानता | जोखिम | १. नागरिकको आयमा असर परेको<br>२. महिलाहरू आय जोखिमवाट पिडित हुनुपरेको |
| लक्ष्य ६ : शुद्ध खानेपानी | जोखिम | १. सुधारिएको खानेपानी तथा सरसफाइ आयोजनामा नकारात्मक असर परेको |
| लक्ष्य ७ विद्युत् तथा स्वच्छ उर्जा | जोखिम | १. जलविद्युत तथा स्वच्छ उर्जासम्वन्धी आयोजना निर्माणमा ढिलाई |
| लक्ष्य ८ सम्मानित काम र आर्थिक वृद्धि | जोखिम | १. धेरै सङ्ख्यामा मानिसहरू वेरोजगार भएका<br>२. नेपालको पर्यटन क्षेत्रले २९० लाख डलर वरावरको आम्दानी गुमाएको<br>३. पर्यटन क्षेत्रमा संलग्न २७२,००० जनाले रोजगारी गुमाएका<br>४. कुल गार्हस्थ उत्पादनमा ०.०२ प्रतिशतले सङ्कुचन आएको |
| लक्ष्य ९ उद्योग, नवप्रवर्तन र पूर्वाधार | जोखिम | १. औद्योगिक कच्चा पदार्थको उपलव्धतामा कमी आएको<br>२. २.७५ प्रतिशत साना तथा मझौला उद्योगहरू वन्द भएको<br>३. औद्योगिक उत्पादन ५० देखि ७५ प्रतिशतले घटेको<br>४. गौरव तथा अन्य महत्त्वपूर्ण आयोजना कार्यान्वयनमा ढिलाइ |
| लक्ष्य १०: असमानता यूनीकरण | जोखिम | १. गरिव जनसङ्ख्यामा वृद्धि<br>२. नागरिकको आयमा कमी |
| लक्ष्य ११ : दिगो सहरी र समुदाय | जोखिम | १. सङ्क्रमितको दरमा वृद्धि |
| लक्ष्य १२ : जिम्मेवार उपभोग र उत्पादन | आंसिक जोखिम | १. खेतीवालीको मौसममा कृषि मजदुर र कृषि सामग्रीको आपूर्तिमा कमी<br>२. कृषि वजार पूर्वाधार निर्माणमा ढिलाई |
| लक्ष्य १३: जलवायु कार्य | जोखिम | १. पारिस्थिकीय प्रणाली र जैविक विविधता संरक्षणमा कमी |
| लक्ष्य १५: जमिन माथिको जीवन | आंसिक जोखिम | १. पारिस्थिकीय प्रणाली र जैविक विविधता संरक्षणमा न्यून प्राथमिकता |

| | | |
|---|---|---|
| लक्ष्य १६: शान्ति, न्याय र सवल संस्था | जोखिम | १. आत्महत्याको दरमा वृद्धि<br>२. महिला तथा वालवालिका माथि हुने हिंसामा वृद्धि |
| लक्ष्य १७: दिगो विकासको लागि साझेदारी | | १. सरकारको राजस्व सङ्कलनमा २८ प्रतिशतले कम<br>२. वैदेशिक सहयोगमा कमी |

स्रोतः T.N. Joshi at. al., Journal of Agriculture And Food Research (2021), retrieved at www.journals.elsevier.com

### २.७.३ कृषि, उद्योग, पर्यटन सम्बन्धित व्यवसायमा परेको असर

कोरोनाको प्रभाववाट कृषि व्यवसाय पनि अछुतो रहेन । उत्पादन र वितरणका कार्यहरूमा अवरोध सिर्जना भए । प्रदेशमा ठूलो संख्या दैनिक ज्यालादारी कृषि मजदुरहरू प्रत्यक्ष प्रभावमा परे । तर अति आवश्यक उपभोग्य वस्तु भएकाले र सम्वन्धित क्षेत्रवाट ढुवानीको विशेष पहल भएकाले अन्य क्षेत्रको तुलनामा कृषि क्षेत्रमा कम प्रभाव परेको वुझिन्छ । गाँउको खुल्ला ठाँउमा सङ्क्रमणको जोखिम कम हुने भएकोले उत्पादनको कार्यले पनि केही हदसम्म निरन्तरता पाइरह्यो । अझ कोरोनाको कारणले आफ्ना गाँउ फर्केका जनशक्ति आफ्नै गाँउ ठाँउमा उत्पादनको कार्यमा संलग्न हुँदा उत्पादन वृद्धिमा केही सकारात्मक असर पनि परेको देखियो । श्रम वजारमा ७० प्रतिशत भन्दा वढी योगदान रहेको श्रममूलक कृषि व्यवसायलाई कोभिड १९ ले गम्भीर असर पुऱ्याएको देखिन्छ । यसले कृषि वस्तुको ओसारपसार र आपूर्ति शृङ्खलालाई नै भत्काएको थियो । प्रदेशमा वढी उत्पादन हुने तरकारी कुखुरापालन, डेरी जस्ता कृषि उपजमा यसको असर सवैभन्दा वढी रहेको थियो । तरकारी विक्रेता संघको सर्भेक्षण अनुसार ६५ प्रतिशत ताजा तरकारी सङ्कलकहरूले महामारीको कारण आफ्नो व्यवसाय नै छोडेका थिए । ताजा तरकारीवाट नेपालमा करिव १८ अर्व रुपैयाँ हानी भएको अध्ययन प्रतिवेदनले देखाएको छ । यस महामारीले खाद्यान्न आपूर्ति शृङ्खला जस्तै उत्पादन, खाद्य प्रशोधन ढुवानी र उपभोक्ताको चुलोसम्मको प्रवाह शृङ्खलामा प्रभाव पारेको थियो ।

विश्व खाद्य कार्यक्रमले सन् २०२१ मा गरेको घरपरिवारको जीविकोपार्जन, खाद्य सुरक्षा र जोखिम संवेदनशीलता सर्भेक्षण अनुसार ३८.२ प्रतिशत नेपालीहरूको जीविकोपार्जनको मुख्य स्रोत कृषि तथा सोसँग सम्वन्धित क्षेत्रहहरू रहेको र कोभिड १९ ले कृषि क्षेत्रमा समयमा वाली लगाउन, गोडमेल गर्न र वाली भित्र्याउन असुविधा पारेको, कृषि उपज ढुवानी तथा वजारीकरणमा असुविधा, कृषि उपजको मूल्यमा गिरावट र वजार मागमा न्यूनता जस्ता प्रभाव पारेको उल्लेख गरेको छ ।

यस प्रदेशमा कृषि क्षेत्रमा कोभिड १९ को उपरोक्त प्रभावहरूमध्ये अधिकांश घरपरिवारलाई खेतवारीदेखि वजारसम्म कृषि उपज ढुवानी गर्न कठिनाई भएको, वजारको मागमा न्यूनता आएको र कृषि उपजको न्यून मूल्य पाएको लगायतका समस्या रहेको पाइएको छ । यसैगरी अघिल्लो वर्षमा नेपालको व्यापारको आयतन ११.३३ विलियन अमेरिकी डलर रहेकोमा कोभिड

१९ महामारीको कारण उक्त आयतन १०.११ मिलियन अमेरिकी डलरमा खुम्चिएको छ। नेपाल राष्ट्र बैंकले गरेको सर्भेक्षणले सन् २०२० को जुनमा देशमा ४१ प्रतिशत मात्रै उद्योग व्यवसाय सञ्चालनमा रहेकोमा २०२० को नोभेम्वरमा ५४ प्रतिशत र २०२१ को अप्रिल महिना उक्त अनुपात ८१ प्रतिशत पुगी क्रमशः सुधार हुँदै गएको देखाएको छ। यद्यपी अध्ययन अनुसार ४२ प्रतिशत उद्योग व्यापार अझै पनि सञ्चालनमा आउन सकेका छैनन्। यसैगरी सन् २०२१ को अप्रिल सम्ममा ७४.४ प्रतिशत घरेलु, ७९.२ प्रतिशत लघु ८१.७ प्रतिशत साना र ७४ प्रतिशत मध्यम तथा ९०.५ प्रतिशत ठुला उद्योग सञ्चालनमा आइसकेको भए तापनि घरेलु, लघु तथा साना उद्योग व्यवसाय ६० प्रतिशत क्षमतामा र मझौला तथा ठुला उद्योग क्रमशः ६४.५ प्रतिशत र ७२.९ प्रतिशत क्षमतामा मात्र सञ्चालनमा आएको अध्ययनवाट देखिएको छ।

महामारीको अवधिमा ७७.५ प्रतिशत कामदारले रोजगारी प्राप्त गरेकोमा ६३.४ प्रतिशत मात्र तलव र ज्याला प्राप्त गरेका थिए। सन् २०२१ को अप्रिलमा रोजगारीको दर ९३.८ प्रतिशत पुगेको र ८८.५ प्रतिशत तलव तथा ज्याला प्राप्त गरेको सो अध्ययनले देखाएको छ।

लुम्विनी प्रदेशमा रहेको अधिकांश उद्योग कलकारखाना तथा उद्योग व्यापार व्यवसायमा कोभिड १९ वाट पर्ने असर समेत स्वभाविकै रूपमा उच्च रहेको छ। लकडाउनको कारण उत्पादन र वितरण दुवैतर्फ असर पाऱ्यो। एकातिर उत्पादनका कार्यहरू अवरुद्ध भए भने अर्कोतर्फ सीमित रूपमा भएको उत्पादन पनि लकडाउनका कारण वितरण हुन सकेन। यस प्रदेशमा रहेका साना तथा मझौला उद्योगहरू प्रभावित भएको हजारौ औद्योगिक मजदुरलाई लकडाउनले प्रभाव पारेको अनुमान गरिएको छ। महामारी पश्चात यस प्रदेशको पर्यटनमा क्रमिक सुधार हुँदै गइरहेको पाइन्छ। लुम्विनी प्रदेशमा रहेका विभिन्न अध्यागमन कार्यालय मार्फत् आर्थिक वर्ष २०७९/८० को चैत्रसम्म ५४ हजार २ सय ५६ जना पर्यटक तेश्रो मुलुकवाट नेपाल भित्रिएका देखिन्छ। नेपाल राष्ट्र बैंकको अनुसार आर्थिक वर्ष २०७८/७९ पुष मसान्त सम्म अघिल्लो वर्षको तुलनामा होटलहरूको अकुपेन्सी र रोजगारी वृद्धिदर २३५.३५% र २४०.८५% ले वढ्न गएको देखिन्छ।

### २.७.४ वैदेशिक रोजगार तथा विप्रेषण आप्रवाहमा परेको असर

कोभिड १९ महामारीको कारण वैदेशिक रोजगार तथा विप्रेषण आप्रवाहमा असर परेको छ। विप्रेषण आप्रवाहमा सोचेजति भने नघटेको देखिएको छ। करिव १ लाख २७ हजार जनाले वैदेशिक रोजगारी गुमाएर नेपाल फर्किएको र करिव ४ लाख व्यक्तिले भिसा गुमाउने संभावना रहेको अध्ययनले देखाएको छ। वैदेशिक रोजगार विभागका अनुसार कोभिड-१९ तेस्रो लहरको प्रभाव कम हुँदै गए पछि आव २०७८/७९ मा यस प्रदेशमा वैदेशिक रोजगारमा जाने श्रमिकहरुको संख्या ४७९.८३ प्रतिशतले वृद्धि भई ५९ हजार ८ सय ५० पुगेको छ भने कोभिड-१९ (पहिलो र दोस्रो लहर) महामारीका कारण गत वर्षको सोही अवधिमा यो संख्या ८०.६६ प्रतिशतले घटेको थियो। यस प्रदेशको कुल वैदेशिक रोजगारीमा नवलपरासी जिल्लाको हिस्सा सवैभन्दा धेरै (१६ प्रतिशत) रहेकोछ भने रुकुमपूर्व जिल्लाको हिस्सा सवैभन्दा कम (३ प्रतिशत) रहेको छ। यसैगरी, वैदेशिक रोजगारीमा रुपन्देहीको १५ प्रतिशत, कपिलवस्तुको ११

प्रतिशत, दाङको १० प्रतिशत, गुल्मीको ९ प्रतिशत, पाल्पाको ८ प्रतिशत, रोल्पा, अर्घाखाँची, र बाँकेको ६-६ प्रतिशत तथा प्यूठान र वर्दियाको ५-५ प्रतिशत हिस्सा रहेको छ ।

### २.७.५ आर्थिक सामाजिक क्षेत्रमा परेको असर

कोभिड १९ महामारीले एकातर्फ कृषि, उद्योग, व्यापार, पर्यटन, निर्माण आदि अर्थतन्त्रका सवै क्षेत्रहरूको क्रियाकलापमा ठूलो ह्रास ल्यायो भने अर्कोतर्फ स्वास्थ्य सेवा र राहतका लागि खर्च पनि बढ्यो । लुम्विनी प्रदेशमा कोरोनाले पारेको प्रभावको आँकलन अध्ययन नगरिएको भए तापनि कोरोनाले सङ्गठित व्यावसायिक प्रतिष्ठानलाई पुरै र आंशिक प्रभाव परेको देखिन्छ । विश्वका अन्य देशमा जस्तै नेपालमा र लुम्विनी प्रदेशमा पनि कोभिड १९ को महामारीले व्यक्ति, परिवार र समुदायको सामाजिक तथा मानसिक स्वास्थ्यमा असर गरेको देखिन्छ । कोभिड १९ कालमा गरिएको निषेधाज्ञा, बन्दावन्दी र अन्तर्राष्ट्रिय सिमानाका बन्द गरिएको कारण कुल गार्हस्थ्य उत्पादन घट्न गएको र आर्थिक वृद्धिदर संकुचन भएको देखिन्छ । यसैगरी स्वास्थ्य क्षेत्रमा गम्भिर असर पर्ने नै भयो । लुम्विनी प्रदेशको आर्थिक सर्वेक्षण २०७९/८० अनुसार प्रदेश भित्र अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, आयुर्वेद स्वास्थ्य केन्द्र र वर्थिङ सेन्टर गरी ११३१ स्वास्थ्य संस्थाहरू सञ्चालन रहेका छन् । कोभिड १९ सङ्क्रमणको पहिलो केश नेपालमा सन् २०२० को जनवरी २३ मा फेला परे पश्चात आर्थिक वर्ष २०७७/७८ को तेस्रो त्रैमासिकको अन्त्यसम्म सङ्क्रमितको सङ्ख्या ६४५४४३ र निको हुनेको सङ्ख्या ६१५,४४३ रहेको थियो । यस अवधिमा मृत्यु हुनेको सङ्ख्या ९४२४ जना रहेको थियो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको अद्यावधिक तथ्याङ्कअनुसार २०७९ मंसिर महिनाको अन्त्यमा कुल ७४.५७,३५५ जनाको पिसिआर तथा एण्टिजेन विधिवाट परीक्षण गरिएको, ११ लाख ५३ हजार १७४ जना सङ्क्रमित भएकोमा ९ लाख ८८ हजार ९२१ जना निको भएका र १२,०१९ जनाको मृत्यु भएको देखिन्छ । कोभिड १९ वाट निको हुने दर ९८.८ प्रतिशत रहेको छ । २०७६/७७ र २०७७/७८ को प्रदेशगत कोभिडको प्रभाव तलको तालिका २.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.९: प्रदेशगत कोभिड १९ सङ्क्रमण, निको हुने र मृत्युदर**

| प्रदेश | आर्थिक वर्ष २०७७/७८ सम्मको विवरण | | | |
|---|---|---|---|---|
| | सङ्क्रमित सङ्ख्या | निको हुने सङ्ख्या | मृत्यु हुनेको सङ्ख्या | कोभिड मृत्युदर (CFR) |
| प्रदेश १ | ७७५२६ | ७१४६५ | १२७६ | १.६ |
| मधेश प्रदेश | ३९६६९ | ३९३३७ | ७३२ | १.८ |
| वागमती प्रदेश | ३३७४६३ | ३२२५४९ | ४०३० | १.२ |
| गण्डकी प्रदेश | ५६०१० | ५१५३६ | ९८६ | १.८ |
| लुम्विनी प्रदेश | ८४७१८ | ८१२४० | १५५८ | १.८ |
| कर्णाली प्रदेश | १७८८२ | १६५११ | ४०६ | २.३ |

| | | | | |
|---|---|---|---|---|
| सूदुर पश्चिम प्रदेश | ३२१२५ | ३२८०५ | ४३५ | १.४ |
| नेपाल (जम्मा) | ६४५३९३ | ६१५४४३ | ९४२४ | १.५ |
| आ व २०७६/७७ को विवरण | १७१७७ | ११०२५ | ३९ | ०.२३ |

स्रोतः लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण २०७९/८० ।

यसरी योजनाको प्रथम वर्षमै कोरोना महामारीको प्रकोप विश्वभरि फैलिएको थियो । परिणामतः लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को विकास गतिविधिमा पनि अवरोध सिर्जना भयो र योजनाको लक्ष्य प्राप्तिमा नकारात्मक असर पर्‍यो । आर्थिक वर्ष २०७६/७७, २०७७/७८, २०७८/७९ र २०७९/८० मा क्रमशः ८.४ प्रतिशत, ९.० प्रतिशत, ९.६ प्रतिशत र १०.२ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने योजनाको लक्ष्य रहेकोमा वास्तविक उपलब्धि सोभन्दा निकै कम क्रमशः –०.८४ प्रतिशत, ४.७२ प्रतिशत, ५.०३ प्रतिशत र २.२३ प्रतिशत सिमित हुन पुग्यो ।

## २.८ योजना लक्ष्य प्राप्तिमा देखिएका प्रमुख समस्याहरु

आवधिक योजनाको लक्ष्य प्राप्तिमा देखिएका प्रमुख समस्याहरु यस प्रकार रहेका छन् ।

- **प्रदेशको कमजोर तथ्याङ्कीय आधार**

प्रदेशको तथ्याङ्कीय आधार कमजोर हुनु प्रमुख समस्याको रुपमा मान्न सकिन्छ । प्रदेशको आफ्नै तथ्यांक स्रोत नहुनु, सङ्घीयस्तरमा भएका तथ्याङ्क प्रदेशगतरूपमा उपलब्ध नहुनु, प्रदेशमा आफ्नै आर्थिक अध्ययनको अभाव हुनु, द्वितीय तहका तथ्याङ्कमा मात्र आधारित हुनु, प्रदेश संरचना नयाँ भएकाले तथ्याङ्क तथा सूचना अध्यावधिक हुन नसक्नु, मन्त्रालयहरूको जिम्मेवारीमा वारम्बार फेरबदल हुनु, आदि जस्ता समस्याहरु प्रदेश स्तरमा रहेका छन् जसले तथ्याङ्कको उपलब्धता एवं लक्ष्य प्राप्तिमा प्रभाव पारेको देखिन्छ ।

- **आवधिक योजना र वार्षिक कार्यक्रमविच तालमेलको अभाव**

कुनै पनि आवधिक योजना वार्षिक वजेट तथा कार्यक्रमको माध्यमवाट कार्यान्वयन गर्ने गरिन्छ । प्रस्तुत योजनाका नीतिगत प्राथमिकता कार्यक्रममा रूपान्तरित नहुनु, योजना छनोटको स्पष्ट मापदण्ड नहुनु, वजेट छर्ने प्रवृत्ति विद्यमान रहनु, योजना प्राथमिकीकरणमा वैज्ञानिक आधार कमजोर हुनु र योजनाको नतिजा सूचकमा आधारित कार्यक्रम तर्जुमा नहुनु, मध्यमकालीन खर्च संरचनाको प्रभावकारी उपयोग हुन नसक्नु, आदि जस्ता समस्याहरु योजना प्रणालीमा विद्यमान रहेका छन् ।

- **कमजोर कार्यान्वयन अवस्था**

आवधिक योजनामा लिइएका नीति र निर्धारित कार्यक्रमहरुको कार्यान्वयन कमजोर रहेको देखिन्छ । योजनाले निजी, सहकारी तथा अन्य क्षेत्रलाई आकर्षित एवम् सहजीकरण गर्न आवश्यक पूर्वाधारको विकास र आवश्यक नीतिगत तथा कानूनी व्यवस्था सुनिश्चित गर्न

सकेको खण्डमा मात्र योजनाको सफल कार्यान्वयन संभव हुन्छ । प्रस्तुत आवधिक योजनाले क्षेत्रगत रूपमा तय गरेका थोरै नीति मात्र पूर्ण रूपमा कार्यान्वयन भएको देखिएको छ ।

- **योजनाको लक्ष्य प्राप्तीमा विभिन्न क्षेत्रको संभावित भूमिकालाई उपयोग गर्न नसक्नु**

योजनाले लिएको लक्ष्य प्राप्तीमा बिभिन्न सरोकारवाला पक्षहरु (नेपाल सरकार, स्थानीय सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी संस्थाहरू, समुदाय तथा सामुदायिक तथा सामाजिक संस्थाहरू, विभिन्न सरोकारवाला लगानीकर्ता, संचार माध्यम, आदि) र आर्थिक समृद्धि र विकासका संभावनायुक्त क्षेत्रहरु (कृषि, उद्योग, पर्यटन सम्पदा, पुर्वाधार, जलस्रोत, आदि) बाट हुन सक्ने अधिकतम भूमिकालाई उपयोग गर्न सकिएको छैन ।

- **अन्तरसरकार समन्वय र सहकार्यको अभाव**

योजनाको कार्यान्वयनमा अन्तरसरकार समन्वय र सहकार्य जरुरी हुन्छ । योजनाको कार्यान्वयनमा सङ्घीय तथा स्थानीय सरकारको नीतिगत तथा कार्यक्रमगत समन्वय र सहकार्यको अभाव देखिन्छ । यसका अतिरिक्त प्रदेश सरकार स्वयमका विभिन्न निकायहरूविच पनि नीतिगत तथा कार्यक्रमगत समन्वय र सहकार्यमा कमजोरी देखिन्छ । जसले गर्दा एकलकाँटे कार्यक्रम तर्जुमा हुने र कार्यक्रममा दोहोरोपना समेत हुने अवस्था देखिएको छ ।

- **कोभिड १९ महामारीको प्रतिकूल असर**

आवधिक योजनाको शुरुवात संगै कोभिड १९ महामारी फैलिएको हुँदा योजनाको कार्यान्वयनमा प्रत्यक्ष प्रभाव पर्न गयो । योजना अवधिमा आर्थिक वृद्धि दर औसत ९.५ प्रतिशत गर्ने लक्ष्य रहेकोमा योजनाको पहिलो वर्ष आ.व. ०७६/७७ मा ०.८४ प्रतिशत ऋणात्मक, आ.व. ०७७/७८ मा ४.७२ प्रतिशत, आ.व. ०७८/७९ मा ५.०३ प्रतिशत र आ.व. ०७९/८० मा २.२३ प्रतिशत गरी चार वर्षको औसत २.७९ प्रतिशतमा सिमित हुने अनुमान छ ।

- **लक्ष्य सूचकहरु स्पष्ट नहुनु**

योजनाको "समृद्ध प्रदेश:खुशी नागरिक" भन्ने दीर्घकालीन सोच सान्दर्भिक भएता पनि दीर्घकालीन सोचका परिमाणात्मक लक्ष्य सूचक अझै विस्तृतिकरण गरी आधार तथ्याङ्कमा राष्ट्रिय तथ्याङ्क र गन्तव्य सूचकहरूसँगै नेपालको भिजन २१०० को सन्दर्भ तथ्याङ्क राख्दा उपयुक्त हुने देखिन्छ । कतिपय परिमाणात्मक नतिजा सूचकहरू खाली रहेको देखिन्छ । आधार तथ्याङ्क र अन्तिम वर्षको लक्ष्यको अभावमा वार्षिक कार्यक्रम तर्जुमा र प्रगति समीक्षामा समेत अस्पष्टता सिर्जना भएको छ ।

- **योजनाको कार्यान्वयनसम्वन्धी विवरण प्राप्त हुन नसक्नु**

बिभिन्न तहबाट समन्वयात्मकरुपमा संचालन हुनुपर्ने कार्यक्रमको प्रगति प्राप्त गर्न सकिने अवस्था नहुनु, कार्यक्रमहरुको प्रगति अध्यावधिक नहुनु, नतिजा सूचक केन्द्रित तथ्याङ्क उपलब्ध नहुनु जस्ता समस्या देखिएका छन् ।

- **संस्थागत संरचना तथा नीतिगत व्यवस्थामा कमि**

संस्थागत संरचना तथा नीतिगत व्यवस्था कमजोर रहेको कारण प्रदेशको आवधिक योजनाको कार्यान्वयन पक्षमा प्रतिकूल असर परेको देखिन्छ । प्रदेश सरकार शुरुवाती अभ्यासमा रहेको

हुँदा अधिकार र जिम्मेवारीको अस्पष्टता, आवश्यक नीतिगत एवं संस्थागत संरचना र जनशक्तिको अभाव, आदिका कारण पनि कार्यान्वयनमा समस्या रहेको देखिन्छ ।

- **योजनाको कार्यान्वयनसम्वन्धी विवरण प्राप्त हुन नसक्नु**

स्थानीय तह तथा सङ्घीय सरकारवाट सञ्चालित कार्यक्रमको प्रगति प्राप्त गर्न सकिने अवस्था नहुनु, प्रदेशका आयोजना तथा कार्यक्रमहरुको प्रगति समेत अध्यावधिक नहुनु, नतिजा सूचकसंग सम्बन्धित तथ्याङ्क उपलब्ध नहुनु जस्ता समस्या देखिएका छन् । यस सम्बन्धि अनुगमन व्यवस्था पनि कमजोर रहेको देखिन्छ ।

- **रणनीति र कार्यनीतिविच क्षेत्रगत अन्तरआवद्धताको कमि हुनु**

योजना कार्यान्वयनमा एक विषय क्षेत्रको रणनीति तथा कार्यनीति कार्यान्वयन हुँदा वा नहुँदा अर्को विषय क्षेत्रको उपलव्धिमा असर पर्ने गर्दछ । उद्योगसंग सम्बन्धित कुनै कार्यनीति कार्यान्वयनको लागि पूर्वाधार क्षेत्रको कुनै कार्यनीति कार्यान्वयन हुन आवश्यक हुन्छ । योजना तर्जुमा गर्दा रणनीति तथा कार्यनीति बिचको क्षेत्रगत अन्तरसम्बन्धको विश्लेषण नभएको हुँदा योजना कार्यान्वयनमा समस्या रहेको देखिन्छ ।

- **योजनाको रणनैतिक क्षेत्रवमोजिम कार्यक्रम र साधन स्रोत विनियोजन हुन नसक्नु**

आवधिक योजनामा निर्धारण गरिएका ६ ओटा रणनैतिक विषयगत क्षेत्रमा प्राथमिकता साथ कार्यक्रम तथा आयोजना तर्जुमा र स्रोत व्यवस्थापन हुन नसकेको हुँदा लक्ष्य अनुरुप उपलव्धि हासिल गर्न कठिन हुने देखिन्छ ।

## २.९ समस्या समाधानका लागि सूझावहरु

प्रदेशको प्रथम आवधिक योजना तर्जुमा कार्यान्वयनसँग सम्वन्धित सुझावहरूलाई आवधिक योजनाको वाँकी अवधि (तत्कालीन) र आगामी आवधिक योजना अवधि (दीर्घकालीन) का लागि गरी दुई भागमा वर्गीकरण गरि निम्नानुसार प्रस्तुत गरिएको छ ।

### २.९.१ आवधिक योजनाको बाँकी अवधिका लागि सुझावहरू

- **प्रदेशको वस्तुस्थिति एवं तथ्यांकीय विवरण समेट्नेगरी आर्थिक सर्भेक्षण अध्यावधिक गर्ने**

तथ्याङ्क नै योजनाको प्रमुख आधार भएकोले यथार्थ तथ्यांकीय विवरणको अभावमा योजना दस्तावेजलाई वस्तुपरक वनाउन सकिदैन । आ.व. २०७९/०८० मा गरिएको आर्थिक सर्भेक्षणले प्रदेश सम्वन्धी सम्पूर्ण तथ्यांकहरु समेटन नसकेको हुंदा प्रदेशको आर्थिक सर्भेक्षणलाई अद्यावधिक गर्नुपर्छ । तथ्याङ्क विभागवाट जनगणना समाप्त गरी तथ्याङ्क अद्यावधिक भैसकेको, स्थानीय तहले आफ्नो आर्थिक सर्भेक्षण र वस्तुस्थिति विवरण तयार गर्ने गरेको, सङ्घीय मन्त्रालय र प्रदेश मन्त्रालयहरूमा पनि प्रदेशगत तथ्याङ्कीय आधार तयार हुँदै गरेको र कतिपय अवस्थामा प्राथमिकरुपमा समेत तथ्याङ्क सङ्कलन गरी अद्यावधिक तथ्यांकीय विवरण सहित आर्थिक सर्भेक्षण एवं वस्तुस्थिति विवरण तयार गरिनुपर्छ ।

- **योजनाको पुनरावलोकन**

योजना अवधिमा कार्यान्वयन गर्न नसकिने नीति तथा कार्यक्रम हटाउने र योजनाको बाँकी अवधिमा कार्यान्वयन गर्न सकिने कार्यक्रम तथा आयोजनाहरू समावेश गर्ने गरी लक्ष्यमा संशोधन गर्न सकिने हुंदा कार्यान्वयनमुखी र अधुरा योजनाहरुमा केन्द्रित रहेर समायोजन गर्न सकिन्छ । तर यो योजनाको समयावधि एक वर्ष भन्दा पनि कम बाँकी रहेको हुँदा योजनाको पुनरावलोकन गर्न पर्याप्त समय बाँकी रहेको छैन ।

- **अधुरा आयोजना कार्यान्वयन गर्ने तर्फ जोड दिने**

चालु आवधिक योजनाको अन्तिम एक वर्षको वजेट तथा कार्यक्रम पनि तर्जुमा भैसकेको हुँदा थोरै प्रयास गर्दा पुरा हुने खालका अधुरा क्रमागत कार्यक्रम तथा आयोजनाहरुको प्रभावकारी अनुगमन गरी कार्यान्वयनलाई गति दिनु पर्दछ ।

- **मध्यकालीन खर्च संरचनालाई यथार्थपरक वनाउने**

आवधिक योजनामा निर्धारण भएका ठोस योजना तथा कार्यक्रम र छनोट तथा प्राथमिकीकरण प्रक्रियाद्वारा आयोजना वैंकमा समावेश भएका कार्यक्रम तथा आयोजनाहरु मध्यमकालीन खर्च संरचना मार्फत वजेट विनियोजन गरी आयोजना कार्यान्वयन प्रभावकारी वनाउनुपर्ने देखिन्छ ।

- **प्रदेश र स्थानीय योजनाविच सामञ्जस्यता कायम गर्ने**

प्रदेश र स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम र आयोजनामा रहने दोहोरोपन हटाउन प्रदेश योजना, नीति तथा कार्यक्रमसँग सामजस्यता कायम गरी स्थानीय तहको योजना, नीति तथा कार्यक्रम तर्जुमा गर्न स्थानीय तहलाई आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना जस्ता क्षेत्रमा क्षमता विकास र सहजीकरण गर्न आवश्यक छ । योजना तजुर्मा प्रक्रिया देखि कार्यान्वयन, अनुगमन तथा मुल्यांकन प्रक्रियासम्म प्रदेश र स्थानीय बिच पारस्परिक सहकार्य आवश्यक देखिन्छ ।

- **योजना तर्जुमा गर्दा संघ, प्रदेश र स्थानीय सरकारविच समन्वय र सहकार्य**

संघ, प्रदेश र स्थानीय सरकारको साझा प्रयासवाट नै प्रदेश भित्रको विकास सम्भव हुन्छ । तीनै तहका योजनाहरु एक अर्काका परिपूरक हुन्छन् । यस प्रदेशमा ४ उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिकासहित १०९ ओटा स्थानीय तह रहेकोमा प्रदेशको विकासका लागि सबैका योजना, नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा आपसी समन्वय, सहकार्य आवश्यक हुन्छ ।

- **अन्तर सरकार सूचना एवं डाटा वैंक तथा सञ्जालको निर्माण गर्ने**

तीनै तहका सरकारहरू सूचना सञ्जालवाट एक आपसमा जोडिएको हुनुपर्छ । तीनै तहका सरकारले आफ्नो योजना तथा कार्यक्रमसम्बन्धि प्रगति नतिजा वा तथ्याङ्क एउटा एकीकृत सूचना प्रणालीमा प्रविष्ट गर्ने प्रणालीको विकास गर्न जरुरी छ । यसबाट तीनै तहका सरकारको उपलब्धिलाई एकीकृत गरी क्षेत्रगत रूपमा मासिक, त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्न सकिन्छ । यसले आवधिक योजना तथा कार्यक्रमहरुको आवधिक समीक्षा कार्यलाई

सहज बनाउनुका साथै वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा गर्दा आवधिक योजनाका लक्ष्य तथा सूचकहरूलाई आधार मानी पछ्याउन समेत सहज हुन जान्छ ।

- **प्रभावकारी अन्तरसरकार र अन्तरनिकाय समन्वय कायम गर्ने**

अन्तर सरकार र अन्तर निकाय समन्वयका लागि जिम्मेवार संस्थागत संयन्त्रहरूलाई क्रियाशील वनाइनु पर्दछ र थप संयन्त्र आवश्यक परेको खण्डमा निर्माण गरिनु पर्दछ । अन्तर सरकार तथा निकायहरूवाट गरिने काममा दोहोरोपना देखिने गरेको हुँदा यसमा वढी ध्यान दिनुपर्ने देखिन्छ । अन्तर तह समन्वयमा प्रभावकारिताका लागि प्रदेश समन्वय परिषद् लगायतका संस्थागत संरचनाहरूलाई सक्रिय वनाउनु पर्दछ ।

### २.९.२ आगामी आवधिक योजनाको लागि सुझावहरू

- **प्रदेश सरकारको कार्य जिम्मेवारीमा केन्द्रित रही योजना तर्जुमा गर्ने**

प्रदेश सरकारले आफ्ना नीति, योजना, कार्यक्रममा दोहोरपना हटाउन तथा उपलब्ध स्रोत साधनलाई जिम्मेवारीको क्षेत्रमा केन्द्रित गरी कार्यसम्पादनमा अभिवृद्धि गर्न संवैधानिक व्यवस्था अनुरुप एवं नेपाल सरकारद्वारा स्वीकृत गरिएको कार्य विस्तृतीकरण प्रतिवेदनमा उल्लिखित कार्य जिम्मेवारीमा केन्द्रित रही नीति, योजना र वार्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

- **राष्ट्रिय लक्ष्य, प्रदेशको दीर्घकालीन लक्ष्य, आवधिक योजनाको लक्ष्य र क्षेत्रगत लक्ष्यविच तालमेल कायम गर्ने**

आगामी आवधिक योजना तर्जुमा गर्दा प्रदेशको दीर्घकालीन सोचको लक्ष्य तथा गन्तव्यहरू र आवधिक योजनाका लक्ष्यहरुलाई आधार तथ्याङ्क सहितका दीर्घकालीन राष्ट्रिय लक्ष्यसंग तालमेल हुने गरी विस्तृतिकरण गर्दा उपयुक्त हुने देखिन्छ । यसको विस्तृत दृष्टान्त अनुसूची २.१ मा प्रस्तुत गरिएको छ ।

- **योजनाको लक्ष्य प्राप्तीमा विभिन्न क्षेत्रको संभावित भूमिकालाई अधिकतम उपयोग गर्ने**

योजनाले लिएको लक्ष्य प्राप्तीमा बिभिन्न सरोकारवाला पक्षहरु (नेपाल सरकार, स्थानीय सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र, गैर-सरकारी संस्थाहरू, समुदाय तथा सामुदायिक तथा सामाजिक संस्थाहरू, विभिन्न सरोकारवाला लगानीकर्ता, संचार माध्यम, आदि) र आर्थिक समृद्धि र विकासका संभावनायुक्त क्षेत्रहरु (कृषि, उद्योग, पर्यटन सम्पदा, पुर्वाधार, जलस्रोत, आदि) बाट हुन सक्ने संभावित भूमिकालाई अधिकतम रुपमा उपयोग गर्न आवश्यक देखिन्छ ।

- **आवधिक योजनाका लक्ष्य तथा सूचकहरुलाई आधारको रुपमा लिनु पर्ने**

प्रदेश र स्थानीय तहका सबै निकायहरुले आवधिक प्रगति समीक्षा गर्दा एवं वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा गर्दा आवधिक योननाले निर्दिष्ट गरेका लक्ष्य तथा सूचकहरुलाई आधारको रुपमा लिनु पर्ने व्यवस्था गर्न आवश्यक देखिन्छ ।

- **निर्धारण गरिएका नतिजा सूचकहरुमा स्पष्टता कायम गर्ने**

आवधिक योजनामा निर्धारण गरिएका सवै क्षेत्रगत नतिजा सूचकको आधार वर्षको तथ्याङ्क र योजना अवधिको प्रगति लक्ष्य लगायतका सबै विवरणहरु अनिवार्य रुपमा उल्लेख गरिनु पर्दछ ।

तथ्याङ्क उपलव्ध हुन नसक्ने अवस्थामा त्यस्ता विषय सूचकमा समावेश गर्नु उपयुक्त हुँदैन । तर वैज्ञानिक मापदण्ड निर्धारण गरि तथ्याङ्क निर्धारण गर्न सकिन्छ । सुरुमा आधार तथ्याङ्क नै नभएको विषय सूचकलाई यसको महत्वको आधारमा योजनामा समाबिष्ट गर्न सकिन्छ ताकि अर्को बर्षमा भएको प्रगितिबाट तथ्याङ्क निर्माण गर्न सकियोस ।

- **उपलव्ध जनशक्ति, स्रोत साधन र क्षमतामा आधारित रही कार्यान्वयनमुखी योजना तर्जुमा गर्ने**

योजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन प्रदेश सरकार समक्ष उपलव्ध भौतिक साधन, मानव संशाधन, वित्तीय स्रोत र समग्र परिवेशको मूल्यांकनमा आधारित रही यर्थाथपरक एवं व्यवहारिक योजना तर्जुमा गर्नु पर्दछ । योजना धेरै महत्वाकांक्षी बनाउनु हुदैन ।

- **आवधिक योजनाको नतिजासूचक केन्द्रित हुनेगरी वार्षिक कार्यक्रम तर्जुमा गर्ने**

आवधिक योजनामा उल्लिखित नतिजा सूचकअनुसार लक्ष्य हासिल गर्ने कार्यक्रम तथा आयोजना छनोट गरी उक्त कार्यक्रम तथा आयोजनाको आधारमा वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा गर्ने व्यवस्था गर्नुपर्दछ ।

- **योजना तर्जुमा प्रक्रियामा तहगत सरकारविच परस्पर समन्वय र तालमेल कायम गर्ने**

प्रदेशले योजना तर्जुमा गर्दा बिभिन्न तहगत सरकारविच परस्पर समन्वय र तालमेल कायम गर्न पहल गर्नु पर्दछ । सघं, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्वन्ध) ऐन, २०७७, कार्य विस्तृतीकरण प्रतिवेदन तथा सघं, प्रदेश र स्थानीय तह कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजना वर्गीकरण तथा वाँडफाँटसम्वन्धी मापदण्ड २०७६ को आधारमा राष्ट्रिय योजना आयोगवाट जारी प्रदेश योजना तर्जुमा दिग्दर्शन वमोजिम तहगत सरकारविच समन्वय तथा अन्तरसम्वन्ध कायम गरी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न प्रदेश योजना आयागले सहजिकरण गर्नु पर्दछ । स्थानीय तहले योजना तर्जुमा गर्दा अनिवार्य रुपमा प्रदेश योजना आयोगसँग समन्वयात्मक परामर्श गर्नुपर्ने व्यवस्था गर्दा उपयुक्त हुन्छ । यस कार्यको लागि प्रदेश योजना आयोग स्थानीय निकाय बिच परस्पर सहमतिका आधारमा कार्यविधि वनाई लागु गर्न आवश्यक देखिन्छ ।

- **मध्यमकालीन खर्च संरचना र आयोजना वैंकको प्रभावकारी कार्यान्वयन गर्ने**

आगामी आवधिक योजनालाई कार्यान्वयनमुखी बनाउन आयोजना वैंक तयार गरी आयोजना वैंकमा समावेश भएका कार्यक्रम तथा आयोजनामा मध्यमकालीन खर्च संरचनामार्फत वार्षिक रूपमा वजेट विनियोजन गर्ने पद्धति अवलम्बन गरिनु पर्दछ । यस्तो पद्धतिले र वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमा प्रक्रियाविच सामजस्यता कायम गर्न मद्धत पुर्‍याउँछ । यस कार्यलाई सहजिकरण गर्न प्रदेश योजना आयोगले स्थानीय तहलाई उत्प्रेरित गर्नुका साथै प्राविधिक सहयोग समेत पुर्‍याउनु पर्दछ । आवधिक योजना तर्जुमा कार्य सम्पन्न गर्नु अघिनै आयोजना छनोटको वस्तुगत आधार र मापदण्ड तयार गर्ने र आयोजना वैंक कार्यान्वयनका लागि कार्यविधि वनाई लागु गर्न आवश्यक देखिन्छ ।

- **कार्यान्वयन गर्ने निकायलाई जिम्मेवार र उत्तरदायी वनाउने**

योजना कार्यान्वयनको जिम्मेवारीमा रहेको निकायलाई नतिजा प्राप्तिमा उत्तरदायी वनाउन कार्य सम्पादन मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ । विकास कार्यक्रम तथा आयोजनाहरुलाई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन पद्धतिसँग आवद्ध गर्दै परियोजनाको कार्यान्वयनमा निश्चित अवधिका लागि कार्य सम्पादन करारको व्यवस्थाका साथै कार्य सम्पादनको स्तरलाई दण्ड र पुरस्कारको मानकको रुपमा स्थापित गरी नतिजा प्राप्तिमा जिम्मेवार वनाउने व्यवस्था गर्नुपर्दछ ।

- **अनुदान प्रणालीलाई नतिजा प्राप्तीसँग आवद्ध गर्ने**

संघीय सरकारवाट प्राप्त हुने अनुदानलाई नतिजासँग आवद्ध गर्ने र प्रदेश तहमा सञ्चालन हुने तथा प्रदेश सरकारवाट स्थानीय तहमा हस्तान्तरण हुने अनुदानलाई पनि नतिजासँग आवद्ध गर्नुपर्दछ । नतिजा प्राप्तिको आधारमा अनुदानमा थपघट गर्ने व्यवस्था मिलाउनु उपयुक्त हुन्छ ।

- **योजनाको समग्र रणनीति, क्षेत्रगत रणनीति, कार्यनीति र कार्यक्रमविच अन्तरआवद्धता कायम गर्ने**

आगामी आवधिक योजना तर्जुमा गर्दा योजनाको समग्र रणनीति, क्षेत्रगत रणनीति, कार्यनीति र कार्यक्रमविच अन्तरसम्वन्धको विश्लेषण गरी वार्षिक नीति, कार्यक्रम तथा वजेट विनियोजन गर्ने र प्रभावकारी अनुगमन तथा प्रतिवेदन प्रणालीको विकास गरी योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउने प्रयास गर्नु पर्दछ ।

- **योजनाको रणनैतिक क्षेत्र एवं विकासमा संवाहक वमोजिम वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमा गर्ने**

वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमा गर्दा योजनाले निर्दिष्ट गरेका प्रदेश योजनाले निर्दिष्ट गरेका क्षेत्र एवं विकासका संवाहकहरुमा पर्याप्त वजेट विनियोजन गर्नु पर्दछ ।

- **विशेष परिस्थितिको सामना गर्न वैकल्पक रणनीतिको तर्जुमा गर्ने**

विभिन्न प्राकृतिक प्रकोप तथा मानव सिर्जित पूर्वानुमान गर्न नसकिने खालका विशेष परिस्थितिका कारण योजना कार्यान्वयनमा प्रतिकूल प्रभाव पर्न गई योजनाको लक्ष्य प्राप्तिमा कठिनाइ उत्पन्न हुने भएकोले आगामी योजना तर्जुमा गर्दा यस्ता परिस्थितिको समेत सामनाको तयारी गर्न सक्ने गरी वैकल्पिक रणनीति तर्जुमा गर्न सकिन्छ ।

- **प्रदेश योजना आयोगको संस्थागत क्षमता अभिवृद्धि गर्ने**

प्रदेश योजना आयोगको कार्य क्षेत्रभित्र पर्ने अनुसन्धान कार्य, तथ्यांक तथा प्रमाणमा आधारित नीति, योजना तथा आयोजना वैंक तर्जुमा, मध्यमकालीन खर्च संरचना, वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन एवं प्रतिवेदन जस्ता कार्यहरु प्रभावकारीरुपमा निर्वाह गर्न आवश्यक पर्ने तथ्याङ्क, नीति, कानुन, संस्थागत संरचना तथा जनशक्ति एवं साधन स्रोतको व्यवस्थापन गर्न जरुरी हुन्छ । यसर्थ प्रदेश योजना आयोगको संस्थागत क्षमता अभिवृद्धि गर्न साधन स्रोत सहित रणनैतिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्न जरुरी हुन जान्छ ।

## २.१० उपसंहार

आवधिक योजना नेपालको संविधान, नेपालको पन्ध्रौं योजना र दिगो विकास लक्ष्यवाट निर्देशित छ । आवधिक योजनाको "समृद्ध प्रदेश : खुशी नागरिक" भन्ने दीर्घकालीन सोच सान्दर्भिक नै रहेको छ । नेपालको वर्तमान संविधानले समाजवादी वाटो तय गरेको छ । यो योजनाले पनि समाजवाद उन्मुख दिगो विकासको माध्यमवाट आर्थिक वृद्धिदर उच्च पार्दै प्रदेशवासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउने उद्देश्य राखेको छ । तर रणनीति, कार्यनीति र कार्यक्रम तथा वार्षिक वजेटहरुमा समाजवादउन्मुख अर्थतन्त्रको चरित्र प्रतिविम्वित हुन सकेको छैन । उत्पादन र उत्पादकत्व वृद्धि गर्दैमामात्र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न संभव हुदैन । सरकारी क्षेत्र, सहकारी क्षेत्र र नीजि क्षेत्र गरी अर्थतन्त्रका तीन ओटै स्तम्भहरुको सन्तुलित एवं समन्वयात्मक  विकास र उत्पादनका साधनहरूमा समावेशी पहुँच एवं न्यायपूर्ण वितरणविना उत्पादन र उत्पादकत्व वृद्धिले मात्रै समावेशी अर्थतन्त्रको निर्माण हुन सक्दैन । यसका निम्ति उत्पादन र उत्पादकत्व वृद्धिसंगै यसको दायरा फराकिलो वनाउन उत्पादनका साधनहरूमा समावेशी पहुँच विस्तार गर्ने गरी वितरण पक्ष र लोककल्याणकारी अवधारणालाई पनि समेट्नु पर्ने हुन्छ ।

आवधिक योजनामा उल्लेखित प्रदेशको समृद्धी र खुशी नागरिकको नारा कार्यक्रम तहमा प्रतिविम्वित हुनसकेको छैन र कार्यान्वयनको गति त्यति प्रभावकारी एवं सन्तोषजनक देखिँदैन । प्राथमिकता प्राप्त रुपान्तरणकारी योजना तथा प्रदेश समृद्धिका संवाहक आयोजनाहरूको सम्वन्धमा कुनै आँकलन गरिएको छैन । योजनामा समृद्धि र सुखका मापक सूचकहरू र त्यसका परिमाणात्मक लक्ष्यहरू पनि किटान गरिएको भए तापनि सूचकहरू पर्याप्त छैनन ।  प्रदेशको सन्दर्भमा हेर्दा कतिपय सूचकहरू छुटेको महसुस हुन्छ । दृष्टान्तको लागि भन्नु पर्दा खासगरी उच्च पर्यटकीय सम्भावना रहेको प्रदेशको योजनामा पर्यटन सम्वन्धी मूलभूत सूचकहरू जस्तो प्रति पर्यटक औसत अवधि, प्रति पर्यटक प्रतिदिन, प्रर्यटन उद्योगको कूल उत्पादन सम्वन्धमा आधार तथ्यांक र लक्ष्य सूचक तथ्यांकमा ध्यान दिइएको छैन । साथै लुम्विनीमा मात्र पर्यटक आगमनको संख्या पाँच वर्षमा दोब्बर वनाउले लक्ष्य अनुकूलका कार्यक्रम कार्यान्वयन भएको देखिदैन । अतः प्रदेशको योजनामा सूचकहरू तय गर्दा यर्थाथपरक, कार्यान्वयनमुखी एवं मापनयोग्य सूचकहरूलाई मात्र समाविष्ट गर्नुपर्ने देखिन्छ ।

आवधिक योजनाको दस्तावेजमा सूचकअनुसार तोकिएको परिमाणात्मक लक्ष्य र योजना अवधिको चार वर्षमा भएको उपलव्धिको विश्लेषण गर्दा १६ ओटा मध्ये प्रादेशिक आर्थिक वृद्धि र मूल्य वृद्धि अन्तर्गत र आय, गरिवी तथा रोजगारी अन्तर्गत एउटा पनि लक्ष्य हासिल हुन नसक्ने देखिएको छ । यसैंगरी सामाजिक सूचकमध्ये एउटा पनि लक्ष्य योजना अवधिभित्र हासिल हुन नसक्ने देखिएको छ भने पूर्वाधार अन्तर्गत एउटा लक्ष्य मात्र योजना अवधिभित्र हासिल हुन सक्ने देखिएको छ । योजनाको पहिलो दुई वर्ष कोभिड प्रभावित वर्ष भएकोले उपलव्धी न्यून हुनु स्वाभाविक हो । तत् पश्चात योजना कार्यान्वयनले विस्तारै गति लिए तापनि समष्टिमा प्रदेशको पहिलो आवधिक योजना लक्ष्यभन्दा पछाडि पर्ने देखिएको छ ।

## परिच्छेद ३
## समष्टिगत आर्थिक क्षेत्र

### ३.१ पृष्ठभूमि

समष्टिगत आर्थिक क्षेत्रका सूचकहरुले प्रदेश अर्थतन्त्रको अवस्था झल्काउँछ । आर्थिक क्षेत्रको विकासमा नागरिकको आय र रोजगारी, वचत र लगानी, प्रदेश सरकारको आम्दानी र खर्च महत्वपूर्ण हुन्छ । यिनै कुराहरुले प्रदेशको कुल ग्रार्हस्थ्य उत्पादनको स्तर निर्धारण गर्दछ । समष्टिगत आर्थिक क्षेत्रले अपेक्षित उपलव्धि हासिल गर्न नसक्दा समग्र प्रदेश अर्थतन्त्रमात्र हैन, सरकारले लगानी गर्नुपर्ने अन्य क्षेत्रहरु जस्तो शिक्षा, स्वास्थ्य तथा अन्य सामाजिक क्षेत्र र पूर्वाधार लगायतका क्षेत्रको विकास समेत प्रभावित रहन्छ ।

प्रथम आवधिक योजनाले आर्थिक नीति अन्तर्गत वचत र लगानी उपक्षेत्रको दीर्घकालीन सोच ‘‘वचत परिचालन र लगानी प्रवर्द्धनमार्फत सवल र सक्षम प्रादेशिक अर्थतन्त्र निर्माण’’ राखेको देखिन्छ भनें ‘‘उच्च वचत परिचालन र लगानी प्रवर्द्धन गरी दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्ने’’ लक्ष्य प्राप्तीका लागि वचत परिचालन र उत्पादनमूलक लगानी उल्लेख्य रूपमा वृद्धि गर्ने उद्देश्य राखेको छ ।

योजनामा सार्वजनिक खर्च उपक्षेत्रको दीर्घकालीन सोच ‘‘पारदर्शी र उत्तरदायित्वपूर्ण सार्वजनिक खर्च व्यवस्थापनद्वारा आर्थिक समृद्धि’’ भन्ने रहेको छ भनें ‘‘दक्ष, प्रभावकारी, समतामूलक र पारदर्शी सार्वजनिक खर्च व्यवस्थापनद्वारा सार्वजनिक खर्चको उत्पादकत्व र प्रभावकारीता वृद्धि गर्ने’’ लक्ष्य प्राप्तीका लागि औचित्यपूर्ण र समावेशी वजेट विनियोजन तथा कार्यान्वयन दक्षता अभिवृद्धि गर्ने र वित्तिय अनुशासन कायम गर्नुका साथै सार्वजनिक खर्चलाई वढी प्रतिफलमुखी वनाउने उद्देश्य लिइएको छ ।

राजस्व परिचालन उपक्षेत्रको दीर्घकालीन सोच ‘‘प्रादेशिक विकास कार्य तथा समृद्धिका लागि पर्याप्त आन्तरिक राजस्व परिचालन’’ भन्ने रहेको छ भनें ‘‘कर तिर्ने संस्कृतिको विकासद्वारा राजस्वको दायरा फराकिलो पार्ने’’ लक्ष्य प्राप्तीका लागि प्रदेशको आन्तरिक राजस्व संकलन वृद्धि गर्ने उद्देश्य रहेको छ ।

यसैगरी आन्तरिक ऋण उपक्षेत्रको दीर्घकालीन सोच ‘‘प्रादेशिक समष्टिगत स्थायित्वमा प्रतिकूल असर नपर्ने गरी उच्च प्रतिफलयुक्त आयोजनाहरुका लागि आन्तरिक ऋण परिचालन ’’ भन्ने रहेको छ भनें ‘‘निश्चित सीमाभित्र रहेर मात्र आन्तरिक ऋण परिचालन गर्ने’’ लक्ष्य प्राप्तीका लागि प्रदेशमा विकास कार्यहरुका लागि अत्यावश्यक आन्तरिक ऋण परिचालन गर्ने उद्देश्य रहेको छ ।

वैदेशिक सहयोग उपक्षेत्रको दीर्घकालीन सोच ‘‘उच्च प्रतिफलयुक्त एवम् प्राथमिकताका आयोजनामा मात्र वैदेशिक सहयोग लिइ दीर्घकालमा यसप्रतिको निर्भरता न्यूनीकरण’’ भन्ने

रहेको छ भनें "नेपालले सहमति जनाइसकेका मान्यतामा आधारित रही छनौटपूर्ण ढंगले वैदेशिक सहयोग लिने" लक्ष्य प्राप्तीका उच्च प्रतिफल दिने आयोजनाको लागि वैदेशिक सहयोग लिने उद्देश्य रहेको छ ।

यसरी समग्रमा मुलुकको अर्थतन्त्र आयातमुखी, न्यून उत्पादन र निर्वाहमुखी भएको पृष्ठभुमिमा सामाजिक न्यायमा आधारित- अवसरको सृजना, उत्पादन वृद्धि, रोजगारी प्रवर्द्धन र गरिवी निवारण गरी समाजवाद उन्मुख अर्थतन्त्रको जग निर्माण गर्ने उद्देश्यका साथ प्रदेशको प्रथम आवधिक योजना तर्जुमा भई कार्यान्वयनमा आएको छ ।

यस परिच्छेदमा समष्टिगत आर्थिक क्षेत्र अन्तरगतका उपक्षेत्रगत सोच, लक्ष्य तथा उद्देश्य परिपूर्तिका लागि तय गरिएका विभिन्न उपक्षेत्रगत रणनीति, कार्यनीति, कार्यक्रम एवंम् लक्ष्य उपलव्धिसम्वन्धी समीक्षा प्रस्तुत गरिएको छ ।

## ३.२ उपलव्धि विश्लेषण

### ३.२.१ समष्टिगत आर्थिक क्षेत्रको नीतिगत उपलव्धि

समष्टिगत आर्थिक क्षेत्रको निर्धारित सोच, लक्ष्य तथा उद्देश्य प्राप्त गर्न १३ ओटा रणनीति र सो अर्न्तगत ४६ ओटा कार्यनीति निर्धारण गरिएकोमा आंशिक कार्यान्वयन समेत गरी २८ ओटा कार्यान्वयनमा आएका छन् । वचत परिचालन तथा लगानी प्रवर्द्धन सम्वन्धमा वित्तीय पहुँच, ज्ञान र आयआर्जन वढाउने रणनीतिअर्न्तगत ७ ओटा कार्यनीति र लगानी योग्य वातावरण वनाई निजी, सहकारी र सार्वजनिक क्षेत्रको लगानी वढाउने रणनीतिअर्न्तगत ६ ओटा कार्यनीति निर्धारण गरिएका छन् । यी कार्यनीतिको कार्यान्वयनमार्फत् वचत परिचालन प्रादेशिक गार्हस्थ्य उत्पादनको २० प्रतिशत र कुल स्थिर पूँजी लगानीको ४० प्रतिशत पुर्‍याउने लक्ष्य रहेकोमा सो सम्वन्धमा कुनै कार्य हुन सकेको देखिएन ।

यसैगरी सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी एवं प्रतिफलयुक्त वनाउने सम्वन्धमा नीति र योजनामा आधारित वजेट प्रणालीको विकास गर्ने रणनीतिअर्न्तगत ४ ओटा, आयोजना तथा कार्यक्रमहरु प्राथमिकता आधारमा छनौट गर्ने रणनीतिअर्न्तगत ४ ओटा, सरकारी संयन्त्रहरुको कार्यान्वयन क्षमता अभिवृद्धि गर्ने रणनीतिअर्न्तगत ३ ओटा र आर्थिक प्रशासनसम्वन्धी कानूनी र संस्थागत क्षमता सुदृढीकरणद्वारा आर्थिक अनुशासन कायम गर्ने रणनीतिअर्न्तगत ४ ओटा गरी कुल १५ ओटा कार्यनीति निर्धारण गरिएका छन् । यस अर्न्तगत मध्यमकालिन खर्च संरचना वनाई अवलम्वन गरिएको छ भनें प्रदेशमा वढी प्रतिफल दिने रणनीतिक आयोजनाहरु छनौट गरी पर्याप्त वजेट व्यवस्था गर्ने परिपाटी अवलम्वन गरिएको छ । यस सम्वन्धमा प्रदेश गौरवका आयोजना निर्धारण सम्वन्धी मापदण्ड, वहुवर्षिय आयोजना स्विकृती तथा ठेक्का सम्वन्धी मापदण्ड, प्रदेश अनुगमन तथा मूल्यांकन दिग्दर्शन, मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालन कार्यविधि, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका विभिन्न ऐन, कानून, आदि तर्जुमा भई कार्यान्वयनमा ल्याइएको छ । यद्यपी प्रदेशको सार्वजनिक खर्चमा पूँजीगत खर्चको हिस्सा

वढाउने र पूर्णरुपमा वजेटको ९० प्रतिशत भन्दा वढी कार्यान्वयन गर्नेजस्ता अपेक्षित उपलब्धि योजना अवधिभर प्राप्त गर्न सक्ने अवस्था भनें रहेको छैन ।

विभिन्न मन्त्रालयवाट तर्जुमा गरी कार्यान्वयमा ल्याइएका नीति, ऐन, नियम, कार्यविधी आदिको विवरण अनुसूची ३.१ मा प्रस्तुत गरिएको छ ।

प्रादेशिक विकास कार्य तथा समृद्धिका लागि पर्याप्त आन्तरिक राजस्व परिचालनको लागि प्रभावकारी संस्थागत व्यवस्था गर्ने रणनीतिअर्न्तगत ३ ओटा, निजी क्षेत्र र नागरिकको समेत सहभागितामा कर तिर्ने वानीको विकास तथा राजस्व चुहावट नियन्त्रण गर्ने रणनीतिअर्न्तगत ४ ओटा र राजस्वका आधारहरु खोजी तथा दरहरुलाई समसामयिक वनाई प्रभावकारी ढंगवाट राजस्व संकलन गर्ने रणनीतिअर्न्तगत ३ ओटा गरी कुल ९ ओटा कार्यनीति निर्धारण गरिएका छन् । यी कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयन भई राजस्व संकलन अभिवृद्धि भई अपेक्षा गरे अनुरुप प्रादेशिक खर्चमा राजस्वको अंश वढेको अवस्था भने छैन ।

प्रदेशका विकासका कार्यहरुका लागि आवश्यक आन्तरिक ऋण परिचालनको लागि अत्यावश्यक र उच्च प्रतिफल दिने योजना तथा कार्यक्रमको लागि आन्तरिक ऋणको परिचालन गर्ने रणनीतिअर्न्तगत १ ओटा र ऋणपत्रहरु विक्री गरी वित्तीय स्रोत संकलन गर्ने रणनीतिअर्न्तगत १ ओटा गरी कुल २ ओटा कार्यनीति निर्धारण गरिएकोमा कुनै पनि कार्यनीति कार्यान्वयनमा आएको पाइदैन । हालसम्म कुनै पनि आन्तरिक ऋण उठाइएको छैन । तसर्थ योजनाले अपेक्षा गरे अनुरुप प्रादेशिक गार्हस्थ्य उत्पादनको २ प्रतिशतको सीमाभित्र रहेर प्रतिफलयुक्त आयोजनाहरुका लागि आन्तरिक ऋण परिचालन हुन सकेको छैन ।

यसैगरी उच्च प्रतिफल दिने आयोजनाका लागि छनौटपूर्ण ढंगले वैदेशिक सहयोग लिने सम्वन्धमा आयोजना वैंक वनाउने रणनीतिअर्न्तगत २ ओटा र उच्च प्रतिफलयुक्त आयोजनाको लागि वैदेशिक सहयोग उपयोग गर्ने रणनीतिअर्न्तगत ३ ओटा गरी कुल ५ ओटा कार्यनीति निर्धारण गरिएकोमा कुनै पनि कार्यनीति कार्यान्वयनमा आएको पाइदैन । हालसम्म कुनै पनि वैदेशिक सहायता परिचालन हुनसकेको छैन । तर्सथ योजनाले अपेक्षा गरे अनुरुप उच्च प्रतिफलयुक्त आयोजनाको पहिचान र त्यस्ता आयोजनाहरुको लागि छनौटपूर्ण ढंगले वैदेशिक सहायता परिचालन हुन सकेको छैन ।

समष्टिगत आर्थिक क्षेत्रका रणनीति र कार्यनीतिहरुको समग्र कार्यान्वयन अवस्था अनुसूची-३.२ मा प्रस्तुत गरिएको छ ।

### ३.२.२ समष्टिगत आर्थिक क्षेत्रका प्रमुख आयोजना तथा कार्यकमसम्वन्धी उपलब्धि

योजनामा वचत तथा लगानी उपक्षेत्रका लागि ३ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् र जसको कार्यान्वयन गर्ने जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग र वैंक तथा वित्तीय संस्थाहरुलाई तोकिएको थियो । यस सम्वन्धमा ठोस प्रगति देखिएन । योजनाको कार्यक्रमिक उपलब्धि तालिका ३.१ मा प्रस्तुत गरिएको छ ।

### तालिका ३.१ : वचत परिचालन तथा लगानी प्रवर्द्धन कार्यक्रमहरुको कार्यान्वयन अवस्था

| क्र.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|---|
| १ | लगानी प्रवर्द्धन कार्यक्रम (लक्ष्य) | - | आयोजना वैंक निमार्ण र निजी लगानीको लागि सहजीकरण | निजी लगानीको लागि सहजीकरण | | |
| | उपलब्धि | भएको | सहजीकरण गरेको | सहजीकरण गरेको | | |
| २ | लगानी सम्मेलन (लक्ष्य) | - | लगानी सम्मेलनको आयोजना (स्वदेशी लगानीकर्ता) | लगानी सम्मेलनको आयोजना (वाह्य लगानीकर्ता) | | - |
| | उपलब्धि (संख्या) | नभएको | - | - | - | अन्तर्किया तथा संवाद सम्पन्न |
| ३ | वित्तीय पहुँच र वित्तीय ज्ञान अभिवृद्धि कार्यक्रम | - | वित्तीय पहुँच नपुगेको क्षेत्र पहिचान र वित्तीय ज्ञान अभिवृद्धि कार्यक्रम संचालन | वित्तीय पहुँच नपुगेको क्षेत्रमा वित्तीय पहुँच पुर्‍याउन पहल र वित्तीय ज्ञान अभिवृद्धि कार्यक्रम संचालन | | |
| | उपलब्धि (संख्या) | नभएको | - | - | - | - |

स्रोत: प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय ।

वचत परिचालन तथा लगानी प्रवर्द्धन कार्यक्रमहरुको कार्यान्वयन परिणाममुखीरुपमा हुन सकेको छैन ।

यसैगरी सार्वजनिक खर्च व्यवस्थापन अर्न्तगत ४ ओटा कार्यक्रमहरु निर्धारण गरिएकोमा कार्यान्वयनको जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग र प्रदेश लोक सेवा आयोगलाई प्रदान गएिको थियो । यस सम्वन्धी उपलब्धि तालिका ३.२ मा प्रस्तुत गरिएको छ ।

### तालिका ३.२ : सार्वजनिक खर्च व्यवस्थापनसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था

| क्र.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|---|
| १ | मध्यमकालीन खर्च संरचना निमार्ण (लक्ष्य) | - | निरन्तरता | | | |
| | उपलब्धि | भएको | मध्यमकालीन खर्च संरचना निर्माण तथा कार्यान्वयन | | | |
| २ | संगठन तथा व्यवस्थापन सर्वेक्षण(लक्ष्य) | | | कर्मचारीको पदपुर्ती | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उपलब्धि | नभएको | - | - | - | - |
| ३ | वजेट तालिम(लक्ष्य) (संख्या २५) | - | ५ | ५ | ५ | ५ |
| | उपलब्धि (संख्या) | भएको | संख्या उपलब्ध नभएको | | | |
| ४ | वजेट इन्फोरमेशन मेनेजमेन्ट सिष्टम लागु गर्ने (लक्ष्य) | - | | | | |
| | उपलब्धि | भएको | PLMBIS लागु रहेको | | | |

स्रोतः प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय ।

सार्वजनिक खर्च व्यवस्थापनसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन सम्वन्धमा मध्यमकालीन खर्च संरचना निर्माण तथा कार्यान्वयन, वजेट सम्वन्धी तालिम संचालन र वजेट इन्फरमेशन मेनेजमेन्ट सिष्टमको रुपमा PLMBIS लागु रहेको पाइन्छ ।

राजस्वको दायरा फराकिलो वनाई राजस्व वृद्धि गर्ने सम्वन्धमा ३ ओटा कार्यक्रमहरु निर्धारण गरिएकोमा कार्यान्वयनको जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालय लाई प्रदान गरिएको थियो । यस सम्वन्धी उपलब्धि तालिका ३.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.३ : राजस्व परिचालनसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|---|
| १ | राजस्व संकलनको प्रशासनिक संरचना निर्माण र संचालन (लक्ष्य) | | | | | |
| | उपलब्धि | भएको | यातायात, मालपोत कार्यालय | | | |
| २ | राजस्व सम्वन्धी सचेतना कार्यक्रम (संख्या) | | | | | |
| | उपलब्धि (संख्या) | भएको | संख्या उपलब्ध नभएको | | | |
| ३ | उत्कृष्ट करदाता पुरस्कार कार्यक्रम तर्जुमा र संचालन (लक्ष्य) | | | | | |
| | उपलब्धि | नभएको | - | - | - | - |

स्रोतः प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय ।

राजस्व परिचालन सम्वन्धमा यातायात, मालपोत कार्यालयलाई राजस्व संकलनको प्रशासनिक संरचनाको रुपमा संचालन गरिएको छ भने राजस्वसम्वन्धी सचेतना कार्यक्रमहरु संचालन भएका छन् ।

यसैगरी प्रदेशका विकास कार्यहरुका लागि आवश्यक आन्तरिक ऋण परिचालन गर्ने सम्वन्धमा २ ओटा कार्यक्रमहरु निर्धारण गरिएकोमा कार्यान्वयनको जिम्मेवारी आर्थिक मामिला तथा

योजना मन्त्रालय, प्रदेश योजना आयोग र अन्य सबै मन्त्रालय लाई प्रदान गएिको थियो । उच्च प्रतिफल दिने आयोजनाका लागि छनौटपूर्ण ढंगले वैदेशिक सहयोग लिने सम्वन्धमा भने कुनैपनि कार्यक्रम निर्धारण गरेको पाइएन । कार्यक्रमसम्वन्धी उपलव्धि तालिका ३.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.४ : आन्तरिक ऋण परिचालनसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क्र.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|---|
| १ | आयोजना वैंक सूची वनाउने र परिष्कृत गर्दै जाने (लक्ष्य) | - | | | | |
| | उपलव्धि | भएको | - | - | - | तयार भइरहेको |
| २ | आवश्यक आन्तरिक ऋण सालवसाली उठाउने (लक्ष्य) | - | | | | |
| | उपलव्धि (रकम) | नभएको | - | - | - | - |

स्रोतः प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय ।

आन्तरिक ऋण परिचालनसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन हुन सकेको छैन । आयोजना वैंक तयार हुने प्रक्रिया रहेको छ ।

### ३.२.३ परिमाणात्मक उपलव्धि

आवधिक योजनाले निर्धारण गरेको समष्टिगत आर्थिक क्षेत्रका नतिजा खाका अनुसार प्रभाव, असर र प्रतिफल तहका सूचकहरुको आधार वर्ष २०७५/७६ को अवस्था र आ.व. २०७९/८० सम्मको लक्ष्य प्रगति स्थितिको विश्लेषण गर्ने प्रयास गरिएको छ । योजनामा समष्टिगत आर्थिक क्षेत्रका प्रभाव तहका कूल ग्रार्हस्थ्य उत्पादनको वृद्धिदर, कृषि क्षेत्रको उत्पादन वृद्धिदर र गैर कृषि क्षेत्रको उत्पादन वृद्धिदर गरी ३ ओटा, असर तहका वचत परिचालन र कूल ग्रार्हस्थ्य उत्पादन विचको अनुपात, कूल लगानी र कूल ग्रार्हस्थ्य उत्पादन विचको अनुपात, निजी क्षेत्रको लगानी र कूल ग्रार्हस्थ्य उत्पादन विचको अनुपात, पुँजीगत वजेट खर्च, वजेट घाटा (प्रादेशिक कूल ग्रार्हस्थ्य उत्पादनको अनुपात), आन्तरिक ऋण (प्रादेशिक कूल ग्रार्हस्थ्य उत्पादनको अनुपात), मूल्य अभिवृद्धि दर र वेराजगारी दर गरी ८ ओटा र प्रतिफल तहका वित्तीय साक्षरता, निजी क्षेत्रको लगानी, कुल वजेट खर्च, पूँजीगत वजेट खर्च, वेरुजु रकम, आन्तरिक राजस्व संकलन, वजेट घाटा, आन्तरिक ऋण संकलन, वैदेशिक ऋण परिचालन र वैदेशिक अनुदान परिचालन गरी कुल १० ओटा सूचकहरु निर्धारण गरिएका छन् । समष्टिगत आर्थिक क्षेत्रको प्रभाव, असर र प्रतिफल तहका सूचकहरुको आधार वर्ष २०७५/७६ को तुलनामा आ.व. २०७९/८० सम्मको लक्ष्य र प्रगति समीक्षा तल प्रस्तुत गरिएको छ ।

### १. ग्रार्हस्थ्य उत्पादन, आर्थिक वृद्धिदर र आर्थिक संरचना (प्रभाव सूचक)

योजनामा कूल ग्रार्हस्थ्य उत्पादनको वृद्धिदर, कृषि क्षेत्रको उत्पादन वृद्धिदर र गैर कृषि क्षेत्रको उत्पादन वृद्धिदर लाई प्रभाव तहको सूचकको रुपमा लिइएको छ । आ.व. २०७९/८० सम्मको प्रगति अवस्था हेर्दा कूल ग्रार्हस्थ्य उत्पादनको वृद्धिदर १०.२ प्रतिशत पुऱ्याउने भनिएकोमा लुम्विनी प्रदेशको आर्थिक वृद्धिदर २.२३ प्रतिशतमा सीमित हुने अनुमान छ । यसैगरी आ.व. २०७९/८० सम्म कृषि क्षेत्रको उत्पादन वृद्धिदर र गैर कृषि क्षेत्रको उत्पादन वृद्धिदर क्रमशः ६.७ र ११.५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकामा यो वृद्धिदर क्रमशः ३.६ प्रतिशत र १.५ प्रतिशत रहने अनुमान गरिएको छ । तसर्थ प्रभाव तहका तिन वटै लक्ष्यहरु प्राप्त हुने अवस्था देखिएन । योजनाको पहिलो ४ वर्षमा कूल ग्रार्हस्थ्य उत्पादन वार्षिक दर क्रमश आ.व. २०७६/७७ मा ऋणात्मक ०.८४ प्रतिशत, आ.व. २०७७/७८ मा ४.७२ प्रतिशत, आ.व. २०७८/७९ मा ५.०३ प्रतिशत र आ.व. २०७९/८० मा २.२३ प्रतिशत रहेको औसत वार्षिक २.७९ प्रतिशतले वृद्धि भएको देखिन्छ । योजनाको लक्ष्यअनुसार उक्त अवधिमा औसत वार्षिक ९.५ प्रतिशत वृद्धि हुनुपर्ने थियो । केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको प्रदेशगतरुपमा आधार वर्ष २०७५/७६ को कुल गार्हस्थ उत्पादनको तथ्याङ्क अनुसार यो लक्ष्य राखिएको थियो । यसरी प्रदेशको आर्थिक वृद्धिदर लक्ष्यभन्दा निकै पछाडि देखिन्छ । आर्थिक वर्ष २०८०/८१ को प्रदेशको वार्षिक वजेटमा प्रक्षेपित वृद्धिदरवारे उल्लेख भएको देखिँदैन ।

योजनामा उद्योग र सेवा क्षेत्रलाई विस्तार गर्दै प्रदेश अर्थतन्त्रमा कृषिको भूमिकालाई योजनाको अन्तिम वर्ष अर्थात् आ.व. २०८०/८१ सम्ममा २६.६ प्रतिशतमा झार्ने लक्ष्य रहेको छ । आधार वर्ष अर्थात् आ.व. २०७५/७६ मा कूल ग्रार्हस्थ उत्पादनमा कृषि क्षेत्रको हिस्सा ३१.४ प्रतिशत थियो । यसरी योजना अवधिमा यो हिस्सालाई ४.८ प्रतिशत विन्दुले घटाउनु पर्ने देखिन्छ । तर योजनाको ४ वर्ष अर्थात् आ.व. २०७९/८० सम्म प्रादेशिक कूल ग्रार्हस्थ उत्पादनमा (रु. ६.६५६४ खर्व, आधारभूत मुल्यमा) कृषि क्षेत्रको योगदान (रु.२.१९४ खर्व) ३०.४ प्रतिशत रहने अनुमान छ । यसरी ४ वर्षमा १.० प्रतिशत विन्दुले मात्र कूल ग्रार्हस्थ उत्पादनमा कृषि क्षेत्रको हिस्सा घटेको देखिन्छ (प्रदेशको आ.व. २०७९/८० को आर्थिक सर्वेक्षण) । तसर्थ योजना अवधिमा योजनाले तोके अनुसार प्राथमिक क्षेत्रको हिस्सा २६.६ प्रतिशतमा सीमित गर्ने लक्ष्य हासिल हुन गाह्रो देखिन्छ । वास्तवमा खाद्यान्नसमेत आयात गर्नु परी ठुलो व्यापार घाटाको जटिल अवस्था व्यहोरी रहनु परेको वेला यो संरचनागत परिवर्तनभन्दा कृषि उत्पादन वृद्धिमा जोड दिदैं कृषि पैदावरमा आत्मनिर्भर तथा आयात प्रतिस्थापनमा जोड दिनु उपयुक्त देखिन्छ ।

आधार वर्ष अर्थात् आ.व. २०७५/७६ मा १६.५ प्रतिशत रहेको कूल ग्रार्हस्थ उत्पादनमा द्वितिय क्षेत्रको हिस्सालाई योजनाको अन्तिम वर्ष सम्ममा २१.४३ प्रतिशत पु-याउने लक्ष्य योजनाले राखेको छ । तर योजनाको पहिलो चार वर्ष कूल ग्रार्हस्थ उत्पादनमा द्वितीय क्षेत्रको हिस्सा

आधार वर्षको हिस्साभन्दा पनि कम १४.१ प्रतिशत रह्यो । तसर्थ योजनाको द्वितीय क्षेत्रको लक्ष्य प्राप्त हुने देखिँदैन ।

कूल ग्रार्हस्थ्य उत्पादनमा तृतीय क्षेत्रको योगदान भने योजनाको सुरु वर्षदेखि नै लक्ष्यभन्दा वढी देखिन्छ । तसर्थ आधार वर्षमा ५२.१ प्रतिशत रहेको यो योगदानलाई योजनाको अन्तसम्ममा आधार वर्षको भन्दा कम ४८.३८ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएकोमा लक्ष्य निर्धारण मै त्रुटि रहेको देखिन्छ । योजनाको चार वर्ष कूल ग्रार्हस्थ उत्पादनमा तृतीय क्षेत्रको हिस्सा आधार वर्षको हिस्सा भन्दा वढी ५५.५ प्रतिशत भन्दा वढी रहने अनुमान छ । उल्लिखित तथ्याङ्कले तृतीय क्षेत्रको योगदानलाई पनि सीमित गर्न खोजेको देखिन्छ । लुम्विनी जस्तो पर्यटनको अपार संभावना रहेको प्रदेशमा पर्यटन क्षेत्र खुम्चिने देखिँदैन । द्वितीय क्षेत्र खास गरी उत्पादनमूलक उद्योगहरूको सुस्त गतिको वृद्धिको अवस्थाले पनि यसै योजना अवधिमा तृतीय क्षेत्रको योगदान खुम्चिने देखिँदैन । प्रदेश अर्थतन्त्रको संरचनात्मक परिवर्तनमा मूल समस्या नै द्वितीय क्षेत्रको विस्तारले गति लिन नसक्नुलाई मान्न सकिन्छ । प्रदेश आर्थिक सर्वेक्षण २०७९/८० अनुसार गत आर्थिक वर्ष २०७८/७९ मा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः ३०.९ प्रतिशत, १५ प्रतिशत र ५४.१ प्रतिशत रहेको थियो ।

## २. राष्ट्रिय उत्पादनमा लुम्विनी प्रदेशको योगदान

योजनाको आधार वर्ष अर्थात् आर्थिक वर्ष २०७५/७६ मा नेपालको कूल ग्रार्हस्थ उत्पादनमा लुम्विनी प्रदेशको योगदान १४ प्रतिशत थियो । प्रदेशको प्रथम आवधिक योजनाले यसमा कुनै लक्ष्य तय गरेको देखिदैन । तर योजनाको चौथो वर्षमा देशको कुल ग्रार्हस्थ उत्पादनमा लुम्विनी प्रदेशको योगदान १४.२० प्रतिशत रहने अनुमान छ । पछिल्लो ५ वर्षमा राष्ट्रिय कुल ग्रार्हस्थ उत्पादनमा लुम्विनी प्रदेशको योगदान करिव १४ प्रतिशतको हाराहारीमा स्थिर रहेको छ । कोभिड महामारीको कठिन समयमा पनि यो कायम रहनुले आगामी वर्षहरूमा अझै वढी उपलव्धी हासिल भई देशको कूल ग्रार्हस्थ उत्पादनमा लुम्विनी प्रदेशको योगदान अभिवृद्धि हुने देखिन्छ ।

## ३. वचत परिचालन र लगानी

योजनामा वचत परिचालन र कूल लगानीलाई असर तहको सूचकहरुको रुपमा लिइएको छ र वचत परिचालन र कूल ग्रार्हस्थ्य उत्पादन विचको अनुपात, कूल लगानी र कूल ग्रार्हस्थ्य उत्पादन विचको अनुपात एवं निजी क्षेत्रको लगानी र कूल ग्रार्हस्थ्य उत्पादन विचको अनुपातलाई लक्ष्यको रुपमा निर्धारण गरिएको छ भनें नीजि क्षेत्रको लगानी रकमलाई प्रतिफल तहको सूचकका रुपमा लिइएको छ । कूल लगानी र कूल ग्रार्हस्थ्य उत्पादन विचको अनुपात, निजी क्षेत्रको लगानी र कूल ग्रार्हस्थ्य उत्पादन विचको अनुपात र नीजि क्षेत्रको लगानी रकमको आधार तथ्याङ्क उपलव्ध नभए तापनि लक्ष्य प्रक्षेपण गरिएको छ भनें वचत परिचालन र कूल ग्रार्हस्थ्य उत्पादन विचको अनुपातको लक्ष्य प्रक्षेपण गरिएको छैन । वचत परिचालन, नीजि

क्षेत्रको लगानी र कूल लगानी सम्वन्धमा प्रदेशमा आधार तथ्याङ्कसहित अन्य कुनै लक्ष्य प्रगति तथ्याङ्क उपलव्ध हुन सकेन ।
योजना अवधिको कूल प्रक्षेपित लगानी रु. १२ खर्व ७ अर्व ८० करोड छ । लगानीको मूल स्रोत नै वचत मान्न सकिन्छ । प्रदेश तहमा वचतसम्वन्धी तथ्यांक उपलव्ध नभएता पनि राष्ट्रिय तथ्याङ्कलाई आधार मानेर मोटामोटी प्रक्षेपण गर्न सकिन्छ । तर योजनामा वचत सम्वन्धी कुनै लक्ष्य निर्धारण गरिएको छैन । तापनि निजी क्षेत्र, सहकारी र घर परिवारलाई वचत गर्न प्रोत्साहन गर्ने नीतिगत व्यवस्था प्रदेशस्तरमा गरिनु पर्दछ । वचत प्रोत्साहनको नीति केन्द्रीय वैंकले तर्जुमा र कार्यान्वयन गर्ने भएता पनि वचत परिचालनका लागि सहकारी संस्थाहरुको प्रवर्द्धन, वैकिङ्ग विस्तार तथा वित्तीय पहुँच विस्तार, ऋणपत्र वजार विस्तार, प्रादेशिक संचय तथा लगानी कोष स्थापना सहित वित्तीय पहुँच अभिवृद्धि गर्ने रणनीति योजनामा रहेको छ । सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्न प्रदेशको मध्यमकालीन खर्च संरचनामा समेत वार्षिक त्रियाकलापहरु उल्लेख गरिएका छन् ।

हालका वर्षहरूमा विप्रेषणवाट हुने वचतलाई १ प्रतिशत व्याज थप दिने वाहेक केन्द्रीय वैंकवाट सर्वसाधारण वचतकर्तालाई वचत गर्न प्रोत्साहित गर्ने कुनै आकर्षक नीति वा कार्यक्रम आएको देखिँदैन । वैदेशिक रोजगारवाट प्राप्त विप्रेषणलाई वचतमा आकर्षण गर्ने कुरा प्रदेश योजनामा पनि समावेश गर्दा उपयुक्त हुन्छ । प्रदेश योजनामा मितव्ययिताका नीति र कार्यक्रमहरू समावेश भएको देखिदैन ।

समग्रमा भन्नुपर्दा योजना अवधिमा प्रदेशको वचतमा ठूलो वृद्धि हुने अपेक्षा गर्न सकिदैन । प्रदेशगत वचतको तथ्याङ्क उपलव्ध नभएको हुँदा वचत र लगानीको समीक्षा गर्न राष्ट्रिय तथ्याङ्कलाई नै प्रयोग गरि मोटामोटी आंकलन गर्न सकिन्छ । नेपाल सरकारको आर्थिक सर्वेक्षण २०७९/८० अनुसार आ.व.२०७९/८० मा नेपालको कुल गार्हस्थ्य वचत कुल गार्हस्थ्य उत्पादनको ६.४ प्रतिशत र कुल राष्ट्रिय वचत कुल गार्हस्थ्य उत्पादनको ३१.७ प्रतिशत रहने अनुमान छ ।

## ४.सार्वजनिक वित्त

विकास योजनाले लिएका उद्देश्यहरू परिपूर्ति गर्ने गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्न र नीजि लगानीलाई प्रोत्साहित गर्न सरकारी खर्च परिचालित हुनुपर्छ । सार्वजनिक वित्त अन्तर्गत साधन जुटाउने र प्राप्त साधनलाई परिचालन गर्ने कार्य पर्दछ । साधन जुटाउने कार्य अन्तर्गत मूलतः आन्तरिक साधन परिचालन, वाह्य स्रोत जुटाउने, आन्तरिक स्रोत जुटाउने विषयहरु पर्दछन् । साधन परिचालनले उपलव्ध सीमित स्रोत साधनलाई कुशलतापूर्वक परिचालन गर्ने कार्य समेट्दछ । आन्तरिक साधन परिचालनले वढ्दो सरकारी खर्च धान्न, लगानीको दरमा वृद्धि गर्न र वैदेशिक सहायताको अधिकतम उपयोग गर्न महत्वपूर्ण भूमिका खेल्दछ । सरकारी खर्चले

अर्थतन्त्रमा ऊर्जाको काम गर्दछ । सार्वजनिक सेवा गुणस्तरीय रूपमा प्रवाह गर्न र आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्न सरकारी खर्चको महत्वपूर्ण भूमिका हुन्छ ।

आन्तरिक कर राजस्व (कर, सेवा शुल्क, दण्डजरिवानावाट सङ्कलित रकम), वाँडफाँडवाट प्राप्त राजस्व (मूल्य अभिवृद्धि कर, अन्तशुल्क), रोयल्टी (प्राकृतिक साधन र स्रोतको वाँडफाँडवाट प्राप्त रकम), आन्तरिक ऋण (नेपाल सरकार र अन्य निकायवाट प्राप्त हुने ऋण), वित्तीय हस्तान्तरण (नेपाल सरकारवाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, समपुरक अनुदान, सशर्त अनुदान र विशेष अनुदान) आदि प्रदेश सरकारको वित्तीय स्रोतका आधारमा पर्दछन् । आन्तरिक कर राजस्वका सम्वन्धमा संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले प्रदेशलाई विभिन्न कर र गैर कर लगाउन सक्ने अधिकार दिएको छ । करअन्तर्गत घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरन्जन कर, विज्ञापन कर र कृषि आयमा कर लगाउने सक्ने अधिकार दिएको छ भने गैरकरअन्तर्गत सेवाशुल्क, दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवानाको अधिकार दिएको छ। घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरन्जन कर र विज्ञापन करको अधिकार स्थानीय तहलाई पनि छ । प्रदेश र स्थानीय तहको साझा अधिकारको विषयमा एकल कर प्रशासनको व्यवस्था छ । जसअनुसार एक तहको सरकारले सङ्कलन गर्ने र अर्को तहले वाँडफाँडको रूपमा प्राप्त गर्ने गर्दछन । कानुनतः यी सवै करको आधार र दर तोक्ने अधिकार प्रदेश सरकारलाई छ । यसरी प्रदेश सरकारलाई आन्तरिक कर राजस्वका क्षेत्रमा सीमित अधिकार दिइएको छ ।

आवधिक योजनाले प्रादेशिक विकास कार्य तथा समृद्धिका लागि पर्याप्त आन्तरिक राजश्व परिचालन गर्ने सोच राखेको छ । यसका लागि कर तिर्ने संस्कृतिको विकासद्वारा राजस्वको दायरा र राजस्व संकलन वढाउदै प्रादेशिक खर्चमा आन्तरिक स्रोतको अंश वढाउने अवस्थाको सिर्जना गर्ने लक्ष्य तथा उद्देश्य राखेको छ। यो उद्देश्य प्राप्त गर्न प्रभावकारी संस्थागत व्यवस्था गर्ने, निजी क्षेत्र र नागरिकको समेत सहभागितामा कर तिर्ने वानीको विकास तथा राजस्व चुहावट नियन्त्रण गर्ने, राजस्वका आधारहरु खोजी तथा दरहरु समसामयिक वनाई राजस्व संकलन प्रभावकारी ढंगवाट गर्ने रणनीति लिएको छ ।

लुम्विनी प्रदेश सरकारले प्रदेशको स्थापना कालदेखि अवलम्वन गरेका नीतिगत, कानुनी, संस्थागत र प्रक्रियागत सुधारवाट प्रदेशको वजेट प्रणाली र सावर्जनिक वित्त व्यवस्थापनमा क्रमिकरुपमा सकारात्मक परिवतर्न देखिदै गएको छ। प्रदेशको सावर्जनिक खचर्को पारदर्शिता र गुणस्तर अभिवृद्धि हुनुको साथै वित्तीय सङ्घीयता कार्यान्यनको संस्थागत एवम् संरचनागत दायरा विस्तार समेत हुँदै गएको छ ।

आर्थिक वर्ष २०७९/८० को प्रादेशिक वित्तको अवस्था मिश्रित रहेको छ। प्रादेशिक खर्चमा वृद्धि हुँदा राजस्व परिचालन घटेको छ । आ. व. २०७९/८० को सुरुवातसँगै वस्तु पैठारी घट्दै गएको हुँदा भन्सार विन्दुमा संकलन हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क असुलीमा गिरावट आई संघबाट तीन तहका सरकारमा वाँडफाँट हुने राजस्व घटेको र तद्अनुरुप प्रादेशिक राजस्वमा समेत संकुचन हुन गएको छ ।

वित्तीय संघीयताको कार्यान्वयनसँगै लुम्विनी प्रदेशले पनि संविधानले दिएको खर्च र राजस्व अधिकारको उपयोग गर्दै आएको छ । खर्च गर्ने क्षमतामा अभिवृद्धि हुँदै गएको छ भने आन्तरिक राजस्व परिचालन समेत वढ्दै गएको छ । यद्यपि, प्रादेशिक आयमध्ये आन्तरिक राजस्वको अंश भने न्यून रहेको छ ।

सार्वजनिक वित्त व्यवस्थापनलाई प्रविधिमैत्री वनाउन प्रदेश मन्त्रालयगत वजेट सूचना प्रणाली (PLMBIS), प्रदेश एकल खाता कोष प्रणाली (PTSJ), C–GJS, BMIS / PJMS लगायतका सूचना प्रणाली कार्यान्वयनमा रहेका छन् । वित्तीय अनुशासन र विनियोजन कुशलता हासिल गर्दै वजेट कार्यान्वयनमा दक्षता अभिवृद्धि गर्न प्रदेश आयोजना वैङ्कको स्थापना र मध्यमकालीन खर्च संरचनाको तजुर्मा भएको छ । साथै, आयोजना तथा कार्यक्रम छनौट प्रणालीलाई व्यविस्थत गर्न प्रदेश गौरवका आयोजना सम्वन्धी मापदण्ड, वहुवर्षीय आयोजना स्वीकृति तथा ठेक्का सम्वन्धी मापदण्ड र प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दशर्न तजुर्मा भई कार्यान्वयनमा आएका छन् ।

आन्तरिक राजस्व सङ्कलनको अवस्था, प्रादेशिक खर्च र प्रादेशिक राजस्वको संरचना आदिको समीक्षा निम्न वुँदाहरुमा उल्लेख गरिएको छ ।

**(क) आन्तरिक राजस्व सङ्कलन लक्ष्य, प्रगति र वृद्धिदर (प्रतिफल सूचक) :**

योजनाको चौथो वर्षसम्ममा वार्षिक वजेटमा रु. २५७६ करोड राजस्व उठाउने लक्ष्य राखिएकोमा रु. १८४१ करोड सङ्कलन भई लक्ष्यको ७१.४७ प्रतिशत राजस्व सङ्कलन भएको छ । आवधिक योजनामा तेस्रो आर्थिक वर्षसम्मको लक्ष्य रु. २२१३.४ करोड मात्र रहेको थियो । आ.व. २०७६/७७ मा ७०.० प्रतिशत, आ.व. २०७७/७८ मा १०५ प्रतिशत र २०७८/७९ मा ५८.७२ प्रतिशत संकलन भएको थियो । आ.व. २०७९/८० को लक्ष्य रु. ७३१ करोड रहेकोमा २०८० असारसम्म रु. ४९६ करोड सङ्कलन भई लक्ष्यको ६७.८५ प्रतिशत राजस्व सङ्कलन भएको छ । यसरी योजनाको पहिलो वर्ष देखि चौथौ आर्थिकसम्ममा रु. २५७६ करोड (वार्षिक वजेट) राजस्व उठाउने लक्ष्य राखिएकोमा रु. १८४१ करोड सङ्कलन भई लक्ष्यको ७१.४७ प्रतिशत राजस्व सङ्कलन भएको छ । आवधिक योजनाले चार वर्षसम्मको आन्तरिक राजस्व लक्ष्य रु. २२१३.४ करोड मात्र निर्धारण गरेको थियो । यसरी आवधिक योजनाले निर्धारण गरेको आन्तरिक राजस्व संकलन लक्ष्य चाहि पुरा भएको छ ।

आधार वर्ष २०७५/७६ मा रु. २९२ करोड रहेको राजस्व सङ्कलन आ.व. २०७६/७७ मा ११४ प्रतिशत, आ.व २०७७/७८ मा १६२ प्रतिशत, आ.व २०७८/७९ मा १८८ प्रतिशत र आ.व २०७९/८० मा १७० प्रतिशतले वढेको देखिन्छ । राजस्व सङ्कलन वढ्दो क्रममा देखिएता पनि वार्षिक वजेटको लक्ष्य प्राप्ति हुन नसकेको अवस्था रहेको छ ।

सरकार संचालनको प्रमुख आधारको रूपमा रहेको राजस्व सङ्कलन कुनै वर्ष अस्वाभाविकरुपमा वढी र कुनै वर्ष लक्ष्यभन्दा कम रहेको छ । यस प्रदेशले आ.व. २०७६/७७ मा प्रक्षेपण रकमको ७० प्रतिशत राजस्व प्राप्त गरेको छ । सातवटै प्रदेशको औषत ६७.१५ प्रतिशतको तुलनामा उपलव्धि प्रतिशत केही वढी भएता पनि लक्ष्य अनुसार प्राप्त भएको देखिएन ।

त्यसैगरी आ.व. २०७७/७८ मा राजस्व प्रक्षेपण (अनुमान) रकमको १०५.३३ प्रतिशतको प्राप्त गरेको छ । सातवटै प्रदेशको औसत ७५.८३ प्रतिशतको तुलनामा राजस्व प्राप्ति शतप्रतिशत भन्दा वढी भएको छ । आ.व. २०७८/७९ राजस्व प्राप्ति घटेर ५८.७२ प्रतिशतमा झरेको छ । प्रदेशको वार्षिक वजेटमा राजस्वको अंश विभिन्न आर्थिक वर्षमा फरकफरक र निकै उतार चढाव भएको देखिन्छ । आ.व. २०७९/८० मा राजस्व पाप्ति ६७.८५ प्रतिशत रहेको छ ।

**तालिका ३.५ : आन्तरिक राजस्व लक्ष्य र प्रगति विवरण**

(रु. करोडमा)

| | २०७५/७६ आधार वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | जम्मा | २०८०/८१ |
|---|---|---|---|---|---|---|---|
| आ.राजस्व (लक्ष्य) | १८२ | ४६० | ४५० | ९३५ | ७३१ | २५७६ | ६२५.०+ ६७३.५१* |
| राजस्व सङ्कलन (प्रगति) | २९२ | ३२२ | ४७४ | ५४९ | ४९६ | १८४१ | – |
| **%** | १६०.४४ | ७०.०० | १०५.३३ | ५८.७२ | ६७.८५ | ७१.४७ | – |

+आवधिक योजनाको आर्थिक वर्ष २०८०/८१ को आन्तरिक राजस्व लक्ष्य ।

*चालु आर्थिक वर्ष २०८०/८१ को वार्षिक वजेटको आन्तरिक राजस्व लक्ष्य ।

आवधिक योजनाले आर्थिक वर्ष २०८०/८१ को आन्तरिक राजस्व लक्ष्य रु. ६.२५ अर्व निर्धारण गरेकोमा चालु आ.व. २०८०/८१ को वजेटमा राजस्व पाप्ती लक्ष्य रु. ६.७४ अर्व रहेको हुँदा कार्यान्वयनमा तदारुकता देखाउँदा योजनाको लक्ष्य पुरा हुने संभावना देखिन्छ ।

### (ख) ग्रार्हस्थ उत्पादनमा राजस्वको अंश

ग्रार्हस्थ उत्पादनमा राजस्वको अंश आधार वर्ष २०७५/७६ मा ०.६४ प्रतिशत रहेकोमा आवधिक योजनाको पहिलो आ.व. २०७६/७७ मा ०.५८ प्रतिशत, दोस्रो आ.व. २०७७/७८ मा ०.७७ प्रतिशत, तेस्रो वर्ष ०.७९ प्रतिशत र चौथो वर्ष ०.६५ प्रतिशत रहेको छ । यसरी आधार वर्षको तुलनामा खासै सुधार भएको देखिदैन ।

### (ग) प्रादेशिक खर्चमा आन्तरिक राजस्वको अंश

प्रदेश सरकारको वार्षिक खर्चमा आन्तरिक राजस्वको अंश आधार वर्ष २०७५/७६ मा १६.८२ प्रतिशत, आ.व. २०७६/७७ मा ११.७८ प्रतिशत, आ.व. २०७६/७७ मा ११.१४ प्रतिशत, आ.व. २०७७/७८ मा १०.७८ प्रतिशत, आ.व. २०७८/७९ मा १४.३१ प्रतिशत र आ.व. २०७९/८० चैतसम्ममा १९.७५ प्रतिशत रहेको छ । चार आर्थिक वर्षको औसतमा १४ प्रतिशत रहेको छ ।

यसरी प्रथम योजनाले राजस्व अनुमान गर्ने निश्चित सीमा निर्धारण गरेको र यस्तो लक्ष्य राखेको देखिएन ।

**(घ) चालु खर्च र राजस्व सङ्कलनको अवस्था**

आधार वर्ष २०७५/७६ मा चालु खर्चको ५९ प्रतिशत आन्तरिक राजस्व सङ्कलन भएकोमा प्रथम पञ्चवर्षीय योजनाको पहिलो वर्ष ४९.८४ प्रतिशत, दोस्रो वर्ष ५७.५९ प्रतिशत, तेस्रो वर्ष ६५.६७ प्रतिशत र चौथो वर्ष ३९.६५ प्रतिशत आन्तरिक राजस्व सङ्कलन भएको छ । चार आर्थिक वर्षको आन्तरिक राजस्व सङ्कलनको अवस्था हेर्दा राजस्व सङ्कलनले चालु खर्च पनि धान्न सकेको देखिदैन ।

**(ङ) प्रादेशिक राजस्वको संरचना**

प्रदेशको राजस्वको संरचना अध्ययन गर्दा परिचालन भएको राजस्व मध्ये आन्तरिक राजस्व भन्दा वाँडफाँडवाट प्राप्त राजस्वको हिस्सा वढी रहेको छ । आधार वर्ष २०७५/७६ मा आन्तरिक राजस्व र वाँडफाँडवाट प्राप्त राजस्वको हिस्सा क्रमशः २८.३ प्रतिशत र ७१.७ प्रतिशत रहेकोमा आ.व.२०७६/७७ मा यस्तो हिस्सा क्रमशः २८.९ प्रतिशत र ७१.१ प्रतिशत, आ.व.२०७७/७८ मा क्रमशः २८.६ प्रतिशत र ७१.४ प्रतिशत, आ.व.२०७८/७९ मा क्रमशः ३०.१ प्रतिशत र ६९.९ प्रतिशत र आ. व. २०७९/८० मा यस्तो हिस्सा क्रमशः ३४.६ प्रतिशत र ६५.४ प्रतिशत रहेको छ। सवैभन्दा धेरै राजस्व प्राप्त हुने क्षेत्रमा मूल्य अभिवृद्धि कर (औसतमा ५२ प्रतिशत) पर्दछ, भने त्यसपछि आन्तरिक स्रोत (औसतमा ३० प्रतिशत), अन्तःशुल्क (१७ प्रतिशत), सवारी साधन कर (११ प्रतिशत) पर्दछ । सवैभन्दा कम रोयल्टी (२ प्रतिशत) पर्दछ ।

**(च) स्रोतको आँकलनको आधार**

प्रदेश सरकारको स्रोतको आँकलन गर्दा निम्न आधार लिइएको पाइन्छ जुन प्रथम मध्यकालीन खर्च संरचना (२०७६/७७–२०७८/७९) मा समेत समेटिएको छ ।

- प्रथम आवधिक योजनाको दस्तावेज, प्रथम मध्यकालीन खर्च संरचना (२०७६/७७–२०७८/७९) वार्षिक नीति तथा कार्यक्रमले लिएको नीतिगत लक्ष्य, उद्देश्य र सोअनुसार संचालन हुने कार्यक्रम र हासिल गर्ने नतिजालाई प्रमुख आधारको रुपमा लिइएको ।
- राजस्व वाँडफाँडको सम्वन्धमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार मूल्य अभिवृद्धि कर र अन्तःशुल्क रकमको १५ प्रतिशत प्रदेश तहमा वाँडफाँड हुने व्यवस्थालाई आधार लिइएको ।

- रोयल्टी वाँडफाँडका सम्वन्धमा विभिन्न स्रोत ( पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोत) वाट संकलन भएको रोयल्टी रकमको २५ प्रतिशतले हुने रकमलाई आधार लिइएको ।
- कृषि आयमा लाग्ने कर, घर–जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन दस्तुर र स्थानीय तहसँगको साझा व्यवस्था अनुसार प्राप्त हुने राजस्वको अनुमानलाई आधार लिइएको ।
- अनुदानको सम्वन्धमा संघवाट प्रदेशलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदान, सशर्त अनुदानको रकम, समपुरक अनुदान र विशेष अनुदान नेपाल सरकारको मध्यकालीन खर्च संरचनामा उल्लिखित रकम र सघंवाट प्राप्त रकम समेतलाई आधार मानी प्रक्षेपण गरिएको ।
- सार्वजनिक ऋणको सम्वन्धमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार प्रदेश सरकारले लिन सक्ने आन्तरिक ऋण पछिल्ला दुई वर्षका लागि प्रदेशको आन्तरिक राजस्वको १० प्रतिशत ननाघ्ने गरी अनुमान र प्रक्षेपण गरिएको ।
- प्रदेश लगानी कोषमार्फत् आकर्षक प्रतिफल दिने पूर्वाधारमा लगानी गर्नेगरी कर्मचारी, व्यवसायी तथा जनस्तरको पूँजी संकलन गरी लगानी जुटाउने नीति लिइएको हुँदा यसलाई पनि खर्च संरचना तर्जुमा गर्दा ध्यान दिइएको ।
- आर्थिक वर्ष २०७६/७७ देखि २०७९/८० सम्म मुख्यत राजस्वका सम्भावित स्रोतको पहिचान तथा क्षेत्र विस्तार गरी राजस्व परिचालनलाई प्रभावकारी वनाउन राजस्व परिचालनको सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरेको, राजस्व परिचालनसम्वन्धी अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम संचालन गरेको पाइयो ।

## ५. सार्वजनिक खर्च

कुल सार्वजनिक खर्च (वजेट खर्च) को उपयोगलाई प्रभावकारी नवनाएसम्म त्यसको प्रतिफल प्राप्त हुन कठिन पर्छ । यसलाई ध्यानमा राखी प्रथम आवधिक योजनामा पारदर्शी र उत्तरदायीत्वपूर्ण सार्वजनिक खर्च व्यवस्थापनद्वारा आर्थिक समृद्धी गर्ने सोच लिइएको छ । यो सोचलाई पुरा गर्न दक्ष, प्रभावकारी, समतामूलक र पारदर्शी सार्वजनिक खर्च व्यवस्थापनद्वारा सार्वजनिक खर्चको उत्पादकत्व र प्रभावकारिता वृद्धि गर्ने लक्ष्य राखिएको छ । यो लक्ष्य हासिल गर्न औचित्यपूर्ण र समावेशी वजेट विनियोजन तथा कार्यान्वयन दक्षता अभिवृद्धि र वित्तिय अनुशासन कायम गर्नुका साथै सार्वजनिक खर्चलाई वढी प्रतिफलमुखी वनाउने जस्ता महत्वपूर्ण उद्देश्यहरु राखिएको छ । आवधिक योजनामा कूल सार्वजनिक खर्च (वजेट खर्च) लाई प्रतिफल तहको सूचकको रुपमा राखिएको छ ।

यसको लागि ६ वटा रणनीतिक स्तम्भ (कृषि, उद्योग र पर्यटन क्षेत्र, भौतिक पूर्वाधार, शिक्षा र स्वास्थ्य, सामाजिक समावेशिता र लैङ्गिक समता, विपद् व्यवस्थापन र जलवायु परिवर्तन, र सुशासन) र सोअनुसारको कार्यनीति प्रथम आवधिक योजना र प्रथम मध्यकालीन खर्च संरचना (२०७६/७७–२०७८/७९) मा समेटिएको छ । यो सोच, लक्ष्य र उद्देश्य हासिल गर्न वजेट विनियोजन र प्रक्षेपणको वाँडफाँडको लागि प्राथमिकता वमोजिम निर्धारण गरिएका रणनीतिक

स्तम्भ, लैङ्गिक सङ्केत र दिगो विकास लक्ष्यको बाँडफाँडका आधारमा रकम विनियोजन गरिएको भनिएता पनि प्रदेशको प्रथम मध्यकालीन खर्च संरचनामा वर्ष अनुसार बाँडफाँड गरिएको छैन। आवधिक योजनामा कुल सार्वजनिक खर्च (वजेट खर्च) लाई प्रतिफल सूचकको रुपमा लिइएको छ। आधार वर्ष २०७५/७६ को कुल वजेट रु. २३०९०० लाखको तुलनामा आ.व. २०७९/८० सम्मको लक्ष्य रु.४७२६२० लाख पुऱ्याउने रहेको थियो।

कुल ग्रार्हस्थ्य उत्पादन र वार्षिक वजेट विचको अनुपात ६.८५ प्रतिशत पुऱ्याउने लक्ष्य पुरा हुने देखिँदैन। वार्षिक विनियोजन वजेटमा कुल खर्चको अंश वढाउनुपर्ने भएकाले आवधिक योजनाले राखेको ९० प्रतिशत भन्दा वढी खर्च गर्ने लक्ष्य पुरा हुने देखिँदैन। वार्षिक पुँजीगत खर्च विनियोजनमध्ये यथार्थ पुँजीगत खर्च चार वर्षको औषतमा ८२.१३ प्रतिशत रहेकोमा योजनाले राखेको लक्ष्य ९० प्रतिशत भन्दा वढीको लक्ष्य प्राप्त हुन सक्ने आधार देखिँदैन। चार आर्थिक वर्षको चालु खर्चको विनियोजनको औसत ६०.८८ प्रतिशत मात्र रहेकाले आवधिक योजनाको ९० प्रतिशत भन्दा वढी पुऱ्याउने लक्ष्य पुरा हुने देखिँदैन। चालु खर्च कम हुनुको कारणमा आवश्यकता अनुरुप सस्थागत संरचना नहुनु र दरवन्दीअनुसारको कर्मचारीका लागि तलव भत्ता रहेकोमा पदपूर्ति नभएकाले खर्च नभएको भन्ने सम्वन्धित पदाधिकारीवाट जानकारी प्राप्त भयो। पुँजीगत वजेट र चालु वजेट विचको अनुपात विभिन्न आर्थिक वर्षमा निकै घटवढ देखिन्छ। पुँजीगत वजेट खर्च धेरै मन्त्रालयको सन्तोषजनक छैन। अवण्डा वजेट व्यवस्था गर्नु वजेट सिद्धान्तमा त्यति राम्रो मानिँदैन। तर यस प्रयोजनका लागि अर्थ विविध अन्तर्गत वजेट प्रस्ताव गरिएको छ। आयोजना कार्यान्वयन गर्नका लागि विस्तृत सर्वेक्षण, डिजाइन, लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी वार्षिक वजेट तर्जुमा गर्ने प्रक्रिया पुरा गरी कार्यक्रम र वजेट प्रस्ताव गर्नुपर्नेमा त्यसरी नगरेको भनी महालेखा परीक्षकको कार्यालयले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको पाइन्छ।

आवधिक योजनाको लक्ष्य हासिल गर्नका लागि मध्यमकालीन खर्च संरचना (MTEF) तयार गरिन्छ। यस विषयमा महालेखा परीक्षकको कार्यालयले मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत, संचालनमा लाग्ने अनुमानित समय र सोवाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई आयोजना/कार्यक्रम प्रस्ताव गर्नुपर्नेमा त्यसरी प्रस्ताव नभएको भनी साठीऔं प्रतिवेदनमा औंल्याएको छ। सवै प्रदेश सरकारवाट संसदमा आय व्ययको अनुमानसहित वजेट प्रस्तुत हुँदा वार्षिक नीति तथा कायक्रमसँग आवद्धगरे तापनि कार्यक्रम तथा वजेटको कार्यान्वयन पक्ष कमजोर रहेको, योजना संशोधन गरेको, अपेक्षित प्रगति हासिल नभएको, लागत र प्रतिफलवीच समन्वय नरहेको, कार्यक्रम कार्यान्वयन गर्न नसकी वजेट समर्पण गरेको लगायतका व्यहोरा देखिएको छ। वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित योजना तथा कार्यक्रम वजेटमा समावेश गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ।

प्रदेश आर्थिक कार्यविधी ऐनहरूमा मन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि वजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधारसहित वजेट प्रस्ताव गरी विनियोजन गरिएको

रकममा खर्चको दक्षता वढाउनुपर्ने उल्लेख छ । यद्यपि कार्यान्वयन योग्य कार्यक्रम र खर्च सिर्जना हुने स्पष्ट आधार वेगर वजेट अनुमान तथा प्रस्तुतिका कारण मन्त्रालयको विनियोजन दक्षता कमजोर देखियो । कार्यान्वयन योग्य कार्यक्रमको आधारमा वजेट प्रस्ताव र खर्चको स्पष्ट आधार किटान गरी विनियोजन दक्षतामा प्रभावकारीता ल्याउनुपर्ने देखिएको छ ।

प्रदेशगत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा कार्यक्रम वजेट स्वीकत गर्नुपर्ने व्यवस्था भएकोमा आर्थिक मामिला हेर्ने मन्त्रालयले कार्यक्रमअनुसार अर्थ विविध शीर्षकमा कार्यक्रम स्वीकृत नगरी एकमुष्ट वजेट स्वीकृत गर्ने र त्यसछि सम्वन्धित मन्त्रीबाट आवश्यकताअनुसार वजेट बाँडफाँड गरी पठाउने गरेको देखियो । आ.व. २०७८/७९ मा सात प्रदेशले रू.१८ अर्व २१ करोड ६० लाख वजेट अवण्डा राखी खर्च गरेका छन् । अवण्डा वजेटवाट आर्थिक वर्षको अन्त्यमा बाँडफाँड गर्नु वजेट सिद्धान्त विपरित देखिदा यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म र वजेट विनियोजन नभएको खर्च शीर्षकमा रकमान्तर गर्न पाइने छैन भन्ने व्यवस्था छ । नियमको यस व्यवस्था विपरीत आर्थिक वर्ष २०७८/७९ सातै प्रदेशले रु. ७१.७४ अर्व कूल रकमान्तर गरेको पाइन्छ । सो मध्ये २०७९ आषाढ महिनामा मात्र लुम्विनी प्रदेशले रु. १.७५२८ अर्व रकमान्तर गरेको छ भनी महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेख छ । वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सरकारी वजेट खर्च व्यवस्थापन र परिचालनको सन्दर्भमा देखिएको यथार्थ अवस्था तल प्रस्तुत गरिएको छ ।

**(क) कूल ग्रार्हस्थ्य उत्पादन र वार्षिक वजेट वीचको अनुपात**

आधार वर्ष २०७५/७६ को तुलनामा कूल ग्रार्हस्थ्य उत्पादन र वार्षिक वजेट वीचको अनुपात तालिका ३.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.६ : लुम्विनी प्रदेशको कूल ग्रार्हस्थ्य उत्पादन र वार्षिक वजेट वीचको अनुपात**

(रु. लाखमा)

| | २०७५/७६ आधार वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|
| (क) कूल ग्रार्हस्थ्य उत्पादन प्रथम आवधिक योजनाको लक्ष्य | – | ४९०८००० | ५३५१००० | ५८६४००० | ६४६०००० | ७१४१००० |
| (ख) कूल ग्रार्हस्थ्य उत्पादन (यथार्थ) | ५४०००१९ | ५५१३१६१ | ६१६७७४० | ६९७८६३० | ७६२९७३० | ७७८६९०२ |
| (ग) वार्षिक वजेट प्रथम आवधिक योजनाको लक्ष्य | २३०९०० | ३६४१६० | ४१०५५० | ४३९२७० | ४७२६२० | ४८८९९० |
| (घ) वार्षिक वजेट | २८०९०३ | ३६४१६८ | ३६३५२५ | ४०९५९७ | ४२६३५७ | ४०४७९७ |

| (यर्थाथ) | | | | | | |
|---|---|---|---|---|---|---|
| **अनुपात (%)** (ख/घ) | ५.२० | ६.६१ | ५.८९ | ५.८७ | ५.५९ | ६.३६ |

स्रोतः लुम्विनी प्रदेशको आर्थिक सर्भेक्षण २०७९/८०, लुम्विनी प्रदेशको वार्षिक प्रगति प्रतिवेदन २०७९/८० ।

प्रदेशको कूल ग्रार्हस्थ्य उत्पादन र यथार्थ वार्षिक वजेट वीचको अनुपात आधार वर्ष २०७५/७६ मा ५.२० प्रतिशत भएकोमा त्यसपछिका आ.व. २०७६/७७ मा ६.६१.प्रतिशत, आ.व. २०७७/७८ मा ५.८९ प्रतिशत, आ.व. २०७८/७९ मा ५.८७ प्रतिशत र आ.व. २०७९/८० मा ५.५९ प्रतिशत रहेको छ । आ.व. २०८०/८१ सम्म प्रथम आवधिक योजनाको कूल ग्रार्हस्थ्य उत्पादन र वार्षिक वजेट वीचको अनुपात लक्ष्य ६.८५ प्रतिशत रहेको र वार्षिक वजेटको लक्ष्य रकम रु. ४८.८९९ अर्व रहेकोमा आ.व.२०८०/८१ का लागि ४०.४७९७ अर्वको वजेट ल्याइएको हुँदा यो लक्ष्य पुरा हुन सकेको छैन ।

### ख) पुँजीगत र चालु वजेट विनियोजनको अनुपात

आधार वर्ष २०७५/७६ को तुलनामा पुँजीगत र चालु वजेट विनियोजनको अनुपात तालिकां ३.७ मा प्रस्तुत गरिएको ।

**तालिका ३.७ : लुम्विनी प्रदेशको पुँजीगत र चालु वजेट विनियोजनको अनुपात**

(रु. लाखमा)

| | २०७५/७६ आधार वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| **पुँजीगत वजेट** | १६६२४३.९८ | १८५७६४.७९ | १८६१९९.५२ | २११७९९.६१ | २४४७७०.४८ | २३२५६९.०१ | २६२८४० |
| **चालु वजेट** | ९९६५९.०२ | १२२७०७.५६ | १२५९२४.९८ | १४९३४८.४३ | १३३२७६.५२ | १३६३३०.९९ | १६२१४० |
| **अनुपात** | १.६७:१ | १.५१:१ | १.४८.१ | १.४२:१ | १.८४:१ | १.७१:१ | १.६२:१ |

स्रोतः लुम्विनी प्रदेशको आर्थिक सर्भेक्षण २०७९/८०, लुम्विनी प्रदेशको वार्षिक प्रगति प्रतिवेदन २०७९/८०

पुँजीगत र चालु वजेट विनियोजनको अनुपात आधार वर्ष २०७५/७६ मा १.६७:१ रहेको र योजनाको अन्तिम आर्थिक वर्ष २०८०/८१ सम्म १.६२:१ मा कायम गर्ने लक्ष्य रहेकोमा यो अनुपात आर्थिक वर्ष २०७६/७७ मा १.५१:१, आ.व. २०७७/७८ मा १.४८:१, आ. व. २०७८/७९ मा १.४२:१, आर्थिक वर्ष २०७९/८० मा १.८४:१ र आ.व. २०८०/८१ मा १.७१:१ प्रतिशत रहेको देखिन्छ । पाँच आर्थिक वर्षको औषतमा १.५९:१ रहेको छ । यो अनुपातमा निकै घटवढ भएको छ । तर प्रथम योजनाले राखेको यो लक्ष्य पुग्ने देखिन्छ । यसरी आ.व. २०८०/८१ को प्रथम आवधिक योजनाको लक्ष्य अनुपातमा पुगेता पनि निकै घटवढको स्थिति देखिन्छ । साथै आधार वर्ष भन्दा पाँच वर्षको लक्ष्य अनुपात कम रहेको हुँदा लक्ष्य निर्धारणमा त्रुटी रहेको छ । यसतर्फ ध्यान जानु जरुरी छ ।

### (ग) वार्षिक विनियोजनमध्ये कूल खर्चको अवस्था

आधार वर्ष २०७५/७६ को तुलनामा आ.व. २०७९/८० सम्मको लक्ष्य र प्रगति निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ३.८ : लुम्बिनी प्रदेशका वार्षिक विनियोजनमध्ये कूल खर्चको अवस्था**

(रु. लाखमा)

| | २०७५/७६ आधार वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ यथार्थ/लक्ष्य |
|---|---|---|---|---|---|---|
| **वार्षिक विनियोजन** | २८०९०३ | ३६४१६८ | ३६३५२५ | ४०९५९७ | ४२६३५७ | ४०४७९७/४८८९९ |
| **यथार्थ कूल खर्च** | १७०३४१ | २५४१०० | ३२१०३० | ३००५४७ | ३०२४५७ | – |
| **%** | ६०.६४ | ६९.७८ | ८८.३१ | ७३.३८ | ७०.९४ | – |

स्रोतः लुम्बिनी प्रदेशको आर्थिक सर्भेक्षण २०७९/८०, लुम्बिनी प्रदेशको वार्षिक प्रगति प्रतिवेदन २०७९/८० ।

वार्षिक विनियोजनमध्ये कुल खर्चको अवस्था हेर्दा आधार वर्ष २०७५/७६ मा ६०.६४ प्रतिशत रहेको र योजनाको अन्तिम आर्थिक वर्षसम्म शत प्रतिशत पु-याउने लक्ष्य छ । आ.व. २०७६/७७, आ.व. २०७७/७८, आ.व २०७८/७९ र आ.व २०७९/८० मा क्रमश ६९.७८ प्रतिशत, ८८.३१ प्रतिशत, ७३.३८ प्रतिशत र ३५.२५ प्रतिशत रहेको छ । दुई आर्थिक वर्षको औसत ७७.१६ प्रतिशत छ । यसमा क्रमशः सुधारको अवस्था देखिएको छ भने वार्षिक विनियोजनको लक्ष्य पूरा भएको छैन । आवधिक योजनाले आ.व.२०७९/८० मा कुल वजेट खर्च रु ४७२६२० लाख (प्रतिफल सूचक) पुऱ्याउने लक्ष्य राखेकोमा यो लक्ष्य पूरा हुने देखिदैन ।

### (घ) पुँजीगत खर्च विनियोजन र यथार्थ पुँजीगत खर्च

आवधिक योजनामा पुँजीगत वजेट खर्च (प्रतिशत) लाई असर तहको सूचकको रुपमा राखिएको छ । आधार वर्ष २०७५/७६ को तुलनामा आ.व. २०७९/८० सम्मको लक्ष्य र प्रगति समीक्षा तालिका ३.९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.९ : लुम्बिनी प्रदेशको पुँजीगत खर्च विनियोजन र यथार्थ पुँजीगत खर्चको अवस्था**

**(रु. लाखमा)**

| | २०७५/७६ आधार वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ यथार्थ/लक्ष्य |
|---|---|---|---|---|---|---|
| पुँजीगत खर्च विनियोजन | १६६२०० | १८५८०० | १८६२०० | २२४७०० | २४४७७० | २३२५६९/२६२८४० |
| यथार्थ पुँजीगत खर्च | १०१७०० | १४७२०० | १८५००० | १७४१०० | १७७३६६ | – |
| **%** | ६१.१९ | ७९.२२ | ९९.३६ | ७७.४८ | ७२.४५ | – |

स्रोतः लुम्बिनी प्रदेशको आर्थिक सर्भेक्षण २०७९/८०, लुम्बिनी प्रदेशको वार्षिक प्रगति प्रतिवेदन २०७९/८०

वार्षिक पुँजीगत खर्च विनियोजनमध्ये यथार्थ पुँजीगत खर्च आधार वर्ष २०७५/७६ मा ६१.१९ प्रतिशत रहेको र योजनाको अन्तिम आ.व. २०८०/८१ मा ९५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ । आर्थिक वर्ष २०७६/७७, आ.व. २०७७/७८, आ.व. २०७८/७९ र आ.व.२०७९/८० मा पुँजीगत वजेट विनियोजनको तुलनामा यथार्थ पुँजीगत खर्च क्रमश ७९.२२ प्रतिशत, ९९.३६ प्रतिशत, ७७.४८ प्रतिशत र ७२.४५ प्रतिशत रही चार वर्षको औषतमा ८२.१३ प्रतिशत रहेको छ । तर प्रदेशको वार्षिक प्रगति प्रतिवेदन २०७९/८० उल्लेखित संसोधित तथ्यांक अनुसार आर्थिक वर्ष २०७६/७७, आ.व. २०७७/७८, आ.व. २०७८/७९ र आ.व.२०७९/८० मा पुँजीगत वजेट विनियोजनको तुलनामा यथार्थ पुँजीगत खर्च क्रमश ७९.२५ प्रतिशत, ९९.३८ प्रतिशत, ८२.१९ प्रतिशत र ७२.४६ प्रतिशत रही चार वर्षको औषतमा ८३.३२ प्रतिशत रहेको छ । प्रदेश सरकारको पूँजीगत खर्चको प्रवृत्ति हेर्दा आ.व. २०७७/७८ मा अस्वाभाविकरुपमा खर्च वढेको छ अर्को वर्ष फेरी घट्न गएको छ । पुँजीगत खर्चमा एकरुपता रहेको छैन । आवधिक योजनाले आ.व.२०७९/८० मा पूँजीगत खर्च रु २२५१६० लाख (प्रतिफल सूचक) पुऱ्याउने लक्ष्य राखेकोमा यो लक्ष्य पूरा हुने देखिदैन ।

**तालिका ३.१० : लुम्विनी प्रदेशको चालु खर्च विनियोजन र यथार्थ चालु खर्चको अवस्था**

**(रु. लाखमा)**

| | **२०७५/७६ आधार वर्ष** | **२०७६/७७** | **२०७७/७८** | **२०७८/७९** | **२०७९/८०** | **२०८०/८१ यथार्थ/लक्ष्य (विनियोजन)** |
|---|---|---|---|---|---|---|
| चालु खर्च विनियोजन | ९९७०० | १३४६०० | १२५९०० | १३६५०० | १३३३०० | १३६३३१/१६२१४० |
| यथार्थ चालु खर्च | ४९८०० | ६४६०० | ८२३०० | ८३६०० | १२५०९२ | – |
| % | ४९.९५ | ४७.९९ | ६५.३७ | ६१.२५ | ६८.८९ | – |

स्रोतः लुम्विनी प्रदेशको आर्थिक सर्भेक्षण २०७९/८०, लुम्विनी प्रदेशको वार्षिक प्रगति प्रतिवेदन २०७९/८० ।

वार्षिक चालु खर्च विनियोजनमध्ये यथार्थ चालु खर्च आधार वर्ष २०७५/७६ मा ४९.९५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७६/७७, २०७७/७८, २०७८/७९, २०७९/८० मा क्रमशः ४७.९९ प्रतिशत, ६५.३७ प्रतिशत, ६१.२५ प्रतिशत र ६८.८९ प्रतिशत खर्च भई चार वर्षको औषतमा ६०.८८ प्रतिशत रह्यो । आवधिक योजनाले आ.व. २०८०/८१ मा चालु खर्च रु १६.२१४ अर्व पुर्‍याउने लक्ष्य पुग्ने देखिँदैन । चालु खर्चको खर्च प्रवित्ति वढाउनुपर्ने देखिन्छ ।

**(च) वित्तीय व्यवस्थापनमा विनियोजन दक्षता**

तालिका ३.११ मा प्रस्तुत भएवमोजिम आधार वर्ष २०७५/७६ मा कूल वजेटमा पुँजीगत वजेटको अंश ५९.१८ प्रतिशत विनियोजन भएको थियो । आ.व. २०७६/७७ मा पुँजीगत वजेट

५०.९९ प्रतिशतमा घट्यो भने आ.व २०७७/७८ र २०७८/७९ मा पुँजीगत वजेट क्रमशः ५१.२२ प्रतिशत र ५१.७१ प्रतिशतमा सिमित रह्यो भनें आ.व. २०७९/८० र चालु आ.व. २०८०/८१ मा पुँजीगत वजेट विनियोजन क्रमशः ५७.४१ प्रतिशत र ५७.४५ प्रतिशत सम्म पुग्यो । यसरी आधार वर्षको तुलनामा त्यसपछिका ५ आर्थिक वर्षमा पुँजीगत वजेट घटेको र चालु वजेट वढ्दै गएको देखिन्छ । आ.व. २०७९/८० र चालु आ.व. २०८०/८१ मा यसमा केही सुधार आएको छ । तर आधार वर्षको तुलनामा आवधिक योजनाले पाँचौ वर्षको पुँजीगत वजेट विनियोजनको लक्ष्य ५३.७५ राखेको थियो जुन आधार वर्षको लक्ष्य भन्दा पनि कम रहेको छ । त्यसैले लक्ष्य निर्धारणमा नै त्रुटि देखिन्छ ।

यसको विपरित चालु वजेटलाई निश्चित सीमाभित्र राखी पुँजीगत वजेटमा क्रमिक वृद्धि गरेमा मात्र विकास कार्य वढी सम्पन्न गर्न सकिने हुँदा यसतर्फ ध्यान जानुपर्ने देखिन्छ ।

**तालिका ३.११ : लुम्विनी प्रदेशको कूल वजेटमा पुँजीगत वजेटको अंश**

**(रु. लाखमा)**

| | **२०७५/७६ आधार वर्ष** | **२०७६/७७** | **२०७७/७८** | **२०७८/७९** | **२०७९/८०** | **२०८०/८१ यथार्थ/लक्ष्य (विनियोजन)** |
|---|---|---|---|---|---|---|
| कूल वजेट विनियोजन | २८०९०३ | ३६४१६८ | ३६३५२५ | ४०९५९७ | ४२६३५७ | ४०४७९७/४८८९९० |
| पुँजीगत वजेट | १६६२४४ | १८५६७५ | १८६२०० | २११८०० | २४४७७० | २३२५६९/२६२८४० |
| % | ५९.१८ | ५०.९९ | ५१.२२ | ५१.७१ | ५७.४१ | ५७.४५/५३.७५ |

स्रोतः लुम्विनी प्रदेशको आर्थिक सर्भेक्षण २०७९/८०, लुम्विनी प्रदेशको वार्षिक प्रगति प्रतिवेदन २०७९/८०

विभिन्न आर्थिक वर्षमा विभिन्न मन्त्रालयलाई भएको वजेट विनियोजनको अवस्था तालिका ३.१२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१२ : लुम्विनी प्रदेशको मन्त्रालयगत वजेट विनियोजन**

(प्रतिशतमा)

| **निकाय** | **२०७६/७७** | **२०७७/७८** | **२०७८/७९** | **२०७९/८०** | **२०८०/८१** |
|---|---|---|---|---|---|
| भौतिक पूर्वाधार विकास मन्त्रालय | ४३.५० | ४१.३२४ | २९.३०३ | २३.६५ | ३४.०४ |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १२.२७ | ११.०२३ | ९.२९५ | – | – |
| कृषि तथा भूमि व्यवस्था मन्त्रालय | – | – | – | – | ४.८४ |
| कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय | – | – | – | ६.१० | – |
| सामाजिक विकास मन्त्रालय | १२.०६ | – | – | – | ७.१३ |
| शिक्षा तथा सामाजिक विकास | – | १५.४२ | ६.७४६ | – | – |

| | | | | | |
|---|---|---|---|---|---|
| मन्त्रालय | | | | | |
| शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय | – | – | – | ६.५७ | – |
| ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | – | – | – | ८.५८ | – |
| अर्थ-विविध | ८.९९ | ५.०७१ | ८.३७५ | ३.३३ | ३.४५ |
| उद्योग वन तथा वातावरण मन्त्रालय | ७.९३ | ७.७१२ | ५.४१९ | – | – |
| वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय | – | – | – | ४.७४ | – |
| वन तथा वातावरण मन्त्रालय | – | – | – | – | ५.१२ |
| उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय | – | – | – | – | ३.७८ |
| स्थानीय तह | ९.९४ | १४.१३९ | ११.८२२ | ११.०४ | ८.८७ |
| स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | – | – | १०.२४ | १०.७५ | – |
| स्वास्थ्य मन्त्रालय | – | – | – | – | १०.९५ |
| ग्रामिण तथा सहरी विकास मन्त्रालय | – | – | १४.०४६ | – | – |
| पर्यटन, ग्रामिण तथा सहरी विकास मन्त्रालय | – | – | – | १६.२५ | – |
| खानेपानी, ग्रामिण तथा सहरी विकास मन्त्रालय | – | – | – | – | १४.७० |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय ।

आ.व. २०७६/७७ मा प्रदेश सरकारअन्तर्गतका निकायहरू (मन्त्रालय, आयोग, कार्यालय, स्थानीय तह) मध्ये सवैभन्दा वढी रकम भौतिक पूर्वाधार विकास मन्त्रालय (४३.५० प्रतिशत), भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय (१२.२७ प्रतिशत), सामाजिक विकास मन्त्रालय ( १२.०६ प्रतिशत), उद्योग, वन तथा वातावरण मन्त्रालय (७.९३ प्रतिशत) विनियोजन गरिएको छ । यसरी यी चारवटा मन्त्रालयमा ७५.७६ प्रतिशत रकम विनियोजन गरिएको छ । यसैगरी अर्थ विविधमा ५.०७ प्रतिशत रकम विनियोजन गरिएको छ ।

आर्थिक वर्ष २०७७/७८ मा सवैभन्दा वढी रकम भौतिक पूर्वाधार विकास मन्त्रालय (४१.३२ प्रतिशत), शिक्षा तथा सामाजिक विकास मन्त्रालय (१५.४२ प्रतिशत), भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (११.०२), अर्थ विविध (५.०७ प्रतिशत), उद्योग, वन तथा वातावरण मन्त्रालय (७.७१ प्रतिशत) विनियोजन गरिएको छ । अर्थ विविध वाहेकका पाँच मन्त्रालयमा ७५.४७ प्रतिशत विनियोजन गरिएको छ ।

आर्थिक वर्ष २०७८/७९ मा सवैभन्दा वढी भौतिक पूर्वाधार विकास मन्त्रालय (२९.३ प्रतिशत), ग्रामिण तथा सहरी विकास मन्त्रालय (१४.०५ प्रतिशत), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ( १०.२४ प्रतिशत), भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (९.३० प्रतिशत), अर्थ विविध (

८.३८ प्रतिशत), शिक्षा तथा सामाजिक विकास मन्त्रालय (६.७५ प्रतिशत) र उद्योग वन तथा वातावरण मन्त्रालय (५.४२ प्रतिशत)  रकम विनियोजन गरिएको छ ।

आर्थिक वर्ष २०७९/८० मा भौतिक पूर्वाधार विकास मन्त्रालय (२३.६५ प्रतिशत), पर्यटन, ग्रामिण तथा सहरी विकास मन्त्रालय (१६.२५ प्रतिशत), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ( १०.७५ प्रतिशत), ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय (८.५८ प्रतिशत), शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय (६.५७ प्रतिशत), कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय ( ६.१० प्रतिशत),  र वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय( ४.७४ प्रतिशत), अर्थ विविध ( ३.३३ प्रतिशत) विनियोजन गरिएको छ ।

चालु आर्थिक वर्ष २०८०/८१ मा मा सवैभन्दा वढी रकम भौतिक पूर्वाधार विकास मन्त्रालय ( ३४.०४ प्रतिशत), खानेपानी, ग्रामिण तथा सहरी विकास मन्त्रालय (१४.७० प्रतिशत), स्वास्थ्य मन्त्रालय(१०.९५ प्रतिशत), सामाजिक विकास मन्त्रालय (७.१३ प्रतिशत), वन तथा वातावरण मन्त्रालय (५.१२ प्रतिशत), कृषि तथा भूमि व्यवस्था मन्त्रालय (४.८४ प्रतिशत), उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय (३.७८ प्रतिशत) र अर्थ-विविध (३.४५ प्रतिशत), विनियोजन गरिएको छ ।

समग्रमा पूर्वाधारसँग सम्वन्धित निकाय (भौतिक पूर्वाधार, सहरी विकास) ले उच्च प्राथमिकता पाएको देखिन्छ । सामाजिक क्षेत्रसँग सम्वन्धित मन्त्रालय (शिक्षा, स्वास्थ्य) ले दोस्रो प्राथमिकता पाएका छन् भने आर्थिक क्षेत्रसँग सम्वन्धित मन्त्रालय (भूमि व्यवस्था, कृषि, पर्यटन, उद्योग आदिले त्यसपछिको प्राथमिकता पाएका छन् । अर्थ विविध अन्तर्गत् प्रत्येक वर्ष वजेट प्रस्ताव गर्ने गरिएको छ । यस्तो अवन्डा रकम वजेट विनियोजन गर्नु राम्रो मानिदैन । आ.व. २०७६/७७ मा कूल वजेटको ८.९९ प्रतिशत प्रस्ताव गरिएको छ । आ.व. २०७७/७८ मा घटेर ५.०७ प्रतिशत, आ.व. २०७८/७९ मा पुनः वढेर ८.३८ प्रतिशत, आ.व २०७९/८० र  आ.व २०८०/८१ मा घट्दै गएर ३.३३ प्रतिशत र ३.४५ प्रतिशतमा रहेको छ ।

प्रदेश सरकारले वजेट वक्तव्यमा घोषणा गरेको विभिन्न मन्त्रालय एवं निकायसँग सम्वन्धित अधिकांश नीति र कार्यक्रमहरू प्रभावकारीरुपमा कार्यन्वयन नहुँदा आवधिक योजनाले लिएको लक्ष्य र उद्देश्य प्राप्त हुन कठिन पर्दछ । पुंजीगत खर्चको ठुलो हिस्सा तेस्रो चौमासिकमा र त्यसमा पनि आषाढ महिनामा वढी हिस्सा खर्च हुने प्रवृत्ति देखिकोले योजना तथा कार्यक्रम कार्ययोजनाअनुसार सम्पादन भएको देखिएन । यसले कामको गुणस्तरमा पनि प्रश्न खडा हुने अवस्थातर्फ ध्यान जानुपर्ने देखिन्छ ।

**(छ) वजेट कार्यान्वयन कुशलता**

वजेट कार्यान्वयन गर्ने क्रममा आधार वर्ष आ.व. २०७५/७६ मा कूल वजेटको ६०.४० प्रतिशत खर्च भएको थियो भने त्यसपछिका आ.व. २०७६/७७, आ.व. २०७७/७८ र आ.व. २०७८/७९ मा क्रमशः ६९.७८ प्रतिशत, ८८.३१ प्रतिशत र ७३.३८ प्रतिशत खर्च भएको छ भने आ.व. २०७९/८० मा ७०.९४ प्रतिशत मात्र खर्च भएको छ ।  पुँजीगत खर्च आ.व. २०७५/७६ मा ६१.१९ प्रतिशत रहेकोमा आ.व. २०७६/७७ मा वढेर ७९.२२ प्रतिशत, आ.व.

२०७७/७८ मा अस्वाभाविकरुपमा वढेर ९९.३९ प्रतिशत र आ.व. २०७८/७९ मा ७७.४८ प्रतिशत खर्च भएको देखिन्छ। आ.व. २०७९/८० मा ७०.९४ प्रतिशत मात्र खर्च भएको छ।

त्यसैगरी चालु खर्चतर्फ आधार वर्ष आ.व. २०७५/७६ मा ४९.९५ प्रतिशत खर्च भएकोमा आ.व. २०७६/७७ मा ४७.९९ प्रतिशत, आ.व. २०७७/७८ मा ६५.३७ प्रतिशत र आ.व. २०७८/७९ मा ६१.२५ प्रतिशत वजेटमा खर्च भएको छ। यसैगरी आ.व. २०७९/८० मा ६८.८९ प्रतिशत वजेट मात्र खर्च भएको छ। यसरी पुँजीगत खर्चको अंश बढ्दै जानु र पुँजीगत वजेट खर्च गर्ने प्रवृति वढ्दै जानु राम्रो सङ्केत मान्न सकिन्छ। यसलाई निरन्तरता दिदै प्रभावकारीरुपमा खर्च गर्नसक्ने क्षमता अभिवृद्धिमा जोड दिनुपर्ने देखिन्छ। तर हालको प्रवृतिलाई हेर्दा कुल खर्च, पुँजीगत खर्च र चालु खर्च विनियोजनको ९० प्रतिशत भन्दा वढी खर्च गर्ने लक्ष्य प्राप्त गर्न भने कठिन देखिन्छ।

मन्त्रालयगत रूपमा प्रदेश सरकार अन्तर्गतका मन्त्रालयहरूमध्ये आ.व. २०७९/८० मा वार्षिक वजेटको तुलनामा सवैभन्दा बढी कूल खर्च गर्नेमा खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय पर्दछ। यस मन्त्रालयले ७७ प्रतिशत खर्च गरेको छ। दोस्रोमा खर्च गर्ने वन तथा वातावरण मन्त्रालय (७५.७ प्रतिशत) र तेस्रोमा भौतिक पूर्वाधार विकास मन्त्रालय (७५.५ प्रतिशत) परेका छन्। यसैगरी आर्थिक वर्ष आ.व. २०७९/८० मा पुँजीगत वजेटको सवैभन्दा वढी प्रतिशत गर्ने खर्च गर्ने मन्त्रालयहरुमा क्रमशः प्रथम खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय (८७.८१ प्रतिशत), दोस्रो भौतिक पूर्वाधार विकास मन्त्रालय (७६.५१ प्रतिशत) र तेस्रो उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय (७३.६१ प्रतिशत) रहेका छन्। यसरी अघिल्ला वर्षहरुको तुलनामा मन्त्रालयगत पुँजीगत खर्चको प्रतिशतमा सुधार हुँदै गएको भएतापनि पुँजीगत खर्च उच्च गतिमा लैजान सवै मन्त्रालयले ध्यान दिनुपर्ने देखिन्छ।

प्रदेश सरकारले सरकारी खर्चतर्फ हालसम्म निम्न महत्वपूर्ण कार्य गरेको छ। वहुवर्षिय आयोजना स्विकृती तथा ठेक्का सम्वन्धी मापदण्ड २०७६, प्रदेश गौरवका आयोजना निर्धारण सम्वन्धी मापदण्ड २०७६, प्रदेश अनुगमन तथा मूल्यांकन दिग्दर्शन २०७५, मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालन कार्यविधि तर्जुमा गरेको छ। यसैगरी सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५ विशेष अनुदान कार्यक्रम सञ्चालन कार्यविधी तयार गरी लागू गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन कार्यान्वयनमा ल्याएको छ। सार्वजनिक वित्त लगायत विभिन्न क्षेत्रलाई उपयोगी हुने आधारभूत तथा विशिष्ट प्रकारका तालिम कार्यक्रमको लागि स्रोत पुस्तिका तयार गरिएको छ। लुम्विनी प्रदेशको समसामयिक आर्थिक विषयमा अध्ययन, अनुसन्धान, नीति विश्लेषण तथा मापदण्ड निर्धारण सम्वन्धी अध्ययन पनि गरिएको छ।

## ६. वित्तीय व्यवस्था

वित्तीय व्यवस्था सम्वन्धमा प्रथम आवधिक योजनाले लिएको लक्ष्य पुग्ने देखिँदैन। आर्थिक वर्ष २०७७/७८, २०७८/७९, २०७९/८० र २०७८/७९ मा क्रमशः रु. ५० करोड, १०० करोड,

१२५ करोड, १३० करोड र ४०५ करोड खुद ऋण लगानी गर्ने लक्ष्य भए तापनि कुनै पनि रकम वजेटमा व्यवस्था भएन । यसैगरी आर्थिक वर्ष आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा क्रमशः रु. १५० करोड र १५० करोड खुद शेयर लगानी गर्ने लक्ष्य राखिएको भए तापनि उक्त वर्षको वजेटमा कुनै व्यवस्था भएको पाईदैन ।

### ७. आन्तरिक ऋण व्यवस्थापन

योजनामा आन्तरिक ऋण र प्रादेशिक कूल गार्हस्थ्य उत्पादनका अनुपातलाई असर तहको सूचकको रुपमा राखिएको छ भनें आन्तरिक ऋण संकलनको मात्रालाई प्रतिफल तहको सूचकमा राखिएको छ । आर्थिक वर्ष २०७७/७८ मा खुद आन्तरिक ऋण शीर्षकमा १ अर्व ७२ करोड, आर्थिक वर्ष २०७८/७९ मा १ अर्व ८४ करोड, आर्थिक वर्ष २०७९/८० मा २ अर्व १ करोड ८ लाख र आर्थिक वर्ष २०८०/८१ मा २ अर्व १२ करोड प्राप्त गर्ने लक्ष्य राखेकोमा आर्थिक वर्ष २०७८/७९ र २०७९/८० मा क्रमशः २ अर्व ७ करोड र १ अर्व रकम प्रस्ताव गरेको भए तापनि आन्तरिक ऋण उठाइएको छैन । चालु आर्थिक वर्ष २०८०/८१ को वजेटमा १ अर्व २५ करोड रकम प्रस्ताव गरिएको छ । आवधिक योजनाले प्रादेशिक गार्हस्थ्य उत्पादनको २ प्रतिशतको सीमाभित्र रहेर प्रतिफलयुक्त आयोजनाहरुका लागि आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य लिएको भए तापनि आन्तरिक ऋणको प्रयोग हुन सकेको छैन । आयको तुलनामा खर्च न्यून रहेको कारण सवै आर्थिक वर्षमा वजेट सन्तुलन वचतमा (असर सूचक) रहेको छ ।

### ८. वैदेशिक सहयोग

योजनामा वैदेशिक सहयोग अर्न्तगत वैदेशिक ऋण र अनुदानलाई असर तहको सूचकको रुपमा राखिएको छ । योजनाले उच्च प्रतिफलयुक्त एवं प्राथमिकताका आयोजनाहरुमा छनौटपूर्ण ढंगले वैदेशिक सहयोग लिने सोच तथा लक्ष्य राखेकामा प्रदेशका १२ वटै जिल्लाका संभावित रणनीतिक तथा महत्वपूर्ण र प्रतिफलयुक्त आयोजनाहरुको सूची तयार पारी आयोजना वैंक वनाई वैदेशिक सहयोगलाई प्रभावकारी ढंगले सदुपयोग गर्ने नीति लिएको थियो । तदनुरुप आर्थिक वर्ष २०७७/७८, २०७८/७९, २०७९/८० र २०८०/८१ मा क्रमशः रु. १.८७ अर्व, १.५० अर्व, १.६८ अर्व, र रु. ९९ करोड वैदेशिक ऋण र वैदेशिक अनुदान क्रमशः रु. १.६५ अर्व, १.७४ अर्व, १.८० अर्व, र रु. १.८५ अर्व परिचालन गर्ने लक्ष्य राखिएको थियो । तर यस सम्वन्धमा कुनै प्रगति भएको देखिदैन । बाँकी अवधिमा आवधिक योजनाको यो लक्ष्य पुरा हुने देखिदैन ।

### ९. अन्तर सरकारी वित्तीय हस्तान्तरण

योजनाको समीक्षा अवधिको अन्तर सरकारी वित्तीय हस्तान्तरणको अवस्था तलका तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

### (क) प्रदेशको कूल ग्रार्हस्थ्य उत्पादनमा सङ्घीय वजेटवाट हस्तान्तरित अनुदान

**तालिका ३.१२ : लुम्बिनी प्रदेशको कूल ग्रार्हस्थ्य उत्पादनमा सङ्घीय वजेटवाट हस्तान्तरित अनुदान**

**(रु. लाखमा)**

| | २०७५/७६ आधार वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ लक्ष्य |
|---|---|---|---|---|---|---|
| कूल ग्रार्हस्थ्य उत्पादन | ५४०००१९ | ५५१३१६१ | ६१६७७४० | ६९७८६३० | ७६२९७३० | ७१४१००० |
| सङ्घीय वजेटअनुदान | १७२५०० | १७०८०० | १७३८०० | १५७५०० | १५०१७२ | १९८३९० |
| **%** | ३.१९ | ३.१० | २.८२ | २.२६ | १.९७ | २.८७ |

स्रोतः लुम्विनी प्रदेशको आर्थिक सर्भेक्षण २०७९/८०, लुम्विनी प्रदेशको वार्षिक प्रगति प्रतिवेदन २०७९/८० ।

आधार वर्ष आ.व. २०७५/७६ मा प्रदेश सरकारले कूल ग्रार्हस्थ्य उत्पादनको ३.१९ प्रतिशत अनुदान संघीय वजेटवाट प्राप्त गरेको थियो । यसैगरी आ.व. २०७६/७७, २०७७/७८, २०७८/७९ र २०७९/८० मा क्रमशः ३.१० प्रतिशत, २.८२ प्रतिशत, २.२६ प्रतिशत, र १.९७ प्रतिशत प्राप्त गरेको छ । चार वर्षको औसतमा २.५४ प्रतिशत रह्यो । प्रथम आवधिक योजनाले लिएको अन्तिम वर्षसम्म २.८७ प्रतिशत पुर्‍याउने लक्ष्य पुग्ने देखिँदैन । चालु आ.व. २०७९/८० मा रु. १५.३८४२ अर्वको लक्ष्य राखिएको छ जुन योजनाले लिएको लक्ष्य रु १९.८३९० अर्व भन्दा कम छ ।

### (ख) सङ्घीय वजेटवाट प्रदेशमा हस्तान्तरित अनुदान

प्रदेशको कूल वजेट विनियोजनमा सङ्घीय वजेटवाट प्रदेशमा हस्तान्तरित अनुदानको विवरण तालिका ३.१३ मा प्रस्तुत गएिको छ ।

**तालिका ३.१३ : सङ्घीय वजेटवाट लुम्विनी प्रदेशमा हस्तान्तरित अनुदान**

(रु. लाखमा)

| | २०७५/७६ आधार वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ लक्ष्य |
|---|---|---|---|---|---|---|
| कूल वजेट विनियोजन | २८०९०३ | ३६४१६८ | ३६३५२५ | ४०९५९७ | ४२६३५७ | ४८८९९० |
| प्रदेशमा हस्तान्तरित अनुदान | १७२५०० | १७०८०० | १७३८०० | १५७५०० | १५०१७२ | १९८३९० |
| **%** | ६१.४१ | ४६.९० | ४७.८१ | ३८.४५ | ३५.२२ | ६१.४१ |

स्रोतः लुम्विनी प्रदेशको आर्थिक सर्भेक्षण २०७९/८०, लुम्विनी प्रदेशको वार्षिक प्रगति प्रतिवेदन २०७९/८० ।

आधार वर्ष आ.व. २०७५/७६ मा सङ्घीय वजेटवाट प्रदेशमा हस्तान्तरित अनुदान प्रदेशको कूल वजेट विनियोजनको ६१.४१ प्रतिशत रहेकोमा आ.व. २०७६/७७, २०७७/७८, २०७८/७९ र

२०७९/८० मा क्रमशः ४६.९० प्रतिशत, ४७.८१ प्रतिशत, ३८.४५ प्रतिशत र ३५.२२ प्रतिशत रहेको र सङ्घीय वजेटवाट लुम्विनी प्रदेशमा हस्तान्तरित अनुदान घट्दै गएको देखिएकाले योजनाले राखेको लक्ष्य ६१.४१ प्रतिशत प्राप्त हुन सक्ने देखिदैन ।

### (ग) प्रदेशको वजेटमा स्थानीय तहमा जाने अनुदानको लागि विनियोजन र यथार्थ खर्च

प्रदेशको वजेटमा स्थानीय तहमा जाने अनुदानको लागि विनियोजन र यथार्थ खर्चको विवरण क्रमशः तालिका ३.१४ र ३.१५ मा प्रस्तुत गएिको छ ।

**तालिका ३.१४ : प्रदेशको वजेटमा स्थानीय तहमा जाने अनुदानको लागि विनियोजन**

(रु. लाखमा)

| | **२०७५/७६ आधार वर्ष** | **२०७६/७७** | **२०७७/७८** | **२०७८/७९** | **२०७९/८०** | **२०८०/८१ लक्ष्य** |
|---|---|---|---|---|---|---|
| कूल वजेट विनियोजन | २८०९०३ | ३६४१६८ | ३६३५२५ | ४०९५९७ | ४२६३५७ | ४८८९९० |
| स्थानीय तहमा जाने अनुदान | १५००० | ५५६९६ | ५१४०१ | ४८४४९ | ४८३१० | ५१००० |
| % | ५.३४ | १५.२९ | १४.१४ | ११.८३ | ११.३३ | १०.४३ |

स्रोतः लुम्विनी प्रदेशको आर्थिक सर्भेक्षण २०७९/८०, लुम्विनी प्रदेशको वार्षिक प्रगति प्रतिवेदन २०७९/८० ।

प्रदेश सरकारले विभिन्न आर्थिक वर्षको वजेटमा स्थानीय तहमा जाने अनुदानको लागि आ.व. २०७५/७६ मा ५.३४ प्रतिशत वजेट छुट्याएको थियो भने आ.व. २०७६/७७, २०७७/७८, २०७८/७९ र २०७९/८० मा क्रमशः १५.२९ प्रतिशत, १४.१४ प्रतिशत, ११.८३ प्रतिशत र ११.३३ प्रतिशत प्रतिशत छुट्याएको थियो र चालु आ.व. २०८०/८१ मा रु ३५८९७ लाख ( ८.८७ प्रतिशत) वजेट छुट्याइएको छ । चार आर्थिक वर्षको औसतमा १३.१५ प्रतिशत रहेको छ । यसरी अनुदानको अंशमा घटवढ देखिन्छ । चालु आ.व. २०८०/८१ मा ८.८७ प्रतिशत संग तुलना गर्दा योजनाले लिएको अन्तिम वर्षसम्म १०.४३ प्रतिशत पुर्याउने लक्ष्य पुग्न सक्ने देखिदैन ।

**तालिका ३.१५ : स्थानीय तहमा जाने अनुदानको लागि विनियोजन गरिएको रकममा भएको यथार्थ खर्च**

(रु. लाखमा)

| | **२०७५/७६ आधार वर्ष** | **२०७६/७७** | **२०७७/७८** | **२०७८/७९** | **२०७९/८०** | **२०८०/८१ यथार्थ/लक्ष्य (विनियोजन)** |
|---|---|---|---|---|---|---|
| स्थानीय तहमा जाने अनुदानको लागि विनियोजन | १५००० | ५५६९६ | ५१४०१ | ४८४४९ | ४८३१० | ३५८९७/५१००० |
| यथार्थ खर्च | १८७९३ | ४२३२३ | ५३७२३ | ४२७६५ | ४१४५३ | – |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| % | १२५.३९ | ७५.९९ | १०४.५२ | ८८.२७ | ८५.८० | – |

स्रोतः लुम्विनी प्रदेशको आर्थिक सर्भेक्षण २०७९/८०, लुम्विनी प्रदेशको वार्षिक प्रगति प्रतिवेदन २०७९/८० ।

प्रदेश सरकारले विभिन्न आर्थिक वर्षको वजेटमा स्थानीय तहमा जाने अनुदानको लागि विनियोजन गरेको वजेटमध्ये यथार्थ खर्च रकम आधार वर्ष २०७५/७६ मा १२५.२९ प्रतिशत भएको देखिन्छ । यसैगरी छुट्याएको रकम मध्ये आ.व. २०७६/७७, २०७७/७८, २०७८/७९ र २०७९/८० मा क्रमशः ७५.९९ प्रतिशत, १०४.५२ प्रतिशत, ८८.२७ प्रतिशत र ८५.८० प्रतिशत यथार्थ खर्च भएको छ । आधार वर्ष २०७५/७६ र आ.व. २०७७/७८ मा विनियोजित रकम भन्दा वढी खर्च भएको देखिन्छ । चालु आ.व. २०८०/८१ मा रु ३५८९७ लाख विनियोजन गरिएको छ जुन योजनाको लक्ष्य रु ५१००० लाख भन्दा कम रहेको छ ।

## ३.३ दिगो विकास लक्ष्य हासिल गर्नमा योगदान

हरेक क्षेत्रमा रहेका सवै स्वरुपको गरिवी अन्त्य गर्ने दिगो विकास लक्ष्य १ हासिल गर्न नेपालले प्रतिव्यक्ति आयलाई सन् २०३० सम्ममा २५०० अमेरिकी डलर पुऱ्याउन प्रस्ताव गरेको छ । त्यस्तै वहुआयामिक गरिवी सूचकाङ्कलाई ७ प्रतिशत भन्दा कम गराउने लक्ष्य राखिएको छ । लुम्विनी प्रदेश सरकारले पनि आ.व. २०७५/७६ मा यु.एस. डलर ८०३ रहेको प्रतिव्यक्ति आयलाई वि.सं. २०८१ मा १६०० पुर्‌याउने लक्ष्य राखेको छ । त्यस क्रममा आ.व. २०८०/८१ सम्ममा यु.एस. डलर १६०० पुऱ्याउने प्रदेश योजनाले राखेको लक्ष्य योजना अवधिको चार वर्ष पछि आ.व. २०७९/८० मा यु.एस. डलर ३२३ ले वढ्न गई ११२६ डलर रहने अनुमान गरिएको छ । जसअनुसार योजनाको लक्ष्य भने हासिल नहुने देखिएको छ । वहुआयामिक गरिवीलाई २९.९ प्रतिशतवाट १५ प्रतिशतमा झार्ने योजनाको लक्ष्य पनि पुरा नहुने देखिन्छ । दिगो विकास लक्ष्य १ ले कम्तीमा ७ प्रतिशतको आर्थिक वृद्धि दर कायम राख्नु पर्ने भनेको छ । तर लुम्विनी प्रदेशको प्रथम आवधिक योजनाको पहिलो चार वर्षको औसत आर्थिक वृद्धिदर २.७४ प्रतिशत मात्र रहेको छ भने योजनाको लक्ष्य औसत वार्षिक ९.५ प्रतिशत छ । यो लक्ष्य हासिल हुन सक्ने देखिँदैन । तर सन् २०३० सम्ममा ७ प्रतिशतको वृद्धिदर हासिल हुने सम्भावना छ । यसरी दिगो विकास लक्ष्य हासिल गर्नमा प्रदेशको समष्टिगत आर्थिक क्षेत्रको योगदान मिश्रित देखिएको छ ।

## ३.४ समस्या र सुझावहरु

आवधिक योजनाको समीक्षाको क्रममा भएका छलफल र प्राप्त तथ्याङ्क एवम् सूचनाहरूको विश्लेषणको आधारमा पहिचान गरिएका समस्या तथा सुझावहरू देहायवमोजिम रहेका छन् ।

### ३.४.१ समस्याहरू

योजनाको समीक्षाको क्रममा भएका छलफल र प्राप्त तथ्याङ्क एवम् सूचनाहरूको विश्लेषणका आधारमा आर्थिक नीतिहरूको कमजोर कार्यान्वयन हुनु, आन्तरिक आयको अंश घट्दै जानु,

आवधिक योजनाको वार्षिक कार्यक्रमसँग सम्वन्ध कमजोर हुनु, सूचना प्रणाली सवल नहुनु, प्रदेशअन्तर्गतका निकायहरूविच समन्वय प्रभावकारी नहुनु, आर्थिक वर्षको अन्त्यमा रकमान्तर एवम् वढी खर्च गर्ने प्रवृत्ति अन्त्य हुन नसक्नु आदि प्रमुख समस्या देखिएका छन् । यस प्रदेशको समग्र विकासमा चुनौतीहरू पनि रहेका छन् । विश्वव्यापी आर्थिक परिदृष्य तथा राष्ट्रिय अर्थतन्त्रमा शिथिलता उत्पन्न भई प्रादेशिक अर्थतन्त्र समेत दवावमा रहेको स्थिति छ । उच्च व्याजदरका कारण लगानी समष्टिगत मागमा कमी आएकोले आर्थिक गतिविधीमा सुस्तता देखिएको छ । पूँजीगत खर्च अपेक्षाकृत रूपमा हुन सकेको छैन । आयोजनाको पूर्व तयारी नगरी श्रोत र साधनको विनियोजन गर्ने प्रवृत्ति रहेको हुँदा कार्वान्वयन पक्ष कमजोर रहेको देखिन्छ । तसर्थ श्रोत र साधनको समुचित प्रयोगवाट सार्वजनिक खर्चलाई उपलव्धीमूलक र नतिजामुखी वनाई समावेशी उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने चुनौती रहेको छ ।

### ३.४.१ सुझावहरू

समष्टिगत तहमा अपनाउन उपयुक्त हुने केही मूलभूत सुझावहरू निम्नानुसार प्रस्तुत गरिएको छ । आवधिक योजना अन्तर्गत वार्षिक कार्यक्रम वनाउँदा, आवधिक योजनालाई परिमार्जन गर्दा र आगामी आवधिक योजना तर्जुमा गर्दा यी सुझावहरूमा ध्यान दिनु वाञ्छनीय हुने देखिन्छ ।

- कोरोना लगायतका कारणहरूले गर्दा प्रदेशको आवधिक योजनाले लक्ष्य गरे अनुसार वार्षिक औषत ९.५ प्रतिशतको आर्थिक वृद्धिदर हाँसिल हुने गुन्जायस छैन । तसर्थ योजनालाई यथार्थ परक वनाउन "समृद्ध प्रदेश र खुसी नागरिक" को दीर्घकालीन सोचलाई यथावत राखे तापनि योजनाको आर्थिक वृद्धिदरको लक्ष्यलाई वार्षिक औषत ७ प्रतिशतमा घटाएर समायोजन गर्नु उपयुक्त हुने देखिन्छ । कोरोनावाट थलिएका व्यवसायहरूको पुनरुत्थानका निम्ति राहतको व्यवस्थालाई अझै केही समयसम्म निरन्तरता दिनुपर्ने देखिन्छ ।
- योजनाको आकारलाई घटाउने क्रममा हाल कार्यारम्भ नै नभएका परियोजनाहरूलाई औचित्यता र आवश्यकताको आधारमा हटाउने वा पर सार्ने (अर्को योजना सम्मको लागि स्थगित गर्ने) गर्नु उपयुक्त हुनेछ । योजनाको समायोजनको क्रममा परियोजनाहरूको छनोट गर्नुपर्दा स्रोत निश्चित भएको र प्रदेश स्रोतवाट संचालन हुने परियोजनाहरूलाई प्राथमिकतामा राख्नु उपयुक्त हुनेछ ।
- प्रदेश लेखा लगायत प्रदेश स्तरीय तथ्याङ्कहरू प्रदेशमै उपलव्ध हुने तथ्याङ्क प्रणालीको विकास र कार्यान्वयन तदारुकताका साथ हुन आवश्यक देखिन्छ । साथै प्रदेशको आर्थिक सर्वेक्षण, वार्षिक प्रतिवेदन र वजेट वक्तव्यमा प्रयोग गरिने तथ्याङ्कमा एकरुपता ल्याउनु पनि आवश्यक छ ।
- प्रदेशमा मन्त्रिमण्डल निमार्ण एवं मन्त्रालयगत कार्य विभाजनको कममा वारम्वार पोर्टफोलियो परिवर्तन भैरहँदा आवश्यक संस्थागत संरचनाको विकास र नीति निमार्ण नकारात्मक प्रभाव परेको पाइन्छ । मन्त्रालयहरू फुट्ने र जोडिने अवस्थाले गर्दा मन्त्रालयको वजेट विनियोजन र कार्यान्वयनमा ठुलो फरक आउने गर्नाले तथ्याङ्कहरूको

तुलनामा समस्या परेको छ । यसतर्फ पनि ध्यान जानु आवश्यक छ । साथै प्रदेशमा चुस्त एवं कामकाजी मन्त्रिपरिषद्को गठन तथा आवश्यक आधारभूत संस्थागत संरचना, कानून नियम, नीति, योजना निर्माणसंगै मन्त्रालयहरुको निर्माण गरी संस्थागत सवलीकरण लगायत संघीय तथा स्थानीय सरकारविच प्रभावकारी समन्वय गर्नु पर्दछ ।

- योजनामा प्रस्ताव गरेका कार्यक्रमका उपलव्धि सम्वन्धमा वार्षिक प्रतिवेदनहरुमा वेग्लै शिर्षकमा प्रस्तुत भएको पाइएन । योजनामा प्रस्ताव गरेका कार्यक्रमहरूको उपलव्धि वार्षिक प्रतिवेदनमा प्रस्तुत गरिनु पर्दछ ।
- काममा दोहोरोपनावाट हुने स्रोत साधनको नोक्सानी, जवाफदेहिताको अस्पष्टताले गर्दा काममा हुने ढिलाई आदि कमजोरीहरू हुन नदिन योजना तर्जुमामा संघ, प्रदेश र स्थानीय तहविच स्पष्ट र मजवुत समन्वय हुनुपर्दछ । आवश्यकताअनुसार अन्तर प्रदेश समन्वय पनि हुनु जरुरी छ । योजना तर्जुमा गर्ने क्रममा भौगोलिक र विषयगत क्षेत्रगतरुपमा सरोकारवालाहरूसँगको परामर्शलाई अझै वढाउनुपर्ने देखिन्छ । साथै योजनामा समावेश गरिएका कार्यक्रमहरूको मात्र होइन, नीतिहरूको समेत लागत आँकलन गर्ने अभ्यास गरिनु आवश्यक छ ।
- आयातमा निर्भर प्रदेश अर्थतन्त्रलाई आयात प्रतिस्थापनको माध्यमवाट आत्मनिर्भर अर्थतन्त्रमा रुपान्तरण गर्न आवश्यक अध्ययन गरी प्रोत्साहन वा अनुदान दिने व्यवस्था कार्यान्वयन गर्नु आवश्यक हुन्छ ।
- आर्थिक विकासको तीन खम्वा मध्ये एक मानिएको सहकारी क्षेत्रलाई परिचालन गर्नेतर्फ ध्यान जानु आवश्यक छ । सहकारीको नियमन प्रदेश सरकार मातहत हुने भएकोले यसलाई वास्तविक रुपमै विकासको खम्वा हुने गरी परिचालन गर्नेतर्फ प्रयास गरिनु उपयुक्त हुने देखिन्छ ।
- योजना कार्यान्वयनको निमित्त आवश्यक लगानी प्रवर्द्धन गर्न लगानीमैत्री व्यावसायिक वातावरणको विकास गर्नुपर्दछ । साथै प्रदेश स्तरमा वचत अभिवृद्धि गर्न ठोस नीति र कार्यक्रमको तर्जुमा गर्नु आवश्यक छ ।
- प्रदेश मन्त्रालयगत सूचना प्रणाली लगायत खर्चसँग सम्वन्धित प्रणालीहरूलाई तथ्यांकमूलक र एकिकृत प्रतिवेदनमूलक वनाउनुपर्ने, सार्वजनिक निजी सहकारी साझेदारी नियमावलीको तर्जुमा गर्ने, सार्वजनिक ऋणका सम्बन्धमा नीतिगत व्यवस्था गरी आवश्यक ऐन, कानुन तर्जुमा गर्नुपर्ने, आर्थिक ऐन तर्जुमा गर्दा सरोकारवाला निकायहरूसँग पर्याप्त अन्तरक्रिया र समन्वय गर्ने कार्यमा जोड दिनुपर्ने देखिन्छ । राजस्व असुल गर्ने निकायहरूविच सूचना आदानप्रदान र पर्याप्त समन्वय हुनुपर्ने, आन्तरिक राजस्वको सम्भावनाको अध्ययन गरी समयसापेक्ष दर र दायरा वढाउने तथा मन्त्रालयहरूको अनुगमन संयन्त्रलाई सुदृढ वनाउने जस्ता विषयमा ध्यान दिन आवश्यक देखिन्छ ।
- प्रदेशले आन्तरिक राजश्वका श्रोतहरूको रूपमा घरजग्गा तथा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, पर्यटन शुल्क, प्राकृतिक श्रोत

संकलन तथा विक्रि शुल्क र वातावरण तथा औद्योगिकीकरण व्यवस्थापन दस्तुरलाई लिइएको देखिन्छ । यस प्रदेशमा करको आधारहरू र दायरा वढाउने संभावना निकै नै रहेको हुँदा कर प्रशासनलाई समयसापेक्ष सुधार गर्दै राजश्व वृद्धिका लागि प्रयास गर्नुपर्ने देखिन्छ । स्थानीय, संघीय र प्रदेश स्तरमा एक आपसमा वाझिएका नियम, कानूनहरुले प्रदेशको राजश्व परिचालन कार्यमा प्रत्यक्ष प्रभाव परेको पाइन्छ । यस्ता नियम, कानुनहरुको संसोधन र थप आवश्यक नियम कानून व्यवस्थित गरी कार्यान्वयन गर्न सके आन्तरिक राजस्वको दायरा वढन् सक्ने देखिन्छ ।

- संभावनाको हिसावले शान्तिका अग्रदुत गौतम वुद्धको जन्मस्थल लुम्विनी, तिलौराकोट तथा थुप्रै बुद्धकालिन ऐतिहासिक र सांस्कृतिक महत्वका सम्पदाहरूका कारण अथाह संभावना रहेको यो प्रदेशको आवधिक योजना, वजेट, नीती तथा कार्यक्रमले कृषि, पशुपालन, पर्यटन, उद्योग, सेवा र व्यापारलाई प्रमुख क्षेत्रको रूपमा पहिचान गर्न सकिन्छ । लुम्विनी प्रदेशमा केही राष्ट्रिय गौरवका आयोजनाहरु संचालनमा छन् । यस प्रदेशमा ववई सिंचाई आयोजना, वुटवल ग्रीड जडीत सौर्य विद्युत आयोजना, गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना, सिक्टा सिंचाई आयोजना, सालझण्डी सन्धिखर्क ढोरपाटन सडक योजनाजस्ता प्रमुख आयोजनाहरुको कार्य भइरहेको छ । उपरोक्त आयोजना वाहेक हुलाकी लोकमार्ग, भेरी बबई डाइर्भसन वहुउद्देश्यीय आयोजना, लुम्विनी विकास कोष र लुम्विनी गुरुयोजना, नारायणगढ वुटवल सडक चौडा वनाउने योजना, आदि जस्ता महत्वपूर्ण आयोजनाहरू यस प्रदेशमा रहेका छन । यी आयोजनाहरूले प्रदेशको आर्थिक सामाजिक रूपान्तरणमा ठूलो योगदान पुऱ्याउने देखिन्छ ।
- प्रत्येक आ.व मा राजस्व असुलीको वार्षिक लक्ष्य निर्धारण भएपछि त्यसलाई मासिकरुपमा विभाजन गरी असुलीतर्फ परिचालन गर्ने र प्रत्येक महिना राजस्व असुलीको समीक्षा गरी लक्ष्यभन्दा वढी राजस्व प्राप्त गर्ने गरी आवश्यक कार्ययोजना वनाई सम्वन्धित निकाय र पदाधिकारीलाई जिम्मेवारी दिई जिम्मेवार गराउनुपर्छ ।
- वार्षिक विनियोजन वजेटमा कूल खर्चको अंश कम रहेको र पुँजीगत खर्च पनि सन्तोषजनक नभएकाले खर्च व्यवस्थापन र परिचालनसँग सम्वन्धित पदाधिकारीलाई नतिजा प्राप्त गर्न जिम्मेवार वनाउनु पर्दछ । पुँजीगत खर्च उच्च गतिमा लैजान सवै मन्त्रालयले ध्यान दिनुपर्दछ ।
- खर्च व्यवस्थापन र परिचालनसंग सम्वन्धित पदाधिकारीहरूले सम्पादन गरेको कार्यलाई प्राप्त गर्नुपर्ने नतिजासँग तुलना गरी निजहरूको कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रणाली बसाल्नु पर्दछ । राम्रो कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत र राम्रो कार्य सम्पादन नगर्ने कर्मचारीलाई दण्डित गर्नुपर्दछ ।
- अवन्डा वजेट विनियोजन गर्नु सुशासनको दृष्टिले त्यति राम्रो नमानिने भएकाले यसलाई निश्चित सीमाभित्र राख्नु पर्दछ ।

- वजेट तर्जुमा गर्दा पुँजीगत वजेट र चालु वजेट विचको अनुपात निश्चित सीमाभित्र रहने गरी नीति निर्माण हुनु पर्दछ ।
- आयोजना सफल रूपमा कार्यान्वयन गर्नका लागि विस्तृत सर्वेक्षण, ड्रोइङ्ग डिजाइन, लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी वजेट तर्जुमा गर्नुपर्दछ । आयोजना तर्जुमा, स्वीकृति र कार्यान्वयन, अनुगमन र मूल्याङ्कन कार्यतालिका वनाई कार्यान्वयनमा ल्याउनु पर्दछ ।
- मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विश्लेषण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत, संचालनमा लाग्ने अनुमानित समय र सोवाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक योजना र कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्दछ । आयोजनाको प्राथमिकीकरण यथार्थपरक वनाउनु पर्छ ।
- आयोजना कार्यान्वयनमा प्रभावकारिता हासिल गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफाको उपदफा २ मा उल्लेख भए अनुसारको आयोजना वैंक तयार गर्नुपर्दछ । आयोजना वैंकमा रहेका आयोजनाहरूलाई प्राथमिकताको क्रमअनुसार कार्यान्वयनमा लैजानु पर्दछ ।
- रकमान्तर गर्ने विषयमा ऐन कानुनमा भएको व्यवस्था पालन गर्नु पर्दछ । आर्थिक वर्षको पहिलो चौमासिक र तेस्रो चौमासिकको अन्तिम महिना ठुलो रकम, रकमान्तर गर्ने प्रचलनलाई निरुत्साहित र नियन्त्रण गर्नु पर्दछ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा संचित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्वन्धित व्यवस्थापिकावाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारले यसलाई ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।
- प्रदेश मन्त्रालय एवं निकायहरूले वार्षिक रुपमा सम्पादन गर्ने कार्यको कार्ययोजना तयार गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना, ठेक्का वन्दोवस्त, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण, सुपरिवेक्षण तथा अनुगमन कार्यलाई प्रभावकारी वनाउनु पर्दछ ।
- वजेट तथा कार्यक्रम तर्जुमा गर्दा आवधिक योजना, मध्यमकालीन खर्च संरचना, दिगो विकास लक्ष्यलाई मुख्य आधार मानी प्रस्तावित वजेटको पुस्ट्याईका लागि प्रस्तावित योजना, कार्यक्रम, कार्ययोजना, लगायतका विवरण तयार गरी वजेट प्रस्ताव गर्नुपर्दछ ।
- उपभोक्ता समितिवाट काम गराउन सकिने कानुनी व्यवस्था भएको सम्वन्धमा यस सम्वन्धी कार्यविधि तर्जुमा गरी उपभोक्ता समितिवाट काम गराउने कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।
- वित्तीय हस्तान्तरण सम्वन्धमा खर्च निकै कम देखिएकाले खर्च गर्ने क्षमता वृद्धि गर्नु पर्दछ । यसका अतिरिक्त प्रदेशको कूल ग्रार्हस्थ्य उत्पादनमा सङ्घीय वजेटवाट हस्तान्तरित अनुदानको लक्ष्य पुरा हुन सक्ने आधार नदेखिएकाले लक्ष्यमा पुन विचार गर्नुपर्ने देखिन्छ ।

### ३.५ उपसंहार

मूलतः कोरोनाको कारण योजनाको पूर्वार्धमा आर्थिक क्रियाकलापहरू शिथिल रहेकाले योजनाले लक्ष्य गरेअनुसार ९.५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुन सक्ने देखिएन । योजना अवधिमा वढीमा औसत वार्षिक २.७९ प्रतिशत मात्र वृद्धि हुन सक्ने देखिएको छ । यति हुँदा पनि देशको कूल ग्रार्हस्थ्य उत्पादनमा लुम्विनी प्रदेशको योगदान आ.व. २०७९/८० मा १४.२ प्रतिशत पुग्ने देखिन्छ । मूलतः द्वितीय क्षेत्रको योगदानलाई वढाई प्रदेशको अर्थतन्त्रको संरचनामा उल्लेखनीय परिवर्तन ल्याई कूल ग्रार्हस्थ्य उत्पादनमा औधोगिक क्षेत्रको योगदान करीव २० प्रतिशत पुऱ्याउने योजनाको लक्ष्य (आ.व. २०७९/८० मा १४.१३ प्रतिशत पुग्ने देखिन्छ) पनि पुरा हुने देखिँदैन । योजना अवधिको पहिलो चार वर्षमा कूल उत्पादनमा द्वितीय क्षेत्रको योगदान (१४.१३ प्रतिशत) आधार वर्षको योगदान १७.६ प्रतिशत भन्दा पनि कम देखिन्छ ।

योजनाले लक्ष्य गरेअनुसारको लगानी पनि जुट्न सक्ने देखिँदैन । लगानीको स्रोत वचत हो तर योजनाले वचतको लक्ष्य निर्धारण गरेको छैन र वचत प्रोत्साहित गर्ने ठोस नीति र कार्यक्रमहरू पनि छैन । प्रदेशको वचत सम्वन्धी तथ्याङ्क पनि उपलव्ध नभएको हुँदा नेपालको राष्ट्रिय वचतको तथ्याङ्कलाई प्रयोग गरी अनुमान गर्न सकिन्छ ।

आवधिक योजनाले योजनाको अन्तसम्ममा प्रदेशको प्रतिव्यक्ति आय १६०० यु.एस. डलर पुऱ्याउने लक्ष्य राखेकोमा आर्थिक वर्ष २०७९/८० मा ११२६ यू.एस. डलर पुग्ने अनुमान रहेको छ जुन राष्ट्रिय औसत प्रतिव्यक्ति आयभन्दा कम हो । उत्पादन र रोजगारी लक्ष्य अनुसार वृद्धि हुन नसकेको परिप्रेक्ष्यमा प्रतिव्यक्ति आय पनि लक्ष्यअनुसार वढ्ने अपेक्षा गर्न सकिँदैन ।

यसरी उत्पादन, लगानी, रोजगारी, आय आदि अर्थतन्त्रका प्रायः सवै प्रमुख सूचकहरूको प्रगति लक्ष्यअनुसार हुन नसक्नुमा मूलतः कोरोनाकै प्रभाव देखिन्छ । कोरोनाको कारणले प्रायः सवैजसो सङ्गठित व्यवसायिक प्रतिष्ठानहरूलाई असर पारेको र कामदारले पनि आफ्नो रोजगारी गुमाउनु परेको देखिन्छ ।

# परिच्छेद ४

# विषयगत आर्थिक क्षेत्र

## ४.१ कृषि, सहकारी र जडीवुटी

### ४.१.१ पृष्ठभूमि

कृषि नेपालको आय र रोजगारी महत्वपूर्ण उपक्षेत्र हो । प्रदेश अर्थतन्त्रमा कृषिको प्रमुख स्थान रहेको छ । योजनाको आधार वर्ष आर्थिक वर्ष २०७५/७६ मा प्रदेशको कूल ग्रार्हस्थ उत्पादनमा कृषिको योगदान ३०.९ प्रतिशत थियो । यसै पृष्ठभूमिमा कृषिमा प्राथमिकताको साथ लुम्विनी प्रदेशको प्रथम आवधिक योजना वनी कार्यान्वयनमा रहेको छ । यस प्रदेशका करिव दुई तिहाइ जनताको जीविकोपार्जनको माध्यम कृषि रहेको छ । यहाँका तराईका जिल्लाहरू खाद्यान्न, दलहन तथा तेलहन वाली उत्पादन र पहाडी तथा हिमाली जिल्लाहरू तरकारी तथा फलफूल खेतीका लागि उपयुक्त मानिन्छन् । कफी, कपास र उखु यस प्रदेशका प्रमुख नगदेवाली हुन् । मौरीपालन यहाँको अर्को आर्थिक संभावना वोकेको क्षेत्र मानिन्छ । यो प्रदेशमा खाद्यान्न र तरकारीमा आत्मनिर्भर भई केही वचत गर्न सक्ने अवस्थामा रहेको छ । फलफूल र खाने तेलको हकमा भने माग धान्न आन्तरिक उत्पादनले पुगिरहेको अवस्था छैन ।

नेपालको संविधान अनुसार प्रदेशको अधिकार सूचि भित्र कृषि तथा पशु विकास र स्थानीय तहको अधिकार क्षेत्रभित्र कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण रहेको छ । साथै, तीनै तहको साझा अधिकार सूचि भित्र पनि कृषि क्षेत्र रहेको छ । प्रदेश सरकारको कार्यजिम्मेवारीमा कृषि, पशुविकास तथा खाद्य र पोषणसम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, कृषि तथा पशुपक्षीजन्य रोग किरा एवम् महामारी नियन्त्रण, कृषि औद्योगिकीकरण, पशुपक्षी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन, कृषि तथा पशु यान्त्रीकरण र उन्नत औजार विकास तथा विस्तार, राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन, कृषि तथा पशु रोगको निदान प्रयोगशाला व्यवस्थापन र नियमन, कृषि उपज, पशुपक्षी, पशुपक्षीजन्य पदार्थ र पशु उत्पादन सामग्रीको गुणस्तर निर्धारण र नियमन, कृषिजन्य वस्तु, सेवा र प्रविधिको सम्वद्धता, स्तरीयकरण, गुणस्तर निर्धारण र प्रमाणीकरण, विउ विजन एवम् नश्लसम्वन्धी गुणस्तर निर्धारण र नियमनसम्वन्धी कार्य समावेश भएका छन् । त्यसवाहेक चरन तथा खर्कसम्वन्धी प्रादेशिक नीति, कानुन र नियमन, प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुता, कृषिसम्वन्धी प्रादेशिक तथ्याङ्क प्रणाली, अध्ययन, अनुसन्धान, स्रोत संरक्षण, विकास र विस्तार तथा सामूहिक खेती प्रणाली, कृषि तथा पशुपक्षी एवम् खाद्य प्रविधिसम्वन्धी अध्ययन, अनुसन्धान विकास र प्रवर्द्धन, कृषि मल, विउ र विषादी आपूर्ति व्यवस्था र नियमन, कृषि, पशुपक्षी तथा खाद्यसम्वन्धी प्रादेशिक प्रयोगशाला विकास र व्यवस्थापन, कृषिप्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण, कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन, कृषि र पशुपक्षी विमासम्वन्धी योजना र

कार्यान्वयन, कृषि वजार र पूर्वाधार विकास र सञ्चालन, कृषि फार्म केन्द्रहरूको विकास र व्यवस्थापनजस्ता कार्यहरू समेत पर्दछन् ।

आवधिक योजनाले कृषिलाई अग्रणी उपक्षेत्रको रुपमा लिई आधुनिक, विशिष्टिकृत एवं व्यावसायिक कृषिलाई प्रदेशको विकासको प्रमुख चालकको रुपमा अंगीकार गरेको छ । आवधिक योजनाले "कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र औद्योगिकीकरणवाट प्रदेशको समृद्धिमा योगदान" भन्ने कृषि क्षेत्रको दीर्घकालीन सोच र कृषि क्षेत्रलाई प्रतिस्पर्धी, व्यावसायिक र सम्मानजनक पेशाको रूपमा रूपान्तरण गर्ने लक्ष्य निर्धारण गरेको छ ।

### ४.१.२ उपलब्धि विश्लेषण

उपलब्धि विश्लेषणलाई कृषि क्षेत्रको नीतिगत, यस क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु सम्वन्धी र परिमाणात्मक उपलब्धि गरी तीन भागमा विभाजन गरी विश्लेषण गरिएको छ ।

#### ४.१.२.१ नीतिगत उपलब्धि

**कृषि विकास**

आवधिक योजनामा कृषि विकास सम्वन्धी १० ओटा रणनीति र ४८ ओटा कार्यनीति निर्धारण गरिएका छन् । जसमध्ये ३७ ओटा कार्यनीति केहि हदसम्म सम्वोधन भएका छन् ।

कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा र प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने रणनीतिअन्तर्गत् ११ ओटा कार्यनीति लिइएकोमा ६ ओटा कार्यान्वयनमा आउन सकेका छैनन् । समग्र कृषि तथा पशुपन्छी विकास सम्वन्धी कार्यक्रम संचालन गर्न कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७९ जारी भएको अवस्था छ । उच्च मूल्यका कृषि उपजहरूको उत्पादन वृद्धि गर्न प्रारम्भ गरिएको स्मार्ट कृषि गाउँ कार्यक्रमलाई विस्तार गरिने कार्यनीतिका सम्वन्धमा स्मार्ट कृषि गाउँ कार्यक्रम संचालन कार्यविधि २०७८ र च्याउ ग्राम स्थापना कार्यक्रम कार्यान्वयन विधि २०७६ जारी गरी लागु गरिएको छ । यसैगरी गुणस्तरीय उन्नत वीउ तथा विरूवाको सहज उपलब्धताका लागि वाली विशेष श्रोतकेन्द्रहरूको स्थापना गरिने कार्यनीति लिइएकोमा वीउभण्डार गृह (वीउ वैंक) स्थापना तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०७६ कार्यान्वयनमा ल्याइएको छ । सामुहिक तथा सहकारीमार्फत व्यावसायिक कृषिलाई प्रोत्साहन गरिने कार्यनीतिका सम्वन्धमा सहकारी खेती स्किम र सहकारी खेती साना सिंचाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ र स्थानीय तह र सहकारीको सहकार्यमा चक्लावन्दी सहितको नमूना फार्म स्थापना कार्यक्रम संचालन कार्यविधि २०७६ जारी गरी सहजीकरण गरेको देखिन्छ । यसैगरी प्राकृतिक विपत्तिवाट कृषि उपजमा हुने हानि नोक्सानीको क्षतिपूर्ती दिने व्यवस्था गर्ने कार्यनीति लिइएकोमा वाली उत्पादनोपरान्त क्षति न्यूनिकरण तथा गुणस्तरीय कृषि वस्तु उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५, कृषि तथा पशुपन्छी क्षेत्रमा विपद् व्यवस्थापन कार्यविधि २०७६, कोभिड विशेष कृषि कार्यक्रम २०७७ र स्थानीय तह मार्फत सञ्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ लागु गरिएको छ ।

सिंचित क्षेत्रको विस्तारसंगै सघन वाली प्रणाली अवलम्वन गर्न प्रोत्साहित गरिने, माटो, मल तथा वालीपरीक्षण प्रयोगशाला स्थापना तथा सुदृढीकरण गरी स्वस्थ वाली उत्पादन गरिने, वाली विशेष खुल्ला सेचित तथा वर्णशंकर प्रकृतिका वीउ उत्पादनलाई उच्च प्राथमिकतामा राखी सहकारी र निजी क्षेत्रलाई वीउ उत्पादनतर्फ आकर्षित गर्न प्रदेशस्तरीय आवश्यक कानूनी व्यवस्था गरिने, कृषि क्षेत्रको उत्पादन वृद्धि र उत्पादन लागत कम गर्नका लागि नियमित अनुसन्धान गरिने, कृषि तथा खाद्य पोषणसम्वन्धी प्रादेशिक नीति, कानून तथा गुणस्तर मापदण्ड वनाई खाद्य उत्पादन कम हुने तथा खाद्यसुरक्षाको हिसावले असुरक्षित भएका क्षेत्रमा स्थानीय स्तरमै उत्पादन हुनसक्ने कृषिजन्य वस्तुको उत्पादन र उपयोगमा जोड दिइने, स्वस्थ र षोषणयुक्त खानपानको वारेमा जनचेतनामूलक कार्यक्रम संचालन गरिने र कृषिमा जोखिम न्यूनीकरणका लागि कृषि वीमा कार्यक्रम विस्तार गरिने भन्ने जस्ता कार्यनीति कार्यान्वयनमा आउन सकेका छैनन् ।

कृषि क्षेत्रलाई लैङ्गिकमैत्री र समावेशीकरणका साथै आधुनिकीकरण, व्यावसायीकरण र औद्योगिकीकरण गरी रोजगारी र आय वृद्धि गर्ने रणनीतिअन्तर्गत् ९ वटा कार्यनीति लिइएकोमा ३ वटा कार्यान्वयनमा आउन सकेका छैनन् । लोकमार्ग र उत्तर दक्षिणका सहायक मार्गका आसपासका संम्भाव्य क्षेत्रहरूमा वढी मोल जाने कृषि वस्तु उत्पादनमा विशेष प्राथमिकता दिइने भन्ने कार्यनीतिका सम्वन्धमा रोड कोरिडोर/राजमार्ग लक्षित तथा मिसन (आलु र मकै वाली) कार्यक्रम सञ्चालन विधि २०७७ ल्याई कार्यान्वयनमा आएको पाइन्छ । कृषि उपजहरूको प्रशोधन गरी मूल्य अभिवृद्धि गर्न कृषिजन्य उद्योगहरू स्थापनाका लागि नीतिगत व्यवस्था गरी अनुदान सहयोग गरिने भन्ने कार्यनीति लिइएकोमा कृषि व्यवसायका लागि कृषि मन्त्री कार्यक्रम सञ्चालन निर्देशिका २०७५, कृषिजन्य वस्तुको प्रशोधन, उद्योग स्थापना तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०७६, प्राङ्गारिक मल उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७६, सिताके च्याउ उत्पादन उद्योग स्थापना र सञ्चालन विधि २०७७ जारी गरी सहजीकरण गरेको देखिन्छ । यसैगरी कृषि क्षेत्रको व्यावसायीकरण र यान्त्रिकीकरणको लागि अनुदान दिने कार्यनीतिका सम्बन्धमा विभिन्न अनुदान कार्यक्रमहरु जस्तै शीत भण्डार निर्माण अनुदान कार्यक्रम कार्यविधि २०७५, कृषि अनुदान कोष सञ्चालन कार्यविधि २०७५, च्याउ वीउ उत्पादन गर्ने व्यक्ति/समूह/सहकारीलाई अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५, दोहोरो अनुदान नियन्त्रण सञ्चालन विधि २०७८, भूमिहीन किसानका लागि करार खेतीमा अनुदान उपलव्ध गराउनेसम्वन्धी कार्यविधि २०७५, मागमा आधारित अनुदान कार्यक्रम कार्यविधि २०७५, कृषि यान्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५, कृषि उपजको ग्रेडिङ्ग, प्याकेजिङ्ग तथा लेवलिङको लागि अनुदान सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६, कृषि यन्त्र उद्योग स्थापना अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०७६, प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७६, कृषि उद्यमी अनुदान सहयोग कार्यक्रम संचालन प्रकिया २०७६ र भावी किसानका लागि सहयोगी कार्यक्रम सञ्चालन कार्यविधि २०७५ जारी गरी कार्यान्वयनमा ल्याइएको पाइन्छ । व्यावसायिक कृषि

फर्महरू खोल्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गरी संस्थागत रोजगारी सिर्जना हुने वातावरण वनाइने भन्ने कार्यनीतिका सम्वन्धमा कृषिकर्मी रोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७८ ल्याइएको पाइन्छ । कृषि क्षेत्रको विकासको लागि स्थानीय तह र संघसँग समन्वय गरिने भन्ने कार्यनीतिका सम्वन्धमा स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम सञ्चालन कार्यविधि २०७६ र स्थानीय तहको साझेदारीमा सार्वजनिक जग्गामा फलफुल तथा पुष्पवाटिका निर्माण कार्यक्रम सञ्चालन कार्यविधि २०७६ संचालनमा ल्याइएको छ । स्थानीय तहसँगको सहकार्यमा लैङ्गिकमैत्री कृषिकर्मी रोजगारीका माध्यमवाट कृषि विकासका कार्यक्रमहरू संचालन गर्नका लागि आवश्यक नीति नियम तय गरी कार्यान्वयन गरिने भन्ने कार्यनीति लिइएकोमा कृषि कर्मी रोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७८ जारी गरिएको छ ।

कृषि सम्वन्धि प्रादेशिक तथ्याङ्क प्रणालीलाई व्यवस्थित एवम् अद्यावधिक गरिने, स्थानीय तहको सहकार्यमा नदीको वगरमा उपयुक्त खेती प्रवर्द्धन गरिने र महिला तथा सीमान्तकृत लक्षित कृषि आयोजना संचालन गरी कृषि लगानी तथा उत्पादनमा महिलाको अर्थपूर्ण पहुँच तथा स्वामित्व वढाइनेछ भन्ने जस्ता कार्यनीति कार्यान्वयनमा आउन सकेका छैनन् ।

भूमिको खण्डीकरण रोकी कृषि भूमिको संरक्षण गर्ने रणनीतिअन्तर्गत् खेतीयोग्य जग्गाको खण्डीकरण रोक्नका लागि आवश्यक नीति तय गरी भूमि वैंकको स्थापना गर्ने, जग्गा बाँझो नराख्ने नीति अवलम्वन गरी बाँझो जमिन व्यवस्थापनका लागि करारमा जमिन लिएर खेती गर्ने कृषक तथा व्यवसायीलाई प्रोत्साहन गर्ने र कृषिभूमि संरक्षण गर्न भू-उपयोग योजना तर्जुमा गरी लागु गर्ने समेत गरी ३ ओटा कार्यनीति लिइएकोमा ३ ओटै कार्यान्वयनमा आउन सकेका छैनन् ।

सहुलियत कृषि ऋृण र कृषि शिक्षाको पहुँचमा अभिवृद्धि गर्ने रणनीतिअन्तर्गत् ४ वटा कार्यनीति लिइएकोमा २ वटा कार्यान्वयनमा आउन सकेका छैनन् । सहुलियत रूपमा कृषि ऋृण उपलव्ध हुने व्यवस्था गरी व्याजमा अनुदान कार्यक्रम लागु गर्ने कार्यनीतिसम्वन्धमा शुलभ कर्जा सहजीकरण तथा व्याजमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७६ जारी गरिएको छ । यसैगरी कृषि प्राविधिक शिक्षालयहरूको क्षमता विकासका लागि सहयोग गरिने भन्ने कार्यनीति लिइएकोमा कृषि प्राविधिकधारका विद्यालयमा अनुदान सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ र कृषकसँग कृषि विद्यार्थी कार्यक्रम संचालन प्रक्रिया २०७६ जारीगरी कार्यान्वयनमा ल्याइएको छ ।

शैक्षिक प्रमाणपत्रको धितोमा युवायुवतीहरूलाई कृषि व्यवसाय शुरू गर्न सहुलियत पूर्ण ऋृणको व्यवस्था गर्ने र कृषिवस्तु उत्पादन र निर्यात गरी आयात प्रतिस्थापनमा टेवा पुर्याउने व्यवसायिक फर्म वा कम्पनीलाई प्रतिफलमा आधारित अनुदान कार्यक्रम संचालन गर्ने जस्ता कार्यनीति कार्यान्वयनमा आउन सकेका छैनन् ।

कृषि प्रविधि प्रसार प्रणालीलाई सवल र प्रभावकारी वनाउन कृषि अनुसन्धान र कृषि शिक्षासँगको समन्वय र साझेदारीका कार्यक्रमहरू सचालन गर्ने रणनीतिअन्तर्गत् ४ ओटा

कार्यनीति लिइएकोमा ३ ओटा कार्यान्वयनमा आउन सकेका छैनन् । वि.एस्सी. कृषि अध्ययनरत केही विद्यार्थीलाई उद्यमशीलता विकासका लागि आर्थिक सहयोग गर्ने कार्यनीतिसम्वन्धमा कृषि तथा पशु विषय अध्ययन गरेका युवाहरुलाई उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि २०७६ कार्यान्वयनमा ल्याइएको छ । स्थानीय तहको सहभागितामा कृषि विश्वविद्यालय र यसका आंगिक क्याम्पस, कृषि अनुसन्धान केन्द्र र कृषि फार्महरूको कमाण्ड क्षेत्र तोकी कृषकको प्रविधिमाथिको पहुँचलाइ विस्तार गर्ने, कृषि व्यवसाय र यस सम्वन्धी सेवा प्रवाह प्रक्रियालाई प्रविधिमैत्री वनाउने र कृषकहरूलाई नियमित तालिम प्रदान गर्ने व्यवस्थाको लागि स्थानीय स्तरमा कृषि पाठशाला संचालन गर्ने जस्ता कार्यनीति कार्यान्वयनमा आउन सकेका छैनन् ।

कृषि क्षेत्रवाट हुने युवा पलायन रोकी कृषिलाई आकर्षित र सम्मानित पेशाको रूपमा विकास गर्ने रणनीतिअन्तर्गत् २ ओटा कार्यनीति लिइएकोमा एउटा कार्यान्वयनमा आएको छ । कृषकहरूलाई सामाजिक सम्मान प्रदान गर्ने व्यवस्था गरी उत्कृष्ट कृषकहरूलाई प्रादेशिक पुरस्कार प्रदान गर्ने कार्यनीति लिइएकोमा उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ जारीगरी कार्यान्वयनमा ल्याइएको छ । पूर्णकालीन व्यावसायिक कृषकहरूलाई कृषक परिचय पत्र प्रदान गरी त्यस्ता कृषकहरूलाई सरकारी सहुलियत प्रदान गर्ने कार्यनीति कार्यान्वयनमा आउन सकेको छैन ।

रासायनिक मल तथा विषादीको उचित प्रयोग गर्दै प्राङ्गारिक कृषि उत्पादनलाई प्रोत्साहन गर्ने रणनीतिअन्तर्गत् विषादीहरूको असन्तुलित र अनियन्त्रित प्रयोग रोक्न कृषिजन्य व्यापारिक केन्द्रहरूमा द्रुततर विषादी अवशेष परीक्षण प्रयोगशाला स्थापना गर्ने, कृषिमा प्रयोग हुने विषादीको स्वास्थ्यमा पर्ने गम्भीर असरहरूका वारेमा कृषक तथा जनसमुदायलाई अभिमूखिकरण गर्ने, गुणस्तरीय कृषि उत्पादन र उपभोगका वारेमा कृषक तथा उपभोक्ताहरूलाई सचेतनाको कार्यक्रम संचालन गर्ने र पर्यटनलाई समेत टेवा पुग्नेगरी स्थानीय पोषणयुक्त वालीहरूको प्राङ्गारिक उत्पादनका लागि पकेट क्षेत्र विकास कार्यक्रम लागु गर्ने गरी ४ ओटा कार्यनीति लिइएकोमा प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७६, जैविक तथा वानस्पतिक विषादी उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६, प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७६ र प्राङ्गारिक मल उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७६ र कृषि पर्यटन प्रवर्द्धन मार्फत आय आर्जनमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ जारी गरी कार्यान्वयन गरिएको छ ।

किसानलाई कृषि उपजको उचित मूल्य प्रदान गर्न कृषि वजार प्रवर्द्धन गर्ने रणनीतिअन्तर्गत् ५ वटा कार्यनीति लिइएकोमा २ ओटा कार्यान्वयनमा आउन सकेका छैनन् । कृषिउपज खरिद विक्रीमा विचौलियाको भूमिका कम गरी किसानहरूलाई उचित मूल्य उपलव्ध गराउन संकलन केन्द्र, सहकारी पसल तथा हाट वजारहरूको व्यवस्था गर्ने कार्यनीति लिइएकोमा कृषि उपज वजार स्थलको व्यवस्थापन तथा सञ्चालन निर्देशिका २०७५, मागमा आधारित कृषि उपज

वजार पूर्वाधार निर्माण तथा संचालन कार्यविधि, २०७६, एग्रोमार्ट स्थापना कार्यक्रम सञ्चालन कार्यविधि २०७६ र कोशेली घर स्थापना सञ्चालन विधि २०७७ जारी गरिएको छ । वाली विशेषका उत्पादन पकेट क्षेत्र विकास गरी उत्पादनको मात्रा वढाउँदै वजारलाई व्यवस्थित गर्ने कार्यनीति सम्वन्धमा मिल्दोजुल्दो च्याउ ग्राम स्थापना कार्यक्रम कार्यान्वयन विधि २०७६ र मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि २०७६ जारी गरी कार्यान्वयन गरिएको छ । यसैगरी शीत भण्डार तथा खाद्यान्न भण्डार निर्माण गरी कृषि उपजको भण्डारण क्षमता वढाउने कार्यनीति अनुरुप शीत भण्डार निर्माण अनुदान कार्यक्रम कार्यविधि २०७५ र खाद्यान्न भण्डार घर निर्माण/सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०७६ जारी गरी कार्यान्वयनमा ल्याइएको छ । कृषि उपजको अन्तरप्रदेश तथा अन्तरदेशीय व्यापारलाई व्यवस्थित गर्नका लागि आवश्यक प्रदेशस्तरीय नीति निर्माण गर्ने र मुख्य कृषि उपजको न्यूनतम समर्थन मूल्य तोकी क्रमशः कार्यान्वयन गर्ने भनिएको कार्यनीति कार्यान्वयनमा आउन सकेको छैन ।

परम्परागत कृषि ज्ञान, सिप, प्रविधिका साथै रैथाने वाली तथा जैविक विविधतालाई संरक्षण र प्रवर्द्धन गर्ने रणनीतिअन्तर्गत् ४ ओटा कार्यनीति लिइएकोमा २ ओटा कार्यान्वयनमा आउन सकेका छैनन् । कृषकस्तरमा हुने वीउ संरक्षणको लागि विशेष व्यवस्था गर्ने कार्यनीति सम्वन्धमा वीउभण्डार गृह (वीउ वैंक) स्थापना तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०७६ कार्यान्वयन गरिएको छ भने रासायानिक मल र विषादीको उचित प्रयोगमा जागरण फैलाउँदै जैविक विषादी र प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गर्ने कार्यनीति लिइएकोमा जैविक तथा वानस्पतिक विषादी उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७६ र प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७६ जारी गरी कार्यान्वयनमा ल्याइएको छ । स्थानीय स्तरमा भएका उपयोगी ज्ञान सिप र जैविक प्रविधिलाइ संरक्षण र प्रवर्द्धन गर्न प्रोत्साहन गर्ने र वढी मोल जाने र पोषणयुक्त स्थानीय वाली वस्तुहरूको संरक्षण तथा उत्पादन प्र्वर्द्वन गर्ने कार्यनीति कार्यान्वयनमा आउन सकेको छैन ।

व्यावसायिक पुष्प खेतीको प्रवर्द्धन गर्ने रणनीतिअन्तर्गत् आयातित पुष्पहरूको प्रयोगलाई निरूत्साहित गर्दै स्वदेशी पुष्प उत्पादनको वजार विस्तार गर्ने र पुष्प व्यवसायको सम्भाव्यता अध्ययनका साथै पकेट क्षेत्र निर्धारण गरी व्यावसायिक रूपमा गर्ने व्यवस्था गरिने गरी २ ओटा कार्यनीति लिइएकोमा पुष्प व्यवसायी संघको सहकार्यमा पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि २०७७ जारी गरी कार्यान्वयनमा ल्याइएको छ ।

**पशुपन्क्षी विकास**

कृषि, पशु र पन्क्षीपालन एक आपसमा परिपूरकको रूपमा रहेका हुन्छन् । मानिसहरूको खाद्य पोषणका लागि खाद्यान्नका अतिरिक्त दूध, माछा, मासु र अण्डाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस प्रदेशको सवै जिल्लाहरू पशु तथा पन्क्षीपालनकालागि अनुकूल रहेका छन् । यस

प्रदेशमा कुखुरापालन, अष्ट्रिचपालन, खरायोपालन, टर्कीपालन  र दुग्ध उत्पादनले आंशिक रूपमा व्यावसायिक रूप धारण गर्दै गरेको पाइन्छ ।

आवधिक योजनामा पशुपन्क्षी विकास सम्वन्धी ५ ओटा रणनीति र सोअन्तर्गत् २४ ओटा कार्यनीति निर्धारण गरिएका छन् । जसमध्ये २१ ओटा कार्यनीति सम्वोधन भएका छन् । आवधिक योजनाले “आधुनिक र व्यावसायिक पशुपन्क्षीपालनवाट प्रदेशको आर्थिक समृद्धि” भन्ने पशुपन्क्षी विकाससम्वन्धी दीर्घकालीन सोच र “स्वच्छ र गुणस्तरीय पशु तथा पन्क्षीजन्य उत्पादन वृद्धि गरी आत्मनिर्भर हुँदै निर्यात प्रवर्द्धन गर्ने” लक्ष्य निर्धारण गरेको छ ।

पशुपन्क्षीपालनलाई व्यावसायिक, प्रविधियुक्त र प्रतिस्पर्धी वनाई उत्पादन र उत्पादकत्व वढाउन उत्प्रेरित गर्ने रणनीतिअन्तर्गत् १० ओटा कार्यनीति लिइएकोमा ९ ओटा कार्यान्वयनमा आउन सकेका छैनन् ।

व्यावसायिक पशुपन्क्षीका आधुनिक फार्महरू खोल्न प्रोत्साहन तथा सहयोग गर्ने कार्यनीति लिइएकोमा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७६, कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७९, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन तथा लक्षित समुदाय क्षमता अभिवृद्धि कार्यविधि २०७८, कृषि तथा पशुपन्छी सम्वन्धी अभियानमुखी मिशन कार्यक्रम संचालन कार्यविधि २०७६ र पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन विधि २०७७.जारी गरिएको छ । तर उच्च प्रतिफल दिने उन्नत नश्लका पशुपन्क्षीको श्रोतकेन्द्र स्थापना गर्ने, पशुपन्क्षीपालनको लागि आवश्यक दाना उद्योग निर्माण गर्न सहुलियतपूर्ण ऋणको व्यवस्था गर्ने, पशुपन्क्षीपालन व्यवसायलाई यान्त्रिकीकरण गर्न सहयोग प्रदान गर्ने, उच्च मूल्य पर्ने स्थानीय नश्ल तथा नविनतम पशुपन्छी पालनलाई सहयोग गर्ने, कृत्रिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुहरूको संख्यामा वृद्धि गर्ने, पशुपन्छीको दानामा प्रयोग हुने मकै, भटमास जस्ता वालीहरू र घाँस खेतीको प्रवर्द्धन गरी गुणस्तरीय पशुआहाराको उपलन्धता गर्ने, बाँझो जमिन, सामुदायिक तथा कवुलियत वनहरूमा घाँस उत्पादन गर्न प्रोत्साहित गर्ने, पशुपालनसम्वन्धी शिक्षालाई सर्वसुलभ वनाईने र पशुपन्छीपालन तथा यससम्वन्धी सेवा प्रवाहलाई प्रविधिमैत्री वनाईने कार्यनीति कार्यान्वयनमा आउन सकेको छैन ।

पशुपन्क्षी व्यवसायको लागि आवश्यक स्वास्थ्य सेवा उपलव्ध गराउने रणनीतिअन्तर्गत् मानव स्वास्थलाई प्रत्यक्ष असर गर्न सक्ने पशुजन्य उत्पादनलाई स्वस्थ र गुणस्तरीय हुनुपर्ने कुरामा सर्वसाधारणमा जनचेतना जगाउदै पशुजन्य उत्पादनमा एन्टीवायोटिकको अनावश्यक प्रयोगलाई निरूत्साहित गर्ने, पशुस्वास्थ्य उपचारका लागि भेटेरीनरी अस्पताल, भेट एम्वुलेन्सका साथै पशु सेवा केन्द्रहरूको पहुँच विस्तार गर्ने, पशुपन्छी स्वास्थ उपचारका लागि प्रदेशस्तरमा पशुपन्क्षी रोग अन्वेषण प्रयोगशाला, स्थानीय स्तरमा सुविधा सम्पन्न पशुपन्छी चिकित्सालयहरूको स्थापनाका लागि प्रोत्साहन एवम् सहयोग गर्ने र  पशु स्वास्थ्यको सम्वर्द्धनमार्फत पशु तथा पशुजन्य उत्पादनवाट मानवमा सर्न सक्ने रोगहरूको नियन्त्रणका लागि One Health Approach को अवधारणा अवलम्वन गर्ने गरी ४ ओटा कार्यनीति लिइएकोमा कार्यान्वयनमा आउन सकेका छैनन् ।

पशुपन्क्षी व्यवसायको वजार प्रवर्द्धन गर्ने रणनीतिअन्तर्गत् पशुपन्क्षीको वजार स्थापना र प्रवर्द्धन सहयोग गर्ने, उच्च मूल्यका निर्यातमूलक पशुपन्छीजन्य पदार्थको उत्पादन तथा मूल्य अभिवृद्धिमा आधारित उद्योग स्थापना साथै पशुवधशालाहरू निर्माणमा सहयोग पुऱ्याउने, मिल्क होलिडे हुन नदिन पाउडर र अन्य दुग्ध पदार्थ वनाउन स्थापना गरिने उद्योगहरूलाई सहयोग गरिने, 'वधशालादेखि भान्छासम्म' स्वच्छ र स्वस्थ मासु, 'गोठदेखि ओठ सम्म' स्वच्छ र स्वस्थ दूध कार्यक्रम अभियानका रूपमा संचालन गर्ने समेत गरी ४ ओटा कार्यनीति लिइएकोमा आंशिकरुपमा कार्यान्वयनमा आएका छन् ।

युवाहरूलाई आकर्षित गर्न पशुपन्क्षी व्यवसायका लागि विशेष सहुलियत प्रदान गर्ने रणनीतिअन्तर्गत् २ ओटै कार्यनीति कार्यान्वयनमा आएका छन् । पशुपालनमा युवाहरूलाई आकर्षण गर्न सिप विकास, सहुलियतपूर्ण ऋण एवम् अनुदानको व्यवस्था गर्ने कार्यनीति लिइएकोमा कृषि तथा पशु विषय अध्ययन गरेका युवाहरुलाई उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि २०७६ कार्यान्वयनमा ल्याइएको छ भनें दूध, अण्डा र मासु उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम लागु गरिने कार्यनीति लिइएकोमा खाशै कार्यान्वयनमा आउन सकेको देखिदैन ।

पशुपालन व्यवसायमा रहेका जोखिमहरूलाई न्यूनीकरण गर्दै स्थानीय नस्ललाई संरक्षण गर्ने रणनीतिअन्तर्गत् पशु वीमालाई प्रभावकारी वनाइ जोखिम न्यूनीकरण गरिने, स्थानीय तहको सहकार्यमा छाडा पशु व्यवस्थापनका लागि उचित प्रवन्ध मिलाइने, प्रदेशका रैथाने घर पालुवा पशुपन्छी तथा तिनका जंगली प्रजातिको आनुवांशिक श्रोत संरक्षण तथा सम्वर्द्धन गरिने र पशुकल्याण ऐन वनाई लागु गरिने जस्ता ४ ओटा कार्यनीति लिइएकोमा कार्यान्वयनमा आउन सकेको देखिदैन ।

**मत्स्य विकास**

आवधिक योजनामा मत्स्य विकास सम्वन्धी ६ वटा रणनीति र सोअन्तर्गत् २२ वटा कार्यनीति निर्धारण गरिएका छन् । जसमध्ये १८ वटा कार्यनीति सम्वोधन भएका छन् ।

आवधिक योजनाले "माछामा आत्मनिर्भर एवम् पोषण सूरक्षामा सुधार" भन्ने पशुपन्क्षी विकाससम्वन्धी दीर्घकालीन सोच र "मत्स्य उत्पादन, उत्पादवत्व एवम् उपभोग वृद्धि गर्ने" लक्ष्य निर्धारण गरेको छ ।

माछा उत्पादन पकेट क्षेत्र पहिचान, विस्तार र प्रवर्द्धन गर्ने रणनीतिअन्तर्गत् ३ वटा कार्यनीति लिइएकोमा १ वटा कार्यान्वयनमा आउन सकेको देखिदैन ।

संघीय स्तरवाट भइरहेका आयोजनासँग तारतम्य मिलाई माछा पकेट क्षेत्र निर्धारण गर्ने कार्यनीति लिइएकोमा मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि २०७६ जारी गरिएको पाइयो । प्रयोगमा नआएका जग्गालाई करारमा लिइ माछापालन गर्नका लागि प्रोत्साहन गर्ने र माछा व्यवसायलाई जोखिममुक्त वनाउनका लागि वीमा नीति ल्याउने कार्यनीति कार्यान्वयनमा आएको देखिएन ।

यान्त्रिकीकरण, आधुनिकीकरण, प्रतिस्पर्धी र प्रविधियुक्त व्यवसायका रूपमा मत्स्य पालनलाई विस्तार गर्ने रणनीतिअन्तर्गत् १० ओटा कार्यनीति लिइएकोमा ९ ओटा कार्यान्वयनमा आउन सकेको देखिदैन ।

माछापालनसम्वन्धी व्यवसायीलाई प्राविधिक सहयोग उपलव्ध गर्ने कार्यनीति सम्वन्धमा माछामारी जीविकोपार्जन गर्ने समुदायको क्षमता अभिवृद्धि गरी प्रादेशिक नदी प्रणालीमा जलीय जीव संरक्षणमा टेवा पुर्याउने कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ कार्यान्वयनमा रहेको पाइयो भने माछा प्रशोधन र मूल्य श्रृंखलाका वस्तु उत्पादनका लागि प्रोत्साहन गर्ने, मत्स्य पर्यटन विस्तार हुने गरी व्यावसायिक मत्स्यपालन फर्मलाई प्रोत्साहित गर्ने, सम्भावित जिल्लाहरूमा चिसो पानीमा उत्पादन गर्न सकिने ट्राउट माछाको उत्पादन प्रवर्द्धन गर्ने, मत्स्य अनुसन्धान र विकासका लागि स्थापना भएका मत्स्य केन्द्रहरूलाई मत्स्य विज्ञान श्रोत केन्द्रको रूपमा विकास गर्ने, सहकारी तथा निजीस्तरमा समेत मत्स्य बीज स्रोत केन्द्र स्थापना गरी सहज रूपमा माछाका भूराहरू उपलव्ध गराउने, माछाको लागि दाना उत्पादन उद्योग स्थापनामा सहयोग पुऱ्याउने, माछामा लाग्न सक्ने वा लाग्ने विभिन्न किसिमका रोगहरूको निदान र व्यवस्थापनका लागि प्रयोगशाला स्थापना र संचालन गर्ने, माछा पालनसम्वन्धी सेवा प्रवाहलाई प्रविधिमैत्री वनाउने र पशु क्वारेन्टाइनमा मत्स्य परीक्षणका लागि आधुनिक प्रविधिको प्रयोग गर्ने जस्ता कार्यनीतिहरु कार्यान्वयनमा आएको देखिएन ।

माछा उत्पादनलाई व्यावसायिक वनाउनको लागि अनुदान र सहुलियतपूर्ण ऋणको व्यवस्था गर्ने रणनीतिअन्तर्गत् ४ ओटा कार्यनीति लिइएकोमा एउटा मात्र कार्यान्वयनमा आएको छ ।

माछापोखरी निर्माण, सुधार तथा उत्पादन वृद्धिका लागि अनुदान कार्यक्रम संचालन गर्ने कार्यनीति सम्वन्धमा कृषि उद्यमी अनुदान सहयोग कार्यक्रमले (संचालन प्रकृया २०७६) केही समेटेको देखियो । शैक्षिक प्रमाणपत्रको धितोमा युवाहरूलाई माछापालन व्यवसाय शुरू गर्न सहुलियतपूर्ण ऋणको व्यवस्था गर्ने, व्यावसायिक मत्स्य व्यवसायीहरूलाई सहुलियतपूर्ण ऋणको व्यवस्था गर्ने र उच्च उत्पादनशील एवम् नविनतम माछाका जातहरूको भुरा उत्पादन गर्न निजी तथा सहकारीलाई सहुलियत प्रदान गर्ने कार्यनीति कार्यान्वयनमा आएको पाइएन ।

जलीय जैविक विविधता संरक्षण गर्दै जलचरहरूको सन्तुलित उपयोग गर्ने रणनीतिअन्तर्गत् प्राकृतिक जलाशय तथा तालतलैयाको संरक्षण गरी मत्स्य उत्पादनमा उपयोग गर्ने कार्यनीति लिइएकोमा माछामारी जीविकोपार्जन गर्ने समुदायको क्षमता अभिवृद्धि गरी प्रादेशिक नदी प्रणालीमा जलीय जीव संरक्षणमा टेवा पुऱ्याउने कार्यक्रम कार्यान्वयनमा रहेको पाइयो ।

माछाको उपभोग वढाई खाद्य पोषण सुरक्षित गर्ने रणनीतिअन्तर्गत् स्वस्थ माछा उपभोगवाट उपलव्ध हुने खाद्य विविधीकरण र यसवाट प्राप्त हुने पौष्टिकतावारे प्रचार प्रसार गर्ने र माछाको उपभोग वृद्धि गर्न मत्स्य महोत्सवहरू आयोजना गर्ने गरी २ ओटा कार्यनीति लिइएकोमा कार्यान्वयनमा आउन सकेको छैन ।

माछा वजार प्रवर्द्धनमा सहयोग पुर्‍याउने रणनीतिअन्तर्गत् माछा भण्डारणका लागि शीत भण्डार निर्माणमा सहयोग गर्ने र जिउँदो माछा ढुवानी र वजारको लागि सहयोग पुर्‍याउने गरी २ ओटा कार्यनीति लिइएकोमा शीतभण्डार निर्माण अनुदान कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ ।

**भूमि व्यवस्थापन**

आवधिक योजनामा भूमि व्यवस्थापन सम्वन्धी ४ ओटा रणनीति र सोअन्तर्गत् १४ ओटा कार्यनीति निर्धारण गरिएका छन् । जसमध्ये ८ ओटा कार्यनीति केही हदसम्म सम्वोधन भएका छन् ।

आवधिक योजनाले “भूमिको वैज्ञानिक र न्यायोचित वितरण तथा व्यवस्थापनमार्फत उत्पादन वृद्धि एवम् जनजीवनस्तरमा सुधार” भन्ने भूमि व्यवस्थापन सम्वन्धी दीर्घकालीन सोच र “भूमिको उचित व्यवस्थापन गरी अधिकतम र सही उपयोग गर्ने” लक्ष्य निर्धारण गरेको छ । भूमिको व्यवस्थित उपयोगको लागि वैज्ञानिक भू-व्यवस्थापन ऐन, नीति तथा संस्थागत व्यवस्था गर्ने रणनीतिअन्तर्गत् ८ ओटा कार्यनीति लिइएकोमा ६ वटा कार्यान्वयनमा आउन सकेको देखिदैन ।

भूमिहीन नागरिकका लागि सुरक्षित आवास कार्यक्रम लागु गर्नका लागि सम्वन्धित सरोकारवालासँग सहकार्य गरिने कार्यनीति सम्वन्धमा भूमिहीन किसानका लागि करार खेतीमा अनुदान कार्यक्रम कार्यान्वयन गरिएको छ । यसैगरी जमिन एकत्रित गरी चक्लावन्दीवाट व्यावसायिक कृषि गर्नेलाई प्रोत्साहन गरिने कार्यनीति सम्वन्धमा स्थानीय तह र सहकारीको सहकार्यमा चक्लावन्दी सहितको नमूना फार्म स्थापना कार्यक्रम संचालन कार्यविधि २०७६ जारी गरिएको छ ।

भू-उपयोग योजना मार्फत् भूमिको वर्गीकरण गरी कृषि, उद्योग र आवास क्षेत्र छुट्याई भूमिको अधिकतम प्रयोग गरिने, भूमिको व्यवस्थापन गर्नको लागि आवश्यक संस्थागत व्यवस्था गरिने कृषियोग्य जग्गाको संरक्षण गर्नुका साथै कृषि उत्पादन नहुने तथा कम उत्पादन हुने क्षेत्रमा औद्योगिक क्षेत्र र वस्ती वसाउने कार्य गरिने, एकीकृत वस्ती विकासलाई जोड दिइने, भूमि प्रशासन सेवालाई वैज्ञानिकीकरण तथा सरलीकरण गरिने र भूमिको यथार्थ तथ्यांङ्क संकलन तथा विश्लेषण गरिने कार्यनीति सम्वन्धमा कुनै पनि कार्य हुनसकेको छैन ।

भूमि बाँझो राख्ने प्रवृति र खण्डीकरणलाई न्यूनीकरण गर्ने रणनीतिअन्तर्गत् २ ओटा कार्यनीति लिइएकोमा भूमिहीन किसानहरूलाई खेती गर्ने बाँझो जग्गा करारमा लिन सहयोग गर्ने कार्यनीति सम्वन्धमा भूमिहीन किसानका लागि करार खेतीमा अनुदान कार्यक्रम कार्यान्वयन गरिएको छ भनें भूमि वैंक स्थापना गरी संचालन गर्ने कार्यनीति कार्यान्वयनमा आउन सकेको छैन ।

अव्यवस्थित वस्तीहरूलाई व्यवस्थापन गरी सार्वजनिक जग्गामा अतिक्रमण रोक्ने रणनीतिअन्तर्गत् संघ र स्थानीय तहको सहकार्यमा लामो समयदेखि रहेका अव्यवस्थित वस्तीहरूलाई व्यवस्थित गरिने, सार्वजनिक जग्गाको संरक्षण गरी अतिक्रमण रोक्ने र ग्रामीण

तथा शहरी क्षेत्रमा खुला पार्कहरू वनाउन पालिकाहरूलाई सहयोग गर्ने समेत ३ ओटा कार्यनीति लिइएकोमा कुनै पनि कार्यान्वयनमा आउन सकेको छैन ।

भूमिमा महिलाको पहुँच वढाउने रणनीतिअन्तर्गत् महिलामैत्री भूमि नीति ल्याई कृषियोग्य भूमिमा अधिकतम रूपमा महिलाको स्वामित्व वढाई र अन्य भूमिसँग निर्भर हुने कार्यक्रमहरूको आम्दानीमा महिलाको पहुँच वढाई आत्मनिर्भर वनाउने कार्यनीति लिइएकोमा कार्यान्वयनमा आउन सकेको छैन ।

**सहकारी**

आवधिक योजनामा सहकारीसम्वन्धी ३ ओटा रणनीति र सोअन्तर्गत् १४ ओटा कार्यनीति निर्धारण गरिएका छन् । जसमध्ये ६ ओटा कार्यनीतिमात्र हालसम्म सम्वोधन भएका छन् ।

आवधिक योजनाले “समाजवाद उन्मुख समृद्ध अर्थतन्त्र निर्माण” भन्ने सहकारी सम्वन्धी दीर्घकालीन सोच र “सहकारीको व्यावसायिकता अभिवृद्धि गरी सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नति गर्ने” लक्ष्य निर्धारण गरेको छ ।

आवश्यकताका आधारमा सहकारी संस्थाहरूको विषयगत क्षमता विकास गर्ने रणनीतिअन्तर्गत् सहकारी संघ-संस्थाको आवश्यकता अनुरूप सिप र क्षमता विकासका तालिम दिने व्यवस्था गरिने, सहकारी क्षेत्रको अध्ययन-अनुसन्धान समेत गर्ने गरी संस्थागत व्यवस्था गरिने र सहकारी संस्था नियमन र प्रवर्द्धन गर्न आवश्यक कानून निर्माण गरिने समेत गरी ३ ओटा कार्यनीति लिइएकोमा कुनै न कुनैरुपमा सवै कार्यान्वयनमा आएको पाइन्छ । यस सम्वन्धमा सहकारी ऐन २०७६, सहकारी नियमावली २०७६, सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका २०७५ र सहकारी संघसंस्थाको निर्वाचन निर्देशिका २०६९ को कार्यान्वयन भएको छ ।

सहकारीलाई उत्पादनशील कार्यमा प्रभावकारी ढंगले परिचालन गर्ने रणनीतिअन्तर्गत् ७ ओटा कार्यनीति लिइएकोमा ६ ओटा कार्यान्वयनमा आएका छन् ।

संस्थाहरूको प्रवर्द्धन र नियमन गर्न आवश्यक संस्थागत व्यवस्था गरिने कार्यनीति सम्वन्धमा आवश्यक व्यवस्था गरिएको छ । सहकारी संघ एवम् विषयगत संघहरूलाई आफ्ना सदस्य संस्थाले उद्देश्य अनुरूप कार्य गरे नगरेको अनुगमन गरी स्थानीय तह र प्रदेश सरकारका निकायमा प्रतिवेदन दिनुपर्ने नीतिगत व्यवस्था गरिएको छ । कृषि, उद्योग, पर्यटन सेवा लगायतका क्षेत्रहरूमा सहकारीको पूँजीगत लगानी वढाउन ऐन एवम् नीति नियमहरूको निर्माण, संशोधन तथा सरलिकृत गर्ने दिशातर्फ अग्रसरता देखिन्छ । महिलाहरूका लागि विशेष प्राथमिकता सहित सहकारी उत्पादन र वजारीकरणमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरिने कार्यनीति सम्वन्धमा सहकारीमार्फत युवा उद्यमशीलता तथा महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रम सञ्चालन विधि २०७६ जारी गरी कार्यान्वयनमा ल्याइएको छ । सहुलियत दरको कर्जा एवम् अनुदानमार्फत सहकारी व्यवसायको प्रवर्द्धन लागि सहकारी विकास कोष स्थापना गरिने कार्यनीति सम्वन्धमा सहकारी विकास कोष परिचालन कार्यविधि २०७७ जारी गरी कार्यान्वयनमा ल्याइएको छ । यसैगरी प्रत्येक जिल्लामा सहकारी

वजार केन्द्रको स्थापना गर्न आवश्यक व्यवस्था मिलाई उत्पादित वस्तुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वजारमा पहुँच हुने व्यवस्था मिलाउने कार्य नीति अनुरुप सहकारी वजार स्थापना तथा सञ्चालन कार्यविधि २०७६ जारी गरी कार्यान्वययन गरिएको छ । १० जना भन्दा वढीलाई रोजगारी उपलव्ध गराउने गरी व्यवसाय संचालन गर्ने सहकारी वा त्यसरी व्यवसाय संचालन गर्न प्रोत्साहन गर्ने सहकारी संस्था एवम् व्यवसाय संचालन गर्ने व्यक्तिलाई विशेष सहुलियत उपलव्ध गराउने कार्यनीति सम्वन्धमा ठोसरुपमा कार्य हुन सकेको छैन ।

सहकारीमार्फत सहकार्य गर्ने प्रवृति विस्तार गरी समन्यायिक र समावेशी अर्थतन्त्रको विकास गर्ने रणनीतिअन्तर्गत् ४ ओटा कार्यनीति लिइएकोमा एउटामात्र कार्यान्वयनमा आएको छ ।

सहकार्यको संस्कृति निर्माण गरी सहकारी प्रवर्द्धन गर्न निरन्तर शिक्षा र प्रोत्साहनका कार्यक्रमहरू संचालन गरिने, सहकारीमार्फत समावेशी ढंगले उद्यमशीलताको विकास गरी आय आर्जन वृद्धि गर्न प्रोत्साहित गरिने कार्यानीति सम्वन्धमा सहकारी खेती स्किम र सहकारी खेती साना सिंचाई कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५, सहकारीका माध्यमवाट नवीनतम सोंच सहितका कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ जारी गरी कार्यान्वयनमा रहेको छ । सहकारी वहुआयामिक क्षेत्र भएका कारणले अर्थ, उद्योग, कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, यातायात, श्रम, वातावरण जस्ता विषयगत कानून सहकारीमैत्री वनाउने कार्यनीति क्रमिकरुपमा कार्यान्वयन हुँदै गएको छ । ग्रामिण अर्थतन्त्रलाइ वलियो वनाउन सहकारी वजारको अवधारणा अवलम्वन गरिने कार्यनीति सम्वन्धमा सहकारी वजार स्थापना तथा सञ्चालन कार्यविधि २०७६ गरी कार्यान्वयनमा रहेका छ ।

**जडीवुटी**

आवधिक योजनामा जडीवुटी सम्वन्धी २ ओटा रणनीति र सोअन्तर्गत् १४ ओटा कार्यनीति निर्धारण गरिएकोमा ६ वटा कार्यनीति सम्वोधन भएका छन् ।

आवधिक योजनाले "जडीवुटी तथा सुगन्धित वनस्पतिहरूको व्यावसायिक उत्पादन तथा प्रशोधन मार्फत अर्थतन्त्रमा योगदान" भन्ने जडीवुटी सम्वन्धी दीर्घकालीन सोच र "जडीवुटी तथा सुगन्धित वनस्पतिहरूको व्यावसायिक उत्पादन तथा प्रवर्द्धन गर्नुका साथै मानिसहरूको आय र रोजगारी वढाउने" लक्ष्य निर्धारण गरेको छ ।

भौगोलिक विशेषता अनुरूप जडीवुटी तथा सुगन्धित वनस्पतिको व्यावसायीक खेतीलाई प्रोत्साहन गर्ने रणनीतिअन्तर्गत् जडीवुटी तथा सुगन्धित वनस्पतिहरूको उपलव्धता र व्यावसायिकताको आधारमा कुनै खास क्षेत्रलाई "जडीवुटीक्षेत्र" तोक्ने, कृषियोग्य भूमिमा अन्तरवाली प्रणालीअन्तर्गत कृषिवालीको साथसाथै जडीवुटी खेती गर्ने कार्यमा कृषकहरूलाई तालिम समेत दिई प्रोत्साहित गर्ने, जडीवुटी तथा सुगन्धित वनस्पतिको व्यावसायिक खेती प्रवर्द्धन गर्न प्रभावकारी प्रादेशिक संरचना स्थापना गर्ने, जडीवुटी तथा सुगन्धित वनस्पतिको खेती प्रविधि प्रवर्द्धन विस्तार तथा वजारीकरणसम्वन्धी आवश्यक नीति र कानून वनाउने, जडीवुटीको उपलव्धता, विशेषता र सम्भाव्यतावारे अध्ययन अनुसन्धान गरी सोका आधारमा

नीति निर्धारण तथा जनचेतना अभिवृद्धि गर्ने, जडीवुटीको व्यावसायिक खेती तथा दिगो उत्पादनका लागि वनक्षेत्र लिजमा दिने व्यवस्था गर्ने, गरिव र न्यून आय भएका मानिसहरूलाई जडीवुटी खेतीका लागि प्रोत्साहित गर्न अनुदान दिने व्यवस्था गर्ने, स्थानीय तहहरूको सहकार्यमा जडीवुटीको अभिलेखाङ्कन, भण्डारण र प्रमाणीकरणको व्यवस्था गर्ने र जडीवुटीमा आधारित सुगन्धित तेल, आयुर्वेदिक एवम् एलोपेथिक औषधी कारखानाहरूको स्थापना र विकासमा जोड दिने समेत गरी ९ ओटा कार्यनीति सम्वन्धमा आयमूलक कृषि वन प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि २०७६ जारी भएको भए तापनि कार्यान्वयन तहमा कुनै पनि ठोस कार्य हुन सकेको छैन् ।

जडीवुटीको लागि आन्तरिक र वाह्यक वजार प्रवर्द्धन गर्ने रणनीतिअन्तर्गत् जडीवुटी तथा सुगन्धित वनस्पतिको प्रादेशिक व्राण्डिङ गर्ने व्यवस्था गरिने, जडीवुटी मेलाको आयोजना गर्ने र उत्कृष्ट कृषकलाई प्रादेशिक पुरस्कार प्रदान गर्ने, जडीवुटी प्रयोगको परम्परागत ज्ञानको अभिलेखीकरण गरी प्रयोगमा ल्याउने, जडीवुटी तथा सुगन्धित वनस्पतिको गैरकानूनी निर्यातलाई नियमन गरी कानूनी निर्यातलाई प्रोत्साहन गर्ने र अन्तरप्रदेश समन्वयमार्फत बाँके जिल्लालाई जडीवुटी वजार केन्द्रको रूपमा विकास गर्ने समेत गरी ९ ओटा कार्यनीति लिइएकोमा यस सम्वन्धमा कुनै पनि ठोस कार्य हुन सकेको छैन ।

**खाद्य तथा पोषण सूरक्षा**

आवधिक योजनाले “महिला, वालवालिका तथा किशोरकिशोरीहरू लगायत सवैको खाद्यसुरक्षा साथै पोषणको अवस्थामा सुधार” भन्ने खाद्य तथा पोषण सूरक्षासम्वन्धी दीर्घकालीन सोच र “खाद्यवस्तुहरूमा दिगो पहुँच र उपभोग वृद्धिमार्फत खाद्य तथा पोषण सुरक्षा हासिल गर्ने” लक्ष्य निर्धारण गरेको छ ।

आवधिक योजनामा खाद्य तथा पोषण सूरक्षा सम्वन्धी ५ ओटा रणनीति र सोअन्तर्गत् १२ ओटा कार्यनीति निर्धारण गरिएका छन् । जसमध्ये ८ ओटा कार्यनीतिहरु हालसम्म सम्वोधन भएका छन् ।

कृषिक्षेत्रमा लगानी अभिवृद्धिवाट उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने रणनीतिअन्तर्गत् कृषि क्षेत्रमा उत्पादन वृद्धि हुने खालका विभिन्न किमिमका कार्यक्रमहरू संचालन गर्ने, स्थानीय स्तरमा उपलव्ध हुने जातका वालीहरूको उत्पादन र उपभोग गर्ने खाद्य संस्कृतिलाई जोड दिने र खाद्यसुरक्षा तथा पोषणका लागि नविनतम प्रयासहरूको उपयोग तथा प्रवर्द्धन गर्ने समेत गरी ३ ओटा कार्यनीति लिइएकोमा सवै कार्यनीति कृषि क्षेत्रको विकाससंग जोडिएका छन् ।

उत्पादित वस्तुहरूको उचित भन्डारण, उत्पादनपश्चात हुने क्षति कम गर्नुको साथै वितरण प्रणालीलाई व्यवस्थित गर्ने रणनीतिअन्तर्गत् स्थानीय स्तरमै उत्पादित वस्तुहरूको भन्डारणका लागि उचित व्यवस्था मिलाई न्यायपूर्ण वितरणको सुनिश्चिता गर्ने र खाद्य तथा पोषण सुरक्षाको हिसावले जोखिममा रहेका समुदाय र खाद्यसंकट हुने स्थानहरूमा खाद्यवस्तु

वितरणलाई सरल र सहज वनाउने समेत गरी २ ओटा कार्यनीति लिइएकोमा ठोस कार्य भएको पाइदैन ।

स्थानीय तहमा उपलव्ध हुने तथा उत्पादन गर्न सकिने खाद्यपदार्थको उत्पादन प्रवर्द्धन र प्रयोगलाई विशेष जोड दिने रणनीतिअन्तर्गत् खाद्यसुरक्षा तथा पोषणका लागि पैरवी, प्रचारप्रसार, जनसहभागिता तथा अभियान सञ्चालन गरी सकारात्मक व्यवहार प्रवर्द्धन गर्ने र स्थानीय स्तरमा उपलव्ध हुने जातका वालीहरूको उत्पादन र प्रयोगमा जोड दिने समेत गरी २ ओटा कार्यनीति लिइएकोमा ठोस कार्य भएको पाइदैन ।

खाद्य तथा पोषण सुरक्षा सम्वन्धित कार्यक्रमलाई व्यापक वनाउनको लागि विभिन्न सरोकारवालासँग समन्वय र सहकार्य गर्ने रणनीतिअन्तर्गत् खाद्यसुरक्षा तथा पोषणका हिसावले पछि परेको वर्गको पहिचान र विश्लेषण गर्ने, सहयोग, साझेदारी, समन्वय, सिकाई तथा राम्रा अभ्यासहरूको आदान-प्रदानमा सम्वन्धी कार्यक्रमहरू संचालन गर्ने र विभिन्न सरोकारवाला निकायले खाद्यसुरक्षा तथा पोषणसम्वन्धी कार्यक्रम कार्यान्वयन गरी महिला, वालवालिका तथा किशोरकिशोरीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने समेत गरी ३ ओटा कार्यनीति लिइएकोमा ठोस कार्य भएको पाइदैन ।

महिला तथा सीमान्तकृतहरूलाई खाद्य सुरक्षा र पोषणसँग सम्वन्धित लक्षित कार्यक्रम संचालन गर्ने रणनीतिअन्तर्गत् विपन्न महिला तथा सीमान्तकृतहरूलाई खाद्य सुरक्षा र पोषणको लागि पोषण भत्ताको व्यवस्था गर्ने र महिला तथा सीमान्तकृतहरूलाई खाद्य सुरक्षा र पोषणसँग सम्वन्धित शिक्षा र तालिम तथा कार्यक्रमहरूलाई व्यापक रूपमा सञ्चालन गर्ने समेत गरी ३ ओटा कार्यनीति लिइएकोमा ठोस कार्य भएको पाइदैन ।

यसरी हेर्दा कृषि क्षेत्रमा रणनीतिहरू आंशिक मात्र कार्यान्वयनमा आएका छन् । परिणामस्वरूप योजनाको लक्षित नतिजा प्राप्तिमा ठुलो असर पर्ने देखिन्छ । कृषि उपक्षेत्रसंग सम्वन्धित रणनीति र कार्यनीतिको कार्यान्वयन प्रगति अनुसूची ४.१ मा प्रस्तुत गरिएको छ ।

### ४.१.२.२ कृषि, सहकारी तथा जडिवुटी क्षेत्रका प्रमुख आयोजना तथा कार्यकमसम्वन्धी उपलव्धि

प्रथम आवधिक योजनामा कृषि विकास उपक्षेत्रका लागि २० ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् र जसको कार्यान्वयन गर्ने जिम्मेवारी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, अन्य सम्वन्धित मन्त्रालयहरु, संघीय सरकार,स्थानीय सरकार, वित्तीय तथा सहकारी संस्थाहरु, विभिन्न संघ संस्था आदिलाई तोकिएको थियो । २० ओटा प्रमुख कार्यक्रमहरुमध्ये समीक्षा अवधिमा १७ ओटा संचालन भएका थिए भनें ३ ओटा संचालन हुन सकेका छैनन् भने कार्यान्वयन भएको १७ कार्यक्रमहरुमध्ये ८ ओटामा उपलव्धि एकाइ उल्लेख भएको छैन र संघीय सरकारको कार्यक्षेत्र अर्न्तगत संघवाट संचालनमा रहेका २ ओटा कार्यक्रम पनि उपलव्धिमा उल्लेख गरिएको छ । योजनाको कार्यक्रमिक उपलव्धि तालिका ४.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१ : कृषि विकाससम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कानुनी र संस्थागत व्यवस्था (लक्ष्य) | | आवश्यकता पहिचान र कानून तर्जुमा | | कार्यान्वयन | | |
| | उपलब्धि (जम्मा संख्या) | भएको | ४३ | ५६ | ६२ | ६६ | अनुसूची १ |
| २ | स्मार्ट कृषि गाँउ कार्यक्रम (लक्ष्य) | | प्रभाव मूल्यांकन साथै विस्तारको लागि स्थान छनौट | आवश्यकतानुसार विस्तार | | | |
| | उपलब्धि (थप संख्या) | भएको | ५२ | १०९ | ९४ | ६३ | |
| ३ | कृषि विकास कोषमार्फत अनुदान कार्यक्रम ( उत्पादनमा आधारित, कृषकहरुलाई व्याज अनुदान समेत) (लक्ष्य) | | आवश्यक परिमार्जन सहित अनुदान कार्यक्रमको निरन्तरता | | | | |
| | उपलब्धि (घरधुरी संख्या) | भएको | २४३० | १२२७५ | २०६१५ | २७७४४ | कूल जम्मा |
| ४ | टिस्यू कल्चर प्लान्ट स्थापना र संचालन( लक्ष्य) | | स्थापना र संचालन | | | | |
| | उपलब्धि (संख्या) | नभएको | कार्यक्रम तर्जुमा तथा वजेट विनियोजन भएको तर कार्यान्वयन नभएको | | | | |
| ५ | आधुनिकीकरण यान्त्रीकरण तथा व्यावसायीकरण प्रवर्द्धन कार्यक्रम (तालिम साथै यन्त्रमा अनुदान सहित)( लक्ष्य) | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | |
| | उपलब्धि (लाभग्राही संख्या) | भएको | ३६७८ | २८४५ | ३३१८ | ८७२ | कूल जम्मा ९८४१ |
| ६ | शीत भण्डार तथा संकलन केन्द्र निर्माण तथा सुदृढिकरण | | आवश्यकका आधारमा स्थान छनौट र निर्माण तथा सुदृढिकरण | | | | |
| | उपलब्धि(संख्या) | भएको | | | | | |
| | शीत भण्डार | | ६ | १३ | १६ | १८ | |
| | संकलन केन्द | | ४३ | ७० | ९१ | ९५ | |
| ७ | कृषि अनुसन्धान कार्यक्रम(लक्ष्य) | | कृषि विद्यार्थीहरुलाई कृषकको वारीमा अनुसन्धान गर्नको लगि क्याम्पसहरुसँग समन्वय गर्ने | | | | |
| | उपलब्धि (संख्या) | भएको | ० | ४९ | ५ | ० | |
| ८ | कृषि प्रविधि सेवा तथा श्रोतकेन्द्र विस्तार कार्यक्रम(लक्ष्य) | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | |
| | उपलब्धि (संख्या) | भएको | ९२ | १८१ | २९० | ३१४ | कूल जम्मा |
| ९ | कृषि वीमा कार्यक्रम (लक्ष्य) | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | संघीय सरकारवाट संचालनमा रहेको | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | युवा लक्षित कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम(लक्ष्य) | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कृषि शिक्षा लिएका र सिप लिई खाली वसेका कृषकहरुलाई समेटेर कार्यक्रम वनाउने | | | |
| | उपलब्धि | भएको | ३१ | ६५ | ८६ | ९५ | कूल जम्मा |
| ११ | तरकारी, पूष्प तथा फलफूल खेती प्रवर्द्धन( लक्ष्य) कार्यक्रम | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | ६९६ | १२१९ | १६६९ | १९४९ | कूल जम्मा |
| १२ | उत्कृष्ट कृषक सम्मान तथा कृषक सुरक्षा कार्यक्रम (लक्ष्य) | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन, कृषक परिचय पत्र | कार्यक्रमको कार्यान्वयन, पूर्णकालीन कृषक सामाजिक सुरक्षा | | | |
| | उपलब्धि (कूल जम्मा संख्या) | भएको | ३६ | ७२ | १०८ | १११ | कृषक सम्मान |
| | | नभएको | - | - | - | - | कृषक सुरक्षा |
| १३ | द्रुत विषादी परीक्षण प्रयोगशाला स्थापना र संचालन(लक्ष्य) | | वुटवल, नेपनलगंज र दाङ्गमा स्थान छनौट र स्थापना | संचालन | | | |
| | उपलब्धि (संख्या) | भएको | संघीय सरकारको कार्यक्षेत्र, संघवाट संचानलमा रहेको | | | | एकाइ उल्लेख नभएको |
| १४ | कृषि वजार प्रवर्द्धन कार्यक्रम (सहकारी र निजी कम्पनीहरुको संलग्नतामा समेत)( लक्ष्य) | | स्थान छनौट र वजारको पूर्वाधार विकास | | | | |
| | उपलब्धि (संख्या) | भएको | २३ | ३७ | ० | ० | कूल जम्मा |
| १५ | जैविक विषादी र प्राङ्गारिक मल उत्पादन तथा प्रवर्द्धन कार्यक्रम( लक्ष्य) | | कार्यक्रमको तर्जुमा, स्थान छनौट र कार्यान्वयन | | | | |
| | उपलब्धि (संख्या) | भएको | १८ | ४१ | ५६ | ६१ | कूल जम्मा |
| १६ | कृषिकर्मी रोजगारी प्रवर्द्धन कार्यक्रम (लक्ष्य) | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | |
| | उपलब्धि (संख्या) | भएको | - | ७७ | २०१ | ० | कूल जम्मा |
| १७ | कृषि पर्यटकको लागि नमूना अर्गानिक खेती प्रवर्द्धन कार्यक्रम(लक्ष्य) | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | |
| | उपलब्धि (संख्या) | भएको | २८ | ७९ | ९८ | ११४ | कूल जम्मा |
| १८ | क्वारेन्टाइन प्रयोगशाला प्रवर्द्धन तथा सुदृढीकरण कार्यक्रम(लक्ष्य) | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | |
| | उपलब्धि (संख्या) | नभएको | ० | ० | ० | ० | |
| १९ | नवीनतम तथा उच्चमूल्यका वालीहरुको खेती विस्तार कार्यक्रम( लक्ष्य) | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उपलव्धि ( कूल जम्मा हेक्टर) | भएको | ९ | २२ | ५३ | ७७ | स्याउ र ओखर |
| २० | अभियानमुखी (मिसन) कृषि कार्यक्रम(लक्ष्य) | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | |
| | उपलव्धि | भएको | - | - | - | - | एकाइ उल्लेख नभएको |

स्रोतः सम्वन्धित मन्त्रालय ।

प्रथम आवधिक योजनामा पशुपंछी विकासलागि १२ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् र जसको कार्यान्वयन गर्ने जिम्मेवारी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, अन्य सम्वन्धित मन्त्रालयहरु, संघीय सरकार, स्थानीय सरकार, वित्तीय, वीमा तथा सहकारी संस्थाहरु, विभिन्न संघ संस्था आदिलाई तोकिएको थियो । १२ ओटा विभिन्न कार्यक्रमहरुमध्ये समीक्षा अवधिमा ११ ओटा संचालन भएका थिए भनें १ ओटा कार्यक्रम संचालन हुन सकेको छैन भने संघीय सरकारवाट कार्यान्वयनमा रहेको एउटा कार्यक्रम पनि उपलव्धिमा उल्लेख गरिएको छ । योजनाको कार्यक्रमिक उपलव्धि तालिका ४.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ : पशुपंछी विकाससम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क्र.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | तरल नाइट्रोजन प्लान्ट सहितको पशु प्रजनन केन्द्र स्थापना (लक्ष्य) | | स्थान छनौट र स्थापना | संचालन | | | |
| | उपलव्धि (संख्या) | नभएको | ० | ० | ० | ० | |
| २ | सामुदायिक पशु प्रजनन केन्द्र स्थापना कार्यक्रम (लक्ष्य) | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | |
| | उपलव्धि (संख्या) | भएको | २ | ५ | ११ | १५ | कूल जम्मा |
| ३ | पशुपंछी प्रविधि सेवा तथा स्रोतकेन्द्र विस्तार कार्यक्रम | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | |
| | उपलव्धि (संख्या) | भएको | १३ | ३६ | ५५ | ७२ | कूल जम्मा |
| ४ | निजी/सहकारी समूह/ संचालित व्यावसायिक पशुपन्छी कार्यक्रम(सहुलियत ऋण, उत्पादनमा आधारित अनुदान, युवाहरुलाई प्राथमिकता) | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | |
| | उपलव्धि (संख्या) | भएको | २४३० | १२२७५ | २०६१५ | २७७४४ | कूल जम्मा |
| ५ | रैथाने पशुपन्छी पालन व्यवसाय प्रवर्द्धन कार्यक्रम | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | |
| | उपलव्धि(संख्या) | भएको | ५६ | १०५ | १४२ | १५१ | कूल जम्मा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | घाँस उत्पादन तथा पशु आहार प्रवर्द्धन कार्यक्रम | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | ३ | ५ | ९ | १२ | कूल जम्मा |
| ७ | पशुपंछी विकास तथ पशु स्वास्थ्य नियमनका लागि चिकित्सालय विस्तार कार्यक्रम | | आवश्यकता पहिचान, स्थान छनौट र स्थापना | नवलपरासीमा भेटेरीनरी अस्पताल स्थापना | | | |
| | उपलब्धि (संख्या) | भएको | ० | ० | १ | ० | |
| ८ | डेरी लगायत पशुजन्य उद्योग प्रवर्द्धन कार्यक्रम | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | |
| | उपलब्धि (संख्या) | भएको | ३७ | ७५ | १०५ | १३८ | कूल जम्मा |
| ९ | पशुपंछी वीमा विस्तार कार्यक्रम | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | |
| | उपलब्धि | नभएको | संघीय सरकारवाट कार्यान्वयनमा रहेको | | | | |
| १० | पशु क्वारेन्टाइन प्रयोगशाला प्रवर्द्धन तथा सुदृढिकरण कार्यक्रम | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | |
| | उपलब्धि | नभएको | संघीय सरकारको कार्य क्षेत्र | | | | |
| ११ | यूवा लक्षित पशु व्यवसाय प्रवर्द्धन कार्यक्रम | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | |
| | उपलब्धि (संख्या) | भएको | ६१ | ११७ | १८९ | २७६ | कूल जम्मा |
| १२ | अभियानमुखी (मिसन) पशु विकास कार्यक्रम | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | |
| | उपलब्धि(संख्या) | भएको | ७ | १५ | १८ | २३ | कूल जम्मा |

स्रोतः सम्वन्धित मन्त्रालय ।

आवधिक योजनामा मत्स्य विकासलागि ७ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् र जसको कार्यान्वयन गर्ने जिम्मेवारी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, अन्य सम्वन्धित मन्त्रालयहरु, संघीय सरकार, स्थानीय सरकार, वित्तीय, वीमा तथा सहकारी संस्थाहरु, माछा व्यवसायी, निजी क्षेत्र आदिलाई तोकिएको थियो । ७ ओटा प्रमुख कार्यक्रमहरुमध्ये समीक्षा अवधिमा ५ ओटा संचालन भएका थिए भनें संघीय कार्यक्षेत्रको एउटा सहित २ ओटा संचालन हुन सकेका छैनन् र संघीय सरकारवाट कार्यान्वयनमा रहेको एउटा कार्यक्रम पनि उपलब्धिमा उल्लेख गरिएको छ । योजनाको कार्यक्रमिक उपलब्धि तालिका ४.३ मा प्रस्तुत गरिएको छ ।

### तालिका ४.३ : मत्स्य विकाससम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था

| क.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | माछा व्यवसाय प्रवर्द्धन | | कार्यक्रमको | कार्यक्रमको कार्यान्वयन | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम (भुरा उत्पादन, पोखरी विस्तार, वजारीकरण, खाना उद्योग, अनुदान) (लक्ष्य) | | तर्जुमा र कार्यान्वयन | | | | |
| | उपलब्धि (जम्मा संख्या) | भएको | २३ | ४१ | ६१ | ८३ | |
| २ | माछा वीमा कार्यक्रम (लक्ष्य) | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | ० | ० | ० | ० | सघीय सरकारवाट भएको |
| ३ | पहाडी जिल्लामा रैथाने तथा ट्राउट माछा उत्पादन कार्यक्रम ( लक्ष्य) | | सम्भावित स्थानहरुको अध्ययन | निजी तथा सहकारीसंगको सहकार्यमा फार्म स्थापना | | | |
| | उपलब्धि (वर्ग.मी.) | भएको | ० | १०१६ | १३०९ | १४५२ | कूल जम्मा |
| ४ | जिउँदो माछा वजार प्रवर्द्धन कार्यक्रम (पसल स्थापना, गाडी ढुवानी) (लक्ष्य) | | स्थान इच्छुक व्यवसायी छनौट र सहयोग | | | | |
| | उपलब्धि (संख्या) | भएको | २३ | ४४ | ७१ | ८३ | कूल जम्मा |
| ५ | माछा वजार विस्तार कार्यक्रम (माछा महोत्सव, पोषण कार्यक्रम) (लक्ष्य) | | स्थानीय संचार माध्यममा माछा उपभोगवारे प्रचार प्रसार र माछा महोत्सव | | | | |
| | उपलब्धि (संख्या) | नभएको | ० | ० | ० | ० | |
| ६ | माछा उत्पादन तालिम तथा अनुसन्धान कार्यक्रम(लक्ष्य) | | कार्यक्रमको कार्यान्वयन | | | | |
| | उपलब्धि (संख्या) | भएको | ५ | ९ | १६ | २१ | कूल जम्मा |
| ७ | माछा क्वारेन्टाइन प्रयोगशाला स्थापना( लक्ष्य) | | कार्यक्रमको तर्जुमा, समन्वय र कार्यान्वयन | | | | |
| | उपलब्धि (संख्या) | नभएको | ० | ० | ० | ० | संघीय कार्यक्षेत्र |

स्रोतः सम्वन्धित मन्त्रालय ।

आवधिक योजनामा भूमि व्यवस्थापनका लागि ६ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् र जसको कार्यान्वयन गर्ने जिम्मेवारी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, संघीय सरकार, स्थानीय सरकार आदिलाई तोकिएको थियो । ६ ओटा प्रमुख कार्यक्रमहरुमध्ये समीक्षा अवधिमा २ ओटा आंशिकरुपमा संचालन भएको नतिजा समेत उल्लेख गरिएको छैन भनें ४ ओटा संचालन हुन सकेका छैनन् । योजनाको कार्यक्रमिक उपलब्धि तालिका ४.४ मा प्रस्तुत गरिएको छ ।

### तालिका ४.४ : भूमि व्यवस्थापनसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था

| क.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | नीतिगत र कानूनी व्यवस्था (लक्ष्य) | | आवश्यक नीति र कानून तर्जुमा | कार्यान्वयन | | | |
| | उपलब्धि (संख्या) | नभएको | ० | ० | ० | ० | |
| २ | भूअभिलेख केन्द्रको स्थापना (लक्ष्य) | | स्थापना | संचालन | | | |
| | उपलब्धि | नभएको | ० | ० | ० | ० | |
| ३ | प्रदेश भूमि आयोगको स्थापना ( लक्ष्य) | | अध्ययन र तयारी | स्थापना र संचालन | | | |
| | उपलब्धि | नभएको | ० | ० | ० | ० | |
| ४ | भूमि वैंक स्थापना ( लक्ष्य) | | अध्ययन र तयारी | स्थापना र संचालन | | | |
| | उपलब्धि | नभएको | ० | ० | ० | ० | |
| ५ | भूमिको तथ्यांक संकलन र विश्लेषण कार्यक्रम(लक्ष्य) | | कार्यविधि तर्जुमा र तथ्यांक संकलन | विश्लेषण र सार्वजनिक जग्गा संरक्षण | | सार्वजनिक जग्गा संरक्षण | नतिजा उल्लेख नगरिएको |
| | उपलब्धि | भएको | - | - | - | - | |
| ६ | अव्यवस्थित वस्ती व्यवस्थापन कार्यक्रम | | अव्यवस्थित वस्ती पहिचान, कानून तर्जुमा | अव्यवस्थित वस्तीको व्यवस्थापन | | | |
| | उपलब्धि | भएको | - | - | - | - | नतिजा उल्लेख नगरिएको |

स्रोतः सम्वन्धित मन्त्रालय ।

आवधिक योजनामा सहकारीसम्वन्धी ५ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् र जसको कार्यान्वयन गर्ने जिम्मेवारी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र स्थानीय सरकारलाई तोकिएको थियो । ५ ओटा प्रमुख कार्यक्रमहरुमध्ये आँशिक वा पूर्णरुपमा सबै संचालनमा आएका छन् । योजनाको कार्यक्रमिक उपलब्धि तालिका नं. ४.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५ : सहकारीसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नीतिगत, कानूनी र संस्थागत व्यवस्था (लक्ष्य) | | आवश्यकता पहिचान र नीतिगत, कानूनी र संस्थागत व्यवस्था | कार्यान्वयन | | | |
| | उपलब्धि (संख्या) | भएको | - | - | - | - | अनुसूची १ |
| २ | सहकारी विकास कोषको प्रभावकारी संचालन(लक्ष्य) | | कार्यविधि निर्माण तथा संचालन | संचालन | | | |
| | उपलब्धि (जम्मा संख्या) | भएको | ४३ | १०२ | १७५ | | |
| ३ | सहकारी वजार विकास कार्यक्रम (प्रत्येक जिल्लामा सहकारी वजार केन्द्रहरुको स्थापना ( लक्ष्य) | | कार्यक्रम तर्जुमा र कार्यान्वयन | प्रत्येक जिल्लामा सहकारी वजारहरु संचालन गर्ने | | | |
| | उपलब्धि (जम्मा संख्या) | भएको | ५ | १८ | - | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | सहकारी संस्थाहरुको संस्थागत विकास कार्यक्रम (लक्ष्य) | | संस्थागत विकाससम्वन्धी तालिम | | | | |
| | उपलव्धि (जम्मा संख्या) | भएको | ३४ | ८५ | १७८ | - | |
| ५ | सहकारी अनुगमन तथा मूल्यांकन | | कार्यक्रम तर्जुमा कार्यान्वयन र मूल्यांकन | | | | |
| | उपलव्धि (जम्मा संख्या) | भएको | १२ | ३४ | ५५ | - | |

स्रोतः सम्वन्धित मन्त्रालय ।

आवधिक योजनामा जडविुटीसम्वन्धी ६ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् र जसको कार्यान्वयन गर्ने जिम्मेवारी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र स्थानीय सरकारलाई तोकिएको थियो । ६ ओटा प्रमुख कार्यक्रमहरुमध्ये समीक्षा अवधिमा ५ ओटा कार्यक्रम संचालनमा आएका छन् । योजनाको कार्यक्रमिक उपलव्धि तालिका ४.६ मा प्रस्तुत गरिएको छ ।

## तालिका ४.६ : जडविुटीसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था

| क्र.सं | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नीतिगत, कानूनी र संस्थागत व्यवस्था (लक्ष्य) | | नीति तथा ऐन, नियम, निर्देशिका, कार्यविधि तयार गर्ने र आवश्यक संस्थागत व्यवस्था | कार्यान्वयन र संचालन | | | |
| | उपलव्धि (संख्या) | भएको | वन ऐन, नियम तयार गरिएको | | | | अनुसूची १ |
| २ | जडीवुटी तथा सुगन्धित वनस्पति सम्वन्धमा अभिलेखीकरण तथा अध्ययन अनुसन्धान (लक्ष्य) | | विस्तृत अध्ययन र जडीवुटीको अभिलेखीकरण | | | | |
| | उपलव्धि | भएको | - | अध्ययन | | - | प्रदेशमा रहेका महत्वपुर्ण जडिवुटीहरुको आर्थिक विश्लेषण प्रतिवेदन २०७८ |
| ३ | जडीवुटी तथा सुगन्धित वनस्पति नर्सरी प्रवर्द्धन कार्यक्रम (लक्ष्य) | | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | |
| | उपलव्धि | भएको | निजी नर्सरी स्थापना गर्ने उद्यमिलाई अनुदान सहयोग गरिएको ।<br>टिमुर, अल्लो, दालचिनी,चिउरी,मालागिरी, श्रीखण्ड, लप्सी, नीम, अमला, हर्रो,वर्रो र मालागेडी जस्ता जडिवुटीको नर्सरीमा उत्पादन कार्यक्रम ।<br>पहाडका प्रत्येक जिल्लामा वर्षेनि १ लाख ५० हजार जडिवुटीका विरुवा उत्पादन | | | | |
| ४ | पकेट क्षेत्र निर्धारण र | | स्थान छनौट, | कार्यक्रम कार्यान्वयन | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जडीवुटी तथा सुगन्धित वनस्पति खेती विस्तार कर्यक्रम (वीउ, तालिम, अनुदान) (लक्ष्य) | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | | | | |
| | उपलब्धि (संख्या) | भएको | रुकुम पुर्वमा २६११० वटा , गुल्मीमा १५४१० , प्युठानमा ६००० र रोल्पामा ८५०० ग्राफटिङ ओखर रोपण भएको । टिमुर, अल्लो, दालचिनी,चिउरी,मालागिरी र श्रीखण्ड को पकेटक्षेत्र छनोट भई पकेट क्षेत्रस्तरमा विस्तार गरिएको । पाल्पामा चिउरी र दालचिनी,रुकुम र रोल्पामा अल्लो तथा दाङ र प्यूठानमा मालागिरी र श्रीखण्डको रोपण तथा खेतिविस्तार भएको । जडीवुटी तथा गैरकाष्ठ वन पैदावार विकास एवं प्रवर्द्धनका लागी १२ वटा उद्यम सन्चालमा वस्तुगत सहयोग प्रदान गरिएको । | | | | |
| ५ | जडीवुटी तथा सुगन्धित वनस्पति प्रशोधन र वजारीकरण कार्यक्रम ( प्रशोधन, प्रादेशिक व्राण्डिङ्ग, आयूर्वेदिक औषधी उत्पादन, सुगन्धित तेल उत्पादनमा सहयोग) (लक्ष्य) | | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | |
| | उपलब्धि (संख्या) | भएको | ▪ जडीवुटी तथा गैरकाष्ठ वन पैदावार विकास एवं प्रवर्द्धनका लागि १२ वटा उद्यम सन्चालनमा वस्तुगत सहयोग गरिएको । ▪ सन २०२१ को अध्ययन अनुसार प्रदेशवाट हरेक वर्ष ३४९२.८१ मेट्रिक टन औषधी जडिवुटी निर्यात भएको । | | | | हाल सम्म जडिवुटीको व्राण्डिङ्ग नगरिएको |
| ६ | उत्कृष्ट जडीवुटी तथा सुगन्धित वनस्पति उत्पादन पुरष्कार | | कार्यविधि निर्माण, उत्पादक छनौट र पुरष्कार वितरण | उत्पादक छनौट र पुरष्कार वितरण | | | |
| | उपलब्धि (संख्या) | नभएको | - | - | - | - | |

स्रोतः सम्वन्धित मन्त्रालय ।

आवधिक योजनामा खाद्य तथा पोषण सूरक्षासम्वन्धी ४ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् र जसको कार्यान्वयन गर्ने जिम्मेवारी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय र स्थानीय सरकारलाई तोकिएको थियो । ४ ओटा कार्यक्रमहरुमध्ये समीक्षा अवधिमा सवै कार्यक्रम संचालनमा आएका छन् । योजनाको कार्यक्रमिक उपलब्धि तालिका ४.७ मा प्रस्तुत गरिएको छ ।

### तालिका ४.७ : खाद्य तथा पोषण सूरक्षासम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था

| क्र.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नीति, ऐन, कानून, मापदण्ड तथा कार्यविधि निर्माण (लक्ष्य) | | तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | |
| | उपलब्धि (थप संख्या) | भएको | ४३ | १३ | ६ | १ | अनुसूची १ |
| २ | लक्षित वर्ग खाद्यसुरक्षा तथा पोषण कार्यक्रम (विद्यालय, विपन्न परिवार) (लक्ष्य) | | सर्वेक्षण र पहिचान | कार्यान्वयन | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उपलब्धि (संख्या) | भएको | ६२५ | ७१८ | ७६७ | ८२० | कुल जम्मा |
| ३ | संकटको समयमा खाद्य आपूर्ति सहज वनाउन कोलागि खाद्य भण्डारण कार्यक्रम (लक्ष्य) | | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | |
| | उपलब्धि (थप संख्या) | भएको | १८ | २३ | २१ | ७ | वीउ भण्डार सहित |
| ४ | रैथाने तथा लोपोन्मुख वाली तथा वस्तुको उत्पादन र उपभोग प्रवर्द्धन कार्यक्रम (लक्ष्य) | | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | |
| | उपलब्धि (थप संख्या) | भएको | ११२ | १०५ | ९६ | ८१ | |

स्रोतः सम्वन्धित मन्त्रालय ।

### ४.१.२.३ परिमाणात्मक उपलब्धि

कृषि, सहकारी र जडीवुटी विकासको २०७५/७६ लाई आधार वर्षको रुपमा लिई उपलब्धिको विश्लेषण गर्दा प्रभावस्तर (लक्ष्य स्तर) को उपलब्धि २०७९/८० मा निरपेक्ष गरिवीको रेखामुनिको जनसंख्या (ग्रामीण गरिवी) को लक्ष्य १० प्रतिशत राखिएकोमा यसको प्रगति प्राप्त हुन सकेन । कृषि क्षेत्रको उत्पादन वृद्धि दर लक्ष्य ६.७ राखिएकोमा ३.६ प्रतिशत प्रगति भएको छ । यसैगरी कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादनमा योगदानको लक्ष्य २७.५ प्रतिशत राखिएकोमा ३०.४ प्रतिशत हुन पुगेको छ । प्रभावस्तर (लक्ष्य स्तर) खाद्य सुरक्षा भएका घरधुरीहरुको आधार तहको तथ्यांक मात्र राखिएको छ भनें उपलब्धि २०७९/८० को लक्ष्य प्रक्षेपण गरिएको छैन । असर (उद्देश्य) तहको नतिजा हेर्दा प्रमुख खाद्यान्न वालीको उत्पादनमा लक्ष्यको नजिक प्रगति भएको छ । आलु उत्पादनमा करीब करीब लक्ष्य प्राप्त भएको छ । पशुपन्छी तर्फ मासु उत्पादन र दूध उत्पादनको लक्ष्य क्रमशः ९० मेटन (हजार) र ४८२ किलो लिटर (हजार) राखिएकोमा १०९.८ मेटन(हजार) र ५५७.२ किलो लिटर(हजार) प्रगति भएको छ । खाद्य सुरक्षा तथा पोषण( प्रतिव्यक्ति प्रतिवर्ष कृषिजन्य वस्तुको उपलव्धता) को क्षेत्रमा भएको लक्ष्य प्रगति सुधार उन्मुख रहेको छ । केही नतिजा सूचकहरुको प्रगति तथ्यांक सम्वन्धीत मन्त्रालयवाट प्राप्त हुन सकेन ।

कृषि उपक्षेत्रका सूचकहरुको आधार तथ्यांक र आ.व. २०७९/८० को लक्ष्य तथा प्रगतिको विस्तृत लक्ष्य तथा परिमाणत्मक उपलब्धि तालिका ४.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८ : कृषि विकाससम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था**

| नतिजा स्तर अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | आ.व. २०७९/८० | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| **प्रभाव तह** | | | | |
| निरपेक्ष गरिवीको रेखामुनिको जनसंख्या (ग्रामीण गरिवी) | प्रतिशत | १८.२ | १० | - |
| कृषि क्षेत्रको उत्पादन वृद्धि दर | प्रतिशत | ६.२८ | ६.७ | ३.६ |
| कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादनमा योगदान | प्रतिशत | ३०.९ | २७.५ | ३०.४ |
| खाद्य सुरक्षा भएका घरधुरीहरु | प्रतिशत | ४८.४ | – | - |
| **असर तह** | | | | |

| | | | | |
|---|---|---|---|---|
| **कृषिः खाद्यान्न उत्पादन** | | | | |
| धान | मेटन(हजार) | १२३८ | १५४७ | १३९२ |
| मकै | मेटन(हजार) | ३२६ | ४५७ | ४१८ |
| गहुँ | मेटन(हजार) | ४६२ | ५१७ | ४८४ |
| कोदो | मेटन(हजार) | १० | १२ | १०.६८७ |
| जौ | मेटन(हजार) | ३ | ३ | ३.४ |
| फाफर | मेटन(हजार) | १.२१ | १.४१ | १.१ |
| आलु | मेटन(हजार) | २७९ | ३६२ | ३६१ |
| दलहन | मेटन(हजार) | १२७ | १५७ | १३५ |
| तेलहन | मेटन(हजार) | ५७ | ७० | ६६ |
| तरकारी | मेटन(हजार) | ५५४ | ६५१ | ५७४ |
| फलफूल | मेटन(हजार) | १३४ | १५८ | १३८ |
| **पशुपन्छी** | | | | |
| मासु उत्पादन | मेटन(हजार) | ६४ | ९० | १०९.८ |
| दूध उत्पादन | किलो लिटर( हजार) | ३६२ | ४८२ | ५५७.२ |
| अण्डा उत्पादन | संख्या (लाख) | १७२१ | २४९५ | १५६२ |
| **माछापालन** | | | | |
| माछा उत्पादन | मेटन(हजार) | १२ | २४ | १४.२८१ |
| **सहकारी** | | | | |
| सहकारीमा रोजगारी | संख्या | ६१६२ | – | – |
| सहकारी संस्थाहरुवाट भएको उत्पादन | रु. करोडमा | – | – | – |
| जडीवुटी उत्पादनमा रोजगारी | संख्या | – | – | – |
| जडीवुटी उत्पादन | रु. करोडमा | | | – |
| कूल खाद्यान्न वालीहरुको वीउ प्रतिस्थापन दर | प्रतिशत | १३ | १७ | २२.५ |
| **रासायनिक मलको उपलब्धता** | | | | |
| यूरिया | मेटन(हजार) | ४८ | ८७ | ४६.४२ |
| डि.ए.पी. | मेटन(हजार) | २८ | ५० | २६.२८ |
| पोटास | मेटन(हजार) | ११ | २१ | १४.५६ |
| कम्पोष्ट मल/गोठेमल उत्पादन | मेटन(हजार) | ८४५ | २११३ | – |
| **खाद्य सुरक्षा तथा पोषण (प्रतिव्यक्ति प्रतिवर्ष कृषिजन्य वस्तुको उपलब्धता)** | | | | |
| खाद्यान्न | कि.ग्रा. | ४०७ | ४७९ | २५६ |
| आलु | कि.ग्रा. | ५६ | ६८ | ६५.७७ |
| दलहन | कि.ग्रा. | २५ | ३० | १५.७७ |
| तेलहन | कि.ग्रा. | ११.४ | १३.४ | ४.२० |
| तरकारी | कि.ग्रा. | ११० | १२३ | ९०.५ |
| फलफूल | कि.ग्रा. | २७ | ३० | २४.२९ |
| मासु | कि.ग्रा. | १२.८ | १७ | २१.७ |
| दूध | लिटर | ७२ | ९१ | १०६ |
| अण्डा | गोटा | ३४ | ४७ | ४४ |
| **प्रतिफल तह** | | | | |
| **कृषि** | | | | |

| | | | | |
|---|---|---|---|---|
| स्मार्ट कृषि गाँउ | संख्या | ५२ | १०९ | ४५ |
| हाईटेक फलफूल नर्सरी | संख्या | ४ | १२ | ९ |
| हाईटेक तरकारी फार्म स्थापना | संख्या | २ | ४० | २३ |
| पुष्प खेती प्रवर्द्धन कार्यक्रम | संख्या | १५ | ३० | २६ |
| वगर खेती | हेक्टर | २५ | १३० | ११२ |
| कृषि तथा पशुजन्य वस्तुहरुको प्रशोधन उद्योग | संख्या | ४ | ३० | १२ |
| कष्टमहायरिङ्ग सेन्टर स्थापना | संख्या | ५० | १२५ | – |
| खाद्यान्न गोदाम | संख्या | ० | १० | १० |
| शीतभण्डार | संख्या | १० | ७५ | १८ |
| कृषियन्त्र निमार्ण उद्योग | संख्या | ० | ३ | – |
| कृषिकर्मी रोजगारी | संख्या | ० | २००० | ६७१ |
| क्षमता अभिवृद्धि (कृषक र प्राविधिक) | संख्या/वर्ष | ५०० | १५०० | १२७९ |
| पोषण सुधार | समूह | – | ६० | ३८ |
| करारखेती | हेक्टर | ३५९ | १५०० | ६५५ |
| टिस्यूकल्चरल प्लान्ट स्थापना | – | – | २ | – |
| कृषि विद्यार्थीका लागि उद्यमशीलता विकास | संख्या | २ | १२० | ९५ |
| कृषि श्रोतकेन्द्र स्थापना | संख्या | २ | ७ | ६ |
| पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि | गाउँ | ० | १५ | ११ |
| अभियानमुखी मिसन कार्यकम | पकेट क्षेत्र | ० | ७० | ३१ |
| फलफूल विरुवा रोपण अभियान | विरुवा संख्या (लाख) | ० | ५ | २.४ |
| श्रोतव्यक्ति परिचालन | संख्या | ० | २५० | ७५ |
| हरित स्वयम्सेवक | संख्या | ० | २५०० | १२७५ |
| वीउ भण्डारण गृह स्थापना | संख्या | ० | १७ | १९ |
| सघनवाली विकास कार्यक्रम | हेक्टर | ० | ४०० | १३०० |
| कृषकसँग कृषि विद्यार्थी कार्यक्रम | संख्या | ० | २२५ | ४९ |
| आयमूलक कृषि वन प्रवर्द्धन  कार्यक्रम | समूह | ० | ७० | २१ |
| **पशुपन्छी** | | | | |
| सामुदायिक पशु प्रजनन् केन्द्र | संख्या | ० | ५० | १२ |
| तरल नाइट्रोजन प्लान्ट स्थापना | संख्या | ० | १ | – |
| उन्नत नश्लका वाखा, गाई, भैंसी, वंगुर, श्रोतकेन्द्र स्थापना | संख्या | ० | ९ | १२ |
| सहकारी/समूह तथा उद्यमीवाट संचालित पशुपन्छी फार्म | संख्या | ३० | १०० | ३०५ |
| रैथाने  पशुपन्छीपालन वयवसाय फार्म | संख्या | ५ | ३० | १५ |
| एकीकृत पशुपन्छी–कृषि प्रांगारिक उत्पादन नमूना फार्म | संख्या | ० | ८० | १५५ |
| पशु आहारको लागि घाँसेवालीहरुको वीउ उत्पादन | हेक्टर | ० | १६० | २१० |
| भेटेरीनरी प्रयोगशाला स्थापना | संख्या | ० | १०९ | १३ |
| मासु तथा डेरी पसल स्थापना तथा सुधार | संख्या | १५६ | ३७० | ४१० |
| चिलिङ सुविधा सहितको मिटमार्ट स्थापना | संख्या | ३ | १५ | ५ |
| आधुनिक पशुपन्छी वधस्थल निर्माण तथा सुधार | संख्या | ० | ३५ | ७ |
| दुग्ध प्रशोधन तथा विविधिकरण उद्योगका लागि | संख्या | ० | १२ | ३० |

| | | | | |
|---|---|---|---|---|
| सहयोग | | | | |
| छुर्पी तथा चीज उद्योग स्थापना | संख्या | ० | ७ | ८ |
| स्थानीय तहको सहकार्यमा एकीकृत फार्म स्थापना | संख्या | ० | १५ | ७ |
| भेटेरीनरी एम्वुलेन्स खरिद | संख्या | ० | ५ | – |
| पशुपन्छी पर्यटन प्रवर्द्धन | संख्या | ४ | १५ | १२ |
| कृषि तथा  पशुपन्छी हाटवजार | संख्या | ३० | १०० | १२ |
| **माछापालन** | | | | |
| मत्स्य वीज उत्पादन | संख्या (लाख) | ५३१८ | ९००० | १३५०० |
| पोखरीमा मत्स्यपालन जलाशय क्षेत्र निर्माण | हेक्टर | २८०० | ६५०० | ५१०० |
| घोल, ताल तथा प्राकृतिक जलाशय माछापालन(थप) | हेक्टर | – | ८० | ४७५ |
| व्यावसायिक मत्स्यपालन फार्म क्षेत्रफल (थप) | हेक्टर | – | ५०० | ९५ |
| मत्स्य दाना उद्योग स्थापना | संख्या | २ | ७ | – |
| मत्स्य बीज नर्सरीवाट भुरा उत्पादन | हेक्टर | १८२ | २२५ | २०५ |
| मत्स्य महोत्सव | संख्या | ० | ११ | १५ |
| प्लाष्टिक पोखरी निर्माण | संख्या | ० | ३५ | ४२ |
| चीसो पानीमा  मत्स्यपालन | फर्म | ० | ९ | ५ |
| जिउँदो माछा स्टल निर्माण | संख्या | ० | ३५ | ४४ |
| मत्स्य वीज ह्याचरीवाट  ह्याचिङ /फ्राई उत्पादन | संख्या (लाखमा) | १९४० | ३३०२ | ३८९० |
| **सहकारी** | | | | |
| नवीनतम सोचमा आधारित उत्पादन तथा रोजगारी प्रवर्द्धन कार्यक्रम | योजना संख्या | १९ | ६५ | ३४ |
| सहकारी वजार | संख्या | ९ | ३० | १८ |
| एकीकृत वसोवास कार्यक्रम | संख्या | ० | १ | – |
| गुठीका लागि संरचनागत सहयोग | संख्या | ० | १५ | – |
| सार्वजनिक जग्गामा फलफूल तथा पुष्पवाटिका निर्माण | संख्या | ० | २० | बन अर्न्तगत राख्दा उपयुक्त हुने |
| चक्लावन्दी सहितको नमूना फार्म स्थापना | संख्या | ० | ३५ | – |
| **जडिवुटी** | | | | – |
| व्यावसायिकरुपमा जडीवुटी खेती | हेक्टर | १०० | १६० | – |
| जडीवुटी नर्सरी | संख्या | १४ | १४ | बन अर्न्तगत राख्दा उपयुक्त हुने |

स्रोतः सम्वन्धित मन्त्रालय ।

### ४.१.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान

दिगो विकासको दोस्रो लक्ष्यका रूपमा सन् २०३० सम्ममा कृषिको दिगोपनासहित पूर्ण खाद्य सुरक्षा र पोषण उपलव्ध गराई भोकको अन्त्यका लागि समेत कृषि क्षेत्रको विकास हुनु जरूरी छ । दिगो विकासको लक्ष्य अनुरूप सवै खालको कुपोषण हटाउन र सवैलाई सुरक्षित ढंगले पौष्टिक खाद्यान्न बढाउन कृषि क्षेत्रको उत्पादकत्व र किसानहरूको आम्दानी वढाउनु आवश्यक रहेको छ । लुम्विनी प्रदेश खाद्य सुरक्षा तथा पोषण (प्रतिव्यक्ति प्रतिवर्ष कृषिजन्य वस्तुको

उपलब्धता)का हिसावले प्रगति उन्मुख रहेको छ  भने मासु र दूध उत्पादनमा आत्मनिर्भर रहने अवस्था रहेको छ ।

भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने दिगो विकास लक्ष्य २ को निम्ति नेपालले सन् २०३० सम्ममा कुपोषणलाई ३ प्रतिशतमा, पाँच वर्ष मुनिका वालवालिकामा पाइने कम तौलमा ९ प्रतिशतमा झार्ने र प्रतिव्यक्ति खाद्यान्न उत्पादन ६६ प्रतिशतले वढाउने लगायतका परिमाणात्मक लक्ष्यहरू राखिएका छन् । लुम्विनी प्रदेशको सन्दर्भमा प्रथम आवधिक योजनामा ५ वर्ष मुनिका कम तौल भएका वालवालिकाको प्रतिशत र प्रतिव्यक्ति खाद्यान्न उत्पादन सम्वन्धमा कुनै लक्ष्य निर्धारण गरेको पाइएन  ।

### ४.१.४ समस्या तथा सुझावहरु

#### क) समस्याहरू

कृषिसम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, महामारी नियन्त्रण, औद्योगीकरण, व्यवसायीकरण, यान्त्रिकीकरण, प्रयोगशाला व्यवस्थापन र नियमन, अनुसन्धान तथा विकास, गुणस्तर निर्धारण, प्रवर्द्धन र नियम, खाद्य सुरक्षा, विमा, वजार व्यवस्थापन जस्ता प्रदेश सरकारका अधिकारका विषयमा मात्र केन्द्रित भएर कार्यक्रम तर्जुमा हुनु पर्नेमा सो नहुनु, स्रोत साधनको आकलन नगरी कार्यान्वयनमै ल्याउन नसकिने नीति र महत्वाकाँक्षी लक्ष्य तोकिनु, स्थानीय तह, कृषक समूह तथा कृषिसँग सम्वन्धित सङ्घसंस्थासँगको सहकार्य कमजोर हुनु, आधार तथ्याङ्कनै उपलव्ध नभएका सूचकहरू राखिनु, अनुगमन तथा नियमनको प्रभावकारी व्यवस्था नहुनु, प्रगति अद्यावधिक हुन नसक्नु आदि यस उपक्षेत्रमा देखिएका प्रमुख समस्या हुन् ।

#### ख) सुझावहरू

कृषि उत्पादकत्व वढाउन समयमै पर्याप्त मल उपलव्ध हुने व्यवस्था गर्नु नितान्त आवश्यक छ । चरम मल अभावको वर्तमान गम्भीर समस्यालाई दृष्टिगत गर्दा प्रदेशमै जैविक मल उद्योग खोल्न प्रयास गर्नुपर्ने देखिन्छ । सहकारीलाई सही अर्थमा अर्थतन्त्रको स्तम्भको रूपमा परिचालन गर्न यसको विश्वसनियता वढाउन नियमनको प्रादेशिक संरचना खडा गर्नु उपयुक्त हुने देखिन्छ । वचत तथा ऋण सहकारीलाई भन्दा उत्पादनशील सहकारीलाई प्रोत्साहन दिनु आवश्यक छ । वाँदरवाट धेरै कृषि उपजको विनाश हुने गरेकोले यसलाई बाँदरवाट जोगाउने उपाय गर्नुपर्ने देखिन्छ ।

खेतीको समयमा स्थानीय तहहरूसँग समन्वय गरी प्रदेशलाई आवश्यक पर्ने मल विउ लगायतका कृषि सामग्रीको पर्याप्त व्यवस्था गरी मागको आधारमा स्थानीय तहहरूलाई समयमै आपूर्तिको व्यवस्था मिलाई अभाव हुन नदिने, कृषि तथा खाद्य सुरक्षासम्वन्धी नपुग नीति तथा कानुनको तर्जुमा गरी कार्यान्वयन गर्ने, कृषि तथा मासुजन्य उत्पादनमा यान्त्रीकरण, व्यवसायीकरण र वजारीकरणमा कृषकहरूलाई प्रोत्साहन गर्ने, प्रदेशको कृषि तथा पशुपक्षी मन्त्रालय र मातहतका निकायको संस्थागत क्षमता अभिवृद्धि गर्ने, अनुगमनलाई नियमित एवम् प्रभावकारी वनाई संस्थागत गर्ने, स्थानीय तहमा कार्यरत कृषि जनशक्तिलाई मागको आधारमा

क्षमता अभिवृद्धि गर्ने आदि नतिजा देखिने कुरामा ध्यान केन्द्रित गरी कार्यक्रम तर्जुमा गर्नु आवश्यक देखिन्छ ।

### ४.१.५ उपसंहार

योजना अवधिको पहिलो चार वर्षको प्रगतिको आधारमा मूल्याङ्कन गर्दा कृषि क्षेत्रमा योजनाले लक्ष्य गरे अनुसार वार्षिक औसत ६.७ प्रतिशतको वृद्धि हासिल हुने देखिँदैन । खाद्यान्न वालीको उत्पादकत्व पनि योजनाको लक्ष्य अनुसार वृद्धि हुन सकेको देखिँदैन । समयमा मल नपाउनु कृषि उत्पादनको मूल समस्याको रुपमा देखिएको छ । योजनाले पशुपन्छी तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर हुने लक्ष्य राखेकोमा दुध र मासुको उत्पादनमा प्रगति भएको छ । लुम्विनी प्रदेश खाद्य सुरक्षा तथा पोषण (प्रतिव्यक्ति प्रतिवर्ष कृषिजन्य वस्तुको उपलव्धता)का हिसावले प्रगति उन्मुख रहेका हुँदा परिणामतः आधारभूत खाद्य सुरक्षाको स्थीतिमा रहेको घरधुरी प्रतिशत ४८.४ प्रतिशतमा केही सुधार हुनसक्ने (आवधिक योजनामा लक्ष्य निर्धारण गरिएको छैन) देखिन्छ । जग्गाको चक्लावन्दी, भू-उपयोग, सहकारीजस्ता कृषि उत्पादन वृद्धिमा सहयोगको भूमिका निर्वाह गर्ने विभिन्न क्षेत्रहरूको निमित्त योजनाले निर्धारण गरेको लक्ष्य पनि हासिल हुन सक्ने देखिँदैन ।

## ४.२ उद्योग

### ४.२.१ पृष्ठभूमि

औद्योगिक विकास प्रदेशको आर्थिक वृद्धि, आय र रोजगारीको प्रमुख माध्यम एवम् आर्थिक विकासको परिसूचक पनि हो । उद्योगसम्वन्धी नीति, कानुन, योजना, मापदण्ड कार्यान्वयन र नियमन, औद्योगिक व्यवसाय प्रवर्द्धन र नियमन, उद्योग दर्ता, अनुमति, नवीकरण खारेजी र नियमन, प्रदेशस्तरको औद्योगिक र विशेष आर्थिक क्षेत्रको विकास र विस्तार, औद्योगिक पूर्वाधार निर्माण, औद्योगिक विकास र प्रवर्द्धन तथा नियमन एवम् औद्योगिक वस्तुको निर्यात प्रवर्धन जस्ता विषयहरू प्रदेशको कार्य जिम्मेवारीमा परेका छन् ।

प्रदेश सरकारले उद्योगलाई समृद्धिको एक महत्वपूर्ण संभावित संवाहकको रूपमा लिएको छ । तर यस प्रदेशको कूल गार्हस्थ्य उत्पादन र रोजगारीमा उद्योग क्षेत्रको योगदान न्यून रहेको छ । आ.व. २०७९/८० यस प्रदेशको उद्योग क्षेत्रको वृद्धिदर १.५ प्रतिशत ऋणात्मक रहने अनुमान छ । योजनाको आधार वर्ष अर्थात् आ.व. २०७५/७६ मा १७.६ प्रतिशत रहेको उत्पादनमूलक उद्योगको योगदान योजनाको अन्तिम वर्ष आ.व. २०८०/८१ मा २०.५ पुऱ्याउने योजनाको लक्ष्य रहेको छ ।

आवधिक योजनामा उद्योगलाई महत्वपूर्ण उपक्षेत्रको रुपमा लिई रोजगारी सिर्जना गरी आय वृद्धि गर्न, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न ठूलो भूमिका रहने विश्वास गरिएको छ भने उत्पादन र रोजगारीमा औद्योगिक क्षेत्रको योगदान वृद्धि" भन्ने उद्योग क्षेत्रको दीर्घकालीन सोच

सहित उद्योगधन्दामा लगानी प्रवर्द्धन गर्न औद्योगिक वातावरण सिर्जना गर्ने लक्ष्य निर्धारण गरिएको छ ।

### ४.२.२ उपलब्धि विश्लेषण

आवधिक योजना अवधिको चार वर्षमा उद्योग उपक्षेत्रसम्वन्धी उपलब्धिलाई नीतिगत, यस क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रम र परिमाणात्मक गरी तीन भागमा विभाजन गरी विश्लेषण गरिएको छ ।

#### ४.२.२.१ नीतिगत उपलब्धि

**औद्योगिकीकरण**

आवधिक योजनामा उद्योगधन्दाहरुको विकास सम्वन्धी ५ ओटा रणनीति र २४ ओटा कार्यनीति निर्धारण गरिएका छन् । जसमध्ये १७ ओटा कार्यनीति हालसम्म सम्वोधन भएका छन् ।

उद्योगहरूको स्थापना र विस्तारको लागि लगानी योग्य वातावरण तयार गर्ने रणनीतिअन्तर्गत् ११ वटा कार्यनीति लिइएकोमा ३ वटा कार्यान्वयनमा आउन सकेका छैनन् । रूपन्देही, वाँके र दाङ्गमा नयाँ औद्योगिक क्षेत्र वनाइने कार्यनीतिका सम्वन्धमा रुपन्देहीको मोतीपुरमा औद्योगिक क्षेत्र वनाइ लागु गरिएको छ । यसैगरी सीमानासंग जोडिएका क्षेत्रमा औद्योगिक कोरिडर निर्माण गरिने कार्यनीति लिइएकोमा सुनवल, चन्द्रौटा र कृष्णनगरमा अध्ययन गरिएको छ । बाँके जिल्लामा ठूला उद्योगहरू स्थापना गर्न प्रोत्साहन गरी औद्योगिक हव वनाइने कार्यनीतिका सम्वन्धमा कुनै काम हुन सकेको छैन । उद्योग दर्तादेखि वहिर्गमनसम्म सरल र सहज ढंगले हुने व्यवस्था गरिने कार्यनीतिका सम्वन्धमा सरल र सहज ढंगले हुने व्यवस्था गरी लागु गरिएको छ । औद्योगिक क्षेत्रमा आवश्यक शान्ति सुरक्षा प्रदान गरिने कार्यनीतिका सम्वन्धमा औद्योगिक क्षेत्रमा आवश्यक शान्ति सुरक्षा प्रदानको पहल गरिएको छ । औद्योगिक क्षेत्रहरूलाई उद्योगमैत्री ढंगले व्यवस्थापन गरिने कार्यनीतिका सम्वन्धमा औद्योगिक क्षेत्रहरूलाई उद्योगमैत्री ढंगले व्यवस्थापन गर्ने गरी सहजीकरण गरेको देखिन्छ । उद्योगहरूलाई जग्गा रजिष्ट्रेशन शुल्कमा छुट दिइने कार्यनीतिका सम्वन्धमा उद्योगहरूलाई जग्गा रजिष्ट्रेशन शुल्कमा छुट दिने गरी पहल थालिएको देखिन्छ । औद्योगिक क्षेत्र, औद्योगिक कोरिडर र उद्योग ग्रामहरूमा आवश्यक भौतिक पूर्वाधार पुऱ्याइने कार्यनीतिका सम्वन्धमा र स्थानीय कच्चा पदार्थमा आधारित निकासीजन्य उद्योगहरूको स्थापनामा विशेष छूट दिने व्यवस्था मिलाइने कार्यनीतिका सम्वन्धमा कुनै काम भएको पाइदैन । महिला उद्यमीहरूलाई विशेष प्राथमिकता दिने गरी उद्योगहरूलाई सहुलियत प्रदान गर्न उद्योग विकास कोष स्थापना गरिने कार्यनीतिका सम्वन्धमा महिला उद्यमीहरूलाई विशेष प्राथमिकता दिने गरी उद्योगहरूलाई सहुलियत प्रदान गर्न उद्योग विकास कोष स्थापना गरिएको छ । उद्योगीहरूलाई एकीकृत ढंगले सेवा प्रवाह गर्ने व्यवस्था गरिने कार्यनीतिका सम्वन्धमा एकीकृत ढंगले सेवा प्रवाह गर्ने व्यवस्था गरिएको देखिन्छ ।

स्वदेशी औद्योगिक उत्पादनको स्वदेशी वजार तथा विदेशमा समेत निकासी प्रवर्द्धन गर्ने रणनीतिअन्तर्गत् ३ ओटा कार्यनीति लिइएकोमा एउटा कार्यान्वयनमा आउन सकेका छैन । आन्तरिक उत्पादनको वजार प्रवर्द्धन गर्न प्रदर्शनीस्थलको निर्माण र वर्षेनि औद्योगिक प्रदर्शनी

आयोजना गर्न सहयोग गर्ने कार्यनीतिका सम्वन्धमा औद्योगिक मेला/प्रदर्शनीलाई सहयोग उपलव्ध गराइएको देखिन्छ । आन्तरिक उत्पादनको उपयोग गर्न प्रोत्साहन गरिने कार्यनीतिका सम्वन्धमा आन्तरिक उत्पादनको उपयोग गर्न प्रोत्साहन गरिएको छ । प्रादेशिक ब्राण्ड विकास गरी वजार विस्तार गर्ने कार्यनीतिका सम्वन्धमा कुनै कार्य भएको पाइदैन ।

सहुलियत ऋण, उत्पादनको विविधता र आधुनिक प्रविधिको प्रयोग मार्फत उत्पादन लागतमा कमी ल्याई प्रतिष्पर्धी क्षमता वढाउने रणनीतिअन्तर्गत् ४ ओटा कार्यनीति लिइएकोमा एउटा कार्यान्वयनमा आउन सकेको छैन । उद्योगहरूलाई सहुलियतपूर्ण ऋण उपलव्ध हुने व्यवस्था गरिने कार्यनीतिका सम्वन्धमा उद्यम विकास कोषमार्फत ११६ जना उद्यमीले ऋण लिएर व्यवसाय सञ्चालन गरेको देखिन्छ । औद्योगिक विकासका समस्याहरूको नियमित खोजी गरी समाधानका लागि यस क्षेत्रको अध्ययन-अनुसन्धान गरिने कार्यनीति लिइएकोमा औद्योगिक विकासका समस्याहरूको नियमित खोजी गरी समाधानका लागि यस क्षेत्रको अध्ययन अनुसन्धान थालिएको  देखिन्छ । वैदेशिक रोजगारीवाट फर्केका, युवा र महिलाहरूलाई व्यवस्थापकिय ज्ञान सहित उद्यमशीलता तालिम प्रदान गरिने कार्यनीतिका सम्वन्धमा व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन एवम् व्यवस्थापनसम्वन्धी कार्यविधि २०७९ जारी गरी कार्यान्वयन गरेको देखिन्छ । मातहतका घरेलु तथा साना उद्योग कार्यालयमार्फत वैदेशिक रोजगारीवाट फर्केका, युवा र महिलाहरूलाई व्यवस्थापकिय ज्ञान सहित उद्यमशीलता तालिम प्रदान गरिएको छ । सार्वजनिक निजी साझेदारीमा औद्योगिक प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षालय तथा सूचना केन्द्रहरू प्रर्वद्धन गरिने कार्यनीतिका सम्वन्धमा कुनै काम हुन सकेको छैन ।

घरेलु, साना तथा मझौला उद्योगहरूको विस्तार गर्ने रणनीतिअन्तर्गत् ४ ओटा कार्यनीति लिइएकोमा एउटा कार्यान्वयनमा आउन सकेको छैन । स्थानीय तहहरूको समन्वयमा स्थानीय स्तरमा उद्योग ग्रामहरू स्थापना गरिने कार्यनीतिका सम्वन्धमा स्थानीय तहहरूको समन्वयमा स्थानीय स्तरमा उद्योग ग्रामहरू स्थापना गर्न पहल शुरु गरिएको छ । पर्यटकीय वस्तु उत्पादन गर्ने घरेलु उद्योगको विकास गर्ने र त्यस्ता वस्तुको विक्री प्रवर्द्धन गर्न कोसेली घरहरू स्थापना र संचालनमा सहयोग गर्ने कार्यनीतिका सम्वन्धमा पर्यटकीय वस्तु उत्पादन गर्ने घरेलु उद्योगको विकास गर्ने र त्यस्ता वस्तुको विक्री प्रवर्द्धन गर्न कोसेली घरहरू स्थापना र संचालनमा सहयोग प्रदान गरिएको छ । वनजन्य उद्योगहरू प्रवर्द्धन गर्न राष्ट्रिय वनको वैज्ञानिक व्यवस्थापन गर्ने कार्यनीतिका सम्वन्धमा कुनै कार्य हुन सकेको छैन भने कृषिजन्य उद्योग स्थापना गर्न सहुलियत प्रदान गर्ने कार्यनीतिका सम्वन्धमा कृषिजन्य उद्योग स्थापना गर्न सहुलियत स्वरुप प्रविधि हस्तान्तरण गरिएको छ ।

उद्योग र वातावरण वीच सन्तुलन कायम गर्ने रणनीतिअन्तर्गत् २ ओटा कार्यनीति लिइएकोमा एउटा कार्यान्वयनमा आउन सकेन । उद्योगमा काम गर्ने मजदुरको दुर्घटना तथा स्वास्थ्यमा असर न्यून गर्न तथा उद्योगवाट निस्कने हानिकारक फोहोरको उचित व्यवस्थापनका लागि

नीति वनाई लागू गरिने कार्यनीतिका सम्वन्धमा श्रम वजार अध्ययन, कार्यस्थल सुरक्षा तथा कारखाना निरीक्षण सम्वन्धी कार्यविधि २०७८ कार्यान्वयनमा ल्याइएको छ। उद्योगमा काम गर्ने मजदुरको दुर्घटना तथा स्वास्थ्यमा असर न्यून गर्न तथा उद्योगवाट निस्कने हानिकारक फोहोरको उचित व्यवस्थापनका लागि अध्ययन समेत गरिदैछ । उद्योगहरूलाई निश्चित औद्योगिक क्षेत्र र कोरिडरमा सीमित गरी मानव वस्तीहरूलाई वातावरण प्रदूषणवाट संरक्षण गर्ने कार्यनीति लिइएकोमा कार्यान्वयनमा आउन सकेको छैन ।

औद्योगिकीकरण सम्वन्धी रणनीति तथा कार्यनीति कार्यान्वयन अवस्था अनुसूची ४.२ मा प्रस्तुत गरिएको छ ।

**खानी तथा खनिज पदार्थ**

आवधिक योजनाले "खनिज क्षेत्रको योगदान वृद्धि गरी आर्थिक रूपान्तरण र सुदृढ अर्थतन्त्रको निर्माण" भन्ने खानी तथा खनिज पदार्थ क्षेत्रको दीर्घकालीन सोच र "वातावरणीय सन्तुलनमा खलल नपुग्ने गरी खनिज उद्योगको विकास र विस्तारद्वारा रोजगारी तथा औद्योगिक उत्पादन वृद्धि गर्ने" लक्ष्य निर्धारण गरेको छ। योजनामा खानी तथा खनिज पदार्थको विकास सम्वन्धी ४ ओटा रणनीति र ११ ओटा कार्यनीति निर्धारण गरिएका छन् । जसमध्ये ३ ओटा कार्यनीतिमात्र हालसम्म सम्वोधन भएका छन् ।

खनिज सम्वन्धी प्रादेशिक नीति र प्रशासनिक संरचना निर्माण गरी खनिज क्षेत्रको प्रभावकारी अन्वेषण र व्यवस्थापन गर्ने रणनीतिअन्तर्गत् ५ ओटा कार्यनीति लिइएकोमा ३ ओटा कार्यान्वयनमा आउन सकेका छैनन् । प्रादेशिक खनिज नीति, कानून र मापदण्ड वनाई खनिज क्षेत्रलाई व्यवस्थित गर्ने कार्यनीति लिइएकोमा अध्ययन-अनुसन्धान गरि आंशिकरुपमा कार्यान्वयन गरिएको छ। आवश्यक दक्ष जनशक्तिसहित खानी अन्वेषण र व्यवस्थापनका लागि प्रशासनिक संरचना निर्माण गर्ने कार्यनीति कार्यान्वयन हुन सकेको छैन । प्रदेशमा रहेका रत्नपत्थर अनुसन्धान,अन्वेषण र उत्खननका कार्यहरू अघि वढाइने कार्यनीति सम्वन्धमा अध्ययनको लागि आवश्यक अर्न्तक्रिया थालनी भएको छ । भौगर्भिक अध्ययन अनुसन्धानमा विश्वविद्यालयहरूसँग सहकार्य गर्ने कार्यनीति र प्रदेशमा कम्तीमा एक उच्च शैक्षिक संस्थामा भूगर्भ सम्वन्धी अध्यापन थालनी गर्न सहयोग पुऱ्याउने कार्यनीति कार्यान्वयन हुन सकेको छैन । प्रदेशमा उपलव्ध खनिजको लगत संकलन तथा अभिलेखाङ्कन गर्ने रणनीतिअन्तर्गत् हालसम्म अन्वेषण भएका खानी तथा खनिज क्षेत्रको लगत संकलन गरी भौगोलिक सूचना प्रणाली मार्फत नक्साङ्कन गरी खानी खनिजसम्वन्धी सम्पूर्ण सूचना प्रकाशन गर्ने र भूवैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान गरी प्रदेशको भौगर्भिक नक्शा तयार गर्ने गरी २ ओटा कार्यनीति लिइएकोमा कार्यान्वयनमा आउन सकेका छैनन् ।

भौगर्भिक पर्यटन प्रवर्द्धन गर्ने रणनीतिअन्तर्गत् भौगर्भिक सम्पदालाई शिक्षा र पर्यटनसंग जोड्न पृथ्वीको इतिहास तथा हिमालयको उत्पति र विकास झल्किने खालका वस्तुहरू प्रदर्शन हुनेगरी भौगर्भिक वगैंचा निर्माण गर्ने कार्यनीति लिइएकोमा कार्यान्वयनमा आउन सकेको छैन ।

आवश्यक भौतिक पूर्वाधारको निर्माण गरी खनिज उद्योग स्थापना गर्न प्रोत्साहन गर्ने रणनीतिअन्तर्गत् ३ ओटा कार्यनीति लिइएकोमा एउटामा आंशिक रुपमा कार्यान्वयनमा आएको छ । संघीय निकायहरूसंग समन्वय गरी खानी क्षेत्रमा पहुँच सडक निर्माण तथा विद्युत् प्रसारण लाइन विस्तार गर्ने कार्यनीति लिइएकोमा संघीय निकायहरूसंग समन्वय गरी खानी क्षेत्रमा पहुँच सडक निर्माण तथा विद्युत् प्रसारण लाइन विस्तार गर्न पहल हुरु गरिएको छ । उद्यमीहरूका लागि खानी तथा खनिज पहिचान, उत्खनन तथा प्रशोधनसम्वन्धी क्षमता विकास एवम् उपयुक्त प्रविधि हस्तान्तरणमा सहयोग गर्ने र नेपाल सरकारसंगको सहकार्यमा खानी उत्खननवाट मानव वस्ती, जैविक विविधता र वातावरणमा परेको प्रभावको अनुगमन गरी न्यूनीकरणका उपायहरू अवलम्वन गर्ने कार्यनीतिका सम्वन्धमा कुनै काम हुन सकेको छैन ।
यसरी हेर्दा उल्लेखित रणनीतिहरूमध्ये केही कार्यान्वयन भएको, केही आंशिकरुपमा कार्यान्वयन भएका र केही पूर्ण रूपमा कार्यान्वयन नभएको अवस्था छ । उद्योग उपक्षेत्रका नीतिगत उपलव्धि सम्वन्धी विवरण अनुसूची-४.२ मा दिइएको छ ।

### ४.२.२.२ उद्योग क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलव्धि

योजनामा उद्योग उपक्षेत्रका लागि औद्योगिकीकरणतर्फ ८ ओटा र खानी तथा खनीज पदार्थतर्फ ७ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् भनें जसको कार्यान्वयन गर्ने जिम्मेवारी प्रदेश उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, संघीय सरकार, स्थानीय सरकार, सम्वन्धीत संघसंस्थाहरु, निजी क्षेत्र, आदिलाई तोकिएको थियो । औद्योगिकीकरणतर्फका ८ ओटा प्रमुख कार्यक्रमहरुमध्ये ५ ओटा आंशिक रुपमा भएपनि संचालन भएका छन् । मोतिपुरमा औद्योगिक क्षेत्र र स्थानीय स्तरमा उद्योग ग्रामहरु स्थापनाको स्थापनाको थालनी भएको छ । यसैगरी उद्यम विकास कोष स्थापना र उद्यमशीलता तथा शिप विकास तालिमको सुरुवात गरिएको छ ।
खानी तथा खनीज पदार्थतर्फका ७ ओटा प्रमुख कार्यक्रमहरुमध्ये कुनैपनि कार्यक्रम संचालन हुन सकेका छैनन् ।
योजनाको कार्यक्रमिक उपलव्धि तालिका ४.९ र ४.१० मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.९ : औद्योगिकीकरणसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क्र.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | औद्योगिक क्षेत्र स्थापना (मोतिपुर, नौवस्ता, दाङ्ग, राजापु वर्दिया) (लक्ष्य) | | औद्योगिक क्षेत्र | | उद्योगहरु स्थापना | | |
| | उपलव्धि(संख्या) | भएको | मोतिपुरमा भएको (१) | | | | |
| २ | औद्योगिक कोरिडोरको विकास | | स्थानको पहिचान | | आवश्यकतानुसार विस्तार | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (लक्ष्य) | | | | | | |
| | उपलब्धि (संख्या) | नभएको | – | – | – | – | |
| ३ | स्थानीय स्तरमा उद्योग ग्रामहरु स्थापना (लक्ष्य) | | | | | | |
| | उपलब्धि (संख्या) | भएको | सिफारिस भएको | | | | |
| ४ | प्रर्दशनी स्थलको निमार्ण (लक्ष्य) | | स्थान छनौट र डिपीआर तयार | निमार्ण शुरु | | निमार्ण सम्पन्न | |
| | उपलब्धि (संख्या) | नभएको | – | – | – | – | |
| ५ | लघु तथा मझौला उद्योग विकास कार्यक्रम (लक्ष्य) | | १०९ वटै स्थानीय तहमा कार्यक्रम संचालन | | | | |
| | उपलब्धि (संख्या) | नभएको | – | – | – | – | |
| ६ | उद्यम विकास कोष (लक्ष्य) | | कार्यविधि र स्थापना | संचालन(स्टार्ट अप फर्महरुलाई सीड पुँजी, घरेलु, साना तथा मझौला उद्योगहरुलाई व्याज अनुदान, औद्योगिकरणसम्वन्धी अध्ययन अनुसन्धान) | | | |
| | उपलब्धि (संख्या) | भएको | कार्यविधि र स्थापना | संचालनमा रहेको | | | |
| ७ | उद्यमशीलता तथा सिप विकास तालिम संचालन | | तलिमको आवश्यकता पहिचान र तालिमको शुरुवात | तालिम संचालन | | | |
| | उपलब्धि (संख्या) | भएको | संख्या प्राप्त नभएको | | | | |
| ८ | औद्योगिकीकरण प्रवर्द्धन सम्वन्धमा अध्ययन अनुसन्धान | | विषय र परामर्शदाता छनौट र प्रत्येक वर्ष औद्योगिक समस्या समाधान उन्मुख तथा नयाँ वस्तुहरुको पहिचान र प्रविधि हस्तान्तरण सम्वन्धमा अध्ययन | | | | |
| | उपलब्धि | भएको | – | – | – | – | |

स्रोतः सम्वन्धित मन्त्रालय ।

## तालिका ४.१० : खानी तथा खनीज पदार्थसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था

| क्र.सं. | कार्यक्रम | भएको / नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | खनिजसम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तयारी (लक्ष्य) | | प्रादेशिक नीति, कानून तथा मापदण्ड तयारी | कार्यान्वयन | | | |
| | उपलब्धि | नभएको | – | – | – | – | |
| २ | खानीसम्वन्धी | | आवश्यक नियम कानून | संचालन | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रादेशिक संरचना गठन र संचालन ( लक्ष्य) | | सहित संरचना वनाउने | | | | |
| | उपलव्धि (संख्या) | नभएको | – | – | – | – | |
| ३ | खनिज सम्पदाको अन्वेषण, अनुसन्धान र अभिलेखाकंन | | प्रदेशमा रहेका खानीहरुको अभिलेखाकंन, अन्वेषण र अनुसन्धान | | भौगर्भिक नक्शा निमार्ण | | |
| | उपलव्धि | नभएको | – | – | – | – | |
| ४ | खनिज सम्पदाको व्यवस्थित उत्खनन | | उत्खनन | | | | |
| | उपलव्धि | नभएको | – | – | – | – | |
| ५ | भौगर्भिक उद्यान तथा संग्रहालय निमार्ण | | कार्यविधि तर्जुमा, स्थान छनौट, डिपीआर निमार्ण | उद्यान तथा संग्रहालय निमार्ण शुरु | | उद्यान तथा संग्रहालय निमार्ण सम्पन्न | |
| | उपलव्धि (संख्या) | नभएको | – | – | – | – | |
| ६ | खानी उत्खननका वातावरणीय प्रभाव न्यूनीकरण कार्यक्रम | | वातावरणीय प्रभावको अध्ययन र न्यूनीकरणका उपाय पहिचान | नकारात्म प्रभाव न्यूनीकरण कार्यक्रम | | | |
| | उपलव्धि | नभएको | – | – | – | – | |
| ७ | खानी क्षेत्रमा पूर्वाधार निर्माण कार्यक्रम | | पूर्वाधार निर्माण गर्नुपर्ने स्थान पहिचान र पूर्वाधार निर्माण | निरन्तरता | | | |
| | उपलव्धि | नभएको | – | – | – | – | |

स्रोतः सम्वन्धित मन्त्रालय ।

### ४.२.२.३ परिमाणात्मक उपलव्धि

योजनाले औद्योगिकीकरण र खानी तथा खनीज पदार्थसम्वन्धी उपक्षेत्रमा निर्धारण गरेका नतिजा सूचक, तिनको आधार तथ्याङ्क २०७९/८० सम्मको लक्ष्य र उपलव्धिवारे तलका तालिकाहरुमा विश्लेषण गरिएको छ ।

उद्योग उपक्षेत्रको विकासको २०७५/७६ लाई आधार वर्षको रुपमा लिई उपलव्धिको विश्लेषण गर्दा प्रभावस्तर (लक्ष्य स्तर) को उपलव्धि २०७९/८० मा निरपेक्ष गरिवीको रेखामुनिको जनसंख्या र गैरकृषि क्षेत्रमा रोजगारी वृद्धिको प्रगति प्राप्त हुन सकेन । गैरकृषि क्षेत्रको उत्पादनमा वृद्धि दर लक्ष्य ११.५ प्रतिशत भएकोमा प्रगति १.५ प्रतिशत मात्र भएको छ । कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदानको लक्ष्य २०.४ प्रतिशत भएकोमा प्रगति १४.१ प्रतिशत मात्र भएको छ । निर्धारण गरिएका अन्य नतिजा सूचकहरुको प्रगति प्राप्त हुन सकेन ।

उद्योग उपक्षेत्रका सूचकहरुको आधार तथ्यांक र आ.व. २०७९/८० को लक्ष्य तथा प्रगतिको विस्तृत लक्ष्य तथा परिमाणात्मक उपलव्धि तालिका ४.११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.११ : उद्योगसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था**

| **नतिजा स्तर अनुसार सूचक** | **एकाइ** | **आधार वर्ष २०७५/७६** | **आ.व. २०७९/८०** | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| **प्रभाव तह** | | | | |
| निरपेक्ष गरिबीको रेखामुनिको जनसंख्या | प्रतिशत | १८.२ | १२ | – |
| गैरकृषि क्षेत्रमा रोजगारी वृद्धि | प्रतिशत | – | – | – |
| गैरकृषि क्षेत्रको उत्पादनमा वृद्धि दर | प्रतिशत | ७.८२ | ११.५ | १.५ |
| **असर तह** | | | | |
| रोजगारीमा योगदान (दिविल ९.२) | प्रतिशत | ८.९ | १८.०* | – |
| कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १७.६ | २०.४ | १४.१ |
| लघु उद्यम मार्फत रोजगारको सिर्जना | जना | ४००० | ५००० | – |
| लघु उद्यम मार्फत आम्दानीमा वृद्धि भएका उद्यमीहरु | जना | ३००० | ३००० | – |
| **खानी तथा खनीज पर्दाथ** | | | | |
| खनिज क्षेत्रमा रोजगारी सिर्जना | संख्या | – | – | – |
| खनिज क्षेत्रको कूल उत्पादन | रु. करोड | – | – | – |
| **प्रतिफल तह** | | | | |
| औद्यौगिक क्षेत्र विस्तार | संख्या | २ | ४ | – |
| ठूला उद्योग (१० जना भन्दा वढी रोजगारी दिएका) | संख्या | ९०० | – | – |
| साना तथा मझौला उद्योग | संख्या | – | – | – |
| दर्ता भएका घरेलु तथा साना उद्योग | संख्या | २४०४४ | – | १०८८५८@ |
| लघु उद्यम शुरु भएका | संख्या | १६९२२ | – | – |
| लघु उद्यमी सिर्जना भएका (वार्षिक) | संख्या | ४०४३ | ४५०० | – |
| लघु उद्यमी स्तरोन्नति (वार्षिक) | संख्या | २१२२ | २५०० | – |
| लघु उद्यमी ऋण पहुँच (वार्षिक) | संख्या | ८०० | ९०० | – |
| उद्योग ग्राम | संख्या | ० | ४ | – |
| **खानी तथा खनिज** | | | | |
| खनिज क्षेत्रमा निजी क्षेत्रको लगानी | रु. करोड | – | – | – |
| खानी अन्वेषण | संख्या | – | – | – |
| खानी उत्खनन् | संख्या | – | – | – |

* आ.व. २०८०/८१ को लक्ष्य ।

@ आर्थिक सर्वेक्षण ०७९/८०, नोपाल सरकार, अर्थमन्त्रालय ।

खनिज क्षेत्रमा रोजगारी सिर्जना संख्या र खनिज क्षेत्रको कूल उत्पादन रकमलाई असर तहको सूचकको रूपमा लिएको भएतापनि यसको आधार तथ्याङ्क र लक्ष्य दुवै निर्धारण गरिएको छैन । यसैगरी खनिज क्षेत्रमा निजी क्षेत्रको लगानी रकम, खानी अन्वेषण र खानी उत्खनन् संख्यालाई

प्रतिफल तहको सूचकको रूपमा लिइएको भए पनि यसको पनि आधार तथ्याङ्क र लक्ष्य दुवै निर्धारण गरिएको छैन ।

समष्टिमा हेर्दा उद्योग र खानी उत्खनन् क्षेत्रका २१ ओटा सूचकमध्ये २ ओटाको मात्र उपलब्धि प्राप्त भएको देखिन्छ । प्राप्त भएका सूचकको प्रगति पनि आशाप्रद छैन ।

### ४.२.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान

दिगो विकास लक्ष्य ९ मा समावेशी तथा दिगो औद्योगिकीकरणको प्रवर्द्धनलाई पनि समेटिएको छ । नेपालको सन्दर्भमा कूल ग्रार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा सन् २०३० मा २५ प्रतिशत पुऱ्याउनुको साथै उद्योग क्षेत्रको रोजगारी वृद्धि गरी कूल रोजगारीको १३ प्रतिशत पुऱ्याउने परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन् । लुम्विनी प्रदेशको प्रथम आवधिक योजनाले पनि प्रदेशको कूल ग्रार्हस्थ्य उत्पादनमा उद्योगको हिस्सा आ.व. २०७५/७६ को १७.६ प्रतिशतवाट वढाएर आ.व. २०७९/८० मा २०.४ प्रतिशत र आ.व. २०८०/८१ मा २०.५ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । योजनाको यो लक्ष्य पुरा नहुने देखिन्छ । सन् २०३० को लक्ष्य भनें निर्धारण गरिएको छैन । यसैगरी रोजगारीमा उद्योगको योगदान (दिविल ९.२) आ.व. २०७५/७६ को ८.९ प्रतिशतवाट वढाएर आ.व. २०८०/८१ मा १८.० प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा यो लक्ष्य पनि पुरा नहुने देखिन्छ ।

### ४.२.४ समस्या र सुझावहरु

#### क) समस्याहरू

अधिकांश नीतिहरू कार्यान्वयनमै नआउनु, प्रदेश उद्योग मन्त्रालयको साङ्गठनिक संरचना कमजोर हुनु, कोरोना लगायत विभिन्न कारणले नीति तथा कार्यक्रम कार्यान्वयन नहुँदा अधिकांश सूचकको उपलब्धि प्राप्त नहुनु र कतिपय नतिजा सूचकहरूको आधार तथ्याङ्क, लक्ष्यसमेत नहुनु, औद्योगिक पूर्वाधार कमजोर हुनु, निजीक्षेत्रको आकर्षण बढ्न नसक्नु, प्रतिस्पर्धात्मक लाभका क्षेत्र पहिल्याउन नसक्नु, आदि यस उपक्षेत्रका प्रमुख समस्याको रूपमा देखिएका छन् ।

#### ख) सुझावहरू

आवधिक योजनाले निर्धारण गरेका नीतिहरूको पुनरावलोकन गरी योजनाको बाँकी समयमा कार्यान्वयन गर्न सकिने नीतिलाई मात्र निरन्तरता दिई कार्यान्वयन गर्ने, प्रदेश उद्योग मन्त्रालयको साङ्गठनिक संरचना सुदृढ गर्ने र नतिजाप्रति जिम्मेवार वनाउन आवश्यक छ । यसको अनुगमन तथा मूल्याङ्कन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने, औद्योगिक पूर्वाधारको विकास गर्ने, कोरोनाले जोखिममा पुगेका उद्योगहरूलाई पुनरुत्थान गर्ने, प्रदेशका प्रतिस्पर्धात्मक क्षमता वढी भएका उद्योगहरूको पहिचान र औद्योगिक विकासको लागि अनुसन्धान र विकासमा जोड दिने, लगानीमैत्री नीति, कानुनहरूको तर्जुमा गरी कार्यान्वयन गर्ने, स्थानीय तहको समन्वयमा स्थानीय कच्चा पदार्थमा आधारित आय र रोजगारमूलक लघु, साना तथा घरेलु उद्योगहरूलाई प्रोत्साहन दिने, आदि विषयमा पनि जोड दिन जरुरी देखिन्छ ।

वास्तवमै आयात प्रतिस्थापन उद्योगहरूको विकास गर्ने हो भने प्रतिष्पर्धी मुलुकहरूको अनुदान व्यवस्था अध्ययन गरी स्वदेशी वस्तुको प्रतिष्पर्धात्मक क्षमता वढाउन तदनुरूप अनुदानको व्यवस्था गर्नुपर्ने देखिन्छ । विदेशी लगानी आकर्षित गर्न लगानीमैत्री व्यावसायिक वातावरणको विकास गर्नुपर्ने देखिन्छ ।

### ४.२.५ उपसंहार

लुम्विनी प्रदेशको औद्योगिक उत्पादन वृद्धिदर आवधिक योजनाको आधार वर्ष अर्थात आ.व. २०७५/७६ मा ७.८२ प्रतिशत रहेको थियो । योजनाले योजना अवधिको अन्तिम वर्षमा १२ प्रतिशतको उच्च वृद्धिदरको लक्ष्य राखेको थियो । चार वर्षको प्रवृति हेर्दा उक्त लक्ष्य हासिल हुने देखिँदैन । प्रदेशको कूल ग्रार्हस्थ्य उत्पादनमा उद्योगको योगदान २०.५ प्रतिशत पुऱ्याउने लक्ष्य पनि पुरा हुने देखिदैन । उद्योग विकासको निमित्त पूर्वाधारहरू विकास गर्ने र रोजगारी सिर्जना गर्ने लक्ष्य पनि योजनामा रहेको छ । पूर्वाधार विकासमा मूलतः औद्योगिक क्षेत्रहरूको स्थापना र विस्तारमा जोड दिइएको छ । तर ती आयोजनाहरू लगायत स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्ने आयोजनाहरूले गति लिन सकेको छैन ।

## ४.३ पर्यटन

### ४.३.१ पृष्ठभूमि

लुम्विनी प्रदेश पर्यटकीय महत्वको दृष्टिले अग्रणी स्थानमा रहेको छ । विश्व सम्पदा सूचीमा रहेको गौतम वुद्धको जन्मस्थल लुम्विनी र वुद्धसंग सम्वन्धित प्राचीन कपिलवस्तु लगायतका देवदह, रामग्राम, कुदान, निग्लिहवा लगायतका धार्मिक क्षेत्र रूरू, ऋषिकेश, रेसुङ्गा, रून्टीगढी, स्वर्गद्वारी, जलजला, गौमुखी, वागेश्वरी, ठाकुरद्वार, सुपादेउराली, पाल्ही भगवती, मर्चवारीमाई, ऐतिहासिक स्थलको रूपमा जितगढी, रानीमहल, पाणिनी तपोभूमि, वाँके एवम् वर्दिया राष्ट्रिय निकुञ्ज, कृष्णसार संरक्षण क्षेत्र, ढोरपाटन शिकार आरक्ष क्षेत्र, रामसार सुचिकृत जगदीशपुर ताल र एसियाकै ठूलो दाङ्ग उपत्यका यस प्रदेशमा रहेका छन्। साथै, रूकुम पूर्वमा रहेका हिमाल तथा तातो पानीका मुहान र प्रदेशका विभिन्न जिल्लामा ताल, झरना र प्राकृतिक गुफाहरू रहेका छन् । ऐतिहासिक वाइसे चौविसे राज्यका राजधानीका रूपमा रहेका कोट र किल्लाहरू पनि यस प्रदेशमा रहेका छन् । भौगोलिक, प्राकृतिक, कला र संस्कृति, धार्मिक र जातिगत विविधता रहेकाले यो प्रदेश प्रमुख पर्यटकीय गन्तव्य स्थल वन्न सक्ने प्रशस्त सम्भावना रहेको छ । युद्ध पर्यटनको रूपमा रोल्पाको टिला, चुनवाङ, गाम लगायतका स्थलहरू पनि पर्यटकीय आकर्षणको रुपमा रहेका छन् ।

पर्यटन उपक्षेत्र सम्वन्धमा प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, ट्राभल तथा ट्रेकिङ एजेन्सी दर्ता, अनुमति र नवीकरण, प्रादेशिक पर्यटनको प्रवर्द्धन, प्रादेशिक पर्यटकीय पूर्वाधारको विकास, पर्यटक प्रहरी व्यवस्थापन, पर्यटकीय होटेल, रिसोर्ट, लज, ट्राभल गाइड, ऱ्याफ्टिङ आदिको प्रवर्द्धन, दर्ता, अनुमति, नवीकरण र नियमन आदि कार्यहरू प्रदेश सरकारको कार्य जिम्मेवारीमा पर्दछन् ।

लुम्विनी प्रदेशको पर्यटकीय सम्भावनालाई दृष्टिगत गर्दै आवधिक योजनाले “पर्यटन क्षेत्रको विकास एवम् वृद्धि मार्फत आर्थिक समृद्धि” भन्ने दीर्घकालीन सोच राखेको छ भने पर्यटन क्षेत्रको प्रवर्द्धनवाट रोजगारी एवम् आय आर्जन वृद्धि गरी गरिवी निवारणमा योगदान गर्ने लक्ष्य निर्धारण गरेको छ ।

### ४.३.२ उपलव्धि विश्लेषण

#### ४.३.२.१ नीतिगत उपलव्धि

आवधिक योजनाले निर्धारित गरेका लक्ष्य तथा उद्देश्य प्राप्त गर्न पर्यटनतर्फ प्रदेशको पर्यटनको विकासका लागि नीतिगत कानूनी एवम् संस्थागत व्यवस्था गर्ने, प्रदेशमा रहेका पर्यटकीय स्थलहरूको संम्वर्द्धन, संरक्षण गर्दै आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरी विकास गर्ने, पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने, पर्यटनलाई आन्तरिक उत्पादन र रोजगारीसँग जोड्ने र पर्यटनको विकासको लागि अन्य प्रदेश, स्थानीय तह र निकायहरूसँग सहकार्य गर्ने गरी ५ ओटा रणनीति र २२ ओटा कार्यनीति निर्धारण गरिएकोमा १९ ओटा कार्यनीति आंशिकरुपमा भएपनि कार्यान्वयनमा आएका छन् ।

प्रदेशको पर्यटनको विकासका लागि नीतिगत कानूनी एवम् संस्थागत व्यवस्था गर्ने रणनीति कार्यान्वयनका लागि प्रदेशको पर्यटनको विकासको लागि कानूनी व्यवस्था एवम् प्रादेशिक संस्थागत संरचनाको रूपमा पर्यटन विकास परिषद् वनाइने कार्यनीति अन्तर्गत पर्यटन विकास परिषद्को गठन भई कार्यान्वयनमा रहेको छ । यसैगरी पर्यटन व्यवस्थापन सम्वन्धी ऐन २०७६ र होमस्टे संचालन नियमावली २०७६ कार्यान्वयनमा रहेका छन् ।

प्रदेशमा रहेका पर्यटकीय स्थलहरूको सम्वर्द्धन, संरक्षण गर्दै आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरी विकास गर्ने रणनीति अन्तर्गत लुम्विनी आएका पर्यटकहरूलाई यस प्रदेशका अन्य स्थानहरूमा आकर्षित गर्ने गरी पर्यटकीय स्थलहरूको विकास गर्ने कार्यनीति लिइएकोमा पर्यटकीय स्थलहरुको विकासको थालनी गरिएको छ ।

प्रदेशका सवै जिल्लाहरूमा रहेका ताल, धार्मिक र ऐतिहासिक मठमन्दिर तथा सम्पदालाई आधार वनाएर आवश्यक पूर्वाधारहरू सहित पर्यटकीय स्थलहरूको विकास गर्ने कार्यनीति सम्वन्धमा ताल, धार्मिक र ऐतिहासिक मठ मन्दिर तथा सम्पदाहरुको संरक्षण र पूर्वाधार विकासको थालनी गरिएको छ । यस क्षेत्रका प्रमुख धार्मिक क्षेत्र तथा तीर्थस्थलहरूको विकास गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्ने कार्यनीति सम्वन्धमा धार्मिक पर्यटन प्रवर्द्धनको काम भएको देखिन्छ ।

रूकुम र रोल्पा जिल्लाहरूमा पर्यटन प्रर्वद्धन गर्न गुरिल्ला मार्ग, युद्ध संग्रहालय, यार्शा मार्गहरू निर्माण गर्ने कार्यनीति कार्यान्वयन गर्ने सम्वन्धमा गुरिल्ला मार्ग र युद्ध संग्रहालयको निर्माण गरिएको छ । संग्रहालय, उद्यान र इको भिलेजहरू निर्माण गरी नयाँ पर्यटकीय गन्तव्यको विकास गर्ने कार्यनीति लिइएकोमा संग्रहालय, उद्यान र इको भिलेजहरु निर्माण भएका छन् ।

उपयुक्त ठाँउहरूमा हिलस्टेशनहरू निर्माण गरी आन्तरिक र वाह्य पर्यटकहरू आकर्षित गर्ने कार्यनीति अन्तर्गत हिलस्टेशनहरु निर्माणको कार्य शुरु भएको छ । पहाडी तथा हिमाली

जिल्लाहरूमा भएका तातोपानीका मुहानहरूलाई संरक्षण र सम्वर्द्धन गर्दै स्वास्थ्य पर्यटनको रूपमा विकास गर्ने कार्यनीति कार्यान्वयन हुन सकेको छैन र पर्यटन उद्योगहरूलाई सहयोग पुग्ने गरी भौतिक पूर्वाधार पुऱ्याइने कार्यनीति अन्तर्गत भौतिक पूर्वाधार निर्माण कार्य भएको क्रमशः हुँदै गएको छ । तर अधिकांश कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयन भनें जरुरी छ ।

पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने रणनीतिअन्तर्गत ४ ओटा कार्यनीति लिइएकोमा ४ ओटै आंशिकरुपमा भएपनि कार्यान्वयनमा आएका छन् । जसअन्तर्गत लुम्विनी भ्रमण वर्ष २०७९ तथा भ्रमण वर्ष सन् २०२० लक्षित कार्यक्रमहरु सञ्चालन गरिएको, बुद्धिष्ट सर्किटको लागि अध्ययन भएको, राष्ट्रिय तथा छिमेकी देश भारत र चीन लगायत अन्तराष्ट्रियस्तरमा पर्यटकीय स्थल तथा गन्तव्यको सूचना प्रचार-प्रसार नेटवर्कीङ्ग भएको, वेलहिया र बाँकेमा सूचना केन्द्र स्थापना गरिएको जस्ता कार्यहरु भएका छन् ।

पर्यटनलाई आन्तरिक उत्पादन र रोजगारीसँग जोड्ने रणनीतिअन्तर्गत ६ ओटा कार्यनीति लिइएकोमा ४ ओटा आंशिक रुपमा भए पनि कार्यान्वयनमा आएका छन् । अर्गानिक खाद्यान्न, तरकारी, फलफूल, दूध तथा मासु उत्पादन एवम् माछापालनका सफल फर्म वा गाउँहरूलाई होमस्टेसंग जोडी कृषि पर्यटनको रूपमा संचालन गर्न प्रोत्साहित गर्ने कार्यनीति कार्यान्वयनमा आएको छ ।

पर्यटन क्षेत्रका लागि चाहिने जनशक्ति उत्पादन र स्थानीय समुदायहरूलाई पर्यटनमैत्री वनाउने गरी क्षमता विकास गर्न निजी क्षेत्र तथा सामुदायिक संस्थाहरूसँग सहकार्य गर्ने कार्यनीति अन्तर्गत टुर गाइड, होटल व्यवसायीहरुलाई आवश्यक पर्ने तालिमहरु सञ्चालन गरिएको छ ।

पर्यटन उद्योगलाई चाहिने वस्तु तथा सेवाहरू आन्तरिक रूपमा उत्पादन गर्न प्रोत्साहित गर्ने र वुद्धसँग सम्वन्धित पर्यटकीय क्षेत्रहरू जोड्ने गरी पर्यटकीय वस सेवा संचालन गर्ने कार्यनीति कार्यान्वयनमा आउन सकेका छैनन् ।

थारू र मगर लगायतका विभिन्न सँस्कृतिलाई प्रर्वद्धन गर्दै सम्भावित त्यस्ता वस्तीहरूमा होमस्टे संचालनमा सहयोग गर्ने कार्यनीति अन्तर्गत थारु र मगर लगायतका विभिन्न संस्कृतिलाई प्रवर्द्धन गर्दै सम्भावित त्यस्ता वस्तीहरुमा होमस्टे सञ्चालन गरिएको छ र होमस्टे संचालन नियमावली २०७६ कार्यान्वयनमा रहेको छ । परम्परागत आकर्षक वस्ती भएका ठाँउहरूमा स्थानीय तहको सहकार्यमा पाहुना घर वनाउन सहयोग गर्ने कार्यनीति लिइएकोमा पाहुना घर निर्माण गरिएको छ ।

पर्यटनको विकासको लागि अन्य प्रदेश, स्थानीय तह र निकायहरूसँग सहकार्य गर्ने रणनीतिअन्तर्गत ३ ओटा कार्यनीति रहेकोमा आंशिकरुपमा भए पनि सवै कार्यन्वयनमा आएका छन् । प्रदेश भित्रका स्थानीय तह र छिमेकी प्रदेशसँग पर्यटन प्रवर्द्धन गर्न सहकार्य गर्ने कार्यनीति लिइएकोमा प्रदेश भित्रका स्थानीय तह र छिमेकी प्रदेशसँग पर्यटन प्रवर्द्धन गर्न सहकार्य गरिएको छ । पर्यटन विकासँग सम्वन्धित सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्ने कार्यनीति सम्वन्धमा पर्यटन विकाससँग सम्वन्धित सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्यको थालनी गरिएको छ । भैरहवा - नेपालगन्ज र पोखरा - नेपालगन्ज

हवाइ उडानका लागि पहल र समन्वय गर्ने रणनीति लिइएकोमा हवाइ सेवा सञ्चालनको लागि पहल शुरु गरिएको छ । ठोस उपलब्धि भने हासिल हुन सकेको छैन ।

पर्यटन उपक्षेत्रअन्तर्गतका रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयन अवस्थासम्वन्धी विवरण अनुसूची ४.३ मा प्रस्तुत गरिएको छ ।

### ४.३.२.२. पर्यटन क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलब्धि

योजनामा पर्यटन उपक्षेत्रका लागि १४ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् र जसको कार्यान्वयन गर्ने जिम्मेवारी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, संघीय सरकार, स्थानीय सरकार, निजी क्षेत्र, आदिलाई तोकिएको थियो । १४ ओटा प्रमुख कार्यक्रमहरुमध्ये समीक्षा अवधिमा १२ ओटा संचालनमा आएका थिए । योजनाको कार्यक्रमिक उपलब्धि तालिका ४.१२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१२ : पर्यटनसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क्र.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पर्यटन विकास सम्वन्धी ऐन, नियम, निर्देशिका, मापदण्ड तयारी (लक्ष्य) | | ऐन, नियम, निर्देशिका, मापदण्ड तर्जुमा | कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | | | | | अनुसूची १ |
| २ | पर्यटन विकास समिति स्थापना (लक्ष्य) | | नियम कानून वनाई स्थापना | संचालन | | | |
| | उपलब्धि (संख्या) | भएको | पर्यटन विकास परिषद् स्थापना भएको | | | | |
| ३ | पर्यटन पूर्वाधार विकास कार्यक्रम (गुरिल्ला मार्ग समेत) (लक्ष्य) | | कार्यक्रमको तर्जुमा, स्थान छनौट र कार्यान्वयन | छनौट र कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | | | | | |
| ४ | पर्यटन क्षेत्रको प्रचार प्रसार कार्यक्रम | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन (प्रचार प्रसार सामाग्रीको तयारी) | कार्यक्रमको कार्यान्वयन र विस्तार | | | |
| | उपलब्धि | भएको | | | | | |
| ५ | वुद्ध सर्किट पर्यटन विकास कार्यक्रम | | गुरु योजना तयार | गुरु योजनाको कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | | | | | |
| ६ | पर्यटन सूचना केन्द्रहरु स्थापना | | स्थान छनौट, तयारी, कार्यविधी | स्थापना र संचालन | संचालन | संचालन | |
| | उपलब्धि (संख्या) | भएको | | | | | संख्या उपलब्ध नभएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | पर्यटक गाइड तथा पर्यटन जनशक्ति उत्पादन (सार्वजनिक निजी साझेदारी) | | प्रत्येक वर्ष २० जना पर्यटक गाइड, ५० जना होटेल व्यवस्थापन र ५० जना कुक तालिम | | | | |
| | उपलब्धि (संख्या) | भएको | | | | | संख्या उपलब्ध नभएको |
| ८ | थारु र मगर लगायतका वस्तीहरुमा होमस्टे संचालन तथा प्रोत्साहन कार्यक्रम | | स्थान छनौट र मापदण्ड तर्जुमा, संचालितको समीक्षा | स्थापना र प्रोत्साहन | | | |
| | उपलब्धि (संख्या) | भएको | | | | | संख्या उपलब्ध नभएको |
| ९ | पर्यटकीय वस संचालन (सार्वजनिक निजी साझेदारी) | | कार्यविधि तयार वस खरीद गरी संचालन | संचालन | | | |
| | उपलब्धि (संख्या) | नभएको | | | | | |
| १० | तातोपानीका मुहानहरुलाई संरक्षण र सम्वर्द्धन | | स्थान छनौट, संरक्षण र सम्वर्द्धन | संरक्षण र सम्वर्द्धन | | | |
| | उपलब्धि (संख्या) | नभएको | | | | | |
| ११ | हिलस्टेशन विकास कार्यक्रम | | अवधारणा निमार्ण, स्थान छनोट कार्यविधि निमार्ण, कुनै एक ठाउँ हिलस्टेशन विकास | थप स्थानमा हिलस्टेशनको विकास | | | |
| | उपलब्धि (संख्या) | भएको | | | | | संख्या उपलब्ध नभएको |
| १२ | पर्यटकीय वस्तुहरु उत्पादन र कोशेली घर प्रवर्द्धन कार्यक्रम | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | |
| | उपलब्धि (संख्या) | भएको | | | | | संख्या उपलब्ध नभएको |
| १३ | पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम | | अवधारणा निमार्ण, स्थान छनोट र कार्यान्वयन | कार्यान्वयन | | | |
| | उपलब्धि (संख्या) | भएको | | | | | संख्या उपलब्ध नभएको |
| १४ | भ्रमण वर्ष कार्यक्रम | | लुम्विनी भ्रमण वर्ष | नेपाल भ्रमण वर्ष | | | |
| | उपलब्धि | भएको | | | | | |

स्रोतः सम्वन्धित मन्त्रालय ।

यसरी योजनाको समीक्षा अवधिमा पर्यटन क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरुमा पर्यटन विकास सम्वन्धी ऐन, नियम, निर्देशिका, मापदण्ड तयारी, पर्यटन विकास परिषद् स्थापना, पर्यटन पूर्वाधार विकास कार्यक्रम (गुरिल्ला मार्ग समेत), पर्यटन क्षेत्रको प्रचार प्रसार कार्यक्रम, वुद्ध सर्किट पर्यटन विकास कार्यक्रम, पर्यटन सूचना केन्द्रहरु स्थापना, पर्यटक गाइड तथा पर्यटन जनशक्ति उत्पादन, थारु र मगर लगायतका वस्तीहरुमा होमस्टे संचालन तथा प्रोत्साहन कार्यक्रम, हिलस्टेशन विकास कार्यक्रम, पर्यटकीय वस्तुहरु उत्पादन र कोशेली घर प्रवर्द्धन कार्यक्रम, पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम र भ्रमण वर्ष कार्यक्रम कार्यान्वयनमा आएका छन् ।

### ४.३.२.३ परिमाणात्मक उपलब्धि

पर्यटन उपक्षेत्रका सूचकहरुको आधार तथ्याङ्क र आ.व. २०७९/८० को लक्ष्य तथा प्रगतिको विस्तृत लक्ष्य तथा परिमाणात्मक उपलब्धि तालिका ४.१३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१३ : पर्यटनसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था**

| नतिजा स्तर अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | आ.व. २०७९/८० | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| **प्रभाव तह** | | | | |
| | | | | |
| **असर तह** | | | | |
| कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | ४.४ | ४.५ | ४.० |
| पर्यटन उद्योगको कूल उत्पादन | रु. करोड | – | – | – |
| प्रति पर्यटक वसाइ अवधि (औषत) | दिन | – | – | – |
| प्रति पर्यटक प्रति दिन खर्च | अमेरिकी डलर | – | – | – |
| **प्रतिफल तह** | | | | |
| पूर्वाधार तयार भएका पर्यटकीय स्थल | संख्या | ४ | २० | १५ |
| पर्यटक गाइड उत्पादन | संख्या | ८६ | २१० | – |
| कुक उत्पादन | संख्या | – | १६० | – |
| होटेल व्यवस्थापन | संख्या | – | १५० | – |
| होमस्टेको संख्या(क्षमता) | संख्या | १०(२४०) | १० (७००) | – |
| हिलस्टेशनको संख्या | संख्या | ० | ५ | – |
| पर्यटक आगमन (लुम्विनीमा) | संख्या ( हजार) | १५३२ | २९०० | ५४.२५६ |
| प्रदेशका १० प्रमुख गन्तव्यस्थलमा सुचिकृत आगन्तुक | संख्या ( हजार) | – | – | – |

स्रोतः सम्वन्धित मन्त्रालय ।

पर्यटन उपक्षेत्रको २०७५/७६ लाई आधार वर्षको रुपमा लिई उपलव्धिको विश्लेषण गर्दा प्रभावस्तर (लक्ष्य स्तर) को कुनै पनि सूचक निर्धारण गरिएको छैन । पर्यटन क्षेत्रमा असर तहको सूचकमा कुल गार्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान आधार वर्ष ०७५/७६ को ४.४ प्रतिशतवाट ०७९/८० मा ४.५ प्रतिशत पुयाउने लक्ष्य राखिएकोमा ४.० मात्र प्रगति भएको छ । असर तहको नतिजा सूचकमा पर्यटन उद्योगको कूल उत्पादन रकम, प्रति पर्यटक वसाइ अवधि (औषत) र प्रति पर्यटक प्रति दिन खर्च लाई लिएको भएता पनि आधार तथ्याङ्क र लक्ष्य दुवै निर्धारण गरिएको छैन । यसरी असर तहको सूचकको प्रगति स्थिति हेर्दा ४ ओटा सूचकमध्ये ३ ओटाको आधार तथ्याङ्क महल खाली रहेको छ भने १ ओटाको आधार तथ्याङ्क र लक्ष्य तथा प्रगति सवै महल महल खाली रहेको छ ।

प्रतिफल तहको सूचकको प्रगति स्थिति हेर्दा ८ ओटा सूचकमध्ये ३ ओटाको आधार तथ्याङ्क, लक्ष्य तथा प्रगति सवै महल खाली रहेको छ भने ७ ओटाको लक्ष्य मात्र उल्लेख छ भने प्रगति प्राप्त हुन सकेन । पर्यटक आगमन (लुम्विनीमा) संख्या आधार वर्ष २०७५/७६ मा १५.३२ लाख रहेकोमा  आ.व. २०७९/८० को लक्ष्य २९ लाख पुर्याउने लिइएको थियो भने आर्थिक वर्ष २०७९/८० को चैत्रसम्म ५४ हजार २ सय ५६ जना पर्यटक मात्र तेश्रो मुलुकवाट नेपाल भित्रिएको देखिन्छ । प्रदेशका १० प्रमुख गन्तव्य स्थलमा सूचिकृत आगन्तुक संख्याको आधार तथ्याङ्क, लक्ष्य तथा प्रगति उल्लेख छैन ।

समष्टिमा परिमाणात्मक लक्ष्यको आधारमा प्रगति हेर्दा पर्यटन क्षेत्रका १२ ओटा सूचकमध्ये एउटा सूचकको मात्र उपलव्धि प्राप्त भएको भने प्रगति पनि आशाप्रद छैन । यसरी हेर्दा योजना अवधिमा निर्धारित लक्ष्य प्राप्त गर्न कठिन हुने देखिन्छ ।

### ४.३.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान

स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने दिगो विकास लक्ष्य ८ अन्तर्गत नेपालको सन्दर्भमा किटान गरिएका लक्ष्यहरूमध्ये पर्यटन क्षेत्रमा रोजगारीको सङ्ख्या १० गुणाले वृद्धि गर्ने र कूल ग्रार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान चार गुणाले वृद्धि गर्ने पनि परेका छन् । प्रदेशको आवधिक योजनामा थुप्रै पर्यटनका क्रियाकलापहरू विस्तार गर्ने भन्ने कुरा उल्लेख छ । योजनाको आधार वर्ष आ.व. २०७५/७६ मा प्रदेशको कूल ग्रार्हस्थ्य उत्पादनमा पर्यटनको योगदान ४.४ प्रतिशत रहेकोमा योजनाले अन्तिम वर्ष ४.५ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । तर लक्ष्य प्राप्त हुने देखिदैन । योजनाको अन्तमा ४.५ प्रतिशत पुगे पनि त्यसको ६ वर्ष पछि अर्थात् सन् २०३० मा १६ प्रतिशत पु-याउन सजिलो देखिँदैन । प्रदेशको योजना दस्तावेजमा आधार वर्षमा पर्यटनले सिर्जना गरेको रोजगार संख्या र योजनाको अन्तमा हुने लक्षित रोजगार संख्या उल्लेख गरिएको छैन । त्यसै पनि कोरोना पश्चात् रोजगारीमा वृद्धि होइन, ह्रासको अवस्था रहेको छ । तसर्थ

दिगो विकास लक्ष्य हासिल हुन कठिन छ। स्वाभाविक रूपमा पर्यटन क्षेत्रको रोजगारीलाई दिगो विकासको लक्ष्य अनुसार १० गुणाले वृद्धि गर्ने कार्य असंभवप्राय देखिन्छ।

### ४.३.४ समस्या तथा सुझावहरू

**क) समस्याहरू**

भिन्न-भिन्न विषयक्षेत्रहरुको एउटै मन्त्रालय वन्ने क्रममा पहिले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय हुँदै अहिले उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयको पुर्नगठन गरिएको हुँदा यसको साङ्गठनिक पूर्वाधार कमजोर हुनु, नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान हुन नसक्नु र भएका प्रमुख गन्तव्य स्थलमा एकीकृत पूर्वाधारको विकास हुन नसक्नु, पर्यटकीय विकासमा अन्तरसरकार समन्वय र सहकार्य हुन नसक्नु, वनक्षेत्रमा निर्माण हुने पर्यटकीय पूर्वाधारहरूको समयमा जग्गा प्राप्तिमा कठिनाइ हुनु यस उपक्षेत्रका समस्याहरू हुन्। त्यसैगरी गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा नआउनु, पर्यटन प्रवर्द्धनको कार्यमा यथोचित वजेट विनियोजन हुन नसक्नु, धेरै सङ्ख्यामा आउने भारतीय पर्यटकको सङ्ख्यामा कमी आउनु, निजी क्षेत्रलाई पर्यटकीय पूर्वाधार निर्माण र प्रवर्द्धनात्मक कार्यमा आकर्षित गराउन नसक्नु, आदि पनि पर्यटन उपक्षेत्रको प्रगति कम हुनुमा समस्याको रूपमा रहेका छन्।

**ख) सुझावहरू**

एकीकृत पूर्वाधारको विकास गरी नयाँ पर्यटकीय गन्तव्यको विकास गर्ने, निजीक्षेत्रलाई प्रोत्साहन गरी पर्यटन पूर्वाधार विकास गर्ने, नयाँ पर्यटकीय स्थलमा होमस्टे प्रवर्द्धन गर्ने तथा प्रचार प्रसार आदिमा निजीक्षेत्रको सहभागिता अनुकूलका नीतिहरू कार्यान्वयन गर्न जोड दिनुपर्ने देखिन्छ। साथै पर्यटन पूर्वाधार निर्माणमा "वनाउने, स्वामित्व लिने, चलाउने र हस्तान्तरण गर्ने" (BOOT) मोडेल अपनाउने, कोरोनावाट थलिएका पर्यटन व्यवसायलाई राहतको व्यवस्था गर्ने, पर्यटन जोखिम विमाको व्यवस्था गर्ने, कन्फरेन्स, अध्ययन तालिम, पर्यापर्यटन, माउन्टेनियरिङ, खेलकुद, आदिको विकास गरी पर्यटन उपजको विकास र विस्तार गर्ने जस्ता विषयमा पनि ध्यान दिनु आवश्यक छ। यी सवैको लागि संस्थागत रुपमा पर्यटन विकास परिषद्को प्रभावकारीता वढाउदै समग्र प्रदेश कै दीर्घकालिन पर्यटन रणनीतिक योजना निमार्ण गरी कार्यान्वयन गर्नु पर्दछ।

प्रदेश पर्यटनको विश्लेषण गर्न आवश्यक तथ्याङ्कको अभाव देखिएकाले प्रदेश स्तरीय पर्यटन तथ्याङ्क विस्तृत रूपमा उपलव्ध हुने व्यवस्था गर्नुपर्दछ। लुम्विनी विकासको काममा प्रदेश सरकार र स्थानीय निकायको समन्वय सुदृढ हुनु आवश्यक छ। लुम्विनी पुग्ने मुख्य सडकको वुटवल-नारायगढ खण्डको सडक अविलम्व पुरा गरिनु जरुरी छ। पर्यटन व्यवसायको विविधीकरण गर्न नयाँ पर्यटकीय वस्तु र गन्तव्यहरूको पहिचान र विकास गर्नुपर्ने हुन्छ। यो कार्यमा निजी क्षेत्रलाई प्रोत्साहित गर्नुपर्ने देखिन्छ।

### ४.३.५ उपसंहार

समृद्धिको एक प्रमुख संवाहक पर्यटन क्षेत्रको विकासको लागि आवधिक योजनाले प्रदेशमा भएका पर्यटकीय अवसरहरुको विकास, वजारीकरण, प्रवर्द्धन र संरक्षण गर्ने र आय र रोजगारीका लागि पर्यटनलाई प्रमुख क्षेत्रको रुपमा विकास गर्ने उद्देश्य लिएको छ। पर्यटकीय संभावनाको हिसावले शान्तिका अग्रदुत गौतम वुद्धको जन्मस्थल लुम्विनी, तिलौराकोट तथा थुपै बुद्धकालिन ऐतिहासिक र सांस्कृतिक महत्वका सम्पदाहरूका कारण अथाह संभावना रहेको छ। विश्वव्यापी रूपमा फैलीएको कोभिड-१९ को महामारीले केहि समय लुम्विनी प्रदेशको व्यवसायीलाई धरायसी वनायता पनि हाल यस प्रदेशको पर्यटनमा क्रमिक सुधार हुँदै गइरहेको पाइन्छ। लुम्विनी प्रदेशमा रहेका विभिन्न अध्यागमन कार्यालय मार्फत आर्थिक वर्ष २०७९/८० को चैत्रसम्म ५४ हजार २ सय ५६ जना पर्यटक तेश्रो मुलुकवाट नेपाल भित्रिएको देखिन्छ। नेपाल राष्ट्र वैंकको अनुसार आर्थिक वर्ष २०७८/७९ पुष मसान्तसम्म अघिल्लो वर्षको तुलनामा होटलहरूको अकुपेन्सी र रोजगारी वृद्धिदर २३५.३५% र २४०.८५% ले वढ्न गएको देखिन्छ। विश्वका वौद्ध धर्मावलम्वीहरुको आस्थाको केन्द्रका रुपमा रहेको लुम्विनी क्षेत्र, विशेष गरी भारतीय तथा स्वदेशी पर्यटकको आकर्षण रहेको स्वर्गद्वारी लगायतका क्षेत्रले लुम्विनी प्रदेशलाई धार्मिक पर्यटनको सम्भावना वोकेको क्षेत्रका रुपमा परिचित गराएको भने एसियाकै सवैभन्दा ठुलो उपत्यकाको रुपमा रहेको दाङ लगायतका कैयौ फाँट तथा खेती योग्य समथर भूभागले प्रदेशलाई कृषि तथा पर्यापर्यटनको क्षेत्रका रुपमा पनि सम्भावना भएको प्रदेशका रुपमा चिनाएको छ। वास्तवमा आर्थिक विकास र आन्दानीको दीगो स्रोतका रुपमा लुम्विनी प्रदेशले पर्यटन व्यवसायलाई प्राथमिकताका साथ अगाडि सार्न सक्ने प्रशस्त आधारहरु छन। धार्मिक, पर्यावरण, कृषि लगायतका पर्यटकीय उत्पादनको सम्भावना रहेको लुम्विनी प्रदेश सेवामुलक व्यापारको विस्तारको सम्भावना तुलनात्मक रुपमा सहज देखिन्छ।

# परिच्छेद ५

# सामाजिक क्षेत्र

## ५.१ शिक्षा

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ को धारा ३१ ले प्रत्येक नागरिकलाई शिक्षाको मौलिक हक सुनिश्चित गरेको छ । शिक्षासम्वन्धी हकलाई मौलिक अधिकारको रुपमा अंगीकार गरेसँगै प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क रूपमा पाउने हकको रूपमा स्थापित भएको छ । संविधानको मूल मर्मअनुरुप अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून वमोजिम निःशुल्करुपमा उच्च शिक्षा पाउने, प्रत्येक समुदायलाई कानून वमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र सोही अनुरुपको शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक प्रदान गरेको छ । शिक्षाको राष्ट्रिय नीतिको रुपमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी वनाउने नीति लिइएको छ भने सवैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा जीवनपर्यन्त सिकाइका लागि अवसर प्रदान गर्ने दिगो विकास लक्ष्य तोकिएको छ । संवैधानिक अधिकार प्राप्त शिक्षालाई जनशक्ति विकासको प्रमुख स्तम्भ मानेर कार्यान्वयन गर्न सङ्घीय राज्य प्रणालीअन्तर्गत सङ्घीय, प्रादेशिक र स्थानीय तीनै तहका राज्यको एकल तथा साझा अधिकार कार्यान्वयन गर्नमा प्रादेशिक सरकारको भूमिका अहंम रहेको छ ।

नेपालको संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन स्थानीय तहलाई र उच्च तथा प्राविधिक शिक्षाको व्यवस्थापनको अधिकार प्रदेश सरकारलाई दिएवमोजिम प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय र संग्रहालय प्रदेशको एकल अधिकारको सूचीमा रहेको छ । साथसाथै प्रादेशिक शैक्षिक योजना तर्जुमा, शैक्षिक परामर्श सेवाको नियमन, प्रादेशिक प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम, छात्रवृतिको नियमन, पाठ्यक्रम, पाठ्यपुस्तक र सामग्री, शैक्षिक जनशक्तिको क्षमता विकास तथा माध्यमिक परीक्षा (SEE) संचालन र एकेडेमिक अध्ययन-अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापनको क्षेत्रलाई प्रदेशको कार्यक्षेत्र अन्तर्गत राखिएका छन् ।

लुम्विनी प्रदेशको पहिलो आवधिक योजनाले समतामूलक गुणस्तरीय शिक्षाको माध्यमवाट सक्षम, नैतिकवान र समर्पित जनशक्तिको विकास गर्ने दीर्घकालिन सोच राखेको छ भने रोजगार, स्वावलम्वी, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, जीवन र जगतप्रति सकारात्मक, मानवीय मूल्यप्रति संवेदनशील, खुशी, इमान्दार, श्रमप्रति आस्थावान र नैतिकवान नागरिक तयार गर्ने लक्ष्य निर्धारण गरेको छ । योजनाको अन्त्यसम्ममा प्रदेशको १५-४९ उमेर समूहको साक्षरता दर ९५ प्रतिशतभन्दा माथि हुने, प्रारम्भिक वालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुन

आउने वालवालिकाको संख्या ९० प्रतिशतको हाराहारीमा हुने, कक्षा १-८ को खूद भर्नादर ९७ प्रतिशत पुगेको हुने, कक्षा ९-१२ को ५५ प्रतिशत पुगेको हुने, कक्षा १-५ को सिकाइ उपलब्धि ६० प्रतिशतभन्दा माथि र कक्षा ६-८ को सिकाइ उपलब्धि ५० प्रतिशत भन्दा माथि हुने अपेक्षा गरिएको छ । यसैगरी योजनाको अन्त्यसम्ममा प्राविधिक शिक्षालय र त्यहाँ अध्ययन गर्ने विद्यार्थीहरूको संख्या कुल संख्याको एक तिहाइ भन्दा वढी भएको हुने, प्रायः सवै शैक्षिक संस्थाहरूको भौतिक पूर्वाधारमा सुधार भएको हुने र प्रदेशस्तरमा आधुनिक र प्राविधिक प्रादेशिक विश्वविद्यालयको स्थापना र सञ्चालन भएको हुने गरी अपेक्षित उपलब्धि तय गरिएको छ ।

### ५.१.२ उपलव्धी विश्लेषण

#### ५.१.२.१ नीतिगत उपलव्धी

आवधिक योजनाले निर्धारित गरेका लक्ष्य प्राप्त गर्न शिक्षातर्फ स्थानीय तहको सहकार्यमा विद्यालय छाड्ने दरलाई घटाउदै लगी विद्यार्थीलाई माध्यमिक तहसम्मको शिक्षा अनिवार्य सम्पन्न गर्ने व्यवस्था गर्ने, प्रारम्भिक वालविकासका साथै आधारभूत तथा माध्यमिक शिक्षामा समतामूलक पहुँच तथा गुणस्तर सुनिश्चित गरी विद्यार्थीको सिकाई उपलब्धि वृद्धि गर्ने, माध्यमिक तथा उच्च शिक्षामा प्राविधिक, व्यावसायिक, नैतिक, जीवनोपयोगी तथा रोजगारमूलक शिक्षाको विस्तार गर्ने, नीतिगत र कानूनी व्यवस्था गरी शैक्षिक सुशासनलाई प्रवर्द्धन गर्ने, निजीस्तरमा सञ्चालित शिक्षण संस्थाहरूको नियमन गर्दै सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्ने, खुला, अनौपचारिक, निरन्तर तथा जीवनपर्यन्त शिक्षाको विकास र विस्तार गरी साक्षरता र आय आर्जनमा अभिवृद्धि गर्ने र प्रादेशिक विश्वविद्यालय स्थापना गरी उच्च शिक्षालाई अनुसन्धानमूलक, प्राविधिक, वैज्ञानिक र व्यावसायिक वनाउने गर्ने गरी ७ ओटा रणनीति र ३२ ओटा कार्यनीति निर्धारण गरिएको थियो ।

शिक्षा क्षेत्रको पहिलो रणनीति र त्यसअन्तर्गतका पाँच वटा कार्यनीतिको कार्यान्वयन अवस्था उल्लेखनिय देखिन्छ । जसअनुसार विद्यालय वाहिर रहेका शहरी कामदारका वालवालिकाहरुको लागि शैक्षिक तथा विद्यालय भर्ना कार्यक्रम सञ्चालन गरिएको जसवाट ३४२ जना विद्यालय वाहिरका वालवालिकाहरु विद्यालयमा भर्ना हुन सकेका, स्थानीय तहमार्फत स्थानीय स्तरमा रहेका वालवालिकाहरूलाई अनिवार्य रूपमा माध्यमिक तहसम्मको अध्ययन गर्ने व्यवस्थाको लागि विद्यालयको पुर्वाधार विकास, खानेपानी तथा शौचालय निर्माणमा सहयोग भएको, सार्वजनिक विद्यालयमा आवश्यक ४०३ कक्षाकोठा, ११३ विद्यालयमा शुद्ध खानेपानी तथा सरसफाइ सहितको २३७ शौचालय निर्माणमा सहयोग पुऱ्याइएको, वालवालिकाको आधारभूत तहको शिक्षा पूरा गर्ने सवालमा जिम्मेवार हुन नसक्ने अभिभावकलाई सञ्चार माध्यमवाट सचेत गराइएको, अल्पसंख्यक, विपन्न, न्यून आय भएका दलित, सीमान्तकृत, पिछडावर्ग, अनाथ र अपाङ्गता भएका व्यक्तिलाई आधारभूत तहको शिक्षा हासिल गर्न संघीय छात्रवृतिको व्यवस्थावारे जानकारी गराइएको प्रगति विवरणले देखाएको छ ।

प्रारम्भिक वालविकासका साथै आधारभूत तथा माध्यमिक शिक्षामा समतामूलक पहुँच तथा गुणस्तर सुनिश्चित गरी विद्यार्थीको सिकाई उपलब्धि वृद्धि गर्ने रणनीतिअन्तर्गत ४ वटा कार्यनीति तय गरिएकोमा ४८ विद्यालयहरुमा न्यूनतम मापदण्ड सहितका वालविकास केन्द्रको विस्तार भएको, नक्शांकनको आधारमा समायोजन हुने विद्याललाई सहयोगका कार्यक्रमहरु संचालन भएको, २६७ विद्यालयहरुमा सूचना प्रविधिको लागि सहयोग भएको र स्थानीय पाठ्यक्रम निर्माणमा सहयोग माग गर्ने स्थानीय तहलाई सहयोग गरिएको देखिन्छ ।

माध्यमिक तथा उच्च शिक्षामा प्राविधिक, व्यावसायिक, नैतिक, जीवनोपयोगी तथा रोजगारमूलक शिक्षाको विस्तार गर्ने रणनीति अन्तर्गत ५ वटा कार्यनीति लिइएकोमा सवै कार्यनीतिको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको छ । जसअनुसार ९६ वटा स्थानीय तहमा प्राविधिक शिक्षाको पहुच विस्तार भएको, औद्योगिक प्रशिक्षार्थी तालिममा ८४० प्रशिक्षार्थीहरु अध्ययनरत रहेका, १३९ सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन गरिएको, लुम्विनी प्राविधिक विश्वविद्यालयको गठन गरी २ वटा विषयमा प्राविधिक शिक्षाको पढाई सुरु भएको र ८५ वटा सामुदायिक क्याम्पस र विभिन्न ३००० भन्दा वढी विद्यालयमा विभिन्न सहयोग गरिएको पाइन्छ ।

नीतिगत र कानूनी व्यवस्था गरी शैक्षिक सुशासनलाई प्रवर्द्धन गर्ने रणनीति अन्तर्गत ६ वटा कार्यनीति अख्तियार गरिएकोमा सवै कार्यनीतिको आंशिक कार्यान्वयन भएको पाइन्छ । जसअनुसार कार्यविधि र निर्देशिकाको निर्माण गरी कार्यक्रमहरु सञ्चालन गरिएको, प्राविधिक शिक्षालयहरुको स्वमूल्याङ्कन र अन्य सामुदायिक विद्यालयहरुको सामाजिक परीक्षण स्थानीय तहको सहयोगमा सञ्चालन भइरहेको, मदरसा व्यवस्थापन समन्वय समिति गठन भइ कार्यरत रहेको, प्रादेशिक शैक्षिक सूचना प्रणाली केन्द्रीय सूचना प्रणालीसँग समन्वय भएको पाइन्छ । संघीय शिक्षा ऐन नवनेका कारण परीक्षा वोर्ड र अन्य केन्द्रको स्थापना हुन नसकेको छैन ।

निजीस्तरमा सञ्चालित शिक्षण संस्थाहरूको नियमन गर्दै सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्ने रणनीति अन्तर्गत ३ वटा कार्यनीति लिइएकोमा कार्यान्वयन भएको पाइएन ।

खुला, अनौपचारिक, निरन्तर तथा जीवनपर्यन्त शिक्षाको विकास र विस्तार गरी साक्षरता र आय आर्जनमा अभिवृद्धि गर्ने रणनीति अन्तर्गत ४ वटा कार्यनीति लिइएकोमा कार्यान्वयन अवस्था मध्यम स्तरको भएको पाइयो । जसअनुसार निरन्तर शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुपको प्रवोधीकरण गरिएको, सामुदायिक सिकाइ केन्द्रहरुलाई सहयोग गरिएको, धार्मिक विद्यालयहरुलाई कम्तिमा वार्षिक १ करोड सहयोग गरिएको पाइन्छ ।

प्रादेशिक विश्वविद्यालय स्थापना गरी उच्च शिक्षालाई अनुसन्धानमूलक, प्राविधिक, वैज्ञानिक र व्यावसायिक वनाउने रणनीति अन्तर्गत २ वटा कार्यनीति लिइएकोमा दुवै कार्यान्वयन भएको पाइन्छ । जसअनुसार लुम्विनी प्राविधिक विश्वविद्यालयको गठन गरी पठनपाठन सुरु भएको र

सामुदायिक क्याम्पसका शिक्षकहरुलाई अनुसन्धान तालिम तथा ३० वटा अनुसन्धान कार्य गराइएको देखिन्छ ।

यसरी हेर्दा उल्लेखित निर्धारण गरिएका कार्यनीतिहरुमध्ये धेरैजसोको उल्लेखनिय रुपमा कार्यान्वयन भएको, केही आंशिकरुपमा कार्यान्वयन भएका र केही पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको अवस्था छ । शिक्षा उपक्षेत्रका नीतिगत उपलव्धिसम्वन्धी विवरण अनुसूची ५.१ मा प्रस्तुत गरिएको छ ।

### ५.१.२.२ शिक्षा क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलव्धि

आवधिक योजनामा सामाजिक विकास अन्तर्गत शिक्षा उपक्षेत्रका लागि १३ वटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् । प्रमुख आयोजना र कार्यक्रमको कार्यान्वयन गर्ने जिम्मेवारी विशेषतः सामाजिक विकास मन्त्रालय, संघीय तथा स्थानीय सरकार तथा विभिन्न संघ संस्था आदिलाई तोकिएको थियो । लुम्विनी प्रदेशको आर्थिक सर्भेक्षण २०७९/०८० अनुसार चालु आर्थिक वर्ष २०७९/८० को चैत्रसम्म लुम्विनी प्रदेशको पाँच वर्ष माथिको साक्षरता दर ७८.८ प्रतिशत पुगेको छ । प्रदेशको आधारभूत तह (१-८) र माध्यमिक शिक्षा तह (९-१२) मा खूद भर्नादर क्रमशः ९७.५ प्रतिशत र ५७.४ प्रतिशत रहेको छ । उल्लिखित तहको राष्ट्रिय औसत खुद भर्नादर क्रमशः ९५.० प्रतिशत र ५४.० प्रतिशत रहेको छ । लुम्विनी प्रदेशमा ३ विश्वविद्यालय, १८५ क्याम्पस, ४,०२९ सामुदायिक विद्यालय, १,२४८ संस्थागत विद्यालय, ५२९ अन्य विद्यालय, ३१३ प्राविधिक/व्यवसायिक संस्था, १,७३६ माध्यामिक विद्यालय, ४,०६० आधारभूत विद्यालय, ५,४२२ वालविकास केन्द्र रहेका छन् । उल्लिखित विद्यालयमा १९, ५८१ शिक्षक अध्यापन कार्यमा संलग्न रहेका छन् । प्रदेशका वाह्रै जिल्लामा एकएक वटाका दरले १२ वटा विद्यालयलाई नमुना विद्यालयका रुपमा छनौट गरी रु. ७५ लाखको सहयोगमा पूर्वाधारलयागतका काम सम्पन्न भएको, विज्ञान विषयमा विद्यार्थी आकर्षित गर्न कक्षा ११ र १२ मा विज्ञान संकाय पढ्ने सवै छात्रालाई मासिक रु. १०००/- का दरले प्रोत्साहन भत्ता उपलव्ध गराइएको, प्रदेशका १२ जिल्लामा रहेका ६० सामूदायिक क्याम्पसहरुमा भौतिक पूर्वाधार तथा गुणस्तर वृद्धिका कार्यक्रम सम्पन्न गरिएको, विज्ञान प्रविधि, ईन्जिनियरिङ्ग र गणित विषयका शिक्षकलाई तालिम संचालन गरिएको, विज्ञान प्रविधि प्रष्तिठानको स्थापना भइ भवन निर्माण सम्पन्न भएको जस्ता प्रमुख कार्यक्रम संचालन गरिएको पाइन्छ ।

योजनामा तोकिएका १३ ओटा कार्यक्रममध्ये समीक्षा सबै नै संचालनमा आएका छन् । शिक्षासम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था तालिका ५.१ मा प्रस्तुत गरिएको छ ।

## तालिका ५.१ : शिक्षासम्वन्धी प्रमुख आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था

| क.सं. | कार्यक्रम | भएको/नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नीतिगत, कानूनी र संस्थागत व्यवस्था (लक्ष्य) | | आवश्यक नीति, कानून तर्जुमा र संस्थाको स्थापना | कार्यान्वयन तथा संचालन | | | |
| | उपलब्धि (संख्या) | भएको | | १. विभिन्न २६ वटा निर्देशिका तथा कार्यविधिहरु निर्माण भएको<br>२. ४ वटा नीति निर्माण भएको । | | | अनुसूची १ |
| २ | नमुना वालविकास केन्द्र स्थापना तथा प्रारम्भिक वाल शिक्षा कार्यक्रम(लक्ष्य) | | आवश्यकता पहिचान र स्थान छनोट | स्थापना र संचालन | | | |
| | उपलब्धि | भएको | | ४८ वटा वालविकास केन्द्र स्थापना र संचालन भएको । | | | |
| ३ | अनिवार्य आधारभूत शिक्षा सवलीकरण कार्यक्रम(लक्ष्य) | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | |
| | उपलब्धि | समन्वय भएको | | स्थानीय तहसँग समन्वय भएको | | | |
| ४ | सामुदायिक विद्यालय र क्याम्पसमा विज्ञान शिक्षा प्रवर्द्धन कार्यक्रम (कम्तीमा प्रत्येक जिल्लामा एक वटा) (लक्ष्य) | | स्थान र संस्था छनोट | कार्यक्रम संचालन | | | |
| | उपलब्धि | भएको | ३७ | ३७ वटा विद्यालय र ७ वटा क्याम्पसमा विज्ञान शिक्षा सहयोग भएको । | | | |
| ५ | शैक्षिक गुणस्तर सुधार कार्यक्रम( लक्ष्य) | | कार्यक्रम संचालन | कार्यक्रम संचालन | | | |
| | उपलब्धि (संख्या) | भएको | ११२४ | ११२४ विद्यालयमा स्टेम शिक्षा सहयोग गरिएको । | | | |
| ६ | धार्मिक विद्यालय सवलीकरण र मूलप्रवाहीकरण कार्यक्रम(लक्ष्य) | | कार्यक्रम तर्जुमा र कार्यान्वयन शुरूवात | कार्यक्रम संचालन | | | |
| | उपलब्धि | भएको | ४२१ | ४२१ विद्यालयलाई सहयोग गरिएको । | | | |

| क.सं. | कार्यक्रम | भएको/नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ७ | प्राविधिक शिक्षा प्रवर्द्धन कार्यक्रम (लक्ष्य) | | कार्यक्रम तर्जुमा र कार्यान्वयन शुरूवात | कार्यक्रम संचालन | | | |
| | उपलब्धि | भएको | ६४ | ६४ वटा विद्यालयलाई सहयोग कार्यक्रम संचालन गरिएको । | | | |
| ८ | अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रम(लक्ष्य) | | कार्यक्रम तर्जुमा र शुरूवात | कार्यक्रम संचालन | | | |
| | उपलब्धि | भएको | ७ | ७ वटा स्थानीय तहसँग सहकार्यमा कार्यक्रम संचालन भएको । | | | |
| ९ | प्रादेशिक विश्व विद्यालय स्थापना र संचालन(लक्ष्य) | | स्थापना | संचालन | | | |
| | उपलब्धि | भएको | १ | लुम्विनी प्राविधिक विश्वविद्यालय स्थापना भइ संचालनमा आएको । | | | |
| १० | उच्च शिक्षा प्रदान गर्ने सामुदायिक क्याम्पस भौतिक सुधार कार्यक्रम (लक्ष्य) | | आवश्यकता पहिचान र कार्यान्वयन | कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | ८५ | ८५ वटा क्याम्पसहरुलाई विभिन्न चरणमा सहयोग गरिएको । | | | |
| ११ | शिक्षासम्वन्धी विपद् व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन(लक्ष्य) | | योजना तर्जुमा | कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | १ | १ वटा विपद् कार्य योजना तयार भइ कार्यान्वयनमा रहेको । | | | |
| १२ | शैक्षिक सुशासन प्रर्वद्धन कार्यक्रम (लक्ष्य) | | कार्यक्रम तर्जुमा र शुरूवात | संचालन | | | |
| | उपलब्धि | भएको | ८ | ८ वटा वैठकहरु तथा तथ्याङ्क व्यवस्थापन तालिम संचालन भएको । | | | |
| १३ | नमुना इ-विद्यालय कार्यक्रम (लक्ष्य) | | प्रत्येक जिल्लामा एक वटा माध्यमिक विद्यालय छनोट गरी कम्प्युटर, इन्टरनेट, इ-पुस्तकालय, डिजिटल सिकाइ तथा डिजिटल कार्यालयको | निर्वाचन क्षेत्रमा एक वटाका दरले विस्तार गर्ने। | | | |

| क.सं. | कार्यक्रम | भएको/नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | अवधारणा लागु | | | | |
| | उपलब्धि | भएको | ५२ | ५२ वटा निर्वाचन क्षेत्रमा एक एक वटाका दरले विस्तार भएको । | | | |

स्रोतः सम्वन्धित मन्त्रालय ।

योजनामा निर्धारित कार्यक्रम बमोजिम थुप्रै ऐन, नियम, कार्यविधि, आदि (अनुसूची-२.१) तर्जुमा गरिएका छन् । उल्लेखित उपलब्धिका साथै शिक्षा तालीम केन्द्र मार्फत ६३६ शिक्षकहरुको पेशागत क्षमता विकास र ४० जनाको शिक्षण सिकाईमा सूचना प्रविधिको उपयोग सम्वन्धी तालिम र ४०० जना विभिन्न शैक्षिक मुद्धाहरुमा तालिम, एक स्थानीय तह एक खेलकुद संरचना निर्माण क्रमश भईरहेको, उच्च शिक्षामा १९४ जना मुक्त कमैया, कम्लहरी, मुस्लिम र सिमान्तकृत छात्रालाई छात्रवृत्ति प्रदान गरिएको, सामुदायिक विद्यालय अन्तर्गत ८२ विद्यालयमा पुर्वाधार निर्माण, १६ वटा पुस्तकालय निर्माण तथा सहयोग, ५९ वटा खेलमैदान निर्माण, ६० वटा विद्यालय कम्पाउण्डवाल निर्माण, ८९ विद्यालय भवन निर्माण, १७ वटा शौचालय निर्माण गरिएको, मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत १०९ स्थानीय तहमा शैक्षिक सुधार भएको छ । वैदेशिक रोजगारीवाट फर्किएका युवाहरूको सीप विकासका तालिम सञ्चालन भएको, ६२ वटा मदरशाहरुलाई पुर्वाधार विकास लगायतका कार्यका लागि अनुदान सहयोग, मदरसा समन्वय समितिको गठन र संचालन गरिएको, २२४ जना स्काउट शिक्षकहरुका लागि तालिम संचालन, वालवालिकाहरुको उद्दार र संरक्षणका लागि रु ५० लाखको वाल कोष स्थापना भएको, राप्ती प्राविधिक शिक्षालयलाई गढवा गाउँपालिकाको सरस्वती माध्यामिक विद्यालयमा स्थान्तरण गरी प्राविधिक शिक्षालयहरुमा पूर्वाधार र औजार उपकरणको सहयोग गरिएको देखिन्छ ।

### ५.१.२.३ परिमाणात्मक उपलव्धि

शिक्षा उपक्षेत्रको परिमाणात्मक लक्ष्य र उपलव्धिसम्वन्धी विवरण तालिका ५.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२ : शिक्षासम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था**

| नतिजा स्तर अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | आ. व. २०७९/८० | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| **प्रभाव तह** | | | | |
| मानव विकास सूचकाङ्क | प्रतिशत | ०.५१ | ०.६३ * | ०.६० |
| जन्मदाको अपेक्षित आयु | प्रतिशत | ६९.३ | ७०.१७ | ७०.९ |
| लैंगिक सशक्तीकरण सूचकाङ्क | | - | - | - |
| **असर तह** | | | | |

| | | | | |
|---|---|---|---|---|
| प्रारम्भिक वाल शिक्षा तथा पूर्व प्राथमिक शिक्षामा कूल भर्नादर | प्रतिशत | ८४ (वालक ८५ वालिका ८३) | ९४* | ९५.५ |
| प्रारम्भिक वाल शिक्षा तथा पूर्व प्राथमिक शिक्षाको अनुभव भइ कक्षा१मा भर्नाहुने दर | प्रतिशत | ६४.३ (वालक ६२.३ वालिका ६४.३) | ९०* | ९१.३ |
| आधारभूत शिक्षा (कक्षा १-८) को खूद भर्नादर | प्रतिशत | ९०.५ | ९५.८ | ९६.४ |
| आधारभूत शिक्षा (कक्षा १-८) को पूरा गर्ने दर | प्रतिशत | ३४.८ (वालक ३३.६ वालिका ३६) | १०० | ८३. |
| माध्यमिक तह (कक्षा ९-१२) को कूल भर्नादर ( दिविल ४.१) | प्रतिशत | ७४.७ | ९३ | ८३.९ |
| माध्यमिक तह (कक्षा ९-१२) को खूद भर्नादर ( दिविल ४.१) | प्रतिशत | ४०.५ | ५५ | ५६.६ |
| साक्षरता दर (१५ देखि ४९ वर्ष) | प्रतिशत | ७९.४ | ९५ | ७८.१ |
| पुरूष | प्रतिशत | ८६.९ | - | ८५.२ |
| महिला | प्रतिशत | ७२.६ | - | ७१.५ |
| कक्षा १० सम्मको टिकाउ दर | प्रतिशत | - | - | - |
| कक्षा १२ सम्मको टिकाउ दर | प्रतिशत | - | - | - |
| इन्टरनेट पहूँच भएका विद्यालयहरू | प्रतिशत | - | ६५ | ६६ |
| **प्रतिफल** | | - | - | - |
| नमूना वालविकास केन्द्र | संख्या | १२ | २० | ४८ |
| वालशिक्षामा प्रारम्भिक सिकाइ विकासका मापदण्ड लागू भएका वालशिक्षा कक्षाहरू | संख्या | १२९३ | २००० | २००० |
| ११-१२ मा विज्ञान पढाइ हुने सामुदायिक विद्यालय | संख्या | ३५ | ५५ | ३७ |
| इन्टरनेट पहुँच भएका विद्यालयहरू | संख्या | ९३५ | ३५०० | ३९०० |
| छात्रवृत्ति प्राप्त विद्यार्थीहरू<br>छात्रा<br>छात्र<br>दलित | संख्या | १२३०<br>–<br>–<br>– | १८००<br>१८००<br>६००<br>– | २४००<br>–<br>–<br>– |
| नमूना विद्यालयहरू | संख्या | – | १०९ | ३६ |
| प्राविधिक विषयमा कक्षा ९-१२ मा भर्ना हुने विद्यार्थी | संख्या | – | १६००० | २३४३५ |
| भौतिक सुधार गरिएका सामुदायिक क्याम्पस(थप वार्षिक) | संख्या | ८५ | ३४ | ८५ |
| प्राविधिक उच्च शिक्षा पढ्ने विद्यार्थी | संख्या | ८७० | १५०० | २५०० |

*आ. व. २०८०/८१ को लक्ष्य ।

स्रोतः सम्वन्धित मन्त्रालय ।

सामाजिक क्षेत्रको नतिजा खाकामा प्रभाव तहमा मानव विकास सूचकाङ्क, जन्मदाको अपेक्षित आयु र लैंगिक सशक्तीकरण सूचकाङ्क गरी ३ ओटा सूचकहरु निर्धारण गरिएका छन् । मानव विकास सूचकाङ्कको आ.व. २०७९/८० को लक्ष्य निर्धारण गरिएको छैन भने लैंगिक सशक्तीकरण सूचकाङ्कको आधार वर्षको तथ्यांक र कुनैपनि वर्षको लक्ष्य निर्धारण गरिएको छैन । आ.व. २०७९/८० सम्ममा लुम्विनी प्रदेशको मानव विकास सूचकाङ्क आधार वर्षको ०.५१ प्रतिशतवाट वढेर ०.६० पुगेको देखिन्छ । जुन आ.व. २०८०/८१ को लक्ष्य ०.६३ को नजिक देखिन्छ भने जन्मदाको औसत आयुको लक्ष्य ७०.१७ तय गरिएकोमा आ.व. २०७९/८० सम्ममा ७०.९ वर्ष पुगेर लक्ष्यभन्दा वढि उपलव्धी हासिल भएको देखिन्छ । शिक्षा उपक्षेत्रको २०७५/७६ लाई आधार वर्षको रुपमा लिई उपलव्धिको विश्लेषण गर्दा असर तहको सूचकमा प्रारम्भिक वाल शिक्षा तथा पूर्व प्राथमिक शिक्षामा कूल भर्नादर र प्रारम्भिक वाल शिक्षा तथा पूर्व प्राथमिक शिक्षाको अनुभव भइ कक्षा १ मा भर्ना हुने दरको आ.व. २०७९/८० को लक्ष्य निर्धारण गरिएको छैन ।

समष्टिमा परिमाणात्मक लक्ष्यको आधारमा प्रगति हेर्दा शिक्षा क्षेत्रका असर तहका १३ ओटा सूचकमध्ये ५ ओटाको लक्ष्यभन्दा वढि प्रगति भएको, ५ वटा सूचकको लक्ष्यभन्दा कम प्रगति भएको र वाँकी सुचकको योजना निर्माण गर्दा लक्ष्य निर्धारण नभए तापनि आधार तथ्याङ्क प्राप्त भइ उल्लेखनिय प्रगति भएको देखिन्छ । प्रतिफल तहका ११ सूचकमध्ये ८ वटा सूचकको आ.व.२०७९/८० को निर्धारित लक्ष्यभन्दा वढि उपलव्धि भएको, वाँकी ३ सूचकको लक्ष्यभन्दा कम प्रगति हासिल भएको देखिन्छ । यसरी हेर्दा योजना अवधिमा प्राय धेरै जसो सूचकका निर्धारित लक्ष्य प्राप्त गर्न सकिने देखिन्छ भने केहि सुचकको लक्ष्य प्राप्त हुन कठिन हुने देखिन्छ । परिमाणात्मक लक्ष्यको आधारमा प्रगति हेर्दा शिक्षा क्षेत्रमा अधिकांश सूचकमा समग्र योजनाले राखेको लक्ष्य प्राप्त हुने देखिन्छ ।

### ५.१.३ दिगो विकास लक्ष्य हासिल गर्नको लागि योगदान

दिगो विकास लक्ष्यको ४ नं. वुँदा ले समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सवैका लागि आजीवन सिकाईका अवसरहरू प्रवर्द्धन गर्ने रहेको छ । त्यसका लागि दशवटा परिमाणात्मक लक्ष्य रहेको छ । यसका लागि विश्वव्यापी सूचकहरू ११ वटा रहेकोमा नेपालले ३५ वटा सूचकहरू थप गरेर ४६ वटा निर्धारण गरिएको छ । यस अन्तर्गत शिक्षालाई आर्थिक सामाजिक रूपान्तरणको संवाहकको रूपमा विकास गर्ने, रोजगारीमुखी वनाउने, विद्यालय शिक्षामा सवैको समतामूलक पहुँचको सुनिश्चित गर्ने, गुणस्तरमा सुधार गर्दै व्यवस्थापकीय क्षमता विकास गर्ने र शिक्षामा लैङ्गिक असमानताको अन्त्य गर्ने र कमजोर अवस्थामा रहेकाहरूका लागि शिक्षा र व्यावसायिक तालिमका सवै तहहरूमा समानताको सुनिश्चितता गर्ने रहेको छ । लुम्विनी प्रदेशले अगाडि सारेका नीति, कार्यक्रम, रणनीतिहरुले दीगो विकास लक्ष्य हासिल गर्न योगदान दिएको छ । वालमैत्री तथा महिलामैत्री विद्यालयहरुको स्थापना,

छात्राहरुलाई उच्च शिक्षा हासिल गर्न प्रोत्साहन गर्ने कार्यक्रम ल्याएको छ । सवैका लागि समावेशिता तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने सूचकहरूमा छात्रछात्राले निःशुल्क र गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षा पूरा गर्ने, युवा तथा वयस्कहरूमा सान्दर्भिक प्राविधिक र व्यावसायिक शिपहरू रहेको सुनिश्चित गर्ने, शिक्षामा लैङ्गिक असमानता घटाउने, सङ्कटासन्न समूहहरू (अपाङ्गता भएका वालवालिका सहित) को शिक्षा र व्यावसायिक तालिममा समान पहुँच सुनिश्चित गर्ने, आधारभूत तथा माध्यमिक शिक्षाको मानकीकरण, आदि प्रदेश सरकारको जिम्मामा पर्दछन् । समावेशी शिक्षाका लागि दृष्टीविहीन लक्षित अडियो लाईव्रेरी स्थापना र श्रव्य पुस्तक उत्पादन, अपाङ्गता भएका व्यक्तिलाई सेवा प्रवाहमा सहजताका लागि सामाजिक विकास मन्त्रालयमा हेल्प डेस्क, वौद्धिक अपाङ्गता भएका वालवालिकाका लागि सुविधासम्पन्न अवासीय विद्यालय निर्माणका लागि थालनी, सांकेतिक भाषाको तालिमा र सिप विकास र स्वरोजगार तालिमहरू संचालन र लक्षित समुदायका विद्यार्थीहरूलाई उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ति प्रदान आदि महत्वपूर्ण कार्यक्रम हुन सक्छन् तथापि प्रदेशमा रहेको विपन्न तथा अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता अनुरूप लक्षित कार्यक्रमहरू प्रभावकारी हुन सकेका छैनन् ।

### ५.१.४ समस्या र सुझावहरु

#### क) समस्याहरू

शिक्षा क्षेत्रमा तोकिएका रणनीति र कार्यनीतिको समष्टिगत कार्यान्यवनमा सन्तोषजनक प्रगति भएको तथ्यले योजना कार्यान्वयन उत्साहजनक नै रहेको देखिन्छ । तर सङ्घीय शिक्षा ऐन नवनेको कारण प्रदेशको शिक्षा नीतिका सम्वन्धमा द्विविधा र दोहोरोपना देखिएको छ । शिक्षाको विकासका लागि तीन तहका सरकारवीच पर्याप्त समन्वय हुन सकेको देखिएन । सेवामूलक क्षेत्र भए तापनि जनशक्ति परिचालनमा रहेको अन्तरनिहित समस्या ज्युँका त्युँ रहेकोले सुधारका गतिविधिले अपेक्षित नतिजा दिन सक्ने अवस्था देखिएन । प्रदेश भित्रको शैक्षिक गुणस्तर सुधारमा हस्तक्षेपकारी पहलको अझै जरुरी रहेको, प्रदेश सरकारले विनियोजन गर्ने वजेट र अन्य साधन स्रोत विनियोजनमा शिक्षा क्षेत्रले आवश्यक प्राथमिकता पाउन नसकेको, विद्यालयस्तरसम्मको शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा परेका कारण प्रदेशको हस्तक्षेपमा नवीन विधि र प्रक्रियाको दरकार भए तापनि अधिकांश गतिविधि परम्परागत विधि र शैलीमा सञ्चालन भएको कारण अपेक्षित परिमाणमा वाधा देखिएको, उच्च र प्रविधिक शिक्षा सुधारको लागि के कसरी हस्तक्षेप गर्ने भन्ने कुराको टुङ्गो नलगाई तदर्थवादी ढङ्गवाट अनुदान दिने परिपाटि वदल्न नसकिएको, भइरहेका वा स्थापना गरिएका संस्थालाई सुदृढ वनाएर मात्र नयाँ संस्था स्थापनामा ध्यान जानु पर्नेमा नयाँ नयाँ संरचना थप गर्दैजाने प्रवृत्ति देखिएको छ । वालविकास, दिवा खाजा जस्ता सङ्घीय सरकारले प्राथमिकतासाथ अगाडि वढाएका कार्यक्रमहरू प्रदेशको योजनामा समावेश भएको देखिदैन ।

सङ्घिय सरकारले निर्माण गर्नुपर्ने ऐन नियमहरु नवन्दा प्रदेशले आफ्ना कानुन वनाउन नपाउँदा कतिपय कार्यक्रमहरु सञ्चालन गर्न नसकिएको, प्रदेशमा वर्सेनी परिवर्तन हुने कार्यक्रम र

प्राथमिकताले कार्यक्रम संचालनमा सहयोगी हुने कार्यविधि तथा निर्देशिकाहरु पूर्ण रुपमा निर्माण नभैसकेको कारण कार्यक्रम कार्यान्वयनमा ढिलाई, खरिद प्रक्रिया परामर्श सेवा अनुसन्धान जस्ता विषयको प्रक्रिया लामो हुदा समयमा काम गर्न नसक्नु, कार्यान्वयन तहमा रहेर कार्य सम्पादन गरेको जनशक्तिलाइ नीति निर्माण तहको कार्य सम्पादन गर्ने शिप तथा क्षमता विकासका तालिम गोष्ठिको कमी, कार्यन्वयन गर्ने संरचना ढिलो स्थापना हुनु र स्थापित निकायमा कर्मचारी पदपुर्ति समयमा हुन नसक्नु, कतिपय क्षेत्रमा वजेटको अभाव तथा वजेट निर्माण हुदा वस्तुगत वनाउन नसकिएको कारणले समेत कार्यक्रम संचालनमा कठिनाई, कार्यक्रम सञ्चालनको मानक न्युन हुनु र कार्यक्रमकै गुणस्तर घट्नु, निर्माण गरिने संरचनाहरुको विस्तृत लागत अनुमान तथा EIE नहुनु, योजनामा तोकिएका निर्माण गरिने संरचनाको जग्गा प्राप्तिमा समस्या जस्ता समस्या तथा चुनौतिहरु देखिएका छन् ।

**ख) सुझावहरू**

प्रदेशमा विज्ञान तथा प्रविधि क्षेत्रमा वैज्ञानिक अध्ययन अनुसन्धान एंव विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासका लागि संस्थागत संरचनाको निमार्ण गर्नु जरुरी छ । विज्ञान प्रविधि क्षेत्रको विकासको लागि विज्ञान प्रविधि प्रतिष्ठान लगाएत नवप्रवर्तन केन्द्रको स्थापना गर्नु जरुरी छ । प्रदेश शिक्षा नीति, युवा नीति, खेलकूद नीति, विज्ञान तथा प्रविधि नीति निमार्ण गर्दै र सोको कार्यान्यनकालागि आवश्यक ऐन नियम, निर्देशिका, आदि तर्जुमा गर्नु जरुरी छ । शिक्षा क्षेत्रको आमुल परिवर्तनको लागि प्रदेशले आफ्नो छुट्टै शिक्षा नीति, नीतिको कार्यन्वयन कार्ययोजना तयार गर्नुपर्दछ । स्वास्थ्य, खानेपानी जस्ता क्षेत्रमा आवश्यक जनशक्तिको प्रक्षेपण गरी रोजगारी र स्वरोजगारी वृद्धिका लागि कार्यक्रम निर्धारण गर्नु पर्ने देखिन्छ ।
शिक्षक विद्यार्थीको अनुपात (विशेषतः महिला शिक्षक) त्यसका कारण विद्यार्थीको भर्नादर, गुणस्तर, विद्यालय सुरक्षा आदिमा पर्ने असरहरू र सुधार गर्नुपर्ने पक्षवारे अध्ययन हुनु पर्दछ । सङ्घिय सरकारले निर्माण गर्नुपर्ने ऐन नियमहरु समयमा निर्माणको लागि पहल गर्नुजर्ने देखिन्छ । शैक्षिक जनशक्तिको परिचालनलाई प्रभावकारी वनाउने, स्थापना भएका संस्थालाई सुदृढीकरण गर्ने र सूचना प्रणालीको विकास र सञ्चालनमा ध्यान केन्द्रित गर्नुपर्दछ । कार्यान्वयन गर्ने निकायको संस्थागत क्षमता र संस्थागत विद्यालयको नियमनलाई सुदृढ वढाउनेतर्फ पनि ध्यान जानु नितान्त जरुरी छ ।

यसैगरी विद्यालयस्तरमा शैक्षिक सुधारको लागि अङ्गीकार गर्ने नीतिहरू निर्धारण गर्ने र सोहीअनुसार हस्तक्षेपकारी कार्यन्वयन कार्ययोजना तय गर्नु पर्दछ । प्रदेश सभा निर्वाचन क्षेत्रका कम्तीमा एक एक सामुदायिक विद्यालयलाई नमुना विद्यालय घोषणा गरी सुधारको सघन गतिविधि ( वालविकास र दिवा खाजा, प्राविधिक विषय, गणित, विज्ञान र अङ्ग्रेजी विषयमा जोड समेत राखी) सञ्चालन गर्नुपर्दछ ।

अन्य विषयगत मन्त्रालयहरू र निजी क्षेत्रसँग सहकार्य गरी शिक्षालाई दिगो विकास लक्ष्यको मर्म अनुरूप समायोजन गर्न पहल गर्नुपर्ने देखिन्छ ।

### ५.१.५ उपसंहार

आवधिक योजनाले शिक्षा क्षेत्रको विकासमा जोड दिए अनुरुप अन्य क्षेत्रको तुलनामा प्रगति भएको मान्न सकिन्छ । प्रादेशिक विश्वविद्यालयको स्थापना, नीति निर्माणको पक्ष र केही परिमाणात्मक उपलब्धिहरुलाई सकारात्मकरुपमा लिन सकिन्छ । तथापि योजनाले लिएको सवै लक्ष्यहरू पूरा हुने देखिँदैन । प्रदेशमा शिक्षालाई अधिकारको रूपमा स्थापित गर्न आवश्यक पर्ने दीर्घकालिन सोच, नीतिगत व्यवस्था, भौतिक संरचना र जनशक्तिको व्यवस्थापन, क्षेत्रगत रुपमा जनशक्तिको मागको आँकलन र परिपूर्तिका लागि आवश्यक व्यवस्थापन, पूर्वाधार विकास, शिक्षक विद्यार्थीको अनुपात वढाउने, शिक्षालाई रोजगारीसँग जोड्ने, वालवालिका, अपाङ्गता भएका व्यक्ति र छात्राहरूको आवश्यकताअनुरूप लक्षित कार्यक्रमहरू सम्बन्धमा बडी जोड दिनुपर्ने देखिन्छ । प्राविधिकभन्दा अन्य सङ्कायमा उच्च शिक्षाका लागि भर्ना भएका विद्यार्थीहरूको संख्या र शिक्षित वेरोजगार वढ्दै जानले शिक्षा क्षेत्रको दीगो विकासमा प्रभाव पारेको देखिन्छ ।

## ५.२ स्वास्थ्य

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यवाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पँहुच प्राप्त हुने विषयलाई मौलिक हकको रुपमा प्रत्याभुत गरेको छ । नागरिकलाई आकस्मिक स्वास्थ्य सेवावाट वञ्चित नगरिने संवैधानिक व्यवस्था छ ।

राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र गुणस्तरीय स्वास्थ्य सेवामा सवैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गदै सवैको स्वस्थ जीवन प्रत्याभूत गरी दीगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानले निर्देशित गरेको छ । सवै उमेरका सवै मानिसको स्वास्थ्य प्रवर्द्धन गर्ने दिगो विकासको लक्ष्य रहेको छ ।

स्वास्थ्य र वैकल्पिक उपचार सेवासम्वन्धी कार्य र स्वास्थ सेवाको गुणस्तर, औषधिजन्य र स्वास्थ्य प्रविधिसम्वन्धी सामग्री र स्वास्थ्य विमा र सामाजिक सुरक्षा कार्यक्रम र स्वास्थ्यजन्य फोहरको नियमन, औषधि निगरानी र उचित प्रयोग, सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण, खोप, औषधि तथा अन्य स्वास्थ्य सामग्रीको व्यवस्थापन, अध्ययन, अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य व्यवस्थापन, जनस्वास्थ्य व्यवस्थापन, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ सेवा, सरुवा तथा नसर्ने रोगको व्यवस्थापन, भौतिक पूर्वाधार विकास र व्यवस्थापन, मानव स्रोत विकास र व्यवस्थापन, पोषण प्रवर्द्धन, परिवार नियोजन सेवा र जनसङ्ख्या व्यवस्थापनजस्ता विषय प्रदेशको कार्यक्षेत्रमा पर्दछन् ।

आवधिक योजनाको आधार वर्षमा प्रकाशित जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण अनुसार लुम्बिनी प्रदेशको औसत शिशु मृत्यु दर ३० प्रति हजार र ५ वर्षभन्दा कम उमेरको बाल मृत्यु दर ४५ प्रति हजार रहेको, स्वास्थ्य संस्थामा सुत्केरी गराउने महिलाहरूको हिस्सा यस प्रदेशमा ७५.२ प्रतिशत रहेको देखिन्छ । स्वास्थ्य संस्थाहरूको संख्यात्मक उपस्थिति राम्रै रहे पनि जटिल रोगका उपचारको लागि अन्यत्र जानुपर्ने वाध्यता रहदै आएको छ । अर्कोतर्फ ग्रामीण क्षेत्रमा वसोवास गर्नेहरू सामान्य उपचारका लागि पनि शहर झर्नुपर्ने वाध्यता रहेको छ । यस प्रदेशका ४ वटा जिल्लाहरू कपिलवस्तु, बाँके, वर्दिया र रूकुम पूर्व, अझै पूर्ण खोपयुक्त घोषणा हुन बाँकी छन् । सबै जिल्ला तथा पालिकामा गुणस्तरीय र भरपर्दो स्वास्थ्य सुविधा उपलब्ध हुन नसकेको अवस्था देखिन्छ ।

आवधिक योजनाले गुणस्तरीय स्वास्थ्य सेवामा सबै जनताको पहुँचमार्फत स्वस्थ र सबल नागरिको विकास गर्ने दीर्घकालिन सोच तय गरेको छ । सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाहरु सर्वसुलभ रुपमा उपलब्ध गराउने लक्ष्य तय गरी योजनाको अन्त्यसम्ममा स्वास्थ्य सेवाको सहज पहुँच बढेर दिगो विकासका स्वास्थ्यसम्वन्धी लक्ष्य हासिल भएको हुने, ट्रमा सेन्टर स्थापना भएको हुने तथा प्रादेशिक अस्पतालहरूले विशिष्टकृत स्वास्थ्य सेवा प्रदान गरेका हुने गरी अपेक्षित उपलब्धि आँकलन गरिएको देखिन्छ ।

### ५.२.२ उपलब्धी विश्लेषण

#### ५.२.२.१ नीतिगत उपलब्धि

आवधिक योजनाले निर्धारित गरेका लक्ष्य प्राप्त गर्न स्वास्थ्यतर्फ आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तारका साथै गुणात्मक सुधार गर्ने, गुणस्तरीय उपचारात्मक सेवा लगायत अस्पतालहरूको दक्षता वढाई प्रादेशिक विशिष्टीकृत स्वास्थ्य सेवा उपलब्ध गराउने, स्वास्थ्य उपचारका वैकल्पिक उपायहरू अवलम्वन र प्रवर्द्धन गर्ने, स्वास्थ्यसम्वन्धी जनजागरण अभियान संचालन गर्ने, वजारमा गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्री उपलब्ध हुने व्यवस्था गर्नेसहितका ५ ओटा रणनीति र ४८ ओटा कार्यनीति निर्धारण गरिएको थियो ।

आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तारका साथै गुणात्मक सुधार गर्ने रणनीति अन्तर्गतका २५ ओटा कार्यनीतिको कार्यान्वयन सन्तोषजनक रुपमा भएको देखिन्छ । जसअनुसार स्थानीय तहमा आधारभूत सेवा सहितका स्वास्थ्य संस्थाहरु क्रमश संचालनमा आएका, प्रदेशका १२ जिल्लाहरुमा रहेका १२ ओटा अस्पताल ५० शैयाको संचालनमा रहेको र लुम्बिनी प्रादेशिक अस्पताल ४०० शैयामा स्तरोन्नती भएको, प्रदेशका विभिन्न अस्पतालहरुमा एम्बुलेन्स सेवा संचालनमा रहेको, प्रदेशमा २४ सै घण्टा संचालन हुने गरी प्रेषण केन्द्रको स्थापना भएको, एम्बुलेन्सहरुको त्ववअपष्लन प्रणालीको सुरुवात भएको, भिम अस्पतालमा सिटी स्क्यान मेसिन खरिद भई २०७९ फाल्गुण १५ वाट पूर्ण रुपमा सेवा संचालनमा आएको, दरवन्दी अनुसार दक्ष स्वास्थ्य जनशक्ति करारमा नियुक्ति गरिएको, प्रादेशिक अस्पताल, जिल्ला अस्पताल र पालिकाका अस्पतालहरुलाइ अल्ट्रासाउण्ड मेसिन, अक्सिजन कनसन्ट्रेटर, अक्सिजन सिलिन्डर, एक्सरे फिल्म

भ्यु, भेन्टिलेटर, ओटी लाइट, examination टेवल, आइसियु वेड, इसिजी, Bipip, Patient Monitor लगाएत महत्वपूर्ण मेडिकल सामाग्रीको व्यवस्था गरिएको, स्थानिय तहहरुमा ४४४ वर्थिङ सेन्टरहरूको स्थापना गरी विस्तार तथा गुणस्तर सुधारका लागि औजार उपकरणहरु व्यवस्थापन गरिएको देखिन्छ । साथै प्रदेशमा रहेका ८९९३ महिला स्वयमसेविकाहरुलाई प्रोत्साहनको व्यवस्था गरिएको, जिल्लाका सवै अस्पतालहरू र राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठानवाट संकट व्यवस्थापन केन्द्र संचालनमा आएको साथै मानसिक स्वास्थ्य सम्वन्धी परामर्श सेवा प्रदान गरिएको, ग्रामिण क्षेत्रमा गर्भवती महिलाहरुको जटिलता पत्ता लगाउन नर्सिङ कर्मचारीहरुलाई ग्रामिण अल्ट्रासाउण्ड तालिम प्रदान गरी मेसिन समेत वितरण गरिएको, प्रदेशका विभिन्न स्थानहरुमा स्वास्थ्य शिविरहरू संचालन गरिएको, चालिस वर्षभन्दा माथिको लागि नसर्ने (मधुमेह, उच्च रक्तचाप र मृगौला) रोग स्क्रिनिङ्ग कार्यक्रम सञ्चालन भैराखेको, प्रदेशका सवै स्थानिय तहमा स्वास्थ्य वीमा कार्यक्रमलाई क्रमश लागु गरिएको, प्रतिजैविक प्रतिरोध सम्वन्धि चेतनामुलक कार्यक्रमहरु गरिएको, स्थानीय तहको सहकार्यमा सवै जिल्लाहरुमा भ्याक्सिन सवसेन्टर र कोल्ड सेन्टर स्थापना भई सेवा संन्चालन भएको र प्रदेशलाई पूर्ण खोपको प्रदेश घोषणा गरीएको, प्रदेशका विभिन्न स्थानहरुमा सर्पदंशको उपचारको व्यवस्था गरिएको साथै अस्पतालहरुमा रेविज उपचारको व्यवस्था गरिएको, स्थानिय तहको समन्वयमा प्रदेशमा विभिन्न स्थानिय तहहरुमा स्वास्थ्य साझेदारी कार्यक्रम संचालन गरिएको, कार्यन्वयन भैरहेको, जिल्ला स्थित अस्पतालहरुमा शववाहन सेवा सञ्चालन भैरहेको, स्थानिय तहका प्राथमिक स्वास्थ्य केन्द्रमा फार्मेसी सञ्चालन गरिएको, जिल्ला स्थित अस्पतालहरुमा पोष्टमार्टमको व्यवस्था गरिएको, प्रदेशका २५ ओटा विद्यालयमा विद्यालय नर्स व्यवस्था गरिएको, सामाजिक सेवा ईकाइ मार्फत यस प्रदेशका अस्पतालहरुवाट अति गरिव, विपन्न, वेवारिशे, अनाथ, ज्येष्ठ नागरिक र असहायलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गरिएको, खुसाहाल परिवार कार्यक्रम मार्फत मुस्लिम लगायतका समुदाएमा परिवार नियोजनको जानकारी तथा सेवाको सहज उपलव्धता र परामर्श सेवा सञ्चालन गरिएको, समुदायस्तरमा किशोर किशोरीहरूलाई लक्षित गरी प्रजनन स्वास्थ्य सम्वन्धि कार्यक्रम सञ्चालन गरिएको, लागु औषधि जस्ता दुर्व्यसनी कम गर्न जनचेतना अभिवृद्धि सम्वन्धि कार्यक्रमहरु सञ्चालन गरिएको स्वास्थ्य मन्त्रालयको प्रगति विवरणले देखाएको छ ।

गुणस्तरीय उपचारात्मक सेवा लगायत अस्पतालहरूको दक्षता बढाई प्रादेशिक विशिष्टीकृत स्वास्थ्य सेवा उपलब्ध गराउने रणनीति अन्तर्गत १४ ओटा कार्यनीति तय गरिएकोमा १२ ओटा कार्यनीति कार्यान्वयनमा आएको देखिन्छ । जसअनुसार लुम्विनी प्रादेशिक अस्पताल लगायतका अस्पतालहरुमा गुणस्तरिय विशेषज्ञ सेवाहरु सञ्चालन गरिएको, प्रदेश सरकारको लगानीमा लमही स्थित अस्पालको क्षेत्रभित्र ट्रमा सेन्टर स्थापनाका लागि भवन निर्माण भइरहेको साथै प्रदेशका ४ जिल्लामा सडक सहायता कक्षको लागि कार्यक्रम व्यवस्था गरिएको, स्वास्थ्य अनुसन्धान लगायतका क्षेत्रमा स्वास्थ्यकर्मीहरूको क्षमता विकासका कार्यक्रमहरुको व्यवस्था

गरिएको, अस्पताल विकास समिति तथा स्वास्थ्यसँग सम्वन्धित व्यावसायिक परिषद्हरूलाई सक्षम तथा जवाफदेही वनाई फोहरमैला व्यवस्थापनका लागि अत्याधुनिक मेसिन लगायत अन्य आधुनिक प्रविधिका मेसिनहरुको लागि वजेट व्यवस्थापन गरी खरिद कार्य भैरहेको, प्रदेशका विपन्न नागरिकका लागि स्वास्थ्य उपचार आर्थिक सहजीकरण कार्यक्रममार्फत मुटुको भल्भ प्रतिस्थापन, मिर्गौला प्रत्यारोपण र क्यान्सर उपचारको लागि सिफारिस गर्ने व्यवस्था भएको, राप्ति प्रादेशिक अस्पताल, वर्दिया र कपिलवस्तु अस्पतालमा डाइलोसिस सेवा संचालन गर्न थप जनशक्तिको व्यवस्था गर्न प्रक्रिया अगाडी वढेको, सरकारी अस्पतालहरुमा निःशुल्क रक्तसञ्चार सेवा संचालन भइरहेको, बाँके, वर्दिया, दाङ, कपिलवस्तु, रुपन्देही र नवलपरासी पश्चिमका स्वास्थ्य कार्यालयहरूमार्फत थारु समुदायमा सिकलसेल तथा थालेसेमिया परीक्षण तथा जनचेतना अभियान सञ्चालन भइरहेको छ । तराईका ६ जिल्लाका ८ ओटा सरकारी अस्पतालवाट सिकलसेल र थालेसेमिया रोगको निदान र उपचारका लागि सिकलसेल परामर्श केन्द्र स्थापना गरिएको छ । नागरिक आरोग्य केन्द्र स्थापना भएको, पञ्चकर्म सेवा संचालन भैराखेको, स्वास्थ्य आपतकालिन केन्द्र स्थापना भएको, हरेक वर्ष अस्पतालहरुमा फोहरमैला व्यवस्थापनमा वजेट छुटाउदै आइरहेको साथै आधुनिक मेसीनवाट फोहर व्यवस्थापन कार्यको सुरुवात भएको देखिन्छ ।

स्वास्थ्य उपचारका वैकल्पिक उपायहरू अवलम्वन र प्रवर्द्धन गर्ने रणनीति अन्तर्गत ३ ओटा कार्यनीतिको कार्यान्वयन प्रारम्भिक चरणमा नै रहेको देखिन्छ । राप्ती प्रादेशिक आयुर्वेद चिकित्सालय, विझौरीमा आयुर्वेदिक औषधि उत्पादन केन्द्रको रुपमा विस्तार गरिएको छ । होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा प्रणाली तथा अन्य पूरक चिकित्सा प्रणालीको संरक्षण, विकास एवम् विस्तारका लागि परम्परागत चिकित्सकहरुको खोजपडताल गर्ने कार्य भैरहेको, परम्परागत चिकित्सकहरुको खोजपडताल गर्ने र स्थानीय स्तरमा रहेका परम्परागत जडीवुटी एवम् सोको प्रयोग सम्वन्धी ज्ञानहरूलाई सम्प्रेषण गर्ने कार्य भैरहेको अवस्था छ ।

स्वास्थ्यसम्वन्धी जनजागरण अभियान संचालन गर्ने रणनीति अन्तर्गत ३ ओटा कार्यनीतिको कार्यान्वयन सम्बन्धमा सुचना र सञ्चारको माध्यमवाट स्थानीय तहको सहकार्यकमा जनचेतनामुलक कार्यक्रमहरु भैरहेको, सर्ने र नसर्ने रोगहरूका वारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक उपायहरूवारे चेतना अभिवृद्धिका साथै सेवा विस्तार भैरहेको, स्थानीय तहको सहकार्यमा कार्य भैरहेको देखिन्छ ।

बजारमा गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्री उपलब्ध हुने व्यवस्था गर्ने रणनीति अन्तर्गत ३ ओटा कार्यनीति अंगिकार गरिएकोमा स्थानीय तहको सहकार्यमा कार्य भैरहेको देखिन्छ । न्यून आय भएका विपन्न परिवारका सुनौलो हजार दिनका आमा तथा वालवालिकाहरूलाई निशुल्क पोषणयुक्त खाद्यआहार वितरण कार्यक्रमको सुरुवात गरिएको तथा वालवालिका र सुत्केरी, गर्भवती आमाहरूलाई विभिन्न प्रकारका खोप र सरसफाइ सम्वन्धी जानकारीका साथै

षोषणयुक्त खाना र आहारविहारको सवालमा चेतना अभिवृद्धिका कार्यक्रम संचालन भैरहेको पाइन्छ ।

यसरी हेर्दा स्वास्थ्य उपक्षेत्र अन्तर्गतका उल्लेखित अधिकांश कार्यनीतिहरु उल्लेखनिय रुपमा कार्यान्वयन भएका भने केही आंशिकरुपमा भएपनि कार्यान्वयन भएका छन् । स्वास्थ्य उपक्षेत्रका नीतिगत उपलव्धिसम्वन्धी विवरण अनुसूची ५.२ मा दिइएको छ ।

### ५.२.२.२ स्वास्थ्यक्षेत्रका प्रमुख आयोजना तथा कार्यकमसम्वन्धी उपलव्धि

स्वास्थ्य उपक्षेत्रका लागि १५ वटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् । प्रमुख आयोजना र कार्यक्रमको कार्यान्वयन गर्ने जिम्मेवारी विशेषतः सामाजिक विकास मन्त्रालय (हालको स्वास्थ्य मन्त्रालय), संघीय तथा स्थानीय सरकार तथा विभिन्न संघ संस्था, आदिलाई तोकिएको थियो । योजनामा तोकिएका १५ ओटा कार्यक्रममध्ये सवै कार्यक्रम पूर्ण वा आंशिकरुपमा संचालन भएका छन् । स्वास्थ्यसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था तालिका ५.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.३ : स्वास्थ्यसम्वन्धी प्रमुख आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क्र.सं. | कार्यक्रम | भएको/नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नीतिगत, कानूनी र संस्थागत व्यवस्थापन ( स्वास्थ्यमा विपद् व्यवस्थापन सहित) | | आवश्यकता पहिचान, तर्जुमा र स्थापना | आवश्यकता पहिचान, तर्जुमा र स्थापना | | | |
| | उपलव्धि | भएको | आकस्मिकताको योजना तर्जुमा, वित्तिय व्यवस्थापन सुधार योजना (२०७९/८०-२०८३/८४), औषधी तथा औषधिजन्य सामागारिको खरिद सुधारयोजना (२०७९/८०-२०८३/८४)तयार गरीएको साथै प्रदेशस्तरिय स्वास्थ्य आकस्मिक व्यवस्थापन सम्वन्धि कार्यविधिको मस्यौदा तयार भैरहेको ।<br>स्वास्थ्य आपतकालिन केन्द्र स्थापना भएको । | | | | अनुसूची-३.१ |
| २ | महिला स्वास्थ्य कार्यक्रम (वर्थिङ सेन्टर, आमा सुरक्षा, परिवार नियोजन, किशोर किशोरी स्वास्थ्य,वृहत यौनिकता शिक्षा, सुरक्षित गर्भपतन, पाठेघर समस्या, अस्पतालमा आधारित एकद्वार | भएको | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | |

| क्र.सं. | कार्यक्रम | भएको/नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | संकट व्यवस्थापन प्रणाली) | | | | | | |
| | उपलब्धि | भएको | | स्थानिय तहका वर्थिङ सेन्टरहरुमा आवश्यक औजार उपकरण वितरणका लागि प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रवाट कार्यक्रम सञ्चालन गरीएको । स्थानीय, संघ र प्रदेश सरकार बीच सहकार्य र समन्वयमा कार्यक्रम सञ्चालन भैरहेको । Neglected tropical disease नियन्त्रणमा रहेको | | | |
| ३ | सरूवारोग (औलो, कालाजार, फाईलेरियासिस, डेंगु, तथा महामारी) नियन्त्रण, विपद् व्यवस्थापन तथा वातावरणीय स्वास्थ्य कार्यक्रम | भएको | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | | संघ सरकारवाट माहामारी तथा रोग नियन्त्रणमा मार्फत विभिन्न कार्यक्रमहरु सञ्चालन भैरहेको । यौनरोग तथा एच.आइ.भी. एड्स नियन्त्रण भएको | | | |
| ४ | यौनरोग तथा एच.आई.भी. एड्स नियन्त्रण कार्यक्रम | | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | | हरेक सरकारी अस्पतालमा ART सेवा संञ्चालनमा रहेको र प्रजनन स्वास्थ्य अन्तर्गत विभिन्न कार्यक्रमहरु स्थानिय स्तरमा स्वास्थ्य कार्यालयहरु मार्फत कार्यक्रम भैराखेको | | | |
| ५ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली तथा स्वास्थ्य व्यवस्थापन कार्यक्रम (कडा रोगको उपचारको लागि आर्थिक सहयोग समेत) | | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | | HMIS/DHIS2 वाट स्वास्थ्य व्यवस्थापन सूचना प्रदान गरीराखेको साथै स्वास्थ्य कर्मिलाई यस सम्वन्धि तालिम प्रदान गरीराखेको | | | |

| क्र.सं. | कार्यक्रम | भएको/नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रदेश विपन्न नागरिक स्वास्थ्य उपचार आर्थिक सहुलियत कार्यक्रम (मुटुको भल्भ फेर्ने, मृगौला प्रत्यारोपण र क्यान्सर रोग) निशुल्क दम जन्य तथा ब्रोङकाइटिस उपचार भैराखेको<br>HMIS/DHIS2 बाट रिपोर्टिङ भइराखेको | | | |
| ६ | क्षयरोग तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम | भएको | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | | क्षयरोग घट्दो क्रममा रहेको र कुष्ठरोगको औषधि निशुल्क वितरण भैराखेको र विरामिलाई यातायात खर्च समेत प्रदान गरेको | | | कुष्ठरोग अझै पनि जनस्वास्थ्य समस्याका रुपमा रहेको |
| ७ | वाल स्वास्थ्य कार्यक्रम (खोप, भिटामिन ए वितरण, पोषण, वाल्वरोगको एकिकृत व्यवस्थापन) | | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | | स्वास्थ्य संस्थाहरुवाट नियमित रुपमा खोप सेवा प्रधान भैराखेको र यस प्रदेशमा ३ वटा पोषण पुर्नस्थापना केन्द्र समेत सञ्चालनमा रहेका छन ।<br>खोपको उपयोगिता वढदै गएको, खोपको कारणले हुने रोगहरु घट्दै गएको, पोषण सम्वन्धि कार्यक्रम भइराखेको | | | |
| ८ | स्वास्थ्य तालिम तथा अनुसन्धान कार्यक्रम | भएको | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | |
| | उपलब्धि | | | प्रादेशिक स्वास्थ्य तालिम केन्द्रवाट स्वास्थ्यका विभिन्न क्रियाकलापमा तालिम प्रदान गरिरहेको छ ।<br>दक्ष स्वास्थ्यकर्मि उत्पादन भई गुणस्तर स्वास्थ्य सेवा प्रदान भएको | | | |
| ९ | स्वास्थ्य शिक्षा, वीमा, जनचेतनामूलक कार्यक्रम | | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | | स्वास्थ्य शिक्षा र जनचेतनामूलक कार्यक्रम स्वास्थ्य कार्यालय, अस्पताल र आयुर्वेद केन्द्रवाट भैराखेको<br>जनसमुदायमा स्वास्थ्य साक्षरता वढेको | | | |

| क्र.सं. | कार्यक्रम | भएको/नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १० | नसर्ने रोग व्यवस्थापन कार्यक्रम (मुटुरोग, मृगौला रोग,दम, मधुमेह, क्यान्सर सिकलसेल एनिमिया, थालमेसिया समेत) | भएको | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | | प्रदेश विपन्न नागरिक स्वास्थ्य उपचार आर्थिक सहुलियत कार्यक्रम (मुटुको भल्भ फेर्ने, मृगौला प्रत्यारोपण र क्यान्सर रोग) निशुल्क दम जन्य तथा ब्रोङकाइटिस उपचार भैराखेको<br>सिकलसेल, थालसेमिया र हेमोफिलियाका विरामिहरुको परिवारलाई निःशुल्क स्वास्थ्य विमा कार्यक्रम रहेको<br>सिकलसेल, थालसेमिया र हेमोफिलियाका विरामिहरुको लागि अस्पतालहरुमा परामर्श सेवा कर्नरको स्थापना गरिएको ।<br>प्रदेशका सवै अस्पतालवाट उपचार भइरहेको | | | |
| ११ | स्वास्थ्य उपकरण, औषधि आपुर्ति तथा भवन र अन्य निर्माण कार्यक्रम (प्रादेशिक ट्रमा सेन्टर, कृत्रिम अङ्ग, एम्वुलेन्स तथा शव वाहन समेत) | | आवश्यकता पहिचान, खरीद व्यवस्थापन, डीपीआर निर्माण, ट्रमा सेन्टर स्थापना | खरीद, आपूर्ति र निर्माण | | | |
| | उपलब्धि | भएको | | औषधि आपूर्तिका लागि प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रले गर्ने<br>लमहिमा ट्रमा सेन्टरको भवन निर्माण निरन्तरता<br>प्रदेशमा २४ सै घण्टा संचालन हुने गरी प्रेषण केन्द्रको स्थापना भएको एम्वुलेन्सहरुको त्चवअपष्लन प्रणालीको सुरुवात भएको<br>औषधि आपूर्तिमा सहज र ट्रमा सेन्टरको भवन निर्माण भैराखेको | | | |
| १२ | आयुर्वेद तथा वैकल्पिक चिकित्सा कार्यक्रम | | कार्यक्रम तर्जुमा कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | | यस प्रदेशमा गृहणीहरुका लागी भान्सा सुधार कार्यक्रम साथै पञ्चकर्म सेवा | | | |

| क्र.सं. | कार्यक्रम | भएको/नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | विस्तार गरिएको | | | |
| १३ | विशिष्टिकृत स्वास्थ्य सेवा प्रवर्द्धन | | प्रादेशिक अस्पतालको लागि कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | | प्रादेशिक अस्पतालमा विशिष्टिकृत चिकित्सकहवाट सेवा प्रदान भइराखेको | | | |
| १४ | स्वास्थ्य संस्था तथा अस्पताल गुणस्तर तथा फोहर व्यवस्थापन कार्यक्रम | भएको | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | | प्रदेशका सवै अस्पतालहरुको गुण्स्तर वढाउनको लागि Minimum Service Standard मापन गरिरहेको हरेक वर्ष अस्पतालहरुमा फोहरमैला व्यवस्थापनमा वजेट छुटाउदै आइरहेको साथै आधुनिक मेसीनवाट फोहर व्यवस्थापन कार्यको सुरुवात | | | |
| १५ | आपतकालीन सेवा सञ्चालन गर्न स्वास्थ्य निकाय तथा अस्पतालहरूको क्षमता विस्तार कार्यक्रम | | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | |
| | उपलब्धि | भएको | | Rapid Response Team संञ्चालन तथा व्यवस्थापन कार्यक्रमको संञ्चालन साथै तालिम समेत दिने गरेको | | | |

स्रोतः सम्वन्धित मन्त्रालय ।

प्रदेशका नागरिकरुको स्वास्थ्य सेवामा सरल र सहज पहुँच अभिवृद्धि गर्ने उद्धेश्य पुरा गर्न लुम्विनी प्रादेशिक अस्पताल र राप्ती प्रादेशिक अस्पतालमा सिटि स्क्यान सेवा सुरू गर्नुका साथै लुम्विनी प्रादेशिक अस्पतालमा न्युरो र अर्थोको विशिष्टीकृत सेवा सञ्चालन गर्नका लागि रोगको निदानमा सहयोग पुयाउन रेडियोलोजी सेवाको लागि भौतिक पूर्वाधार निर्माणको कार्य भैरहेको छ । दाङको तुलसीपुरस्थित राप्ती प्रादेशिक अस्पतालमा ICU सेवा सञ्चालनमा आएको छ । लुम्विनी प्रादेशिक अस्पताललाई प्रदेशकै विशिष्टीकृत अस्पतालको रूपमा रूपान्तरण गर्ने योजना अनुरूप आवश्यक प्रक्रिया अगाडि वढेको छ । प्रदेशका सवै जिल्ला अस्पतालहरूलाई

कम्तिमा ५० शैयाको अस्पतालको रूपमा विकास गरिएको छ । प्रदेश मातहतका १२ जिल्लाका ६० ओटा एम्वुलेन्सहरूको ट्रयाकिङको व्यवस्थामार्फत् आपतकालीन अवस्थामासमेत नागरिकलाई सेवा पहुँचको सुनिश्चितता गरिएको छ । प्रादेशिक आयुर्वेद चिकित्सालय विजौरीलाई औषधि उत्पादन केन्द्रको रूपमा विकास गर्न जिएमपी स्टाण्डर्डको भवन निर्माणको काम अगाडि वढेको, प्रदेशका १२ जिल्लामध्ये रूकुम र कपिलवस्तु वाहेक सवै जिल्लाहरूमा व्लड वैंक सुदृढीकरणका लागि आवश्यक व्यवस्था मिलाइएको छ । प्रदेशस्तरीय अस्पतालहरूमा सामाजिक सुरक्षा एकाइ स्थापना गरी यी अस्पतालहरूमा असहाय, गरिव, ज्येष्ठ नागरिकलगायतका नागरिकहरूको सहज र सरल पहुँचको सुनिश्चितता गरिएको छ । यसैगरी प्रदेश जनस्वास्थ्य प्रयोगशालाको स्थापना, रूकुम पूर्व अस्पतालको स्थापना र सञ्चालन, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका लागि जग्गा प्राप्ति सम्पन्न, कोरोना संक्रमणको निदान तथा रोकथामका लागि संक्रमितको पहिचान गर्न पिसिआर प्रयोगशाला स्थापना, ८४ वर्ष उमेरपुगेका व्यक्तिहरूका लागि घरमै निशुल्क उपचार तथा निःशुल्क औषधि वितरण सेवा प्रदान, कोभिड १९ को उपचारका लागि कोरोना विशेष अस्पताल स्थापना, अक्सिजन कन्सन्ट्रेटरको व्यवस्था, वर्थिङ सेन्टरका लागि सामग्री उपलव्ध गराइएको, चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई स्वास्थ्य सम्वन्धी आधारभूत तथा एडभान्स तालिम, ओमशान्ति वुटवलको सहकार्यमा राजयोग सभागृहको निर्माण, आँखा सेवाको सवलीकरण र सहजीकरणकालागि प्रदेश मातहतका अस्पतालमा आँखा सेवाको विस्तार गरिएको, व्लडवैंक सुदृढीकरणका लागि आवश्यक व्यवस्था मिलाइएको, प्रादेशिक आयुर्वेद चिकित्सालय विजौरीलाई औषधि उत्पादन केन्द्रको रूपमा विकास गर्न जिएमपी स्टाण्डर्डको भवन निर्माणको काम अगाडि वढेको, प्रदेशस्तरीय योगाहल लुम्विनी आयुर्वेद चिकित्सालय वुटवलमा निर्माण भई सन्चालनमा आएको, लुम्विनी प्रादेशिक अस्पताल र राप्ती प्रादेशिक अस्पतालमा सिटि स्क्यान सेवा सुरू गर्नुका साथै लुम्विनी प्रादेशिक अस्पतालमा न्युरो र अर्थोको विशिष्टीकृत सेवा सञ्चालन गर्नका लागि रोगको निदानमा सहयोग पुऱ्याउन रेडियोलोजी सेवाको लागि भौतिक पूर्वाधार निर्माणको कार्य भैरहेको, प्रदेशस्तरीय अस्पतालहरूमा सामाजिक सुरक्षा एकाइ स्थापना गरी यी अस्पतालहरूमा असहाय. गरिव, ज्येष्ठ नागरिक लगायतका नागरिकहरूको सहज र सरल पहुँचको सुनिश्चितता गरिएको जस्ता महत्वपूर्ण उपलव्धि भएको देखिन्छ ।

### ५.२.२.३ परिमाणात्मक उपलव्धि

योजनाको चौथो वर्षसम्म आइपुग्दा लुम्विनी प्रदेशमा ३२ अस्पताल, २९ प्राथमिक स्वास्थ्य केन्द्र, ५६७ स्वास्थ्य चौकी, ४६ आयुर्वेद औषधालय, १३ आयुर्वेद स्वास्थ्य केन्द्र, ४४४ वर्थिङ सेन्टर रहेका छन् । ८,९९३ महिला स्वास्थ्य स्वयंसेविका, २,९११ खोप क्लिनिक, १,९५४ गाउँघर क्लिनिक, १८६ सामुदायिक स्वास्थ्य इकाई र २५२ आधारभूत स्वास्थ्य केन्द्र रहेका छन् । त्यसैगरी लुम्विनी प्रदेशमा पूर्ण खोप प्राप्त गर्ने वालवालिका ६९.० प्रतिशत, परिवार नियोजन साधन प्रयोगदर ३१.० प्रतिशत, शिशु गर्भमा रहेदेखि कम्तिमा चार पटक गर्भ जाँच गराउने

महिला ६८.० प्रतिशत र दक्ष प्रसूतिकर्मीवाट प्रसूति सेवा प्राप्त गर्ने गर्भवतीको सङ्ख्या ७४.० प्रतिशत रहेको छ (तालिका ५.४) ।

**तालिका ५.४ : लुम्विनी प्रदेशमा स्वास्थ्यको अवस्था**

| सूचक | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|
| पूर्ण खोप प्राप्त गर्ने वालवालिकाको प्रतिशत | ७४.२ | ७१ | ८३ | ९७ | ६९ |
| कम तौल भएका २ वर्ष मूनिका वालवालिकाको प्रतिशत | ३.९ | २.९ | २.८ | ३.५ | ३.३ |
| ५ वर्षमूनिको मृत्युसङ्ख्या | ४१५ | ३९३ | ५१२ | ५७३ | - |
| मातृ मृत्यु सङ्ख्या | ५४ | ७१ | ७२ | ७४ | ७९ |
| परिवार नियोजन साधन प्रयोगदर( प्रतिशत) | ३७ | ३० | ३१ | ३१ | ३१ |
| ४ पटक गर्भ जाँच गराउने प्रतिशत | ६४.५ | ६०.५ | ६०.७ | ७९.५ | ६८.४ |
| संस्थागत प्रसूति प्रतिशत | ७८.८ | ८१.४ | ७९.७ | ९४ | ७७.७ |
| दक्ष प्रसूतिकर्मीवाट प्रसूति भएको प्रतिशत | ७३.३ | ७८.५ | ७७ | ८९.६ | ७४ |
| क्षयरोगका विरामी सङ्ख्या | ६०९५ | ५७५९ | ५८७२ | ८०८५ | ५४८१ |
| कुष्ठरोगका विरामी सङ्ख्या | ६९१ | ४८९ | ४७३ | ६५९ | ५२१ |
| एच.आई.भी संकमित सङ्ख्या | ४१६ | ४७९ | ४७३ | ६५९ | ५२१ |
| कोभिड १९ संकमित सङ्ख्या | | २२४४५ | १११५४९ | ४८३४ | ४५१ |
| कोभिड १९ मृत्यु सङ्ख्या | | ४३२ | २९९५ | १५ | २ |
| अस्पतालमा वाकस्मिक सेवा लिएको | २५७४०१ | ३४८१११ | ३२६८४४ | ३७१८६४ | १९३५०२ |
| अस्पतालमा अन्तरंग सेवा लिएका | १३०६४० | १३८५४९ | १४०४०८ | १८१४५२ | १७२१९७ |

*चैत्र महिना सम्मको ।

स्रोतः लुम्बिनी प्रदेशको आर्थिक सर्भेक्षण २०७९/८०

स्वास्थ्य उपक्षेत्रको परिमाणात्मक लक्ष्य र उपलव्धिसम्वन्धी विवरण तालिका ५.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.५ : स्वास्थ्यसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था**

| नतिजा स्तर अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | आ. व.२०७९/८० | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| **प्रभाव तह** | | | | |
| मानव विकास सूचकाङ्क | प्रतिशत | ०.५१ | ०.६३ * | ०.६० |
| जन्मदाको अपेक्षित आयु | वर्ष | ६९.३ | ७०.१७ | ७०.९ |

| | | | | |
|---|---|---|---|---|
| लैंगिक सशक्तीकरण सूचकाङ्क | | – | – | – |
| **असर तह** | | | | |
| वाल मृत्यु दर (५ वर्ष मुनिका, प्रति हजार जीवित जन्म) ( दिविल ३.२.१) | संख्या | ४५ | ३०* | ३३ |
| नवजात शिशु मृत्यु दर (प्रति हजार जीवित जन्म) दिविल दिविल ३.२.२ | संख्या | ३० | २०* | २१ |
| मातृ मृत्यु दर (प्रति लाख जीवित जन्म) दिविल ३.१.१) | संख्या | २१५ | – | २०७ |
| ४ पटक पूर्व प्रसुति सेवा लिएका महिला (दिविल ३.३.१) | प्रतिशत | ७७.५ | ८७ | ८० |
| प्रसुति पश्चात ३ पटक सेवा लिएका महिला (दिविल ३.८) | प्रतिशत | २१.७ | २६ | ५४ |
| स्वास्थ्य संस्थामा प्रसुति गराउने महिला (दिविल ३.८) | प्रतिशत | ७५.२ | ८२ | ९४ |
| DPT, HepB, Hib सुई लिएका शिशुहरूको प्रतिशत ( दिविल ३.८) | प्रतिशत | ८७ | १०० (७८/७९) | ९७ |
| ३० मिनेट भित्रको दुरीमा स्वास्थ संस्थामा पहुँच हुने परिवार (दिविल ३.८.१) | प्रतिशत | ५२.२ | ९५ | – |
| प्रतिफल | | | | |
| स्वास्थ्य शिविरवाट लाभान्वित व्यक्तिहरू(वार्षिक) | संख्या | | ३०००० | – |
| नयाँ एच.आई. भि संक्रमित व्यक्ति (दिविल ३.३) | संख्या | ६६४ | ४५० | ६५९ |
| लिम्फेटिक फ्लोरिसवाट संक्रमित | संख्या | १८८ | ७० | ४२ |
| डेंगु लागेका मानिस | संख्या | १८९ | ८० | ३२२ |
| टर्कोमा (Trachoma) भएका मानिस | संख्या | ३४१ | | – |
| क्षयरोग प्रकोप दर (प्रति लाख जनसंख्यामा)(दिविल ३.३) | संख्या | १३६ | ११५ | १५७ |
| मलेरिया प्रकोप दर(प्रति हजार जनसंख्यामा)(दिविल ३.३) | संख्या | ०.०४९ | ०.०१ (७८/७९) | ०.०८ |
| कुष्ठरोग प्रकोप दर(प्रति हजार जनसंख्यामा) (दिविल ३.३.१) | संख्या | २.८ | १ (७८/७९) | ११ |
| स्वास्थ्यवीमा भएका व्यक्ति(वार्षिक) | हजार | २२५ | १५०० | – |
| वर्थिङ सेन्टर | संख्या | ३६३ | ४१५ | ४४४ |
| पाठेघर खस्ने रोगको उपचार | संख्या | ७५० | ७५० | – |
| किशोरकिशोरी मैत्री सरकारी स्वास्थ्य संस्था | संख्या | २१ | ४० | ३० |

*आ. व. २०८०/८१ को लक्ष्य ।

स्रोतः सम्वन्धित मन्त्रालय ।

सामाजिक क्षेत्रको नतिजा खाकामा प्रभाव तहमा मानव विकास सूचकाङ्क, जन्मदाको अपेक्षित आयु र लैंगिक सशक्तीकरण सूचकाङ्क गरी ३ ओटा सूचकहरु निर्धारण गरिएका छन् । मानव विकास सूचकाङ्कको आ.व. २०७९/८० को लक्ष्य निर्धारण गरिएको छैन भने लैंगिक सशक्तीकरण सूचकाङ्कको आधार वर्षको तथ्यांक र कुनै पनि वर्षको लक्ष्य निर्धारण गरिएको छैन । आ.व. २०७९/८० सम्ममा लुम्विनी प्रदेशको मानव विकास सूचकाङ्क आधार वर्षको ०.५१ प्रतिशतवाट वढेर ०.६० पुगेको देखिन्छ, जुन आ.व. २०८०/८१ को लक्ष्य ०.६३ को नजिक

देखिन्छ । जन्मदाको औसत आयुको लक्ष्य ७०.१७ तय गरिएकोमा आ.व. २०७९/८० सम्ममा ७०.९ वर्ष पुगेर लक्ष्यभन्दा वढी उपलब्धि हासिल भएको देखिन्छ ।

स्वास्थ्य उपक्षेत्रको २०७५/७६ लाई आधार वर्षको रुपमा लिई उपलब्धिको विश्लेषण गर्दा असर तहको सूचकमा वाल मृत्युदर (५ वर्ष मुनिका, प्रति हजार जीवित जन्म) (दिविल ३.२.१) र नवजात शिशु मृत्यु दर (प्रति हजार जीवित जन्म) दिविल ३.२.२ को आ.व. २०७९/८० को लक्ष्य निर्धारण गरिएको छैन । भने मातृ मृत्यु दर (प्रति लाख जीवित जन्म) दिविल ३.१.१) को आधार वर्षको तथ्याङ्क २१५ प्रति लाखमा रहेपनि कुनै पनि आ.व.को लक्ष्य निर्धारण गरिएको छैन ।

समष्टिमा परिमाणात्मक लक्ष्यको आधारमा प्रगति हेर्दा स्वास्थ्य क्षेत्रका असर तहका ८ ओटा सूचकमध्ये २ ओटा सूचकको लक्ष्यभन्दा वढि प्रगति भएको, २ वटा सूचकको प्रगति लक्ष्य नजिक रहेको देखिन्छ भने २ वटा सूचकको लक्ष्यभन्दा कम प्रगति भएको र एउटा सूचकको योजना निर्माण गर्दा लक्ष्य निर्धारण नभए तापनि आधार तथ्याङ्कभन्दा प्रगति भएको र बाँकी एउटा सूचकको भने प्रगति तथ्याङ्क प्राप्त हुन नसकेको अवस्था छ ।

प्रतिफल तहका १२ सूचकमध्ये २ ओटा सूचकको आ.व. २०७९/८० को निर्धारित  लक्ष्यभन्दा वढि उपलब्धी भएको, ६ ओटा सूचकको लक्ष्यभन्दा कम प्रगति हासिल भएको र ४ ओटा सूचकको प्रगति तथ्याङ्क प्राप्त हुन नसकेको देखिन्छ । यसरी हेर्दा योजना अवधिमा प्राय धेरै जसो सूचकका निर्धारित लक्ष्य प्राप्त गर्न नसकिने देखिन्छ भने केहिको लक्ष्य नजिक प्रगति हासिल हुने देखिन्छ ।

### ५.२.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान

दिगो विकास लक्ष्य ३ मा सवै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवन स्तर प्रवर्द्धन गर्ने उल्लेख गरेको छ । लुम्विनी प्रदेशले तय गरेको दिगो विकास लक्ष्य विशेष दस्तावेजले प्रदेश सरकार जनताको स्वास्थ्य र समृद्धिका लागि कार्यरत रहेको उल्लेख गरेको छ । यसका लागि प्रदेश सरकार आफैले प्रत्यक्ष गर्ने कार्य क्षेत्रमा नीतिहरूको व्यवस्थापन गरी मातृ मृत्युदर, नवजात र बालमृत्युदर, पानीजन्य सरूवा र नसर्ने रोग, लागु पदार्थ दुरूपयोगलाई न्यून गर्ने प्रतिवद्धता जाहेर गरेको छ । यसका साथै अन्य कार्यहरू जस्तै सेवाको स्थानीयकरण र प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने भूमिका पनि रहेको छ । यसैगरी जनचेतना अभिवृद्धि र प्रभावित समुदायलाई सहयोग गर्न प्रदेश सरकारको भूमिकालाई केन्द्रविन्दुमा राखि स्वास्थ्य क्षेत्रका दिगो विकास लक्ष्य हासिल गर्न योगदान पुऱ्याउन सकिन्छ ।

### ५.२.४ समस्या र सुझावहरु

#### क) समस्याहरु

योजनाको सुरुवातमा स्वास्थ्य क्षेत्रलाई सामाजिक विकास मन्त्रालयसँग जोडिएको र सरकारको प्राथमिकतामा नपरेको हो की जस्तो देखिन पुग्यो । योजना अवधिको झन्डै २ वर्ष कोरोना महामारी नियन्त्रणमा ध्यान केन्द्रीत गर्नुपरेकाले पनि स्वास्थ्य क्षेत्रका अन्य कार्यनीतिहरुको

कार्यान्वयनमा समस्या देखिन पुग्यो । कार्यनीतिको सङ्ख्या अत्याधिक हुनु, सरकारको संस्थागत क्षमता सीमित हुनुले कार्यान्वयनमा समस्या सिर्जना भएको देखिन्छ । तीन तहका सरकारविच समन्वय र सहकार्यको उपयुक्त वातावरण वन्न नसक्नु, जनशक्तिको व्यवस्थापन र परिचालन प्रभावकारी हुन नसक्नु, सूचना प्रणालीको अभाव, योजना र वार्षिक कार्यक्रमविच कमजोर तादात्म्यता, आदि स्वास्थ्य क्षेत्रको उपलब्धि हासिल गर्नमा देखिएका थप समस्या हुन् । स्वास्थ्य सेवाको गुणस्तर र सेवामा सवै वर्ग र समूहको पहुँच सुनिश्चितताको लागि लक्षित वर्गको पहिचान र विद्यमान अवरोध पहिल्याउन सकिएको छैन ।

### ख) सुझावहरु

योजनाको अन्तिम वर्षमा कार्यान्वयनमा नआएकामध्ये तत्काल कार्यान्वयन गर्न सकिने कार्यनीति छनोट गरी कार्यान्वयनमा ल्याउन उपयुक्त हुन्छ । हालसम्म लक्ष्यको तुलनामा कमजोर प्रगति भएका सूचकसंग सम्बन्धीत गतिविधिलाई सुदृढ गर्दै योजनाले निर्दिष्ट गरेका लक्ष्य प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्दछ । प्रवर्द्धनात्मक गतिविधिलाई जोड दिने, प्रदेश भित्र खेलकुद अस्पताल वा क्लिनिक स्थापना गरी सञ्चालनमा ल्याउने, परम्परागत उपचार पद्धतिमध्ये कुनै एकको केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउने, स्वास्थ्य क्षेत्रमा विद्यमान जनशक्तिको उपलव्धता र परिचालनमा ध्यान दिनुपर्ने देखिन्छ ।

तीन तहका सरकारविच आवद्धता भएको स्वास्थ्य सेवा सूचना प्रणालीको विकासलाई प्राथमिकतामा राख्नु पर्दछ । प्रदेश भित्र आयुर्वेदीय औषधि उत्पादन केन्द्र स्थापना भइसकेको सन्दर्भमा प्रदेशभित्र जडीवुटी उत्पादन प्रवर्द्धन गर्ने कार्यलाई पनि प्राथमिकतामा राख्नु पर्दछ । स्वास्थ्य विमा कार्यक्रमको कभरेज वढाउन ध्यान दिनु पर्दछ । प्रदेशले जनसङ्ख्या र वसाइँसराइ सम्बन्धी नीति तर्जुमा गर्नुपर्ने देखिन्छ । यसैगरी स्वास्थ्य नीति र सेवालाई उपचारात्मक दृष्टिकोणवाट मात्र नहेरी रोकथामका पक्षहरू सम्वोधन गर्ने गरी स्वास्थ्य अधिकारको सुनिश्चितता गर्नुपर्ने, विपद् तथा महामारीलाई सम्वोधन गर्ने र विपन्न तथा विशेष आवश्यकता अनुसारका विशिष्टीकृत सेवासहितको स्वास्थ्य खाका तयार गर्ने र नसर्ने खालका रोगहरूबारे विस्तृत अध्ययन, अनुसन्धान तथा सम्वोधन गर्ने खालका नीति तथा कार्यक्रमहरू आवश्यक देखिन्छ ।

स्वास्थ्य सेवा विशेषत स्थानीय सरकारको जिम्मेवारीमा रहेको हुँदा स्थान र जनसांख्यिक परिवेशअनुसारको स्वास्थ्य समस्या र प्राथमिकताका आधारमा स्थानीय सरकारलाई संलग्न गराई सवलीकरण गर्नुपर्ने देखिन्छ । यसैगरी सक्षम र प्रमाणीकरण गरिएका स्वास्थ्यकर्मीहरूको नियुक्ति, वृत्ति विकास तथा व्यवस्थापन गर्नुपर्ने देखिन्छ । अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता, माग र प्राथमिकता फरक हुने भएकाले (विशेषत विपद् र महामारीका वेला) उनीहरूका समस्यालाई सम्वोधन गर्ने खालका स्वास्थ्य कार्यक्रमहरूको सुनिश्चितता गर्नुपर्ने देखिन्छ ।

### ५.२.५ उपसंहार

नेपालको संविधानको धारा ३५ ले स्वास्थ्यलाई सवै नागरिकको अधिकारको रूपमा स्थापित गरेको छ । जसअन्तर्गत प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र आकस्मिक स्वास्थ्य सेवावाट वन्चित गरिने छैन भनी उल्लेख गरिएको छ । राष्ट्रिय स्वास्थ्य नीति, २०१९ का उद्देश्यहरू सवै जनताको स्वास्थ्य सम्वन्धी संवैधानिक अधिकार उपलव्ध गराउने, स्वास्थ्य सेवा प्रणालीलाई विस्तार तथा सुधार गर्ने, स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्ने, सामाजिक स्वास्थ्य सुरक्षा प्रणालीलाई सुधार गर्ने र वहुक्षेत्रीय साझेदारी गर्नु रहेको छ ।

स्वास्थ्यलाई सवैको संवैधानिक अधिकारको रूपमा स्थापित भएता पनि अधिकारलाई सुनिश्चित गर्ने खालका नीतिगत प्रावधान, स्वास्थ्य संरचना, आर्थिक श्रोत र क्षमतायुक्त आवश्यक जनशक्तिको व्यवस्थापन गर्न अझै धेरै कामहरु गर्नुपर्ने देखिन्छ । त्यसैगरी स्वास्थ्यलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर पार्ने खालका सामाजिक, सांस्कृतिक मूल्य मान्यता र व्यवहारगत पक्ष लगाएत स्वास्थ्य समस्या रोकथामका लागि आवश्यक विषयगत कार्यक्रमहरू जस्तैः पोषण सुरक्षा कार्यक्रम, आचार व्यवहार व्यवस्थापन, शैक्षिक पाठयक्रम सुधार जस्ता कुरामा पनि प्राथमिकताका साथ ध्यान दिनुपर्ने देखिन्छ ।

# परिच्छेद ६

# भौतिक पूर्वाधार विकास

## ६.१ यातायात पूर्वाधार विकास

### ६.१.१ पृष्ठभूमि

प्रदेशको यातायात क्षेत्रको विकासका लागि जोड दिदै आवधिक योजनाले "अन्तर्राष्ट्रिय मापदण्डसहितका यातायात पूर्वाधारको सञ्जाल विकाससहितको समृद्ध प्रदेश" भन्ने दीर्घकालीन सोच राख्दै सवै वस्तीहरूमा स्तरीय सडक सञ्जालसंगै सुलभ र भरपर्दो यातायात सुविधाको विस्तार गर्ने लक्ष्य तय गर्दै यातायात पूर्वाधार विकासका कार्यनीति र रणनीतिको प्रभावकारी कार्यान्वयन गरी १५६२ कि.मी. सडक कालोपत्रे भएको हुने, १२६७ कि.मी. नयाँ कच्ची सडक वनेको हुने र १०,१७१ कि.मी. विद्यमान सडकको मर्मत संभार भएको हुने, यात्रुमैत्री र भरपर्दो यातायातको सुविधा पुगेको हुने र कृषि, उद्योग तथा पर्यटनमा यातायात पूर्वाधारले उल्लेख्य योगदान दिएको हुने जस्ता उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ ।

### ६.१.२ उपलव्धी विश्लेषण

#### ६.१.२.१ नीतिगत उपलब्धि

**यातायात पूर्वाधार विकासका नीतिगत उपलब्धि**

आवधिक योजनामा यातायात पूर्वाधार विकास उपक्षेत्रमा निर्धारित गरेका लक्ष्य प्राप्त गर्न ५ ओटा रणनीति र १७ ओटा कार्यनीति निर्धारण गरिएकोमा ११ ओटा कार्यान्वयनमा आएका छन् । जस अन्तर्गत प्रदेश सडक ऐन अनुसार प्रादेशिक लोक मार्ग र प्रादेशिक सडक गरि PTMP निर्माणको कार्य अन्तिम वर्षमा रहेको छ । यस गुरुयोजना अनुसार सडक तथा सडक पुलहरु वनाइने योजनाका साथ जिल्ला यातायात गुरुयोजना (DTMP) लाई कार्यान्वयनमा लगिएको छ । प्रदेश सरकारवाट स्थानीय तह पहुचमार्ग कार्यक्रम कार्यान्वयन भइ हालसम्म १०९ कि.मी सडक कालोपत्रे गरिएको छ । त्यसैगरी DTMP मा प्रदेश अन्तर्गत पर्ने हुलाकी राजमार्ग र मध्यपहाडी लोकमार्गलाई जोड्ने सडकहरूको पहिचान र विकास गर्न प्रयास गरिएको छ । तराईका ६ जिल्लामा सिमाक्षेत्र सडक (२१ वटा) कार्यक्रम कार्यन्वयन भइरहेको छ भने कपिलवस्तु जिल्लाको शिवपुरमा प्रदेशस्तरीय सामाग्री परिक्षण प्रयोगशाला निर्माणकार्य अन्तिम चरणमा रहेको छ । प्रदेश गौरवको आयोजनाकोरुपमा रामपुर जिनवाङ (प्रदेशकै प्रमुख नगदेवाली उत्पादन क्षेत्र) सडक निर्माणाधीन छ भने निगलपानी जिनवाङ सडक स्तरोन्नति योजनाको तयारी चरणको काम अघि बढेको छ ।

सडक दुर्घटनाका कारण पहिचान गरी आधुनिक प्रविधिको प्रयोग गरेर दुर्घटना न्यूनीकरण गर्ने कार्यनीति अन्तर्गत जिल्लाहरुमा सडक सुरक्षा कार्यक्रम कार्यन्वयन रहेको भने भीङ्गी स्वर्गद्वारी सडक खण्डमा सडक सुरक्षार्थ वहुवर्षिय योजना  कार्यान्वयनमा रहेको छ ।

विद्यमान सडकको मर्मत संभार तथा गुणस्तर सुधार गर्ने र  प्रदेश सरकारको लगानी हुने कुनै पनि सडकमा नालीको व्यवस्था शुरुदेखि नै अनिवार्य गरिने कार्यनीति अन्तर्गत सडकको नियमित मर्मत संभार, आवधिक मर्मत संभार, कालोपत्रे सडकको मर्मत संभार कार्यक्रम कार्यन्वयनमा रहेको छ भने सडक नाली निर्माणलाई सडक निर्माणको अभिन्न अंग वनाई कार्यान्वयन गरिएको छ । यसैगरी नाली तथा पुलहरूमा प्रिकास्ट कंक्रिटको प्रयोगलाई बढावा दिइने छ भन्ने कार्यनीति अन्तर्गत नाली निर्माणमा प्रिकास्ट कंक्रिटको प्रयोग शुरु गरिएको छ ।

सडकको भारबहन क्षमता सम्बन्धमा अध्ययन गरी भारबहन क्षमताको नयाँ मापदण्ड लागु गरेर सडक निर्माण गर्ने, केबुलकार जस्ता वैकल्पिक यातायात पूर्वाधार निर्माणका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिने, अध्ययन सकिएका आयोजनामा मात्रै निर्माणका लागि बजेट विनियोजन गर्ने, नेपाल सरकारसँग सहकार्य गरी प्रदेशमा रेल यातायात विकास गने, नेपालगन्ज विमानस्थलको स्तोरन्नति र दाङ्गमा वैकल्पिक विमानस्थलको निर्माण सम्बन्धमा आवश्यक कार्य गर्न नेपाल सरकारसंग पहल गर्ने र लुम्बिनी क्षेत्रमा बुद्ध सर्किट रेल यातायात विकास गर्न बैदेशिक लगानी आकर्षित गर्ने सम्बन्धमा भने कुनै कार्य भएको देखिएन ।

### यातायात व्यवस्थापन उपक्षेत्रका नीतिगत उपलब्धि

आवधिक योजनाले यातायात व्यवस्थापन उपक्षेत्रका लागि निर्धारित गरेको लक्ष्य प्राप्त गर्न ५ ओटा रणनीति र २९ ओटा कार्यनीति निर्धारण गरिएकोमा २७ ओटा कार्यनीति कार्यान्वयनमा आएका छन्, जस अन्तर्गत प्रदेश स्तरीय यातायात ऐन तर्जुमा भई कार्यान्वयनमा रहेको साथै नियमावली तर्जुमा अन्तिम चरणमा रहेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत् PTMT PLAN निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । गौतम वुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणपछि प्रभावकारी यातायात व्यवस्थापनका लागि निजी क्षेत्रसँग सहकार्यको थालनी गरिएको छ । सरकारी तथा निजी क्षेत्रमा विद्युतीय सवारी उत्पादन तथा प्रयोग प्राथमिकतामा राख्ने कार्यको थालिएको भएको छ । यसैगरी सार्वजनिक निजी साझेदारीमा यातायात सेवा संचालन गर्न स्थानीय तहसँग र निजी क्षेत्रसँग समन्वय गरिएको छ । आधुनिक सुविधा र व्यापारिक मलसमेत हुनेगरी स्तरीय वसपार्कहरूको निर्माणका लागि स्थानीय तहसँगको छलफल थालिएको छ । निजी क्षेत्रको सहकार्यमा प्रदेश-केन्द्र जोड्ने सार्वजनिक यातायात सेवा सञ्चालनमा रहेका सार्वजनिक सवारीहरूलाई जिपिएस ट्र्याकिङको व्यवस्था गर्न इम्वोस्ड नम्बर प्लेट जडान गर्ने कार्यलाई अगाडि वढाइएको छ भने एम्वुलेन्सवाट जिपिएस ट्र्याकिङको शुरुवात थालिएको छ । शहरी क्षेत्रमा निर्माण हुने सडक (कालिका पथ-वुटवल) पूर्वाधारमा साइकल लेनको प्रयोग तथा सर्भिस लेनको डिजाइन गरेर मात्र सडक निर्माण गर्ने नीति लिई

कार्यान्वयन प्रक्रिया अघि वढाइएको छ । विद्युत तथा वैकल्पिक ऊर्जावाट संचालित हुने सवारी तथा यातायातका साधनहरूको विकास र प्रयोगमा प्रोत्साहन गर्न निजी क्षेत्रसँग सहकार्य गरिएको छ । सडकहरूलाई सौन्दर्ययुक्त ढंगले हरियाली वनाउन सोही वमोजिमका क्रियाकलापका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय र शहरी विकास मन्त्रालयसँग आवश्यक समन्वय गरिएको छ ।

एवं प्रकारले सार्वजनिक यातायातलाई प्रवर्द्धन गर्न प्रदेश सरकार नियमनकारी भूमिकामा स्थापित भएको छ भने हवाई यातायात सञ्चालनमा संघीय सरकारसँग समन्वयात्मक भूमिकामा रहेको छ । आधुनिक प्रविधिको प्रयोग गरेर सार्वजनिक यातायात प्रणालीलाई व्यवस्थित र आधुनिकीकरण गर्न निजी क्षेत्रसँग सहकार्य गरिएको । दाङको लमही, कपिलवस्तुको चन्द्रौटा, नवलपरासीको वर्दघाट लगायतको स्थानमा रिफ्रेस सेन्टर निर्माण भई सञ्चालनमा आएको भने वर्कसप सञ्चालन गर्नका लागि कानूनी व्यवस्था गरी नियमन गरिएको छ । यातायात व्यवस्था विभागको समन्वय र सहकार्यमा EVRS प्रणाली लागू गर्ने प्रक्रिया अगाडि वढेको छ । फोहोर विसर्जन, ध्वनी प्रदूषण, खाना, पानी तथा नास्ताको व्यवस्था सम्वन्धमा प्रदेश सरकार नियमनकारी भूमिकामा रहेको छ । लामो दुरीका यातायात साधनहरूमा दुईजना चालक अनिवार्य हुनुपर्ने कानुनी व्यवस्था गरिएको छ । सार्वजनिक र निजी पार्किङको विकासमा निजी क्षेत्रसँग समन्वयकारी भुमिका निर्वाह गरिएको छ भने भिडभाड हुने वजार केन्द्रहरूमा गुडाउने ट्रलीहरूको व्यवस्थापनमा नियमनकारी भूमिका निर्वाह गरिएको छ । अशक्त तथा अपाङ्गमैत्री यातायात पूर्वाधार र सेवाको विस्तारमा विशेष ध्यान दिँदै यातायात पूर्वाधार निर्माणमा सम्वद्ध मन्त्रालयसँग समन्वय गरिएको छ । अपाङ्ग/ज्येष्ठ नागरिक र विद्यार्थीलाई यातायातमा विशेष छुट हुने कानुनी व्यवस्थाको परिपालना पूर्णत कार्यान्वयन गरिएको छ । सवैखाले यातायात सेवामा यात्रु वीमाको व्यवस्था अनिवार्य गर्न कानूनी व्यवस्था गरिएको छ भने यातायात व्यवस्था विभागको निर्देशन, मापदण्ड अनुसार तय भएको वैज्ञानिक भाडादर लागू गर्न कडाइ गरिएको छ । सार्वजनिक यातायात पर्मिट पाएका गाडीलाई राजमार्ग तथा शहरी क्षेत्रमा रातको निश्चित समयसम्म अनिवार्य सेवा प्रदान गर्नुपर्ने व्यवस्था गरिनुका साथै यातायातको व्यवस्थापन, अनुगमन तथा नियमनमा प्रदेश सरकारको प्रवल उपस्थिति रहेको छ.। यसैगरी कुनै रूटमा नियमित यात्रा गर्ने यात्रुलाई एउटा रूटमा चल्ने निश्चित वर्गीकरणको जुनसुकै सवारी साधनमा चढेपनि मान्य हुने यात्रु पासको व्यवस्थाका लागि सम्वद्ध पक्षसँग छलफल थालिएको छ भने १२ ओटै जिल्लामा सडक दुर्घटनालाई कम गर्न सडक सुरक्षा सम्वन्धी सचेतनात्मक कार्यक्रम सञ्चालन गरिएका छ ।

यातायात व्यवस्थापन विकासतर्फ तय गरिएका कार्यनीतिको कार्यान्वयनको विश्लेषण गर्दा अधिकांश कार्यनीतिहरु कार्यान्यनमा गएको तर केही योजनाहरु पुरा हुन वाँकी रहेको देखिन्छ । तथापि यी रणनीति र कार्यनीतिको कार्यान्वयनको प्रभावकारीता र गुणस्तरीयता मापन गरी सुनिश्चित हुन आवश्यक देखिन्छ । विदेशी कम्पनीको साझेदारीमा प्रदेशमा विद्युतीय गाडी

उत्पादन केन्द्र स्थापना गर्न प्रोत्साहन तथा पहल गर्ने र सडक सुरक्षा अडिटको व्यवस्था शुरू गरिने भन्ने कार्यनीति भने कार्यान्वनयमा जान सकेको देखिदैन । यातायात पूर्वाधार उपक्षेत्रका नीतिगत उपलव्धिसम्वन्धी विवरण अनुसूची ६.१ प्रस्तुत गरिएको छ ।

### ६.१.२.२ यातायात पूर्वाधार विकास क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलव्धि

योजनामा यातायात पुर्वाधार विकास उपक्षेत्रकालागि १३ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् भने कार्यान्वयन गर्ने जिम्मेवारी प्रदेश यातायात तथा भौतिक पूर्वाधार विकास मन्त्रालय, संघीय सरकार, स्थानीय सरकार, निजी क्षेत्र, आदिलाई तोकिएको थियो । १३ ओटा प्रमुख कार्यक्रमहरुमध्ये समीक्षा अवधिमा १० ओटा आयोजना तथा कार्यक्रम संचालन भएका छन् भनें ३ ओटा संचालन हुन सकेका छैनन् । योजनाको कार्यक्रमिक उपलव्धि तालिका ६.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१ : यातायात पूर्वाधार विकाससम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क्र.सं | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पलिका केन्द्र पक्की सडक क्रमागत कार्यक्रम (लक्ष्य) | | पालिका केन्द्रमा पक्की सडकको लागि योजना छनोट तथा ४ वर्षलाई वर्गीकरण र क्रमिक डिपिआर ४० कि.मि. | ६० कि.मि. सडक निर्माण | ७० कि.मि. सडक निर्माण | ७० कि.मि. सडक निर्माण | |
| | उपलव्धी (कि.मि.) | भएको | | १९.२० किमी | ३० किमी | ६० किमी | |
| | | | कुल १०९ किमी थप, ९० कि.मि. सडक कालोपत्रे हुनेगरी ठेक्का कार्यान्वयन भैरहेको । | | | | |
| २ | सीमाक्षेत्र सडक कार्यक्रम ( समग्रमा ६० किमी निर्माण | | सीमाक्षेत्र सडक छनोट १० कि.मि. निर्माण | १५ कि.मि. | १० कि.मि. निर्माण | १५ कि.मि. निर्माण | |
| | उपलव्धी (कि.मि.) | भएको | हालसम्म ५५ किमि सडक मर्मतसंभार तथा स्तरोन्ती गरिएको । | | | | |
| ३ | रणनैतिक, आर्थिक तथा फिडर सडक कार्यक्रम (५ वर्षमा १५० | | रणनीतिक र फिडर सडकहरुको पहिचान र निर्माण | | | | |

| क.सं | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | कि.मि.) | | | | | | |
| | उपलव्धी (कि.मि.) | नभएको | | | | | |
| ४ | पर्यटनविशेष सडक कार्यक्रम (९० कि.मि.) | | ▪ तानसेन-श्रीनगर तथा तानसेन-रानीमहल कालोपत्रे सडक (१० कि.मि.) | | | | |
| | | | ▪ ठाकुरद्वारा तथा वढैयाताल पहुँचमार्ग कालोपत्रे | | | सम्पन्न गा.पा. वाट १.३ किमी | |
| | | | ▪ तम्घास-रेसुङ्गा (श्रृंगी ऋषि) मार्ग कालोपत्रे; ऋषिकेश मन्दिर-रिडीवजार सडक कालोपत्रे | | | सम्पन्न हुँदै ८ किमी | |
| | | | ▪ धारापानी (दाङ) पहुँचमार्ग, तुलसीपुर-चमेरे गुफा तथा घोराही-घोडदौडा डवली सडक कालोपत्रे | | | ६.७ किमी | |
| | | | ▪ शहिदमार्गवाट रुन्टी जोड्ने कालोपत्रे सडक | | | शहिदमार्ग सडक आयोजना कार्यालयवाट ठेक्काहुदै २५ किमी | |
| | | | ▪ अन्य स्थानको पहिचान र निर्माण | | | - | |
| | | | ▪ ठूला होटलहरुको पहुँच मार्ग निर्माण ( मागमा आधारित) | | | - | |
| | उपलव्धी (कि.मि.) | भएको | ३० किमी सडक कालोपत्रे सम्पन्न र अन्यपर्यटकीय सडकवाट ३०.६ किमी कालोपत्रे सम्पन्न र २५ किमी मर्मतसंभार । | | | | |
| ५ | वाइसे-चौविसे राजमार्ग डिपिआर कार्यक्रम ८८ | | डिपिआर निर्माण<br>स्तरोन्नति | | | | |
| | उपलव्धी | नभएको | - | | | | |
| ६ | कृषिविशेष सडक कार्यक्रम | | ▪ नेपालगञ्ज-गौघाट– वर्दियाको हुलाकी सडकसग जोडने कृषि सडक डिपिआर तथा निर्माण<br>▪ माग र आवश्यकताका आधारमा कृषि तथा पशुपालन केन्द्र तथा उद्योगहरूका पहुँच मार्ग डिपिआर तथा निर्माण | | | | |
| | उपलव्धी (कि.मि.) | आंशिक भएको | प्रदेशवाट १.२ किमि कालोपत्रे सम्पन्न, २२ किमि, संघीय सडकवाट ठेक्का भएको | | | | |
| ७ | उद्योगविशेष सडक कार्यक्रम (५० कि.मि.) ८८८ | | ▪ चरङ्गे-दोभान सडक स्तरोन्नति<br>▪ सौर्य ऊर्जा पकेट क्षेत्र पहुँच मार्ग निर्माण<br>▪ जलाशय क्षेत्र (नौमुरे, वाणगंगा, ग्वार) पहुँच मार्ग निर्माण<br>▪ निर्माण सामग्री स्रोत पहुँच मार्ग<br>▪ औद्योगिक कोरिडरको पहिचान गरी सडक आवश्यकताको आंकलन | | | | |
| | उपलव्धी | आंशिक भएको | स्तरोन्नतिको कार्य निरन्तर भएको | | | | |
| ८ | जीवराज आश्रित-कृष्णसेन मार्ग | | रेखाङ्कन तथा डिपिआर | विद्यमान ट्र्याकहरूको स्तरोन्नति तथा सडक निर्माण | | | |

| क.सं | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | उपलब्धी (कि.मि.) | भएको | हालसम्म पाल्पा र अर्घाखाँची गरी २०.२ किमि कालोपत्रे सम्पन्न, पाल्पा र प्युठानमा ५.५ र ५.५ किमि कालोपत्रे सडक निर्माणको ठेक्का कार्यन्वयनमा | | | | |
| ९ | वृहद् लुम्बिनी चक्रपथ | | रेखाङ्कन तथा डिपिआर | | लगानीको लागि पहल गरी निर्माणको थालनी | | |
| | उपलब्धी (कि.मि.) | भएको | पर्सापडरिया (लुम्बिनीको निकटतम चक्रपथ) ५ किमि कालोपत्रे सम्पन्न, गोरुसिंगे पत्थरकोट ६ किमि कालोपत्रे सम्पन्न । | | | | |
| १० | क्रमागत सडक | | रणनैतिक प्राथमिकताका आधार क्रमश निर्माण | | | | |
| | उपलब्धी | नभएको | | | | | |
| ११ | सडक पुल तथा झोलुङ्गे पुल कार्यक्रम | | मपदण्ड वनाएर सडक पुल छनोट तथा डिपिआर १२ पुल निर्माण | १५ पुल निर्माणव्यवसाय तथा वस्ती विकास पुल कार्यक्रम संचालन | १५ पुल निर्माण व्यवसाय तथा वस्ती विकास पुल कार्यक्रम संचालन | १५ पुल निर्माण व्यवसाय तथा वस्ती विकास पुल कार्यक्रम संचालन | |
| | उपलब्धी (संख्या) | भएको | ५ ओटा सडक पुल | १० ओटा सडक पुल | १७ ओटा सडक पुल | ४० ओटा सडक पुल | |
| | | | ३ ओटा झोलुङ्गे पुल सम्पन्न | | ९ ओटा झोलुङ्गे पुल सम्पन्न | ११ ओटा झोलुङ्गे पुल सम्पन्न | |
| १२ | अधूरा सडक र पुलहरुको निर्माण सम्पन्न कार्यक्रम | | ● प्रदेशले गर्न सक्ने डिपीआर भएका र रणनैतिक महत्त्वका अधुरा सढक पहिचान र निर्माण<br>● सुस्ता जोड्ने झोलुङ्गे पुल | | | | |
| | उपलब्धी | भएको | संघीय सरकारवाट निर्माण | | | | |
| १३ | मर्मत सम्भार र सवलीकरण कार्यक्रम | | सडकको नियमित मर्मत सम्भारको व्यवस्था | | | | |
| | उपलब्धी | भएको | निरन्तररुपमा १२ जिल्लाका ११३ वटा सडक आयोजको (१७०० किमि) नियमित मर्मत भैरहेको, आवधिक मर्मत, आकस्मीक मर्मत र सडक सुरुक्षाकार्यक्रम कार्यन्वयनमा रहेको । | | | | |

स्रोतः सम्वन्धित मन्त्रालय ।

यातायात पूर्वाधार विकाससम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था हेर्दा कार्यान्वयनमा आएका आयोजनाहरुमध्ये केही सम्पन्न भएका र केही संचालनमै रहेका छन् । यातायात क्षेत्रमा भएको उपलब्धि निश्चयपनि प्रदेशको आर्थिक समृद्धि, दिगो विकास र गुणस्तरीय जीवनका लागि महत्वपूर्ण सावित हुने देखिन्छ ।

### ६.१.२.३ परिमाणात्मक उपलब्धि

यातायात पुर्वाधार विकास तथा यातायात व्यवस्थापन उपक्षेत्रका सूचकहरुको आधार तथ्यांक र आ.व. २०७९/८० को लक्ष्य तथा प्रगतिको विस्तृत लक्ष्य तथा परिमाणात्मक उपलब्धि तालिका ६.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ६.२ : यातायात पूर्वाधार विकास र व्यवस्थापनसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था**

| नतिजा स्तर अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | आ.व. २०७९/८० | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| **प्रभाव तह** | | | | |
| कूल गार्हस्थ्य उत्पादनमा यातायात तथा संचार क्षेत्रको योगदान | प्रतिशत | ७.०५ | ७.२६ | - |
| कूल गार्हस्थ्य उत्पादनमा विद्युत ग्यास पानीको योगदान | प्रतिशत | ०.७४ | ०.८० | - |
| कूल गार्हस्थ्य उत्पादनमा निर्माण क्षेत्रको योगदान | प्रतिशत | ९.६८ | ११.५१ | - |
| **असर तह** | | | | |
| ३० मिनेटको दुरीमा पक्की सडकमा पहूँच भएको जनसंख्या (दिविल ११.२.१) | प्रतिशत | ५२.६ | ७०* | ६५ |
| स्थानीय वाहेकको सडक घनत्व (किमी/१०० वर्ग किमी) | | ६३ | ७०* | ७०.३० |
| स्थानीय समेतको सडक घनत्व (किमी/१०० वर्ग किमी) | | १२७ | १३२* | १३० |
| वाह्रैमास चल्ने सडकको २ किमी भित्र वस्ने ग्रामीण जनसंख्या | प्रतिशत | ८८.८ | ९५* | ९३ |
| **प्रतिफल तह** | | | | |
| स्थानीयवाहेकको सडकको जम्मा लम्वाई | कि मी | ११,२३३ | १२,३५० | १२,६९७ |
| थप गरिने कालोपत्रे सडक | कि मी | - | ७५० | ८९० |
| विद्युतीय वस संचालन | सख्या | ० | २५ | ० |
| नयाँ पुल निर्माण | सख्या | १५ | ७० | १०१ |
| डिपीआर भएका नयाँ पुल | सख्या | ८५ | १९० | १२७ |
| कृषि विशेष सडक | कि मी | ० | ४५ | ४१ |
| पर्यटन विशेष सडक | कि मी | ० | ७० | ३३ |
| उद्योग विशेष सडक | कि मी | ० | ४५ | ११ |
| सीमा क्षेत्र सडक | कि मी | ० | ५० | ५८ |
| स्थानीय तह पहुँचमार्ग | कि मी | १५० | ३०० | २५९ |

*आ.व. २०८०/८१ को लक्ष्य।

स्रोतः सम्वन्धित मन्त्रालय।

यातायात पूर्वाधार विकास र व्यवस्थापनसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था विश्लेषण गर्दा प्रभाव तहका सूचक कूल गार्हस्थ्य उत्पादनमा यातायात तथा संचार क्षेत्रको योगदान, कूल गार्हस्थ्य उत्पादनमा विद्युत ग्यास पानीको योगदान र कूल गार्हस्थ्य उत्पादनमा निर्माण क्षेत्रको योगदान सम्बनधमा आधार वषृको तथ्याङ्क र लक्ष्य उल्लेख गरिएको भएतापनि प्रगति विवरण प्राप्त हुन सकेन भने असर तह र पतिफल तहका सूचकहरको प्रगति राम्रो देखिएको छ ।

असर तहमा ३० मिनेटको दुरीमा पक्की सडकमा पहूँच भएको जनसंख्या पाँच वर्षमा ७० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा चार वर्षमा लक्ष्यको नजिक ६५ प्रतिशत पुगेको छ । स्थानीय वाहेकको सडक घनत्व (किमी/१०० वर्ग किमी) पाँच वर्षमा ७० पुऱ्याउने लक्ष्य रहेकोमा चौथो वर्ष मै लक्ष्य प्राप्त भइ ७०.३० प्रगति भएको छ । स्थानीय समेतको सडक घनत्व (किमी/१०० वर्ग किमी) लक्ष्य १३२  रहेकोमा चौथो वर्ष मै लक्ष्य नजिक १३० पैगति भएको छ । यसैगरी वाह्रैमास चल्ने सडकको २ किमी भित्र वस्ने ग्रामीण जनसंख्या पाँच वर्षमा ९५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा चार वर्षमा लक्ष्यको नजिक ९३ प्रतिशत पुगेको छ ।

प्रतिफल तहमा स्थानीयवाहेकको सडकको जम्मा लम्वाई १२,६९७ कि.मी. पुगी लक्ष्यभन्दा बढी प्रगति भएको छ । यसैगरी थप गरिने कालोपत्रे सडकको चाथौ वर्षको लक्ष्य ७५० कि.मी. भएकोमा ८९० कि.मी. प्रगति भएको छ । नयाँ पुल निर्माण र सीमा क्षेत्र सडकमा पनि लक्ष्य भन्ना बढी प्रगति भएको देखिन्छ भने डिपीआर भएका नयाँ पुल संख्या, कृषि विशेष सडक र स्थानीय तह पहुँचमार्गमा पनि लक्ष्यको नजिक नजिक प्रगति भएको देखिन्छ । कृषि विशेष सडक, पर्यटन विशेष सडक र उद्योग विशेष सडकमा लक्ष्य पुरा हुन नसकेता पनि सन्तोषजनक प्रगति भई आधार तथ्यांक तयार भएकोलाई उपलब्धि मान्न सकिन्छ । विद्युतीय वसको हकमा भने २५ ओटा संचालन गर्ने लक्ष्य राखिएकोमा एउटापनि संचालनमा आउन सकेको छैन ।

### ६.१.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान

यातायात पूर्वाधारको विकासले दिगो विकास लक्ष्यका धेरै सूचक तथा उद्धेश्यहरूलाई धेरथोर योगदान गर्दछ । दिगो विकास लक्ष्य ९ ले लचिलो पूर्वाधार निर्माण, समावेशी र दिगो औद्योगीकरणलाई प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने उल्लेख गरेको छ । यातायात पूर्वाधारले आर्थिक वृद्धि, कनेक्टिभिटी वृद्धि र दिगो अभ्यासहरू प्रवर्द्धन गरेर यो उद्देश्य हासिल गर्न महत्वपूर्ण भूमिका खेल्छ । सडक, रेलमार्ग, वन्दरगाह र विमानस्थल जस्ता यातायात पूर्वाधारमा लगानीले पहुँचमा सुधार र यातायात लागत घटाएर आर्थिक विकासमा योगदान पुऱ्याउँछ । यसले, वलियो र समावेशी अर्थतन्त्रलाई वढावा दिँदै औद्योगिकीकरण र व्यापारलाई प्रोत्साहन गर्छ । कुशल यातायात सञ्जालहरूले सामान र मानिसहरूको सहज आवतजावतलाई सहज वनाउँछ, दुर्गम क्षेत्रहरूलाई शहरी केन्द्रहरूसँग जोड्छ र समग्र पहुँच अभिवृद्धिमा योगदान गर्दछ । यसवाहेक विद्युतीय सवारीहरू जस्ता दिगो र वातावरणमैत्री यातायातका

विकल्पहरूको विकासले वातावरणीय दिगोपनप्रति दिगो विकास लक्ष्यको प्रतिवद्धतासँग मेल खाने गर्दछ । कार्वन उत्सर्जन घटाएर र पर्यावरण-मैत्री अभ्यासहरूलाई वढावा दिएर, यातायात पूर्वाधार विकासले दिगो विकास लक्ष्य १३ मा उल्लेखित जलवायु परिवर्तन न्यूनीकरण गर्ने विश्वव्यापी एजेन्डालाई समेत योगदान गर्दछ । संक्षेपमा, यातायात पूर्वाधारको विस्तार र वृद्धिले वातावरणीय उत्तरदायित्व प्रवर्द्धन गर्दै आर्थिक वृद्धि, नवप्रवर्तन र दिगो औद्योगीकरणका लागि आवश्यक आधार सिर्जना गरी दिगो विकास लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

### ६.१.४ समस्या र सुझावहरु

#### क) समस्याहरु

प्रदेशमा यातायात पुर्वाधार विकास र यातायात व्यवस्थापनमा भए गरेका गतिविधिहरु सन्तोषजनक रहेता पनि धेरै समस्याहरु पनि विद्यमान छन् । जग्गा अधिग्रहण, सडक क्षेत्राधिकार (Right of Way), रेखाङ्कन, वन क्षेत्र प्रयोग स्वीकृति लगायतका समस्या रहनु, सडक आयोजनाको छनौट, विकास तथा विस्तारमा प्रादेशिक सन्तुलन कायम नहुनु, आर्थिक केन्द्र, पर्यटकीय गन्तव्य, अन्तर प्रदेश सडक, उच्च पहाडी क्षेत्रमा सडक सञ्जालको विकास तथा विस्तार नहुनु र फ्लाई ओभर, क्रसिङ, ओभरहेड व्रिज तथा अन्डर पास लगायतका आधुनिक पूर्वाधार विकास नहुनु, मुख्य-मुख्य लोकमार्गमा भूमिगत मार्गको प्रयोग गरी आधुनिक सडक पूर्वाधार विकास नहुनु, सूचना-प्रविधिमा आधारित इन्टेलिजेन्ट ट्रान्सपोर्ट सिस्टमको अभाव रहनु, वैदेशिक सहायतामा सञ्चालन हुने सडक आयोजनाहरूमा स्वदेशी जनशक्ति र प्रविधिको उचित प्रयोग नहुनु, सडक निर्माणमा सार्वजनिक-निजी साझेदारी, इ.पि.सि., डिजाइन-विल्ट, जस्ता आधुनिक करार सम्झौताले प्राथमिकता नपाउनु जस्ता विषयहरु प्रमुख समस्या अन्तर्गत रहेका छन् । त्यसैगरी सडक निर्माणमा सरकारी स्रोतमाथिको अधिक निर्भरता रहनु, सडक निर्माणमा प्रयोग हुने नदि तथा खानीजन्य निर्माण सामग्रीको प्राप्तिमा कानुनी जटिलता हुनु तथा सहज उपलब्धता नहुनु, सडक सम्भार कार्यको मापदण्ड अनुरूप मर्मत सम्भार कार्यको नियमित अनुगमन नहुनु, सडक सम्वन्धी सम्पूर्ण सूचनाहरूको पहुँचमा आधुनिक सूचना-प्रविधिको प्रयोग गरी पूर्ण-स्वचालित विद्युतीय पद्धतिको विकास नहुनु, विभिन्न कारणले सडक वन्द हुने समयावधिलाई कम गर्न नसक्नु, प्राकृतिक तथा जलवायु मैत्री सडक तथा पुल डिजाइन र निर्माणको अभाव रहनु, आदि समस्याहरु पनि रहेका छन् ।

#### ख) सुझावहरु

सडक खण्डमा पर्ने जग्गा अधिग्रहण, सडक क्षेत्राधिकार (Right of Way), रेखाङ्कन, वन क्षेत्र प्रयोग जस्ता समस्याहरूको पूर्व तयारीका कार्य र विस्तृत कार्य-योजना तयारीसहित कार्यान्वयन गर्ने, सडक आयोजनाको छनौट, विकास तथा विस्तारमा प्रादेशिक सन्तुलन कायम गर्ने, आर्थिक केन्द्र, पर्यटकीय गन्तव्य, अन्तर प्रदेश सडक, उच्च पहाडी क्षेत्रमा सडक सञ्जालको विकास तथा विस्तार, फ्लाई ओभर, क्रसिङ, ओभरहेड व्रिज तथा अन्डरपास

लगायतका आधुनिक पूर्वाधार विकासमा तिव्रता दिने, प्रदेश तथा स्थानीय तहलाई आवश्यक राजस्व र खर्चको आंकलन गरी अन्तर सरकारी वित्तीय हस्तान्तरण सुनिश्चित गरी सडक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनु पर्दछ । यसैगरी मुख्य-मुख्य लोकमार्गमा भूमिगत मार्ग प्रयोग गरी आधुनिक सडक पूर्वाधार विकास गर्ने, सूचना-प्रविधिमा आधारित इन्टेलिजेन्ट ट्रान्सपोर्ट सिस्टमको व्यवस्था गर्ने, वैदेशिक सहायतामा सञ्चालित सडक आयोजनामा अधिकतम आन्तरिक जनशक्ति प्रयोग र प्रविधिको हस्तान्तरण अनिवार्य गर्ने, सडक निर्माणमा सार्वजनिक-निजी साझेदारी, इ.पि.सि., डिजाइन-विल्ट जस्ता आधुनिक करार सम्झौतालाई उच्च प्राथमिकता दिने जस्ता कार्यहरु पनि गर्नु जरुरी छ । सडक निर्माणमा सरकारी स्रोतमाथिको निर्भरतालाई कम गर्न निजी साझेदारी अवधारणावाट वैकल्पिक स्रोतको व्यवस्थापन गर्ने, सडक निर्माणमा प्रयोग हुने नदी तथा खानीजन्य निर्माण सामग्रीको प्राप्तिमा कानुनी सरलीकरण, सहज उपलव्धताका लागि तहगत समन्वय तथा वजार मूल्य नियमन गर्ने, सडक सम्भार कार्यको मापदण्ड अनुरूप मर्मत सम्भार कार्यको नियमित अनुगमन हुनुपर्ने, सडक सम्वन्धी सम्पूर्ण सूचनाहरूको पहुँच अभिवृद्धि गर्न पूर्ण-स्वचालित विद्युतीय पद्धतिको विकास गर्ने, सडक अवरुद्ध हुने समयावधिलाई कम गर्न वैकल्पिक सडकको व्यवस्था वा अन्य उपायहरू अवलम्वन गर्ने, प्राकृतिक तथा जलवायुमैत्री सडक तथा पुल डिजाइन तथा निर्माण, आदिको व्यवस्था गर्न पनि उत्तिकै जरुरी देखिन्छ ।

### ६.१.५ उपसंहार

प्रदेश सरकारले यस क्षेत्रको कनेक्टिभिटी र आर्थिक विकासमा सकारात्मक प्रभाव पार्दै यातायात पूर्वाधार र व्यवस्थापनमा उल्लेखनिय प्रगति गरेको छ । यातायात पूर्वाधार र व्यवस्थापनमा पर्याप्त स्रोत साधन विनियोजन गर्दै सरकारले महत्वपूर्ण आयोजना सफलतापूर्वक सम्पन्न गरेको छ । सडक सञ्जालहरूको उल्लेखनीय विस्तार भएको छ । पक्की सडकहरूमा भएको वृद्धिले सामान ढुवानी र मानिसहरूको आवत जावतलाई सुविधायुक्त वनाएको छ ।

## ६.२ सिँचाइ

### ६.२.१ पृष्ठभूमि

आवधिक योजनामा “कृषि उत्पादकत्व वृद्धिको लागि पर्याप्त सिँचाइ सुविधा भएको प्रदेश” भन्ने दीर्घकालीन सोच सहित “कृषियोग्य भूमिमा भरपर्दो एवम् दिगो सिँचाइको व्यवस्थापन गरी कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिमा योगदान पुऱ्याउने” लक्ष्य निर्धारण गरी सम्वन्धित कार्यक्रम तथा आयोजनाको कार्यान्वयन गरी योजना अवधिमा ७० प्रतिशत कृषियोग्य भूमिमा सिँचाइ पुगेको, ३५ प्रतिशतमा बाह्रै महिना सिंचाइ पुगेको, सिँचित क्षेत्रको विस्तारले कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वढेको हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

### ६.२.२ उपलव्धि विश्लेषण

#### ६.२.२.१ नीतिगत उपलव्धि

आवधिक योजनाले निर्धारित गरेको लक्ष्य प्राप्त गर्न सिँचाई विकास मार्फत नीतिगत, कानूनी एवम् संस्थागत व्यवस्था गर्ने, प्रदेशमा रहेका सिँचाई सम्वन्धी संस्थागत तथा संरचनागत निकाय एवं स्थलहरूको संम्वर्द्धन, संरक्षण गर्दै आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरी विकास गर्ने, उपलव्धिको अभिलेखिकरण र प्रचारप्रसार गर्ने, सिँचाई व्यवस्थापनमा आन्तरिक सुशासन कायम गर्ने र सिँचाई विकासको लागि अन्य प्रदेश, स्थानीय तह र निकायहरूसँग सहकार्य गर्ने गरी ४ ओटा रणनीति र १३ ओटा कार्यनीति निर्धारण गरेकोमा ८ ओटामध्ये केही पूर्ण वा केही आंशिकरुपमा भएपनि कार्यान्वयनमा आएका छन् ।

आवधिक योजनामा तय गरिएका रणनीति र कार्यनीति कार्यान्वयन गर्ने प्रकृयामा प्रदेश सरकार प्रयासरत रहेको देखिन्छ । जसअन्तर्गत मातहतका निकायमार्फत तथ्याङ्क संकलन, सतह, भूमिगत लिफ्ट तथा नयाँ प्रविधिको प्रयोग गरी सिँचाइ सुविधा विस्तार भएको छ भने प्रदेश सिँचाइ ऐनको मस्यौदा तयार भएको र मर्मत सम्भार कोष ऐन मार्फत व्यवस्थित गर्ने प्रयास गरिएको छ । नौमुरे आयोजनालाई संघीय सरकारले प्राथमिकताका साथ अगाडि बढाएको हुँदा प्रदेश सरकारको पहल आवश्यक नरहेको पनि देखिन्छ । यसैगरी सम्पन्न आयोजनाको संचालन तथा दिगो व्यवस्थापनका लागि स्थानीय तह तथा जलउपभोक्ता समितिलाई सक्षम र प्रभावकारी बनाउन सहयोग र प्रोत्साहन गरिने कार्य डिभिजन कार्यालयहरु मार्फत् नियमित रुपमा कार्यान्वन भैरहेको देखिन्छ । सिँचाइ ऐनको मस्यौदा तयार भएको छ भने सिँचाइमा प्रयोग हुने डिप बोरिङमा लाग्ने विद्युत महशुलमा डिमाण्ड चार्ज नलाग्ने व्यवस्था संघीय सरकारबाट नै मिलाइएको छ । सिँचाइ आयोजनाहरूको अध्ययन गर्दा बहुउद्देश्यीय सम्भावनाको अध्ययन गर्ने र विद्यमान आयोजनाका नहरहरूमा सिँचाइलाई असर नगर्ने गरी जलविद्युत तथा सौर्य ऊर्जा विकास गर्न प्रोत्साहन गर्ने कार्यलाइ चालु वर्षको प्राथमिकतामा राखिएको छ ।

प्रदेशका सिँचाइसम्बन्धी तथ्याङ्क संकलन तथा विश्लेषणसहित गुरुयोजना बनाएर काम गर्ने, स्थानीय तहले गर्न सक्ने आयोजनाहरू (५० हेक्टर भन्दा कम) स्थानीय तहमार्फत् गर्न प्रोत्साहन गर्न, कालीगण्डकी तिनाउ तथा माडी-दाङ्ग बहुउद्देश्यीय पथान्तरण (Diversion)

आयोजनाको वातावरणीय, आर्थिक र सामाजिक प्रभावको अध्ययन गर्ने, सिंचित कृषि भूमिलाई कृषि प्रयोजनमा मात्रै प्रयोग गर्ने सुनिश्चितता गरी स्थानीय तहले माग गरेका सिँचाइ आयोजनालाई प्राथमिकतामा राखी कार्यक्रम तथा बजेट विनियोजन गर्ने र साना किसानहरूका सिँचाइसम्बन्धी मागलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने भनिएका लक्षित कार्यहरु भने कार्यान्वयनमा आउन सकेका छैनन् ।

सिँचाइ उपक्षेत्रको नीतिगत उपलव्धिसम्वन्धी विवरण अनुसूची ६.२ प्रस्तुत गरिएको छ ।

### ६.२.२.२ सिँचाइ क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्बन्धी उपलब्धी

आवधिक योजनामा सिँचाई उपक्षेत्रका लागि ९ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् र कार्यान्वयन गर्ने जिम्मेवारी प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय, संघीय सरकार, स्थानीय सरकार, निजी क्षेत्र, आदिलाई तोकिएको थियो । ९ ओटा प्रमुख कार्यक्रमहरुमध्ये समीक्षा अवधिमा ९ ओटै आयोजना संचालनमा आएका छन् । कार्यान्वयन भएका आयोजनाहरुमध्ये केही सम्पन्न हुन वाँकी छन् भने चालु आ.व. २०८०/८१ भित्र सम्पन्न गर्ने रणनीति लिइएको छ । यस प्रदेशले योजना अनुरुप सिँचाइ विकासका लागि संचालन गरेका प्रमुख आयोजना तथा कार्यक्रमहरुको विवरण तालिका ६.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.३ : सिँचाइसम्वन्धी प्रमूख आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क.स | कार्यक्रम/वर्ष | भएको/नभएको | २०७६/२०७७ | २०७७/२०७८ | २०७८/२०७९ | २०७९/२०८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सिँचाइ विकास गुरुयोजना | | राष्ट्रिय गुरुयोजना, प्रादेशिक तथ्याङ्क तथा सघन अन्तरक्रियाको आधारमा गुरुयोजना निर्माण | गुरुयोजनाको कार्यान्वयन | | | |
| | उपलव्धि | भएको | | संघिय सरकारवाट तयार भएको सिंचाइ गुरुयोजना २०१९ मा छुट भएका तथा प्रादेशिक सम्भावना सहितको गरुयोजना तयार गर्ने गृहकार्य गरिएको । | | | |
| २ | वहुउद्देश्यीय जलाशय निर्माण कार्यक्रम | | जलाशय सम्वन्धी मापदण्ड तथा डिजाइन निर्देशिका तयार गरी नमुना डिजाइन तयार<br>मापदण्ड र आर्थिक उपादेयता अध्ययनवाट जलाशय आयोजनाको पहिचान<br>एकमुष्ट प्रारम्भिक वातावरणीय परीक्षण स्थानीय तहसितको सहकार्यमा ५ जलाशयको निर्माण सम्पन्न | | स्थानीय तहसितको सहकार्यमा जलाशयहरुको निर्माण सम्पन्न | | |

| क.स | कार्यक्रम/वर्ष | भएको/ नभएको | २०७६/२०७७ | २०७७/२०७८ | २०७८/२०७९ | २०७९/२०८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | उपलब्धि | भएको | सिंचाइ, खानेपानी तथा पर्यटन प्रयोजनको लागि वहुउद्देश्यीय योजनाहरु अध्ययनको क्रममा रहेको । | | | | |
| ३ | ताल तथा पोखरी संरक्षण कार्यक्रम | | स्थानीय तहको सहकार्यमा प्रादेशिक महत्व हुने १२ पुराना ताल तथा पोखरीको संरक्षण, प्रवर्द्धन तथा सौन्दर्यीकरण गरी खानेपानी, कृषि, मनोरञ्जन तथा पर्यटनमा उपयोग<br>संरक्षण गरिएका ताल तथा पोखरीको प्रभाववारे वैज्ञानिक अनुसन्धान | | | | |
| | उपलब्धि | भएको | आ.व. ०७६/७७ मा ८ वटा र आ.व. ०७८/७९ मा ३ वटा सम्पन्न गरिएको । | | | | |
| ४ | एक गाँउ एक पोखरी कार्यक्रम | | आव २०८०/८१को अन्त्यमा कम्तिमा ३०० वटा पोखरीको निर्माण सम्पन्न | | | | |
| | उपलब्धि | नभएको | संघिय सरकारको कार्यक्षेत्र भित्र पर्ने । | | | | |
| ५ | नौमुरे वहुउद्देश्यीय आयोजना | | आयोजनालाई प्रदेश सरकार मातहत रहने गरी प्राप्ति आयोजनाको डिपिआर सम्पन्न<br>प्रदेश लगानी कोषसमेतको लगानी हुने गरी वित्तीय व्यवस्थापन | निर्माण | | | |
| | उपलब्धि | भएको | संघिय सरकारसँगको सहकार्यमा कार्यान्वयन हुनेक्रममा रहेको । | | | | |
| ६ | दाङ उपत्यका जलस्रोत आयोजना | | दाङ उपत्यकाका विभिन्न खोलाहरूमा जलाशय निर्माणको लागि विस्तृत संभाव्यता अध्ययन | स्थानीय तहको सहकार्यमा विभिन्न खोलाहरूमा गरी कम्तिमा कुल ५० हेक्टरक्षेत्रफल ओगट्ने जलाशय निर्माण सम्पन्न | | | |
| | उपलब्धि | नभएको | | | | | |
| ७ | विभिन्न सिँचाइ आयोजनाहरूको संभाव्यता अध्ययन तथा कार्यान्वयन | | शेखुनीया ताल मर्मत तथा विकास, मर्चवार लिफ्ट, लामीदह जलाशय, वर्दघाट-रामग्राम सिँचाइ, पनाढजलाशय, रिडी एकिकृत जलाधार, सरही खोला सिँचाइ, झिम्रुक-लुङ जलाशय, जलजला | | अध्ययनपछि संभाव्यमध्येका आकर्षक आयोजनाको निर्माण | | |

| क.स | कार्यक्रम/वर्ष | भएको/ नभएको | २०७६/२०७७ | २०७७/२०७८ | २०७८/२०७९ | २०७९/२०८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | वहुउद्देश्यीय जलाशय लगायतको संभाव्यता अध्ययन | | | | |
| | उपलब्धि | भएको | अध्ययन पछी सम्भाव्य देखिएका कार्यन्वयन गर्ने क्रममा रहेको। | | | | |
| ८ | गण्डक नहरको सिँचाइ अवस्थाको विस्तृत अध्ययन | | नेपाल सरकारसितको सहकार्यमा अध्ययन सम्पन्न गरी समस्याहरूको विश्वसनीय तथा दिगो समाधान | | | | |
| | उपलब्धि | नभएको | संघिय सरकारसँगको सहकार्यमा कार्यान्वियन हुने । | | | | |
| ९ | मझौला सिँचाइ सघन कार्यक्रम | | संभाव्यता अध्ययन तथा स्थान छनोट | छनोट भएका जिल्लामा सघन सिँचाइ कार्यक्रम वर्ष | | | |
| | उपलब्धि | नभएको | | | | | |

स्रोतः सम्वन्धित मन्त्रालय ।

प्रदेशले कृषि उत्पादकत्व वृद्धि गर्न अत्यावश्यक सिँचाइ गतिविधिहरु संचालन गरेको छ । जलस्रोतको कुशलतापूर्वक वितरण गर्न ड्रिप र स्प्रिंकलर प्रणाली सहित आधुनिक सिँचाइ प्रविधिहरू प्रयोग गरिएको छ । नहर नेटवर्कहरू रणनीतिक रूपमा व्यवस्थित गरिएका छन् । धान, गहुँ खेत र अन्य वालीहरूको लागि समन्यायिक पानी वितरण सुनिश्चित गरिएको छ । दिगो कृषि विकासमा योगदान पुर्‍याउँदै पानी-कुशल अभ्यासहरू प्रवर्द्धन गर्न सरकारको नेतृत्वमा गरिएका पहलहरूवाट किसानहरू लाभान्वित भएका छन् । लुम्विनी प्रदेश जलस्रोतको प्रभावकारी उपयोग गर्न, कृषि विकासलाई वढावा दिन र आफ्ना वासिन्दाहरूको लागि खाद्य सुरक्षा सुनिश्चित गर्नमा केन्द्रित रहेको छ । उन्नत सिँचाइ विधिहरूप्रति प्रदेशको प्रतिवद्धताले कृषि अभ्यासहरूलाई अनुकूलन गर्न र कृषि समुदायको जीविकोपार्जनलाई प्रभावकारी वनाउँन सहयोग पुगेको देखिन्छ ।

### ६.२.२.३ परिमाणात्मक उपलब्धि

सिँचाई विकास उपक्षेत्रका सूचकहरुको आधार तथ्यांक र आ.व. २०७९/८० को लक्ष्य तथा प्रगतिको विस्तृत लक्ष्य तथा परिमाणात्मक उपलब्धि तालिका ६.४ मा प्रस्तुत गरिएको छ ।

### तालिका ६.४ : सिँचाइसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा स्तर अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | आ.व. २०७९/८० | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| **प्रभाव तह** | | | | |
| - | - | - | - | - |
| **असर तह** | | | | |
| वाह्रै महिना सिंचाइ उपलव्ध सिँचित भूमि (दिविल २.४.१) | प्रतिशत | २४.३ | ३२ | ३५.०० |
| सिँचाइ पुगेको कृषि भूमि | प्रतिशत | ५१ | ६८.२ | ५५.७० |
| **प्रतिफल तह** | | | | |
| नयाँ सिँचाइ नहर (मूल तथा शाखा) निर्माण | किमी | १३.३० | ३० | ७० |
| थप भएको सिँचित क्षेत्र (सतही) | हेक्टर | - | ५००० | १५५३४ |
| थप भएको सिँचित क्षेत्र (भूमिगत) | हेक्टर | ६४० | ५६४० | - |
| सिँचाइ क्षेत्र नविकरण (मर्मत संभार) | हेक्टर | - | ६५०० | ५००६४ |
| लघु जलाशय निर्माण | संख्या | ० | १५ | ० |
| पोखरी निर्माण | संख्या | ० | २२५ | २६ |
| नदी नियन्त्रण कार्यक्रम | कि.मी | ३२ | १३० | १५१.४० |

स्रोतः सम्वन्धित मन्त्रालय ।

लुम्विनी प्रदेशमा वाह्रै महिना सिँचाइ उपलव्ध सिँचित भूमिको अंश प्रतिशतमा लक्ष्य अनुसार प्रगति नभएको भएता पनि आधार वर्षको भन्दा बढोत्तरी भएको छ । नयाँ सिँचाइ नहर (मूल तथा शाखा) निर्माण, थप भएको सिँचित क्षेत्र (सतही) र सिँचाइ क्षेत्र नविकरण (मर्मत संभार) मा लक्ष्य भन्दा उल्लेख्य प्रगति भएको देखिन्छ ।  नदी नियन्त्रण कार्यक्रममा पनि लक्ष्यभन्दा बढी प्रगति भएको छ । पोखरी निमार्णमा लक्ष्य प्राप्त नभएता पनि आधार तथ्याङ्क तयार भएको छ । समग्रमा सिँचाई उपक्षेत्रमा भएको प्रगतिले प्रदेश सिँचाइ क्षेत्रमा बढोत्तरी कृषि क्षेत्रको उत्पादकत्वमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

### ६.२.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान

मुख्यतया दिगो विकास लक्ष्य २ (शून्य भोकमरी) र लक्ष्य ६ (स्वच्छ पानी र सरसफाई) सँगसँगै विभिन्न दिगो विकास लक्ष्यहरूलाई सिँचाइ क्षेत्रको विकासले महत्वपूर्ण भूमिका खेल्छ । नेपालको सन्दर्भमा, कृषिले अर्थतन्त्र र जीविकोपार्जनको महत्वपूर्ण हिस्सा ओगटेको अवस्थामा सिँचाइको विकासले दिगो विकास लक्ष्य प्राप्तिमा पर्याप्त योगदान पुऱ्याउँछ । कृषि उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा सुनिश्चित गर्न र शून्य भोकमरी हासिल गर्न सिँचाइले महत्वपूर्ण भूमिका खेल्छ । वालीहरूलाई भरपर्दो पानी आपूर्ति प्रदान गरेर सिँचाइले वर्षाको निर्भरतालाई कम गर्छ, किसानहरूलाई खेती गर्न सक्षम वनाउँछ र वाली असफल हुने जोखिम कम गर्छ । यसले

भोकमरी र कुपोषण उन्मूलन गर्ने प्रयासमा प्रत्यक्ष रूपमा योगदान पुऱ्याउँदै उपज र खाद्यान्नको उपलव्धता वढाउँछ ।

दिगो विकास लक्ष्य ६ सफा पानी र सरसफाइको विषय सिँचाइ क्षेत्रसँग पनि सम्बन्धित रहेको छ । कुशल सिँचाइ प्रणालीले जिम्मेवार पानीको प्रयोग, वर्वादी कम गर्न र दिगो पानी व्यवस्थापन अभ्यासहरू सुनिश्चित गर्न योगदान दिन्छ । नेपालमा कृषि र दैनिक जीवन दुवैका लागि जलस्रोत अत्यावश्यक छ । सिँचाइ पूर्वाधारको विकासले पानीको संरक्षण गर्न, माटोको क्षय रोक्न र समग्र इकोसिस्टमको स्वास्थ्यलाई मजवुत राख्न मद्दत गर्छ । यसले, खेतीवारीमा, समुदायहरूको लागि स्वच्छ र पहुँचयोग्य पानी स्रोतहरू सुनिश्चित गर्ने फराकिलो लक्ष्यलाई सम्वोधन गर्दछ । यसवाहेक, सिँचाइ विकासले विशेष गरी ग्रामीण क्षेत्रमा रोजगारीका अवसरहरू सिर्जना गरेर लक्ष्य ८ (सभ्य काम र आर्थिक वृद्धि) लाई पनि सकारात्मक रूपमा सहयोग गर्छ । सिँचाइ आयोजनाहरू लागू भएपछि पूर्वाधारको निर्माण, मर्मत सम्भार र सञ्चालनमा रोजगारी सृजना हुन्छ जसका कारण आर्थिक वृद्धिले गरिवी न्यूनीकरणमा योगदान पुऱ्याउँछ । थप रूपमा, दिगो सिँचाइ अभ्यासले परम्परागत खेती प्रविधिहरूसँग सम्वन्धित कार्वन फुटप्रिन्टलाई कम गर्दै पानीको समसामयिक प्रविधिहरूको प्रवर्द्धन गरेर लक्ष्य १३ ( जलवायु कार्य) मा अप्रत्यक्ष रूपमा समेत योगदान गर्दछ ।

संक्षेपमा भन्नुपर्दा नेपालको सिँचाइ विकासले विशेषगरी भोकमरी उन्मूलन, सफा पानी र सरसफाइको प्रवर्द्धन, आर्थिक वृद्धिलाई वढावा दिन र अप्रत्यक्ष रूपमा जलवायु कार्यमा सहयोग पुऱ्याउँदै दिगो विकास लक्ष्यका विभिन्न सुचकहरू हासिल गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

### ६.२.४ समस्या र सुझावहरु

**क) समस्याहरू**

पुराना पूर्वाधारका कारण प्रदेशले सिँचाइ क्षेत्रमा चुनौती सामना गरिरहेको छ । धेरै नहर र सिँचाइ प्रणालीहरूलाई प्रभावकारी पानी वितरण सुनिश्चित गर्न आधुनिकीकरण र स्तरोन्नति गर्न आवश्यक देखिन्छ । विशेष गरी सुख्खा मौसममा प्रदेशले पानीको अभाव भोगिरहेको हुँदा सिँचाइको लागि पानीको अपर्याप्तता रहेको छ । आधुनिक सिँचाइ प्रविधि र अभ्यासहरूको अवलम्वनमा सीमितता रहनुले पानीको अधिकतम उपयोग गर्ने प्रदेशको क्षमतामा वाधा पुऱ्याएको छ । सिँचाइ योजना र व्यवस्थापनमा भएको जटिलताका कारण कृषियोग्य जमिनलाई साना भूभागमा विभाजन गर्ने क्रम वढेको छ । साना कृषकहरु वीच पानी वितरण कार्यमा समन्वय गर्न चुनौतीपूर्ण छ । जग्गाको खण्डीकरण, जग्गाको गैर कृषिमा प्रयोग तथा बाँझो जमिन वृद्धि हुँदै गएको छ । प्राविधिक जनशक्ति अपर्याप्त हुनु, कृषि सामाग्री आपूर्ति तथा सिँचाई सुविधाको अभाव र कृषि अनुदानको सदुपयोग गर्न नसक्नु आदि मुलभुत समस्याहरु समेत रहेका छन् ।

## ख) सुझावहरू

अप्रत्याशित वर्षा हुने ढाँचा र चरम मौसमी घटनाहरू सहित जलवायु परिवर्तनको बढ्दो प्रभावले परम्परागत सिँचाइ अभ्यासहरूले भोग्नु परेको खतरालाई अनुकूलन गर्न लचिलो सिंचाई रणनीतिहरू आवश्यक पर्दछ । संस्थागत सहयोग र सम्वन्धित निकायहरू वीचको समन्वयले सिँचाइ क्षेत्रको विकासमा प्रभावकारी योगदान पुग्दछ । यसका लागि जलस्रोत व्यवस्थापनका लागि सुशासन र समन्वय संयन्त्रको सुदृढीकरण आवश्यक छ । पानीको स्रोतको प्रदुषणले सिँचाइको पानीको गुणस्तरलाई असर गर्छ, वालीको स्वास्थ्य र माटोको उर्वराशक्तिलाई असर गर्छ । त्यसैले, पानीको गुणस्तर सुनिश्चित गर्नु दिगो सिँचाइ विकासको महत्वपूर्ण कार्य हुनुपर्दछ । आधुनिक सिँचाइ प्रविधि र पानी व्यवस्थापन अभ्यासहरूबारे किसानहरूमा पर्याप्त चेतना र शिक्षाका लागि दिगो विधिहरू अवलम्वन गर्नु पर्दछ । प्रदेशमा सिँचाइ दक्षता अभिवृद्धि गर्न कृषक शिक्षा र तालिम कार्यक्रमहरू प्रवर्द्धन गर्न आवश्यक छ । सिँचाइ पूर्वाधार निमार्णमा विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय परियोजना मुल्याङ्कन भएपछि मात्र ठेक्का सम्झौता गर्ने गर्नुपर्दछ । विभिन्न निकायहरू विचको समन्वय कार्यलाई सुदृढ र प्रभावकारी वनाउने गर्नुपर्दछ । वित्तीय स्रोतको व्यवस्थापन हुन नसकी कतिपय आयोजनाहरू अलपत्र परेको हुँदा यसतर्फ पनि ध्यान दिनुपर्ने देखिन्छ ।

## ६.२.५ उपसंहार

नेपालको सिँचाइ क्षेत्रको विकासमा अपार संभावनासँगै चुनौतिहरू पनि रहेका छन् । पुरानो पूर्वाधार, असमान पानी वितरण र जलवायु परिवर्तनका प्रभावहरू जस्ता चुनौतीहरू गम्भीर अवरोधको रुपमा रहेका छन । सिँचाइ प्रणालीको स्तरोन्नतिमा दिगो लगानी सहित नवीन प्रविधिहरू समावेश गर्दै अघि बढनुपर्ने देखिन्छ । सिँचाइ क्षेत्रको विकासले दिगो विकास लक्ष्य, खाद्य सुरक्षा, आर्थिक वृद्धि र वातावरणीय व्यवस्थापन सुनिश्चित गर्नुपर्दछ । विद्यमान चुनौतीहरू सामना गर्न सरकारी निकायहरू, स्थानीय समुदायहरू र अन्तर्राष्ट्रिय साझेदारहरू सम्मिलित सहकार्यात्मक प्रयास आवश्यक हुन्छ ।

प्रदेशमा विद्यमान पूर्वाधारको आधुनिकीकरण, दक्षता प्रवर्द्धन र पानीको वर्वादी न्यूनीकरणका लागि पर्याप्त लगानी आवश्यक छ । ड्रिप र स्प्रिंकलर प्रणाली जस्ता नवीन प्रविधिहरूको व्यापक प्रयोगलाई विशेष गरी पानीको दुर्लभ क्षेत्रहरूमा पानीको उपयोग दक्षता वढाउन प्रोत्साहित गरिनुपर्छ । जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरूलाई न्यूनीकरण गर्न जलवायु-उत्थानशील अभ्यासहरूलाई सिँचाइ रणनीतिहरूमा एकीकृत गर्न आवश्यक छ भने आधुनिक सिँचाइ प्रविधि र दिगो कृषि अभ्यासहरूवारे चेतना जगाउन कृषक शिक्षा र क्षमता निर्माणका पहलहरूलाई प्राथमिकतामा राख्नु पर्दछ ।

## ६.३ जलविद्युत

### ६.३.१ पृष्ठभूमि

योजनाले प्रदेशको "जलविद्युत संभावनाको अधिकतम सदुपयोग र यसको प्रयोग अभिवृद्धि" लाई दीर्घकालीन सोचको रुपमा स्थापित गर्दै स्वच्छ ऊर्जाको रूपमा जलविद्युत उत्पादन र यसको अधिकतम सदुपयोग गरी आर्थिक समृद्धिमा योगदान पुऱ्याउने लक्ष्य निर्धारण गरेकोमा ४ ओटा रणनीति र १५ ओटा कार्यनीति लिएको छ । योजनाले नौमुरे परियोजनाको निर्माण शुरू गर्ने, प्रदेशमा १५० मेगावाट जलविद्युत उत्पादन गर्ने, पर्याप्त प्रसारण लाइनहरू वनाउने, विद्युतीय यातायात सेवा संचालन गर्ने र अन्य ऊर्जासमेत गरी शत प्रतिशत घरपरिवारमा विद्युत सेवा पुऱ्याउने तथा विद्युत उपयोग वढाउने अपेक्षा समेत गरेको छ ।

### ६.३.२ उपलव्धी विश्लेषण

#### ६.३.२.१ नीतिगत उपलव्धी

निर्धारित लक्ष्य प्राप्तिका लागि जलविद्युत उपक्षेत्रमा ४ ओटा रणनीति र १५ ओटा कार्यनीति तय गरिएको ६ ओटा कार्यान्वयनमा आएका छन् । शौर्य उर्जा विकासका लागि ३ ओटा रणनीति र १० ओटा कार्यनीति तय गरिएकोमा ३ ओटामात्र कार्यान्वयनमा आएका छन् । अन्य नवीकरणीय ऊर्जामा २ ओटा रणनीति र ९ ओटा कार्यनीति तय गरिएको एउटा मात्र कार्यान्वयनमा आएको छ । समग्रमा जलविद्युत, शौर्य उर्जा र नविकरणीय उर्जा उपक्षेत्रका लागि ९ वटा रणनीति र ३४ वटा कार्यनीति निर्धारण गरिएकोमा १० ओटामा आर्यान्वयनमा आएका छन् ।

जलविद्युत उपक्षेत्र विकासका लागि प्रदेश ऊर्जा समन्वय समिति गठन भएको, प्रदेश ऊर्जा ऐनको मस्यौदा तयार भएको, स्थानीय तहको सहभागितामा सबै प्रकारका ऊर्जास्रोत उपयोग गरी शत प्रतिशत जनतालाई विद्युत पुऱ्याइनेछ भनिएकोमा ८३.२% घर धुरीमा विद्युत सेवा पुगेको, विद्युत नपुगेको स्थानहरुमा वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्ने नीति लिइएको, E-V Charging Station निर्माणको लागि गृहकार्य भएको, निजी लगानीकर्तालाई आकर्षित र सहजीकरण गर्न कानूनी व्यवस्था परिमार्जन गर्न सहजीकरण गर्ने बिषयमा प्रादेशिक ऊर्जा ऐनको मस्यौदामा समेटिएको, प्रदेशका पहाडी जिल्लामा रहेका नदी तथा खोलाहरूबाट निकाल्न सकिने जलविद्युतको सम्भाव्यता अध्ययन गरी क्रमशः कार्यान्वयन गने प्रयास स्वरुप गुल्मी र रोल्पामा १० वटा जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन भएको छ ।

शौर्य उर्जा विकास तर्फ विभिन्न क्षमताका सौर्य ऊर्जा परियोजनाको विस्तृत सम्भाव्यताको मापदण्ड तयार भई स्वीकृतिको चरणमा रहेको छ । स्थानिय तह र नीजि क्षेत्रको साझेदारीमा संचालन गर्ने गरी सातवटा सौर्य ऊर्जा आयोजनाको सम्भाव्यता अध्ययन सम्पन्न भै उपलब्धि हासिल भएको छ । यसैगरी रुकुम पूर्व र रोल्पा जिल्ला सदरमुकाममा उज्यालो सदरमुकाम कार्यान्वयनको लागि पूर्व सम्भाव्यता अध्ययनको काम सम्पन्न भएको छ । अन्य नवीकरणीय

ऊर्जाको क्षेत्रमा बायोग्यासको व्यावसायिक उत्पादन र बिक्रीका लागि नीतिगत व्यवस्था तथा लगानी साझेदारीका लागि कैलाशधाम आश्रम लगायत ११ वटा पालिकाहरुमा अध्ययन कार्य भएको छ ।

जलविद्युत उपक्षेत्रका नीतिगत उपलब्धिसम्वन्धी विवरण अनुसूची ६.३ प्रस्तुत गरिएको छ ।

### ६.३.२.२ जलविद्युत क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलब्धि

योजनामा जलविद्युत विकास उपक्षेत्रका लागि ८ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् भने कार्यान्वयनको जिम्मेवारी मुख्यमन्त्री कार्यालय, भौतिक पूर्वाधार मन्त्रालय, प्रदेश जलस्रोत तथा उर्जा मन्त्रालय, प्रदेश समन्वय परिषद्, प्रदेश योजना आयोग, मुख्य मन्त्री ग्रामिण विकास कार्यक्रम, पूर्वाधार विकास प्राधिकरण, मुख्य मन्त्री कार्यालय, संघीय सरकार, स्थानीय सरकार, विद्युत नियमन एकाइ, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, आदिलाई तोकिएको थियो ।

प्रदेशको जलविद्युत सम्वन्धी योजनाको कार्यक्रमिक उपलब्धि तालिका ६.५ प्रस्तुत गरिएको छ ।

**तालिका ६.५ : जलविद्युतसम्वन्धी प्रमूख आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क्र.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रादेशिक विद्युत् विकास संयन्त्र स्थापना तथा संचालन | | प्रदेश विद्युत् ऐन तर्जुमा<br>विद्युत् विकासमा नियामक एकाईको स्थापना<br>विद्युत् खरिदविक्री, अध्ययन, उत्पादन, वितरण तथा प्रसारण गर्ने निकायको स्थापना | दुवै कार्यालयको पूर्ण क्षमतामा संचालन | | | |
| | उपलव्धी (संख्या) | आंशिक भएको | प्रदेश विद्युत् ऐन तर्जुमा अन्तिम चरणमा रहेको, प्रदेश ऊर्जा ऐनको मस्यौदा तयार भएको । | | | | |
| २ | १३२ तथा ६६ केभी प्रसारण लाइन विस्तार | | नीतिगत व्यवस्था<br>औद्योगिक कोरिडोर तथा ऊर्जा विकास स्थल लक्षित गरी प्रदेशको आवश्यकता तथा प्राथमिकता पहिचान | नेपाल सरकारसित समन्वय गर्दै रूकुममा प्रसारण लाइन विस्तार शुरू<br>औद्योगिक कोरिडोर तथा ऊर्जा विकास स्थलसम्म प्रसारण लाइन विस्तार | | | |
| | उपलव्धी (संख्या) | नभएको | | | | | |
| ३ | ३३ केभी एवम् ११ केभी लाइन विस्तार | | शत प्रतिशत जनतालाई विद्युत् उपलव्ध गराउने रणनीति अनुरुप स्थानीय तहसितको सहकार्यमा प्रदेश विद्युतीकरण नियमावली तर्जुमा,<br>वितरण लाइनको आवश्यकता तथा प्राथमिकता पहिचान गरी विद्युतसंकल्प कार्ययोजनाअनुरूप कार्यान्वयन | | | | |

| क.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | उपलब्धी (संख्या) | नभएको | | | | | |
| ४ | विद्युत-वन हातेमालो कार्यक्रम | | विद्युतीकरण गर्दा काटिने वनले भन्दा विद्युतीकरणले वातावरण संरक्षणमा वढी योगदान दिने वैज्ञनिक आधारको अनुसन्धान, कार्यशाला तथा प्रकाशन | प्रकाशनको आधारमा वनको एकमुष्ठ सहजीकरण, नागरिकको विद्युत् महसुल तिर्ने क्षमता विकास | सामुदायिक वनका उपभोक्तालाई विद्युतीय चूल्हो तथा भाँडाकुँडा अनुदानमा वितरण | | |
| | उपलब्धी (संख्या) | आंशिक भएको | सुधारिएको चुल्हो प्रविधि तथा तालिम संचालन | | | | |
| ५ | जलविद्युत् प्रवर्द्धक प्रोत्साहन अनुदान | | आवश्यक नीतिगत व्यवस्था, अनुदान प्रदान | | | | |
| | उपलब्धी (संख्या) | नभएको | | | | | |
| ६ | वाणगंगा र ग्वारखोला जलाशययुक्त आयोजना | | विस्तृत संभाव्यता अध्ययन तथा डिपिआर सम्पन्न | | संभाव्यता र क्षमताको आधारमा निर्माण | | |
| | उपलब्धी (संख्या) | नभएको | | | | | |
| ७ | जलाशयमा आधारित जलविद्युत् उत्पादन कार्यक्रम | | सिँचाइका लागि निर्माण गरिएका जलाशयवाट जलविद्युत् उत्पादनको अध्ययन र कार्यान्वयन | | | | |
| | उपलब्धी (संख्या) | नभएको | | | | | |
| ८ | जलविद्युत् संभाव्यता अध्ययन | | विस्तृत संभाव्यता अध्ययन | | | | |
| | उपलब्धी (संख्या) | भएको | गुल्मी र रोल्पामा १० वटा जलविद्युत आयोजनाको पूर्वसम्भाव्यता अध्ययन भएको जसमध्ये ३ वटा आयोजना विस्तृत सम्भाव्यता अध्ययनकालागि छनौट भएका । | | | | |

स्रोतः सम्वन्धित मन्त्रालय ।

जलविद्युत उपक्षेत्रको प्रमूख आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्थाका वारेमा प्राप्त तथ्याङ्कले अपक्षित उपलब्धी हासिल हुन नसकेको देखिन्छ । योजनामा उल्लेखित कार्यक्रमहरुमध्ये प्रदेश विद्युत् ऐन तर्जुमा अन्तिम चरणमा रहेको, प्रदेश ऊर्जा ऐनको मस्यौदा तयार भएको, सुधारिएको चुलो प्रविधि तथा तालिम सञ्चालन तथा गुल्मी र रोल्पामा १० वटा जलविद्युत आयोजनाको पूर्व सम्भाव्यता अध्ययन भएको जसमध्ये ३ वटा आयोजना विस्तृत सम्भाव्यता अध्ययनका लागि छनौट भएको देखिन्छ । अन्य कार्यक्रमहरु कार्यान्वयनमा आउन सकेका छैनन् । तथापि मन्त्रालयगत वार्षिक प्रतिवेदन २०७९/८० अनुसार विद्यमान विद्युत संरचना सुधार तथा स्तर उन्नति गर्न १५ थान विद्युतीय ट्रान्सफर्मर जडान, सौर्य उर्जा प्रवर्द्धन

कार्य गरिएको तथा ८८१ स्टिलपोल खरिद तथा तथा वितरण र ८०० थान सुधारिएको चुलो निर्माण गरिएको, १६ स्थानमा सडक वत्ति जडान गरिएको देखिन्छ ।

### ६.३.२.३ परिमाणात्मक उपलब्धि

जलविद्युत विकास उपक्षेत्रका सूचकहरुको आधार तथ्याङ्क र आ.व. २०७९/८० को लक्ष्य तथा प्रगतिको विस्तृत लक्ष्य तथा परिमाणात्मक उपलब्धि तालिका ६.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.६ : ऊर्जा र जलविद्युतसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था**

| नतिजा स्तर अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | आ.व. २०७९/८० | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| **प्रभाव तह** | | | | |
| - | - | - | - | - |
| **असर तह** | | | | |
| विद्युतमा पहूँच पुगेका जनसंख्या (दिविल ७.१.१) | प्रतिशत | ८१.०३ | १०० | ९८.३२ |
| खाना पकाउन परम्परागत इन्धन प्रयोग गर्ने घरपरिवार (दिविल ७.१.२) | प्रतिशत | ६५.३० | ४०* | ५३.७० |
| खाना पकाउन स्वच्छ इन्धन तथा प्रविधि प्रयोग गर्ने घरपरिवार (दिविल ७.१.२) | प्रतिशत | ३४.५ | ६०* | - |
| खाना पकाउन एलपीजी ग्यास प्रयोग गर्ने घरपरिवार (दिविल ११.३.२) | प्रतिशत | ३०.० | २०* | - |
| **प्रतिफल तह** | | | | |
| जलविद्युत उत्पादन (नयाँ) | मे वा | ० | ५ | - |
| सौर्य ऊर्जा उत्पादन (नयाँ) | मे वा | ०.२५ | ४५ | १.९६ |
| वितरण लाइन निर्माण (नयाँ) | कि मी | ० | २५० | ०.८० |
| विद्युत पहुँच भएका घरधुरीहरू (सौर्य ऊर्जा सहित) | प्रतिशत | ७५ | १०० | ९८.३२ |
| नयाँ व्यावसायिक वायोग्यास प्लान्ट स्थापना | संख्या (क्षमता) | ० | ३० | ० |
| वायोग्यासमा आधारित विद्युत योजना | संख्या (क्षमता) | ० | ३ | ० |
| वायोव्रिकेट उत्पादन | मे.टन | - | ४०० | ० |
| प्रशोधित दाउरा उत्पादन | मे.टन | - | ५०० | ० |

स्रोतः सम्वन्धित मन्त्रालय ।

लुम्विनी प्रदेश जलविद्युत तथा उर्जा क्षेत्रको विकासमा प्रयासरत छ । यसबिचमा थोरै भएपनि तर्जुमा गरिएका योजनामा उपलब्धिहरु हासिल भएका छन् । विद्युत विकासलाई तिव्रता दिंदै आधार वर्षको ८१.०३ प्रतिशत घरधुरीमा विद्युत सेवा पुगेको अवस्थालाई वढाई सतप्रतिशतमा

पुऱ्याउने लक्ष्य लिइएकोमा ९८.३२ प्रतिशतमा (शौर्य उर्जा समेत गरी) पहुँच अभिवृद्धि गरी उल्लेख्य नतिजा हासिल गरेको छ । आधार वर्षमा ६५.३० प्रतिशत घरपरिवारले खाना पकाउन परम्परागत इन्धन प्रयोग गर्ने गरेकोमा यसलाई कम गर्दै ४० प्रतिशतमा झार्ने लक्ष्य लिइएकोमा लक्ष्य पुरा नभएतापनि ५३.७० प्रतिशतमा झार्न सफल भएको छ । त्यसैगरी आधार वर्षमा ०.२५ मे. वा. नयाँ शौर्य उर्जा उत्पादनको अवस्था रहेकोमा त्यसलाई वढाएर ४५ प्रतिशत पुर्‌याउँने लक्ष्य लिइएकामो लक्ष्य पुरा नभएपनि १.९६ मे. वा. नयाँ उत्पादन भई आधार वर्षभन्दा केही प्रगति भएका देखिन्छ । साथै ०.८० कि.मी. नयाँ वितरण लाइन निर्माण भई आधार तथ्याङ्क तयार भएको छ ।

### ६.३.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान

समग्र र दिगो विकासलाई वढावा दिने राष्ट्रको प्रतिवद्धतालाई जोड दिँदै विद्युत क्षेत्रमा प्रदेश सरकारको प्रगतिले दिगो विकास लक्ष्यहरूलाई अगाडि वढाउने काम गर्दछ । दिगो विकास लक्ष्य ७ मा उल्लेखित किफायती र स्वच्छ ऊर्जा जलविद्युतको विकाससंग सम्बन्धित छ । जलविद्युत आयोजनाहरूका लागि प्रचुर मात्रामा जलस्रोत प्रयोग गरी प्रदेश जनताको ऊर्जा आवश्यकताहरू मात्र सम्वोधन गर्नुका साथै पर्यावरण अनुकूल अभ्यासहरू, जीवाश्म ईन्धनहरूमा निर्भरता घटाउन र जलवायु परिवर्तन न्यूनीकरणका लागि विश्वव्यापी प्रयासहरूमा समेत योगदान पुऱ्याएको छ । विद्युत क्षेत्रको विस्तारले परियोजनाको जीवनचक्रमा रोजगारीका अवसरहरूको प्रभाव सिर्जना गर्दछ । यसले आर्थिक वृद्धिलाई मात्र होइन, मर्यादित कामका अवसरहरू र समावेशी आर्थिक विकासको लक्ष्यसँग अन्तरनिहित गर्दै जीविकोपार्जनलाई सहजिकरण गर्दछ । विद्युत् क्षेत्रमा पूर्वाधार विकास, जलविद्युत प्लान्ट र पावर ट्रान्समिशन नेटवर्कको निर्माणले दिगो विकास लक्ष्य ९ अन्तर्गत उद्योग, नवप्रवर्तन र पूर्वाधारलाई समेत योगदान गरेको छ । यसवाहेक यस क्षेत्रले दिगो विकास लक्ष्य ९ अन्तर्गत दिगो शहर र समुदायहरूलाई पनि सहयोग पुऱ्याएको छ । विद्युतमा भरपर्दो पहुँच, शहरी विकासको लागि आधारभूत आवश्यकता हो, जसले दिगो सुविधा सम्पन्न शहरहरूको लागि मेरुदण्डको काम गर्दछ । विद्युतीकरणको सकारात्मक प्रभावहरूमा सुविधा मात्र हैन यसले जीवन स्तर मै परिवर्तन ल्याउने भएकोले समुदायहरूको समग्र कल्याणमा योगदान गर्नुका साथै विकासमा प्राविधिक पक्षलाई सुसंस्कृत वनाउँछ । विद्युत क्षेत्रको विकासले दिगो विकास लक्ष्य ९ देखि १३ सम्म जलवायु कार्य, नवीकरणीय ऊर्जाको प्रतिवद्धतालाई पनि मूर्तरूप दिन योगदान गरेको छ । परम्परागत उर्जा उत्पादनसँग जोडिएको कार्वन फुटप्रिन्टलाई उल्लेख्य रूपमा घटाएर नेपालले जलवायु परिवर्तनसँग लड्नका लागि विश्वव्यापी पहलहरूमा सक्रिय रूपमा सहभागीता जनाएकोमा प्रदेश सरकारको पहलले महत्वपूर्ण सहयोग पुऱ्याउँछ । संक्षेपमा, नेपालको विद्युत् पूर्वाधारमा हुने लगानी प्राथमिकताले दिगो विकासमा वहुआयामिक योगदान सहित आर्थिक वृद्धि, वातावरणीय व्यवस्थापन र सामाजिक प्रगतिका महत्वपूर्ण पक्षहरूलाई सम्वोधन गर्दै योगदान गरेको छ ।

### ६.३.४ समस्या र सुझावहरु

**क) समस्याहरू**

विद्युत विकास क्षेत्रमा यस प्रदेशमा पनि केही समस्याहरु विद्यमान छन् । विद्युत वितरण गुरूयोजना तयार नहुनु, आन्तरिक विद्युत प्रसारण लाइनको निर्माण सन्तुलित नहुनु, उत्पादन, प्रसारण, वितरण, विद्युत व्यापार तथा नियमन सहितको संस्थागत पुनर्संरचना अघि वढ्न नसक्नु, जलविद्युत उत्पादनमा निजी तथा विदेशी लगानी पर्याप्त नहुनु, विद्युत चुहावट उच्च रहनु, विद्युतको नियमित आपूर्ति नहुनु, विद्युत आयोजनाहरू तोकिएको वजेट र समयमा सम्पन्न नहुनु, खनिज ऊर्जालाई जलविद्युत ऊर्जाले प्रतिस्थापन गर्न नसक्नु, खाना पकाउने प्रयोजनको लागि विद्युत महसुल उचित नहुनु, आदि मुलभुत समस्याको रुपमा रहेका छन् । दुर्गम भूभागको भौगोलिक परिस्थितीतका कारणले विद्युतीय पूर्वाधार निर्माण र मर्मत सम्भारमा चुनौती खडा गरेको छ । प्रशारण लाइन निर्माणमा स्थानीय अवरोध/अधिक हुनु, मुआव्जा/क्षतिपूर्ति मागले प्रशारण लाइन निर्माणमा ढिलाइ हुनु, जग्गा अधिग्रहण तथा मुआव्जा निर्धारण सम्वन्धी एकीकृत राष्ट्रिय नीतिको अभाव रहनु, नदीजन्य ढुंगा, गिट्टी, वालुवा उत्खनन योजनावद्ध रुपमा नहुँदा आयोजनाका लागि निर्माण सामाग्रीको अभाव हुनु, वन क्षेत्रको जग्गा उपयोग तथा रूख कटानको समस्या रहनु, सीमित वित्तीय स्रोत, आदिले विद्युत क्षेत्रको विकास र विस्तारमा व्यवधान पुऱ्याएको छ । त्यसैगरी वजेटको अभावले परियोजना कार्यान्वयनमा ढिलाइ हुँदा विद्युत क्षेत्रको समग्र वृद्धिलाई असर पारेको छ भने भूकम्प र वाढी जस्ता प्राकृतिक प्रकोपहरूवाट यो क्षेत्र ज्यादै नै प्रभावित रहेको छ ।

**ख) सुझावहरू**

उर्जा क्षेत्रका विकासका लागि ऊर्जा विकास र ऊर्जा खपत अभिवृद्धि सहितको विद्युत वितरण गुरूयोजना तयार गर्नुपर्ने, प्रादेशिक रुपमा आन्तरिक विद्युत प्रसारण लाइनको निर्माण सन्तुलित हुने गरी विद्युत विकास र विस्तारमा जोड दिनु पर्ने, विद्युतको उत्पादन, प्रसारण, वितरण, विद्युत व्यापार तथा नियमन सहितको संस्थागत पुनर्संरचना अघि वढाउन पहल गर्नु पर्ने, चुहावट रोक्न स्थानीय तहको सहयोगमा विद्युत वितरण केन्द्रहरूले अनुगमन तीव्र पार्नुपर्ने, विद्युत आयोजनाहरू तोकिएको वजेट र समयमा सम्पन्न गर्ने गरी नीतिगत र कार्यगत रुपमा सुधार गर्नुपर्ने, खाना पकाउने प्रयोजनको लागि सहुलियतपूर्ण विद्युतीय चुल्होको व्यवस्था सहित न्युनतम विद्युत महसुल निर्धारण गर्ने, हरेक घर ऊर्जा घरको अवधारणा अनुरूप घरघरमा राखिने रुफटप सौर्य ऊर्जालाई नेट मिटरिङ तथा नेट पेमेण्टका आधारमा ग्रीडमा जोड्ने, जग्गा अधिग्रहण तथा मुआव्जा निर्धारणसम्वन्धी एकिकृत राष्ट्रिय नीति तर्जुमा गर्नुपर्ने आदि जस्ता नीतिगत संरचना र कार्यहरु विद्युत क्षेत्रको दिगो विकासका लागि आवश्यक छन् ।

त्यसैगरी अझै पनि विजुलीको पहुँच नपुगेका क्षेत्रहरूमा पावर ग्रिड विस्तार गर्न रणनीतिक योजना र लगानी आवश्यक छ । वलियो र लचिलो ऊर्जा प्रणालीको लागि ऊर्जा स्रोतहरूको

विविधीकरण सहित परिष्कृत ऊर्जा पूर्वाधारहरूको सञ्चालन र मर्मतका लागि दक्ष जनशक्तिको आवश्यकता छ । यसैगरी अत्याधुनिक प्रविधिहरू पहिचान गर्न र कार्यान्वयन गर्न ऊर्जाको विकासमा अनुसन्धान र नवीनताको संस्कृतिलाई वढावा दिनु आवश्यक छ । यसमा नवीकरणीय ऊर्जा, ग्रिड व्यवस्थापन प्रणाली, भविष्यवाणी, मर्मत उपकरणहरू आवश्यक रहन्छन् । ऊर्जा क्षेत्रमा सीपको अभावलाई सम्वोधन गर्न प्राविधिक र व्यवस्थापकिय सीप सहितको व्यापक क्षमता अभिवृद्धि पहल र तालिम कार्यक्रमहरू पनि आवश्यक छन् । जलविद्युत उत्पादनमा मौसमी भिन्नताको प्रभावलाई कम गर्न र वाह्य कारकहरूको जोखिम कम गर्न ऊर्जा मिश्रणलाई विविधीकरणमा ध्यान दिनु पर्छ । सौर्य, वायु, र वायोमास जस्ता वैकल्पिक र नवीकरणीय ऊर्जा स्रोतहरूमा अन्वेषण र लगानी गर्नुपर्छ ।

### ६.३.५ उपसंहार

प्रदेशले विद्युत तथा ऊर्जा क्षेत्रको विकासका लागि अपेक्षित प्रगति गर्न सकेको छैन । प्रदेशले विद्युत तथा ऊर्जा क्षेत्रको  विकास गर्न विद्युतीय संरचनाको स्तरोन्नति र विस्तारका साथै घरेलु सौर्य उर्जा जडान कार्य अगाडी वढाउने, लघुविद्युत तथा साना जलविद्युत, सौर्य विद्युत आयोजनाहरुको निर्माण कार्यलाई तदरुकताका साथ अघि बढाउनु पर्ने देखिन्छ । योजनाको वाँकी अवधिमा वाँकी कार्यक्रमको कार्यान्वयनलाई सशक्त वनाउँदै आगामी आवधिक योजनाको लागि प्रदेश सरकारले अझै पनि केन्द्रीय ग्रिड नपुगेका क्षेत्रहरूमा सौर्य उर्जाको लागि स्थानीय तहसँगको समन्वयमा अनुदान दिएर प्रवर्द्धन गर्ने, प्रदेश मातहतका अस्पताल लगायत सार्वजनिक निकायहरूमा सौर्य उर्जा जडान गर्न अनुदान दिने, सडक वत्तीहरूको व्यापक विस्तार गर्ने, प्रदेशमा दर्ता हुने विद्युतीय सवारी साधनलाई अनुदान दिएर प्रवर्द्धन गर्ने, प्रदेशभित्र विद्युत प्राधिकरण र स्थानीय तहसँग समन्वय गरी बढी भन्दा बढी चार्जिङग् स्टेसनहरू निर्माण गर्ने कार्यहरुलाई पनि अघि बढाउनुपर्ने देखिन्छ ।

## ६.४ शहरी विकास

### ६.४.१ पृष्ठभूमि

योजनाले शहरी विकास उपक्षेत्रको विकासका लागि "नेपाली मौलिकता बोकेका समावेशी, सभ्य, सम्पन्न र व्यवस्थित शहरी विकास" लाई दीर्घकालीन सोचको रुपमा स्थापित गर्दै प्रदेशमा तीन मुख्य शहर कोरिडोरसहित स्याटेलाइट शहरहरूको व्यवस्थित एवम् योजनावद्ध हिसावले विकास गर्ने लक्ष्य तय गरेको छ । लक्ष्य परिपुर्तिका ३ ओटा रणनीति र ११ ओटा कार्यनीति निर्धारण गरेको छ । साथै कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयनबाट विशिष्ट मौलिक पहिचान वोकेका तीनवटा ठूला शहरहरू व्यवस्थित रूपले विकास गर्दै अन्य साना स्याटेलाइट शहरहरू विकास गर्ने, पर्यटक आकर्षित गर्ने शहरहरू भएको प्रदेश वनाउने र प्रदेशका करीव ६० प्रतिशत जनसंख्या शहरमा वसेका हुने भन्ने अपेक्षित उपलव्धि आँकलन गरिएको छ ।

### ६.४.२ उपलव्धी विश्लेषण

#### ६.४.२.१ नीतिगत उपलव्धी

योजनाले निर्धारित गरेका लक्ष्य प्राप्तीका लागि शहरी विकासतर्फ नेपाली मौलिकता सहितका आधुनिक सुविधा सम्पन्न तीनवटा ठूला मुख्य शहर विकास गर्ने, प्रत्येक जिल्लामा साना स्याटलाइट स्मार्ट शहरहरु व्यवस्थित ढंगले विकास गर्ने र शहरमा आवश्यक भौतिक पूर्वाधारहरु एकीकृत ढंगले निर्माण गर्ने ३ ओटा रणनीति र ११ ओटा कार्यनीति निर्धारण गरिएकोमा प्रदेशबाट १ ओटा कार्यनीतिमात्र कार्यान्वयनमा आएको छ ।

बुटवल-भैरहवा, कोहलपुर-नेपालगञ्ज (गुलरिया समेत) र घोराही-तुलसीपुरलाई एकीकृत र व्यवस्थित रुपमा महानगर पूर्वाधार विकासको अवधारणा अनुरुप विकास गरिने, ठूला शहरहरुका निकटवर्ती साना शहरहरुलाई स्याटेलाइट शहरहरुको रुपमा विकास गरिने, स्थानीय तहहरुको सहकार्यमा उपयुक्त ठाउँमा सुविधा सम्पन्न साना शहरहरु विकास गरिने, ल्याण्ड पूलिङ तथा प्लष्टिङको अवधारणा लागु गरी व्यवस्थित शहरी विकास गरिने र प्रदेशका स्थानीय तहहरुका लागि शहरी विकास मापदण्ड तथा निर्देशिका तयार गरी लागू गराइने कार्यनीति सम्बन्धमा शहरी विकास तथा भवन निर्माण विभागबाट अध्ययन कार्य भैरहेको हुँदा थप कार्य प्रदेशबाट नभएको अवस्था छ ।

प्रदेशको स्थायी राजधानी तोकिएपछि राजधानी शहरको योजनावद्ध विकास गर्न आवश्यक पूर्वाधार निर्माण गरिने सम्बन्धमा राजधानीका लागि दाङ जिल्लाको भालुवाङमा ९ ओटा मन्त्रालय, १ ओटा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संसदिय समितिका भवनहरुको कार्य भइरहेको छ भने ६ ओटा मन्त्रालयको चौथो तलासम्म र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तेस्रो तलासम्मको कार्यको संरचनात्मक कार्य सम्पन्न भएको छ ।

यसरी योजनामा शहरी विकासतर्फ तय गरेका कार्यनीतिहरुको अधिकांश संघीय सरकारसँग सम्बन्धित देखिएको हुँदा प्रदेशबाट कार्यान्वयन हुन सकेको अवस्था छैन ।

शहरी विकास सम्वन्धी नीतिगत उपलव्धिसम्वन्धी विवरण अनुसूची ६.४ प्रस्तुत गरिएको छ ।

### ६.४.२.२ शहरी विकास क्षेत्रका प्रमूख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलव्धि

योजनामा शहरी विकास उपक्षेत्रका लागि ६ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएकोमा कार्यान्वयन गर्ने जिम्मेवारी प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय, पूर्वाधार विकास प्राधिकरण, संघीय सरकार, स्थानीय सरकार, निजी क्षेत्र, आदिलाई तोकिएको थियो । उक्त कार्यक्रमहरुमध्ये २ ओटा आयोजना केहि हदसम्म संचालनमा आएका छन् । शहरी पार्क तथा खुल्ला क्षेत्र कार्यक्रम अन्तर्गत् ४५ वटा निर्माण भएको आवस्था छ भने प्रदेश राजधानी गुरुयोजना तथा निमार्ण कार्यक्रम प्रदेश पुर्वाधार प्राधिकरणको कार्यक्षेत्रमा परेकोले सोही प्राधिकरणबाटै कार्यान्वयन भैरहेको छ । अन्य कार्यक्रमहरु योजना वमोजिम स्वकृत भै कार्यान्वयनमा नआएको आवस्थामा रहेका छन् । योजनाको कार्यक्रमिक उपलव्धि तालिका ६.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.७ : शहरी विकाससम्वन्धी प्रमूख आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क.सं | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | महानगरउन्मुख शहरी क्षेत्रको एकीकृत पूर्वाधार विकास कार्यक्रम | | नीति, नियम, कार्यविधि तथा सूचकांक तयारगर्ने तीनवटा मुख्यशहरहरु (वुटवल-भैरहवा, घोराही- तुल्सीपुर र कोहलपुर-नेपालगञ्ज) को विस्तृत अध्ययन गरी महानगर पूर्वाधार योजना तयारगर्ने । | | | | |
| | उपलव्धी | नभएको | योजना वमोजिम कार्यक्रम स्विकृत भै नआएको । | | | | |
| २ | स्याटेलाईट शहर कार्यक्रम | | स्याटलाईट शहरहरुको दिगो शहरी विकाससम्वन्धी नीति, नियम, कार्यविधि तयार गर्ने ठूला शहरहरुको नजिकपर्ने ६ ओटा स्याटलाईट शहर ( तानसेन, होलेरी, लमही, गुलरिया, तौलिहवा, वर्दघाट आदि) हरुको डिपिआर तयार गर्ने। | | | | |
| | उपलव्धी | नभएको | योजना वमोजिम कार्यक्रम स्विकृत भै नआएको । | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | शहरी पार्क तथा खुल्ला क्षेत्र कार्यक्रम | | नीति, नियम, निर्देशिका तयार गर्ने छनौटगरिएका २४ वटा शहरी पार्क तथा खुल्लाक्षेत्रको विस्तृत योजना रिपोर्ट तयार गर्ने र जग्गा प्राप्तिगर्ने | थप ६ वटा | थप ६ वटा | थप ६ वटा | |
| | उपलव्धी (संख्या) | भएको | | ४५ वटा निर्माण भएको | | | |
| ४ | शहरी विकास मापदण्ड तथा निर्देशिका | | दिगो शहरी विकास तथा शहरी डिजाइन सम्वन्धी मापदण्ड तथा निर्देशिका तयार गर्ने । | ४ वर्षमा शहरी मापदण्ड तथा निर्देशिकाहरुको पूर्णरुपमा लागूगर्ने तथा नियमितरुपमा प्रभावकारीताको मापन गर्ने । | | | |
| | उपलव्धी | नभएको | योजना वमोजिम कार्यक्रम स्विकृत भै नआएको । | | | | |
| ५ | जग्गा एकिकरण (ल्याण्ड पुलिङ) र नयाँ वस्ती विकास कार्यक्रम | | नीति, नियम र कार्यविधि तयार, राजमार्गहरको सेरोफेरोमा स्थल छनौट तथा जग्गा प्राप्ति | ५०० हेक्टर जग्गा प्लटिङगरी लीज तथा विक्रीवितरण | | | |
| | उपलव्धी | नभएको | योजना वमोजिम कार्यक्रम स्विकृत भै नआएको । | | | | |
| ६ | प्रदेश राजधानी गुरुयोजना तथा निमार्ण कार्यक्रम | | जग्गाको एकीकृत विकास, प्रादेशिक भवनहरु र नमूना राजधानी विकास निर्माण परिषोजनाहरुको गुरुयोजना तथा डिपिआर | निमार्ण | | | |
| | उपलव्धी | भएको | कार्य भैरहेको - प्रदेश पुर्वाधार प्राधिकरणको कार्यक्षेत्रमा परेको | | | | |

स्रोतः सम्बन्धीत मन्त्रालय ।

### ६.४.२.३ परिमाणात्मक उपलब्धि

शहरी विकास उपक्षेत्रका सूचकहरुको आधार तथ्याङ्क र आ.व. २०७९/८० को लक्ष्य तथा प्रगतिको विस्तृत लक्ष्य तथा परिमाणात्मक उपलब्धि तालिका ६.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.८ : आवास, भवन तथा शहरी विकाससम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था**

| नतिजास्तर अनुसार सूचक | एकाइ | आधारवर्ष २०७५/७६ | आ. व. २०७९/८० | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| **प्रभाव तह** | | | | |
| | | | | |
| **असर तह** | | | | |
| शहरी क्षेत्रमा वसोवास गरेको जनसंख्या | प्रतिशत | ५२ | ६०* | – |
| फुस तथा खरका छाना भएका घरपरिवार (दिविल ११.१.१) | प्रतिशत | १२.१ | ७* | – |
| अपर्याप्त ठाउँ भएको घरमा वसेका शहरी जनसंख्या (दिविल ११.१.१) | प्रतिशत | ६८.७ | ३०* | – |
| आधुनिक एकीकृत आवासमा छुट्टाछुट्टै घरधुरीमा वसोवास गर्ने घरपरिवार | संख्या | ० | ८०० | – |
| वहुतले आवास (एपार्टमेन्ट) मा वसोवास गर्ने घरपरिवार | संख्या | ० | ४००* | – |
| एकल रुपमा सुधारिएको सरसफाइ प्रयोगगर्ने घरपरिवार (दिविल ६.२.१) | प्रतिशत | ७३.५ | ८५ | – |
| **प्रतिफल तह** | | | | |
| नयाँ एकीकृत वस्ती | संख्या | १० | ५० | १०० |
| नयाँ आवास (जनता आवास) | संख्या | ७८५० | १५५०० | ६१९९ |
| सरकारी भवन तथा आवास र सभाहल निर्माण | संख्या | ० | १५ | ३४ |
| नयाँ पार्कहरु निर्माण | संख्या | ० | १५ | ४५ |
| वहुतले भवन निर्माण | संख्या | ० | ७ | ० |

स्रोतः सम्वन्धित मन्त्रालय ।

शहरी विकासतर्फ योजनाले लक्ष्य गरिएअनुसार अपेक्षाकृत नतिजा हासिल भएको अवस्था छैन । असर तहका सूचकहरुको प्रगति प्रतिवेदन प्राप्त हुन सकेन । यद्यपि प्रतिफल तहका सूचकहरुमा नयाँ एकिकृत वस्ति विकासको लक्ष्य संख्या ५० रहेकोमा २०० प्रतिशत प्रगति भई यो संख्या १०० पुगेको छ । जनता आवास कार्यक्रम अन्तर्गत नयाँ आवास आधार वर्षको संख्या ७८५० लाई बढाएर १५५०० पुर्‍याउँने लक्ष्य लिइएकोमा नयाँ आवास संख्या घटेर ६१९९ मा झरेको हुँदा प्रदेश सरकारको ध्यान पुग्न सकेको देखिदैन । सरकारी भवन तथा आवास र सभाहल

निर्माण तर्फ १५ संख्या पुऱ्याउने लक्ष्य लिइएकोमा लक्ष्य भन्दाबढी ३४ प्रगति भई आधार तथ्यांक पनि तयार भएको छ । यसैगरी १५ ओटा नयाँ पार्कहरु निर्माण गर्ने लक्ष्य राखिएकोमा ३०० प्रतिशत वढी प्रगति भई ४५ ओटा पुगेको छ भने यसमा पनि आधार तथ्यांक तयार भएको छ । वहुतले भवन निर्माणको लक्ष्य ७ राखिएकोमा प्रगति भने शून्य नै रहेको छ ।

### ६.४.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान

प्रदेशको शहरी विकाससँग सम्बन्धित उपलब्धिहरूले दिगो विकास लक्ष्यका उद्देश्य प्राप्तिमा सामाजिक र आर्थिक दुवै आयामहरूमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । मुख्य रूपमा शहरी विकाससँग सम्बन्धीत उपलब्धिहरु दिगो विकास लक्ष्य ११ अन्तर्गत् दिगो शहरहरू र समुदायहरूसँग अन्रनिहित हुन्छन् । प्रदेशमा गरिएका शहरी विकासका पहलहरू, पूर्वाधार सुधारहरू, आवास परियोजनाहरू र दिगो शहरी योजनाहरूको कार्यान्वयनले शहरहरूलाई समावेशी, सुरक्षित, सुविधा सम्पन्न र दिगो वनाउने गर्दछ । यस सम्बन्धमा समावेशी, सभ्य, सम्पन्न र व्यवस्थित शहरी विकासको सोच प्रदेश आवधिक योजनाले लिएकाले शहरी विकासले सवै वासिन्दाहरूलाई सुविधा र सेवाहरूमा समान पहुँच प्रदान गरेर समावेशीतालाई वढावा पुग्दछ । साथै यसबाट दिगो विकास लक्ष्य ११ अर्न्तगतको सम्मानजनक काम र आर्थिक वृद्धिमा समेत सहयोग पुग्न सक्दछ । यसवाहेक शहरी विकासको कार्यनीतिमा समेटिएको खुला पार्क र उद्यान  निमार्ण गर्ने कार्य दिगो लक्ष्य ११ को जलवायु कार्यसँग मिल्दोजुल्दो रहेको छ । संक्षेपमा भन्नुपर्दा लुम्विनी प्रदेशको शहरी विकाससंग सम्बन्धित उपलब्धिहरूले दिगो विकासको फराकिलो एजेन्डाप्रति योगदान पुऱ्याउछ ।

### ६.४.४ समस्या र सुझावहरु

**क) समस्याहरू**

शहरी विकाससम्बन्धमा प्रदेशले गरेको प्रयासहरुमा वाधकको रुपमा विभिन्न समस्याहरु रहेका छन् । योजनामा लक्षित गरिएका एकीकृत शहरी पूर्वाधारको अवधारणा अनुसार योजना तर्जुमा नहुनु, मुख्य शहरी कोरिडोरको अवधारणा प्रदेशमात्रको लगानीमा सम्भव नहुनु, शहरी क्षेत्रमा फोहोरमैलाको व्यवस्थापन तथा प्रदुषणको न्यूनीकरण चुनौतिपूर्ण, शहरी पूर्वाधारमा रणनैतिक लगानी सुनिश्चित नहुनु, ग्रामीण क्षेत्रमा दिगो पूर्वाधार विकास हुन नसक्नु, छरिएका वस्तीका कारण पूर्वाधार विकास खर्चिलो हुनु, असुरक्षित वस्ती र कमजोर आवास संरचना प्रतिस्थापन गर्न नसक्नु, सामूहिक आवास संस्कारको अभाव, राष्ट्रिय भवन संहिता पालनामा सरोकारवालाको अपेक्षित् सहभागिता हुन नसक्नु, कम लागतका नयाँ निर्माण प्रविधिवारे पर्याप्त अध्ययन अनुसन्धान नहुनु, सार्वजनिक संरचना निर्माणमा जग्गा प्राप्तिमा समस्या हुनु, ऐतिहासिक तथा पुरातात्विक सम्पदा पुनर्निर्माणमा प्रक्रियागत र निकायगत अन्यौलता तथा विवाद रहनु, विकास साझेदारबाट सहयोग प्राप्ति, प्रयोग र परिचालन अपेक्षा अनुरुप हुन नसक्नु, आदि विषयहरु शहरी विकाससँग जोडिएका प्रमुख समस्याको रुपमा रहेका छन् ।

## ख) सुझावहरू

प्रदेशले दिगो शहरी विकासका लागि एकीकृत शहरी पूर्वाधारको अवधारणा अनुसार योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने, शहरी सेवा-सुविधामा यूटिलिटी कोरिडोरसहित स्याटेलाइट शहरको अवधारणा लागु गर्नुपर्ने, शहरी क्षेत्रमा फोहोरमैलाको उचित व्यवस्थापन तथा प्रदुषणको न्यूनीकरणका लागि वहुक्षेत्रीय समन्वय (स्थानीय तहको अगुवाई, संघ र प्रदेशको स्रोत व्यवस्थापन र विज्ञ सहयोग र फोहोर उत्सर्जकको जिम्मेवारी) गरी दिगो समाधान अवलम्वन गर्ने, शहरी पूर्वाधार सेवामा निजी, सार्वजनिक-निजी साझेदारीको अवधारणा लागु गर्ने, ग्रामीण क्षेत्रमा दिगो आधुनिक प्रविधियुक्त पूर्वाधार विकासको मापदण्ड लागु गर्ने, छरिएको वस्तीलाई एकत्रित गर्न संयुक्त र मिश्रित आवास निर्माणलाई जोड दिई पूर्वाधार विकासलाई न्यूनतम लागतमा सम्पन्न गराउने उपयुक्त प्रविधि र डिजाइनलाई प्रोत्साहित गर्ने, विपद्को उच्च जोखिमयुक्त स्थान तथा चुरे क्षेत्रमा रहेका वस्तीहरू स्थानान्तरण गर्ने, राष्ट्रिय भवन संहिता पालनामा अनुगमनलाई जोड दिने, विकास साझेदारवाट सहयोग प्राप्ति, प्रयोग र परिचालन गर्न जोखिम विश्लेषण सहितको योजना तय गरी पहल गर्ने, आदि लगायतका कार्यहरु गर्नुपने देखिन्छ ।

## ६.४.५ उपसंहार

जनसंख्याको चाप र गतिशिलतालाई व्यवस्थापन गर्न प्रदेशको व्यवस्थित शहरीकरण आवश्यक हुन्छ । गौतमवुद्धको जन्मस्थलका रुपमा परिचित यस प्रदेशले समृद्ध सांस्कृतिक सम्पदाको संरक्षणसँगै आधुनिकीकरणलाई पनि सन्तुलितरुपमा अघि बढाउनु पर्ने देखिन्छ । जनसंख्या वृद्धि र बसाइँसराइले शहरको विस्तार र नयाँ पूर्वाधार परियोजनाहरूका कारण व्यापक शहरीकरणको स्वरुपमा परिवर्तन भएको छ । सडक सञ्जालमा भएको बढोत्तरीले शहरी केन्द्रहरूलाई जोडेर पहुँचमा सहजिकरण गरेको छ । भविष्यको शहरी विकास दिगोपन र वातावरणप्रति प्रतिवद्ध हुनु जरुरी छ । औद्योगिक क्षेत्र र व्यापारिक हवको रुपमा स्थपित हुँदै गरेको यस प्रदेश शहरी विकासका विभिन्न पक्षहरुमा प्रयास रहन जरुरी छ ।

## ६.५ खानेपानी तथा सरसफाई

### ६.५.१ पृष्ठभूमी

योजनामा "पूर्ण सरसफाइयुक्त तथा स्वच्छ खानेपानीमा शत प्रतिशत पहुँच भएको समृद्ध प्रदेश" भन्ने दीर्घकालीन सोच राख्दै प्रदेशका सवै वस्तीहरूमा स्वच्छ र भरपर्दो खानेपानी पुऱ्याउने र सवै प्रकारका फोहोरको प्रभावकारी व्यवस्थापन गर्ने लक्ष्य निर्धारण गरिएको छ । यसैगरी योजनाले यस अवधिमा शत प्रतिशत घरपरिवारमा आधारभूत खानेपानी सुविधा पुगेको हुने, ६५ प्रतिशत परिवारमा प्रशोधित खानेपानी पुगेको हुने, फोहोर व्यवस्थापन भएको हुने, जनचेतना वढेको हुने तथा व्यक्तिगत, पारिवारिक र सामुदायिक सरसफाइमा उल्लेख्य सुधार भई सभ्य र स्वस्थ नागरिक समाजको विकास भएको हुनेछ भनि अपेक्षित उपलव्धि तय गरेको छ ।

### ६.५.२ उपलव्धी विश्लेषण

#### ६.५.२.१ नीतिगत उपलव्धी

योजनाले निर्धारण गरेका लक्ष्य प्राप्तिका लागि खानेपानी र सरसफाई उपक्षेत्रका ५ ओटा रणनीति र ३० ओटा कार्यनीति निर्धारण गरिएकामा ८ ओटा कार्यनीतिमात्र कार्यान्वयनमा आउन सकेका छन् । जसअन्तर्गत् खानेपानी सेवा उपलब्ध नभएका बस्ती पहिचान गरी खानेपानी सुविधा पुऱ्याइने भनिएकोमा ३६७ ओटा खानेपानी आयोजना निर्माण सम्पन्न गरि थप १३०५९९ घर धुरीमा आधारभुत स्तरको खानेपानीको पँहुच थप भएको छ । कपिलबस्तुमा खानेपानी परिक्षण प्रयोगशाला निर्माण सम्पन्न गरी सञ्चालनको चरणमा पुगेको छ । स्रोतको सुनिश्चितता गर्दै सार्वजनिक धारालाई एक घर एक धारा नीति अनुसार निजी धारामा परिणत गरिने र आवश्यक नयाँ धारा थप्ने कार्यनीति अन्तर्गत ११०० वटा आयोजनाहरु संचालनमा रहेका छन् । स्थानीय तहको सहकार्यमा शौचालय नभएका घरधुरीहरू पहिचान गरी अनिवार्य रूपमा शौचालय बनाउन प्रोत्साहन कार्यक्रम संचालन गरिएको छ । स्थानीय स्तरमा सरसफाइ कायम राख्न स्थानीय तह बढी जिम्मेवार हुने भएकाले त्यसका लागि प्रदेश तहबाट सहयोग पुऱ्याउन सरसफाई जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिएका छन् । राजमार्ग छेउछाउका वनजंगल तथा बस्ती नभएको क्षेत्रमा दिसापिसाब गर्न रोकिने स्थानहरू पहिचान गरी महिला र पुरूषका लागि पृथक शौचालय बनाइने भनिएकोमा महेन्द्र राजमार्गको ३ स्थानमा स्मार्ट शौचालय निर्माणाधिन रहेका छन् । यसैगरी प्रदेश सरकारको मातहतका हरेक कार्यालयहरूमा महिला तथा पुरूष एवम् वृद्धवृद्धा र अपांगता भएका सेवाग्राहीले उपभोग गर्न पाउने गरी पानीको भरपर्दो व्यवस्था भएका तथा नियमित सफाई गरिने शौचमैत्री शौचालयको व्यवस्था गरिएको छ भने प्रदेश सरकारको मातहतका हरेक कार्यालयहरूमा सेवाग्राहीले उपभोग गर्न पाउने गरी स्वच्छ पिउने पानीको नियमित व्यवस्था समेत गरिएको छ । अन्य १२ ओटा कार्यनतिहरु कार्यान्वयनमा आउन सकेका छैनन् ।

योजना अवधिको चौथो वर्षसम्ममा रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयन अवस्थासम्वन्धी विवरण अनुसूची ६.५ मा प्रस्तुत गरिएको छ ।

### ६.५.२.२ खानेपानी तथा सरसफाई क्षेत्रका प्रमुख आयोजना तथा कार्यकमसम्बन्धी उपलब्धि

योजनामा खानेपानी तथा सरसफाई विकास उपक्षेत्रका लागि ८ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएकोमा कार्यान्वयन गर्ने जिम्मेवारी प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी डिभिजनहरु, आन्तरिक मामिला मन्त्रालय, संघीय सरकार, स्थानीय सरकार, निजी क्षेत्र, आदिलाई तोकिएको थियो तर हाल भने खानेपानी तथा सरसफाई उपक्षेत्रको लागि खानेपानी, ग्रामिण तथा सहरी विकास मन्त्रालयअन्तर्गत राखिएको छ । योजनामा उल्लेखित ८ ओटा प्रमुख कार्यक्रमहरुमध्ये ३ ओटा आयोजना सञ्चालन भएका थिए भनें ५ ओटा सञ्चालन हुन सकेका छैनन् । योजनाको कार्यक्रमिक उपलव्धि तालिका ६.९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.९ : खानेपानी तथा सरसफाईसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क्र.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | खानेपानी पहूँच विस्तार कार्यक्रम | | नीतिगत व्यवस्था<br>शत प्रतिशत जनतालाई आधारभूत खानेपानी उपलव्ध गराउने रणनीति अनुरुप स्थानीय तहसितको सहकार्यमा खानेपानी संकल्प कार्ययोजना अनुमोदन तथा कार्यान्वयन<br>चापाकलको गुणस्तर प्रमाणीकरण कार्यविधि तयार<br>प्रदेशस्तरीय प्रदुषण मापदण्ड निर्माण, कार्यान्वयन तथा क्षेत्र विस्तार<br>स्थान विशेष खानेपानी आयोजनाहरु | | | | |
| | उपलव्धी (संख्या) | भएको | थप १३०५९९ घरधुरीमा खानेपानीको पहुँच थप भएको | | | | |
| २ | खानेपानी सघन कार्यक्रम | | सघन कार्यक्रम तयार स्थल छनोट | छनोट भएका जिल्लामा सघन कार्यक्रम संचालन | | | |
| | उपलव्धी (संख्या) | भएको | | सवै १२ जिल्लामा संचालन भएको | | | |
| ३ | खानेपानी स्रोत सुरक्षा कार्यक्रम | | पानी सुरक्षा कार्यक्रमको कार्यविधि तयार तथा नियमन | १५ स्थानीय तहमा पानी सुरक्षा कार्यक्रम घोषणा | जम्मा ४५ स्थानीय तहमा पानी सुरक्षा कार्यक्रम घोषणा | जम्मा ७५ स्थानीय तहमा पानी सुरक्षा कार्यक्रम घोषणा | |
| | उपलव्धी (संख्या) | नभएको | योजना वमोजिम कार्यक्रम स्विकृत भै नआएको । | | | | |
| ४ | खानेपानी गुणस्तर अभिवृद्धि कार्यक्रम | | कपिलवस्तु र वर्दियामा प्रयोगशाला स्थापना<br>अत्यधिक लवणले समस्या ल्याएका शहरी खानेपानी वितरण प्रणालीको अध्ययन | चापाकलको गुणस्तर प्रमाणीकरण गरी एक घर एक धारामा गणना प्रारम्भ | आवश्यकता विश्लेषण गरी थप ३ प्रयोगशालाहरू स्थापना | गुणस्तर मापनलाई नियमितता दिने गरी कार्यविधि तथा कार्य संचालन | |
| | उपलव्धी (संख्या) | आंशिक भएको | एउटा कपिलवस्तुमा निर्माण सम्पन्न | | | | |
| ५ | शौचालय निर्माण अभियान | | खुल्ला दिसामुक्त घोषणा हुन वाँकी स्थानहरूमा सघन कार्यक्रम र घोषणा घोषणा भएका | प्रादेशिक कार्यालय नमुना शौचालय कार्यक्रम<br>सडकक्षेत्र शौचालय कार्यक्रम<br>वाल, अपाङ्ग, वृद्धमैत्री शौचालय कार्यक्रम<br>पर्यटन क्षेत्र शौचालय कार्यक्रम<br>वजार क्षेत्र शौचालय कार्यक्रम | | | |

| क्र.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | स्थानमा अनुगमन तथा सुधार कार्यक्रम (निरन्तर) | | | | |
| | उपलव्धी (संख्या) | नभएको | योजना वमोजिम कार्यक्रम स्विकृत भै नआएको । | | | | |
| ६ | पूर्ण सरसफाई कार्यक्रम | | संस्थागत व्यवस्था तथा स्थानीय तहको सहकार्य हुनेगरी कार्यविधि तयार | पूर्ण सरसफाइ कार्यक्रम संचालन कम्तीमा १५ पालिकालाई पूर्ण सरसफाइयूक्त घोषणा | पूर्ण सरसफाइ कार्यक्रम संचालन समग्रमा कम्तीमा ५० पालिकालाई पूर्ण सरसफाइयूक्त घोषणा | पूर्ण सरसफाइ कार्यक्रम संचालन समग्रमा कम्तीमा ९० पालिकालाई पूर्ण सरसफाइयूक्त घोषणा | |
| | उपलव्धी (संख्या) | नभएको | योजना वमोजिम कार्यक्रम स्विकृत भै नआएको । | | | | |
| ७ | ठोस फोहोर व्यवस्थापन सहकार्य कार्यक्रम | | नीतिगत व्यवस्था<br>नास्ट तथा नगरपालिकाहरूको सहकार्यमा प्लाष्टिकवाट डिजेल निकाल्ने प्लान्ट स्थापना<br>निजी क्षेत्रसित साझेदारीमा नमूना वायोग्यास उत्पादन कार्यक्रम<br>वायोग्यास अनुदान कार्यक्रम<br>सिर्जनशील फोहोर व्यवस्थापन साझेदारी तथा सापटी कार्यक्रम | | | | |
| | उपलव्धी (संख्या) | नभएको | योजना वमोजिम कार्यक्रम स्विकृत भै नआएको । | | | | |
| ८ | सवारीजन्य सडक-फोहोरमुक्त प्रदेश कार्यक्रम | | सहभागितामूलक प्रक्रियावाट सवारीवाट कुनै किसिमका फोहोर सडकमा फाल्न प्रतिवन्ध लगाउने कानुन निर्माण तथा कार्यविधि तयार<br>अन्तरक्रिया तथा जनचेतना कार्यक्रम | अन्तरक्रिया तथा जनचेतना कार्यक्रम<br>सार्वजनिक सवारीलाई रद्दी टोकरी वितरण कार्यक्रम<br>सडकमा सवारीको फोहोर संकलन केन्द्र स्थापना<br>चालक, सहचालक अभिमुखीकरण कार्यक्रम | | | |
| | उपलव्धी (संख्या) | नभएको | योजना वमोजिम कार्यक्रम स्विकृत भै नआएको । | | | | |
| ९ | जनचेतना अभिवृद्धि तथा विशेष वर्ष कार्यक्रम | | श्रव्यदृश्य सामग्री, पाठ्यक्रम, आमसंचार लगायतवाट जनचेतना<br>स्वच्छ पालिका पुरस्कार कार्यक्रम<br>खानेपानी संकल्प कार्ययोजना वर्ष | नियमित जनचेतना कार्यक्रम<br>स्वच्छ पालिका पुरस्कार कार्यक्रम<br>सडक तथा सवारी सरसफाई वर्ष | नियमित जनचेतना कार्यक्रम<br>स्वच्छ पालिका पुरस्कार कार्यक्रम<br>ठोस फोहोरवारे जनचेतना वर्ष | नियमित जनचेतना कार्यक्रम<br>स्वच्छ पालिका पुरस्कार कार्यक्रम<br>नदी सरसफाई वर्ष | |
| | उपलव्धी (संख्या) | नभएको | योजना वमोजिम कार्यक्रम स्विकृत भै नआएको । | | | | |

स्रोतः सम्वन्धित मन्त्रालय ।

कार्यान्वयन भएको आयोजनाहरुको प्रगति विश्लेषण गर्दा राम्रो नतिजा रहेको देखिन्छ । खानेपानी पहूँच विस्तार कार्यक्रम अन्तर्गत् थप १३०५९९ घरधुरीमा खानेपानीको पहुँच थप भएको छ । खानेपानी सघन कार्यक्रम सबै १२ जिल्लामा संचालन भएको छ । खानेपानी गुणस्तर अभिवृद्धि कार्यक्रम आशिंक प्रगति भई कपिलवस्तुमा निर्माण सम्पन्न भएको छ । खानेपानी स्रोत सुरक्षा कार्यक्रम, शौचालय निर्माण अभियान, पूर्ण सरसफाई कार्यक्रम, ठोस फोहोर व्यवस्थापन सहकार्य कार्यक्रम, सवारीजन्य सडक-फोहोरमुक्त प्रदेश कार्यक्रम र जनचेतना अभिवृद्धि तथा विशेष वर्ष कार्यक्रम योजना वमोजिम कार्यक्रम स्विकृत भै नआएको हुँदा कार्यान्वयनमा आउन सकेका छैनन् ।

### ६.५.२.३ परिमाणात्मक उपलव्धि

खानेपानी तथा सरसफाई उपक्षेत्रका सूचकहरुको आधार तथ्याङ्क र आ.व. २०७९/८० को लक्ष्य तथा प्रगतिको विस्तृत लक्ष्य तथा परिमाणात्मक उपलव्धि तालिका ६.१० मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१० : खानेपानी तथा सरसफाईसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था**

| नतिजा स्तर अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | आ.व. २०७९/८० | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| **प्रभाव तह** | | | | |
| - | - | - | - | - |
| **असर तह** | | | | |
| आधारभूत खानेपानी पहूँच पुगेका घरपरिवार | प्रतिशत | ८९.८३ | १०० | ९०.२० |
| स्वच्छ तथा प्रशोधित खानेपानी पहूँच पुगेका घरपरिवार | प्रतिशत | ४२ | ६० | - |
| शौचालय भएका घरधुरी | प्रतिशत | ९९.२९ | १०० | ९४.४ |
| पूर्ण सरसफाई भएका घरधुरी | प्रतिशत | - | - | - |
| **प्रतिफल** | | | | |
| खानेपानी आयोजना सम्पन्न (नयाँ) | संख्या | ५ | १८० | ३६७ |
| खानेपानी पहुँच भएका थप घरधुरी | संख्या | - | ९१८०० | १३०५९९ |
| शौचालय निर्माण भएका थप घरधुरी | संख्या | ० | १२१०० | ० |
| शहरी क्षेत्रमा ढल निर्माण | किमी | ० | १३० | ११५.३३ |

स्रोतः सम्वन्धित मन्त्रालय ।

योजनामा लक्षित गरिएका धेरैजसो कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन हुन नसके तापनि जति कार्यान्वयन भए तिनिहरुको परिमाणात्मक नतिजा सन्तोषजनक मान्न सकिन्छ । खासगरी आधार वर्षमा ८९.८३ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको तत्कालिन अवस्थालाई सुधार गरी शतप्रतिशत घरपरिवारमा आधारभुत स्तरको खानेपानी सेवा पुऱ्याउने लक्ष्य रहेकोमा ९०.२० प्रतिशत घरपरिवारमा सेवा विस्तार भएको छ । त्यसैगरी आधार वर्षमा

९९.२९ प्रतिशत शौचालय भएका घरधुरी रहेकोमा सुधार गरी शतप्रतिशत पुऱ्याउने प्रदेशको लक्ष्य ९४.४० प्रतिशत घरधुरीमा खुम्चिएको हुँदा यसको कारण खोतल्नु पर्ने भएको छ । नयाँ खानेपानी आयोजना सम्पन्न गर्ने संख्यात्मक लक्ष्य १८० मा ३६७ उपलब्धि भइ उल्लेखनिय प्रगति भएको छ भने खानेपानी पहुँच भएका थप घरधुरी संख्या पनि उल्लेखनिय प्रगति भएको छ । स्वच्छ तथा प्रशोधित खानेपानी पहूँच पुगेका घरपरिवारको प्रतिशत र शौचालय निर्माण भएका थप घरधुरी संख्या सम्बन्धमा कुनै प्रगति प्रतिवेदन हुन सकेन ।

### ६.५.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान

दिगो विकासका लक्ष्यमा सन् २०३० सम्ममा सवैलाई स्वच्छ खानेपानी र सरसफाइ पुऱ्याउने लक्ष्य निर्दिष्ट छ । खुला दिसामुक्त वस्ती, ढल निकासको उचित व्यवस्था, खानेपानीको गुणस्तर सुधार, जलाधार क्षेत्रको संरक्षण यस लक्ष्य अन्तर्गत पर्दछन् । खानेपानी र सरसफाइको (लक्ष्य ६) विकासले धेरै दिगो विकास लक्ष्यहरूमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । स्वच्छ र सुरक्षित पिउने पानीको पहुँच मानव कल्याण र जनस्वास्थ्यको लागि आधारभूत विषय हो यसले लक्ष्य ३ को राम्रो स्वास्थ्य र कल्याण, र लक्ष्य ६ पानीजन्य रोगहरू रोक्न, मृत्यु दर घटाउन र समग्र स्वास्थ्य प्रवर्द्धन गर्नलाई पनि समेट्ने गर्दछ । यसवाहेक, सफा पानी र सरसफाइको तालमेल गरिवी (लक्ष्य १) र असमानता घटाउने (लक्ष्य १०) सँग मिल्न जान्छ । यसंगरी लैङ्गिक समानता (लक्ष्य ५) लाई पनि प्रवर्द्धन गर्न खानेपानी र सरसफाइ क्षेत्र सहयोगी वनेको छ, किनभने महिला र केटीहरूले असमान रूपमा पानी सङ्कलनको भार वहन गरिरहेको अवस्थामा यी सेवाहरूमा सुधार हुँदा सरसफाइ, शिक्षा र आर्थिक अवसरहरूमा पहुँच विस्तार गर्न मद्दत पुऱ्याउँछ । दिगो खानेपानी र सरसफाई विकासहरूले लक्ष्य १३ को जलवायु कार्यमा पनि प्रत्यक्ष या अप्रत्यक्ष रुपमा योगदान पुऱ्याएको छ । यसरी प्रदेशको आवधिक योजनामा खानेपानी तथा सरसफाईसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्थाले निश्चितरुपमा पनि दिगो विकास लक्ष्य हासिल गर्न योगदान पुऱ्याएको देखिन्छ ।

### ६.५.४ समस्या र सुझावहरु

**क) समस्या**

प्रदेश सरकारले खानेपानी तथा सरसफाइ विकासमा गरेका प्रयासहरु सफल पार्न विभिन्न कठिनाइहरु भोग्नु परेको अवस्था छ । खासगरी जलवायु परिवर्तन, वन विनास, वढ्दो अव्यवस्थित शहरीकरण, आदिका कारण पानीका मुहानहरू सुक्दै जानु, भूकम्प र अन्य प्राकृतिक प्रकोपवाट खानेपानी तथा सरसफाई संरचनाहरू विग्रनु, तराई मधेश क्षेत्रमा आर्सेनिकयुक्त खानेपानीको विकल्प नखोजिनु, दिशाजन्य लेदोको व्यवस्थापन नहुनु, प्रशोधन सहितको ढल प्रणालीको व्यवस्थापन नहुनु तथा शहरी क्षेत्रमा ढल प्रणालीको नियमित मर्मत तथा सञ्चालन नहुनु, आदि नै खानेपानी तथा सरसफाई क्षेत्रमा प्रदेशले भोग्नु परेका प्रमुख समस्याहरु रहेका छन् ।

### ख) सुझावहरु

खानेपानी तथा सरसफाई क्षेत्रको विकासका लागि प्रदेशले मुलभुत रुपमा जलवायु अनुकुलन कोषमा पहुँच स्थापित गरी खानेपानी मुहानको संरक्षणको विषयलाई प्राथमिकता दिनुपर्ने, सहभागिता र योगदानको आधारमा पुराना खानेपानी आयोजनाहरूको मर्मत सम्भार गरी दिगोपनाको सुनिश्चितता गर्नुपर्ने, भूकम्प तथा अन्य प्राकृतिक प्रकोपवाट क्षतिग्रस्त खानेपानीका संरचनाहरूको यथाशीघ्र पुनर्निर्माण सम्पन्न गरिनुपर्ने, शहरी क्षेत्रमा ढल निकासको लागि स्थानीय तहसँगको सहकार्यमा युटिलिटी कोरिडोरको अवधारणा अनुसार वृहत ढल विस्तारको कार्यक्रम ल्याउनु पर्ने, वातावरण संरक्षणप्रति सरोकारवालाहरुलाई जिम्मेवार वनाउन जनचेतनामूलक कार्यक्रमहरूलाई प्राथमिकतामा राखी अघि वढाउनु पर्ने, खानेपानीलाई अधिकार मानेर प्राथमिकतामा राखे अनुसारको नीति, कार्यक्रम, वजेट र जनशक्तिको एकिन रूपमा आंकलन र व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

हालसम्म पनि धाराको पानीवाहेक अन्य स्रोतवाट पानी पिउने परिवारको सङ्ख्या उल्लेख्य भएको हुँदा आधारभूत खानेपानी पहुँच नभएका क्षेत्र, वस्ती, समुदायको सही आंकलन गरेर लक्षित कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ ।

फोहोर व्यवस्थापनलाई प्राथमिकतामा राखेर निजी क्षेत्रको सहकार्य र सह-लगानीलाई वढावा दिनु पर्ने देखिन्छ । बञ्चितीकरणमा परेका वर्गका लागि खानेपानीमा पहुँच सहजीकरण गर्नका लागि लिइएका पहलकदमीका साथै हालसम्म खानेपानी तथा सरसफाई सुविधा पाएका जनसङ्ख्याको एकिन तथ्याङ्क लिने सम्बन्धमा प्रदेश सरकारले ठोस कार्य गर्नुपर्ने देखिन्छ ।

### ६.५.५ उपसंहार

प्रदेशले खानेपानी तथा सरसफाइको विकासमा प्रगति गर्दै सेवाको पहुँचमा सुधार गर्दै गएको देखिन्छ । तर पनि उपलव्ध खानेपानीमा गुणस्तरीयताको समस्या भने रहेको छ । तराईका जिल्लामा आर्सेनिकको समस्या रहेको छ भने पहाडी जिल्लामा पानीका मुहान सुक्दै गएका देखिन्छन् । वर्षाद्को समयमा पानीका स्रोतहरू वगाउने, पुर्ने तथा धमिलो पानी मिसिने समस्याहरू रहेका छन् । कपिलवस्तु वाहेकका जिल्लामा शत प्रतिशत घरधुरीमा शौचालय भएको र सो वाहेकका ११ जिल्लाहरू खुला दिशामुक्त घोषणा भइसकेको भएपनि यी तथ्याङ्क अनुरूप शौचालय प्रयोग गर्ने आनीवानी विकास हुन सकेको छैन । शहरवजार क्षेत्रहरूवाट ठूलो मात्रामा (ठोस) फोहोर निस्कने र त्यसको प्रभावकारी व्यवस्थापन हुन नसकेको अवस्था छ । सडक तथा अन्य निर्माणका काममा उड्ने धूलो, आगजनी तथा इन्धनको जथाभावी प्रयोग गर्ने कलकारखानाहरू, सवारीसाधन र उद्योगहरूवाट निस्कने धूवाँ, धूलो तथा विषाक्त ग्यासहरूले वायु प्रदूषण गराएका छन् ।

लुम्विनी प्रदेशमा खानेपानी तथा सरसफाईको प्रगतिलाई दिगो रुपमा कायम राख्न र सेवा विस्तार गर्न वहुआयामिक दृष्टिकोण अपरिहार्य छ । पहिलो, समतामूलक पहुँच सुनिश्चित गर्दै

सेवाविहीन क्षेत्रहरूमा पुग्न पूर्वाधार विकासमा निरन्तर लगानी आवश्यक छ । जलवायु-उत्थानशील प्रविधिहरूलाई प्रयोग गर्न सके वातावरणीय परिस्थितिहरूमा दिगोपना वढाउनेछ । स्थानीय समुदाय र सरोकारवालाहरूसँगको सहकार्यात्मक साझेदारीलाई वलियो वनाउनुका साथै चलिरहेको शिक्षा अभियानहरू, स्वच्छता अभ्यासहरू प्रवर्द्धन गर्न, सरसफाई लाभहरूको दीर्घायु सुनिश्चित गर्न निरन्तर पहलकदमीहरु आवश्यक छ ।

## ६.६ विज्ञान तथा प्रविधि

### ६.६.१.पृष्ठभूमी

योजनाले "प्रदेशको समृद्धिका लागि नवप्रवर्तन, विज्ञान तथा प्रविधिको प्रचुर विकास" भन्ने दीर्घकालीन सोच राख्दै विज्ञान तथा प्रविधिको विकासमार्फत् आर्थिक वृद्धिमा योगदान पुऱ्याउने लक्ष्य तय गरेको छ । योजनामा अनुसन्धानमा लगानी वढेको हुने, विज्ञान र प्रविधिसम्वन्धी अनुसन्धान तथा प्रकाशनहरू वढेका हुने, प्रदेशमा नयाँ प्रविधिमा आधारित उत्पादनहरू शुरू भएका हुने, प्रादेशिक वायोटेक नविनता केन्द्र स्थापना भएको हुने, भविष्यलाई लक्षित गरी तीनवटा खगोलपार्क स्थल संरक्षण गर्ने कार्य शुरू भएको हुने र वैज्ञानिक अनुसन्धानका कारण प्रदेशले जैविक उपज तथा जडिवुटीवाट उल्लेख्य आम्दानी गरेको हुनेछ भन्ने अपेक्षित उपलव्धि पनि तय गरेको थियो ।

### ६.६.२ उपलव्धी विश्लेषण

#### ६.६.२.१ नीतिगत उपलव्धि

निर्धारित लक्ष्य प्राप्तिका लागि योजनामा विज्ञान तथा प्रविधि क्षेत्रको विकासका लागि ४ ओटा रणनीति र १२ ओटा कार्यनीति निर्धारण गरेकामा ३ ओटा कार्यनीति कार्यान्वयनमा आएका छन् भने बाँकी ९ ओटा कार्यान्वयनमा आउन सकेनन् । विज्ञान प्रविधिमा काम गर्ने संस्थाहरूसित सहकार्य गर्ने तथा विश्वविद्यालय, क्याम्पसहरूसित सहकार्य गरी प्राध्यापक तथा विद्यार्थीलाई वैज्ञानिक अनुसन्धानमा प्रोत्साहित गर्ने कार्यनीति अनुरुप विद्यालय प्राविधिक शिक्षालयहरुको सहकार्यमा कामहरु सुरु भएका छन् । प्रदेशका भौतिक पूर्वाधार विकासका आयोजनामा अनुसन्धानलाई समेट्ने व्यवस्था गर्ने कार्यनीति अन्तर्गत अनुसन्धानका लागि प्रस्तावहरुको माग भएको अवस्था रहेको छ । यसैगरी वर्षा तथा मौसम मापन, वायुऊर्जा तथा सौर्य ऊर्जाको संभावित क्षमता मापन र नदीहरूको बहाव मापनका लागि केन्द्रहरू स्थापना गरी संचालन गर्ने कार्यनीति अन्तर्गत वायु मौसम मापन केन्द्रको स्थापनामा सहयोग भएको छ ।

योजना अवधिको चौथो वर्षसम्ममा रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयन अवस्थासम्वन्धी विवरण अनुसूची ६.६ मा प्रस्तुत गरिएको छ ।

#### ६.६.२.२ विज्ञान तथा प्रविधि विकास क्षेत्रका प्रमुख आयोजना तथा कार्यकमसम्बन्धी उपलब्धि

योजनामा विज्ञान तथा प्रविधि विकास उपक्षेत्रका लागि ७ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएकोमा कार्यान्वयनको जिम्मेवारी प्रदेश सामाजिक विकास मन्त्रालय, संघीय सरकार,

स्थानीय सरकार, निजी क्षेत्र आदिलाई तोकिएको थियो । विज्ञान अनुसन्धान तथा प्रोत्साहन कार्यक्रम, विकास आयोजना अनुसन्धान प्रोत्साहन कार्यक्रम, प्रादेशिक विज्ञान तथा प्रविधि पार्कहरू, वायोटेक नवपर्वतन केन्द्र, मौसम मापन केन्द्र, विज्ञान प्रविधि उद्यम उत्थान कार्यक्रम, प्रविधिजन्य राष्ट्रिय अन्तर्राष्ट्रिय असल अभ्यासको सम्प्रेषण तथा उपयोग गरी ७ ओटा प्रमुख कार्यक्रमहरुमध्ये समीक्षा अवधिमा कुनै पनि आयोजना संचालन हुन सकेका छैनन् निर्धारित कुनै पनि कायक्रम कार्यान्वयन गर्न नसक्नुले विज्ञान तथा प्रविधि क्षेत्रको विकासका हिसाबले लुम्बिनी प्रदेश पछि रहेको हुँदा प्रदेश सरकारले विज्ञान र प्रविधि क्षेत्रमा यथाशक्य ठोस योजना तयार गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

### ६.६.२.३ परिमाणात्मक उपलब्धि

विज्ञान तथा प्रविधि विकास उपक्षेत्रका सूचकहरुको आ.व. २०७९/८० को लक्ष्य सम्बन्धमा कुनै प्रगति हुन सकेन । आधार तथ्यांक उल्लेख नगरिएका नतिजा सूचकहरुमा मौसम मापन केन्द्र, नदी वहाव मापन केन्द्र, सौर्य ऊर्जा मापन केन्द्र, र वायू ऊर्जा मापन केन्द्रको आ.व. २०७९/८० का लागि क्रमशः ११५, २५, १५ र १० संख्या निर्धारण गरिएकोमा कुनै पनि सूचकको प्रगति प्रतिवेदन हुन सकेन ।

### ६.६.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान

प्रदेशमा विज्ञान र प्रविधिको विकासमा भएका प्रगतिहरूले निश्चय पनि दिगो विकास लक्ष्यका विभिन्न सुचकहरुमा योगदान पुऱ्याउँछ । विज्ञान र प्रविधिको विकाससँग सम्बन्धित प्रदेशका गतिविधिहरुले उच्च गुणस्तरको शिक्षामा समान पहुँच सुनिश्चित (दिगो विकास लक्ष्य ४) गर्न विशेष योगदान पुऱ्याउन सक्छ । यसवाहेक अनुसन्धान, प्राविधिक उद्यमशीलता र प्रविधिमा अन्तर सम्वन्धित पूर्वाधार निर्माणले गतिशील र दिगो प्राविधिक इकोसिस्टमको निर्माणमा योगदान पुऱ्याउँछ । विज्ञान र प्रविधिमा प्रदेशले गरेका प्रयासहरूले रोजगारीका अवसरहरू (विकास लक्ष्य ८) सिर्जना गर्न र आर्थिक वृद्धिलाई उत्प्रेरित गर्न, नवप्रवर्तनका फाइदाहरू व्यापक वनाउन महत्वपूर्ण भूमिका खेल्ने गर्दछ ।

### ६.६.४ समस्या र सुझावहरु

**क) समस्या**

प्रदेश सरकारले विज्ञान तथा प्रविधि क्षेत्रको विकासमा अपेक्षित नतिजा हासिल गर्न नसक्नुमा लगानी योग्य स्रोहरुको कमि हुनु, आवश्यक सबै अन्तरसम्बन्धित क्षेत्रमा आर्थिक उपलव्ध प्रविधिको प्रयोग गर्न नसक्नु, जैविक विज्ञान तथा प्रविधि क्षेत्रको प्रवर्द्धन हुन नसक्नु, अनुसन्धान र विकासमा लगानी प्रोत्साहन गर्न नसक्नु, नवप्रर्वतन केन्द्र, अनुसन्धानशाला र प्रतिष्ठान स्थापना गरी तिनलाई विषयगत विशिष्ट केन्द्र (Centre of Excellence) को रूपमा विकास गर्न नसक्नु, अनुसन्धान प्रतिष्ठान, विश्वविद्यालय र औद्योगिक संस्थाहरूवीच समन्वयको अभाव रहनु, वैज्ञानिक तथा प्राविधिक जनशक्तिमा उद्यमशीलताको विकास नहुनु, आदि जस्ता प्रमुख समस्याहरु भोग्नु परेको अवस्था रहेको छ ।

### ख) सुझावहरु

अहिलेको युग विज्ञान र प्रविधिको युग हो । यस क्षेत्रको विकास बिना समद्धि असंभवप्रायः छ । विज्ञान र प्रविधिका विकासका लागि प्रदेश सरकारले विज्ञान र प्रविधिको विकाससंग सम्बन्धित अनुसन्धान विकास कोषको स्थापना गर्नुपर्ने, अनुसन्धानमा लगानी बढाउने, विज्ञान-प्रविधिको व्यापक प्रचार-प्रसार र प्रवर्द्धन गर्ने, वातावरण, स्वास्थ्य, खाद्य, आवास, सूचना-सञ्चार, शिक्षा र सामाजिक सुरक्षाका साथै खाद्य सुरक्षाको प्रत्याभूति गर्न उपलब्ध प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्ने, जैविक विज्ञान तथा प्रविधि क्षेत्रको अध्ययन अनुसन्धानलाई प्रभावकारी वनाउने, प्राथमिकताका विषयमा अध्ययन तथा अनुसन्धान गर्न विश्वविद्यालयलाई प्रोत्साहित गर्ने, विश्वविद्यालय, अनुसन्धान प्रतिष्ठान र औद्योगिक प्रतिष्ठानवीच सहकार्यको वातावरण वनाउने, औद्योगिक प्रतिष्ठानमा अनुसन्धान तथा विकास एकाइ स्थापनालाई जोड दिने, आदि जस्ता कार्यहरु संचालन गर्न आवश्यक देखिन्छ ।

### ६.६.५ उपसंहार

प्रदेशले विज्ञान र प्रविधिको विकासका लागि तय गरिएका कार्यनीतिको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको देखिदैन । तर विज्ञान र प्रविधिको विश्वव्यापि आवश्यकता र प्रभावलाई मध्यनजर गर्दै प्रदेशले यस तर्फ ठोस कदम चाल्न अपरिहार्य छ । नवप्रवर्तन, अनुसन्धान र प्राविधिक साक्षरताको संस्कृतिलाई पवर्द्धन गर्न प्रदेश सरकार रणनीतिक रुपमै लाग्नु पर्ने देखिन्छ । विज्ञान र प्रविधि क्षेत्रमा उद्यमशीलतालाई सक्रिय रूपमा प्रोत्साहित गर्न सकिन्छ । इन्क्युवेशन सेन्टरहरूको स्थापनाले स्टार्टअपहरूको वृद्धिलाई सहज वनाउदै सफल नवीन उद्यमहरूको उदय सम्भव हुन्छ । तसर्थ, विज्ञान र प्रविधि क्षेत्रको विकासका लागि प्रदेश स्तरमा ठोस योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

# परिच्छेद ७

# सुशासन र सुरक्षा

## ७.१ पृष्ठभूमि

### सुशासन तथा भ्रष्टाचार नियन्त्रण

नेपालको संविधानमा राज्यका नीतिअन्तर्गत् सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक वनाउदै राज्यवाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको पत्याभुत गर्ने कुरा उल्लेख छ । यस नीतिको कार्यान्वयनका लागि नागरिकले संविधान प्रदत्त आधारभूत मौलिक हकको वास्तविक अनुभूति गर्न सक्ने गरी सेवा प्रवाह गर्न सक्ने सार्वजनिक प्रशासनको विकास गर्न जरूरी हुन्छ ।

प्रदेश सरकारको कार्यप्रणाली जनअपेक्षा अनुरुप स्थापित गर्दै आवश्यक नीति तथा कानुनको तर्जुमा जनशक्ति व्यवस्थापन र संस्थागत संरचना निर्माणमार्फत सेवा प्रवाह पारदर्शी, जवाफदेही, जनमुखी र कानुनसम्मत एवं सहज, सरल र मितव्ययी तरिकाले उपलव्ध गराउने विषयलाई आवधिक योजनामा प्राथमिकतामा राखेको देखिन्छ ।

यसै सन्दर्भमा प्रदेशको आवधिक योजनाले जनताले वास्तविक रुपमै अनुभूत गर्नेगरी भ्रष्टाचारमुक्त असल शासनको प्रत्याभूति र सदाचारयुक्त समाजको निर्माण गर्ने दीर्घकालीन सोच वनाएकोमा प्रदेशको सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचार र अनियमितता नियन्त्रण गरी सुशासन सुनिश्चित गर्ने लक्ष्य लिएको छ । योजनमा कानुनी र नीतिगत पूर्वाधारहरूको निर्माण गर्ने, सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी वनाउने र सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्ने लगायतका प्राथमिकता समेत निर्धारण गरिएका छन् ।

### शान्ति सुरक्षा

नागरिकले शान्तपूर्वक बाँच्न पाउँने तथा कुनै पनि पेशा व्यवसाय शान्तिपूर्ण वातावरणमा गर्न पाउने अधिकार संविधानले नै सुनिश्चित गरेको छ । नेपालको संविधानले प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षाको विषयलाई प्रदेशको अधिकार सूचीमा राखेको छ । तथापि प्रदेशस्तरीय सुरक्षा संयन्त्र स्थापना हुन अझै बाँकी नै छ । प्रदेशको आवधिक योजनामा प्रभावकारी शान्ति सुरक्षा तथा अमनचयन व्यवस्था कायम गर्ने अठोट गरिएको छ । योजनामा शान्त, संयमित, हिंसारहित सुरक्षित र न्यायपूर्ण समाजको निर्माण गर्ने दिर्घकालिन सोच निर्धारण गरिनु साथै प्रदेशमा शान्तिसुरक्षाको प्रत्याभूति गराउने लक्ष्य तय गरिएको छ । तोकिएका रणनीति र कार्यनीतिको कार्यान्वयनबाट प्रदेश प्रहरीको संगठनको संस्थागत क्षमता वृद्धि भएको हुने, अपराधिक गतिविधिहर घटेका हुने र सर्वसाधारण मानिसहरुले सुरक्षित भएको अनुभूति गरेको हुनेछन् भन्ने अपेक्षित उपलब्धि निर्धारण गरिएको छ ।

## ७.२ उपलव्धि विश्लेषण

### ७.२.१ नीतिगत उपलव्धि

### सुशासन तथा भ्रष्टाचार नियन्त्रणसम्वन्धी नीतिगत उपलव्धी

सुशासन तथा भ्रष्टाचार नियन्त्रण क्षेत्रको लागि आवधिक योजनाले निर्धारण गरेका दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य हासिल गर्नका लागि विभिन्न ५ ओटा रणनीति र १८ ओटा कार्यनीतिहरू निर्धारण गरिएकोमा ११ ओटा कार्यान्वयनमा आएका छन् ।

नैतिकता र सदाचारको संस्कृतिलाई वढावा दिई प्रदेशवाट प्रवाह हुने सार्वजनिक सेवाहरूलाई गुणस्तरीय, मितव्ययी, एवम् पहुँचयोग्य वनाउने रणनीति अन्तर्गत प्रदेशको सार्वजनिक सेवाहरूलाई गुणस्तरीय, प्रभावकारी एवम् जनताको पहुँचयोग्य वनाउन विद्युतीय शासन प्रणालीको अवलम्वन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र संक्षेपीकरण गर्ने, सुझाव पेटी, हेलो सरकार, मोवाइल एप्स मार्फत जनगुनासो संकलन गरी तिनको यथाशीघ्र व्यवस्थापन र सम्वोधन गर्ने व्यवस्था मिलाउने, नैतिकता र सदाचार प्रवर्द्धन गर्न विद्यालयहरूमा पाठ्यक्रम सुधार, शिक्षण-प्रशिक्षण, जनचेतना तथा जनजागरणका कार्यक्रम सञ्चालन गर्ने, प्रदेशका सार्वजनिक सरोकारका विषयसंग सम्वन्धित निकायमा रहेका सूचनामा कानून वमोजिम नागरिकको न्यून लागतमा सरल एवम् सहज पहुँचको व्यवस्था मिलाउने, जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास तथा सुशासन सम्वन्धी तालिम सञ्चालन गर्नुको साथै आचारसंहिता जारी गरी लागु गर्ने, कर्मचारी सरूवा, वढुवा र पदस्थापना प्रणालीलाई पारदर्शी, वैज्ञानिक र पूर्वानुमान योग्य वनाउने गरी ६ ओटा कार्यनीति लिइएकोमा प्रायः जसो कार्यनीति कार्यान्वयमा ल्याइएको देखिन्छ ।

सुशासन र भ्रष्टाचार नियन्त्रण क्षेत्रको पहिलो रणनीति र त्यसअन्तर्गतका ६ ओटा कार्यनीतिको कार्यान्वयनका लागि विद्युतिय शासन अन्तरगत सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिएको, विद्युतिय माध्यमवाट सुझाव तथा गुनासो लिई फछ्र्यौट गरिएको, मन्त्रालयका कामकारवाहीका सम्वन्धमा मन्त्रालयको वेवसाइटमार्फत जानकारी दिने गरिएको, जनप्रतिधि तथा कर्मचारीहरुलाई सेवा प्रवाह सम्वन्धमा क्षमता विकासका कार्यक्रम सम्पन्न गरिएको देखिन्छ ।

प्रदेशको विकास निर्माण कार्य तोकिएको मापदण्ड कायम गरी तोकिएको समयमा सम्पन्न गर्ने रणनीति अन्तर्गत विकास निर्माणका कार्यहरूको समयतालिका तयार गरी गुणस्तर एवम् परिमाण यकिन गरी सोही अनुरूप कार्यान्वयन गर्ने, विकास निर्माणका कार्यहरूको सम्पूर्ण प्रगति विवरण प्रत्येक चौमासिकमा समीक्षा गरी प्रतिवेदन प्रकाशन गर्ने, प्रदेश आयोजना स्थलमा आयोजनासम्वन्धी विवरण खुलेको सूचना-पट्टिका (होर्डिङ वोर्ड) राख्ने व्यवस्थालाई अनिवार्य वनाउने गरी ३ ओटा कार्यनीति तय गरिएकोमा विभिन्न मन्त्रालय एवं निकायसँग समन्वयमा कार्य अगाडि वढाइएको देखिन्छ भने तोकिएका कार्यक्रमहरु कार्यान्वयनको क्रममा रहेका छन् ।

विकास कार्यक्रमहरूमा सार्वजनिक लेखापरीक्षणलाई अनिवार्य वनाउने रणनीति अन्तर्गत विकास निर्माण र सरकारको काम कारवाहीको प्रभावकारी अनुगमनको व्यवस्था गरिने तथा सार्वजनिक सुनुवाई र सार्वजनिक लेखापरीक्षणको व्यवस्था गर्ने गरी दुई कार्यनीति निर्धारण गरिएकोमा दुवै कार्यनीति कार्यान्वयनमा आएको देखिन्छ ।

भ्रष्टाचारको सवालमा शून्य सहनशीलताको नीति अवलम्वन गरी सरकारी कामकाजलाई निष्पक्ष, नतिजामुखी, पारदर्शी, जवाफदेही एवम् जनउत्तरदायी वनाउने रणनीति अन्तर्गत सरकारी कामकाज तथा आर्थिक कारोवारलाई पारदर्शी ढंगले सम्पादन गरिने, सूचना प्रविधिको प्रयोग गरी सरकारी कामकाज छिटो छरितो ढंगले गरिने, प्रदेशका कर्मचारीहरूलाई समयमा राम्रो काम गर्नेलाई पुरस्कार र राम्रो काम नगर्नेलाई दण्डको व्यवस्था गर्ने, कर्मचारीहरूसँग कार्य सम्पादन करार गर्ने पद्धति लागु गर्ने, जनताको प्रत्यक्ष सरोकार हुने र आर्थिक कारोवार हुने सरकारी कार्यालयहरूमा सिसिटिभी जडान गरी अनुगमन गर्ने लगायत ५ ओटा  कार्यनीति तय गरिएकोमा आवधिक योजनाको चौथो वर्षसम्ममा आइपुग्दा उल्लेखित कार्यनीतिको कार्यान्वयन उल्लेख्य रुपमा हुन नसकेको भएता पनि सि.सि.टि.भि जडान कार्यलाई प्राथमिकता दिएको साथै सूचना प्रविधिको प्रयोग लाई प्रोत्साहित गरिएको, आर्थिक कारोवारलाई पारदर्शी वनाउन सूचना प्रविधि, वैंकिङ्क प्रणाली तथा सफ्टवेयर प्रयोगमा जोड दिइ सेवाको लागत, गुणस्तर, समय लगायतमा समन्वय गरिएको देखिन्छ ।

सुशासन कायम गर्ने तथा भ्रष्टाचार नियन्त्रणसम्वन्धी कानून तर्जुमा गरी नागरिक समाज र समुदाय समेतको सहयोग र सहकार्यमा  कार्यान्वयनमा ल्याउने रणनीति अन्तर्गत सुशासन ( संचालन तथा व्यवस्थापन) र भ्रष्टाचार नियन्त्रणसम्वन्धी प्रदेशको कानून र आवश्यक रणनीति तथा कार्ययोजना वनाई नागरिक समाज, संचार क्षेत्र र समुदाय समेतको सहयोग र सहकार्यमा कार्यान्वयनमा ल्याउने, प्रदेश सरकारका काम कारवाहीहरूलाई लैङ्गिकमैत्री र समावेशी वनाउने गरी २ ओटा कार्यनीति तय गरिएकोमा सुशासन कायम गर्ने तथा भ्रष्टाचार नियन्त्रणसम्वन्धी कानून निर्माणको प्रक्रिया पूरा हुन नसकेको देखिन्छ भने लैङ्गिकमैत्री तथा समावेशी काम कारवाहीका लागि कार्यक्रमहरु संचालन गरिएका छन् । प्रदेश सुशासन ऐन २०७६, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५, संघ संस्था दर्ता ऐन २०७५, सार्वजनिक खरिदसम्वन्धी प्रदेश नियमावली २०७६ मार्फत सुशासन कायम गर्न प्रयत्न गरिएको देखिन्छ ।

समग्रमा यस उपक्षेत्रका १८ ओटा कार्यनीतिमध्ये धेरै जसो कार्यनीतिहरू भने कार्यान्वयनमा आउन सकेका छैनन् । कार्यान्वयन भएका कार्यनीतिमध्ये पनि धेरैजसोमा आंशिक मात्रामा कार्यान्वयन भएको र कतिपयमा कार्यान्वयन प्रारम्भ मात्र भएको अवस्था छ ।

योजना अवधिको चौथो वर्षसम्ममा सुशासन तथा भ्रष्टाचार नियन्त्रण उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयन अवस्थासम्वन्धी विवरण अनुसूची ७.१ मा प्रस्तुत गरिएको छ ।

## शान्ति सुरक्षासम्वन्धि नीतिगत उपलव्धी

शान्ति सुरक्षा क्षेत्रको लागि आवधिक योजनाले निर्धारण गरेको लक्ष्य हासिल गर्नका लागि विभिन्न ४ ओटा रणनीति र १९ ओटा कार्यनीतिहरू निर्धारण गरिएकोमा १५ ओटा कार्यन्वयनमा आएका छन् ।

शान्ति सुरक्षा कायम राख्न प्रादेशिक संस्थागत क्षमता वनाउने रणनीति अन्तर्गत ५ ओटा कार्यनीति तय गरिएकोमा योजना कार्यान्वयनको चार वर्षसम्ममा विभिन्न जिल्लामा प्रहरी चौकीहरुको निर्माण सम्पन्न गरिएको, कतिपय निर्माण सम्पन्न हुने चरणमा रहेको, आवश्यकतानुसार प्रदेश सुरक्षा समितिको वैठक निरन्तर वस्ने गरेको साथै जिल्ला स्तरीय सुरक्षा वैठक आयोजना गरिएको, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय वुटवलमा प्रि-फाइव महिला व्यारेक भवन निर्माण, लैङ्गिकमैत्री, वालमैत्री, अपाङ्गमैत्री/ज्येष्ठ नागरिकमैत्री शान्ति सुरक्षाको व्यवस्थाका लागि सुरक्षा निकायसँग सहजिकरण गरिएको, मन्त्रालयमा (PEOC- Provience Emergency Operation Centre) को स्थापना गरि १२ वटै जिल्लामा दैनिक घटेका विपद्जन्य घटनाहरुको विवरण (DEOC-District Emergency Operation Centre) लिई विवरण अद्यावधिक गरिएको, जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार प्राप्त भएको विपद्को क्षति तथा विवरणका आधारमा सम्वन्धित लाभग्राहीलाई क्षतिपूर्ति प्रदान गरिएको, क्षतिपुर्ति वितरणको लागि मन्त्रालयले प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका तयार गरि आवश्यकतानुसार संसोधन गरिएको छ । विपद्वाट क्षति भएका निजि आवासहरुको निर्माण गर्न प्रदेशको साझेदारी रहने ३० प्रतिशत रकम जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार कायम भएका लाभग्राहीको लागि निकासा दिने गरिएको, कारागारको भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भारका लागि प्रत्येक वर्ष वजेट विनियोजन गरि निकासा दिइएको साथै १२ वटै जिल्लामा कैदि वन्दिहरुलाई प्रत्येक वर्ष सकारात्मक सोच विकास कार्यक्रम सञ्चालन गरि मानसिक रुपमा अनुकुलन गर्ने क्षमता विकास गरिएको, कैदि वन्दिहरुलाई सिपमुलक कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्न वजेट विनियोजन गरिएको र दाङ्ग जिल्लाको तुल्सीपुर कारागार परिसरमा महिला वन्दि घर निर्माण सम्पन्न गरिएको देखिन्छ ।

दक्षता, क्षमता अभिवृद्धि गर्न तालिम केन्द्रहरू स्थापना र संचालन गरी प्रदेश प्रहरीको क्षमता अभिवृद्धि गर्ने रणनीति अन्तर्गत तालिम केन्द्र वुटवल व्यारेक ब्लक निर्माण तथा मर्मत गरिएको, नेपाल प्रहरी अस्पताल वाँके OT Block निर्माणाधिन रहेको, प्रहरी निकायवाट माग भए वमोजिम सि.सि.टि.भि. निर्माणमा सहजिकरण गरिएको, भालुवाङ्ग- लमहि सडक खण्डमा निर्माण सम्पन्न भएको सि.सि.टि.भि मर्मत सम्भारको लागि सहजिकरण गरिएको छ ।

अपराधिक गतिविधि कम गर्न सुरक्षासम्वन्धी सामाजिक चेतना अभिवृद्धि गर्ने तथा नेपाल सरकार, स्थानीय तह र अन्य सरोकारवालासँग सहकार्य गर्ने रणनीति अन्तर्गत ६ ओटा

कार्यनीति तय गरिएकोमा चौथो कार्यनीतिमात्र कार्यान्वयमा आएको देखिन्छ । जसअनुसार मन्त्रालयको आयोजना र नेपाल प्रहरीको सहजिकरणमा ट्राफिक सचेतना कार्यक्रम सम्पन्न गरिएको साथै लागू पदार्थ दुरुपयोग नियन्त्रण सम्वन्धमा स्थानिय स्तरमा सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको छ भने अन्य कार्यनीतिको कार्यान्वयन उल्लेख्य हुन सकेको छैन् ।

शान्तिसुरक्षा कायम गर्न नेपाल सरकार, स्थानीय तह र अन्य सरोकारवालासँग सहकार्य गर्ने रणनीति अन्तर्गत स्थानीय तह तथा न्यायिक समितिको कानून निर्माण तथा कार्यान्वय क्षमता अभिवृद्धि गर्न क्षमता विकास तालिम तथा कार्यक्रम सम्पन्न गरिएको, सिमा सुरक्षा र अपराध नियन्त्रण गर्न तराइ जिल्लाका जिल्ला सुरक्षा समिति तथा भारतिय प्रतिनिधिको उपस्थितिमा सुरक्षा वैठक सम्पन्न गरिएको साथै सचिव समेतको सहभागितामा सिमा निरीक्षण तथा अनुगमन सम्पन्न गरिएको छ ।

शान्ति र सुरक्षासम्वन्धी रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयन अवस्थासम्वन्धी विवरण अनुसूची ७.२ मा प्रस्तुत गरिएको छ ।

### ७.२.२ सुशासन र सुरक्षा क्षेत्रका प्रमुख आयोजना र कार्यक्रमसम्बन्धी उपलब्धि

योजनामा सुशासन र सुरक्षाअन्तर्गत सुशासन तथा भ्रष्टाचार नियन्त्रणसम्वन्धी उपक्षेत्रका लागि ६ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएकोमा छन् कार्यान्वयनको जिम्मेवारी विशेषतः गृह मन्त्रालय, संघीय तथा स्थानीय सरकार तथा विभिन्न संघ संस्था आदिलाई तोकिएको थियो । प्रथम आवधिक योजनामा तोकिएका ६ वटा कार्यक्रममध्ये समीक्षा अवधिसम्ममा ४ ओटा संचालन भएका छन् भने २ वटा कार्यान्वयनमा आउन सकेका छैनन् ।

सुशासन तथा भ्रष्टाचार नियन्त्रणसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था तालिका ७.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७.१ : सुशासन तथा भ्रष्टाचार नियन्त्रणसम्वन्धी प्रमुख आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क्र.स. | कार्यक्रम/वर्ष | भएको नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नीति, कानून एवम् कार्यविधि निर्माण र कार्यान्वयन | | सदाचार तथा सुशासनसम्वन्धी नीति, कानून र कार्यविधिको निर्माण र क्रमिक कार्यान्वयन | | | | |
| | उपलव्धी | भएको | प्रदेश सुशासन ऐन २०७६ निर्माण भई कार्यान्वयन भइरहेको | | | | |
| २ | विद्युतीय सुशासन | | कार्यविधि (SOP) निर्माण तथा कार्यान्वयन, तदनुरुपको संस्थागत संरचना र स्रोत-साधन विनियोजन (वजेट, जनशक्ति, उपकरणको व्यवस्था ) गरी सवै प्रदेश कार्यालयहरुमा सूचना प्रविधिको प्रयोग | | | | |
| | उपलव्धी | नभएको | | | | | |
| ३ | जनगुनासो संकलन तथा सम्वोधन | | निर्देशिका निर्माण, नियमित गुनासो संकलन तथा सम्वोधन | | | | |
| | उपलव्धी | भएको | हाल कार्यान्वयन भइरहेको | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | नैतिकता र सदाचार प्रवर्द्धन कार्यक्रम | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | |
| | उपलव्धी (संख्या) | नभएको | | | | |
| ५ | जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास तथा सुशासन सम्वन्धी तालिम कार्यक्रम | | तालिम संचालन | | | |
| | उपलव्धी (संख्या) | भएको | स्थानीय तहका प्रतिनिधिहरुको कानुनी क्षमता अभिवृद्धिको कार्यक्रम भइरहेको | | | |
| ६ | अनुगमन, मूल्यांकन जवाफदेहिता, तथा अनुपोषण (MEAL) | | कार्यविधि एवम् निर्देशिका तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | |
| | उपलव्धी (संख्या) | भएको | कार्यान्वयन भइरहेको | | | |

स्रोतः सम्बन्धीत मन्त्रालय ।

योजनामा सुशासन र सुरक्षाअन्तर्गत शान्ति सुरक्षासम्वन्धी उपक्षेत्रका लागि ११ वटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएकोमा प्रमुख आयोजना र कार्यक्रमको कार्यान्वयन गर्ने जिम्मेवारी विशेषतः गृह मन्त्रालय, संघीय तथा स्थानीय सरकार तथा विभिन्न संघ संस्था आदिलाई तोकिएको थियो । तोकिएका ११ वटा कार्यक्रममध्ये समीक्षा अवधिसम्ममा ९ वटा कार्यान्वयनमा आएको देखिन्छ भने २ वटा कार्यक्रम कार्यान्वयन हुन सकेनन् ।

शान्ति सुरक्षासम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था तालिका ७.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७.२ : शान्ति सुरक्षासम्वन्धी प्रमुख आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क्र.स. | कार्यक्रम/वर्ष | भएको नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश प्रहरी संगठन गठन, स्थापना र संचालन | | स्थापना र संचालन | संचालन | | | |
| | उपलव्धी | भएको | | प्रदेश प्रहरी तालिम केन्द्रमा वाटर प्लान र क्लास रुम निर्माण सम्पन्न भएको छ । | | | |
| २ | वडामा वडा प्रहरी इकाइ स्थापना | | आवश्यकताको पहिचान | आवश्यक ठाउँहरुमा प्रहरी इकाइ स्थापना | | | |
| | उपलव्धी (संख्या) | भएको | ▪ अर्घाखाँचीको धारापानी र गुल्मीको इ.प्र.का. चन्द्रकोटको भवन निर्माण भएको ।<br>▪ प्रदेश प्रहरी ईकाइ कोटगाँउ, रोल्पामा भवन, प्रदेश प्रहरी ईकाइ खुङ्गी, रोल्पाको भवन निर्माणको भएको ।<br>▪ प्रहरी ईकाइ जाङ भवन निर्माणको भएको ।<br>▪ प्रदेश प्रहरी ईकाइ चुजाठाँटी, प्यूठान भवन निर्माणको भएको ।<br>▪ प्रदेश प्रहरी ईकाई भवन निर्माण पिपलडाँडा, पाल्पा निर्माण भएको ।<br>▪ प्रदेश प्रहरी ईकाई भवन निर्माण शान्तिपुर, गुल्मी निर्माण भएको ।<br>▪ प्रहरी चौकी पुरन्धारा दाङ्गको भवनको निर्माण भएको ।<br>▪ ईलाका प्रहरी कार्यालय भगवानपुर वाँकेको भवन निर्माणको भएको<br>▪ ईलाका प्रहरी कार्यालय गणेशपुर कपिलवस्तुको भवन निर्माण भएको । | | | | |

| क.स. | कार्यक्रम/वर्ष | भएको नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | ▪ नवलपरासीको वेलटार, रुपन्देहीको हाटिवनगाई, कपिलवस्तुको पकडी, वर्दियाको जयनगर र भुरीगाँउ, वाँकेको धनौली, पाल्पाको वल्ढेङगढी, प्यूठानको मरन्ठा, रोल्पाको नुवागाँउ र रुकुमपूर्वको काँक्रीमा भवन निर्माणका लागि वजेट विनियोजन भएकोमा रूकुमको काक्री वाहेक अन्य स्थानमा वहुवर्षिय कार्यक्रम स्वीकृत गरी ठेक्का आव्हान गरिसकिएको ।<br>▪ लुम्विनी प्रदेश प्रहरी तालिम केन्द्र प्रशिक्षार्थी व्यारेक निर्माण गर्न वहुवर्षिक कार्यक्रम स्वीकृत गरी वोलपत्र आव्हान गरिएको ।<br>▪ विभिन्न जिल्लामा ११ वटा प्रहरी चौकी भवनहरू निर्माणको वहुवर्षिय योजना स्वीकृत भई निर्माणको क्रममा रहेको ।<br>▪ मध्यपश्चिम क्षेत्रीय प्रहरी अस्पताल वाँकेको अपरेशन थिएटर निर्माण गर्न वहुवर्षिक कार्यक्रम स्वीकृत गरी वोलपत्र आव्हान गरिएको । | | | | |
| ३ | प्रदेश सूचना केन्द्र संचालन | | नियमित संचालन र सूचनाको उपयोग | | | | |
| | उपलव्धी (संख्या) | | तथ्याङ्क उपलव्ध नभएको | | | | |
| ४ | कारागारको भौतिक सुधार कार्यक्रम | | आवश्यकताको पहिचान, डिपीरआर तयार | कारागार भवनको मर्मत र निर्माण | | | |
| | उपलव्धी (संख्या) | भएको | ▪ वर्दिया, दाङ्ग, वाँके, अर्घाखाँची, नवलपरासी, पाल्पा र रुपन्देही कारागार मर्मत भएका<br>▪ जग्गा प्राप्तिको प्रकृयामा रहेको<br>▪ कारागार कार्यालय रोल्पा निर्माणको क्रममा रहेको<br>▪ दाङ्गमा खुला कारागारको डि.पि.आर. तयार भएको<br>▪ ५ वटा कारागार कार्यालयहरुमा संरचना सुधार गरिएको<br>▪ कारागार कार्यालय गुल्मी, पाल्पा, रोल्पा, वर्दिया र कपिलवस्तुका कारागारहरुमा आवश्यक मर्मत सुधार सम्पन्न गरिएको ।<br>▪ दाङ जिल्लामा महिला कारागार भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको । | | | | |
| ५ | वन्दीहरुलाई आचारण सुधार र सिप विकास तालिम | | कार्यक्रम तर्जुमा र कार्यान्वयन | आवश्यकता अनुसार कार्यान्वियन | | | |
| | उपलव्धी (संख्या) | भएको | | प्रत्येक आ.व. १२ लुम्विनी प्रदेशका कारागारमा रहेका कैदीवन्दिहरुलाई सकारात्मक सोच विकास कार्यक्रम सम्पन्न गरिएको । | | | |
| ६ | प्रदेश अनुसन्धान व्यूरो स्थापना र संचालन | | स्थापना र संचालन | संचालन | | | |
| | उपलव्धी (संख्या) | | | | | | |
| ७ | प्रहरीहरूको क्षमता अभिवृद्धि कार्यक्रम | | कार्यक्रम तर्जुमा र कार्यान्वयन (तालिम, अपराध जोखिम स्थान पहिचान गरी सिसिटिभी जडान) | | | | |
| | उपलव्धी (संख्या) | भएको | ▪ भि.एम.एस.प्रविधिमा आधारित सुरक्षा प्रणाली जडान कार्य सम्पन्न गरिएको ।<br>▪ प्रहरीका लागि ६६ वटा मोटरसाईकल खरिद गरिएको<br>▪ प्रहरी कार्यालयहरुको लागि २० वटा चारपाङ्गे सवारी साधन खरिद गरिएको ।<br>▪ लुम्विनी प्रदेश प्रहरी कार्यालयमा डिजीटल फरेन्सिक ल्याव संचालन गर्नको लागि | | | | |

| क.स. | कार्यक्रम/वर्ष | भएको नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | आवश्य भिसेरा कटिङ रुम निर्माण कार्य सम्पन्न गरिएको ।<br>▪ लुम्विनी प्रदेशको राजधानी दाङको देउखुरी क्षेत्र (लमही देखि भालुवाङ्ग सम्म) मा भि.एम.एस. सिस्टममा कम्याटिवल हुनेगरी सि.सि.टि.भि. प्रणालीको जडान कार्य भैरहेको ।<br>▪ लुम्विनी प्रदेश भित्रका सवै प्रहरी कार्यालयहरु तथा लुम्विनी प्रदेश दंगा नियन्त्रण प्रहरी गणका लागि जम्मा २० वटा सवारी साधन खरिद गरिएको ।<br>▪ लुम्विनी प्रदेश प्रहरी तालिम केन्द्र वुटवल परिसरमा सि.सि.टि.भि जडान कार्य सम्पन्न गरिएको ।<br>▪ लुम्विनी प्रदेश ट्राफिक प्रहरी कार्यालय मार्फत १६ वटा ब्रेथलाईजर मेसिन खरिद गरिएको ।<br>▪ ट्राफिक व्यवस्थापनका लागि आवश्यक विभिन्न मेशिनरी औजार खरिद गरिएको । | | | | |
| ८ | शान्ती सुरक्षा प्रवर्द्धन कार्यक्रम (साइवर काइम नियन्त्रण समेत) | | कार्यक्रम तर्जुमा र संचालन | | | | |
| | उपलव्धी (संख्या) | | तथ्याङ्क उपलव्ध नभएको | | | | |
| ९ | पुर्नस्थापना गृहलाई सहयोग | | आवश्यकता पहिचान र सहयोग | | | | |
| | उपलव्धी (संख्या) | भएको | लागुऔषध प्रभावितका लागि संचालित ७ वटा पुर्नस्थापना केन्द्रलाई अनुदान दिएको | | | | |
| १० | न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम | | कार्यक्रम तर्जुमा र संचालन | कार्यक्रम | | | |
| | उपलव्धी (संख्या) | भएको | ▪ पाल्पा, गुल्मी जिल्ला तथा रुपन्देहीको वुटवल उपमहानगरपालिका स्थानीय न्यायीक समिति नगरपालिकामा सुचिकृत मेलमिलाप समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न गरिएको ।<br>▪ गुल्मी, पाल्पा र रुपन्देहीमा कानून व्यवसायीहरु, कर्मचारी तथा स्थानीय तहका पदाधिकारीहरु तथा अन्य सरोकारवालाहरुको सहभागितामा फौजदारी तथा देवानी संहिता सम्वन्धी अनुशिक्षण कार्यकम सम्पन्न गरिएको | | | | |
| ११ | द्वन्द्व प्रभावित विशेष कार्यक्रम (स्वास्थ्य उपचार, स्वास्थ्य वीमा, स्वरोजगार प्रवर्द्धन) | | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | |
| | उपलव्धी (संख्या) | भएको | ▪ १६० जना घाईते तथा अपाङ्गहरुको स्वास्थ्य उपचार भएको<br>▪ सशस्त्र द्वन्द्वको कममा घाईते तथा अपाङ्ग भएका १७५ जनालाई स्वरोजगार तालिम प्रदान गरिएको । | | | | |

स्रोतः सम्बन्धित मन्त्रालय ।

### ७.२.३ परिमाणात्मक उपलब्धि

सुशासन तथा भ्रष्टाचार नियन्त्रण र शान्ति सुरक्षासम्वन्धी नतिजा खाकामा समावेश भएको परिमाणात्मक लक्ष्य र सोसम्वन्धी विवरण तालिका ७.३ मा प्रस्तुत गरिएको छ।

**तालिका ७.३ : सुशासन तथा भ्रष्टाचार नियन्त्रण र शान्ति सुरक्षासम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था**

| नतिजा स्तर अनुसार प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | आ.व. २०७९/८० | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| **प्रभाव तह** | | | | |
| सुशासन रहेको अनुभूति (अनुभूति सर्वेक्षणका आधारमा) | - | - | - | - |
| **असर तह** | | | | |
| **शान्ति सुरक्षा** | | | | |
| विगत १२ महिनामा हिंसामा परेका जनसंख्याको प्रतिशत (दिविल १६.१) | प्रतिशत | ७.८ | - | - |
| सुशासन तथा भ्रष्टाचार नियन्त्रण | | | | |
| भष्ट्राचार सूचकाङ्क | - | - | - | - |
| भष्ट्राचारका घटनाहरु | संख्या | २६६२* | - | ३२५८* |
| (क) उजुरी | रु करोड | - | - | - |
| **कार्यान्वयन, अनुगमन र मूल्याकंन** | | | | |
| पूँजीगत वजेट खर्च प्रतिशत | प्रतिशत | ६१.१९ | ९५ | ७२.४५ |
| भौतिक प्रगति | प्रतिशत | - | ९८ | - |
| लक्षित आयोजना सम्पन्न दर | प्रतिशत | - | - | - |
| **प्रतिफल तह** | | | | |
| **शान्ति सुरक्षा** | | | | |
| प्रदेश प्रहरी, प्रहरी चौकी निर्माण | संख्या | - | ४० | ११ |
| सुधार भएका कारागार भवन संख्या | संख्या | १२ | - | १० |
| तालिम प्राप्त वन्दी | संख्या | ४५० | - | - |
| सिसिटिभी जडान गरिएको स्थान | संख्या | ४३ | १७३ (७८/७९) | १५ |
| सामाजिक जागरणमा समेटिएका व्यक्ति | संख्या | १५०० | २५०० (७८/७९) | - |
| अपराधिक घटना | संख्या | - | - | १६५८ |
| कारागारमा वन्दीहरूवाट भएको उत्पादन | रु करोडमा | - | - | - |
| सवै पालिकाका न्यायिक समितिले समाधान गरेका मुद्दाहरु | संख्या | - | - | - |
| **सुशासन, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन** | संख्या | | | |
| नीति, कानून तर्जुमा (वार्षिक) | संख्या | ५० | १० | २७ |
| प्रदेशस्तरीय प्रशिक्षण केन्द्रवाट तालिम (वार्षिक) | संख्या | - | ३०० | २४ |
| प्राप्त जनगुनासो | संख्या | १५० | - | - |
| सम्वोधन गरिएको जनगुनासो | प्रतिशत | ९५ | १०० | - |
| मूल्याकंन भएका आयोजना/कार्यक्रम | संख्या | - | ६ | - |

स्रोतः सम्बन्धित मन्त्रालय

*अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बार्षिक प्रतिवेदन २०८० मा उल्लेख भ्रष्टाचारका जम्मा उजुरी संख्या।

प्रभाव तहको सूचकको रुपमा रहेको सुशासन रहेको अनुभूति (अनुभूति सर्वेक्षणका आधारमा), असर तहको सूचक विगत १२ महिनामा हिंसामा परेका जनसंख्याको प्रतिशत र भ्रष्टाचार सूचकाङ्क सम्बन्धि प्रगति प्राप्त हुन सकेन । भ्रष्टाचारका घटनाहरुको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा रहेका जम्मा उजुरी हेर्दा आधार वर्षको २६६२ उजुरी संख्या आ. व. २०७९/८० मा बढन् गई ३२५८ पुगेको देखिन्छ । पूँजीगत वजेट खर्च प्रतिशत आधार वर्षको ६१.१९ प्रतिशत भन्दा योजनाको चौथो वर्षमा ७२.४५ प्रतिशत पुगी प्रगति भएको देखिन्छ । शान्ति सुरक्षा अन्तर्गत प्रदेश प्रहरी, प्रहरी चौकी निर्माणमा संख्या ४० लक्ष्य राखिएकोमा ११ प्रगति भई आधार तथ्यांक तयार भएको छ । यसैगरी लक्ष्य नतोकिएको सुधार भएका कारागार भवन संख्या १० पुगेकोका आधार तथ्याङ्क तयार भएको छ । अपराधिक घटनामा आ. व. २०७९/८० को संख्या १६५८ पुगेकोमा यसमा पनि आधार तथ्याङ्क तयार भएको छ । नीति, कानून तर्जुमा (वार्षिक) संख्याको लक्ष्य १० रहेकोमा प्रगति २७ भएको छ । यसरी सुशासन तथा भ्रष्टाचार नियन्त्रण र शान्ति सुरक्षासम्वन्धी परिमाणात्मक लक्ष्यमा मिश्रित प्रगति भएको देखिन्छ ।

### ७.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान

दिगो विकास लक्ष्य २०३० ले दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सवैको पहुँच प्रदान गर्ने लक्ष्य तय गरेको छ । लक्ष्य १.६.१ ले उल्लेखनीय रूपमा सवै प्रकारका हिंसा र सम्वन्धित मृत्यु दरलाई घटाउने उल्लेख गरेको छ । यसैगरी लक्ष्य १६.२ ले वालवालिकामाथि हुने दुर्व्यवहार, शोषण, बेचबिखन र सवै प्रकारका हिंसा र यातनाको अन्त्य गर्ने र लक्ष्य ६.३ ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा कानुनी शासनको प्रवर्द्धन गर्ने र न्यायमा सवैको समान पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको छ । दिगो विकास लक्ष्य अन्तर्गत राष्ट्रिय लक्ष्यले सुशासनको प्रत्याभुति गराई भ्रष्टाचारमा शुन्य सहनशीलताको रणनीति अपनाएको देखिन्छ ।

प्रदेशको आवधिक योजनाले दिगो विकासको १६ नं. लक्ष्यलाई योगदान गर्ने गरी लुम्विनी प्रदेशका नागरिकलाई शान्ति सुरक्षा र सुशासनमा रहेको अनुभूति गराउने गरी योजना तर्जुमा तथा कानुनको निर्माण गर्ने गरी कार्य अगाडि वढाएको देखिन्छ । तथापि दिगो विकासलाई आधार मानी योजनाको लक्ष्य र सन् २०३० को लक्ष्य निर्धारण गरिएको छैन । यस अर्थमा दिगो विकास लक्ष्यमा शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सवैको पहुँच प्रदान गर्ने सम्बन्धि कार्यक्रमहरुको संचालनमा योगदान पुग्ने गरी कार्य गर्न जरुरी देखिएको छ ।

## ७.४ समस्या तथा सुझावहरू

### क) समस्याहरू

योजनामा उल्लेखित कार्यक्रम कार्यान्वयनका लागि प्रादेशिक इकाई तथा कार्यालयहरू नहुँदा कार्यक्रम कार्यान्वयनमा कठिनाई भएको, प्रहरीको समायोजन भई प्रदेश मातहतमा नआएकोले वजेट तथा कार्यक्रम कार्यान्वयनमा समस्या देखिएको, नीति निर्माण र कार्यसञ्चालनमा संलग्न रहने जनशक्तिको अभाव, कार्यक्षेत्रमा आउने परिवर्तन र मन्त्रालयवीचको समन्वयमा हुने समस्याको कारण आवधिक योजनाले तोकेका आयोजना तथा कार्यक्रम कार्यान्वयनमा समस्या उत्पन्न भएको देखिन्छ ।

प्रदेश तहको संरचना नौलो भएको कारण प्रदेश सरकारले सुशासन तथा भ्रष्टाचार नियन्त्रण एवं शान्ति सुरक्षा जस्ता विषयमा पर्याप्त ध्यान पुऱ्याउन सकेको देखिदैन । शान्ति सुरक्षाको विषयमा प्रदेश प्रहरीको संरचना स्थापना हुन नसक्दा धेरै कामहरू हुन सकेका छैनन् । शान्ति सुरक्षा तथा भ्रष्टाचार नियन्त्रणका लागि आवश्यक जनशक्ति, प्रादेशिक इकाई तथा कार्यालयहरू कम हुँदा कार्यक्रम कार्यान्वयनमा प्रदेश सरकारको भूमिकामा कठिनाई उत्पन्न हुनुका साथै स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासमा अपेक्षित प्रगति हासिल हुन नसक्दा पनि कार्यान्वयनमा समस्या भोग्नु परेको छ ।

### ख) सुझावहरू

शान्ति सुरक्षाका लागि प्रदेश प्रहरी स्थापना र परिचालनमा सङ्घीय सरकारसँगको समन्वयमा अर्थपूर्ण पहल गर्नुपर्ने देखिन्छ । प्रदेशमा जनशक्तिको अभाव हुन नदिन तत्काल वैकल्पिक उपायको खोजी गर्न आवश्यक छ भने प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासका लागि सञ्चालन हुने कृयाकलापहरूमा ध्यान दिन आवश्यक छ । यसैगरी शान्ति सुरक्षा र सुशासनको अनुभूति जनस्तरमा गराउन सरकार संचालनमा सदाचार, निष्पक्षता, पारदर्शिता एबं जवाफदेहीता प्रर्दशन गर्नु जरुरी छ । यसैगरी साधन स्रोतहरुको सदुपयोग, वित्तीय अनुशासन कायम गर्दै सरकारी सेवा प्रवाहीकरणमा प्रभावकारिता ल्याई नागरिक सन्तुष्टिको अवस्थामा सुधार गर्ने कार्यमा प्रदेश सरकारको ध्यान जानु जरूरी छ ।

## ७.५ उपसंहार

सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, नतिजामूलक र सुशासनयुक्त वनाउने पहिलो दायित्व सरकारको हो । सरकारका नीति तथा कार्यक्रमलाई उपयुक्त तवरले यथा समयमै कार्यान्वयन गरी नागरिक आवश्यकता परिपूर्ति गर्नुका साथै सरकार र नागरिक वीचको सम्वन्धलाई सुमधुर वनाई प्रदेशमा सुशासन कायम गरी शान्ति सुरक्षाको प्रत्याभुति गर्न अति आवश्यक रहन्छ । प्रदेशमा शान्ति सुरक्षाका सवालमा मापनयोग्य सूचकहरुको निर्माणमा ध्यान दिने तथा योजनाले तय गरेको सूचकका आधारमा वार्षिक वजेट कार्यक्रमको तर्जुमा गरेर अगाडि वढ्न आवश्यक छ ।

# परिच्छेद ८

## अन्तरसम्वधित क्षेत्र

### ८.१ गरिवी निवारण

#### ८.१.१ पृष्ठभूमि

गरिवी निवारण राष्ट्रिय विकासको प्राथमिकता र दिगो विकास लक्ष्य प्राप्तिको अनिवार्य पूर्वशर्त मात्र नभएर प्रदेश आवधिक योजनाले निर्धारण गरेको "निरपेक्ष गरिवी शून्य भएको समृद्ध प्रदेश" को दीर्घकालीन सोच प्राप्तिको प्रमुख आधार पनि हो । यसका लागि योजनाले वहुपक्षीय ढंगवाट प्रदेशको आयमूलक, मानवीय तथा वहुआयामिक गरिवी न्यूनिकरण गर्ने लक्ष्य राखेको छ ।

#### ८.१.२ उपलव्धी विश्लेषण

#### ८.१.२.१ नीतिगत उपलव्धि

गरिवी निवारण उपक्षेत्रको लागि आवधिक योजनाले निर्धारण गरेका दीर्घकालीन सोच र लक्ष्य उद्देश्य हासिल गर्नका लागि विभिन्न ३ ओटा रणनीति र १३ ओटा कार्यनीतिहरू निर्धारण गरिएका छन् । सघन गरिवी भएका क्षेत्रहरू पहिचान गरी गरिवी निवारणका लागि लक्षित कार्यक्रम संचालन गर्ने रणनीति अन्तर्गत प्रदेश स्तरमा गरिवीका कारणहरू पहिचान गर्न अध्ययन गर्ने, स्थानीय तहसँग सहकार्य गरी गरिवीको सघनता र मानव विकासमा पछि परेका पिछडिएको क्षेत्रमा गरिव घरपरिवार पहिचान गरी मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम मार्फत् लक्षित विकासका कार्यक्रम संचालन गर्ने र सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई गरिव घर परिवारमा केन्द्रित गर्ने गरी ३ ओटा कार्यनीति लिइएकोमा मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सन्चालन कार्यविधि कार्यान्वयमा ल्याइएको छ ।

गरिवी निवारणका लागि रोजगारी र आय आर्जनका कार्यक्रम संचालनका साथै ती कार्यक्रममार्फत लैङ्गिक विभेद समेत न्यूनीकरण गर्ने रणनीति अन्तर्गत कृषि, उद्योग र पर्यटनलाई गरिवी निवारणतर्फ परिलक्षित गर्ने, भौतिक पूर्वाधार निर्माण गर्दा विपन्नलाई रोजगारी दिन प्राथमिकता दिने, न्यून आय भएका मानिसहरूलाई निःशुल्क सिपमूलक तालिम प्रदान गर्ने, गरिव परिवारहरूलाई विभिन्न आर्थिक क्रियाकलाप संचालन गर्न अनुदान उपलव्ध गराइने साथै, आर्थिक सशक्तीकरण मार्फत लैङ्गिक विभेद कम गर्ने र गरिव घरपरिवारलाई कम्तीमा एक घर एक रोजगारीको प्रत्याभूतिको व्यवस्था गर्ने गरी ५ ओटा कार्यनीति तय गरिएकोमा विभिन्न मन्त्रालय एवं निकायवाट जनता आवास कार्यक्रम, गरिवी न्यूनीकरणका लागि सीप विकास तालिम तथा वस्तुगत सहयोग कार्यक्रम जस्ता गरिवी निवारण सम्वन्धी कार्यक्रम कार्यान्वयनमा रहेका छन् ।

गरिवीलाई वहुआयामिक उपायवाट सम्वोधन गर्ने रणनीति अन्तर्गत गरिव घरपरिवारहरूलाई आम्दानी, वचत र खर्चसँगै वैकिङ्ग ज्ञान प्रदान गरी वचत गर्ने वानीलाई प्रोत्साहन गर्ने, गैर सरकारी संस्थाहरूलाई गरिवीको सघनता वढी भएका स्थानहरूमा गरिवी न्यूनीकरणका कार्यक्रम संचालन गर्न अभिप्रेरित गर्ने, जनजागरणको माध्यमवाट परम्परागत अन्धविश्वास, कुरिती र कुसंस्कारहरू हटाउने, शिक्षा र स्वास्थ्यमा पहुँच वढाई मानवीय पूँजी विकास गर्ने र भूमिहीन मानिसहरूलाई व्यावसायिक कृषि कर्म गर्न करारमा जग्गा उपलव्ध गराउन सहयोग गर्ने सहित ५ ओटा निर्धारण गरिएकोमा भूमिहीन किसानका लागि करार खेतीमा अनुदान कार्यक्रम, विपन्न नागरिकको लागि दम तथा व्रोन्काइटिस रोग उपचार आर्थिक सहुलियत र उच्च शिक्षामा विपन्न लक्षित छात्रवृति व्यवस्था गरिएको छ । तर धेरै जसो कार्यनीतिहरू भने कार्यान्वयनमा आउन सकेका छैनन् ।

समग्रमा यस उपक्षेत्रका कुनैपनि कार्यनीति ठोसरुपमा कार्यान्वयनमा आउन सकेका छैनन् । खासगरी सम्वन्धित मन्त्रालयले आफै गरिवीसंग सम्वन्धित कुनै कार्यक्रम संचालन गरेको पाइएन । तर अर्थ मन्त्रालयले विषयगत मन्त्रालयहरुको गरिवी निवारणसंग सम्वन्धित आयोजना/कार्यक्रमहरुलाई वजेट विनियोजनमा प्राथमिकता दिई सहजीकरण गरेको छ । योजना अवधिको चौथो वर्षसम्ममा रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयन अवस्थासम्वन्धी विवरण अनुसूची ८.१ मा प्रस्तुत गरिएको छ । हालसम्मको उपलव्धि अवस्था हेर्दा योजनाको वाँकी अवधिमा लक्षित प्रगति हासिल हुने अवस्था देखिदैन ।

### ८.१.२.२ गरिवी निवारण क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलव्धि

प्रथम आवधिक योजनामा गरिवी निवारण उपक्षेत्रका लागि ४ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् र जसको कार्यान्वयन गर्ने जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई तोकिएको थियो । ४ ओटा प्रमुख कार्यक्रमहरुमध्ये समीक्षा अवधिमा १ ओटा संचालन भएको थियो भनें वाँकी ३ ओटा संचालन हुन सकेका छैनन् । योजनाको कार्यक्रमिक उपलव्धि तालिका ८.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ८.१ : गरिवी निवारणसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम (लक्ष्य) | | ३५ गाँउपालिकामा | ४५ गाँउपालिकामा | ५५ गाँउपालिकामा | ७३ गाँउपालिकामा | |
| | उपलव्धि (संख्या) | भएको | - | - | - | - | संख्या प्राप्त नभएको |
| २ | जनजागरण | | कार्यक्रम तर्जुमा र संचालन | संचालन | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उपलब्धि (संख्या) | नभएको | - | - | - | - | |
| ३ | विपन्न लक्षित छात्रवृत्ति तथा सिप विकास कार्यक्रम | | कार्यक्रम तर्जुमा र संचालन | संचालन | | | |
| | उपलब्धि (संख्या) | नभएको | - | - | - | - | |
| ४ | भूमिहीन कृषि कार्यक्रम | | संचालन | संचालन | | | |
| | उपलब्धि (संख्या) | नभएको | - | - | - | - | |

स्रोतः सम्बन्धित मन्त्रालय ।

### ८.१.२.३ परिमाणात्मक उपलब्धि

प्रदेशको आवधिक योजनामा आधार वर्ष अर्थात् आ.व. २०७५/७६ मा निरपेक्ष गरिवीको रेखामुनि रहेको जनसंख्या १८.२० प्रतिशत रहेको दरलाई योजनाको अन्त्य अर्थात् आ.व. २०८०/८१ सम्ममा १० प्रतिशत र वहुआयामिक गरिवीलाई क्रमशः २९.९ प्रतिशतवाट १५ प्रतिशतमा ल्याउने लक्ष्य रहेको छ । राष्ट्रिय योजना आयोगको दोस्रो वहुआयामिक गरिवी सूचकाङ्क प्रतिवेदन २०७९ अनुसार वहुआयामिक गरिवी दर राष्ट्रिय औसत १७.४० प्रतिशत र लुम्विनी प्रदेशको  वहुआयामिक गरिवी दर १८.४० प्रतिशत रहेको छ । कोभिड–१९ महामारी र वर्तमान आर्थिक संकुचनको प्रभावले निरपेक्ष गरिवीको रेखामुनि रहेको जनसंख्या निरपेक्ष गरिवीको रेखामुनि रहेको जनसंख्या, आर्थिक एवं सामाजिक रुपले विपन्न, गरिव र वञ्चितीकरणमा परेका वर्ग, क्षेत्र र समुदायका साथै न्यून मध्यम वर्ग भएको घरपरिवार र समुदाय समेत गरिवीको दुस्चक्रमा पर्ने उच्च जोखिम रहेको हुँदा योजनाले तोकिएको लक्ष्य हासिल गर्न सक्ने देखिँदैन ।

योजनामा आधार वर्ष अर्थात् आ.व. २०७५/७६ मा ३७.३ प्रतिशत रहेको श्रम सहभागिता दरलाई योजनाको अन्त अर्थात् आ.व. २०८०/८१ सम्ममा कति प्रतिशत पुऱ्याउने हो भन्ने लक्ष्य निर्धारण गरिहेको छैन । प्रदेशको मध्यकालीन खर्च संरचना (२०७६/७७–२०७८/७९) मा पनि लक्ष्य समेटिएको छैन ।

योजनाले वेरोजगारी दरलाई ११.२ प्रतिशतवाट ६ प्रतिशतमा झार्ने लक्ष्य राखेको छ । प्रदेशको मध्यकालीन खर्च संरचना (२०७६/७७–२०७८/७९) मा यो लक्ष्य ८ प्रतिशत राखिएको छ । वेरोजगारी दर लक्ष्य अनुसार घटने सुनिश्चित छैन ।  श्रम तथा रोजगारी सम्वन्धमा  अन्य विस्तृत लक्ष्यहरु निर्धारण गरेको देखिदैन ।

आधार वर्षमा यु.एस.डलर ८०३ रहेको प्रतिव्यक्ति आयलाई योजनाको अन्तसम्ममा झण्डै दोव्वर यू.एस. डलर १६०० पुऱ्याउने योजनाको लक्ष्य रहेको छ । आ.व. २०७९/८० मा यो ११२६ यू.एस.डलर पुग्ने अनुमान छ । जुन राष्ट्रिय औसत प्रतिव्यक्ति आयभन्दा कम हो । उत्पादन र रोजगारी लक्ष्यअनुसार वृद्धि हुन नसकेको परिप्रेक्षमा प्रतिव्यक्ति आय लक्ष्यअनुसार वढ्ने अपेक्षा गर्न सकिँदैन ।

योजनामा गरिवी निवारणलाई उपक्षेत्रको रूपमा समावेश गरिएको भए पनि नतिजा खाकामा गरिवी र असमानता न्यूनीकरण शीर्षकमा १२ ओटा नतिजा सूचक समावेश गरिएका छन् । यी सूचकहरूमध्ये लक्षित कार्यक्रमवाट फाइदा लिएका गरिव घरपरिवार र भूमिहीन कृषि कार्यक्रममा समावेश घरपरिवारसम्वन्धी आधार वर्षको तथ्याङ्क र योजना अवधिको लक्ष्य सूचक समेत समावेश हुन सकेको छैन भने जनजागरण कार्यक्रमवाट लाभान्वित, सिप विकासवाट लाभान्वित र भूमिहीन कृषि कार्यक्रमवाट लाभान्वित संख्यासम्वन्धी सूचकहरूको आधार वर्षको तथ्याङ्क निर्धारण गरिएको छैन । साथै प्रभाव तह र असर तहका सूचकहरुमा समीक्षा वर्ष आ.व. २०७९/८० को लक्ष्य सूचक निर्धारण गरिएको छैन । गरिवी निवारण उपक्षेत्रको नतिजा खाकामा समावेश भएको परिमाणात्मक लक्ष्य र योजनाको पहिलो चार वर्ष अवधिका हासिल भएको प्रगतिसम्वन्धी विवरण तालिका ८.२ मा समावेश गरिएको छ ।

गरिवी निवारण उपक्षेत्रको योजना अवधिको लागि निर्धारण गरिएका समग्र अन्तरसम्वन्धित क्षेत्रका नतिजा खाकामा प्रभाव तहका ५ ओटा सूचक सहितका १३ ओटा लक्ष्य सूचकहरूमध्ये २ ओटा सूचकको मात्र प्रगति विवरण प्राप्त हुन सकेको छ । अन्य सूचकहरूमा प्रगति विवरण उपलव्ध हुन नसेकेको कारण सोसम्वन्धी विश्लेषण भने प्रस्तुत गर्न सकिएको छैन । हालसम्मको उपलव्धि अवस्था हेर्दा योजनाको वाँकी अवधिमा लक्षित प्रगति हासिल हुने अवस्था देखिदैन ।

### तालिका ८.२ : गरिवी निवारणसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा स्तर अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | आ.व. २०७९/८० | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| **प्रभाव तह** | | | | |
| निरपेक्ष गरिवीको रेखामुनिको जनसंख्या (दिविल १.२.१) | प्रतिशत | १८.२ | १०* | प्राप्त नभएको |
| वहुआयामिक गरिवीको दर (दिविल १.२.२) | प्रतिशत | २९.९ | १५* | १८.४+ |
| आय असमानता -जिनी घाताङ्क)(दिविल १०.१.१) | प्रतिशत | ०.३१ | ०.२८* | प्राप्त नभएको |
| वेरोजगारीको दर (दिविल ८.५.२) | प्रतिशत | ११.२ | ६.०* | ८.१ |
| सामाजिक न्याय रहेको अनुभूति (अनुभूति सर्वेक्षणको आधारमा) | – | – | – | प्राप्त नभएको |
| **असर तह** | | | | |
| लक्षित कार्यक्रमवाट फाइदा लिएका गरिव घरपरिवार | संख्या | – | – | प्राप्त नभएको |
| भूमिहीन कृषि कार्यक्रममा समावेश घरपरिवार | संख्या | – | – | प्राप्त नभएको |
| कूल आयमा तल्लो ४० प्रतिशत जनसंख्याको आम्दानीको अंश | प्रतिशत | ४.६ | १२* | प्राप्त नभएको |
| **प्रतिफल तह** | | | | |
| जनजागरण कार्यक्रमवाट लाभान्वित | संख्या | ० | १२ | प्राप्त नभएको |
| छात्रवृत्तिवाट लाभान्वित | संख्या | ० | १०० | प्राप्त नभएको |
| सिप विकासवाट लाभान्वित | संख्या | ० | २०० | प्राप्त नभएको |
| भूमिहीन कृषि कार्यक्रम लाभान्वित | संख्या | ० | १०० | प्राप्त नभएको |
| मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम लाभान्वित गाउँपालिका | संख्या | ३५ | ७३ | प्राप्त नभएको |

स्रोतः सम्बन्धित मन्त्रालय ।

*आ.व. २०८०/८१ को लक्ष्य सूचक, राष्ट्रिय योजना आयोग, २०२१

## ८.१.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान

दिगो विकासको लक्ष्यले सन् २०३० सम्ममा चरम गरिवीलाई शून्यमा झार्ने लक्ष्य लिएको छ । राष्ट्रिय मापनमा गरिवीको दर सो समयमा आधामा झार्ने लक्ष्य रहेको छ जसअनुसार सन् २०३० सम्ममा गरिवीको दर ५ प्रतिशतमा ल्याउने लक्ष्य रहेको छ । दिगो विकासको लक्ष्य अनरूप अमेरिकी डलर १.२५ प्रतिदिन भन्दा कम आम्दानी (क्रयशक्तिमा आधारित) भएको जनसंख्याको प्रतिशत सन् २०२२ मा १३.७ प्रतिशत र सन् २०३० सम्म ४.९ प्रतिशत ल्याउने लक्ष्य रहेको छ । वहुआयामिक गरिवीको दरलाई सन् २०२२ सम्ममा १८.२६ प्रतिशत र सन् २०३० सम्ममा ६.४८ प्रतिशतमा झार्ने नेपालको प्रतिवद्धता रहेको छ ।

प्रदेशको आवधिक योजनाले गरिवी निवारणसम्वन्धी दिगो विकासको लक्ष्यसंग सम्वन्धीत ४ ओटा लक्ष्यहरुलाई प्रभाव तहको सूचीमा राखेको छ । योजनाले प्रदेशको निरपेक्ष गरिवीको रेखामुनिको जनसंख्या (दिविल १.२.१) आ.व. २०७५/७६ को १८.२ प्रतिशतवाट घटाएर आ.व. २०८०/८१ मा १०.० प्रतिशतमा झार्ने लक्ष्य राखेको छ । वहुआयामिक गरिवीको दर (दिविल १.२.२) सम्वन्धमा आ.व. २०७५/७६ को २९.९ प्रतिशतवाट घटाएर आ.व. २०८०/८१ मा १०.० प्रतिशतमा झार्ने लक्ष्य राखेको छ । यसैगरी आय असमानता (जिनी घाताङ्क)(दिविल १०.१.१) २०७५/७६ को ०.३१ प्रतिशतवाट घटाएर आ.व. २०८०/८१ म ०.२८ प्रतिशतमा झार्ने लक्ष्य राखेको छ भनें वेरोजगारीको दर (दिविल ८.५.२) आ.व. २०७५/७६ को ११.२ प्रतिशतवाट घटाएर आ.व. २०८०/८१ मा ६.० प्रतिशतमा झार्ने लक्ष्य राखेको छ । योजनाको यो लक्ष्य पुरा नहुने देखिन्छ । Report on the Nepal Labour Force Survey 2017/18, NPC, CBS का अनुसार लुम्विनी प्रदेशको वेरोजगारीको दर ११.२ प्रतिशत रहेको थियो । समीक्षा वर्ष २०७९/८० को लक्ष्य र सन् २०३० को लक्ष्य निर्धारण गरिएको छैन । यस अर्थमा दिगो विकास लक्ष्यमा गरिवी निवारणसम्वन्धी कार्यक्रमहरुको योगदान उल्लेखनीय मान्न सकिने अवस्था छैन ।

## ८.१.४ समस्या र सुझावहरु

### क) समस्याहरू

गरिवी निवारणको विषय तीनओटै तहका सरकारको प्राथमिकताको विषय भए पनि यो आफैंमा वहुआयामिक र जटिल विषय हो । तसर्थ गरिवी निवारणको विषयमा लामो प्रयासका वावजुद पनि अपेक्षित नतिजा प्राप्त हुन सकेको देखिदैन । खासगरी गरिव घर परिवार पहिचान गरी परिचयपत्र वितरण गर्ने, उपलव्ध स्रोत साधनलाई लक्षित वर्गको हित संरक्षणमा केन्द्रित गर्ने, कृषिको व्यवसायीकरण र उद्योग र सेवा क्षेत्रमा लगानीमैत्री वातावरण तयार गरी पर्याप्त रोजगारीका अवसरहरू सिर्जना गर्ने, भौगोलिक लैङ्गिक जातीय र आय वर्ग विच रहेको गरिवीको गहनता र असमानता कम गर्ने जस्ता विषय यस क्षेत्रका प्रमुख समस्याको रूपमा रहेका छन् ।

### ख) सुझावहरू

प्रदेश सरकारले आगामी दिनमा गरिवी निवारणसम्वन्धी विषयमा योजना तर्जुमा र कार्यान्वयन गर्दा गरिव घर परिवार पहिचान गरी उपलव्ध स्रोत साधनलाई लक्षित वर्गको हित संरक्षणमा केन्द्रित गर्ने, कृषिको व्यवसायीकरण र उद्योग र सेवा क्षेत्रमा लगानीमैत्री वातावरण तयार गरी पर्याप्त रोजगारीका अवसरहरू सिर्जना गर्ने, भौगोलिक लैङ्गिक जातीय र आय वर्गविच रहेको गरिवीको गहनता र असमानता कम गर्न त्यस्ता घर परिवारका लागि शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, विमा तथा रोजगारीसम्वन्धी कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक देखिन्छ । नेपालको संविधानले गरिवी निवारणलाई तीनै तहको साझा अधिकार क्षेत्र भित्र राखेकोले तीनै तहको सरकारको जिम्मेवारी भित्र गरिवी निवारण पर्ने हुँदा तीनै तहले समन्वय र सहकार्यमा गरिवी कम गर्नुपर्ने खाँचो रहेको छ ।

### ८.५.१ उपसंहार

नेपालमा विगत दुई दशकभन्दा वढी समयदेखि गरिवी निवारणलाई प्राथमिकतामा राखेर विभिन्न लक्षित कार्यक्रमहरु अघि वढाइएका छन् । फलस्वरूप मुलुकले समग्र गरिवी र मानव विकास सूचकाङ्कमा उल्लेखनीय सुधार पनि गरेको छ । नेपालमा गरिवीको रेखामुनी रहेका जनसंख्याको प्रतिशतमा कमी आउँदै गएको छ । लुम्विनी प्रदेशमा अधिकांश जिल्लाहरूको निरपेक्ष गरिवीको रेखामुनी रहेका जनसंख्या राष्ट्रिय स्तर भन्दा वढी छ । त्यसमा पनि जिल्लाभित्र विभिन्न ठाँउहरूमा वसोवास गर्ने मानिसहरूको गरिवीको स्तर फरक फरक रहेको छ ।

लुम्विनी प्रदेशको प्रथम आवधिक योजनामा आधार वर्ष अर्थात् आ.व. २०७५/७६ मा निरपेक्ष गरिवीको रेखामुनि रहेको जनसंख्या १८.२० प्रतिशत रहेको दरलाई योजनाको अन्त्य अर्थात् आ.व. २०८०/८१ सम्ममा १० प्रतिशत र वहुआयामिक गरिवीलाई क्रमशः २९.९ प्रतिशतवाट १५ प्रतिशतमा ल्याउने लक्ष्य रहेकोमा यी लक्ष्यहरुको प्रदेशको मध्यमकालीन खर्च संरचना (२०७६/७७–२०७८/७९) तादात्म्यता रहेको देखिदैन । राष्ट्रिय योजना आयोगको दोस्रो वहुआयामिक गरिवी सूचकाङ्क प्रतिवेदन २०७९ अनुसार वहुआयामिक गरिवी दर राष्ट्रिय औसत १७.४० प्रतिशत र लुम्विनी प्रदेशको  वहुआयामिक गरिवी दर १८.४० प्रतिशत रहेको छ । कोभिड–१९ महामारी र वर्तमान आर्थिक संकुचनको प्रभावले निरपेक्ष गरिवीको रेखामुनि रहेको जनसंख्या र वहुआयामिक गरिवीमा रहेको जनसंख्या, आर्थिक एवं सामाजिक रुपले वपन्न, गरिव र वञ्चितीकरणमा परेका वर्ग, क्षेत्र र समुदायका साथै न्यून मध्यम वर्ग भएको घरपरिवार र समुदाय समेत गरिवीको दुस्चक्रमा पर्ने उच्च जोखिम रहेको हुँदा योजनाले तोकिएको लक्ष्य हासिल गर्न सक्ने देखिँदैन ।

## ८.२ श्रम तथा रोजगारी

### ८.२.१ पृष्ठभूमि

नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रूपमा समावेश गर्दै दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमीविच सुसम्वन्ध कायम गर्ने, वैदेशिक रोजगारीवाट आर्जित पूँजी, सिप, प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने र सवैका लागि मर्यादित कामको अवसर सुनिश्चित गर्ने नीति लिएको छ । संविधानले परिलक्षित गरेका नीतिको कार्यान्वयनका लागि नेपाल सरकारले आवश्यक नीति, कानुन र संस्थागत संरचनाहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । देशभित्र सिर्जना भएका रोजगारीका अवसरमा युवा जनशक्तिको व्यापक राष्ट्रिय उपयोग गर्दै जनसाङ्ख्यिक लाभांशको उपयोग गर्ने अहिलेको राष्ट्रिय प्राथमिकताको विषय भएको छ ।

संविधानले परिलक्षित गरेको राष्ट्रिय नीति र राष्ट्रिय प्राथमिकताको कार्यान्वयनका लागि विद्यमान सङ्घीय संरचना अनुरूप श्रम र रोजगारीको क्षेत्रमा तीनओटै तहका सरकारको साझा प्रयास आवश्यक छ । यसै आवश्यकता अनुरूप लुम्विनी प्रदेश सरकारले "सवै प्रकारका श्रमको सम्मान सहितको पूर्ण रोजगारीको स्थिति सिर्जना" भन्ने दीर्घकालीन सोचका आधारमा प्रथम आवधिक योजनामा श्रमवजारलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनसंगै पर्याप्त आन्तरिक रोजगारी सिर्जना गर्ने लक्ष्य निर्धारण गरेको छ ।

### ८.२.२ उपलव्धी विश्लेषण

#### ८.२.२.१ नीतिगत उपलव्धि

श्रम तथा रोजगारी उपक्षेत्रको लागि आवधिक योजनाले निर्धारण गरेका दीर्घकालीन सोच र लक्ष्य उद्देश्य हासिल गर्नका लागि विभिन्न ५ ओटा रणनीति र त्यस अन्तर्गत १९ ओटा कार्यनीतिहरू निर्धारण गरिएका छन् । श्रमवजारको माग विश्लेषण गरी सो अनुरूपको जनशक्ति उत्पादन गर्ने रणनीति अन्तर्गत श्रमवजारमा भइरहेको परिवर्तन र श्रम माग र आपूर्तिको सम्वन्धमा नियमित अध्ययन गरिने, स्थानीय तहसंगको सहकार्यमा वेरोजगारी सम्वन्धी तथ्याङ्क संकलन गरिने, श्रमवजारको माग अनुसारको जनशक्ति उपलव्ध गराउन सोही अनुसारको प्राविधिक एवम् रोजगारमुखी शिक्षा र दक्षता विकास गराइने र सार्वजनिक निजी साझेदारीमा सिपयुक्त जनशक्ति विकास गर्न औद्योगिक प्रतिष्ठान, वैंकिङ्ग संस्था र तालिम केन्द्रहरूसँगको सहकार्यमा वजारको माग अनुसार तालिम संचालन गर्ने समेत गरी ४ ओटा कार्यनीति तय गरिएका छन् । यि कुनै पनि कार्यनीति सम्वन्धमा ठोस कार्य हुन सकेको छैन ।

रोजगारी सिर्जना गर्ने क्रियाकलापहरू संचालन गर्न प्राथमिकता दिने रणनीति अन्तर्गत स्थानीय श्रम, परम्परागत सिप र प्रविधिमा आधारित उद्योगको स्थापना र आयोजना तथा कार्यक्रमहरू कार्यान्वयनमा जोड दिने, भौतिक पूर्वाधार निर्माण र उद्योग धन्दामा प्रदेशका स्थानीय नागरिक तथा द्वन्द्व प्रभावित व्यक्तिहरूलाई रोजगारीका अवसरमा प्राथमिकता दिने र रोजगारी सूचना प्रवाहलाई प्रभावकारी पार्ने समेत गरी ३ वटा कार्यनीति लिइएकोमा ठोस कार्य भएको पाइएन ।

उद्यमशीलताको प्रवर्द्धन गरी स्वरोजगारमा जोड दिने रणनीति अन्तर्गत वैदेशिक रोजगारीवाट फर्केका युवालाई स्वरोजगार हुन सिप प्रमाणीकरण र सहुलियत ऋण उपलव्ध गराउन सहयोग गर्ने, उद्यमशिल शिक्षा तथा तालिमको अवसर उपलव्ध गराई स्वरोजगारका लागि आवश्यक पूँजी उपलव्ध गराउने व्यवस्था मिलाउने, व्यावसायिक र प्राविधिक शिक्षामा सहज पहुँच वढाई युवाहरूलाई प्रोत्साहित गर्ने र कृषि, उद्योग, पर्यटन लगायतका क्षेत्रका लागि आवश्यक प्राविधिक जनशक्ति उत्पादनमा जोड दिने गरी ४ ओटा कार्यनीति लिइएकोमा प्रदेश प्रशिक्षण प्रतिष्ठान गठन, व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन सम्वन्धी मापदण्ड निर्धारण, श्रम वजार अध्ययन, आरन व्यवस्थापन सहयोग कार्यक्रम आदि केही हदसम्म कार्यान्वयनमा ल्याइएको छ ।

श्रमिकको हकहीत संरक्षण सहित श्रम वजारमा लैङ्गिक विभेद अन्त्यको वातावरण सिर्जना गर्ने रणनीति अन्तर्गत श्रमिकहरूको वीमा अनिवार्य गर्दै सामाजिक सुरक्षामा जोड दिने, कार्यस्थलमा हुनसक्ने जोखिमको न्यूनिकरणमा जोड दिने, कार्यस्थलमा हुने लैङ्गिक विभेद तथा हिंसालाई निरूत्साहित गर्ने, समयको आधारमा ज्यालादर निर्धारण हुने पद्धतिको विकास गरी न्यूनतम र समान ज्यालाको सुनिश्चितता गर्ने, श्रम वजारमा लैङ्गिक विभेदलाई अन्त्य गर्ने अभियान चलाउने र महिला उद्यमी तथा महिलाको रोजगारीको वढाउने नीति लिने जस्ता ६ ओटा कार्यनीति लिइएको पाइन्छ । यि कार्यनीतिहरुसंग सम्वन्धीत केही विषयहरु जस्तो श्रम वजारको अध्ययन, कार्यस्थल सुरक्षा तथा कारखाना निरीक्षण, प्रदेश श्रम सल्लाहकार परिषद गठन र प्रधानमन्त्री रोजगार कार्यक्रम केहीहदसम्म कार्यान्वयनमा आएका छन् ।

यसैगरी श्रमको उचित सम्मान र इज्जत गर्ने संस्कृतिको विकास गर्ने, श्रमको सम्मान गर्ने संस्कार वसाई श्रमवजारमा उपलव्ध कामहरू गर्न युवाहरूलाई प्रेरित गर्ने र विभिन्न क्षेत्रका उत्कृष्ट पेशाकर्मीहरूलाई सम्मान र पुरस्कृत गर्ने व्यवस्था गर्ने कार्यनीति लिइएकोमा ठोस कार्य भएको पाइएन ।

समग्रमा यस उपक्षेत्रका १९ ओटा कार्यनीतिमध्ये १७ ओटा कार्यनीति कार्यान्वयन भएका छन् । कार्यान्वयन भएका कार्यनीतिमध्ये धेरैजसोमा आंशिक मात्रामा कार्यान्वयन भएको र कतिपयमा कार्यान्वयन प्रारम्भ मात्र भएको अवस्था छ । यस उपक्षेत्रका रणनीति कार्यनीति कार्यान्वयनको अवस्थासम्वन्धी विस्तृत विवरण अनुसूची ८.१ मा समावेश गरिएको छ ।

### ८.२.२.२ श्रम तथा रोजगारी क्षेत्रका प्रमुख आयोजना तथा कार्यकमसम्वन्धी उपलव्धि

आवधिक योजनामा श्रम तथा रोजगारी उपक्षेत्रका लागि ७ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् र जसको कार्यान्वयन गर्ने जिम्मेवारी सामाजिक विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, श्रम विभाग, सघीय सरकार, स्थानीय सरकार, विकास सहयोगी संस्था, सिपसम्वन्धी संस्था, निजी क्षेत्र र वैंक तथा वित्तिय संस्थालाई तोकिएको थियो । ७ ओटा प्रमुख कार्यक्रमहरुमध्ये समीक्षा अवधिमा ४ ओटा संचालनमा आएका छन् । जसअन्तर्गत असंगठित क्षेत्रका श्रमिकहरुको लगत संकलन गर्ने गरी

कार्यविधि तर्जुमाको कार्य अगाडि बढाइएको, सीप परीक्षण गर्ने गरी बजेट व्यवस्था भई शुरुवात भएको, धेरै रोजगारी सिर्जना गर्ने रोजगारदाता, नविनतम उद्यमीहरु र उत्कृष्ट श्रमिकलाई पुरष्कार तथा सम्मानको लागि सिफारिस भएको र रैथाने प्रकृतिका सीपको आधुनिकीकरण गर्ने कार्यक्रम तर्जुमा गरिएको छ । योजनाको कार्यक्रमिक उपलब्धि तालिका ८.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ८.३ : श्रम तथा रोजगारीसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्रम तथा माग आपुर्तिसम्वन्धमा अध्ययन | | संस्थागत व्यवस्था र अध्ययन | श्रमवजारको नियमित विश्लेषण र सूचना रोजगार प्रवाह | | | |
| | उपलब्धि (संख्या) | नभएको | | | | | |
| २ | वेरोजगारी तथ्यांक संकलन | | तथ्यांक संकलन र वेरोजगारीको दर र व्यक्ति पहिचान | नियमित तथ्यांक संकलन र वेरोजगारलाई रोजगारको व्यवस्था | | | |
| | उपलब्धि (संख्या) | भएको | असंगठित क्षेत्रका श्रमिकहरुको लगत संकलन गर्नेगरी कार्यविधि तर्जुमाको कार्य अगाडि बढेको । | | | | |
| ३ | आवश्यकताका आधारमा सिपमूलक तालिम प्रतिष्ठान स्थापना र तथा तालिम संचालन(निजी सार्वजनिक साझेदारी) | | आवश्यकताको पहिचान र तालिमको शुरुवात | वजारमा माग रहेको सिपमूलक तालिम संचालन | | | |
| | उपलब्धि (संख्या) | नभएको | | | | | |
| ४ | वैदेशिक रोजगारवाट फर्केका व्यक्तिहरुको सिप परीक्षण, प्रमाणीकरण र थप सिप विकास | | कार्यक्रमको तर्जुमा र शुरुवात | कार्यक्रम संचालन | | | |
| | उपलब्धि (संख्या) | भएको | सीप परीक्षण गर्नेगरी बजेट व्यवस्था भई शुरुवात | | | | |
| ५ | सिपयुक्त जनशक्तिहरुकोलागि शैक्षिक प्रमाणपत्रको धितोमा सहुलियत ऋण (वैदेशिक रोजगारवाट फर्केकाहरु समेत) | | व्यक्ति पहिचान र वित्तीय संस्थाहरुवाट ऋण प्रवाह, व्याज अनुदान | कार्यक्रमको नियमितता | | | |
| | उपलब्धि (संख्या) | नभएको | | | | | |
| ६ | धेरै रोजगारी सिर्जना गर्ने रोजगारदाता, नविनतम उद्यमीहरु र उत्कृष्ट श्रमिकलाई पुरष्कार तथा सम्मान | | कार्यविधि तर्जुमा र श्रमिक दिवसमा पुरष्कार वितरण | कार्यक्रमको नियमितता | | | |
| | उपलब्धि (संख्या) | भएको | पुरस्कारको लागि सिफारिस | | | | |
| ७ | परम्परागत सिप तथा व्यवसाय संरक्षण र प्रवर्द्धन | | कार्यविधि तर्जुमा र शुरुवात | कार्यक्रम संचालन | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | |
| | उपलब्धि (संख्या) | भएको | रैथाने प्रकृतिका सीपको आधुनिकीकरण गर्ने कार्यक्रम रहेको । | | |

स्रोतः सम्बन्धित मन्त्रालय ।

### ८.२.२.३ परिमाणात्मक उपलब्धि

योजनामा श्रम तथा रोजगारी शीर्षकमा असर तहका २ र प्रतिफल तहका २ गरी ४ ओटा नतिजा सूचकमात्र समावेश गरिएका छन् । यी सूचकहरूमध्ये असर तहका स्वरोजगार सिर्जना र रोजगार सिर्जनाको संख्यासम्वन्धी आधार वर्षको तथ्याङ्क र योजना अवधिको लक्ष्य सूचक समेत समावेश हुन सकेको छैन भनें प्रतिफल तहका मागमा आधारित रोजगारमूलक तालिम संख्या र शैक्षिक प्रमाणपत्रको धितोमा सहुलियत ऋणवाट लाभान्वित संख्यासम्वन्धी सूचकहरूको आधार वर्षको तथ्याङ्क निर्धारण गरिएको छैन । श्रम तथा रोजगारी उपक्षेत्रको लागि निर्धारण गरिएका ५ ओटा लक्ष्य सूचकहरू वेरोजगारीको दर (दिविल ८.५.२), स्वरोजगार सिर्जना, रोजगार सिर्जना, मागमा आधारित रोजगारमूलक तालिम र शैक्षिक प्रमाणपत्रको धितोमा सहुलियत ऋणवाट लाभान्वित मध्ये कुनै पनि सूचकको प्रगति विवरण प्राप्त हुन सकेन ।

### ८.२.३ दिगो विकास लक्ष्य हासिल गर्नमा योगदान

दिगो विकासका लक्ष्यले पूर्ण र उत्पादनशील रोजगारी र सवैका लागि सम्मानजनक काम उपलब्ध गराउनु पर्ने लक्ष्य तोकेको छ । सन् २०३० सम्ममा वालश्रमलाई पूर्ण रूपमा उन्मूलन गर्नुपर्ने लक्ष्य तोकेको छ भने अर्ध वेरोजगारीलाई १० प्रतिशतभन्दा कममा ल्याउनु पर्ने भएको छ । आवधिक योजनामा दक्ष जनशक्ति उत्पादन भइ रोजगारका अवसर सिर्जना भएको हुने, श्रमशक्तिको उपलब्धता अभिवृद्धि भएको हुने, श्रमको सम्मान गर्ने संस्कृतिको विकास भएको हुने र अर्धवेरोजगारीको दरमा कमी आएको हुनेछ भनिएको भएतापनि लक्ष्य प्राप्त गर्न सकिने अवस्था नरहेको हुंदा दिगो विकास लक्ष्य हासिल गर्न खासै योगदान पुग्ने देखिदैन ।

### ८.२.४ समस्या र सुझावहरु

#### क) समस्याहरू

नेपालको श्रम वजार व्यवस्थित भइनसकेको अवस्था, रोजगारीसम्वन्धी सूचनाहरू सहजरूपले उपलव्ध नहुनु र वजारमा उपलव्ध कतिपय रोजगारका अवसरहरूलाई आत्मसात नगर्ने प्रवृतिको वाहुल्यता समस्याको रूपमा रहेका छन् । साथै, श्रम वजारमा कस्तो जनशक्ति कति आवश्यक छ भन्ने सवालमा अध्ययन नहुनु, सरकार अन्तर्गतका रोजगार केन्द्रहरू प्रभावकारी नहुनु, श्रम वजारमा सिपयुक्त जनशक्तिको अभाव, अधिकांश जनशक्ति अनौपचारिक क्षेत्रमा संलग्न रहेको स्थिति ज्यालामा लैगिंक असमानता, कार्यस्थलमा लैङ्गिकमैत्री वातावरणको अभाव र वालश्रम अझै राष्ट्रिय समस्याका रूपमा रहेका छन् ।

प्रदेशको हकमा पनि श्रम वजारको माग अनुरूप सिपयुक्त श्रमशक्ति उत्पादन गर्ने, शिक्षालाई रोजगारमूलक र उद्यमशील वनाउने, उत्पादनशील क्षेत्रमा रोजगारीका अवसरहरू सिर्जना गर्ने,

वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि सुरक्षित र मर्यादित वातावरण तयार गर्ने, वैदेशिक रोजगारीवाट फर्केका युवासँग भएको ज्ञान, सिप र क्षमतालाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने, सिपयुक्त जनशक्तिलाई उद्यमशील वनाउन सहुलियतपूर्ण कर्जा र उत्पादित वस्तुको वजार प्रवर्द्धन गर्ने जस्ता विषयहरू श्रम तथा रोजगार उपक्षेत्रमा विद्यमान प्रमुख समस्या हुन् ।

**ख) सुझावहरू**

माथि उल्लिखित समस्याको समाधानका लागि प्रदेश सरकारले सिप विकास तालिम केन्द्रको संस्थागत क्षमता विकास गरी सिपयुक्त प्राविधिक श्रमशक्ति उत्पादनमा जोड दिन आवश्यक हुन्छ । साथै सिप र क्षमता भएका युवालाई सहुलियतपूर्ण कर्जा प्रवाह, श्रम वजारसम्वन्धी अध्ययन अनुसन्धान तथा नियमित सूचना प्रवाह, नेपाल सरकार तथा स्थानीय तह, निजी क्षेत्र र सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्यमा जोड दिनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### ८.२.५ उपसंहार

आवधिक योजनामा आधार वर्ष अर्थात् आ.व. २०७५/७६ मा ३७.३ प्रतिशत रहेको श्रम सहभागिता दरलाई योजनाको अन्त अर्थात् आ.व. २०८०/८१ सम्ममा कति प्रतिशत पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छैन । योजनाले वेरोजगारी दरलाई ११.२ प्रतिशतवाट ६ प्रतिशतमा झार्ने लक्ष्य राखेको छ। प्रदेशको मध्यकालीन खर्च संरचना (२०७६/७७–२०७८/७९) यो लक्ष्य ८ प्रतिशत राखिएको छ। आर्थिक वर्ष २०७९/८० सम्म आइपुग्दा लुम्विनी प्रदेशको वेरोजगारी दर ८.१ प्रतिशत पुगेको छ। वेरोजगारी दर लक्ष्य अनुसार घट्ने सुनिश्चिचता रहेको छैन ।

आधार वर्षमा यु.एस.डलर ८०३ रहेको प्रतिव्यक्ति आयलाई योजनाको अन्त सम्ममा झण्डै दोव्वर यू.एस. डलर १६०० पुर्‍याउने योजनाको लक्ष्य रहेको छ । आ.व. २०७९/८० मा यो ११२६ यू.एस.डलर पुग्ने अनुमान छ । जुन राष्ट्रिय औसत प्रतिव्यक्ति आयभन्दा कम हो । उत्पादन र रोजगारी लक्ष्य अनुसार वृद्धि हुन नसकेको परिप्रेक्षमा प्रतिव्यक्ति आय लक्ष्य अनुसार वढ्ने अपेक्षा गर्न सकिँदैन ।

## ८.३ वन तथा वातावरण

### ८.३.१ पृष्ठभूमि

नेपालको दिगो विकासमा वन क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ । वन क्षेत्रले जनताको लागि आवश्यक उर्जा, निर्माण सामग्री, पशु आहार, रोजगारी सिर्जना, आय आर्जन तथा वातावरणीय सेवा प्रदान गर्दै आएको छ भने वनक्षेत्रले नेपाललाई जैविक विविधताको धनि मुलुक पनि वनाएको छ ।  यस प्रदेशका सवै जिल्लाहरूमा वनजंगलको उपलव्धता राम्रो रहेको छ । वनजंगलको उचित प्रयोग र व्यवस्थापनवाट वातावरण संरक्षणका साथै रोजगारी सिर्जना र आय आर्जनमा सहयोग पुग्ने देखिन्छ । नेपालको संविधानले प्रदेशको अधिकार क्षेत्रभित्र प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापनलाई राखेको छ । साथै, संघ

र प्रदेशको साझा सूचीमा वातावरण संरक्षण र जैविक विविधता, अन्तरप्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण र जल उपयोग रहेको छ ।
प्रदेशको आवधिक योजनाले वन तथा वातावरण व्यवस्थापन मार्फत् वातावरणीय सन्तुलन कायम राख्दै रोजगारी र आयआर्जन हुने गरी वनको दिगो व्यवस्थापन गर्ने दीर्घकालीन सोचका आधारमा जैविक विविधता र जलाधारको समुचित संरक्षण, व्यवस्थापन र सदुपयोगवाट वातावरणीय सन्तुलन कायम गर्दै वन पैदावारहरूको समूचित प्रयोगवाट रोजगारी र आय आर्जनमा वृद्धि गर्ने लक्ष्य निर्धारण गरेको छ ।

### ८.३.२ उपलव्धी विश्लेषण

#### ८.३.२.१ नीतिगत उपलव्धि

वन तथा वातावरण उपक्षेत्रको लागि आवधिक योजनाले निर्धारण गरेका दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य हासिल गर्नका लागि विभिन्न ५ ओटा रणनीति र त्यस अन्तर्गत १९ ओटा कार्यनीतिहरू निर्धारण गरिएका छन् । वनसम्वन्धी प्रादेशिक नीति, कानून र उपयुक्त संरचना वनाउने रणनीति अन्तर्गत वन नीति, वातावरण नीति र वन तथा वातावरण सम्वन्धी आवश्यक प्रादेशिक कानूनको तथा नीति नियम निर्माण गर्ने, प्रदेश अन्तर्गतका वनहरूको लगत तयार पार्ने र वन अपराधका कृयाकलाप नियन्त्रण गर्न आवश्यक कानून तथा संयन्त्र तयार गर्ने गरी ३ ओटा कार्यनीति तय गरिएका छन् । नीतिगत व्यवस्था सम्वन्धमा प्रदेश वन ऐन, प्रदेश वन नियमावली, वातावरण संरक्षण नियमावली, वन पैदावारमा आधारित उद्यम र राष्ट्रिय वनक्षेत्र वीचको दूरी सम्वन्धि मापदण्ड, वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड, वन पैदावार आपूर्ति समिति सन्चालन कार्यविधि र साझेदारी नियमावली तर्जुमा भई कार्यान्वयमा रहेका छन् । यसैगरी कार्यक्षेत्रसंग सम्वन्धीत नीतिहरु जस्तै प्रदेश वन नीति, हरियाली नीति, हरित शहर नीति आदि निर्माण गरी कार्यान्वयन गर्न सके मन्त्रालयलाई वढी परिणाममुखी वनाउन सकिन्छ ।
विद्यमान वनक्षेत्र कायम राखी उत्पादकत्व वृद्धिका लागि वनको सहभागितामूलक, दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने रणनीति अन्तर्गत सामुदायिक, कवुलियती, साझेदारी र निजी वनको दिगो तथा वैज्ञानिक व्यवस्थापनमार्फत वनजन्य उत्पादन वढाई वनको अधिकतम उपयोग गर्ने, आय आर्जन वढाउन वन क्षेत्रको व्यवसायिक ढंगले विकास र प्रयोग गर्ने, कृषि तथा वागवानी वनको अवधारणा अनुरूप वनमा आधारित उपभोग्य वस्तुहरू उत्पादन गर्ने, फर्निचर उद्योग र घर निर्माणका लागि आवश्यक काठहरू व्यवस्थित ढंगले उपलव्ध गराइने, वन र वातावरणसम्वन्धी अनुसन्धानलाई जोड दिने र वन डढेलो नियन्त्रण गर्न अग्नि रेखा वनाउने र नियन्त्रित जलान गर्ने काम गर्ने गरी ६ ओटा कार्यनीति लिइएकोमा कार्यान्वयन सम्वन्धी ठोस विवरण प्राप्त हुन सकेन ।
जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गर्ने एवम् पर्यापर्यटनका आधार क्षेत्रहरूलाई पुनःस्थापना तथा पुनःनिर्माण गर्ने रणनीति अन्तर्गत

स्थानीय तह तथा निजी क्षेत्रसंगको समन्वयमा जैविक विविधता सम्वन्धी प्रादेशिक सङ्ग्रहालय, वनस्पति उद्यान र चिडियाखाना स्थापना गर्ने, उपयुक्त  वनहरूमा पर्यटन प्रवर्द्धन, जैविक विविधता र जलाधार संरक्षणका साथै सिमसार क्षेत्रको संरक्षण र प्रयोगलाई प्राथमिकता दिने, प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन गर्ने, नगर र नगर वरिपरिका वन, हरियाली, सिमसार, पानीका मुहान, खाली क्षेत्र, नदीतटको उचित व्यवस्थापन गर्ने, आकर्षक विरूवाहरू रोपेर शहरी क्षेत्र तथा सडकको सुन्दरता वढाइन र नाङ्गा डाँडा र खाली भूभागमा व्यक्तिगत र व्यावसायिक दुवै तरीका अपनाई  वृक्षारोपण गरी वनको प्रवर्द्धन गर्ने समेत ६ ओटा कार्यनीतिसम्वन्धमा आंशिकरुपमा कार्य भएको पाइन्छ ।

जलवायू परिवर्तनलाई मध्यनजर राख्दै वातावरण संरक्षण गर्ने रणनीति अन्तर्गत प्रदेशमा उपलव्ध तालतलैयाहरू संरक्षण र सम्वर्द्धन गर्ने र जैविक प्रविधिको प्रयोग गरी जैविक विविधताको संरक्षणसंगै मूल्यवान् रसायनहरूको उत्पादन शुरू गर्ने कार्यनीतिसम्वन्धमा खासै काम भएको देखिएन ।

यसंगरी व्यक्तिगत र व्यावसायिक दुवै शैलीका वृक्षारोपण गरेर भू:स्खलन नियन्त्रण र भू:संरक्षण गर्ने रणनीति अन्तर्गत भूक्षय भएको ठाउँ लगायत अन्य उपर्युक्त स्थानहरूमा अभियानको रूपमा वृक्षारोपण गर्ने र राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता प्राप्त आयोजनाहरू वनक्षेत्रमा सचालन हुने अवस्थामा वातावरणीय प्रभावको मूल्याङ्कन गरी त्यसको प्रतिवेदन कार्यान्वयनलाई अनिवार्य गर्ने कार्यनीति आंशिक रुपमा कार्यान्वयनमा आएका छन् ।

समग्रमा यस उपक्षेत्रका १९ ओटा कार्यनीतिमध्ये १४ ओटा कार्यनीति कार्यान्वयन भएका छन् । कार्यान्वयन भएकामध्ये कतिपय आंशिक मात्रामा कार्यान्वयन भएको र केहीमा कार्यान्वयन प्रारम्भ मात्र भएको अवस्था छ । यस उपक्षेत्रका रणनीति कार्यनीति कार्यान्वयनको अवस्थासम्वन्धी विस्तृत विवरण अनुसूची ८.१ मा समावेश गरिएको छ ।

### ८.३.२.२ वन तथा वातावरण क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलव्धि

आवधिक योजनामा वन तथा वातावरण उपक्षेत्रका लागि १० ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् र जसको कार्यान्वयन गर्ने जिम्मेवारी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र स्थानीय सरकारलाई तोकिएको थियो । निर्धारण गरिएका १० ओटै कार्यक्रमहरु समीक्षा अवधिमा संचालन भएका छन् भनें कुनैमा आंशिक उपलव्धि भएको छ । योजनाको कार्यक्रमिक उपलव्धि तालिका ८.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ८.५ : वन तथा वातावरणसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नीतिगत तथा कानूनी व्यवस्था | | आवश्यक नीति तथा कानून तर्जुमा | कार्यान्वयन | | | |
| | उपलव्धि (संख्या) | भएको | – | – | – | – | अनुसूची १ |
| २ | वनको वैज्ञानिक, | | कार्यक्रमको तर्जुमा र | कार्यान्वयन | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यावसायिक र दिगो व्यवस्थापन कार्यक्रम | | कार्यान्वयन सुके ढलेका रुख व्यवस्थापन | | |
| | उपलब्धि | भएको | ▪ वन जन्य उत्पादन वृद्धि गरि वनक्षेत्रको गुणस्तर समेत अभिवृद्धि गर्न प्रदेशमा दिगो वनको अवधारणा सहित वन सम्वर्द्धनमा आधारित वन व्यवस्थापन कार्यक्रम सन्चालन भएको ।<br>▪ ३१५ वटा सामुदायिक वनको ४९५५४ हे. वन क्षेत्रमा वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन ।<br>▪ सहभागीतामुलक Silviculture based Forest Management लागू भई प्रत्येक वर्ष २० लाख घ.फिट काठ र ४००० चट्टा दउरा उत्पादन भइरहेको तथा अन्य वनक्षेत्र तथा निजि वनवाट प्रत्येक वर्ष २५ लाख घन फिट काठ र १५००० चट्टा दाउरा उत्पादन भएको । | | |
| ३ | वनमा आधारित उत्पादन कार्यक्रम | | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | |
| | उपलब्धि | भएको | ▪ कृषि वन कार्यक्रम लागू भई कार्यान्वयनमा रहेको । वनक्षेत्र कम रहेका स्थानिय तहहरुमा निजि कृषकका खाली जग्गाहरुमा वनजन्य तथा अन्य प्रजातीका विरुवाहरु रोपण भएको ।<br>▪ वन पैदावार आपूर्ति समिति सवै जिल्लामा स्थापना भइ काठ आपुर्तिको काम सहज भएको ।<br>▪ वन तथा वातावरण क्षेत्रका ४४ वटा विषयगत क्षेत्रमा अध्ययन अनुसन्धान भएको | | |
| ४ | जैविक विविधता संरक्षण र प्रवर्द्धन कार्यक्रम ( जैविक संग्रहालय, वनस्पति उद्यान, चिडियाखाना स्थापना) | | एक जैविक संग्रहालय, ५ वटा वनस्पति उद्यान र २ चिडियाखाना डिपीआर तर्जुमा | कार्यान्वयन | |
| | उपलब्धि (संख्या) | भएको | ▪ रुकुम पुर्व,रोल्पा,अर्घाखाँची र दाङमा जडिवुटी तथा वनस्पति उद्यान निर्माण कार्य भएको ।<br>▪ सिमसारक्षेत्रको संरक्षण र व्यवस्थापनका लागी प्रत्येक जिल्लामा वनक्षेत्रका संवेदनशिल जलाधार छनोट गरि कार्यक्रम सन्चालन भएको ।<br>▪ ७ वटा संरक्षीत वनक्षेत्रको व्यवस्थापनका लागी संरक्षण परिषद गठन गरि कार्यक्रमहरु सन्चालन भइरहेको ।<br>▪ सामुदायिक वन समुहहरुले कार्ययोजनामा Rotational grazing को अवधारणमा चरण क्षेत्रको व्यवस्थापन कार्य भईरहेको ।<br>▪ योजना अवधिमा करिव ३०० हेक्टर अतिक्रमित वनक्षेत्रवाट अतिक्रमण हटाई वन क्षेत्रमा पुनस्थापना भएको ।<br>▪ मानव वन्यजन्तु द्वन्न व्यवस्थापन अन्तर्गत वर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा १ किलो मिटर छेकवार निर्माण । | | प्रादेशिक सङग्रालय र चिडियाखानाको काम हुन नसकेको । |
| ५ | वन डडेलो | | जोखिम क्षेत्र पहिचान गरी अग्निरेखा निर्माण र नियन्त्रित जलान | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | नियन्त्रण कार्यक्रम | | | | |
| | उपलब्धि (संख्या) | भएको | ▪ वन डढेलो नियन्त्रण तथा अग्नि रेखा निर्माण र Control Forest Fore को काम भएको ।<br>▪ सवै डिभिजनमा गरि जम्मा ४३१ किमि अग्निरेखा निर्माण भएको । | | |
| ६ | वृक्षारोपण कार्यक्रम | | नर्सरी स्थापना र स्थान पहिचान | वृक्षारोपण | |
| | उपलब्धि (संख्या) | भएको | ▪ प्रदेशका कम वनक्षेत्र रहेका ३८ वटा पालिका मध्ये तराईका ३२ वटा स्थानीय तहमा कृषि वन कार्यक्रम सञ्चालन भई ३०० हेक्टर निजी जग्गामा कृषि वन विस्तार भएको ।<br>▪ निजि तथा सरकारी क्षेत्रका खालि जग्गाहरुमा ३२०० हेक्टर वृक्षारोपण भएको ।<br>▪ १६ पालिकामा नर्सरीहरु निर्माण तथा विरुवा उत्पादन कार्य सम्पन्न भएको ।<br>▪ प्रदेश भरी एक वर्षिय तथा वहुवर्षिय गरी जम्मम २० लाख ६५ हजार विरूवा उत्पादन भइ वितरण कार्य भएको | | |
| ७ | वन उद्यम तथा वन पैदावारको व्यावसायीकरण आयोजना | | कार्यक्रमकोवारेमा अध्ययन तथा संभावित क्षेत्र पहिचान र कार्यक्रम तर्जुमा | कार्यान्वयन | |
| | उपलब्धि (संख्या) | भएको | ▪ पर्यटन पर्वधनका लागि पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम लागू भई सवै जिल्लामा Eco-Tourism Enhance को काम भई रहेको ।<br>▪ वन डढेलोको प्रकोप रोक्न तथा वनमा खेर गइरहेको पात पतिंगरवाट कम्पोष्ट मल वनाउने ८८ वटा उद्यम निर्माण गरिएको ।<br>▪ २५ वटा वन पैदावरमा आधारित वन उद्यमलाइ अनुदान सहयोग ।<br>▪ प्रत्येक जिल्लामा एक सामुदायिक वन एक उद्यम कार्यक्रम लागु । | | |
| ८ | सडक सौन्दर्यीकरण कार्यक्रम | | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | |
| | उपलब्धि (संख्या) | भएको | ▪ शहरी क्षेत्रका घना वस्तीमा प्रत्येक घरहरुमा २ रुख अनिवार्य गरि कार्यक्रम लागू भई हालसम्म १३४५० घरमा विरुवा रोपण भएको ।<br>▪ प्रदेशका सडकहरुलाई हरियाली वनाउन सडक सौदर्यकरण अनुसार करिव ९ किमि मा वृक्षारोपण भएको । | | |
| ९ | जलवायू परिवर्तन अनुकूलन कार्यक्रम | | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | |
| | उपलब्धि (संख्या) | भएको | ▪ प्रदेशका उपलव्ध तालतलैयाहरुको संरक्षण र व्यवस्थापन भईरहेको । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ▪ संवेदनशिल र गुणस्तर ह्रास भएका सिमसारक्षेत्रको पहिचान भई व्यवस्थापनको काम भएको ।<br>▪ संकटापन्न अवस्थाका जैविक प्रजातीको संरक्षणका लागी IN–situ र Ex–situ Conservjtion का वासस्थान संरक्षण र व्यवस्थापन लगायत कामहरु सवै जिल्लामा कार्यान्वयनमा रहेका ।<br>▪ २१ वटा उद्योगहरुको वातावरणीय अनुगमन गरि उद्योगको स्थिति वारे प्रतिवेदन तयार ।<br>▪ शहरी एवं घना वस्ति भएका ८ वटा पालिकाहरुका ५१०५ घरहरुमा वहुवर्षे विरुवा रोपण भएको । | | |
| १० | भूसंरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम | | स्थान पहिचान, कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | |
| | उपलब्धि (संख्या) | भएको | ▪ गल्छी पहिरो तथा खहरे नियन्त्रण, आकस्मिक पहिरो व्यवस्थापन, ग्रामिण सडक संग भू संरक्षण मार्फत जलाधार व्यवस्थापन एवं प्राकृतिक प्रकोपको न्यूनीकरण र नियन्त्रणका कार्यहरु सम्पन्न भएको ।<br>▪ ४ वटा कार्यालयहरु मार्फत भू तथा जलाधार व्यवस्थापन कार्यक्रम संचालन । भुक्षय भएको क्षेत्रमा कम खर्चिलो भु संरक्षण प्रविधिहरू (व्रस लेयरिङ, फेसिन निर्माण, पालिसेड) मार्फत कम खर्चिला भु संरक्षण कार्यक्रमहरु कार्यान्वयन भएको ।<br>▪ यस अवधिमा ११२ वटा संरक्षण पोखरी निर्माण/मर्मत , ५८ वटा मुहान संरक्षण, २६ कि.मि नदि किनार संरक्षण भएको, १६५ स्थानमा पहिरो नियन्त्रण कार्य भएको । | | |

स्रोतः सम्बन्धीत मन्त्रालय ।

यसप्रकार नीतिगत तथा कानूनी व्यवस्था, वनको वैज्ञानिक, व्यावसायिक र दिगो व्यवस्थापन, वनमा आधारित उत्पादन, जैविक विविधता संरक्षण र प्रवर्द्धन (जैविक संग्रहालय,वनस्पति उद्यान, चिडियाखाना स्थापना), वन डडेलो नियन्त्रण, वृक्षारोपण, वन उद्यम तथा वन पैदावारको व्यावसायीकरण, सडक सौन्दर्यीकरण, जलवायू परिवर्तन अनुकूलन र भू-संरक्षण तथा जलाधार व्यवस्थापनसंग सम्बन्धीत कार्यक्रमहरु आंशिकरुपमा भएपनि कार्यान्वयनमा आएका छन् ।

### ८.३.२.३ परिमाणात्मक उपलब्धि

योजनामा वन तथा वातावरण उपक्षेत्रका लागि असर तहका ३ र प्रतिफल तहका ५ गरी ८ ओटा नतिजा सूचक समावेश गरिएका छन् । यी सूचकहरूमध्ये असर तहका वनजन्य उत्पादनवाट आम्दानी रकम र वायू प्रदुषण सूचक सम्वन्धी सूचकहरूको आधार वर्षको तथ्याङ्क र योजना अवधिको लक्ष्य सूचक समेत समावेश हुन सकेको छैन भनें प्रतिफल तहका ५ ओटै

सूचकहरूको आधार वर्षको तथ्याङ्क र योजना अवधिको लक्ष्य सूचक समेत निर्धारण गरिएको छैन ।

वन तथा वातावरण उपक्षेत्रको योजनाको चार वर्षको लागि निर्धारण गरिएका ८ ओटा लक्ष्य सूचकहरूमध्ये ५ ओटा सूचकको मात्र प्रगति विवरण प्राप्त हुन सकेको छ । प्राप्त विवरण अनुसार खासगरी वनजन्य उत्पादनवाट आम्दानी, वृक्षारोपण क्षेत्रफल, सडक सौन्दर्यीकरण र वनस्पति उद्यान संख्या जस्ता सूचकहरूमा सन्तोषजनक उपलब्धि हासिल भएको देखिन्छ । तर अधिकांश सूचकमा आधार वर्षको तथ्यांक भने उपलब्ध छैन । अन्य सूचकहरूमा उपलब्धिको समीक्षाको निमित्त तथ्याङ्क उपलब्ध हुन सकेन । वन तथा वातावरण उपक्षेत्रको नतिजा खाकामा समावेश भएको परिमाणात्मक लक्ष्य र योजनाको चार वर्षको अवधिमा हासिल भएको प्रगतिसम्वन्धी विवरण तालिका ८.६ मा प्रस्तुत गरिएको छ । उल्लेख गरिएबमोजिम लुम्बिनी प्रदेशमा वनक्षेत्रले ढाकेको क्षेत्रफलको आधार तथ्यांक ५०.४३ प्रतिशत रहेकोमा वन अनुसन्धान तथा तालिम केन्द्र, सन् २०१८ अनुसार यो आँकडा ४८.८ प्रतिशत रहेको छ ।

**तालिका ८.६ : वन तथा वातावरणसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था**

| **नतिजा स्तर अनुसार सूचक** | **एकाइ** | **आधार वर्ष २०७५/७६** | **आ.व. २०७९/८०** | |
|---|---|---|---|---|
| | | | **लक्ष्य** | **प्रगति** |
| **प्रभाव तह** | | | | |
| - | - | - | - | - |
| **असर तह** | | | | |
| वनक्षेत्रले ढाकेको क्षेत्रफल | प्रतिशत | ५०.४३ | ५०.४३ | ४८.८# |
| वनजन्य उत्पादनवाट आम्दानी | रु. करोड | – | – | १४.३६ |
| वायू प्रदुषण सूचक | – | – | – | – |
| **प्रतिफल तह** | | | | |
| जैविक संग्रहालय | संख्या | ० | १* | – |
| वनस्पति उद्यान | संख्या | ० | २* | २ |
| चिडियाखाना | संख्या | ० | १* | ० |
| वृक्षारोपण | हेक्टर | ४६७ | – | ६६९ |
| सडक सौन्दर्यीकरण | कि.मी. | – | – | ४.७ |

*आ.व. २०७८/७९ को लक्ष्य सूचक । #Forest Research and Training Centre Babar Mahal 2018.

स्रोतः सम्बन्धीत मन्त्रालय ।

### ८.३.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान

दिगो विकासको लक्ष्य १५ जमिन माथिको जीवन अन्तर्गत स्थलीय पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण र भुक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने लक्ष्य राखेको छ । सन् २०३० सम्ममा

मरुभूमीकरणविरुद्ध लड्ने र खडेरी तथा वाढी प्रभावित भूमिलगायत अन्य भूमि तथा माटोमा आएको ह्रासलाई सुधार गरी पहिलेकै अवस्थामा पुऱ्याउने र भूमिह्रास तटस्थ विश्व हासिल गर्ने र दिगो विकासका लागि अत्यावश्यक हिमाली पारिस्थितिकीय प्रणाली क्षमता वढाउन तथा तिनीहरुको जैविक विविधताको संरक्षण निश्चित गर्ने लक्ष्य लिइएकोमा लुम्विनी प्रदेशको प्रथम आवधिक योजनाले यी गुणात्मक लक्ष्यहरुलाई यथोचित मात्रामा आन्तरिकीकरण गर्नु पर्ने देखिन्छ ।

### ८.३.४ समस्या र सुझावहरु

**क) समस्याहरू**

वन अतिक्रमण तथा चोरी निकासी हुनु, गैरकाष्ठ वन पैदावरको अव्यवस्थित र अवैज्ञानिक संकलन हुनु, चुरे विनास, प्राकृतिक प्रकोपका साथै, शहरीकरणका कारण भैरहेको वातावरणीय प्रदूषण, वन डढेलो, जैविक विविधताको विनास, प्राकृतिक विपत्ति तथा जलवायू परिवर्तनका प्रभावहरूवाट धनजनको क्षति जस्ता समस्याहरू विद्यमान छन् । योजनामा वन व्यवस्थापन र वातावरण संरक्षण उपक्षेत्रका सूचकहरु अपर्याप्त रहेको र आधार तथ्यांक नभएको र लक्ष्य निर्धारण यथार्थपरक नभएको देखिन्छ । योजनाको अपेक्षित उपलव्धिमा वनजंगलको आवश्यक र लक्षित अनुपातलाई कायम राख्दै वनजन्य उत्पादन वढेको हुने, चिडियाखाना स्थापना भएको हुने, प्राणी र वनस्पति उद्यान स्थापना भएका हुने र सडकहरूमा सौन्दर्यीकरण भएको हुनेछन् भन्ने निर्धारण गरिएको भएतापनि पर्याप्त सूचकहरु तय गरिएका छैनन् । प्रदेशमा चुरे क्षेत्रले ओगटेको र यस क्षेत्रको संरक्षण आफैमा जटिल भएको कारण प्रदेश सरकारको एकल प्रयासले मात्र सम्भव देखिदैन । साथै कतिपय विषयमा तहगत सरकारविचको क्षेत्राधिकार विवाद निरुपण हुनु पर्ने अवस्था रहेको र अधिकांश विषयहरू तीन ओटै तहका सरकारको साझा प्रयास र समन्वयको आवश्यकता पर्ने प्रकृतिको हुँदा पनि कार्यान्वयनमा समस्या उत्पन्न हुने गरेको छ ।

**ख) सुझावहरू**

वन ऐन २०७६ र वन नियमावली २०७९ वमोजिम वन सम्वर्द्धन प्रणालीमा आधारित कार्ययोजना संशोधन तथा निर्माण गर्ने, डढेलो तथा चरिचरणको समस्या समाधानका लागि स्थानीय तहसँगको समन्वय र सहकार्यमा अग्नि नियन्त्रण दस्ता परिचालन गर्ने तथा वन्यजन्तुको वासंस्थान संरक्षण र संवर्द्धन एवम् जैविक मार्ग निर्माणका लागि वासस्थानको अध्ययन कार्य सञ्चालन गरिमात्र योजना तर्जुमा गर्न उपयुक्त देखिएको छ । जडिवुटी खेति प्रवर्द्धनका लागि निजि क्षेत्रलाई प्रोत्साहन गरी खेती गराउने र जलाधार क्षेत्रलाइ जोखिमको आधारमा प्राथमिकीकरण गरी योजना वनाएर कार्यक्रम कार्यान्वयन गर्न उपयुक्त देखिन्छ भने सहरी क्षेत्रका जलाधार क्षेत्रहरूलाई कोरीडोरको रूपमा विकास गर्नेतर्फ ध्यान दिन जरूरी देखिन्छ । संघीय संरचना अनुसारका नीति, कानून र कार्यक्रमहरू आत्मसात गरी लागु गर्नु, व्यवस्थित र दिगो रूपले चुरे क्षेत्रको संरक्षण गर्नुका साथै जलवायु परिवर्तनका कारणले हुने

प्रभावहरूलाई न्यूनीकरण गर्नु र वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले सुझाएका वातावरणीय पक्षहरूलाई योजनामार्फत कार्यान्वयन गर्न प्रदेश अग्रसर हुनुपर्ने देखिन्छ । नेपालको संविधानले नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने र वातावरणीय प्रदूषण वा हासबाट हुने क्षति बापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था गरेको छ ।

वातावरण व्यवस्थापनको विषय एक जटिल, बहुक्षेत्रीय र बहुआयामिक विषय पनि हो । तीव्र सहरीकरणको अवस्थामा रहेको नेपाल जस्तो विकासोन्मुख मुलुकका लागि हावा, पानी, माटो र ध्वनी प्रदूषण नियन्त्रण एवम् फोहरमैला व्यवस्थापन जस्ता विषयको व्यवस्थापन झनै चुनौतीपूर्ण छ । यस्ता विषयको व्यवस्थापन नभएसम्म वातावरणीय स्वच्छता कायम गर्न सम्भव हुदैन । तर योजनाले वातावरणीय व्यवस्थापनका पक्षहरुलाई समेट्न नसकेको हुँदा आगामी योजनामा समेटनु पर्ने देखिन्छ । प्रदेश सरकारले खासगरी प्लास्टिकका झोला तथा प्याकेजिङ्गमा पूर्ण रूपमा प्रतिबन्ध गरी कागजका झोलाहरूको प्रयोगमा जोड दिने तथा फोहोरलाइ वर्गिकरण गरी कुहीने वस्तुहरूलाई प्राङ्गारिक मलको रूपमा व्यवस्थापन गर्ने विषयमा नेपाल सरकार तथा स्थानीय तहसँगको सहकार्यमा जोड दिन जरूरी देखिन्छ । त्यसैगरी पानीका मुहानहरूको पुनर्भरण तथा नियमित सरंक्षण गर्ने नीति तथा कार्यक्रममा जोड दिने, प्रदुषणबाट हुने रोग नियन्त्रण, सचेतनामूलक तथा क्षमता वृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने र अन्तर्राष्ट्रिय अभिसन्धिहरूबाट बनेका जलवायु कोष र संयन्त्रहरूबाट उपलब्ध वित्तीय सहयोग परिचालन जस्ता विषयमा ध्यान दिन आवश्यक देखिन्छ ।

#### ८.३.५ उपसंहार

वन तथा वनजन्य उत्पादनमा लुम्बिनी प्रदेश अव्वल मानिन्छ । यस प्रदेशले नेपालको कुल वन क्षेत्र १६.२ प्रतिशत हिस्सा ओगटेको छ भने प्रदेशको कुल भूभागको तुलनामा वनको क्षेत्रफल ४८.८ प्रतिशत रहेको छ ।  यसैगरी यस प्रदेशमा उल्लेख्य मात्रामा वन क्षेत्र रहेको भएतापनि आर्थिक सर्वेक्षण २०८० अनुसार लुम्बिनी प्रदेशका ९ वटा स्थानीय तहमा वन क्षेत्र नरहनु एकातिर छ भने अर्कोतर्फ यस प्रदेशमा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु आरक्षण क्षेत्र रहनु, दिगो र वैज्ञानिक वन व्यवस्थापनमा सरोकारवालाहरुमा जागरूकता बढ्नु जस्ता कारणहरुले वातावरण संरक्षणमा सरोकारवालाहरूको चासो बढ्दै गएको वर्तमान अवस्थामा योजनाको माध्यमबाट सकारात्मक हस्तक्षेप हुनु जरुरी भएको छ ।

### ८.४ सूचना तथा संचार प्रविधि

#### ८.४.१ पृष्ठभूमि

नेपालको संविधानले सूचना र सञ्चार-प्रविधिलाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ । संविधानमा स्थापित मौलिक हकको कार्यान्वयन गर्ने जिम्मेवारी प्रदेश सरकारमा समेत रहेको हुन्छ । विज्ञान तथा प्रविधिमा आएको विश्वव्यापी परिवर्तनले विगत छोटो अवधिमै

सूचना र सञ्चारको क्षेत्रमा आमूल परिवर्तन भएको छ । यद्यपि नेपालको विकट भौगोलिक अवस्थाले गर्दा सूचना र सञ्चार सहज र सर्वसुलभ पहुँच अभिवृद्धि गर्ने कार्य चुनौतीपूर्ण छ । त्यसवाहेक यस क्षेत्रमा भएको निजी लगानीलाई संरक्षण गर्दै आम सञ्चार क्षेत्रलाई स्वच्छ, निष्पक्ष, मर्यादित, र व्यावसायिक वनाउन पनि उत्तिकै जरुरी छ । नेपालको संविधानले प्रदेश र संघको साझा अधिकार क्षेत्र भित्र सञ्चार माध्यमसम्वन्धी विषयलाई समावेश गरेको छ । सूचना र सञ्चारको क्षेत्रमा खासगरी सञ्चार माध्यमको दर्ता, अनुमति, नवीकरण र नियमन गर्ने, छापा सञ्चार माध्यमका लागि आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण, चलचित्र हल निर्माण, सञ्चालन अनुमति र नियमन जस्ता विषय प्रदेश सरकारको कार्यजिम्मेवारी भित्र पर्दछन् ।

प्रदेशको आवधिक योजनामा "सूचना र संचार प्रविधिको सहज पहुँच र भरपुर उपभोगमार्फत आर्थिक र सामाजिक समुन्नति" भन्ने दीर्घकालीन सोच राखेको छ भने सवै वस्तीहरूमा टेलिफोन र इन्टरनेटको सहज पहुँच पुऱ्याउने लक्ष्य निर्धारण गरेको छ ।

### ८.४.२ उपलव्धी विश्लेषण

#### ८.४.२.१ नीतिगत उपलव्धि

सूचना तथा सञ्चार प्रविधि उपक्षेत्रका लक्ष्य उद्देश्य हासिल गर्न आवधिक योजनामा विभिन्न ३ ओटा रणनीति र १५ ओटा कार्यनीतिहरू निर्धारण गरिएका छन् । सूचना प्रविधिको विकास तथा व्यवस्थित प्रयोग गर्न कानूनी एवम् संस्थागत व्यवस्था गर्ने रणनीति अन्तर्गत सूचना प्रविधि सम्वन्धी प्रदेशको नीति तथा कानून निर्माण गर्ने, प्रदेश सरकारका काम कारवाही, सेवा प्रवाह र विकास निर्माण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई व्यवस्थित गर्न एकीकृत प्रणालीको विकास गर्ने र सूचना प्रविधिको व्यवस्थित विकासका लागि संस्थागत संरचना निर्माण गर्ने गरी ३ ओटा कार्यनीति लिएकोमा संस्थागत संरचनाका लागि सूचना तथा संचार प्रविधि प्रतिष्ठान गठन भएको छ । सूचना तथा संचार प्रविधिका क्षेत्रमा विकास भएका नवीनतम प्रविधिलाई प्रदेशको हित अनुकूल प्रयोग गरी प्रदेशलाई सूचना तथा संचार प्रविधिको क्षेत्रमा सवल र सक्षम वनाउन तथा यस क्षेत्रमा सक्षम जनशक्तिको विकास गर्न सूचना तथा संचार प्रविधि प्रतिष्ठानको स्थापना गरिएको छ । यसलाई क्रियाशिल एवं सवल वनाउनु पर्ने देखिन्छ । सूचना प्रविधि सम्वन्धी प्रदेशको नीति तथा कानून निर्माण गर्ने भनिएकोमा प्रदेश नं. ५, प्रदेश प्रसारण ऐन, २०७५ र प्रदेश नं. ५, प्रदेश प्रसारण नियमावली २०७६ तर्जुमा गरिएको छ ।

सूचना प्रविधिको पहुँच विस्तार तथा आर्थिक, सामाजिक विकासका क्षेत्रमा व्यापक प्रयोग गर्ने रणनीति अन्तर्गत मोवाइल फोनको सिग्नल नपुगेका ठाँउहरूमा टावरहरू निर्माण गर्न सेवा प्रदायक कम्पनीहरूलाई आकर्षित एवम् सहजीकरण गर्ने, दूरसंचार सेवा विस्तारको लागि नेपाल दूरसंचार प्राधिकरणसंग सहकार्य गर्ने व्यवस्था गर्ने, दुर्गम वस्तीहरूमा इन्टरनेट सुविधा पुऱ्याउन सेवा प्रदायक कम्पनीहरूलाई प्रोत्साहन गर्ने, इन्टरनेटको पहुँच वढाउने लक्ष्य हासिल गर्न

स्थानीय तहसँग सहकार्य गरी नमुनाका निःशुल्क वाईफाई वडाहरू वनाउने, सूचना प्रविधिको उचित प्रयोगको लागि जनचेतना अभिवृद्धि गर्ने, शिक्षा र स्वास्थ्यको गुणस्तर सुधारमा सूचना प्रविधिको प्रयोग गर्न प्रोत्साहन र सहयोग गर्नुका साथै प्रदेशभित्रका विद्यालय तथा क्याम्पसहरूमा इन्टरनेट पहुँच पुऱ्याउन सहयोग गरी शैक्षिक सामग्रीको सहज उपलब्धताको लागि सहजीकरण गर्ने, प्रदेशका पुस्तकालयमा निःशुल्क इन्टरनेट सेवा र इ-पुस्तकालयको व्यवस्था गर्दै लग्ने, प्रदेशको यातायात प्रणालीलाई इन्टरनेटमा आधारित सूचना प्रणालीमा आवद्ध गर्दै लग्ने, प्रदेश सरकारका प्रशासनिक संरचनाहरूमा इ-गभर्नेसको अवधारणा अनुरूप सूचना प्रविधिको अधिकतम प्रयोग गरी काम कारवाही तथा सेवा प्रवाह गर्नुपर्ने व्यवस्था गर्ने, मोवाईल एप, वेव साईटहरू मार्फत लैङ्गिक विभेद तथा समावेशी सम्वन्धि नीति, नियम र राम्रा अभ्यासहरूवारे जानकारी गराउने र सूचना प्रविधि सम्वन्धी आवश्यक दक्ष जनशक्ति उत्पादनमा जोड दिने गरी १० ओटा कार्यनीति लिएकोमा अधिकांश कार्यनीतिहरू कार्यान्वयनमा आउन सकेको देखिदैन ।

प्रादेशिक सूचना प्रविधि पार्क संचालन गर्ने रणनीति अन्तर्गत प्रादेशिक सूचना प्रविधि पार्कसम्वन्धी कानून वनाएर संस्थागत विकास  गर्ने र प्रादेशिक सूचना प्रविधि पार्कमा निजी क्षेत्रलाई उद्योग तथा सेवा विस्तार गर्न प्रोत्साहन सहित व्यवस्था गरिनुमा साथै इन्टरनेटमा आधारित सेवा तथा सफ्टवेयर उत्पादन तथा विक्रीको व्यवस्था मिलाउने कार्यनीति लिइएकोमा तीन ओटै रणनीति कार्यान्वयनमा आउन सकेको देखिदैन ।

आमसंचारलाई अन्तरसम्वन्धित क्षेत्र अर्न्तगत अलग्गै उप क्षेत्रको रुपमा राखिएको छ । पहुँच, व्यावसायिकता र संस्थागत क्षमता वढाउने, सकारात्मक, खोजमूलक र विकासमुखी सञ्चारको प्रवर्द्धन गर्ने र प्रदेश सरकारका गतिविधिहरूलाई जनसमक्ष पुऱ्याउन सम्प्रेषणको व्यवस्था गर्ने रणनीति र विभिन्न १० ओटा कार्यनीति लिइएकोमा विज्ञापन कर नियमावली २०७६ तर्जुमा, संचार माध्यम ऐन, २०७९ तर्जुमा, संचारकर्मी सम्मान तथा पुरस्कार वितरण सम्वन्धी कार्यविधि निर्माण, चलचित्र तथा वृत्तचित्र उत्पादनका लागि अनुदान सम्वन्धी निर्देशिका निर्माण, सञ्चारमाध्यमहरुलाई अनुदान वितरण सम्वन्धी कार्यविधि निर्माण, सार्वजनिक सन्देशमुलक रेडियो सामग्री उत्पादन तथा प्रसारण कार्यविधि निर्माण, प्रदेश सरकारका कामकारवाहीलाई सहज ढंगवाट प्रवाह गर्न रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा आमसञ्चार माध्यमसँग समन्वय तथा सहजिकरण गर्ने आदि जस्ता कार्यहरु गरिएका छन् ।

समग्रमा यस उपक्षेत्रका १५ ओटा कार्यनीतिमध्ये ३ ओटा कार्यनीति मात्र कार्यान्वयनमा आएका छन् । आम संचार उपक्षेत्रका १० ओटा कार्यनीतिमध्ये ८ ओटा कार्यान्वयनमा  आएका छन् । कार्यान्वयन भएका कार्यनीतिमध्ये पनि आंशिक मात्रामा कार्यान्वयन भएको र केहीमा कार्यान्वयन प्रारम्भ मात्र भएको अवस्था छ । यस उपक्षेत्रका रणनीति तथा कार्यनीतिको कार्यान्वयन अवस्थालाई अनुसूची ८.१ मा समावेश गरिएको छ ।

## ८.४.२.२ सूचना तथा संचार प्रविधि क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलब्धि

आवधिक योजनामा सूचना तथा संचार प्रविधि उपक्षेत्रका लागि अनुमानित वजेट समेत तोकि ७ ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् र जसको कार्यान्वयन गर्ने जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, विषयगत मन्त्रालयहरु र स्थानीय सरकार, दूरसंचार सेवा प्रदायक संस्थालाई तोकिएको थियो । ७ ओटा प्रमुख कार्यक्रमहरुमध्ये समीक्षा अवधिमा २ ओटा आंशिकरुपमा संचालन भएका थिए भनें बाँकी ५ ओटा कार्यक्रमहरु संचालन हुन सकेका छैनन् । नीतिगत, कानूनी र संस्थागत व्यवस्था गरी सूचना तथा संचार प्रविधि प्रतिष्ठान गठन भइ कार्य संचालन सुरु भएको छ । यसैगरी कपिलवस्तुको विजयनगर गाउँपालिका, रोल्पाको गंगादेव गाउँपालिका, रुकुमको भुमे गाउँपालिका र दाङको राजपुर गाउँपालिकामा टेलिसेन्टरको स्थापना भएको छ । सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान वुटवलको स्थापना गरि सूचना प्रविधि सम्वन्धी कार्यको पनि थालनी गरिएको छ । योजनाको कार्यक्रमिक उपलब्धि तालिका ८.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ८.७ : सूचना तथा संचार प्रविधिसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नीतिगत , कानूनी र संस्थागत व्यवस्था | | ▪प्रदेशको सूचना तथा संचार प्रविधि नीति, कार्यविधि तथा सेन्ट्रल फ्रेमवर्क निमार्ण<br>▪संस्थागत संरचना | नीति, नियम र निर्देशिका निमार्ण | संचालन तथा आइटी नियमन | | |
| | उपलब्धि (संख्या) | आंशिक भएको | सूचना तथा संचार प्रविधि प्रतिष्ठान गठन भइ कार्यसंचालन सुरु भएको । कपिलवस्तुको विजयनगर गापा, रोल्पाको गंगादेव गापा, रुकुमको भुमे गापा र दाङको राजपुर गा.पा.मा टेलिसेन्टरको स्थापना भएको छ । | | | | अनुसूची १ |
| २ | सूचना प्रविधि नवप्रवर्तन केन्द्रको स्थापना | | ▪नीति नियम तथा कार्य योजना तयार<br>▪निर्माणस्थल तयार | पूर्वाधार निर्माण अन्तराष्ट्रिय वहुराष्ट्रिय कम्पनीहको सम्मेलन आइसिटि गुरुकूलको स्थापना तालिम तथा कक्षा संचालन | ▪ आइटि व्यापार तथा परामर्श सेवा<br>▪ तालिम तथा कक्षा संचालन<br>▪ वुट क्याम्प संचालन | ▪ पूर्व कार्यक्रमहरुको निरन्तरता<br>▪ व्यापार प्रवर्द्धन तथा निजी व्यवसायहरुको शुरुवात | |
| | उपलब्धि (संख्या) | भएको | सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान वुटवलको स्थापना गरि सूचना प्रविधि सम्वन्धी कार्य गरिएको । | | | | |
| ३ | प्रदेश सोधपुछ केन्द्र (कल सेन्टर) | | ▪कार्यविधि तयार<br>▪जग्गा प्राप्ति<br>▪संरचना प्राप्ति वा निर्माण | निजी क्षेत्र छनोटगरी सेवा सम्फौता गरेर सेवा आरम्भ | सेवा सुचारु तथा सुधार र विस्तार | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उपलब्धि | नभएको | - | - | - | - | |
| ४ | डिजिटल ढुकुटी, डाटा सेन्टर तथा व्याकअप स्थापना | | ▪कार्यविधि तयार<br>▪आवश्यक उपकरण खरिद गरी सेवा आरम्भ | सेवा सुचारु तथा सुधार र विस्तार | | | |
| | उपलब्धि | नभएको | - | - | - | - | |
| ५ | मोवाइल नेटवर्क विस्तार | | ▪सिग्नलको अवस्थावारे अध्ययन र स्थान छनोट<br>▪टावर स्थापनाकालागि पहल | टावर स्थापना | | | |
| | उपलब्धि (संख्या) | नभएको | - | - | - | - | |
| ६ | नमूना निःशूल्क वाइफाइ वडा कार्यक्रम | | पछाडि परेका १२ वडामा परीक्षणको रुपमा निःशुल्क वाइफाइ कार्यक्रम (समपूरक) | पछाडि परेका थप २० वडामा निःशुल्क वाइफाइ कार्यक्रम (समपूरक) | निरन्तरता<br>ती वडाहरुमा नमुना इ-गभर्नेन्स शुरु | | |
| | उपलब्धि (संख्या) | नभएको | - | - | - | - | |
| ७ | मोवाइल एपमा आधारित सेवा प्रवाह कार्यक्रम | | जनतालाई सेवा दिने प्रदेशवो एकीकृत एप, अन्तरतह सम्वन्धी एप, यातायात सुविधासम्वन्धी एप, पर्यटन गन्तव्यसम्वन्धी, शिक्षासम्वन्धी एप, स्वास्थ्य सेवासम्वन्धी एप, सामाजिक विकाससम्वन्धी तथा जनचेतना सम्वन्धी एप, आदि संचालन | | | | |
| | उपलब्धि (संख्या) | नभएको | - | - | - | - | |

स्रोतः सम्बन्धीत मन्त्रालय ।

### ८.४.२.३ परिमाणात्मक उपलब्धि

सूचना तथा संचार प्रविधि उपक्षेत्रका लागि असर तहको १ र प्रतिफल तहका ६ गरी ७ ओटा नतिजा सूचक समावेश गरिएका छन् । यस उपक्षेत्रको नतिजा खाकामा समावेश भएको परिमाणात्मक लक्ष्य र योजनाको चार वर्ष अवधिका हासिल भएको प्रगतिसम्वन्धी विवरण तालिका नं. ८.८ मा प्रस्तुत गरिएको छ ।

सूचना तथा संचार प्रविधि उपक्षेत्रको योजनाको प्रथम चार वर्षको लागि निर्धारण गरिएका ६ ओटा लक्ष्य सूचकहरूमध्ये २ ओटा सूचकको मात्र प्रगति विवरण प्राप्त हुन सकेको छ । अन्य सूचकहरूमा उपलब्धिको समीक्षाको निमित्त तथ्याङ्क उपलव्ध हुन नसेकेको कारण सोसम्वन्धी विश्लेषण भने प्रस्तुत गर्न सकिएको छैन । हालसम्मको उपलब्धि अवस्था हेर्दा योजनाको बाँकी अवधिमा लक्षित प्रगति हासिल हुने अवस्था देखिदैन ।

### तालिका ८.८ : सूचना तथा संचार प्रविधिसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा स्तर अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | आ.व. २०७९/८० | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| **प्रभाव तह** | | | | |
| – | – | – | – | – |
| **असर तह** | | | | |
| इन्टरनेट पुगेका घरपरिवार | प्रतिशत | ४९.४ | ८५* | ७५.५+ |
| **प्रतिफल तह** | | | | |
| नवप्रर्वतन केन्द्र | संख्या | – | १ | १@ |
| १५ देखि ४९ वर्ष उमेरका इन्टरनेट पहुँच पुगेका महिला (दिविल १७.८) | प्रतिशत | १९.५ | ७५* | प्राप्त नभएको |
| १५ देखि ४९ वर्ष उमेरका इन्टरनेट पहुँच पुगेका पुरुष (दिविल १७.८) | प्रतिशत | ४५.५ | ८५* | प्राप्त नभएको |
| १५ देखि ४९ वर्ष उमेरका मोवाइल प्रयोग गर्ने महिलाको अनुपात | प्रतिशत | ६९.७ | ८८* | प्राप्त नभएको |
| १५ देखि ४९ वर्ष उमेरका मोवाइल प्रयोग गर्ने पुरुषको अनुपात | प्रतिशत | ८८.७ | ९७* | प्राप्त नभएको |

*आ.व. २०८०/८१ को लक्ष्य ।

+राष्ट्रिय जनगणना २०७८ का आधारमा ।

@सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान स्थापना

### ८.४.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान

सन् २०१७ सम्ममा अतिकम विकसित देशहरुका लागि प्रविधि वैंक तथा विज्ञान र नवीन खोजसम्वन्धी क्षमता निर्माण गर्ने संयन्त्र पूर्णतया संचालन गर्ने र सक्षम प्रविधि, खासगरी सूचना र सञ्चार प्रविधिको प्रयोगमा वृद्धि गर्ने दिगो विकास लक्ष्य निर्धारण गरिएकोमा लुम्विनी प्रदेशले यी गुणात्मक लक्ष्यहरुमा ध्यान दिनुपर्दछ ।

### ८.४.४ समस्या र सुझावहरु

#### क) समस्याहरू

सूचना तथा सञ्चार उपक्षेत्रमा योजना दस्तावेजमा पर्याप्त सूचकहरु समावेश हुन सकेका छैनन् । सूचक दोहोरिनुका साथै आधार वर्षको तथ्याङ्क परिमाणात्मक लक्ष्य खाली रहेको र योजनाको विचका वर्षहरुको उपलव्धिसम्वन्धी तथ्याङ्क समेत उपलव्ध हुन नसकेको छैन । योजनामा समावेश भएका कतिपय सूचकहरू इन्टरनेट तथा मोवाइल सेवाको विस्तार गर्ने

जस्ता विषय प्रत्यक्ष रूपमा प्रदेशको कार्यक्षेत्रभित्र पर्ने देखिदैन । छापासम्वन्धी काम प्रदेशको अधिकार क्षेत्रमा भएर पनि योजनामा कुनै उल्लेख गरिएको छैन । यसैरी सञ्चारसंग सम्वन्धीत रेडियो उपकरणसँग सम्वन्धित इजाजत जारी गर्ने र नियमन गर्न सक्ने कानुनी आधार भएता पनि यो विषय योजनामा भेटिदैन । यस सम्वन्धमा प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन नियम, निमावली, आदि तर्जुमा भई कार्यान्वयमा आईसकेको छैन । कतिपय ठाँउहरूमा मोवाइल टेलिफोन सहज ढंगले काम नगर्ने गुनासाहरू रहेका छन् । इन्टरनेट सेवाको सहज उपलव्धता र पहुँच सीमित रहेको छ । सूचना प्रविधिको विस्तारका लागि चाहिने विद्युत सेवाको उपलव्धता नहुनु पनि सूचना प्रविधि क्षेत्रको एक मुख्य समस्याको रुपमा रहेको छ । तर यी सवै समस्याहरु प्रदेशस्तरवाट मात्रै समाधान हुन सक्ने देखिदैन ।

**ख) सुझावहरू**

सरोकारवालाहरूसँग व्यापक छलफल र समन्वय गरी सञ्चारसम्वन्धी नीति तथा कानुन निर्माण गर्नुपर्ने हुन्छ । सङ्घीय सरकारले हस्तान्तरण गर्न वाँकी रहेका रेडियोमा प्रयोग हुने उपकरणसम्वन्धी र छापाखाना तथा प्रकाशनसम्वन्धी अधिकारका लागि आवश्यक समन्वय गर्न उपयुक्त हुने देखिन्छ । योजनाको नतिजा खाकामा समावेश पर्याप्त सूचकहरु निर्धारण गरिनु पर्दछ र आधार वर्षको तथ्याङ्क र योजना अवधिको सवै लक्ष्य सूचकहरु निर्धारण गर्ने सम्वन्धमा आगामी योजना तर्जुमा गर्दा ध्यान दिनु जरूरी छ ।

### ८.४.५ उपसंहार

संचार तथा सूचना प्रविधिको क्षेत्र देशभरी नै विस्तार हुने क्रममा रहेको छ । प्रदेशका आवधिक योजनामा संचार तथा सूचना प्रविधिको क्षेत्रका सवै पक्षहरुलाई समेटनुपर्ने देखिन्छ । प्रदेशमा मोवाइल टेलिफोन सुविधाको उल्लेख्यरुपमा विस्तार भएको छ । सरकारी कामकाजदेखि निजी क्षेत्रले पनि सूचना प्रविधिको प्रयोग वढदै गएको छ । शिक्षा, स्वास्थ्य लगायत विभिन्न क्षेत्रमा इन्टरनेटको प्रयोगले ज्ञान विस्तार गर्न र गुणस्तर सुधार गर्न सहज भएको छ । तर, सूचना प्रविधिको प्रयोग उत्पादन र उत्पादकत्व वढाउने गरी हुन सकिरहेको छैन । प्रदेशको सवै स्थानमा टेलिफोन र इन्टरनेटको सेवा पुऱ्याउने, प्रादेशिक सूचना प्रविधि पार्क संचालनमा ल्याउने, सूचना प्रविधि पार्कको माध्यमवाट सेवा निर्यात गर्ने, सरकारको कार्य संचालनमा सूचना प्रविधिको प्रयोग आदि जस्ता कार्यहरुलाई परिणाममुखी वनाउन आगामी योजनामा ठोस कार्यक्रम ल्याउनुपर्ने देखिन्छ ।

## ८.५ विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तन व्यवस्थापन

### ८.५.१ पृष्ठभूमि

विपद् जोखिमका हिसावले नेपाल अत्यधिक जोखिममा रहेको मुलुकहरूमध्ये पर्दछ । विपद्सम्वन्धी एक तथ्याङ्क अनुसार सडक तथा अन्य दुर्घटना वाहेकका प्राकृतिक तथा

गैरप्राकृतिक प्रकोपवाट वि.स. २०२८ देखि २०७२ सम्मको अवधिमा वार्षिक औषत ९०० जनाको मृत्यु हुने गरेको छ । वर्षेनी हुने सडक दुर्घटनावाट औसत २००० जनाको मृत्यु हुने गरेको छ । यस्ता घटनावाट हुने जनधनको क्षति र विकासका पूर्वाधारहरूमा पुग्न जाने हानीनोक्सानीले आम जनताको आधारभूत सेवा साथै जीविकोपार्जनमा समेत प्रतिकूल असर पर्ने गरेको छ । विपद् व्यवस्थापनको अपरिहार्यतालाई ध्यानमा राखेर नै नेपालको संविधानले प्राकृतिक प्रकोपवाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवम् पुर्नस्थापना गर्ने नीति अवलम्वन गर्दै विपद् व्यवस्थापनसम्वन्धी कार्यलाई स्थानीय तहको एकल अधिकारका साथै सघं र प्रदेशको साझा अधिकार तथा सघं, प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा समेत समावेश गरेको छ ।

संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तर्जुमा गर्नुका साथै विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) समेत स्वीकृत गरेको छ । जलवायु परिवर्तन तथा भौगर्भिक, सामाजिक, आर्थिक गतिविधिका कारण आगामी दिनमा विपदजन्य घटनावाट हुने हानी नोक्सानी झनै वढ्न सक्ने र यस्ता जोखिमहरू न्यूनीकरण र व्यवस्थापन गर्न नेपाल सरकारको एकल प्रयासले मात्र सम्भव नभएको हुँदा यस विषयमा राष्ट्रिय, प्रदेश एवम् स्थानीय स्तरमा समेत योजनावद्ध एकीकृत प्रयासको आवश्यकता रहेको छ । यस प्रदेशमा वाढी पहिरो, हुरीवतास, चट्टयाङ् र आगलागीका घटनाहरू, भुकम्प र हिमाली जिल्लामा हिमपहिरोको पनि संभावना रहेको हुँदा कुनैपनि वेला प्राकृतिक तथा गैर प्राकृतिक विपदको सामना गर्नुपर्ने हुनसक्छ ।

प्रदेशको आवधिक योजनाले "विपद्को घटना र यसको असर एवम् प्रभाव न्यूनीकरण भएको अवस्था" मा पुग्ने दीर्घकालीन सोच अनुरुप जलवायू परिवर्तन, प्राकृतिक प्रकोप तथा विपद् सिर्जित हानि र नकारात्मक प्रभाव न्यून गर्ने लक्ष्य निर्धारण गरिएको छ ।

## ८.५.२ उपलव्धी विश्लेषण

### ८.५.२.१ नीतिगत उपलव्धि

विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तन व्यवस्थापन उपक्षेत्रका लक्ष्य उद्देश्य हासिल गर्न आवधिक योजनामा विभिन्न ७ ओटा रणनीति र ३० ओटा कार्यनीति निर्धारण गरिएका छन् । प्रदेशको अवस्था अनुरूपका भूमि तथा वस्ती व्यवस्थापन गर्ने रणनीति अन्तर्गत संकटासन्न स्थानको पहिचान तथा नक्सांकन समेत गर्दै भूमि तथा वस्ती व्यवस्थापनलाई प्राथमिकताका साथ अघि वढाउने र विपद् व्यवस्थापन गर्न नसकिने स्थानका वासिन्दाहरूलाई सुरक्षित एवम् एकीकृत वस्ती निर्माण गरी स्थानान्तरण गर्ने गरी २ ओटा कार्यनीति लिइएकोमा कार्यान्वयनमा आएको देखिएन ।

विपद् सिर्जित गरिवी न्यूनीकरणका लागि विशेष कार्यक्रमहरू संचालन गर्ने रणनीति अन्तर्गत् विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोषको व्यवस्था गरी विपद्को उद्दार, राहत र प्रतिकार्य लागु गर्ने, प्रभावित क्षेत्रमा गरिवी न्यूनीकरणका लागि विशेष कार्यक्रमहरू संचालन

गर्ने र विपदमा परेका घरपरिवारलाई रोजगारीमा प्राथमिकता दिने जस्ता ३ ओटा कार्यनीति लिइएकोमा कार्यान्वयनमा आएको देखिएन । द्वन्द्व प्रभावित स्वरोजगार कार्यक्रम कार्यविधी तर्जुमा गरिएको छ ।

विपद्ले असर गर्नसक्ने स्थानहरूको पहिचान गरी सम्भावित प्रभावको न्यूनीकरण गर्ने रणनीति अन्तर्गत् विपद्को कारणले जोखिममा पर्ने पूर्वाधारहरूको संरक्षणका कार्यक्रम लागु गर्ने, जलाधारमा आधारित अवधारणा लागु गर्दै वाढीले प्रभाव पार्ने सम्भावित क्षेत्रहरूमा दिगो तटवन्ध कार्यक्रम सञ्चालन गर्ने, घनावस्तीहरूमा भूकम्पको वेला सुरक्षित रहने खुला चौरहरूको व्यवस्था गर्ने, स्थानीय तहसंगको सहकार्यमा खर तथा फुशका छानालाई विस्थापन गर्ने, शीतलहर र आगलागीवाट वच्न तराईका जिल्लाहरूमा स्थानीय तहसंगको सहकार्यमा वहुउपयोगी सुरक्षित आवास आश्रयस्थलको व्यवस्था गर्ने, व्यापक रूपमा वृक्षारोपण गरी पहिरो नियन्त्रण गर्ने र पहाडमा हुने भू-क्षय कम गर्ने र नदीमा वाँध वनाउने नयाँ तरिका जस्तै जैविक तटवन्ध जस्ता प्रविधिको प्रवर्द्धन गर्ने जस्ता ७ ओटा कार्यनीति लिएकोमा यी सवै प्रभावकारीरुपमा कार्यान्वयनमा आएको पाइदैन ।

पूर्व तयारी गरी विपद व्यवस्थापनमा प्रभावकारिता ल्याउने रणनीति अन्तर्गत् प्रदेश तहमा पूर्वसूचना प्रणाली स्थापना गरी जल तथा मौसम मापन केन्द्रहरूको विस्तारका लागि सहजीकरण गरी प्रभावकारी ढंगले पूर्वसूचना प्रवाह गर्ने, विपद् व्यवस्थापनका लागि भण्डारण गृह निर्माण गरी आवश्यक सामग्रीहरूको संचय गर्ने र वाली, पशु र संरचनाको वीमा प्रणालीलाई थप विकसित गर्ने गरी ३ ओटा कार्यनीति प्रभावकारीरुपमा कार्यान्वयनमा आएको पाइदैन ।

भवन तथा संरचना निर्माणका संहिता कडाइका साथ लागु गर्ने रणनीति अन्तर्गत् भवन संहिता कार्यान्वयन गरी भूकम्पको सम्भावित असर तथा प्रभाव कम गर्ने र विपद् पश्चातको उद्धार र राहतको व्यवस्थापनलाई प्रभावकारी ढंगले संचालन गर्ने गरी संरचना वनाउने कार्यनीतिसम्वन्धमा खासै प्रगति भएको पाइएन ।

विपद् पश्चातको व्यवस्था, शीघ्र उद्धार, प्रति कार्य तथा राहत प्रदानलाई प्रभावकारी ढगले संचालन गर्ने रणनीति अन्तर्गत् जलवायू परिवर्तन अनुकूलन र विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न प्रदेशस्तरका मापदण्डहरूको विकास, परिमार्जन र लागु गर्ने संयन्त्र वनाउने, विपद्पछिको शीघ्र पुनरूत्थानका लागि पूर्व योजनाहरू तयार पार्ने, विपद् प्रतिकार्य तालिम केन्द्र स्थापना गर्ने, विपद् व्यवस्थापनको संयोजन स्थानीय सरकारवाट गराउने, विपदको घटनापश्चात् शीघ्र उद्धार, राहत र प्रतिकार्य सेवा प्रदान गर्ने संरचना तयार पार्ने, आकस्मिक उद्दारका लागि आवश्यक पर्ने स्थान पहिचान गरी हेलिप्याडहरू निर्माणको सहजीकरण गर्ने, वहु प्रकोप जोखिम लेखाजोखालाई समयानुकूल संस्थागत गर्ने र सूचना सङ्कलनमा नयाँ प्रविधिहरूको उपयोग गर्ने र  विपद् व्यवस्थापनमा सहयोग गर्ने गरी क्षमता विकास सहित स्वयंसेवक तयार पार्ने जस्ता ८ ओटा कार्यनीतिहरु लिइएकोमा प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका, मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, हवाई उद्दार सम्वन्धी कार्यविधि

तर्जुमा गरिएका छन् । यसैगरी विपद् व्यवस्थापन सम्वन्धी प्रदेश विपद् व्यवस्थापन परिषद् गठन गरिएकोमा यसलाई सवल एवं प्रभावकारीरुपमा क्रियाशिल वनाउनु पर्ने देखिन्छ ।
समग्रमा यस उपक्षेत्रका ३० ओटा कार्यनीतिमध्ये १५ ओटा कार्यनीति मात्र कार्यान्वयन भएका छन् । कार्यान्वयन भएका कार्यनीतिमध्ये पनि धेरैजसोमा आंशिक मात्रामा कार्यान्वयन भएको र कतिपयमा कार्यान्वयन प्रारम्भ मात्र भएको अवस्था छ । व्यवस्थापन उपक्षेत्रका रणनीति तथा कार्यनीति कार्यान्वयनको अवस्थासम्वन्धी विस्तृत विवरण अनुसूची ८.९ मा समावेश छ ।

### ८.५.२.२ विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तन क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमसम्वन्धी उपलब्धि

आवधिक योजनामा विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तन उपक्षेत्रका लागि अनुमानित वजेट समेत तोकि १० ओटा प्रमुख कार्यक्रमहरु निर्धारण गरिएका छन् र जसको कार्यान्वयन गर्ने जिम्मेवारी आन्तरिक मामिला तथा कानून मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय र स्थानीय सरकारलाई तोकिएको थियो । १० ओटा कार्यक्रमहरुमध्ये समीक्षा अवधिमा ४ ओटा मात्र संचालन भएका थिए । जस अन्तर्गत विपद् जोखिम न्यूनिकरण रणनीतिक योजना तर्जुमा, विपद् व्यवस्थापन सामग्री खरिद, ११ वटा जिल्लाका विपद् जोखिम क्षेत्रहरुको पहिचान र नक्साङ्कन, विपद् प्रतिकार्य तालिम संचालन मार्फत पालिकाका तालिम प्रदान, स्थानिय तहका प्रमुख तथा जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीहरुको सहभागितामा कार्यक्रम संचालन, विपदका वेला क्षति कम गर्नका लागि Simulation Excercise एवं Tabletop Exercise सञ्चालन, विपद् आश्रयस्थल निर्माण, विभिन्न स्थानमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन तथा सूचना प्रकाशन जस्ता कार्यक्रमहरु संचालन गरिएका छन् । योजनाको विस्तृत कार्यक्रमिक उपलब्धि तालिका ८.९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ८.९ : विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तनसम्वन्धी कार्यक्रमहरुको कार्यान्वयन अवस्था**

| क्र.सं. | कार्यक्रम | भएको/ नभएको | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | विपद् व्यवस्थापन, उद्धार, प्रतिकार्य कार्यक्रम | | नीति निमार्ण, खोज तथा उद्धार तालिम, आगलागि नियन्त्रण, जनशक्ति तथा उपकरण व्यवस्था | जनचेतना तथा पूर्वतयारी क्षमता अभिवृद्धि, खोज तथा उद्धार तालिम, उद्धार सामाग्रीको व्यवस्था, राहत सामाग्रीको व्यवस्था, विपद् प्रभावितहरुलाई जीविकोपार्जन केन्द्रित विपद् उत्थानशीलता | | | |
| | उपलब्धि (संख्या) | भएको | ▪ विपद् जोखिम न्यूनिकरण रणनीतिक योजना तर्जुमा गरिएको ।<br>▪ ६० प्रकारका विपद् व्यवस्थापन सामाग्री खरिद भएको ।<br>▪ प्रदेश भित्रका ११ वटा जिल्लाका विपद् जोखिम क्षेत्रहरुको पहिचान र | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | नक्साङ्कन गरिएको ।<br>▪ विपद् प्रतिकार्य तालिम संचालन मार्फत पालिकाका ५०६ जनालाई तालिम प्रदान गरिएको ।<br>▪ वर्दियाको गुलरियामा स्थानिय तहका प्रमुख तथा जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीहरुको सहभागितामा कार्यक्रम सम्पन्न गरिएको ।<br>▪ विपदका वेला क्षति कम गर्नका लागि Simulation Excercise एवं Tabletop Exercise सञ्चालन गरिएको ।<br>▪ गुल्मी, पाल्पा, अर्घाखाँची, वाँके र दाङ्गका लागि विपद् सामग्री (टेण्ट र त्रिपाल) र विषेश प्रहरी सुरक्षा गण सुनवलका लागि १ थान रवर Bojt उपलव्ध गराइएको ।<br>▪ नवलपरासी जिल्लाको सुस्ता गाउँपालिकामा विपद् आश्रयस्थल निर्माणको कार्य सम्पन्न गरिएको ।<br>▪ सुरक्षा निकाय एवं जिल्ला प्रशासन कार्यालयहरू एवं सञ्चार माध्यमहरू संगको समन्वयमा जोखिम न्यूनिकरणका लागि विभिन्न स्थानमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन तथा सूचना प्रकाशन गरिएको । | | | | |
| २ | सिद्धवावा क्षेत्र संरक्षण कार्यक्रम | | सिद्धवावा मन्दिर विकास समिति र स्थानीय तहको समन्वयमा कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | |
| | उपलव्धि | नभएको | - | - | - | - | |
| ३ | तटवन्ध निर्माण तथा नदी उकास कार्यक्रम | | तटवन्ध निर्माण गर्नुपर्ने नदीहरुको पहिचान र डिपिआर तयार | ▪जग्गा प्राप्ति र संरक्षण<br>▪निर्माण | ▪निर्माण नदीउकास क्षेत्रविकास कार्यक्रम<br>▪नयाँ खण्डको डिपिआर तयार | नयाँ खण्ड निर्माण | |
| | उपलव्धि ( संख्या) | नभएको | - | - | - | - | |
| ४ | पूर्वसूचना तथा चेतावनी कार्यक्रम | | आवश्यकता पहिचान गरी वाढीको पूर्वसूचना दिने संरचना स्थापना | रूकुम पूर्वमा हिउँको पूर्वसूचना दिने संरचना स्थापना | हावाहुरी तथा असिना पूर्वसूचना कार्यक्रम | | |
| | उपलव्धि ( संख्या) | भएको | वर्दिया, दाङ्ग, वाँके, गुल्मी जिल्लामा विपद् पूर्वसूचना प्रणाली जडान गरिएको । | | | | |
| ५ | मानव र वन्यजन्तु द्वन्द्व न्यूनीकरण कार्यक्रम | | मानव र वन्यजन्तु द्वन्द्व अवस्था अध्ययन, न्यूनीकरणका उपाय पहिचान तथा कार्यान्वयन | कार्यक्रम कार्यान्वयन, अध्ययन तथा अनुसन्धान | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उपलव्धि ( संख्या) | भएको | राष्ट्रिय निकुञ्चको प्रभावित क्षेत्रमा पर्ने वारवर्दिया र ठाकुरवावा नगरपालिकामा मानव वन्यजन्तुको द्वन्द्व न्यूनिकरणका लागि तारजाली लगाउने कार्य सम्पन्न । | | | | |
| ६ | विकट पहाडी पालिकाहरुमा हेलिप्याड निर्माण | | हेलिप्याड निर्माणको लागि उपयुक्त स्थान छनोट | हेलिप्याड निर्माण | | | |
| | उपलव्धि ( संख्या) | भएको | | | | २२ वटा | |
| ७ | पहिरो नियन्त्रण कार्यक्रम | | नियन्त्रण गर्नुपर्ने पहिरोको पहिचान र विस्तृत डिजाइन तयार | पहिरो नियन्त्रण | | | |
| | उपलव्धि ( संख्या) | नभएको | - | - | - | - | |
| ८ | चट्याङ प्रतिरोधी संरचना निर्माण | | ▪ भवन मापदण्डमा चट्याङ नियन्त्रक जडान समावेश गरी सम्पन्नताको प्रमाणपत्रको लागि अनिवार्य गर्ने<br>▪ प्रदेशको विद्युत् वितरण प्रणालीमा चट्याङ नियन्त्रक मापदण्ड वनाई क्रमशः लागू गर्ने | | | | |
| | उपलव्धि | नभएको | - | - | - | - | |
| ९ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोष | | स्रोत पर्याप्त वनाइ व्यवस्थापन सहित प्रभावकारी रूपमा कोष संचालन | | | | |
| | उपलव्धि ( संख्या) | नभएको | - | - | - | - | |
| १० | नदीनाला वहाव क्षेत्र ( राइट अफ वे) निर्धारण कार्यक्रम | | जलाधार प्रकृति लगायतका वैज्ञानिक आधारमा नदी, भूगोल, खोला र खोल्सा राइट अफ वे निर्धारण गरी कानूनी व्यवस्था गर्ने। | | राइट अफ वे लागू | | |
| | उपलव्धि | नभएको | - | - | - | - | |

## ८.५.२.३ परिमाणात्मक उपलव्धि

विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तन व्यवस्थापन उपक्षेत्रका लागि असर तहको २ र प्रतिफल तहका ६ गरी ८ ओटा नतिजा सूचक समावेश गरिएका छन् । यी सूचकहरूमध्ये असर तहको विपद्वाट प्रभावित घरपरिवार प्रतिशत र विपद् प्रभावितलाई उपलव्ध गराइएको रकम सम्वन्धी सूचकहरूको आधार वर्षको तथ्याङ्क र योजना अवधिको लक्ष्य सूचक समेत समावेश हुन सकेको छैन भनें प्रतिफल तहका ६ ओटै सूचकहरूको अन्तिम वर्षको मात्र लक्ष्य सूचक निर्धारण गरिएको छैन भने ४ ओटा प्रतिफल तहका नतिजा सूचकहरुको आधार वर्षको

तथ्याङ्क र योजना अवधिको लक्ष्य सूचक समावेश हुन सकेको छैन । निर्धारण गरिएका लक्ष्य सूचकहरुमध्ये विपद् प्रभावितलाई उपलव्ध गराइएको रकम असर तह र प्रतिफल तह दुवैमा समावेश गरिएको छ । सूचकहरुलाई अझ वैज्ञानिक र नतिजामूलक वनाउनु पर्ने देखिन्छ । विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तन व्यवस्थापन उपक्षेत्रको नतिजा खाकामा समावेश भएको परिमाणात्मक लक्ष्य र योजनाको चार वर्ष अवधिका हासिल भएको प्रगतिसम्वन्धी विवरण तालिका ८.१० मा प्रस्तुत गरिएको छ ।

विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तन व्यवस्थापन उपक्षेत्रको योजनाको चार वर्षको लागि निर्धारण गरिएका ७ ओटा लक्ष्य सूचकहरूमध्ये सवै सूचकको प्रगति विवरण प्राप्त भएको छ । प्राप्त विवरण अनुसार प्रदेशमा विपद्मा परी ज्यान गुमाउने, घाइते हुने, विपद्वाट पुगेको आर्थिक क्षति, विपद्वाट प्रभावित घरपरिवार संख्या, विपद् प्रभावितलाई उपलव्ध गराइएको रकम, आदि वढेको देखिन्छ ।

**तालिका ८.१० : विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तन व्यवस्थापनसम्वन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था**

| नतिजा स्तर अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | आ.व. २०७९/८० | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| **प्रभाव तह** | | | | |
| – | – | – | – | – |
| **असर तह** | | | | |
| विपद्वाट प्रभावित घरपरिवार | प्रतिशत | – | – | ०.११५६* |
| **प्रतिफल तह** | | | | |
| विपद्मा परी ज्यान गुमाउने | संख्या | – | – | ३१८ |
| विपद्मा परी घाइते | संख्या | – | – | १४०९ |
| विपद्वाट आर्थिक क्षति | रु. करोड | – | – | १०० |
| विपद्वाट प्रभावित घरपरिवार | संख्या | ९२ | – | १३२० |
| विपद् प्रभावितलाई उपलव्ध गराइएको रकम | रु. लाख | २२४ | – | ३३४.७३८ |
| जिल्लामा विपद् व्यवस्थापन समिति | संख्या (जिल्ला) | – | – | १२ |

*२०७८ को जनगणनाको अनुसार लुम्विनी प्रदेशको घरपरिवार संख्या ११४१३४५ रहेको मध्ये ।

### ८.५.३ दिगो विकास लक्ष्य हासिल गर्न योगदान

दिगो विकासको लक्ष्य १३ जलवायुमा पहल अन्तर्गत जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने, सवै राष्ट्रहरुले जलवायु उत्पन्न जोखिम र प्राकृतिक प्रकोपको समानुकुलन तथा अनुकुलनको क्षमता अभिवृद्धि गर्ने, राष्ट्रिय रणनीति, नीति तथा योजनाहरुमा जलवायु परिवर्तनसम्वन्धी उपायहरु समायोजन गर्ने र जलवायु परिवर्तन अल्पीकरण, अनुकुलन, असर न्यूनीकरण र पूर्व सुचना सम्वन्धी शिक्षामा सुधार गर्ने, चेतना

अभिवृद्धि गर्ने र त्यसम्वन्धी मानवीय तथा संस्थागत क्षमता वृद्धि गर्ने लगायतका लक्ष्यहरु लिइएकोमा लुम्विनी प्रदेशको प्रथम आवधिक योजनाले यी गुणात्मक लक्ष्यहरुलाई आन्तरिकीकरण गर्नु पर्ने देखिन्छ ।

### ८.५.४ समस्या र सुझावहरु

#### क) समस्याहरू

जोखिमयुक्त भू-वनोट, गरिवीको कारण अव्यवस्थित र जोखिमयुक्त वस्ती विस्तार, खोलानाला अतिक्रमण गरेर घडेरी वेच्ने र किन्ने प्रवृति, जलवायू परिवर्तनको नकारात्मक असर, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको प्रभावकारी संयन्त्रको अभाव नै विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तन व्यवस्थापनसम्वन्धी प्रदेशमा रहेका मुख्य समस्याहरू हुन । नियमन एवम् सामाजिक उत्तरदायित्वको अभाव हुनु र सेवाका क्षेत्रमा समेत मुनाफा कमाउने सोचले गर्दा विद्यालय, अस्पताल र व्यापारिक भवनहरू समेत जोखिमयुक्त रहेका छन् । स्पष्ट भवनसंहिता र मापदण्ड एवम् यसको पालना नहुनु र विपद् व्यवस्थापनले कम महत्व पाउनु पनि समस्याकै रूपमा रहेका छन् ।

#### ख) सुझावहरू

योजनाको नतिजा खाकामा रहेका अधिकांश सूचक खाली रहेको र उपलव्धि सूचकसम्वन्धी तथ्याङ्क पनि उपलव्ध हुन नसकेकोले आगामी योजना तर्जुमा गर्दा विशेष ध्यान दिन जरूरी देखिन्छ । त्यसवाहेक प्रकोप व्यवस्थापन र विपद् व्यवस्थापनलाई अलग अलग नराखी एउटै उपक्षेत्रको नतिजा खाकामा समावेश गर्न उपयुक्त देखिन्छ । विपद् वहुसरोकारयुक्त क्षेत्र भएको कारण सवै तहका सरकार र अन्तरनिकाय समन्वयलाई प्रभावकारी वनाउन आवश्यक छ । प्रदेश सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि मन्त्रालयको संस्थागत क्षमता वढाउन पनि उत्तिकै जरूरी देखिन्छ । अव्यवस्थित एवम् छरिएर रहेका वस्तिलाई विपद्को दृष्टिकोणवाट उत्थानशील वनाई नागरिकलाई सुरक्षित वसोवासको व्यवस्था मिलाउन, विकास आयोजना सञ्चालन गर्दा विपद् जोखिमलाई मूलप्रवाहीकरण गर्न, सरोकारवालाहरू विचको दृढ आपसी समन्वय र सहकार्य, तीनओटै तहका सरकारविच एकीकृत विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र सञ्चालन र प्रदेश सरकार र स्थानीय समुदायको क्षमता अभिवृद्धि गर्दै उत्थानशील समाज निर्माण गर्न योजनाले ध्यान दिनु पर्दछ ।

### ८.५.५ उपसंहार

प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत, प्रतिकार्य र पुनर्लाभलाई संघ र प्रदेशको साझा अधिकार सूचीमा राखेको र विपद व्यवस्थापन तीनै तहको साझा अधिकार सूचीमा रहेको हुँदा समन्वयात्मकरुपमा योजना निमार्ण गरी कार्यान्वयन नगर्दासम्म परिणाम आउन सक्दैन । विश्वव्यापी जलवायु परिवर्तनको असरले गर्दा अतिवृष्टि, अनावृष्टि, वाढीपहिरो

लगायतका प्रकोपहरूको वढ्दो असर भोग्नुपर्ने परिस्थिति सर्जिना भएको छ। राष्ट्रिय अनुकूलन योजनाका अनुसार जलवायू परिवर्तनका दृष्टिले लुम्विनी प्रदेशका जिल्लाहरूमा न्यूनदेखि मध्यमस्तरको जोखिमका साथै मौसमी सूचकांकका आधारमा कुनै स्थानहरूमा वढी जोखिममा रहेका छन् साथै विगत लामो समयसम्म यस प्रदेश क्षेत्रमा ठूलो भूकम्प नगएका कारण कुनै पनि समयमा भूकम्प जान सक्ने सम्भावना रहेको हुँदा विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तन व्यवस्थापन कार्यलाई योजनावद्धरुपमा अघि वढाउनु आवश्यक देखिन्छ ।

## सन्दर्भ सामाग्री

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बार्षिक प्रतिवेदन २०८०
आर्थिक विकास, संस्थागत व्यवस्था र नीति निर्माणको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन २०७९/८०, प्रदेश योजना आयोग, लुम्बिनी प्रदेश, राप्ती उपत्यका(देउखुरी), दाङ ।
आर्थिक सर्वेक्षण २०७९/८०, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।
नेपाल बहुयायामिक गरिबी सूचक, २०२१ राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौँ ।
प्रथम आवधिक योजना (आ.व.२०७६/७७-२०८०/८१), लुम्बिनी प्रदेश योजना आयोग, बुटवल, रुपन्देही, नेपाल ।
प्रदेश विकास समस्या समाधान समितिको प्रतिवेदन २०७९/८०, लुम्बिनी प्रदेश योजना आयोग, राप्ती उपत्यका (देउखुरी), नेपाल ।
बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांकेतीकरण स्रोत पुस्तिका, २०७९, योजना आयोग, लुम्बिनी प्रदेश, दाङ, नेपाल ।
बार्षिक कार्यक्रम आ.व. २०८०/८१ लुम्बिनी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालय, राप्ती उपत्यका ( देउखुरी), नेपाल ।
बार्षिक प्रतिवेदन २०७९/८०, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौँ ।
मध्यमकालीन खर्च संरचना (आ.व. २०७६/७७ - आ.व. २०७८/७९), प्रदेश सरकार प्रदेश नं. ५, आर्थिक मामिला मन्त्रालय, प्रदेश योजना आयोग, बुटवल, नेपाल ।
राष्ट्रिय जनगणना २०७८, प्रादेशिक प्रतिवेदन, राष्ट्रिय तथ्यांक कार्यालय, थापाथली, काठमाडौँ ।
राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय प्रतिवेदन, राष्ट्रिय तथ्ध्यांक कार्यालय, थापाथली, काठमाडौँ ।
लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण २०७९/८०,आर्थिक मामिला मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपाल ।
लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम २०८०/८१, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी), नेपाल ।
सोह्रौ योजना (आ.व.२०८१/८२-२०८५/८६) को अवधारणापत्र, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौँ ।
Report on Nepal Labour Survey (RNLS) 2017/18, Central Bureau of Statistics, Thapathali, Kathmandu.

अनुसूची-२.१

**आगामी आवधिक योजनाका समावेश गर्न सकिने दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरू**

| क.सं. | प्रादेशिक लक्ष्य, गन्तव्य र सूचक | एकाइ | नेपाल | | लुम्बिनी प्रदेश | | |
|---|---|---|---|---|---|---|---|
| | | | आ.ब. २०८०/८१ यथार्थ | आ.ब. २१००/१ को लक्ष्य | आधार बर्ष २०८०/८१ यथार्थ | आ.ब. २०८५/८६ को लक्ष्य | आ.ब. २१००/१ को लक्ष्य |
| १ | आर्थिक वृद्धिदर | प्रतिशत | | १०.३ | | | १०.६ |
| २ | कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान | प्रतिशत | | ९ | | | ७.५ |
| ३ | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | | ३० | | | २५ |
| ४ | कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | | ६१ | | | ६७.५ |
| ५ | प्रतिव्यक्ति आय | अ. डलर | | १२,१०० | | | २२.४९० |
| ६ | निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या | प्रतिशत | | ० | | | ० |
| ७ | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | | ३ | | | २ |
| ८ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (Palma Ratio) | प्रतिशत | | १.१ | | | १.२ |
| ९ | सम्पत्तिमा आधारित जिनी गुणक (Ginni Coefficient) | प्रतिशत | | ०.२५ | | | ०.२८ |
| १० | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | | ७२ | | | ७८ |
| ११ | वेरोजगारी दर | प्रतिशत | | ३.० | | | १.८ |
| १२ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | | ७० | | | ७७ |
| १३ | जलविद्युत् तथा नवीकरणीय ऊर्जा उत्पादन (जडित क्षमता) | मेगावाट | | ४०,००० | | | ५००० |
| १४ | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | | १०० | | | १०० |
| १५ | प्रतिव्यक्ति विद्युत् उपभोग | कि.वा./घण्टा | | ३,५०० | | | ४,५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | | ९९ | | | ९९ |
| १७ | राष्ट्रिय र प्रादेशिक लोकमार्ग | कि.मी. | | ३३,००० | | | २,०००० |
| १८ | द्रुत मार्ग (भूमिगत मार्गसमेत) | कि.मी. | | २,००० | | | ५०० |
| १९ | रेलमार्ग | कि.मी. | | २,२०० | | | ३०० |
| २० | इन्टरनेट प्रयोगकर्ता ( जनसङ्ख्यामा) | प्रतिशत | | १०० | | | १०० |
| २१ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | | ८० | | | ८५ |
| २२ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | जना | | २० | | | १० |
| २३ | ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | जना | | ८ | | | ४ |
| २४ | ५ वर्षमुनिका कम तौल भएका बालबालिका | जना | | २ | | | १ |
| २५ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | | ९८ | | | ९९ |
| २६ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | | ९५ | | | ९८ |
| २७. | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | | ४० | | | ५० |
| २८ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | | ९५ | | | ९७ |
| २९ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | | १०० | | | १०० |
| ३० | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | | १ | | | १ |
| ३१ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | | ०.७६० | | | ०.८२० |

स्रोतः दिगो विकास लक्ष्यको वर्तमान अवस्था तथा मार्गचित्र, सामाजिक तथ्याङ्क २०७९, केन्द्रिय तथ्याङ्क विभाग र Provincial Poverty in Nepal, G P Gyanwall, Patan Pragya, 2020.

**अनुसूची-३.१**

**नीति, ऐन, नियम, कार्यविधि आदिको विवरण**

| **१. प्रदेश सभा सचिवालय** |
|---|
| प्रदेश सभा नियमावली, २०७९ |
| कार्यव्यवस्था परामर्श समिति |
| प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, |
| स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नविकरण तथा स्तरोन्नति ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक |
| आर्थिक वर्ष २०८०।८१ को सेवा र कार्यका लागि लुम्बिनी प्रदेश,प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने विनियोजन गर्ने सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, |
| **२. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय** |
| प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ |
| प्रदेश प्रशिक्षण प्रतिष्ठान विनियमावली, २०७७ |
| करार कर्मचारी व्यवस्थापन नियमावली, २०८० |
| स्वयंसेवक परिचालन कार्यविधि, २०७९ |
| लुम्बिनी प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८ |
| संगठन संरचना र दरबन्दी व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७६ |
| मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७८ |
| कर्मचारी आन्तरिक पर्यटन काज कार्यक्रम संचालन तथा व्यवस्थापन, कार्यविधि, २०७८ |
| प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना तथा कार्यसञ्चालन) आदेश, २०७८ |
| नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ |
| कोरोना भाईरस नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका, २०७६ |
| मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सन्चालन कार्यविधि |
| **३. अर्थ मन्त्रालय** |
| प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ |
| प्रदेश विनियोजन ऐन, २०७४ |
| प्रदेश विनियोजन ऐन, २०७५ |
| प्रदेश आर्थिक ऐन, २०७५ |
| प्रदेश वित्त व्यवस्थापन ऐन |
| प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ |
| सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ |
| विज्ञापन कर नियमावली, २०७६ |
| मनोरञ्जन कर नियमावली, २०७६ |
| प्रदेश तथ्याङ्क नियमावली, २०७८ |
| प्रदेश अनुदान कार्यक्रम सञ्चालन कार्यविधि,२०७ |
| प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि,२०७८ |
| सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ |
| लुम्बिनी प्रदेश सहकारी संघ/संस्था दर्ता तथा नियमन सम्बन्धी मापदण्ड, २०७९ |
| सहकारी तथा गरिबी निवारण कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७९ |
| कोरोना भाइरस नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका, २०७८ |
| सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मीतव्ययिता सम्बन्धी निर्देशिका, २०७५ |
| विशेष अनुदान कार्यक्रम सञ्चालन कार्यविधी, २०७६ |

| |
|---|
| प्रदेश घरजग्गा न्यूनतम मूल्य निर्धारण समिति (गठन तथा कार्य संचालन) आदेश, २०७६ |
| नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ |
| संचित कोष संचालन कार्यविधि, २०७४ |
| प्रदेश विनियोजन ऐन, २०८० |
| प्रदेश आर्थिक ऐन, २०८० |
| **४. उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय** |
| व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन एवम् व्यवस्थापन सम्बन्धी कार्यविधि, (प्रथम संशोधन) २०७९ |
| खानी अन्वेषण र व्यवस्थापन सम्बन्धी ऐन, २०७५ |
| औद्योगिक व्यवसाय ऐन, २०७५ |
| प्रदेश पर्यटन ऐन, २०७६ |
| प्राइभेट फर्म दर्ता ऐन, २०७६ |
| साझेदारी ऐन, २०७६ |
| बजार नियमन तथा प्रतिर्ष्पधा प्रर्वद्धन ऐन, २०७७ |
| प्राइभेट फर्म दर्ता नियमावली , २०७६ |
| साझेदारी नियमावली, २०७६ |
| उद्यम विकास कोष संचालन नियमावली, द्दण्ठठ |
| प्रदेश पर्यटन ऐन, २०७६ |
| पर्यटन विकास परिषद नियमावली २०७८ |
| सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ |
| श्रम बजार अध्ययन, कार्यस्थल सुरक्षा तथा कारखाना निरीक्षण सम्वन्धी कार्यविधि, २०७८ |
| पाल्पा दरवार संग्रहालय विकास समिति गठन आदेश, २०७८ |
| चुनवाङ्ग शान्ति संग्रहालय विकास समिति गठन आदेश, २०७९ |
| तिला जनयुद्ध संग्रहालय विकास समिति गठन आदेश, २०७९ |
| संग्राहालय, पुरातात्विक, साँस्कृतिक तथा धार्मिक स्थल (निर्माण तथा संरक्षण) कार्यविधि, २०७८ |
| ऐतिहासिक र पुरातात्विक सम्पदा (संरक्षण तथा मर्मत संभार) तथा संग्रहालय (व्यवस्थापन तथा संरक्षण) कार्यविधि, २०७८ |
| **५. सामाजिक विकास मन्त्रालय** |
| प्रदेश खेलकूद विकास ऐन, २०७६ |
| विश्वविद्यालय ऐन, २०७८ |
| बालबालिका सम्बन्धी ऐन, २०७६ |
| प्रदेश खेलकुद विकास ऐन, २०७६ |
| विश्वविद्यालय नियमावली, २०७८ |
| उच्च शिक्षा छात्रवृत्ति निर्देशिका २०७६ |
| उच्च शिक्षामा मुक्तकमैया, कम्लहरी, मुस्लिम र सिमान्तकृत छात्रवृत्ति वितरण कार्यविधि, २०७९ |
| राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि, २०७९ |
| बाल विवाह अन्त्यका लागि लुम्बिनी प्रदेशको रणनीति, २०७८ |
| उत्कृष्ट शिक्षक, कर्मचारी तथा शैक्षिक संस्थाहरुलाई प्रोत्साहन कार्यक्रम संचालन मार्गदर्शन |
| व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ |
| उत्कृष्ट महिला सहकारी संस्था छनोट सम्बन्धी मापदण्ड, २०७६ |
| प्रदेश युवा परिषद विकास समिति गठन आदेश २०७८ |
| उच्च शिक्षामा विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन निर्देशिका २०७६ |
| प्रदेश बालकोष स्थापना र सञ्चालन नियमावली, २०७७ |
| सामाजिक विकास सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७७ |
| स्वयमसेवक परिचालन कार्यविधि, २०७५ |

| |
|---|
| स्टेम शिक्षा मार्ग चित्र, २०७७<br>स्टेम शिक्षा व्यवस्थापन निर्देशिका, २०७७<br>अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७७<br>प्रदेश दिवा शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन कार्यविधि, २०७७<br>सामुदायिक क्याम्पसको सहभागितामा गरिने अनुसन्धान विधि सम्बन्धी संक्षिप्त कार्यविधि<br>युवा, खेलकुद, भाषा तथा लिपिसम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन २०७७<br>आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन<br>लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था र परिचालन कार्यविधि, २०७७<br>नमुना वालविकास निर्माण तथा वालविकास सुदृढीकरण कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७६<br>प्रदेश तथा स्थानीय तहमा विकास सहायता परिचालन सम्बन्धी मापदण्ड, २०७६<br>उत्कृष्ठ महिला सहकारी संस्था छनौट सम्बन्धी मापदण्ड, २०७६<br>विपन्न नागरिकको लागि दम तथा ब्रोन्काइटिस रोग उपचार आर्थिक सहुलियत निर्देशिका, २०७६<br>प्रस्तावमा आधारित नयाँ तथा संचालनमा आएका प्राविधिक तथा बहुप्राविधिक शिक्षालयहरुलाई सहयोग निर्देशिका, २०७६<br>पाठ्यक्रम तथा पाठ्यसामग्री विकास कार्यविधि, २०७६<br>उच्च शिक्षामा विपन्न लक्षित छात्रवृति व्यवस्थापन निर्देशिका, २०७६<br>युवा, खेलकुद, भाषा तथा लिपी सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन आर्थिक वर्ष २०७६/७७<br>८४ वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुलाई घरमा स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धी निर्देशिका, २०७६<br>एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन कार्याविधि, २०७६<br>सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पूर्वाधार विकास सहयोग कार्यक्रम सन्चालन निर्देशिका, २०७६<br>आयआर्जनका लागि व्यावसायिक संरचना निर्माणका लागि विद्यालयलाई पूँजिगत अनुदान निर्देशिका, द्णठट<br>युवा प्रतिभा पहिचान निर्देशिका २०७६<br>प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन कार्यविधि, २०७६<br>शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी कार्यविधि, २०७६<br>अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समिति गठन सम्बन्धी कार्यविधि, २०७६<br>प्रदेश श्रम सल्लाहकार परिषद गठन सम्बन्धी कार्यविधि, २०७६<br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७६<br>व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७<br>एड्भान्स तालिम निर्देशिका २०७५<br>अनुदान सम्बन्धी कार्यविधि २०७५ |
| **६. कृषि मन्त्रालय** |
| सहकारी ऐन, २०७६<br>कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि ,२०७९<br>कृषि तथा पशुपन्छी क्षेत्रमा विपद् व्यवस्थापन कार्यविधि, २०७६ मा संशोधन<br>कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन तथा लक्षित समुदाय क्षमता अभिबृद्धि कार्यविधि, २०७८<br>कृषि कर्मी रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८<br>स्मार्ट कृषि गाउँ कार्यक्रम संचालन कार्यविधि, २०७८<br>शुलभ कर्जा सहजकर्ता सहजीकरण तथा ब्याजमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६<br>सेवा करारमा कृषि/पशु सेवा प्राविधिक छनौट सम्बन्धी कार्यविधि २०७८<br>जिल्लास्तर कृषि विकास कार्यक्रम सञ्चालन विधि, २०७८<br>भर्चुअल माध्यमबाट तालिम सञ्चालन विधि, २०७८<br>दोहोरो अनुदान नियन्त्रण सञ्चालन विधि, २०७८<br>सहकारी, संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५<br>सहकारी संघसंस्थाको निर्वाचन निर्देशिका, २०६९ |

भूमिहीन किसानका लागि करार खेतीमा अनुदान उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०७५
कृषि अनुदान कोष सञ्चालन कार्यविधि, २०७५
कृषि उपज बजार स्थलको व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०७५
कृषि व्यवसायका लागि कृषि मन्त्री कार्यक्रम सञ्चालन निर्देशिका, २०७५
शीत भण्डार निर्माण अनुदान कार्यक्रम कार्यविधि, २०७५
बहुउपयोगी चिउरी, कल्की, नीम तथा फलफूलको विरुवा रोपण अभियान कार्यक्रम कार्यान्वयन कार्याविधि, २०७५
च्याउ बीउ उत्पादन गर्ने व्यक्ति/समूह/सहकारीलाई अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५
कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५
कृषि पर्यटन प्रवर्द्धन मार्फत आय आर्जनमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५
उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५
बाली उत्पादनोपरान्त क्षति न्यूनिकरण तथा गुणस्तरीय कृषि वस्तु उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५
कृषि प्राविधिकधारका विद्यालयमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५
प्रिसिजन तथा प्रोटेक्टेड हर्टिकल्चर प्रविधि विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५
भावी किसानका लागि सहयोगी कार्यक्रम सञ्चालन कार्यविधि, २०७५
मागमा आधारित अनुदान कार्यक्रम कार्यविधि, २०७५
माछामारी जीविकोपार्जन गर्ने समुदायको क्षमता अभिवृद्धि गरी प्रादेशिक नदी प्रणालीमा जलीय जीव संरक्षणमा टेवा पुर्याउने कार्यक्रम कार्यान्वयन कार्याविधि, २०७५
कृषि यान्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५
विशेष मागमा आधारित लक्षित कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५
सहकारी खेती स्किम र सहकारी खेती साना सिंचाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५
कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
सहकारीका माध्यमबाट नवीनतम सोंच सहितका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६
कृषि तथा पशुपन्छी सम्बन्धी अभियानमुखी मिशन कार्यक्रम संचालन कार्यविधि २०७६
सहकारी बजार स्थापना तथा सञ्चालन कार्यविधि, २०७६
सहकारी मार्फत युवा उद्यमशीलता तथा महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रम सञ्चालन विधि, २०७६
स्मार्ट कृषि गाउँ कार्यक्रम संचालन कार्यविधि, २०७६
च्याउ ग्राम स्थापना कार्यक्रम कार्यान्वयन विधि, २०७६
मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि, २०७६
गुठीलाई संरचनागत सहयोग कार्यक्रम सञ्चालन विधि, २०७६
कृषि क्षेत्रमा हरित स्वयंसेवक विकास तथा परिचालन कार्यविधि, २०७६
कृषि उपजको ग्रेडिङ्ग, प्याकेजिङ्ग तथा लेबलिङको लागि अनुदान सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६
स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६एग्रोमार्ट स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
कृषि यन्त्र उद्योग स्थापना अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
आरन व्यवस्थापन सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०७६
कस्टम हायरिङ्ग सेन्टर स्थापना र सञ्चालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
कृषिजन्य वस्तुको प्रशोधन उद्योग स्थापना तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
खाद्यान्न भण्डार घर निर्माण/सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
जैविक तथा वानस्पतिक विषादी उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६
प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि,२०७६
प्राङ्गारिक मल उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि,२०७६

बीउभण्डार गृह (बीउ बैंक) स्थापना तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
फलफूल बिरुवा रोपण अभियान कार्यक्रम संचालन कार्यविधि, २०७६
पुष्प व्यवसायी संघको सहकार्यमा पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि, २०७७
मौरी विकास प्रवर्द्धन कार्यक्रम सञ्चालन विधी, २०७७
स्थानीय तह मार्फत सञ्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७
रोड कोरिडोर/राजमार्ग लक्षित तथा मिसन(आलु र मकै वाली) कार्यक्रम सञ्चालन विधि, २०७७
पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्)चालन विधि, २०७७.उमाकोभिड विशेष कृषि कार्यक्रम सञ्चालन विधि,
कोशेली घर स्थापना सञ्चालन विधि, २०७७
शुलभकर्जा सहजिकरण तथा व्याज अनुदान कार्यबिधि २०७६
मौरी विकास प्रवर्द्धन कार्यक्रम संचालन विधी २०७७
सिताके च्याउ उत्पादन उद्योग स्थापना र सञ्चालन विधि २०७७
किसान कल सेन्टर संचालन विधि, २०७७
जिल्लास्तर कृषि विकास कार्यक्रम सञ्चालन विधि, २०७७
शुलभ कर्जा सहजीकरण तथा ब्याजमा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६
सहकारी मार्फत युवा उद्यमशीलता तथा महिला सहकारी मार्फत संचालित व्यवसायमा सहयोग कार्यक्रम संचालन विधि, २०७६
कृषि प्राविधिकधारका विद्यालयमा अनुदान सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६
कृषि उद्यमी अनुदान सहयोग कार्यक्रम संचालन प्रकृया, २०७६
स्थानीय तह र सहकारीको सहकार्यमा चक्लाबन्दी सहितको नमूना फार्म स्थापना कार्यक्रम संचालन कार्यविधि, २०७६
मागमा आधारित कृषि उपज बजार पूर्वाधार निर्माण तथा संचालन कार्यविधि, २०७६
ओजेटी परिचालन कार्यक्रम संचालन प्रक्रिया, २०७६
ओजेटी परिचालन कार्यक्रम संचालन प्रक्रिया, २०७६
कृषि तथा पशु विषय अध्ययन गरेका युवाहरुलाई उद्यमशीलता विकास कार्यक्रम संचलन कार्यविधि, २०७६उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७६
कृषिकर्मी रोजगारी कार्यक्रम सञ्चालन कार्यविधि,२०७७
कोभिड विशेष कृषि कार्यक्रम, २०७७
कृषि तथा पशुपन्छी क्षेत्रमा विपद् व्यवस्थापन कार्यविधि, २०७६
सहकारी विकास कोष परिचालन कार्यविधि, २०७७
शुलभ कर्जा सहजीकरण तथा ब्याजमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
सेवा करारमा प्राविधिक कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०७७
स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
स्थानीय तहको साझेदारीमा सार्वजनिक जग्गामा फलफुल तथा पुष्पबाटिका निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
आयमूलक कृषि वन प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७६
कृषकसँग कृषि विद्यार्थी कार्यक्रम संचालन प्रक्रिया, २०७६
सहकारी नियमावली, २०७६
गरिबी न्यूनीकरणका लागि सीप विकास तालिम तथा वस्तुगत सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**७. गृह मन्त्रालय**

लुम्बिनी प्रदेश प्रहरी ऐन, २०७९
मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५
प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (चौथो संशोधन) निर्देशिका, २०७९
प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५
हवाई उद्दार सम्बन्धी कार्यविधि, २०७९
मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ लुम्बिनी प्रदेश
प्रदेश नं. ५, प्रदेश प्रसारण ऐन, २०७५

| |
|---|
| प्रदेश नं. ५, प्रदेश प्रसारण नियमावली २०७६ |
| **८. स्वास्थ्य मन्त्रालय** |
| प्रदेश स्वास्थ्य साझदोरी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका<br>प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका, २०७८<br>जेष्ठ नागरिकसँग स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन निर्देशिका,२०७८<br>८४ वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुलाई घरमा स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धी निर्देशिका, २०७६<br>सुत्केरीको लागि पोषण खाद्य आहार वितरण सम्बन्धी कार्यविधि, २०७९<br>नेपाल-स्वास्थ्य-सेवा-नियमावली, २०५५<br>बर्थिङ्ग सेन्टरहरुको विस्तार, औजार-उपकरण वितरण तथा दक्ष प्रसूतिकर्मी उत्पादन कार्यक्रम सन्चालन मार्गदर्शन, २०७६<br>सिकलसेल तथा थालासेमिया रोगको सचेतना, स्क्रिनिङ, उपचार तथा सहयोग कार्यक्रम सन्चालन मार्गदर्शन, २०७६<br>प्रदेश स्वास्थ्य साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७८<br>स्वास्थ्य क्षेत्रका सामुदायिक संस्थाहरुलाई पूँजीगत अनुदान वितरण निर्देशिका, २०७६<br>प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका, २०७८<br>प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ र सोको नियमावली, २०७७<br>प्रदेश स्वास्थ्य नीति, २०७७<br>आईसोलेसन सेन्टर स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७<br>आयुर्वेद तथा वैकल्पिक चिकित्साका माध्यामद्बारा कोरोना भाईरस महामारी रोकथाम तथा नियन्त्रण सम्बन्धी निर्देशिका, २०७७<br>स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७८<br>विपन्न नागरिकहरुका लागि दम तथा ब्रोङ्काईटिस रोग उपचार आर्थिक सहुलियत निर्देशिका, २०७६<br>प्रदेश स्वास्थ्य तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७<br>Ayurveda Drug Manual for Health care workers in response to covid 19, 2077<br>मनसून प्रतिकार्य योजना ( स्वास्थ्य क्षेत्र)<br>मधुमेह तथा उच्च रक्तचापको स्क्रिनिङ्ग कार्यक्रम सञ्चालन निर्देशिका, २०७८<br>कोभिड १९ महामारी रोकथाम तथा नियन्त्रण सम्बन्धी प्रतिकार्य योजना, २०७७<br>प्रदेश नि:शुल्क रक्तसञ्चार कार्यविधि,२०७८<br>प्रदेश स्वास्थ्य साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका,२०७८<br>एन्टिजेन विधिद्बारा समुदायस्तरमा कोभिड १९ परीक्षण गर्ने कार्यविधी,२०७८<br>स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन २०७७<br>**स्वास्थ्य क्षेत्रका सामुदायिक संस्थाहरुलाई पूँजीगत अनुदान वितरण निर्देशिका, २०७६** |
| **९. खानेपानी, ग्रामीण तथा शहरी विकास मन्त्रालय** |
| प्रदेश भवन ऐन २०७५<br>प्रदेश भवन नियमावली, २०७६<br>जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५(प्रथम संशोधन सहित)<br>खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यविधि, २०७६<br>विपद् प्रभावित क्षेत्रमा एकीकृत वस्ती तथा पूर्वाधार विकास कार्यक्रम कार्यविधि, २०७६<br>बार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८<br>खानेपानी तथा सरसफाइ ऐनको मस्यौदा तयारीको चरणमा |
| **१०. वन तथा वातावरण मन्त्रालय** |
| वातावरण संरक्षण ऐन २०७७<br>प्रदेश वन ऐन, २०७८<br>वातावरण संरक्षण ऐन २०७७<br>वातावरण संरक्षण नियमावली २०७७ |

| |
|---|
| प्रदेश वन नियमावली २०७९ |
| नदीजन्य पर्दाथ व्यवस्थापन कार्यविधि २०७५ |
| वार्षिक कार्यक्रम संचालन कार्यविधि २०७५ |
| वार्षिक कार्यक्रम संचालन कार्यविधि |
| जगदिशपुर वर्ड स्याङ्चुरी व्यवस्थापन योजना २०७९ |
| वन पैदावर आपूर्ती सिमित सञ्चालन कार्यविधि २०७९ |
| वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९ |
| वातावरण संरक्षण नियमावली २०७७ |
| नदीजन्य पर्दाथ व्यवस्थापन कार्यविधि २०७५ |
| वार्षिक कार्यक्रम संचालन कार्यविधि २०७५ |
| वार्षिक कार्यक्रम संचालन कार्यविधि |
| जगदिशपुर वर्ड स्याङ्चुरी व्यवस्थापन योजना २०७९ |
| वन पैदावर आपूर्ती सिमित सञ्चालन कार्यविधि २०७९ |
| वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९ |
| साझेदारी नियमावली, २०७६ |
| होमस्टे संचालन नियमावली, २०७६ |
| वन पैदावारमा आधारित उद्यम र राष्ट्रिय वनक्षेत्र वीचको दूरी सम्बन्धि मापदण्ड)२०७९ |
| नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधी २०७९ |
| बार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ |
| प्रदेश वन (पहिलो संशोधन) नियमावली, २०८० |
| **११. भौतिक पूर्वाधार विकास मन्त्रालय** |
| प्रदेश सडक ऐन, २०७७ |
| सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ |
| घरेलु सौर्य ऊर्जा प्रणाली अनुदान कार्यविधि, २०७५ |
| सिंचाइ ऐन २०७९ मस्यौदा तयार गरिएको |
| विद्युत ऐन मस्यौदा तयार गरिएको भएका २०७९ |
| बिद्युतिय चुलो वितरण कार्यविधि २०७९ |
| जल उत्पन्न कोष व्यवस्थापन कार्यबिधि २०७९ |
| सडक तथा फुटपाथ निर्माण सम्बन्धी निर्देशिका, २०७७ |
| उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ (पहिलो संशोधन २०७८ समेत) |
| **१२. मुख्य न्यायाधिवक्ताको कार्यालय** |
| मुख्य न्यायाधिबक्ताको काम कर्तव्य र अधिकार तथा सेवको शर्त सम्बन्धी ऐन, २०७५ |
| **१३. प्रदेश लोक सेवा आयोग** |
| प्रदेश लोक सेवा आयोग ऐन, २०७६ |
| प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ |
| प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७ |
| **१४. प्रदेश योजना आयोग** |
| शोधवृत्ति सम्बन्धी कार्यविधि,२०७७ |
| प्रदेश गौरवका आयोजना निर्धारण सम्वन्धी मापदण्ड,२०७६ |
| बहुवर्षिय आयोजना स्विकृती तथा ठेक्का सम्वन्धी मापदण्ड,२०७६ |
| प्रदेश अनुगमन तथा मूल्यांकन दिग्दर्शन-२०७५ |
| प्रदेश योजना आयोग (गठन तथा कार्य संचालन) आदेश,२०८० |
| दीर्घकालिन रणनीतिक योजना (२०७९/०८०देखि २०८८/८९ |
| प्रथम आवधिक योजनाको (आ.व.२०७६/०७७ आ.व.२०८०/०८१) मध्यावधि समिक्षा सम्बन्धी अध्ययन प्रतिवेदन |

## समष्टिगत आर्थिक क्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| **बचत परिचालन तथा लगानी प्रवर्द्धन:**<br>१. बित्तीय पहुँच, ज्ञान र आय आर्जन बढाउने | १. बचत परिचालनका लागि वित्तीय पहुँच अभिवृद्धि गरिनेछ। | ▪ नभएको |
| | २. सहकारी संस्थाहरूको प्रवर्द्धन गरी थप बचत परिचालन गरिनेछ। | ▪ सहकारी संस्थाहरूको प्रवर्द्धन गरी थप बचत परिचालन गरिएको। |
| | ३. बचत परिचालनका लागि बैकिङ्ग विस्तारका अतिरिक्त ऋणपत्र बजारको विस्तार गरिनेछ। | ▪ प्रदेश बैंकको स्थापना सम्बन्धमा नेपालगंज र बुटवलमा सरोकारवालाहरुसँग अन्तरक्रिया भएको<br>▪ पूँजी बजार विकास र बीमा व्यवसायको पहुँच विस्तारका लागि संभाव्यता अध्ययन गर्ने सम्बन्धमा अध्ययन भैरहेको । |
| | ४. वित्तीय साक्षरता र ज्ञान वृद्धिका लागि वित्तीय संस्थाहरूसँग समन्वय तथा सहकार्य गरिनेछ। | नभएको |
| | ५. प्रादेशिक संचय तथा लगानी कोष स्थापना गरी दीर्घकालीन प्रवृत्तिको बचत परिचालन गरिनेछ। | नभएको |
| | ६. बचत अभिवृद्धिको लागि उत्पादनशील लगानी प्रोत्साहन गरी आय आर्जन वृद्धि गरिनेछ। | नभएको |
| | ७. रोजगारमूलक र आयमूलक कार्यक्रमहरूको संचालनद्वारा आय अभिवृद्धि गरिनेछ। | ▪ स्वदेशी उत्पादनको व्यापार एबं बजार प्रवर्द्धन सम्बन्धमा संभाव्यता अध्ययन भएको। |
| २. लगानी योग्य वातावरण बनाई निजी, सहकारी र सार्बजनिक क्षेत्रको लगानी बढाउने | १. निजी लगानी प्रवर्द्धन गर्नका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारमा सार्वजनिक लगानी बढाइनेछ। | ▪ लगानी सम्मेलन आयोजना सम्बन्धमा लुम्बिनी लगानी सम्वाद नेपालगंजमा सम्पन्न<br>▪ लगानीकर्ताहरुलाई आकर्षित गर्न नीतिगत, कानूनी र संस्थागत सुधार गरिने भनिएको भएतापनि कार्य हुन नसकेको। |
| | २. प्राथमिकता प्राप्त क्षेत्रमा लगानी प्रवर्द्धन गर्न निजी क्षेत्रलाई सहुलियत प्रदान गरिनेछ। | ▪ निजी क्षेत्रसंग मैत्रीपुर्ण लगानी सम्बन्धमा छलफल र सहकार्य भैरहेको |
| | ३. सार्वजनिक निजी साझेदारीलाई जोड दिई लगानी प्रवर्द्धन गरिनेछ। | नभएको |
| | ४. सहकारी संस्थाहरूलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ। | नभएको |
| | ५. प्रदेशका सम्भावित लगानीका क्षेत्रहरू पहिचान गरी लगानी आकर्षित गर्न लगानी सम्मेलन गरिनेछ। | नभएको |
| | ६. गैर आवासीय नेपालीको लगानी र वैदेशिक लगानीलाई बढाउन प्रोत्साहित गरिनेछ। | नभएको |

| **सार्बजनिक खर्चः** | | |
|---|---|---|
| ३. नीति र योजनामा आधारित बजेट प्रणालीको विकास गर्ने | १. आवधिक योजनाले परिलक्षित गरे अनुरूप प्राथमिकता प्राप्त आयोजना छनोट गरी बजेट विनियोजन गरिनेछ । | ▪ आवधिक योजनाले परिलक्षित गरे अनुरूप प्राथमिकता प्राप्त आयोजना छनोट गरी बजेट विनियोजन गरिएको । |
| | २. बजेट तर्जुमामा मध्यकालिन खर्च संरचना अवलम्वन गरिनेछ । | ▪ बजेट तर्जुमामा मध्यकालिन खर्च संरचना अवलम्वन |
| | ३. स्थानीय तहसंगको समन्वयमा लैङ्गिक उतरदायी बजेट प्रणालीको व्यवस्था गरिनेछ । | ▪ लैङ्गिक उत्तरदायी बजेट प्रणालीको व्यवस्था गरिएको । |
| | ४. सार्वजनिक खर्चलाई सरकारको आयसंग सन्तुलन मिलाइ प्रादेशिक समष्टिगत स्थायित्व कायम गरिनेछ । | ▪ सार्वजनिक खर्चलाई सरकारको आयसंग सन्तुलन मिलाइएको । |
| ४.आयोजना तथा कार्यक्रमहरु प्राथमिकता आधारमा छनौट गन | १. प्रदेशका बढी प्रतिफल दिने रणनीतिक आयोजनाहरू छनोट गरी पर्याप्त बजेटको व्यवस्था गरिनेछ । | ▪ प्रदेशका बढी प्रतिफल दिने रणनीतिक आयोजनाहरू छनोट गरी बजेटको व्यवस्था गरिएको । |
| | २. नतिजा वा प्रतिफलमा आधारित बजेट प्रणालीको अवलम्वन गरिनेछ । | ▪ नतिजा वा प्रतिफलमा आधारित बजेट प्रणालीको अवलम्वन गरिएको |
| | ३. सार्वजनिक निर्माणमा पर्याप्त बजेट विनियोजन गरी पूर्ण रूपमा खर्च गरिनेछ । | ▪ सार्वजनिक निर्माणमा बजेट विनियोजन गरी खर्च गरिएको । |
| | ४. गैर सरकारी संस्था तथा अन्य संस्थाहरूलाई प्राथमिकता प्राप्त क्षेत्रहरूमा खर्च गर्न प्रोत्साहन गरिनेछ । | नभएको |
| ५. सरकारी संयन्त्रहरुको कार्यान्वयन क्षमता अभिवृद्धि गर्ने | १. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी आवश्यकता अनुरूप प्रदेशस्तरीय सरकारी संरचनाहरूको स्थापना एवम् संस्थागत विकास गरिनेछ । | नभएको |
| | २. कर्मचारीहरूलाई सामयिक र विशेष तालिम दिइ सार्वजनिक खर्च कुशलतापूर्वक गर्ने क्षमता विकास गरिनेछ । | ▪ लेखा समुहका कर्मचारीहरुको व्यवस्थापन तथा अभिमुखिकरण गरी सार्वजनिक खर्च कुशलतापूर्वक गर्ने क्षमता विकास गरिएको । |
| | ३. आयोजना तथा कार्यक्रमको प्रगतिलाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्व गरिनेछ । | नभएको |
| ६. आर्थिक प्रशासनसम्बन्धी कानूनी र संस्थागत क्षमता सुदृढीकरणद्वारा आर्थिक अनुशासन कायम गर्ने | १. आर्थिक प्रशासन सम्बन्धी आवश्यक कानूनहरू निर्माण तथा परिमार्जन गरिने छ। | ▪ आर्थिक प्रशासन सम्बन्धी कानूनहरू निर्माण तथा परिमार्जन गरिएको। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायत्वि ऐन मन्त्रीपरिषदमा पेश भएको । |
| | २. सार्वजनिक खर्चका मापदण्ड र मितव्ययितासम्वन्धी समयसापेक्ष नीति तर्जुमा गरी वित्तीय अनुशासन कायम गरिनेछ । | ▪ चालु खर्चलाई सिमामा कायमगरी पूँजीगत खर्चलाई समयमा सम्पन्न गर्ने सम्बन्धमा खर्च कटौटी मापदण्ड लागु गरेको ।<br>▪ सरकारी खर्चको सदुपयोग र प्रभावकारिता बढाउन अनुगमन गरिएको । |
| | ३.सरकारी खर्चको सदुपयोग र प्रभावकारिता बढाउन नियमित अनुगमन गरिनेछ । | ▪ आर्थिक अनुशासन तथा बेरुजु फछ्र्योट गर्ने सम्बन्धमा कार्य भैरहेको ।<br>▪ अनुदान अनुगमन व्यवस्थापन प्रणाली |

| | | |
|---|---|---|
| | | सम्बन्धमा संभाव्यता अध्ययन गर्दै । |
| | ४. बजेट इन्फर्मेसन मेनेजमेन्ट सिष्टम (BMIS) मार्फत प्रदेश र स्थानीय सरकारको बजेट व्यवस्थापन गरिनेछ । | ▪ प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मार्फत प्रदेशसरकारको बजेट व्यवस्थापन गरिएको । |
| **राजस्व परिचालनः** | | |
| ७. आन्तरिक राजस्व परिचालनको लागि प्रभावकारी संस्थागत व्यवस्था गर्ने | १. राजस्व संकलन सम्बन्धी सुदृढ प्रशासनिक संरचनाको व्यवस्था गरिनेछ । | ▪ प्रदेशका आन्तरिक आयमा वृद्धि गर्ने सम्बन्धमा संभाव्यता अध्ययन भएको ।<br>▪ राजश्व संकलन सम्वन्धि यातायात व्यवस्था कार्यालय, मालपोत कार्यालय लगायतका प्रशासनकि संरचनाहरुको व्यवस्था भएको । |
| | २. सूचना प्रविधिको प्रयोग गरी राजस्व संकलनलाई सहज बनाइनेछ । | ▪ राजश्व संकलनमा सूचना प्रविधिको प्रयोग गरिएको । |
| | ३. करदाता मैत्री राजश्व प्रशासन बनाइनेछ । | प्रयास भइरहेको |
| ८. निजी क्षेत्र र नागरिकको समेत सहभागितामा कर तिर्ने बानीको विकास तथा राजस्व चुहावट नियन्त्रण गर्ने | १. सरोकारवालाहरूसंगको सहकार्यमा राजस्व सम्वन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । | ▪ सरोकारवालाहरूसंगको सहकार्यमा राजस्व सम्वन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको । |
| | २. राजस्व सम्वन्धी जानकारीमूलक संदेशहरू प्रवाह गरिनेछ । | नभएको |
| | ३. राजश्व चुहावट नियन्त्रण सम्वन्धमा कार्यक्रम सञ्चालन गरिनेछ । | ▪ आर्थिक ऐन कार्यान्वयन तथा राजश्व परिचालनका लागि कार्यदल गठन तथा प्रतिवेदन पेश । |
| | ४. उत्कृष्ट करदातालाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। | नभएको |
| ९.राजस्वका आधारहरु खोजी तथा दरहरुलाई समसामयिक बनाई प्रभावकारी ढंगबाट राजस्व संकलन गर्ने | १. आर्थिक क्षमताका आधारमा सबै आयमूलक क्रियाकलापहरूलाई न्यायोचित ढंगबाट राजस्वको दायरामा ल्याइनेछ । | ▪ राजश्वका आधार पहिचान सम्वन्धमा अध्ययन भएको ।<br>▪ राजश्व परामर्श समितिको प्रतिवेदन प्रदेश सरकारलाइ पेश गरेको । |
| | २. गैरकर राजश्वका स्रोतहरू पहिचान गरी समयानुकूल बनाइनेछ । | ▪ विभिन्न समयमा आर्थिक ऐन मार्फत संशोधन गरिएको । |
| **आन्तरिक ऋणः** | | |
| १०. अत्यावश्यक र उच्च प्रतिफल दिने योजना तथा कार्क्रमको लागि आन्तरिक ऋणको परिचालन गर्ने | १. आयोजना बैंक बनाई उच्च प्रतिफल दिने आयोजनाहरूमा आन्तरिक ऋण परिचालन गरिनेछ । | नभएको |
| ११. ऋणपत्रहरु बिक्री गरी वित्तीय स्रोत संकलन गर्ने | १. आयोजना लक्षित ऋणपत्रहरू बिक्री गर्ने प्रबन्ध मिलाई वित्तीय साधन संकलन गरिनेछ । | नभएको |
| **वैदेशिक ऋणः** | | |

| | | |
|---|---|---|
| १२. आयोजना बैंक बनाउने | १. प्रदेशका १२ वटै जिल्लाका सम्भावित रणनीतिक तथा महत्वपूर्ण आयोजनाहरूको सूची तयार पारिनेछ। | ▪ विषयगत मन्त्रालयहरु द्वारा १२ वटै जिल्लाका सम्भावित रणनीतिक तथा महत्वपूर्ण आयोजनाहरूको सूची तयार भइरहेको। |
| | २. सम्भावित सूचीहरूका आयोजनाहरूको प्रतिफल विश्लेषण गरी आयोजना बैङ्कमा समावेस गरिनेछ। | ▪ प्रक्रियामा रहेको। |
| १३.उच्चप्रतिफयुक्त आयोजनाकोलागि वैदेशिक सहयोग उपयोग गर्ने | १. उच्च प्रतिफल भएका आयोजनाहरूको लागि वैदेशिक सहयोग खोजिनेछ। | नभएको |
| | २. प्रदेशको प्राथमिकताका आयोजनामा प्रदेश सरकारका निकायको संलग्नता वा नेतृत्वमा आयोजना विकास गरी सहयोग लिइनेछ। | नभएको |
| | ३.वैदेशिक सहयोगलाई प्रभावकारी ढंगले सदुपयोग गरिनेछ। | नभएको |

अनुसूची-४.१

## कृषि, पशुपन्छी, मत्स्य, जडिवुटी, सहकारी, भूमि व्यवस्थापन र खाद्य तथा पोषण सुरक्षा उपक्षेत्रको रणनीति र कार्यनीतिको कार्यान्वयन अवस्था

### कृषि विकास उपक्षेत्रको रणनीति र कार्यनीति कार्यान्वयन अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा र प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने । | १. सिंचित क्षेत्रको विस्तारसंगै सघन बाली प्रणाली अवलम्बन गर्न प्रोत्साहित गरिनेछ । | भएको |
| | २. माटो, मल तथा बाली परीक्षण प्रयोगशाला स्थापना तथा सुदृढीकरण गरी स्वस्थबाली उत्पादन गरिनेछ । | भएको |
| | ३. उच्च मूल्यका कृषि उपजहरूको उत्पादन वृद्धि गर्ने | भएको |
| | ४. गुणस्तरीय उन्नत बीउ तथा बिरूवाको सहज उपलब्धताका लागि बाली विशेष श्रोतकेन्द्रहरूको स्थापना गरिनेछ । | भएको |
| | ५. बाली विशेष खुल्ला सेचित तथा वर्णशंकर प्रकृतिका बीउ उत्पादनलाई उच्च प्राथमिकतामा राखी सहकारी र निजी क्षेत्रलाई बीउ उत्पादनतर्फ आकर्षित गर्न प्रदेशस्तरीय आवश्यक कानूनी व्यवस्था गरिनेछ । | भएको |
| | ६. सामुहिक र सहकारीमार्फत खेतीयोग्य जग्गा चक्लाबन्दी गरी व्यावसायिक कृषिलाई प्रोत्साहन गरिनेछ । | भएको |
| | ७. कृषि क्षेत्रको उत्पादन वृद्धि र उत्पादन लागत कम गर्नका लागि नियमित अनुसन्धान गरिनेछ । | भएको |
| | ८. कृषि तथा खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, कानून तथा गुणस्तर मापदण्ड बनाई खाद्य उत्पादन कम हुने तथा खाद्यसुरक्षाको हिसाबले असुरक्षित भएका क्षेत्रमा स्थानीय स्तरमै उत्पादन हुनसक्ने कृषिजन्य वस्तुको उत्पादन र उपयोगमा जोड दिइनेछ । | भएको |
| | ९ स्वस्थ र षोषणयुक्त खानपानको बारेमा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । | भएको |
| | १०. कृषिमा जोखिम न्यूनीकरणका लागि कृषि बीमा कार्यक्रम विस्तार गरिनेछ । | नभएको (संघबाट संचालन भैरहेको |
| | ११. प्राकृतिक विपत्तिबाट कृषि उपजमा हुने हानि नोक्सानीको क्षतिपूर्ति दिने व्यवस्था गरिनेछ । | भएको (आंशिक) |
| २. कृषि क्षेत्रलाई लैङ्गिकमैत्री र समावेशीकरणका साथै आधुनिकीकरण, व्यावसायीकरण र औद्योगिकीकरण गरी रोजगारी र आय वृद्धि गर्ने । | १. लोकमार्ग र उत्तर दक्षिणका सहायक मार्गका आसपासका संम्भाव्य क्षेत्रहरूमा बढी मोल जाने कृषि वस्तु उत्पादनमा विशेष प्राथमिकता दिइनेछ । | भएको |
| | २. कृषि उपजहरूको प्रशोधन गरी मूल्य अभिवृद्धि गर्न कृषिजन्य उद्योगहरू स्थापनाका लागि नीतिगत व्यवस्था गरी अनुदान सहयोग गरिनेछ । | भएको |
| | ३. कृषि क्षेत्रको व्यावसायीकरण र यान्त्रिकीकरणको लागि अनुदान दिइनेछ । | भएको |
| | ४. व्यावसायिक कृषि फर्महरू खोल्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गरी संस्थागत रोजगारी सिर्जना हुने वातावरण बनाइनेछ । | भएको |

| | | |
|---|---|---|
| | ५. स्थानीय तहसँगको सहकार्यमा लैङ्गिकमैत्री कृषिकर्मी रोजगारीका माध्यमबाट कृषि विकासका कार्यक्रमहरू संचालन गर्नका लागि आवश्यक नीति नियम तय गरी कार्यान्वयन गरिनेछ । | नभएको |
| | ६. कृषि सम्बन्धी प्रादेशिक तथ्याङ्क प्रणालीलाई व्यवस्थित एवम् अद्यावधिक गरिनेछ । | भएको (आंशिक) |
| | ७. कृषि क्षेत्रको विकासको लागि स्थानीय तह र संघसँग समन्वय गरिनेछ । | भएको |
| | ८. स्थानीय तहको सहकार्यमा नदीको बगरमा उपयुक्त खेती प्रवर्द्धन गरिनेछ । | नभएको |
| | ९. महिला तथा सीमान्तकृत लक्षित कृषि आयोजना संचालन गरी कृषि लगानी तथा उत्पादनमा महिलाको अर्थपूर्ण पहुँच तथा स्वामित्व बढाइनेछ । | भएको |
| ३. भूमिको खण्डीकरण रोकी कृषिभूमिको संरक्षण गर्ने । | १. खेतीयोग्य जग्गाको खण्डीकरण रोक्नका लागि आवश्यक नीति तय गरी भूमि बैंकको स्थापना गरिनेछ । | नभएको |
| | २. जग्गा बाँझो नराखे नीति अवलम्बन गरी बाँझो जमिन व्यवस्थापनका लागि करारमा जमिन लिएर खेती गर्ने कृषक तथा व्यवसायीलाई प्रोत्साहन गरिनेछ । | भएको |
| | ३. कृषिभूमि संरक्षण गर्न भू-उपयोग योजना तर्जुमा गरी लागु गरिनेछ । | नभएको |
| ४. सहूलियत कृषि ऋण र कृषि शिक्षाको पहुँचमा अभिवृद्धि गर्ने । | १.सहुलियत रूपमा कृषि ऋण उपलब्ध हुने व्यवस्था गरी ब्याजमा अनुदान कार्यक्रम लागु गरिनेछ । | भएको |
| | २. शैक्षिक प्रमाणपत्रको धितोमा युवायुवतीहरूलाई कृषि व्यवसाय शुरू गर्न सहुलियत पूर्ण ऋणको व्यवस्था गरिनेछ । | नभएको |
| | ३. कृषिवस्तु उत्पादन र निर्यात गरी आयात प्रतिस्थापनमा टेवा पुर्‍याउने व्यवसायिक फर्म वा कम्पनीलाई प्रतिफलमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ । | भएको |
| | ४. कृषि प्राविधिक शिक्षालयहरूको क्षमता विकासका लागि सहयोग गरिनेछ । | भएको |
| ५. कृषि प्रविधि प्रसार प्रणालीलाई सबल र प्रभावकारी बनाउन कृषि अनुसन्धान र कृषि शिक्षासँगको समन्वय र साझेदारीका कार्यक्रमहरू सचालन गर्ने । | १. बि.एस्सी. कृषि अध्ययनरत केही विद्यार्थीलाई उद्यमशीलता विकासका लागि आर्थिक सहयोग गरिनेछ । | भएको |
| | २. स्थानीय तहको सहभागितामा कृषि विश्वविद्यालय र यसका आंगिक क्याम्पस, कृषि अनुसन्धान केन्द्र र कृषि फार्महरूको कमाण्ड क्षेत्र तोकी कृषकको प्रविधिमाथिको पहुँचलाइ विस्तार गरिनेछ । | नभएको |
| | ३. कृषि व्यवसाय र यस सम्बन्धी सेवा प्रवाह प्रक्रियालाई प्रविधिमैत्री बनाइनेछ । | भएको |
| | ४. कृषकहरूलाई नियमित तालिम प्रदान गर्ने व्यवस्थाको लागि स्थानीय स्तरमा कृषि पाठशाला संचालन गरिनेछ । | भएको |
| ६. कृषि क्षेत्रबाट हुने युवा पलायन रोकी कृषिलाई आकर्षित र सम्मानित पेशाको रूपमा विकास गर्ने। | १. कृषकहरूलाई सामाजिक सम्मान प्रदान गर्ने व्यवस्था गरी उत्कृष्ट कृषकहरूलाई प्रादेशिक पुरस्कार प्रदान गरिनेछ । | भएको |
| | २. पूर्णकालीन व्यावसायिक कृषकहरूलाई कृषक परिचय पत्र प्रदान गरी त्यस्ता कृषकहरूलाई सरकारी सहुलियत प्रदान गरिनेछ । | नभएको |

| | | |
|---|---|---|
| ७. रासायनिक मल तथा विषादीको उचित प्रयोग गर्दै प्राङ्गारिक कृषि उत्पादनलाई प्रोत्साहन गर्ने। | १. विषादीहरूको असन्तुलित र अनियन्त्रित प्रयोग रोक्न कृषिजन्य व्यापारिक केन्द्रहरूमा द्रुततर विषादी अवशेष परीक्षण प्रयोगशाला स्थापना गरिनेछ । | नभएको |
| | २. कृषिमा प्रयोग हुने विषादीको स्वास्थ्यमा पर्ने गम्भीर असरहरूका बारेमा कृषक तथा जनसमुदायलाई अभिमूखिकरण गरिनेछ । | भएको |
| | ३. गुणस्तरीय कृषि उत्पादन र उपभोगकाबारेमा कृषक तथा उपभोक्ताहरूलाई सचेतनाको कार्यक्रम संचालन गरिनेछ । | भएको |
| | ४. पर्यटनलाई समेत टेवा पुग्नेगरी स्थानीय पोषणयुक्त बालीहरूको प्राङ्गारिक उत्पादनका लागि पकेट क्षेत्र विकास कार्यक्रम लागु गरिनेछ । | भएको |
| ८. किसानलाई कृषि उपजको उचित मूल्य प्रदान गर्न कृषि बजार प्रवर्द्धन गर्ने। | १. कृषि उपजको अन्तरप्रदेश तथा अन्तरदेशीय व्यापारलाई व्यवस्थित गर्नका लागि आवश्यक प्रदेशस्तरीय नीति निर्माण गरिनेछ । | नभएको |
| | २. कृषिउपज खरिद विक्रीमा विचौलियाको भूमिका कम गरी किसानहरूलाई उचित मूल्य उपलब्ध गराउन संकलन केन्द्र, सहकारी पसल तथा हाट बजारहरूको व्यवस्था गरिनेछ । | भएको |
| | ३. बाली विशेषका उत्पादन पकेटक्षेत्र विकास गरी उत्पादनको मात्रा बढाउँदै बजारलाई व्यवस्थित गरिनेछ । | भएको |
| | ४. शीत भण्डार तथा खाद्यान्न भण्डार निर्माण गरी कृषि उपजको भण्डारण क्षमता बढाइनेछ । | भएको |
| | ५. मुख्य कृषि उपजको न्यूनतम समर्थन मूल्य तोकी क्रमशः कार्यान्वयन गरिनेछ । | नभएको(संघबाट मुख्य बालीमा भएको) |
| ९. परम्परागत कृषि ज्ञान, सिप, प्रविधिका साथै रैथाने बाली तथा जैविक विविधतालाई संरक्षण र प्रवर्द्धन गर्ने । | १. स्थानीय स्तरमा भएका उपयोगी ज्ञान सिप र जैविक प्रविधिलाइ संरक्षण र प्रर्वद्धन गर्न प्रोत्साहन गरिनेछ । | भएको |
| | २. कृषकस्तरमा हुने बीउ संरक्षणको लागि विशेष व्यवस्था गरिनेछ । | भएको |
| | ३. रासायानिक मल र विषादीको उचित प्रयोगमा जागरण फैलाउँदै जैविक विषादी र प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गरिनेछ । | भएको |
| | ४. बढी मोल जाने र पोषणयुक्त स्थानीय बाली वस्तुहरूको संरक्षण तथा उत्पादन प्रर्वद्वन गरिनेछ । | भएको |
| १०. व्यावसायिक पुष्प खेतीको प्रवर्द्धन गर्ने । | १. पुष्प व्यवसायको सम्भाव्यता अध्ययनका साथै पकेट क्षेत्र निर्धारण गरी व्यावसायिक रूपमा गर्ने व्यवस्था गरिनेछ । | भएको |
| | २. आयातित पुष्पहरूको प्रयोगलाई निरुत्साहित गर्दै स्वदेशी पुष्प उत्पादनको बजार विस्तार गरिनेछ । | भएको |

**पशुपन्छी विकास उपक्षेत्रको रणनीति र कार्यनीति कार्यान्वयन अवस्था**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. पशुपन्क्षी पालनलाई व्यावसायिक, प्रविधियुक्त र प्रतिस्पर्धी बनाई उत्पादन र उत्पादकत्व बढाउन उत्प्रेरित गर्ने । | १. व्यावसायिक पशुपन्क्षीका आधुनिक फार्महरू खोल्न प्रोत्साहन तथा सहयोग गरिनेछ । | भएको |
| | २. उच्च प्रतिफल दिने उन्नत नश्वका पशुपन्क्षीको श्रोतकेन्द्र स्थापना गरिनेछ । | भएको |

| | | |
|---|---|---|
| | ३. पशुपन्क्षीपालनको लागि आवश्यक दाना उद्योग निर्माण गर्न सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ । | भएको |
| | ४. पशुपन्क्षीपालन व्यवसायलाई यान्त्रिकीकरण गर्न सहयोग प्रदान गरिनेछ । | भएको |
| | ५. उच्च मूल्य पर्ने स्थानीय नश्ल तथा नविनतम पशुपन्छी पालनलाई सहयोग गरिनेछ । | भएको |
| | ६. कृत्रिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्नका पशुहरूको संख्यामा वृद्धि गरिनेछ । | भएको |
| | ७. पशुपन्छीको दानामा प्रयोग हुने मकै, भटमास जस्ता बालीहरू र घाँस खेतीको प्रवर्द्धन गरी गुणस्तरीय पशुआहाराको उपलन्धता बढाइनेछ । | भएको |
| | ८. बाँझो जमिन, सामुदायिक तथा कबुलियत वनहरूमा घाँस उत्पादन गर्न प्रोत्साहित गरिनेछ । | भएको |
| | ९. पशुपालन सम्बन्धी शिक्षालाई सर्वसुलभ बनाईनेछ । | भएको |
| | १०. पशुपंछीपालन तथा यस सम्बन्धी सेवा प्रवाहलाई प्रविधिमैत्री बनाईनेछ । | भएको |
| २. पशुपन्क्षी व्यवसायको लागि आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने । | १. मानव स्वास्थलाई प्रत्यक्ष असर गर्न सक्ने पशुजन्य उत्पादनलाई स्वस्थ र गुणस्तरीय हुनुपर्ने कुरामा सर्वसाधारणमा जनचेतना जगाउदै पशुजन्य उत्पादनमा एन्टीबायोटिकको अनावश्यक प्रयोगलाई निरुत्साहित गरिनेछ । | नभएको |
| | २. पशुस्वास्थ्य उपचारका लागि भेटेरीनरी अस्पताल, भेट एम्बुलेन्सका साथै पशु सेवा केन्द्रहरूको पहुँच विस्तार गरिनेछ । | भएको (आंशिक) |
| | ३. पशुपन्छी स्वास्थ उपचारका लागि प्रदेशस्तरमा पशुपन्क्षी रोग अन्वेषण प्रयोगशाला, स्थानीय स्तरमा सुविधा सम्पन्न पशुपन्छी चिकित्सालयहरूको स्थापनाका लागि प्रोत्साहन एवम् सहयोग गरिनेछ । | भएको |
| | ४. पशुस्वास्थ्यको सम्बर्द्धनमार्फत पशु तथा पशुजन्य उत्पादनबाट मानवमा सर्न सक्ने रोगहरूको नियन्त्रणका लागि One health approach को अवधारणा अवलम्बन गरिनेछ । | भएको |
| ३. पशुपन्क्षी व्यवसायको बजार प्रवर्द्धन गर्ने । | १. पशुपन्क्षीको बजार स्थापना र प्रवर्द्धन सहयोग गरिनेछ । | भएको |

| | | |
|---|---|---|
| | २. उच्च मूल्यका निर्यातमूलक पशुपन्छीजन्य पदार्थको उत्पादन तथा मूल्य अभिवृद्धिमा आधारित उद्योग स्थापना साथै पशुबधशालाहरू निर्माणमा सहयोग पुर्‍याइनेछ । | भएको |
| | ३. मिल्क होलिडे हुन नदिन पाउडर र अन्य दुग्ध पदार्थ बनाउन स्थापना गरिने उद्योगहरूलाई सहयोग गरिनेछ । | भएको (पाउडर उद्योगका लागि नभएको) |
| | ४. 'बधशालादेखि भान्छासम्म' स्वच्छ र स्वस्थ मासु, 'गोठदेखि ओठ सम्म' स्वच्छ र स्वस्थ दूध कार्यक्रम अभियानका रूपमा संचालन गरिनेछ । | भएको |
| ४. युवाहरूलाई आकर्षित गर्न पशुपन्क्षी व्यवसायका लागि विशेष सहूलियत प्रदान गर्ने। | १.पशुपालनमा युवाहरूलाई आकर्षण गर्न सिप विकास, सहुलियतपूर्ण ऋण एवम् अनुदानको व्यवस्था गरिनेछ । | भएको |
| | २. दूध, अण्डा र मासु उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम लागु गरिनेछ । | भएको |
| ५. पशुपालन व्यवसायमा रहेका जोखिमहरूलाई न्यूनीकरण गर्दै स्थानीय नस्ललाई संरक्षण गर्ने। | १. पशु बीमालाई प्रभावकारी बनाइ जोखिम न्यूनीकरण गरिनेछ । | नभएको (संघबाट भएको) |
| | २. स्थानीय तहको सहकार्यमा छाडा पशु व्यवस्थापनका लागि उचित प्रवन्ध मिलाइनेछ । | भएको |
| | ३. प्रदेशका रैथाने घर पालुवा पशुपन्छी तथा तिनका जंगली प्रजातिको आनुवांशिक श्रोत संरक्षण तथा सम्बर्द्धन गरिनेछ । | भएको |
| | ४. पशुकल्याण ऐन बनाई लागु गरिनेछ । | नभएको |

**मत्स्य विकास उपक्षेत्रको रणनीति र कार्यनीति कार्यान्वयन अवस्था**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. माछा उत्पादन पकेट क्षेत्र पहिचान, विस्तार र प्रवर्द्धन गर्ने। | १. संघीय स्तरबाट भइरहेका आयोजनासँग तारतम्य मिलाई माछा पकेट क्षेत्र निर्धारण गरिनेछ । | भएको |
| | २. प्रयोगमा नआएका जग्गालाई करारमा लिइ माछापालन गर्नका लागि प्रोत्साहन गरिनेछ । | भएको |
| | ३. माछा व्यवसायलाई जोखिममुक्त बनाउनका लागि बीमा नीति ल्याइनेछ । | नभएको(संघबाट भएको) |
| २. यान्त्रिकीकरण, आधुनिकीकरण, प्रतिस्पर्धी र प्रविधियुक्त व्यवसायका रूपमा मत्स्य पालनलाई विस्तार गर्ने। | १. माछापालनसम्बन्धी व्यवसायीलाई प्राविधिक सहयोग उपलब्ध गराइनेछ । | भएको |
| | २. माछा प्रशोधन र मूल्य श्रृंखलाका वस्तु उत्पादनका लागि प्रोत्साहन गरिनेछ । | भएको |
| | ३. मत्स्य पर्यटन विस्तार हुनेगरी व्यावसायिक मत्स्यपालन फर्मलाई प्रोत्साहित गरिनेछ । | भएको |

| | | |
|---|---|---|
| | ४. सम्भावित जिल्लाहरूमा चिसो पानीमा उत्पादन गर्न सकिने ट्राउट माछाको उत्पादन प्रवर्द्धन गरिनेछ । | भएको |
| | ५. मत्स्य अनुसन्धान र विकासकालागि स्थापना भएका मत्स्य केन्द्रहरूलाई मत्स्य विज्ञान श्रोत केन्द्रको रूपमा विकास गरिनेछ | भएको |
| | ६. सहकारी तथा निजीस्तरमा समेत मत्स्य बीज स्रोत केन्द्र स्थापना गरी सहज रूपमा माछाका भूराहरू उपलब्ध गराइनेछ । | भएको |
| | ७. माछाको लागि दाना उत्पादन उद्योग स्थापनामा सहयोग पुर्‍याइनेछ । | भएको |
| | ८. माछामा लाग्न सक्ने वा लाग्ने विभिन्न किसिमका रोगहरूको निदान र व्यवस्थापनका लागि प्रयोगशाला स्थापना र संचालन गरिनेछ । | भएको |
| | ९. माछा पालनसम्बन्धी सेवा प्रवाहलाई प्रविधिमैत्री बनाइनेछ । | भएको |
| | १०. पशु क्वारेन्टाइनमा मत्स्य परीक्षणका लागि आधुनिक प्रविधिको प्रयोग गरिनेछ । | नभएको |
| ३. माछा उत्पादनलाई व्यावसायिक बनाउनको लागि अनुदान र सहुलियतपूर्ण ऋणको व्यवस्था गर्ने । | १. माछापोखरी निर्माण, सुधार तथा उत्पादन वृद्धिका लागि अनुदान कार्यक्रम संचालन गरिनेछ । | भएको |
| | २. शैक्षिक प्रमाणपत्रको धितोमा युवाहरूलाई माछापालन व्यवसाय शुरू गर्न सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ । | नभएको |
| | ३. व्यावसायिक मत्स्य व्यवसायीहरूलाई सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ । | भएको |
| | ४. उच्च उत्पादशील एवम् नविनतम माछाका जातहरूको भुरा उत्पादन गर्न निजी तथा सहकारीलाई सहुलियत प्रदान गरिनेछ । | भएको |
| ४. जलीय जैविक विविधता संरक्षण गर्दै जलचरहरूको सन्तुलित उपयोग गर्ने। | १. प्राकृतिक जलाशय तथा तालतलैयाको संरक्षण गरी मत्स्य उत्पादनमा उपयोग गरिनेछ । | भएको |
| ५. माछाको उपभोग बढाई खाद्य पोषण सुरक्षित गर्ने । | १. स्वस्थ माछा उपभोगबाट उपलब्ध हुने खाद्य विविधीकरण र यसबाट प्राप्त हुने पौष्टिकताबारे प्रचार प्रसार गरिनेछ । | भएको |
| | २. माछाको उपभोग वृद्धि गर्न मत्स्य महोत्सवहरू आयोजना गरिनेछ । | नभएको |
| ६. माछा बजार प्रवर्द्धनमा सहयोग पुर्‍याउने । | १. माछा भण्डारणका लागि शीत भण्डार निर्माणमा सहयोग गरिनेछ । | नभएको |
| | २. जिउँदो माछा ढुवानी र बजारको लागि सहयोग पुर्‍याइनेछ । | भएको |

**भूमि व्यवस्थापन उपक्षेत्रको रणनीति र कार्यनीति कार्यान्वयन अवस्था**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ . भूमिको व्यवस्थित उपयोगको लागि वैज्ञानिक भू-व्यवस्थापन ऐन, नीति तथा संस्थागत व्यवस्था गर्ने । | १. भूउपयोग योजना मार्फत् भूमिको बर्गीकरण गरी कृषि, उद्योग र आवास क्षेत्र छुट्याई भूमिको अधिकतम प्रयोग गरिनेछ । | नभएको |
| | २. भूमिको व्यवस्थापन गर्नको लागि आवश्यक संस्थागत व्यवस्था गरिनेछ । | नभएको |
| | ३. कृषियोग्य जग्गाको संरक्षण गर्नुका साथै कृषि उत्पादन नहुने तथा कम उत्पादन हुने क्षेत्रमा औद्योगिक क्षेत्र र बस्ती बसाउने कार्य गरिनेछ । | नभएको |
| | ४. एकीकृत बस्ती विकासलाई जोड दिइनेछ। | भएको |
| | ५. भूमिहीन नागरिकका लागि सुरक्षित आवास कार्यक्रम लागु गर्नका लागि सम्बन्धित सरोकारवालासँग सहकार्य गरिनेछ । | भएको |
| | ६. जमिन एकत्रित गरी चक्लाबन्दीबाट व्यावसायिक कृषि गर्नेलाई प्रोत्साहन गरिनेछ । | नभएको |
| | ७. भूमि प्रशासन सेवालाई वैज्ञानिकीकरण तथा सरलीकरण गरिनेछ । | भएको |
| | ८. भूमिको यथार्थ तथ्यांङ्क संकलन तथा विश्लेषण गरिनेछ । | नभएको |
| २. भूमि बाँझो राखे प्रवृति र खण्डीकरणलाई न्यूनीकरण गर्ने । | १. भूमि बैंक स्थापना गरी संचालन गरिनेछ । | नभएको |
| | २. भूमिहीन किसानहरूलाई खेती गर्ने बाँझो जग्गा करारमा लिन सहयोग गरिनेछ । | भएको |
| ३. अव्यवस्थित बस्तीहरूलाई व्यवस्थापन गरी सार्वजनिक जग्गामा अतिक्रमण रोक्ने । | १. संघ र स्थानीय तहको सहकार्यमा लामो समयदेखि रहेका , अव्यवस्थित बस्तीहरूलाई व्यवस्थित गरिनेछ । | भएको |
| | २. सार्वजनिक जग्गाको संरक्षण गरी अतिक्रमण रोकिनेछ । | भएको |
| | ३. ग्रामीण तथा शहरी क्षेत्रमा खुला पार्कहरू बनाउन पालिकाहरूलाई सहयोग गरिनेछ । | नभएको |
| ४. भूमिमा महिलाको पहुँच बढाउने । | १.महिलामैत्री भूमि नीति ल्याई कृषियोग्य भूमिमा अधिकतम रूपमा महिलाको स्वामित्व बढाई र अन्य भूमिसँग निर्भर हुने कार्यक्रमहरूको आम्दानीमा महिलाको पहुँच बढाई आत्मनिर्भर बनाइनेछ । | भएको |

**सहकारी उपक्षेत्रको रणनीति र कार्यनीति कार्यान्वयन अवस्था**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. आवश्यकताका आधारमा सहकारी संस्थाहरूको विषयगत क्षमता विकास गर्ने। | १. सहकारी संघ-संस्थाको आवश्यकता अनुरूप सिप र क्षमता विकासका तालिम दिने व्यवस्था गरिनेछ । | ▪ सहकारी संघ-संस्थाको क्षमता विकास गर्न सहकारी तालिम सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन भएको ।<br>▪ सहकारी प्रशिक्षालय बाँकेबाट सहकारी सम्बन्धि विभिन्न तालिम, गोष्ठि तथा क्षमता विकासका कार्यक्रम सम्पन्न गरिएको । |

| | | |
|---|---|---|
| | | ▪ सहकारी पूर्वाधार निर्माण गर्न अनुदान रकम वितरण गरिएको । |
| | २. सहकारी क्षेत्रको अध्ययन अनुसन्धान समेत गर्नेगरी संस्थागत व्यवस्था गरिनेछ । | ▪ सहकारी दर्ता अधिकारीको कार्यालय स्थापना गरिएको । |
| | ३. सहकारी संस्था नियमन र प्रवर्द्धन गर्न आवश्यक कानून निर्माण गरिनेछ । | ▪ सहकारी ऐन, २०७६ र सहकारी नियमावली, २०७६ तर्जुमा गरिएको |
| २. सहकारीलाई उत्पादनशील कार्यमा प्रभावकारी ढंगले परिचालन गर्ने। | १. संस्थाहरूको प्रवर्द्धन र नियमन गर्न आवश्यक संस्थागत व्यवस्था गरिनेछ । | ▪ मन्त्रालयमा सहकारी महाशाखा गठन गरि जनशक्ति व्यवस्था गरिएको ।<br>▪ सहकारी दर्ता अधिकारीको कार्यालयबाट प्रदेश स्तरीय सहकारी संस्था दर्ता गरिएको |
| | २. सहकारी संघ एवम् बिषयगत संघहरूलाई आफ्ना सदस्य संस्थाले उद्देश्य अनुरूप कार्य गरे नगरेको अनुगमन गरी स्थानीय तह र प्रदेश सरकारका निकायमा प्रतिवेदन दिनुपर्ने नीतिगत व्यवस्था गरिनेछ । | ▪ आवश्यकतानुसार सहकारी संघसंस्थाहरुको अनुगमन तथा निरीक्षण गरिएको ।<br>▪ सबै सहकारी संघ/संस्थाहरुको आधारभूत विवरण संकलन गरी अद्यावधिक ( कोपोमिसमा समेत) कार्य शुरु गरिएको<br>▪ सहकारी संघ/संस्थाहरुलाई COPOMIS मा आवद्ध गराई समष्टिगत प्रतिवेदन प्रविष्ट गराईएको (यद्यपी पूर्ण रुपमा गर्न नसकिएको) |
| | ३. कृषि, उद्योग, पर्यटन सेवा लगायतका क्षेत्रहरूमा सहकारीको पूँजीगत लगानी बढाउन ऐन एवम् नीति नियमहरूको निर्माण, संशोधन तथा सरलीकृत गरिनेछ । | नभएको |
| | ४. महिलाहरूका लागि बिशेष प्राथमिकता सहित सहकारी उत्पादन र बजारीकरणमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ । | नभएको |
| | ५. १० जनाभन्दा बढीलाई रोजगारी उपलब्ध गराउने गरी व्यवसाय संचालन गर्ने सहकारी वा त्यसरी व्यवसाय संचालन गर्न प्रोत्साहन गर्ने सहकारी संस्था एवम् व्यवसाय संचालन गर्ने व्यक्तिलाई विशेष सहुलियत उपलब्ध गराइनेछ । | नभएको |
| | ६. सहुलियत दरको कर्जा एवम् अनुदानमार्फत सहकारी व्यवसायको प्रवर्द्धन लागि सहकारी विकास कोष स्थापना गरिनेछ । | नभएको |
| | ७. प्रत्येक जिल्लामा सहकारी बजार केन्द्रको स्थापना गर्न आवश्यक व्यवस्था मिलाई उत्पादित वस्तुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पहुँच हुने व्यवस्था मिलाइनेछ। | नभएको |
| ३. सहकारीमार्फत सहकार्य गर्ने प्रवृति विस्तार गरी समन्यायिक र समावेशी | १. सहकार्यको संस्कृति निर्माण गरी सहकारी प्रवर्द्धन गर्न निरन्तर शिक्षा र प्रोत्साहनका कार्यक्रमहरू संचालन गरिनेछ । | ▪ मन्त्रालय र सहकारी प्रशिक्षालयबाट क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको । |

| | | |
|---|---|---|
| अर्थतन्त्रको विकास गर्ने। | २. सहकारीमार्फत समावेशी ढंगले उद्यमशीलताको विकास गरी आय आर्जन वृद्धि गर्न प्रोत्साहित गरिनेछ। | नभएको |
| | ३. सहकारी बहुआयामिक क्षेत्र भएका कारणले अर्थ, उद्योग, कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, यातायात, श्रम, वातावरण जस्ता विषयगत कानून सहकारीमैत्री बनाइनेछ। | नभएको |
| | ४. ग्रामिण अर्थतन्त्रलाइ बलियो बनाउन सहकारी बजारको अवधारणा अवलम्बन गरिनेछ | नभएको |

**जडीबुटी उपक्षेत्रको रणनीति र कार्यनीति कार्यान्वयन अवस्था**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. भौगोलिक विशेषता अनुरूप जडीबुटी तथा सुगन्धित वनस्पतिको व्यावसायीक खेतीलाई प्रोत्साहन गर्ने। | १. जडीबुटी तथा सुगन्धित वनस्पतिहरूको उपलब्धता र व्यावसायिकताको आधारमा कुनै खास क्षेत्रलाई "जडीबुटीक्षेत्र" तोकिनेछ। | ▪ टिमुर, अल्लो, दालचिनी,चिउरी,मालागिरी र श्रीखण्ड को पकेटक्षेत्र छनोट भई पकेटक्षेत्रस्तरमा विस्तार गरिएको<br>▪ टिमुर, अल्लो, दालचिनी,चिउरी,मालागिरी, श्रीखण्ड, लप्सी, नीम, अमला, हर्रो,वर्रो र मालागेडी जस्ता जडिवुटीको नर्सरीमा उत्पादन कार्यक्रम |
| | २. कृषियोग्य भूमिमा अन्तरवाली प्रणालीअन्तर्गत कृषिबालीको साथसाथै जडीबुटी खेती गर्ने कार्यमा कृषकहरूलाई तालिग समेत दिई प्रोत्साहित गरिनेछ। | ▪ रुकुम पुर्बमा २६११० वटा , गुल्मीमा १५४१० , प्युठानमा ६००० र रोल्पामा ८५०० ग्राफटिङ ओखर रोपण भएको।<br>▪ पाल्पामा चिउरी र दालचिनी,रुकुम र रोल्पामा अल्लो तथा दाङ र प्यूठानमा मालागिरी र श्रीखण्डको रोपण तथा खेतिबिस्तार भएको।<br>▪ पहाडका प्रत्येक जिल्लामा वर्षेनि १ लाख ५० हजार जडिवुटीका विरुवा उत्पादन |
| | ३. जडीबुटी तथा सुगन्धित बनस्पतिको व्यावसायिक खेती प्रवर्द्धन गर्न प्रभावकारी प्रादेशिक संरचना स्थापना गरिनेछ। | नभएको |
| | ४. जडीबुटी तथा सुगन्धित वनस्पतिको खेती प्रविधि प्रवर्द्धन विस्तार तथा बजारीकरणसम्बन्धी आवश्यक नीति र कानून बनाइनेछ। | ▪ प्रदेश वन ऐन २०७८<br>▪ प्रदेश वन नियमावली २०७९ |
| | ५. जडीबुटीको उपलब्धता, बिशेषता र सम्भाव्यताबारे अध्ययन अनुसन्धान गरी सोका आधारमा नीति निर्धारण तथा जनचेतना अभिवृद्धि गरिनेछ। | ▪ प्रदेशमा रहेका महत्वपुर्ण जडिवुटीहरुको आर्थिक विश्लेषण प्रतिवेदन २०७८ तयार |
| | ६. जडीबुटीको व्यावसायिक खेती तथा दिगो उत्पादनका लागि वनक्षेत्र लिजमा दिने व्यवस्था गरिनेछ। | नभएको |
| | ७. गरिब र न्यून आय भएका मानिसहरूलाई जडीबुटी खेतीका लागि प्रोत्साहित गर्न अनुदान दिने व्यवस्था | ▪ निजी नर्सरी स्थापना गर्ने उद्यमीलाई अनुदान सहयोग गरिएको<br>▪ जडीबुटी तथा गैरकाष्ठ वन पैदावार विकास |

| | | |
|---|---|---|
| | गरिनेछ । | एवं प्रबर्धनका लागी १२ वटा उद्यम सन्चालमा वस्तुगत सहयोग गरिएको ।<br>▪ कवुलियति वन उपभोक्ता समुह मार्फत गरीव र न्यून आय भएका मानिसहरुलाई अमृसो, तेजपात लगायतको खेतीका लागि प्रोत्साहन गर्न अनुदान दिइएको |
| | ८. स्थानीय तहहरूको सहकार्यमा जडीबुटीको अभिलेखाङ्कन, भण्डारण र प्रमाणीकरणको व्यवस्था गरिनेछ । | नभएको |
| | ९. जडीबुटीमा आधारित सुगन्धित तेल, आयुर्वेदिक एवम् एलोपैथिक औषधी कारखानाहरूको स्थापना र विकासमा जोड दिइनेछ । | नभएको |
| २. जडीबुटीको लागि आन्तरिक र बाह्य बजार प्रवर्द्धन गर्ने । | १. जडीबुटी तथा सुगन्धित वनस्पतिको प्रादेशिक ब्राण्डिङ गर्ने व्यवस्था गरिनेछ । | नभएको |
| | २. जडीबुटी मेलाको आयोजना गर्ने र उत्कृष्ट कृषकलाई प्रादेशिक पुरस्कार प्रदान गरिनेछ । | नभएको |
| | ३. जडीबुटी प्रयोगको परम्परागत ज्ञानको अभिलेखीकरण गरी प्रयोगमा ल्याइनेछ । | नभएको |
| | ४. जडीबुटी तथा सुगन्धित वनस्पतिको गैरकानूनी निर्यातलाई नियमन गरी कानूनी निर्यातलाई प्रोत्साहन गरिनेछ । | ▪ सन २०२१ को अध्ययन अनुसार प्रदेशमा हरेक वर्ष ३४९२.८१ मेट्रिक टन औषधी जडिवुटी निर्यात भएको |
| | ५. अन्तरप्रदेश समन्वयमार्फत बाँके जिल्लालाई जडीबुटी बजार केन्द्रको रूपमा विकास गरिनेछ । | नभएको |

**खाद्य तथा पोषण सुरक्षा उपक्षेत्रको रणनीति र कार्यनीति कार्यान्वयन अवस्था**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. कृषिक्षेत्रमा लगानी अभिवृद्धिबाट उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने। | १. कृषि क्षेत्रमा उत्पादन वृद्धि हुने खालका विभिन्न किमिमका कार्यक्रमहरू संचालन गरिनेछन् । | भएको |
| | २. स्थानीय स्तरमा उपलब्ध हुने जातका बालीहरूको उत्पादन र उपभोग गर्ने खाद्य संस्कृतिलाई जोड दिइनेछ । | भएको |
| | ३. खाद्यसुरक्षा तथा पोषणका लागि नविनतम प्रयासहरूको उपयोग तथा प्रवर्द्धन गरिनेछ । | नभएको |
| २. उत्पादित बस्तुहरूको उचित भन्डारण, उत्पादन पश्चात हुने क्षति कम गर्नुको साथै वितरण प्रणालीलाई व्यवस्थित गर्ने। | १. स्थानीय स्तरमै उत्पादित बस्तुहरूको भन्डारणका लागि उचित व्यवस्था मिलाई न्यायपूर्ण वितरणको सुनिश्चिता गरिनेछ । | नभएको |
| | २. खाद्य तथा पोषण सुरक्षाको हिसाबले जोखिममा रहेका समुदाय र खाद्यसंकट हुने स्थानहरूमा खाद्यवस्तु वितरणलाई सरल र सहज बनाइनेछ । | नभएको |
| ३. स्थानीय तहमा उपलब्ध हुने तथा उत्पादन गर्न सकिने खाद्यपदार्थको उत्पादन प्रवर्द्धन र प्रयोगलाई विशेष जोड दिने। | १. खाद्यसुरक्षा तथा पोषणका लागि पैरवी, प्रचारप्रसार, जनसहभागिता तथा अभियान सञ्चालन गरी सकारात्मक व्यवहार प्रवर्द्धन गरिनेछ । | भएको |

| | | |
|---|---|---|
| | २. स्थानीय स्तरमा उपलब्ध हुने जातका बालीहरूको उत्पादन र प्रयोगमा जोड दिइनेछ । | भएको |
| ४. खाद्य तथा पोषण सुरक्षा सम्वन्धित कार्यक्रमलाई व्यापक बनाउनको लागि विभिन्न सरोकारवालासँग समन्वय र सहकार्य गर्ने। | १. खाद्यसुरक्षा तथा पोषणका हिसावले पछि परेको वर्गको पहिचान र विश्लेषण गरिनेछ । | भएको |
| | २. सहयोग, साझेदारी, समन्वय, सिकाई तथा राम्रा अभ्यासहरूको आदान-प्रदानमा सम्बन्धी कार्यक्रमहरू संचालन गरिनेछ । | भएको |
| | ३. विभिन्न सरोकारवाला निकायले खाद्यसुरक्षा तथा पोषणसम्बन्धी कार्यक्रम कार्यान्वयन गरी महिला, बालबालिका तथा किशोरकिशोरीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गरिनेछ । | भएको |
| ५. महिला तथा सीमान्तकृतहरूलाई खाद्य सुरक्षा र पोषणसँग सम्बन्धित लक्षित कार्यक्रम संचालन गर्ने। | १. विपन्न महिला तथा सीमान्तकृतहरूलाई खाद्य सुरक्षा र पोषणको लागि पोषण भत्ताको व्यवस्था गरिनेछ । | नभएको |
| | २. महिला तथा सीमान्तकृतहरूलाई खाद्य सुरक्षा र पोषणसँग सम्बन्धित शिक्षा र तालिम तथा कार्यक्रमहरूलाई व्यापक रूपमा सञ्चालन गरिनेछ । | भएको |

अनुसूची-४.२

**उद्योग, खानी, वाणिज्य तथा आपूर्ति उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था**

| औद्योगिकीकरण | | |
|---|---|---|
| **रणनीति** | **कार्यनीति** | **कार्यान्वयनको अवस्था** |
| १. उद्योगहरूको स्थापना र विस्तारको लागि लगानी योग्य वातावरण तयार गर्ने। | १. रूपन्देही, बाँके र दाङ्गमा नयाँ औद्योगिक क्षेत्र बनाइनेछ। | ▪ रुपन्देहीको मोतीपुरमा औद्योगिक क्षेत्र बनाइएको छ। |
| | २. सीमानासंग जोडिएका क्षेत्रमा औद्योगिक कोरिडर निर्माण गरिनेछ। | ▪ सुनवल, चन्द्रौटा र कृष्णनगरमा अध्ययन गरिएको। |
| | ३. बाँके जिल्लामा ठूला उद्योगहरू स्थापना गर्न प्रोत्साहन गरी औद्योगिक हब बनाइनेछ। | नभएको |
| | ४. उद्योग दतदिखि बहिर्गमनसम्म सरल र सहजढंगले हुने व्यवस्था गरिनेछ। | ▪ सरल र सहज ढंगले हुने व्यवस्था गरिएको। |
| | ५. औद्योगिक क्षेत्रमा आवश्यक शान्ति सुरक्षा प्रदान गरिनेछ। | ▪ औद्योगिक क्षेत्रमा आवश्यक शान्ति सुरक्षा प्रदानको पहल गरिएको। |
| | ६. औद्योगिक क्षेत्रहरूलाई उद्योगमैत्री ढंगले व्यवस्थापन गरिनेछ। | ▪ औद्योगिक क्षेत्रहरूलाई उद्योगमैत्री ढंगले व्यवस्थापन गरिएको। |
| | ७. उद्योगहरूलाई जग्गा रजिष्ट्रेशन शुल्कमा छुट दिइनेछ। | ▪ उद्योगहरूलाई जग्गा रजिष्ट्रेशन शुल्कमा छुट दिनेगरी पहल थालिएको। |
| | ८. औद्योगिक क्षेत्र, औद्योगिक कोरिडर र उद्योग ग्रामहरूमा आवश्यक भौतिक पूर्वाधार पु-याइनेछ। | नभएको |
| | ९. स्थानीय कच्चा पदार्थमा आधारित निकासीजन्य उद्योगहरूको स्थापनामा विशेष छूट दिने व्यवस्था मिलाइनेछ। | नभएको |
| | १०. महिला उद्यमीहरूलाई विशेष प्राथमिकता दिनेगरी उद्योगहरूलाई सहुलियत प्रदान गर्न उद्योग विकास कोष स्थापना गरिनेछ। | ▪ महिला उद्यमीहरूलाई विशेष प्राथमिकता दिनेगरी उद्योगहरूलाई सहुलियत प्रदान गर्न उद्योग विकास कोष स्थापना गरिएको। |
| | ११. उद्योगीहरूलाई एकीकृत ढंगले सेवा प्रवाह गर्ने व्यवस्था गरिनेछ। | ▪ उद्योगीहरूलाई एकीकृत ढंगले सेवा प्रवाह गर्ने व्यवस्था गरिएको। |
| २. स्वदेशी औद्योगिक उत्पादनको स्वदेशी बजार तथा विदेशमा समेत निकासी प्रवर्द्धन गर्ने। | १. आन्तरिक उत्पादनको बजार प्रवर्द्धन गर्न प्रदर्शनीस्थलको निर्माण र वर्षेनि औद्योगिक प्रदर्शनी आयोजना गर्न सहयोग गरिनेछ। | ▪ औद्योगिक मेला/प्रदर्शनीलाई सहयोग उपलब्ध गराइएको। |
| | २. आन्तरिक उत्पादनको उपयोग गर्न प्रोत्साहन गरिनेछ। | ▪ आन्तरिक उत्पादनको उपयोग गर्न प्रोत्साहन गरिएको। |
| | ३. प्रादेशिक ब्राण्ड विकास गरी बजार विस्तार गरिनेछ। | नभएको |
| ३. सहुलियत ऋण, उत्पादनको विविधता र आधुनिक प्रविधिको प्रयोग मार्फत उत्पादन लागतमा | १. उद्योगहरूलाई सहुलियतपूर्ण ऋण उपलब्ध हुने व्यवस्था गरिनेछ। | ▪ उद्यम विकास कोषमार्फत ११६ जना उद्यमीले ऋण लिएर व्यवसाय सञ्चालन गरेको। |

| | | |
|---|---|---|
| कमी ल्याई प्रतिष्पर्धी क्षमता बढाउने । | २. औद्योगिक विकासका समस्याहरूको नियमित खोजी गरी समाधानका लागि यस क्षेत्रको अध्ययन अनुसन्धान गरिनेछ । | ▪ औद्योगिक विकासका समस्याहरूको नियमित खोजी गरी समाधानका लागि यस क्षेत्रको अध्ययन अनुसन्धान थालिएको । |
| | ३. वैदेशिक रोजगारीबाट फर्केका, युवा र महिलाहरूलाई व्यवस्थापकिय ज्ञान सहित उद्यमशीलता तालिम प्रदान गरिनेछ । | ▪ मातहतका घरेलु तथा साना उद्योग कार्यालयमार्फत वैदेशिक रोजगारीबाट फर्केका, युवा र महिलाहरूलाई व्यवस्थापकिय ज्ञान सहित उद्यमशीलता तालिम प्रदान गरिएको । |
| | ४. सार्वजनिक निजी साझेदारीमा औद्योगिक प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षालय तथा सूचना केन्द्रहरू प्रर्वद्धन गरिनेछ । | नभएको |
| ४. घरेलु, साना तथा मझौला उद्योगहरूको विस्तार गर्ने । | १. स्थानीय तहहरूको समन्वयमा स्थानीय स्तरमा उद्योग ग्रामहरू स्थापना गरिनेछ । | ▪ स्थानीय तहहरूको समन्वयमा स्थानीय स्तरमा उद्योग ग्रामहरू स्थापना गर्न पहल शुरु गरिएको । |
| | २. पर्यटकीय वस्तु उत्पादन गर्ने घरेलु उद्योगको विकास गर्ने र त्यस्ता वस्तुको बिक्री प्रवर्द्धन गर्न कोसेली घरहरू स्थापना र संचालनमा सहयोग गरिनेछ । | ▪ पर्यटकीय वस्तु उत्पादन गर्ने घरेलु उद्योगको विकास गर्ने र त्यस्ता वस्तुको बिक्री प्रवर्द्धन गर्न कोसेली घरहरू स्थापना र संचालनमा सहयोग गरिएको । |
| | ३. वनजन्य उद्योगहरू प्रवर्द्धन गर्न राष्ट्रिय वनको वैज्ञानिक व्यवस्थापन गरिनेछ । | नभएको |
| | ४. कृषिजन्य उद्योग स्थापना गर्न सहुलियत प्रदान गरिनेछ । | ▪ कृषिजन्य उद्योग स्थापना गर्न सहुलियत स्वरुप प्रविधि हस्तान्तरण गरिएको । |
| ५. उद्योग र वातावरण बीच सन्तुलन कायम गर्ने। | १. उद्योगमा काम गर्ने मजदुरको दुर्घटना तथा स्वास्थ्यमा असर न्यून गर्न तथा उद्योगबाट निस्कने हानिकारक फोहोरको उचित व्यबस्थापनका लागि नीति बनाई लागू गरिनेछ । | ▪ उद्योगमा काम गर्ने मजदुरको दुर्घटना तथा स्वास्थ्यमा असर न्यून गर्न तथा उद्योगबाट निस्कने हानिकारक फोहोरको उचित व्यबस्थापनका लागि अध्ययन गरिँदै। |
| | २. उद्योगहरूलाई निश्चित औद्योगिक क्षेत्र र कोरिडरमा सीमित गरी मानव बस्तीहरूलाई वातावरण प्रदूषणबाट संरक्षण गरिनेछ । | नभएको |

| **खानी तथा खनिज पदार्थ** | | |
|---|---|---|
| **रणनीति** | **कार्यनीति** | **कार्यान्वयनको अवस्था** |
| १. खनिज सम्वन्धी प्रादेशिक नीति र प्रशासनिक संरचना क्षेत्रको प्रभावकारी अन्वेषण र व्यवस्थापन गर्ने। | १. प्रादेशिक खनिज नीति, कानून र मापदण्ड बनाई खनिज क्षेत्रलाई व्यवस्थित गरिनेछ। | अध्ययन अनुसन्धान गरिएको । |
| | २. आवश्यक दक्ष जनशक्ति सहित खानी अन्वेषण र व्यवस्थापनका लागि प्रशासनिक संरचना निर्माण गरिनेछ । | नभएको |

| | | |
|---|---|---|
| | ३. प्रदेशमा रहेका रत्नपत्थर अनुसन्धान, अन्वेषण र उत्खननका कार्यहरू अघि बढाइनेछ । | अध्ययनको लागि आवश्यक अर्न्तक्रिया थालनी भएको । |
| | ४. भौगर्भिक अध्ययन अनुसन्धानमा विश्वविद्यालयहरूसँग सहकार्य गरिनेछ । | नभएको |
| | ५. प्रदेशमा कम्तीमा एक उच्च शैक्षिक संस्थामा भूगर्भ सम्वन्धी अध्यापन थालनी गर्न सहयोग पु-याइनेछ । | नभएको |
| २. प्रदेशमा उपलब्ध खनिजको लगत संकलन तथा अभिलेखाङ्कन गर्ने। | १. हालसम्म अन्वेषण भएका खानी तथा खनिज क्षेत्रको लगत संकलन गरी भौगोलिक सूचना प्रणाली मार्फत नक्साङ्कन गरी खानी खनिजसम्बन्धी सम्पूर्ण सूचना प्रकाशन गरिनेछ । | नभएको |
| | २. भूवैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान गरी प्रदेशको भौगर्भिक नक्शा तयार गरिनेछ । | नभएको |
| ३. भौगर्भिक पर्यटन प्रवर्द्धन गर्ने। | १. भौगर्भिक सम्पदालाई शिक्षा र पर्यटनसंग जोड्न पृथ्वीको इतिहास तथा हिमालयको उत्पति र विकास झल्किने खालका वस्तुहरू प्रदर्शन हुनेगरी भौगर्भिक बगैचा निर्माण गरिनेछ । | नभएको |
| ४. आवश्यक भौतिक पूर्वाधारको निर्माण गरी खनिज उद्योग स्थापना गर्न प्रोत्साहन गर्ने। | १. संघीय निकायहरूसंग समन्वय गरी खानी क्षेत्रमा पहुँच सडक निर्माण तथा विद्युत् प्रसारण लाइन विस्तार गरिनेछ । | संघीय निकायहरूसंग समन्वय गरी खानी क्षेत्रमा पहुँच सडक निर्माण तथा विद्युत् प्रसारण लाइन विस्तार गर्न पहल गरिएको । |
| | २. उद्यमीहरूका लागि खानी तथा खनिज पहिचान, उत्खनन तथा प्रशोधनसम्वन्धी क्षमता विकास एवम् उपयुक्त प्रविधि हस्तान्तरणमा सहयोग गरिनेछ । | नभएको |
| | ३. नेपाल सरकारसंगको सहकार्यमा खानी उत्खननबाट मानव बस्ती, जैविक विविधता र वातावरणमा परेको प्रभावको अनुगमन गरी न्यूनीकरणका उपायहरू अबलम्बन गरिनेछ । | नभएको |

| वाणिज्य तथा आपूर्ति | | |
|---|---|---|
| **रणनीति** | **कार्यनीति** | **कार्यान्वयनको अवस्था** |
| १. भौतिक पूर्वाधारको व्यवस्था गरी प्रादेशिक व्यापार प्रर्वद्धन गर्ने । | १. रणनीतिक सडक सञ्जालको विकास एवम् तुलनात्मक लाभको आधारमा जिल्लागत रूपमा भिन्न वस्तुहरू उत्पादन गरी प्रदेश भित्रको व्यापार बढाइनेछ । | नभएको |
| | २. जिल्लास्थित कार्यालयहरूबाट व्यवसाय दर्ता र अनुगमनलाई सहज र प्रभावकारी बनाइनेछ । | व्यवसाय दर्ता सहज भएको, नियमित अनुगमन गरिएको |
| | ३. स्थानीय तहमै प्यान नम्बर लिन सकिने व्यवस्थाको लागि पहल गरिनेछ । | नभएको |

| | | |
|---|---|---|
| | ४. सरकारी कार्यालयहरूमा स्वदेशी वस्तुहरूको प्रयोग बढाइनेछ । | बेतबाँसका सामग्रीहरुको प्रयोग र अल्लोजन्य फाइबरका कपडाहरुको प्रयोग बढाइएको। |
| २. उपभोग्य वस्तुहरूको गुणस्तर कायम गरी सर्वसुलभ आपूर्तिको व्यवस्था गर्ने। | १. वस्तुको आपूर्तिमा आउने व्यवधान न्यूनीकरण गर्न यथेष्ठ मौज्दात सहितको भण्डारण व्यवस्था मिलाइनेछ । रोल्पा र रूकुम पूर्वका दुर्गम ठाँउहरूमा अत्यावश्यक वस्तुहरूको डिपो राखे व्यवस्था गरिनेछ । | नभएको |
| | २. गुणस्तर कायम गर्न नियमित बजार अनुगमन तथा प्रयोगशालामा परीक्षण समेत गरिनेछ । | नियमित बजार अनुगमन गरिएको । |
| | ३. उपभोक्ता हकहीत संरक्षण गर्न आवश्यक नीति, ऐन तर्जुमा र संरचना निर्माण गरिनेछ । | उपभोक्ता हकहीत संरक्षण गर्न अनुगमन गरी गुणस्तर खाद्य सामग्री प्राप्तीको व्यवस्था मिलाइएको । |
| | ४. प्रत्येक पसलमा मूल्यसूची राखुपर्ने व्यवस्था कडाइका साथ लागु गरिनेछ । | प्रत्येक पसलमा मूल्यसूची राखुपर्ने व्यवस्था कडाइका साथ लागु गरिएको । |
| | ५. व्यवसायीहरूलाई स्वच्छ, पारदर्शी र व्यावसायिक व्यापारका लागि अभिमुखीकरण गरिनेछ । | व्यवसायीहरूलाई स्वच्छ, पारदर्शी र व्यावसायिक व्यापारका लागि अभिमुखीकरण गरिएको। |
| ३. आधारभूत उपभोग्य वस्तुहरूको बजारीकरणमा सहकारीको भूमिका बढाइ कालोबजारी र बिचौलियाहरूको भूमिका निरुत्साही गर्ने। | १. सहकारीहरूलाई सुपथ मूल्यका पसलहरू खोल्न प्रोत्साहन गरिनेछ । | सहकारीहरूलाई सुपथ मूल्यका पसलहरू खोल्न प्रोत्साहन गरिएको। |
| | २. कृषि बजारको प्रवर्द्धनमा सहकारीहरूको भूमिका बढाइनेछ । | कृषि बजारको प्रवर्द्धनमा सहकारीहरूको भूमिका बढाउन आवश्यक समन्वय गरिएको। |
| | ३. आधुनिक बजारहरू स्थापना गरी कृषकहरूले सहज रूपमा कृषि उपज सोझै बिक्री गर्न सक्ने बनाइनेछ। | नभएको |
| | ४. एकाधिकार र कार्टेलिङलाई नियन्त्रण गर्न आवश्यक कानूनको तर्जुमा र अनुगमन गरी प्रतिष्पर्धामा आधारित बजार प्रवर्द्धन गरिनेछ । | नभएको |
| ४. सूचना प्रविधिको प्रयोग १ गरेर व्यापार प्रवर्द्धन तथा आपूर्तिमा आधुनिकीकरण गर्ने। | १. सूचना प्रविधिको प्रयोग गरी सर्बसाधारणलाई सहज ढंगले मूल्य र बिक्रीको लागि उपलब्ध परिणामसम्बन्धी सूचना उपलब्ध हुने व्यवस्था गरिनेछ । | नभएको |
| | २. सूचना प्रविधिमा आधारित अनलाइन व्यापार गर्न प्रोत्साहित गरिनेछ । | नभएको |
| | ३. प्रयोगमा आइसकेका (सेकेण्ड हयाण्ड) वस्तुहरूको बजार विकास गर्न प्रोत्साहन गरिनेछ । | नभएको |

**अनुसूची-४.३**

**पर्यटन उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. प्रदेशको पर्यटनको विकासको लागि कानूनी व्यवस्था एवम् प्रादेशिक संस्थागत संरचनाको रूपमा पर्यटन विकास परिषद् बनाइने छ । | १. प्रदेशको पर्यटनको विकासका लागि नीतिगत कानूनी एवम् संस्थागत व्यवस्था गर्ने। | ▪ पर्यटन विकास परिषद् गठन भई कार्यक्रमहरु कार्यान्वय भई रहेको । पर्यटन ऐन तथा पर्यटन नियमावली सञ्चालनमा रहेको, पर्यटन नियमावली संशोधनको मस्यौदा तयार भएको । |
| २. प्रदेशमा रहेका पर्यटकीय स्थलहरूको संम्बर्द्धन, संरक्षण गर्दै आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरी विकास गर्ने। | १. लुम्बिनी आएका पर्यटकहरूलाई यस प्रदेशका अन्य स्थानहरूमा आकर्षित गर्ने गरी पर्यटकीय स्थलहरूको विकास गरिनेछ । | ▪ पर्यटकीय स्थलहरुको विकास गरिएको । |
| | २. यस प्रदेशका सबै जिल्लाहरूमा रहेका ताल, धार्मिक र ऐतिहासिक मठमन्दिर तथा सम्पदालाई आधार बनाएर आवश्यक पूर्वाधारहरू सहित पर्यटकीय स्थलहरूको विकास गरिनेछ । | ▪ ताल, धार्मिक र ऐतिहासिक मठमन्दिर तथा सम्पदाहरुको संरक्षण र पूर्वाधार विकास गरिएको । |
| | ३. यस क्षेत्रका प्रमुख धार्मिक क्षेत्र तथा तीर्थस्थलहरूको विकास गरी धार्मिक पर्यटन प्रवर्द्धन गरिनेछ । | ▪ धार्मिक पर्यटन प्रवर्द्धनको काम भएको । |
| | ४. रुकुम र रोल्पा जिल्लाहरूमा पर्यटन प्रवर्द्धन गर्न गुरिल्ला मार्ग, युद्ध संग्रहालय, यार्शा मार्गहरू निर्माण गरिनेछ । | ▪ गुरिलल्ला मार्ग, युद्ध संग्रहालयको निर्माण गरिएको । |
| | ५. संग्रहालय, उद्यान र इको भिलेजहरू निर्माण गरी नयाँ पर्यटकीय गन्तव्यको विकास गरिनेछ । | ▪ संग्रहालय, उद्यान र इको भिलेजहरु निर्माण भएको । |
| | ६. उपयुक्त ठाँउहरूमा हिलस्टेशनहरू निर्माण गरी आन्तरिक र बाह्य पर्यटकहरू आकर्षित गरिनेछ । | ▪ हिलस्टेशनहरु निर्माणको कार्य भएको । |
| | ७. पहाडी तथा हिमाली जिल्लाहरूमा भएका तातोपानीका मुहानहरूलाई संरक्षण र सम्बर्द्धन गर्दै स्वास्थ्य पर्यटनको रूपमा विकास गरिनेछ । | नभएको |
| | ८. पर्यटन उद्योगहरूलाई सहयोग पुग्ने गरी भौतिक पूर्वाधार पुऱ्याइनेछ । | ▪ पर्यटन उद्योगहरुलाई सहयोग पुग्ने गरी भौतिक पूर्वाधार निर्माण कार्य भएको क्रमश हुँदै गएको । |
| ३. पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने। | १. लुम्बिनी भ्रमण वर्ष २०७६ तथा नेपाल भ्रमण वर्ष सन् २०२० लक्षित कार्यक्रमहरू संचालन गरिनेछ । | ▪ लुम्बिनी भ्रमण वर्ष २०७९ तथा भ्रमण वर्ष सन् २०२० लक्षित कार्यक्रमहरु सञ्चालन गरिएको । |
| | २. गौतम बुद्धको जन्मस्थल लुम्बिनी, प्राचीन कपिलवस्तु, मावली देवदह, अस्तु धातु रहेको स्थान रामग्राम, नारायणी नदीको ठाडीघाट लयायत बुद्धसँग सम्बन्धित स्थलहरूलाई बुद्धिष्ट सर्किटको रूपमा विकास र प्रचार प्रसार गरिनेछ । | ▪ बुद्धिष्ट सर्किटको लागि अध्ययन भएको । |

| | | |
|---|---|---|
| | ३. राष्ट्रिय तथा छिमेकी देश भारत र चीन लगायत अन्तर्राष्ट्रिय स्तरमा पर्यटकीय स्थल तथा गन्तव्यको सूचना, प्रचार प्रसार, नेटवर्कीङ्ग गरिनेछ । | ▪ राष्ट्रिय तथा छिमेकी देश भारत र चीन लगायत अन्तराष्ट्रियस्तरमा पर्यटकीयस्थल तथा गन्तव्यको सूचना प्रचार प्रसार नेटवर्कीङ्ग भएको । |
| | ४. प्रदेश प्रवेश गर्ने नाकामा व्यावसायिक रूपमा स्थानीय तहको सहकार्यमा पर्यटक सूचना केन्द्र स्थापना गरी संचालन गरिनेछ । | ▪ बेलहिया र बाँकेमा सूचना केन्द्र स्थापना गरिएको । |
| ४. पर्यटनलाई आन्तरिक उत्पादन र रोजगारीसँग जोड्ने । | १. पर्यटन उद्योगलाई चाहिने वस्तु तथा सेवाहरू आन्तरिक रूपमा उत्पादन गर्न प्रोत्साहित गरिनेछ । | नभएको |
| | २. अर्गानिक खाद्यान्न, तरकारी, फलफूल, दूध तथा मासु उत्पादन एवम् माछापालनका सफल फर्म वा गाउँहरूलाई होमस्टेसंग जोडी कृषि पर्यटनको रूपमा संचालन गर्न प्रोत्साहित गरिनेछ । | ▪ होमस्टेसँग जोडी कृषि पर्यटनको रुपमा सञ्चालन भएको छ । |
| | ३. पर्यटन क्षेत्रका लागि चाहिने जनशक्ति उत्पादन र स्थानीय समुदायहरूलाई पर्यटनमैत्री बनाउने गरी क्षमता विकास गर्न निजी क्षेत्र तथा सामुदायिक संस्थाहरूसँग सहकार्य गरिनेछ । | ▪ टुर गाइड, होटल व्यवसाहीहरुलाई आवश्यक पर्ने तालिमहरु सञ्चालन भएको । |
| | ४. बुद्धसँग सम्बन्धित पर्यटकीय क्षेत्रहरू जोड्नेगरी पर्यटकीय बस सेवा संचालन गरिनेछ । | नभएको |
| | ५. थारू र मगर लगायतका विभिन्न सँस्कृतिलाई प्रर्वद्धन गर्दै सम्भावित त्यस्ता बस्तीहरूमा होमस्टे संचालनमा सहयोग गरिनेछ । | ▪ थारु र मगर लगायतका विभिन्न संस्कृतिलाई प्रवर्द्धन गर्दै सम्भावित त्यस्ता बस्तीहरुमा होमस्टे सञ्चालन भएको । |
| | ६. परम्परागत आकर्षक बस्ती भएका ठाँउहरूमा स्थानीय तहको सहकार्यमा पाहुना घर बनाउन सहयोग गरिनेछ । | ▪ पाहुना घर निर्माण भएको । |
| ५. पर्यटनको विकासको लागि अन्य प्रदेश, स्थानीय तह र निकायहरूसँग सहकार्य गर्ने। | १. प्रदेश भित्रका स्थानीय तह र छिमेकी प्रदेशसँग पर्यटन प्रवर्द्धन गर्न सहकार्य गरिनेछ । | ▪ प्रदेश भित्रका स्थानीय तह र छिमेकी प्रदेशसँग पर्यटन प्रवर्द्धन गर्न सहकार्य गरिएको । |
| | २. पर्यटन विकाससंग सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ । | ▪ पर्यटन विकाससँग सम्बन्धित सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरिएको । |
| | ३. भैरहवा - नेपालगन्ज र पोखरा नेपालगन्ज हवाइ उडानका लागि पहल र समन्वय गरिनेछ । | ▪ हवाइ सेवा सञ्चालनको लागि पहल गरिएको । |

**भाषा, कला, साहित्य तथा संस्कृति**

| **रणनीति** | **कार्यनीति** | **कार्यान्वयनको अवस्था** |
|---|---|---|
| १. विद्यमान भाषा र संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गरी मौलिकता कायम राखे । | १. प्राथमिक तहसम्म मातृभाषामा अध्ययन गर्नसक्ने व्यवस्था व्यवहारमा कार्यान्वयन गर्न अनुकूल बातावरण सिर्जना गरिनेछ । | भाषा, संस्कृतिको संरक्षणका कार्यक्रमहरु सञ्चालन भएको । |

| | | |
|---|---|---|
| | २. लोपोन्मुख भाषाको संरक्षण तथा सम्बर्द्धनका लागि लागि सहयोग गरिनेछ । | लोपोन्मुख भाषाको संरक्षणको कार्य भएको । |
| | ३. परम्परागत सांस्कृतिक संरक्षणका लागि सम्बन्धित सामाजिक समूहसँग सहकार्यका साथै आवश्यक सहयोग गरिनेछ । | सहयोग गरिएको । |
| | ४. भाषा र संस्कृति सम्बर्द्धनको लागि स्थानीय तह र सामुदायिक संस्थाहरूसँग सहकार्य गरिनेछ । | भाषा संस्कृतिको संरक्षणका कार्यहरु भएको । |
| | ५. प्रदेशमा रहेका विश्वविद्यालयहरू मार्फत भाषा संस्कृति सम्बन्धी अनुसन्धान गर्ने व्यवस्था गरिनेछ । | लुम्बिनी विश्व विद्यालय मार्फत बौद्ध दर्शनको अनुसन्धान कार्य गरी पुस्तक तयार गरिएको । |
| २. साँस्कृतिक विविधतालाई सदुपयोग गरी बाह्य तथा आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने । | १. विविध जातिहरूका मौलिकता संरक्षण गर्न सांस्कृतिक संग्रहालयहरू निर्माण गरिनेछ । | संग्रहालयहरु स्थापना र सञ्चालन गरिएको । |
| | २. संस्कृतिमा आधारित होमस्टेहरू संचालनलाई प्रोत्साहन तथा सहयोग गरिनेछ । | २४ वटा होमस्टेहरुलाई सहयोग गरिएको । |
| | ३. स्थानीय भाषाभाषी र संस्कृतिको सूचना तथा संचारका सामग्रीहरू तयार पारी प्रचार प्रसार गरिनेछ । | नभएको |
| ३. सम्मान र पुरस्कारको माध्यमबाट प्रादेशिक साहित्य तथा कलाको विकास र प्रवर्द्धन गर्ने । | १. प्रादेशिक साहित्य र कला एकडेमी स्थापना गरिनेछ । | लुम्बिनी प्रदेश प्रज्ञा प्रतिष्ठान स्थापना गर्न मस्यौदा तयार भएको । |
| | २. साहित्य र कलाको प्रवर्द्धन गर्न प्रादेशिक साहित्यिक एवम् कला पुरस्कारको स्थापना गरिनेछ । | नभएको |

**सम्पदा संरक्षण**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. व्यवस्थित ढंगले प्राकृतिक, ऐतिहासिक एवम् सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने । | १. सम्पदा संरक्षणका लागि आवश्यक कानूनी तथा संस्थागत संरचनाको व्यवस्था गरिनेछ । | ▪ कार्यविधिहरु निर्माण भएको र मस्यौदा तयार भएको । |
| | २. सम्पदा संरक्षणमा कार्य गरिरहेका संघसंस्था र स्थानीय तहसंग सहकार्य गरी सम्पूर्ण प्राकृतिक, ऐतिहासिक एवम् सांस्कृतिक सम्पदाहरूको पहिचान, अभिलेखाकंन, पुनःनिर्माण तथा संरक्षण गरिनेछ । | ▪ विद्युतिय अभिलेखनको लागि कार्य सञ्चालन भएको । |
| | ३. प्रदेशका सम्पदा सम्बन्धमा अनुसन्धान गर्न यस प्रदेशमा रहेका विश्वविद्यालयहरूसँग सहयोग र सहकार्य गरिनेछ । | ▪ सहकार्य भएको । |
| २. सम्पदाहरूमा आधारित भएर पर्यटन प्रवर्द्धन गर्ने । | १. सम्पदाहरूको पूरातात्विक र ऐतिहासिक महत्वका बारे प्रचार प्रसार गरिनेछ । | ▪ प्रचार प्रसारको कार्य भएको । |
| | २. सम्पदाहरूको संरक्षण तथा सम्बर्द्धनमा प्रतिकूल प्रभाव नपर्ने गरी सम्पदा स्थललाई पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ । | ▪ पर्यटकीय गन्तव्यको रुपमा विकास गरिएको । |

**अनुसूची-५.१**

## सामाजिक क्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था

### शिक्षा

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. स्थानीय तहको सहकार्यमा विद्यालय छाड्ने दरलाई घटाउदै लगी विद्यार्थीलाई माध्यमिक तहसम्मको शिक्षा अनिवार्य सम्पन्न गर्ने व्यवस्था गर्ने । | १. विद्यालय बाहिर रहेका अति विपन्न र सीमान्तकृत वर्गको पहिचान गरी विद्यालयमा ल्याउन र टिकाउनका लागि भर्ना अभियान, मिडियासँगको सहकार्य, अभिभावक सचेतना, छात्रवृत्ति, पोषणयुक्त दिवा खाजा, पोशाक जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई सहयोग गरिनेछ । | ▪ विद्यालय बाहिर रहेका शहरी कामदारका बादबालिकाहरुको लागि शैक्षिक तथा विद्यालय भर्ना कार्यक्रम सञ्चालन गरिएको जसबाट ३४२ जना विद्यालय बाहिरका बालबालिकाहरु विद्यालयमा भर्ना हुन सकेका। |
| | २. स्थानीय तहमार्फत स्थानीय स्तरमा रहेका बालबालिकाहरूलाई अनिवार्य रूपमा माध्यमिक तहसम्मको अध्ययन गर्ने व्यवस्था गरिनेछ । | ▪ स्थानीय तहमार्फत स्थानीय स्तरमा रहेका बालबालिकाहरूलाई अनिवार्य रूपमा माध्यमिक तहसम्मको अध्ययन गर्ने व्यवस्थाको लागि विद्यालयको पुर्वाधार वकिास खानेपानी तथा शौचालय नर्िमाणमा सहयोग भएको छ । |
| | ३. सार्वजनिक विद्यालयमा आवश्यक भवन र पानी तथा सरसफाइ सहितको शौचालय निर्माणमा सहयोग पुराइनेछ । | ▪ सार्वजनिक विद्यालयमा आवश्यक ४०३ कक्षाकोठा,११३ विद्यालयमा शुद्ध खाने, पानी तथा सरसफाइ सहितको २३७ शौचालय निर्माणमा सहयोग पुराइएको छ । |
| | ४. बालबालिकाको आधारभूत तहको शिक्षा पूरा गर्ने सवालमा जिम्मेवार हुन नसक्ने अभिभावकलाई आवश्यक कानून र कार्यक्रमको माध्यमबाट नैतिक रूपमा जवाफदेही र जिम्मेवार बनाइनेछ । | ▪ बालबालिकाको आधारभूत तहको शिक्षा पूरा गर्ने सवालमा जिम्मेवार हुन नसक्ने अभिभावकलाई सञ्चार माध्यमबाट सचेत गराइएको। |
| | ५. अल्पसंख्यक, विपन्न, न्यून आय भएका दलित, सीमान्तकृत, पिछडावर्ग, अनाथ र अपाङ्गता भएका व्यक्तिलाई आधारभूत तहको शिक्षा हासिल गर्न छात्रवृतिको व्यवस्था गरिनेछ । | ▪ अल्पसंख्यक, विपन्न, न्यून आय भएका दलित, सीमान्तकृत, पिछडावर्ग, अनाथ र अपाङ्गता भएका व्यक्तिलाई आधारभूत तहको शिक्षा हासिल गर्न संघीय छात्रवृतिको व्यवस्था बारे जानकारी गराइएको छ । |
| २. प्रारम्भिक वालविकासका साथै आधारभूत तथा माध्यमिक शिक्षामा समतामूलक पहुँच तथा गुणस्तर सुनिश्चित गरी विद्यार्थीको सिकाई उपलब्धि वृद्धि गर्ने। | १. प्रत्येक विद्यालयमा प्रारम्भिक बालविकासका न्यूनतम मापदण्ड सहितका बालविकास केन्द्रको विस्तार गर्दै प्रत्येक स्थानीय तहमा नमूना बालविकास केन्द्रको विकास गर्न स्थानीय तहलाई आवश्यक सहयोग प्रदान गरिनेछ । | विद्यालयमा न्यूनतम मापदण्ड सहितका बालविकास केन्द्रको विस्तार ४८ वटामा भएको छ । |
| | २. नक्शाङ्कनको आधारमा विद्यालयहरूको समायोजन, दरबन्दी मिलान र स्थापना गर्दै कम विद्यार्थी भएका दुर्गम क्षेत्रका विद्यालयहरूमा बहुकक्षा शिक्षण पद्धति लागु गर्न स्थानीय तहलाई आवश्यक सहयोग प्रदान गरिनेछ । | ▪ नक्शांकनको आधारमा विद्यालयको समायोजन हुने विद्याललाई सहयोगका कार्यक्रमहरु संचालन भएको । |

| | | |
|---|---|---|
| | ३. आवश्यक भौतिक पूर्वाधारको व्यवस्थासँगै विद्यालयहरूमा सूचना प्रविधिको प्रयोग बढाइनेछ । | ▪२६७ विद्यालयमा सूचना प्रविधिको लागि सहयोग भएको । |
| | ४. यस प्रदेशको आवश्यकता अनुरूप विद्यालयको पाठ्यक्रममा सुधार र परिमार्जन गर्दै लगिनेछ। स्थानीय | ▪स्थानीय पाठ्यक्रम निर्माण सहयोग माग गर्ने स्थानीय तहलाई सहयोग भएको । |
| ३. माध्यमिक तथा उच्च शिक्षामा प्राविधिक, व्यावसायिक, नैतिक, जीवनोपयोगी तथा रोजगारमूलक शिक्षाको विस्तार गर्ने। | १. प्राविधिक शिक्षाको पहुँच बढाउन सबै स्थानीय तहमा प्राविधिक शिक्षालयहरू खोल्ने नीति लिइनेछ । | ▪९६ वटा स्थानीय तहमा प्राविधिक शिक्षाको पहुच विस्तार भएको । |
| | २. विभिन्न साझेदार निकायसँगको सहयोगमा लक्षित वर्गलाई विशेष छात्रवृति सहित व्यावसायिक तथा सिपमूलक तालिम सञ्चालन गर्न आवश्यक समन्वय गरिनेछ । | ▪औद्योगिक प्रशिक्षार्थी तालिममा ८४० प्रशिक्षार्थीहरु अध्ययनरत छन। |
| | ३. प्रदेशभित्र प्राविधिक तथा व्यावसायिक सिपयुक्त जनशक्ति विकासको योजना, परामर्श, तालिम एवम् सिप परीक्षणसम्वन्धी कार्य गर्न संस्थागत व्यवस्था गरिनेछ । | ▪१३९ सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन गरिएको। |
| | ४. प्राविधिक शिक्षालाई प्राथमिकता दिदै उच्च शिक्षातर्फ सहज अवसर तथा पहुँच बढाउन प्रदेश विश्वविद्यालय मार्फत आवश्यक उच्च शैक्षिक संस्थाहरू संचालन गरिनेछ । | ▪लुम्बिनी प्राविधिक विश्वविद्यालयको गठन गरी २ वटा विषयमा प्राविधिक शिक्षाको पढाई सुरु भएको। |
| | ५. स्थानीय तह र नेपाल सरकारसँगको सहकार्यमा सामुदायिक विद्यालय र क्याम्पसहरूको भौतिक पूर्वाधारमा सुधार गर्दै लगिनेछ । भौतिक पूर्वाधारहरूलाई अपाङमैत्री र लैङ्गिकमैत्री बनाइनेछ । | ▪८५ वटा सामुदायिक क्याम्पस र विभिन्न ३००० भन्दा बढी विद्यालयमा विभिन्न सहयोग गरिएको। |
| ४. नीतिगत र कानूनी व्यवस्था गरी शैक्षिक सुशासनलाई प्रवर्द्धन गर्ने। | १. शिक्षासम्बन्धी प्रादेशिक नीति, ऐन, नियम, कार्यविधि र निर्देशिकाहरूको निर्माण गरी सोको कार्यान्वयन गरिनेछ । | ▪ कार्यविधि र निर्देशिकाको निर्माण गरी कार्यक्रमहरु सञ्चालन गरिएको । |
| | २. प्रदेश परीक्षा बोर्ड, प्रदेश शैक्षिक सामग्री विकास केन्द्र र प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा केन्द्रको स्थापना गरी सञ्चालन गरिनेछ । | ▪ संघीय शिक्षा ऐन नबनेका कारण परीक्षा बोर्ड र अन्य केन्द्रको स्थापना हुन नसकेको । |
| | ३. विद्यालयहरूको स्वमूल्याकंनका साथै सामाजिक लेखा परीक्षण पद्धतिको व्यवस्था गरिनेछ । | ▪ प्राविधिक शिक्षालयहरुको स्वमूल्याङ्क र अन्य सामुदायिक विद्यालयहरुको सामाजिक परीक्षण स्थानीय तहको सहयोगमा सञ्चालन भइरहेको। |
| | ४. प्रदेशमा सञ्चालनमा रहेका मदरसाहरूको सेवा, सुविधा र सञ्चालनका साथै मूल प्रवाहीकरणका लागि प्रदेशस्तरीय संस्थागत व्यवस्था गरिनेछ । | ▪ मदरसा व्यवस्थापन समन्वय समिति गठन भइ कार्यरत रहेको । |

| | | |
|---|---|---|
| | ५. सबै प्रकारका शिक्षा सेवा प्रदायक संस्थाहरूको जिम्मेवार तहबाट निरीक्षण, अनुगमन तथा नियमन गर्ने र अनुगमनमा स्थानीय सहभागिता सुनिश्चित गरी यसलाई प्रभावकारी बनाइनेछ । | ▪ निरीक्षणमा प्रभावकारी संयन्त्र बन्न नसकेको । |
| | ६. प्रादेशिक शैक्षिक सूचना प्रणालीको विकास गरी शैक्षिक तथ्याङ्क व्यवस्थित गरिनेछ । | ▪ प्रादेशिक शैक्षिक सूचना प्रणाली केन्द्रीय सूचना प्रणालीसँग समन्वय भएको । |
| ५. निजीस्तरमा सञ्चालित शिक्षण संस्थाहरूको नियमन गर्दै सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्ने। | १. निजीस्तरमा सञ्चालित विद्यालय, शैक्षिक तथा परामर्श प्रदायकसंस्था सञ्चालनको मापदण्ड बनाई नियमन गरिनेछ । | नभएको |
| | २. निजीस्तरमा सञ्चालित विद्यालय सञ्चालन एवम् व्यवस्थापनमा अभिभावक तथा समुदायको सहभागिता बढाइनेछ। | नभएको |
| | ३. संस्थागत विद्यालयले दिनुपर्ने छात्रवृत्ति जस्ता सुविधाहरूलाई पारदर्शी गराइनेछ । | नभएको |
| ६. खुला, अनौपचारिक, निरन्तर तथा जीवनपर्यन्त शिक्षाको विकास र विस्तार गरी साक्षरता र आय आर्जनमा अभिवृद्धि गर्ने। | १. अनौपचारिक तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालनका लागि स्थानीय तहलाई आवश्यक सहयोग गरिनेछ । | ▪ निरन्तर शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुपको प्रवोधीकरण गरिएको । |
| | २. निरन्तर तथा जीवनपर्यन्त सिकाइ बातावरण विकासका लागि सबै स्थानीय तहलाई एक बडा एक सामुदायिक सिकाइ केन्द्रको अवधारणा लागू गर्न आह्वान गरिनेछ ।<br>हाल सञ्चालित सिकाइ केन्द्रको संस्थागत सुधार र क्षमता विकास गर्दै क्रमश: बस्ती स्तरसम्म पुस्तकालयहरूको स्थापना र सञ्चालन गर्ने कार्यका लागि स्थानीय तहलाई सहयोग गरिनेछ | ▪ केही सामुदायिक सिकाइ केन्द्रहरुलाई सहयोग गरिएको । |
| | गुरूकूल, बिहार, गुम्वा, मदरसा, खुला एवम् वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालनका लागि स्थानीय तहलाई आवश्यक सहयोग गरिनेछ । | ▪ धार्मिक विद्यालयहरुलाई बार्षिक कम्तिमा १ करोड सहयोग गरिएको । |
| ७. प्रादेशिक विश्वविद्यालय स्थापना गरी उच्च शिक्षालाई अनुसन्धानमूलक, प्राविधिक, वैज्ञानिक र व्यावसायिक बनाउने । | सम्भाव्यता अध्ययनका आधारमा आवश्यक कानूनी तथा संस्थागत प्रबन्ध गरी गुणस्तरीय उच्च शिक्षा प्रदान गर्न प्रादेशिक विश्वविद्यालय स्थापना र सञ्चालन गरिनेछ । | ▪ लुम्बिनी प्राविधिक विश्वविद्यालयको गठन गरी पठनपाठन सुरु भएको । |
| | २. सामुदायिक क्याम्पसहरूलाई प्रादेशिक विश्वविद्यालय मातहत ल्याई उच्च शिक्षालाई अनुसन्धानमूलक, अनुसन्धा वैज्ञानिक र व्यावसायिक बनाउन प्रोत्साहन गरिनेछ । | ▪ सामुदायिक क्यामपसका शिक्षकहरुलाई अनुसन्धान तालिम तथा ३० वटा अनुसन्धान कार्य गराइएको छ। |

**खेलकुद**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. खेलकूदका लागि आवश्यक पूर्वाधारहरू निर्माण गर्ने। | १. स्थानीय तहको सहकार्यमा सबै गाउँ तथा नगरपालिकाका वडाहरूसम्म खेलमैदान निर्माण गरिनेछ । | ▪ १२७ सामुदायिक खेलमैदान निर्माणमा सहयोग भएको छ। |

| | | |
|---|---|---|
| | २. प्रदेशस्तरमा खेलकूदको विकास तथा व्यवस्थापनका लागि कानूनी एवं संस्थागत व्यवस्था गरिनेछ । | ▪ प्रदेश खेलकुद परिषदको गठन गरिएको छ। |
| | ३. अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरका रंगशालाहरू निर्माण गरी खेल खेल्ने अवसर प्रदान गरिनेछ । | ▪ २ वटा रंगशाला निर्माणको प्रारम्भिक चरणमा छन। |
| | ४. स्थानीय तहको सहकार्यमा बालबालिकाहरूको खेलकूद क्षमता पहिचान गरी खेलकूद प्रशिक्षण दिने व्यवस्था गरिनेछ । | ▪ खेल प्रशिक्षक राखी विभिन्न खेल प्रशिक्षण गरिएको छ। |
| २. नियमित रूपमा प्रदेशस्तरीय खेलकूद प्रतियोगिताहरू आयोजना गर्ने। | १. प्रदेशस्तरीय खेलकुद प्रतियोगिताहरू नियमित रूपमा संचालन गर्नुका साथै अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरको खेलकूद प्रतियोगितामा विजयी यस प्रदेशका खेलाडीलाई पुरस्कृत गरिनेछ । | ▪ क्रिकेट अण्डर १६ का खेलाडीहरुलाई सम्मान गरिएको छ । |
| | २. प्रदेशका अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरका खेलाडीहरूलाई जीविकोपार्जनको सहयोग उपलब्ध गराइनेछ । | नभएको |
| | ३. डण्डीवियो कपर्दी, कुस्ती जस्ता परम्परागत मौलिक खेलहरू जगेर्ना गरी प्रवर्द्धन गरिनेछ । | ▪ परम्परागत खेल प्रवद्धनमा सहयोग गरिएको । |
| ३. खेलकूदलाई अन्य आर्थिक क्रियाकलापसँग आवद्ध गर्ने। | १. प्रदेशस्तरीय खेलकूद प्रतियोगिता आयोजना गरी खेलकूद प्रवर्द्धनका अतिरिक्त पर्यटन व्यवसायको विकासलाई सहयोग गरिनेछ । | ▪ खेल पर्यटनको विकासमा काम हुन नसकेको । |
| | २. खेलकुदलाई व्यावसायीकरण गरेर खेलाडीहरूको आयआर्जन बढाउने र यसप्रति सामाजिक वातावरण सकारात्मक बनाउनअभिमुखीकरण गरिनेछ । | ▪ विद्यालय खेलकुदमा मैदान निर्माण तथा स्थानीय तहलाई सहयोग गरिएको । |
| | ३. विद्यालय तहमा खेलकूद शिक्षा अनिवार्य गर्ने र नियमित खेल खेल्ने व्यवस्था गरी विद्यार्थीलाई स्वास्थ्य राखे नीति लिई स्थानीय तहलाई सहयोग गरिनेछ । | नभएको |

**महिला विकास तथा सशक्तीकरण**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. चेतनामूलक एवम् लैङ्गिक सशक्तीकरणद्वारा अर्थपूर्ण ढंगबाट महिला सहभागिता बढाउने । | १. महिलाको अर्थपूर्ण सहभागिताका लागि नीतिगत तथा कानूनी व्यवस्था गरी त्यसको पूर्ण पालना गराइनेछ । | ▪प्रदेशको लैङ्गिक समानता नीति तयार भई स्वीकृतीकोलागि क्याविनेटमा पठाईएको । |
| | २. महिला हिंसा न्यूनिकरण एवम् सशक्तीकरणका लागि विभिन्न किसिमका चेतनामूलक कार्यक्रम सन्चालन गरिनेछन् । | ▪६ जिल्लाका सामाजिक विवकास डिभिजन कार्यालय र मन्त्रालयबाट हालसम्म करिव २५०० जनालाई लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी अभिमूखीकरण गरिसकिएको । |
| | ३. महिला सेल संचालन गर्नको लागि जिल्लातहमा महिला इन्पेक्टर सहितको महिला टोलीका साथै आवश्यकता अनुसार गहिला परामर्शदाताको व्यवस्थापन गरिनेछ । | ▪ महिला सेलको लागि केही नभएको । |
| | ४. मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका लागि विशेष गरी भारतसँग सीमा जोडिएका जिल्लामा सचेतनामूलक कार्यक्रम सन्चालन गरिनेछ । | ▪सिमानाका जोडिएका जिल्लाका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिका पदाधिकारी, स्थानीय तहको न्यायिक समिति पदाधिकारी, सरोकारवाला सहित १२०० जना लाई सचेतनामूलक तालिम प्रदान गरिएको । |

| | | |
|---|---|---|
| २. आधारभूत स्वास्थ्य, शिक्षा तथा रोजगारीका विभिन्न अवसरमा महिलाको पहुँच अभिवृद्धि गरी रोजगारीमा सुनिश्चित गर्ने। | १. आर्थिक हैसियत कमजोर भएका महिलाहरूलाई सिपमूलक व्यवसाय संचालन र व्यवस्थापनमा आवश्यक सहयोग गरी लगानी मैत्री वातावरण सिर्जना गर्नमा सहयोग पुर्याइनेछ। | ▪ स्थानीयतहमा रहेका विपन्न वर्गका करिव १००० महिलाहरुलाई सी विकास तालिम प्रदान गरी जिविकोपार्जनमा सहयोग पुर्याएको। प्यूठान, रोल्पा, दाङ र रुपन्देहीका १० जना महिलाहरुबाट सञ्चालित महिला उद्यमशिलताको प्रबर्द्धनमा सहयोगका लागि संङघीय मन्त्रालयको सहयोगमा प्रबिधिमा सहयोग वापत मेशिनरी औजारमा प्रति व्यक्ति २ लाखका दरले सहयोग गरेको। |
| | २. दलित तथा विपन्न वर्गका महिलाहरूलाई विशेष जोड दिदै विभिन्न निकायहरूसँगको सहकार्यमा सिप तथा क्षमता विकास गरी रोजगारीका अवसर मिलाइनेछ। | ▪ दलित समुदायका महिलाको सीप विकासका लागि डिभिजन कार्यालय मार्फत तालिम सञ्चालन करिव ३०० जना महिलाहरुलाई। |
| | ३. गर्भवति तथा सुत्केरी महिलाको प्रजनन् स्वास्थ्य र पोषणयुक्त खानपानको अधिकारलाई सुनिश्चित गरिनेछ। | नभएको |
| | ४. महिलाहरूमा रहेको परम्परागत सिप प्रवर्द्धन गर्नुको साथै महिला उद्यमशीलता प्रवर्द्धन गर्न प्रत्येक वडामा स्थानीय तहसँग सहकार्य गरी महिला उद्यमशीलता केन्द्र स्थापनाको लागि सहयोग गरिनेछ। | ▪ महिलाहरुबाट उत्पादित वस्तुको बजार प्रबर्द्धनमा गरी महिला उद्यमशीलतामा सहयोग पुर्याउन उद्योग प्रदर्शनी मेलामा १२ जिल्लाका ३८ जना महिलालाई स्टल भाडामा लिई निशुल्क सहयोग गरेको। |
| ३. जनचेतना र प्रभावकारी कानून कार्यान्वयनको माध्यमबाट हिंसामुक्त समाज निर्माणमा सहयोग गर्ने। | १. १२ वर्षभन्दा बढी समय पति बेपत्ता भएको खण्डमा निजलाई एकल महिला सरहको सुविधा उपलब्ध गराउने व्यवस्था गरिनेछ। कानून कार्यान्वयनको माध्यमबाट हिंसामुक्त समाज निर्माणमा सहयोग गर्ने। | ▪ एकल महिलाहरुको कानूनी अधिकार सम्बन्धमा मानव अधिकारका लागि महिला एकल महिला समुह प्रदेश सञ्जालसँगको समन्वयमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन १२ जिल्लाका करिव ८० जना महिला सहभागी |
| | २. स्थानीय तहको सहकार्यमा सबै गाउँपालिका तथा नगरपालिकामा अल्पकालीन आश्रयस्थल स्थापना गरी व्यवस्थित गरिनेछ। | ▪ १२ जिल्लामा सञ्चालित जिल्लास्तरीय जिल्ला सेवा केन्द्रलाई अनुदान सहयोग मार्फत करिव २५०० महिला र २ जिल्ला (रुपन्देही र बाँके) मा सञ्चालित मानव बेचबिखन तथा ओसारपसार प्रभावित हरुको उद्धार तथा पुनर्स्थापना केन्द्र मार्फत करिव ३५० जना महिलाहरुको उद्धार तथा संरक्षणमा सहयोग |
| | ३. सन्चालनमा रहेका अल्पकालीन तथा दीर्घकालीन आश्रयस्थलहरूको स्तरोन्नति गरी आमासंगै शिशुलाई बस्न पाउने व्यवस्थापन समेत गरिनेछ। | नभएको |
| | ४. दीर्घकालीन पुनर्स्थापना केन्द्रको स्थापना गरी हिंसा प्रभावित महिलाको सिप तथा व्यावसायिकता | ▪ प्रदेशस्तरीय दीर्घकालिन पुनर्स्थापना केन्द्र निर्माणको लागि जग्गा प्राप्तीको प्रक्रिया अघी बढेको र एशीयाली विकास बैङ्कको अनुदान सहयोग र प्रदेश सरकारको |

| | | |
|---|---|---|
| | विकासमा जोड दिइनेछ । | सहलगानीमा निर्माणका लागि स्रोत सुनिश्चित भएको । |
| | ५. विपन्न वर्गका महिलाहरूको कानूनी मुद्दा मामिलामा लाग्ने खर्च र परामर्श सेवा निःशुल्क उपलब्ध गराइनेछ । | नभएको |
| | ६. प्रदेशलाई लैङ्गिक हिंसामुक्त र दाइजो प्रथाबाट उन्मुक्ती हुनेगरी कार्यक्रमहरू संचालन गरिनेछन्। | नभएको |

**बालवालिका**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. विशेष संरक्षणको आवश्यकतामा रहेका सबै बालबालिकाको अधिकार सुनिश्चित गर्ने। | १. विशेष संरक्षणको आवश्यकता रहेका सबै बालबालिकाहरूका लागि स्थानीय तह र गैर सरकारी संस्थासँगको सहकार्यमा विशेष व्यवस्था गरिनेछ । | ▪विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकालाई आवासीय सुविधा सहित शिक्षाको व्यवस्थाका लागि बुटवलको कालिका मानवज्ञान उ मा वि र दाङको पद्ममोदय उ मा वि लाई स्थानीय तह मार्फत बजेट निकाशा गरी जना लाई संरक्षण गरिएको |
| | २. प्रदेशस्तरमा बाल सुधारगृहहरूको स्थापना गरी संचालन गरिनेछ । | ▪बाल सुधारगृह व्यवस्थापनका बाँकेको हिरमुनियास्थित सुधार गृह लाई सहयोग गरिएको |
| | ३. प्रदेशलाई बालश्रम र बालविवाह मुक्त घोषणा गरिनेछ । | ▪प्रदेशलाईसन २०३० सम्म वाल विवाह मुक्त बनाउने लष्यका साथ लुम्विनी प्रदेशको बाल विवाह अन्त्यका लागि २०७८।०७९-२०८८।०८९ कार्यान्वयनमा आईसकेको र सो मुताविक १२ रणनीति कार्यान्वयनका लागि कार्यक्रम सञ्चालन भईरहेको |
| | ४. न्यून आय भएका परिवारका बालबालिकाहरूलाई पोषण सुरक्षा व्यवस्था गरिनेछ । | नभएको |
| | ५. विभिन्न कारणले बाबुआमा गुमाएर अनाथ भएका बालबालिकाहरूको पालनपोषण, शिक्षा तथा स्वास्थ्य सम्बन्धी व्यवस्था गरिनेछ । | ▪ HIV/AIDS प्रभावित बालबालिकाकोशिक्षामा सहयोगका लागि रुपन्देही र कपिलवस्तुका सा वि डि का मा रकम विनियोजनको व्यवस्था भएको |
| २. बालबालिकाका सर्वाङ्गीण विकासका लागि सहयोग पुर्‍याउने किसिमका नीति, कानून, कार्यविधि निर्माण तथा कार्यान्वयन गर्ने। | १. बालबालिकामाथि हुने हिंसाविरूद्ध कानूनी उपचारको उचित प्रवन्ध मिलाइनेछ । | नभएको |
| | २. बालबालिका हकहीत संरक्षण गर्न प्रादेशिक कानून तर्जुमा गरी संस्थागत संरचना बनाइनेछ । | ▪ प्रदेशको बाल संरक्षण तथा अधिकार सम्बन्धी ऐन, २०७६ निर्माण भई कार्यान्वयनमा रहेको |
| | ३. बालबालिकासँग सम्बन्धित सरोकारवालाहरूसंग समन्वय र सहकार्य गरी श्रोत परिचालन एवम् सेवाको प्रभावकारीता र जवाफदेही बढाईनेछ । | ▪ बाल अधिकारको सुनिश्चितता र बाल बालिकाको सर्वोत्तम हीत प्रबर्द्धनकालागि प्रदेशमा रहेका सरोकारवाला नायहरुसँग सहकार्य गरी काम गरी रहेको । |

| | | |
|---|---|---|
| ३. बालबालिकासँग सम्बन्धित विकास र शासनका सबै गतिविधिहरूको निर्णय र कार्यान्वयन चरणमा अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्ने । | १. बालबालिकाका आधारभूत अधिकार प्राप्तिका लागि बालमैत्री वातावरणमा गुणस्तरीय सेवा सुविधा सुनिश्चित गरी बालबालिकाहरूको सहभागितामा अभिवृद्धि गरिनेछ । | ▪ बालमैत्री स्थानीय तह निर्माणमा सहजीकरण गरी हाल सम्म प्रदेका ४ वटा पालिकाले प्रदेशबाट स्वीकृती लिई बालमैत्री स्थानीय तह घोषणा गरिसकेको र केही पालिकाले स्वयं घोषणा गरेको र धेरै पालिकाहरु बालमैत्री स्थानीय तह निर्माणमा उन्मुख रहेको । |
| | २. सबै बालबालिकाहरूको शिक्षा र स्वास्थ्यको सुनिश्चताको व्यवस्था गरिनेछ । | ▪ बाल वालिकाको शिक्षामा सुनिश्चितताका लागि विभिनन तह र समुदाय लक्षित छात्रवृत्ति कार्यक्रम लागु भएको । |
| | ३. बालक्लबहरू स्थापना तथा संचालनलाई प्रोत्साहन गरिनेछ । | ▪ प्रदेशस्तरीय वालक्लव गठन गरी १ पटक बालभेला सम्पन्न भएको । |
| | ४. प्रदेश बाल अधिकार समितिको संस्थागत व्यवस्था गरिनेछ । | ▪ बालबालिकाको संरक्षणका लागि प्रदेशस्तर, जिल्लास्तर र स्थानीयस्तरमा बाल अधिकार समितिको व्यवस्था रहेको । |

**सामाजिक समावेशिता**

| रणनीति | कार्यनीति | कार्यान्वियनको अवस्था |
|---|---|---|
| १. पछाडि पारिएका वर्ग, सम्प्रदाय वा समूहको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक एवम् व्यावसायिक अवस्था सुधार्न सकारात्मक विभेदको नीति अवलम्बन गर्ने। | १. लोपोन्मुख, अल्पसंख्यक र सीमान्तकृत समुदायका व्यक्तिहरू लगायत वहिष्करणमा पारिएका वर्ग, समुदायका लागि लक्षित एवम् मौलिकतामा आधारित क्षमता र आर्थिक सशक्तीकरणका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ । | नभएको |
| | २. सामाजिक र सांस्कृतिक भेदभाव अन्त्य गर्न बनेका कानूनहरूबारे आवश्यक संयन्त्र विकास गरी प्रदेश तहबाट जानकारी गराईनेछ । | ▪ लैङ्गिक हिंसा, छुवाछुत, दाईजो, गौना थौना, वाल विवाह, बोक्सी जस्ता सामाजिक हिंसा र बिभेद बिरुद्धका कानूनहरुको बारेमा १२ जिल्लाका विभिन्न स्थानीय तह सँगको सहकार्यमा सचेतनामूलक कार्यक्रम सञ्चालन भईरहेको र गत वर्ष मन्त्रालयले स्थानीय तह सँगको सहकार्यमा गरेको कार्यक्रममा जनप्रतिनिधि सहित सरोकारवाला करिव ६५० जनाको सहभागिता रहेको । |
| | ३. वहिष्करणमा पारिएका वर्गलाई लक्षित गरी प्राविधिक, व्यावसायिक तथा सिपमूलक शिक्षा सञ्चालन गरिनेछ । | नभएको |
| २. लोपोन्मुख, अल्पसंख्यक र सीमान्तकृत समुदायका व्यक्तिहरू लगायत बहिष्करणमा पारिएका वर्ग र समुदाय केन्द्रित क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने । | १. सकारात्मक विभेदमार्फत लोपोन्मुख, अल्पसंख्यक र सीमान्तकृत समुदायका व्यक्तिहरू लगायत वहिष्करणमा पारिएकाहरूले पाएका अवसरहरू निक्यौल गरिनेछ । | ▪ सिमान्तकृत तथा अति विपन्न महिलाहरु पिछडा वर्गहरुको सशक्तिकरणका लागि सा वि डि कार्यालय मार्फत कार्यक्रम सञ्चालन भईरहेको। |

| | | |
|---|---|---|
| ३. समावेशी सिद्धान्तलाई प्रवर्द्धन गर्ने नीति तथा कानूनहरू निर्माण गर्ने। | ३. समावेशी सिद्धान्तलाई प्रवर्द्धन गर्ने नीति तथा कानूनहरू निर्माण गर्ने। | ▪ प्रदेशको लैङ्गिक समानता नीति स्वीकृतिको अन्तिम चरणमा<br>▪ प्रदेस्तरीय निजामती ऐनलाई समावेशी बनाईएको<br>▪ प्रदेशका कानून, कार्यबिधि निर्माण गर्दा समावेशी लैङ्गिकमैत्री बनाउन शुरु भएको |

**स्वास्थ्य उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तारका साथै गुणात्मक सुधार गर्ने। | १ स्थानीय तहहरूको सहकार्यमा सबै वडाहरूमा स्वास्थ्य चौकी र प्रत्येक स्थानीय तहमा १५ शैयाको आधारभूत सेवा सहितको अस्पताल संचालन गरिनेछ। | ▪ स्थानीय तहमा आधारभूत सेवा सहितका स्वास्थ्य सँस्थाहरु क्रमश संचालनमा आएका |
| | २ आवश्यकताका आधारमा जिल्लामा ५० शैयाको अस्पताल क्रमशः स्थापना गरिनेछ। | ▪ प्रदेशका १२ जिल्लाहरुमा रहेका १२ वटा अस्पताल ५० शैयाको संचालनमा रहेको र लुम्बिनी प्रादेशिक अस्पताल ४०० शैयामा स्तरउन्नती भएको |
| | ३ स्थानीय तहको सहकार्यमा आधारभूत सेवा सहितको अस्पतालमा अनिवार्य रूपमा एम्बुलेन्सको व्यवस्था गरिनेछ। | ▪ प्रदेशका विभिन्न अस्पतालहरुमा एम्बुलेन्स सेवा संचालनमा रहेका<br>▪ प्रदेशमा २४ सै घण्टा संचालन हुने गरी प्रेषण केन्द्रको स्थापना भएको<br>▪ एम्बुलेन्सहरुको Tracking प्रणालीको सुरुवात भएको |
| | ४. विरामीको चाप रहेका जिल्ला अस्पतालहरूलाई क्षमता विस्तार र सेवाको गुणस्तर सुधार गरिनेछ। | ▪ भिम अस्पतालमा सिटी स्क्यान मेसिन खरिद भई २०७९ फाल्गुण १५ बाट पूर्ण रुपमा सेवा संचालनमा आएको। |
| | ५ स्वास्थ्य संस्थाहरूमा दरबन्दी अनुसार दक्ष स्वास्थ्य<br>जनशक्ति उपलब्ध गराइनेछ। | ▪ दरबन्दी अनुसार दक्ष स्वास्थ्य जनशक्ति करारमा नियुक्ति गरिएको |
| | ६.स्वास्थ्य संस्थाहरूमा प्रयोगशाला र आधुनिक स्वास्थ्य उपकरणहरू उपलब्ध गराइनेछ। | ▪ प्रादेशिक अस्पताल, जिल्ला अस्पताल र पालिकाका अस्पतालहरुलाइ अल्ट्रासाउण्ड मेसिन, अक्सिजन कनसन्ट्रटर, अक्सिजन सिलिन्डर, एक्सरे फिल्म भ्यु, भेन्टिलेटर, ओटी लाइट, examination टेबल, आइसियु बेड, इसिजी, Bipap, patient monitor महत्वपूर्ण मेडिकल सामाग्रीको व्यवस्था गरिएको |
| | ७ बर्थिङ सेन्टरहरूको विस्तारतथा गुणस्तर सुधार गरी सुरक्षित रूपमा बच्चा जन्माउने वातावरण सिर्जना गरिनेछ। | ▪ स्थानिय तहहरुमा ४४४ बर्थिङ सेन्टरहरूको स्थापना गरी विस्तारतथा गुणस्तर सुधारका लागि औजार उपकरणहरु व्यव्स्थापन गरिएको |
| | ८. स्थानीय तहको सहकार्यमा महिला स्वयमसेविकाहरूको क्षमता अभिवृद्धि र प्रोत्साहन गरिनेछ। | ▪ प्रदेशमा रहेका ८९९३ महिला स्वयमसेविकाहरुलाई प्रोत्साहनको व्यवस्था गरिएको |
| | ९. जिल्लाहरूमा संकट व्यवस्थापन केन्द्र सहित मानसिक स्वास्थ्य व्यवस्थापनका लागि प्रादेशिक मानसिक अस्पताल र मनोपरामर्श सुविधा उपलब्ध गराइनेछ। | ▪ जिल्लाका सबै अस्पतालहरू र राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठानवाट संकट व्यवस्थापन केन्द्र संचालनमा आएको साथै मानसिक स्वास्थ्य सम्बन्धि परामर्श सेवा प्रधान गरीएको |
| | १०. नवजात शिशु मृत्युदर, शिशु | ▪ ग्रामिण क्षेत्रमा गर्भवती महिलाहरुको जटिलता पत्ता |

| | | |
|---|---|---|
| | मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनका लागि प्रजनन स्वास्थ्य, परिवारनियोजन, सुरक्षित मातृत्व, गर्भपतन, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ । | लगाउन नर्सिंग कर्मचारीहरुलाई ग्रामिण अल्ट्रासाउण्ड तालिम प्रदान गरि मेसिन समेत वितरण गरिएको |
| | ११. ग्रामिण क्षेत्रमा नियमित रूपमा स्वास्थ्य शिबिरहरू संचालन गरिनेछ । | ▪ प्रदेशका विभिन्न स्थानहरुमा स्वास्थ्य शिबिरहरू संचालन गरिएको |
| | १२. स्वास्थ्य चौकीहरूमा मधुमेह र रक्तचापको निःशुल्क जाँचको व्यवस्था गरिनेछ । | ▪ चालिस वर्षभन्दा माथिको लागि नसर्ने (मधुमेह, उच्च रक्तचाप र मृगौला) रोग स्क्रिनिङ्ग कार्यक्रम सञ्चालन भैराखेको |
| | १३. स्वास्थ्य बीमालाई प्रभावकारी ढंगले संचालन गरी स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरिनेछ । | ▪ प्रदेशका सबै स्थानिय तहमा स्वास्थ्य बीमा कार्यक्रमलाई क्रमश लागु गरीएको |
| | १४. असल उत्पादन अभ्यास अनुरूप गुणस्तरीय औषधि उत्पादन एवम् औषधिको आयात र बिक्री वितरण प्रक्रियालाई प्रभावकारी बनाउन संस्थागत व्यवस्था गरी प्रभावकारी नियमन गर्नुका साथै एन्टीबायोटिक औषधिको दुरूपयोग रोकिनेछ । | ▪ प्रतिजैविक प्रतिरोध सम्बन्धि चेतनामुलक कार्यक्रमहरु गरिएको |
| | १५. स्थानीय तहको सहकार्यमा सबै पालिकाहरूमा भ्याक्सिन सबसेन्टर र कोल्ड सेन्टर स्थापना गर्दै पूर्ण खोपको सुनिश्चितता गरिनेछ । | ▪ स्थानीय तहको सहकार्यमा सबै जिल्लाहरुमा भ्याक्सिन सबसेन्टर र कोल्ड सेन्टर स्थापना भई सेवा संन्चालन भएको र प्रदेशलाई पूर्ण खोपको प्रदेश घोषणा गरिएको |
| | १६. स्थानीय तहको सहकार्यमा सर्पदंश र रेविज उपचारको व्यवस्था गरिनेछ । | ▪ प्रदेशका विभिन्न स्थानहरुमा सर्पदंशको उपचारको व्यवस्था गरीएको । साथै अस्पतालहरुमा रेविज उपचारको व्यवस्था गरिएको |
| | १७. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन प्रभावकारी नियमनका लागि स्वास्थ्य सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । | ▪ स्थानिय तहको समन्वयमा प्रदेशमा विभिन्न स्थानिय तहहरुमा स्वास्थ्य साझेदारी कार्यक्रम संचालन गरिएको |
| | १८. भवन संहिता अनुसार स्वास्थ्य संस्था निर्माण गरिनुका साथै ती संरचनाहरूलाई अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिक मैत्री तथा भूकम्प प्रतिरोधि बनाइनेछ । | ▪ कार्यन्वयन भैरहेको |
| | १९. जिल्लास्थित अस्पतालहरूमा शववाहनको उपलब्धता गराइनुको साथै व्यवस्थित शवगृहको व्यवस्था गर्ने नीति लिइनेछ । | ▪ जिल्ला स्थित अस्पतालहरुमा शववाहन सेवा सञ्चालन भैरहेको |
| | २०. प्राथमिक तहसम्म फार्मेसी र पोष्टमार्टमको व्यवस्था क्रमशः | ▪ स्थानिय तहका प्राथमिक स्वास्थ्य केन्द्रमा फार्मेसी सञ्चालन गरिएको । जिल्ला स्थित अस्पतालहरुमा |

| | | |
|---|---|---|
| | मिलाइनेछ । | पोष्टमार्टमको व्यवस्था गरिएको |
| | २१. स्थानीय तहको सहकार्यमा माध्यमिकस्तरका विद्यालयमा एक जना नर्स अथवा स्वास्थ्य सहायकको व्यवस्था गरिनेछ । | ▪ यस प्रदेशका २५ वटा विद्यालयमा विद्यालय नर्स व्यवस्था गरिएको। |
| | २२. अति गरिब, विपन्न, बेवारिशे, अनाथ, ज्येष्ठ नागरिक र असहायलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ । | ▪ सामाजिक सेवा ईकाइ मार्फत यस प्रदेशका अस्पतालहरुबाट अति गरिब, विपन्न, बेवारिशे, अनाथ, ज्येष्ठ नागरिक र असहायलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गरिएको |
| | २३. परिवार नियोजनको जानकारी तथा सेवाको सहज उपलब्धताका लागि लागत सहित योजना बनाई लागु गरिनेछ । | ▪ खुसाहाल परिवार कार्यक्रम मार्फत मुस्लिम लगायतका समुदाएमा परिवार नियोजनको जानकारी तथा सेवाको सहज उपलब्धता र परामर्श सेवा सञ्चालन गरिएको |
| | २४. किशोर किशोरीहरूलाई प्रजनन अधिकार, प्रजनन स्वास्थ्य / बृहत यौनिकतासम्बन्धी शिक्षा उपलब्ध गराउने व्यवस्था गरिनेछ । | ▪ समुदायस्तरमा किशोर किशोरीहरूलाई लक्षित गरी प्रजनन स्वास्थ्य सम्वन्धि कार्यक्रम सञ्चालन गरिएको |
| | २५. लागु औषधि जस्ता दुर्व्यसनी कम गर्न जनचेतना अभिवृद्धिका साथै म्चयउ-ष्ल सेन्टरहरू संचालनमा सहयोग गरिनेछ । | ▪ लागु औषधि जस्ता दुर्व्यसनी कम गर्न जनचेतना अभिवृद्धि सम्वन्धि कार्यक्रमहरु सञ्चालन गरिएको |
| २. गुणस्तरीय उपचारात्मक सेवा लगायत अस्पतालहरूको दक्षता बढाई प्रादेशिक विशिष्टीकृत स्वास्थ्य सेवा उपलब्ध गराउने । | १. यस प्रदेशका ठूला अस्पतालहरूको गुणस्तर सुधार र क्षमता विस्तार गरी विशेषज्ञ सेवा उपलब्ध गराइनेछ । | ▪ लुम्बिनी प्रादेशिक अस्पताल लगायतका अस्पतालहरुमा गुणस्तरिय विशेषज्ञ सेवाहरु सञ्चालन गरिएको |
| | २. सडक दुर्घटना कम गर्न सचेतना बढाउनुको अतिरिक्त घाइतेहरूको उपचारको लागि प्रादेशिक ट्रमा सेन्टर स्थापना गरिनेछ । | ▪ प्रदेश सरकारको लगानीमा लमही स्थित अस्पालको क्षेत्र भित्र ट्रमा सेन्टर स्थापनाका लागि भवन निर्माण भइरहेको साथै प्रदेशका ४ वटा जिल्लामा सडक सहायता कक्षको लागि कार्यक्रम व्यवस्था गरिएको। |
| | ३. अस्पतालहरूमा प्रसामक ( प्यायालेटिक) विरामीहरूका लागि व्यवस्थित कक्षहरूको व्यवस्था गर्दै लगिनेछ । | ▪ |
| | ४. स्वास्थ्यसम्बन्धी अनुसन्धान र स्वास्थ्यकर्मीहरूको क्षमता विकासका लागि उचित संस्थागत व्यवस्था गरिनेछ । | ▪ स्वास्थ्य अनुसन्धान लगायतका क्षेत्रमा स्वास्थ्यकर्मीहरूको क्षमता विकासका कार्यक्रमहरुको व्यवस्था गरिएको |
| | ५. अस्पताल विकास समिति तथा स्वास्थ्यसँग सम्बन्धित व्यावसायिक परिषद्हरूलाई सक्षम तथा जवाफदेही बनाइनेछ । | ▪ अस्पताल विकास समिति तथा स्वास्थ्यसँग सम्बन्धित व्यावसायिक परिषद्हरूलाई सक्षम तथा जवाफदेही बनाई |
| | ६. स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिहरूको अधिकतम प्रयोग गरिनेछ । | ▪ फोहरमैला व्यवस्थापनका लागि अत्याधुनिक मेसिन लगायत अन्य आधुनिक प्रविधिका मेसिनहरुको लागि बजेट व्यवस्थापा गरी खरिद कार्य भैरहेको । |
| | ७. गम्भीर प्रकृतिका रोगहरू लागेका व्यक्तिलाई उपचारमा सहुलियत प्रदान | ▪ प्रदेशका विपन्न नागरिकका लागि स्वास्थ्य उपचार आर्थिक सहजीकरण कार्यक्रम मार्फत मुटुको भल्भ |

| | | |
|---|---|---|
| | गरिनेछ । | प्रतिस्थापन, मिर्गौला प्रत्यारोपण र क्यान्सर उपचारको लागि सिफारिस गर्ने व्यवस्था भएको |
| | ८. जिल्लास्तरसम्म मृगौला डायालिस सेवा विस्तार गरिनेछ । | ▪ राप्ति प्रादेशिक अस्पताल, बर्दिया र कपिलवस्तु अस्पतालमा डाइलासिस सेवा संचालन गर्न थप जनशक्तिको व्यवस्था गर्न प्रक्रिया अगाडी बढेको । |
| | ९. ब्लड बैंक विस्तार गर्दै निःशुल्क रगत उपलब्ध गराउँदै जाने नीति लिइनेछ । | ▪ सरकारी अस्पतालहरुमा निःशुल्क रक्तसञ्चार सेवा संचालन भइरहेको |
| | १०. थारू बस्तीहरू भएका जिल्ला अस्पतालहरूमा सिकलसेलको परीक्षण, जनचेतना अभिवृद्धि र उपचार हुने व्यवस्था गरिनेछ। साथै, थालमेसिया रोगको उपचारको लागि पनि जोड दिइनेछ । | ▪ बाँके, बर्दिया, दाङ, कपिलवस्तु, रुपन्देही र नवलपरासी पश्चिमका स्वास्थ्य कार्यालयहरूमार्फत थारु समुदायमा सिकलसेल तथा थालेसेमिया परीक्षण तथा जनचेतना अभियान सञ्चालन भइरहेको छ । तराईका ६ जिल्लाका ८ वटा सरकारी अस्पतालबाट सिकलसेल र थालेसेमिया रोगको निदान र उपचारका लागि सिकलसेल परामर्श केन्द्र स्थापना गरिएको छ । |
| | ११. गैर नाफामुखी स्वास्थ्य संस्थाहरू संचालनलाई उत्प्रेरित गर्न जनस्वास्थ्यमा पु-याएको योगदानको आधारमा सहयोग उपलब्ध गराइने छ र त्यस्ता संस्थाहरूको संचालन समितिमा प्रदेश सरकार एवम् स्थानीय तहको प्रतिनिधित्वको व्यवस्था गरिनेछ । | नभएको |
| | १२. स्थानीय तहको सहकार्यमा प्रत्येक पालिकामा योग साधना केन्द्र र प्राकृतिक चिकित्सा सेवा संचालन गर्न प्रोत्साहन गरिनेछ । | ▪ नागरिक आरोग्य केन्द्र स्थापना भएको, पञ्च कर्म सेवा संचालन भैराखेको |
| | १३. महामारीजस्ता स्वास्थ्यसँग सम्बन्धित विपद सामना गर्न प्रतिकार्य केन्द्र स्थापना गरिनेछ । | ▪ स्वास्थ्य आपतकालिन केन्द्र स्थापना भएको |
| | १४. अस्पतालबाट निस्कने फोहरको व्यवस्थित व्यवस्थापन गर्न अस्पतालहरूलाई सहयोग गरिनेछ । | ▪ हरेक वर्ष अस्पतालहरुमा फोहरमैला व्यवस्थापनमा बजेट छुटाउदै आइरहेको साथै आधुनिक मेसीनवाट फोहर व्यवस्थापन कार्यको सुरुवात |
| ३. स्वास्थ्य उपचारका वैकल्पिक उपायहरू अवलम्बन र प्रवर्द्धन गर्ने। | १. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त संरचनाको विकास र आयुर्वेदिक औषधि उत्पादन वृद्धि गरिनुका साथै आयुर्वेद तथा जडीबुटीका नाममा हुने अनुचित गतिविधिहरूलाई नियमन र नियन्त्रण गरिनेछ । | ▪ राप्ती प्रादेशिक आयुर्वेद चिकित्साय बिफौरीमा आयुर्वेदिक औषधि उत्पादन केन्द्रको रुपमा विस्तार गरीयको छ। |
| | २. होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा प्रणाली तथा अन्य पूरक चिकित्सा प्रणालीको संरक्षण, विकास एवम् विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागु गरिनेछ । | ▪ होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा प्रणाली तथा अन्य पूरक चिकित्सा प्रणालीको संरक्षण, विकास एवम् विस्तारका लागि परम्परागत चिकित्सकहरुको खोजपडताल गर्ने कार्य भैरहेको । |
| | ३. स्थानीय स्तरमा रहेका परम्परागत | ▪ परम्परागत चिकित्सकहरुको खोजपडताल गर्ने र |

| | | |
|---|---|---|
| | जडीबुटी एवम् सोको प्रयोग सम्बन्धी ज्ञानहरूलाई सम्प्रेषण तथा विकास गरिनेछ । | स्थानीय स्तरमा रहेका परम्परागत जडीबुटी एवम् सोको प्रयोग सम्बन्धी ज्ञानहरूलाई सम्प्रेषण गर्ने कार्य भैरहेको । |
| ४. स्वास्थ्यसम्बन्धी जनजागरण अभियान संचालन गर्ने । | १. स्थानीय तहको सहकार्यमा धुमपान, लागु औषधी र मध्यपानलाई कम गर्न जनचेतना, नियमन र नियन्त्रणात्मक कार्य गरिनेछ । | ▪ सुचना र सञ्चारको माध्यमबाट स्थानिय तहको सहकार्यकमा जनचेतनामुलक कार्यक्रमहरु भैरहेको । |
| | २. सर्ने र नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक उपायहरूबारे चेतना अभिवृद्धिका साथै सेवा विस्तार गरिनेछ । | ▪ सर्ने र नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक उपायहरूबारे चेतना अभिवृद्धिका साथै सेवा विस्तार भैरहेको । |
| | ३. स्थानीय तहको सहकार्यमा नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रवर्द्धनलाई निरुत्साहित गरिनेछ । | ▪ स्थानिय तहको सहकार्यमा कार्य भैरहेको । |
| ५. बजारमा गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्री उपलब्ध हुने व्यवस्था गर्ने। | १. स्थानीय तहको सहकार्यमा नियमित बजार अनुगमन गर्ने व्यवस्था गरी गुणस्तरीय खाद्य वस्तुको आपूर्ति सुनिश्चितता गरिनेछ । | ▪ स्थानिय तहको सहकार्यमा कार्य भैरहेको |
| | २. न्यून आय भएका विपन्न परिवारका सुनौलो हजार दिनका आमा तथा बालबालिकाहरूलाई पोषणयुक्त खानाको पहुँच बढाइनेछ । | ▪ न्यून आय भएका विपन्न परिवारका सुनौलो हजार दिनका आमा तथा बालबालिकाहरूलाई निशुल्क पोषणयुक्त खाद्यआहार वितरण कार्यक्रमको सुरुवात गरिएको । |
| | ३. बालबालिका र सुत्केरी, गर्भवती आमाहरूलाई विभिन्न प्रकारका खोप र सरसफाइ सम्बन्धी जानकारीका साथै षोषणयुक्त खाना र आहारविहारको सवालमा चेतना अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ । | ▪ बालबालिका र सुत्केरी, गर्भवती आमाहरूलाई विभिन्न प्रकारका खोप र सरसफाइ सम्बन्धी जानकारीका साथै षोषणयुक्त खाना र आहारविहारको सवालमा चेतना अभिवृद्धिका कार्यक्रम संचालन भैरहेको । |

अनुसूची-६.१

## यातायात पूर्वाधार विकास र यातायात व्यवस्थापन उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था

### यातायात पूर्वाधार विकास

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. रणनीतिक सडकहरू पहिचान गरी निर्माण र गुणस्तर सुधार गर्ने। | १. सडक क्षेत्रलाई प्रादेशिक सडक, शहरी सडक, ग्रामीण सडक, सडक पुल, आकाशे पुल र झोलुंगे पुलमा वर्गीकरण गरी विकास गरिनेछ। | ▪ प्रदेश सडक ऐन अनुसार प्रादेशिक लोकमार्ग र प्रादेशिक सडक गरी PTMP निर्माणको कार्य अन्तिम वर्षमा छ । यस गुरुयोजना अनुसार सडक तथा ँसडक पुलहरु बनाइने योजनाका साथ जिल्ला यातायात गुरुयोजना (DTMP) लाई पूर्ण गरिनेछ। |
| | २. संघीय तथा स्थानीय सरकारसितको सहकार्यमा सबै पालिकाको केन्द्रहरूमा कालोपत्रे सडक र जिल्लाहरू जोड्ने रणनीतिक सडकहरू आवश्यकताअनुरूप दुईलेनमा स्तरोन्नति गर्ने नीति लिइनेछ। साथै तोकिएको मापदण्ड अनुरूपको चौडाई, झुकाव, घुम्ती तथा नाली व्यवस्था भएपछि मात्र सडकलाई कालोपत्रे गरिनेछ। | ▪ प्रदेश सरकारबाट स्थानीय तह पहुँचमार्ग कार्यक्रम कायान्वयन भइ हालसम्म १०९ कि.मी सडक कालोपत्रे गरिएको छ। |
| | ३. प्रदेशभित्र निर्माणाधीन हुलाकी राजमार्ग निर्माण सम्पन्न गर्न समन्वय र सहजीकरण गरिनेछ। | ▪ समन्वय र सहजीकरण भएको |
| | ४. प्रदेश अन्तर्गत पर्ने हुलाकी राजमार्ग र मध्यपहाडी लोकमार्गलाई जोड्ने सडकहरूको पहिचान र विकास गरिनेछ। | ▪ DTMP मा यो सडकको पहिचान हुनेछ। |
| | ५. सीमा क्षेत्रका बस्तीहरूलाई यातायात सुविधासँग जोड्नेगरी विशेष कार्यक्रम संचालन गरिनेछ। | ▪ तराईका ६ जिल्लामा सिमाक्षेत्र सडक(२१ वटा ) कार्यक्रम कार्यन्वयन भइरहेको |
| | ६. प्रदेशस्तरीय गुणस्तर परीक्षण प्रयोगशाला स्थापना तथा संचालन गरिनेछ। | ▪ कपिलवस्तु जिल्लाको शिवपुरमा प्रदेशस्तरीय सामाग्री परिक्षण प्रयोगशाला निर्माणकार्य अन्तिम चरणमा रहेको |
| | ७. सडकको भारबहन क्षमता सम्बन्धमा अध्ययन गरी भारबहन क्षमताको नयाँ मापदण्ड लागु गरेर सडक निर्माण गर्ने नीति लिइनेछ। | नभएको |
| | ८. बस्ती र उत्पादन हुने ठाँउका आधारमा रणनीतिक सडकको पहिचान गरी निर्माण गरिनेछ। | ▪ प्रदेश गौरवको आयोजना रामपुर जिनवाङ सडक निर्माणाधीन छ। रोल्पा जिल्लाको जिनावङ प्रदेशकै प्रमुख उत्पादन ( नगदेवाली) क्षेत्रका रुपमा पहिचान बनायको छ । निगलपानी, जिनवाङ स्तरोन्नति योजनाको तयारी चरणको काम हुदै छ। |
| २. निजी तथा सार्वजनिक- निजी साझेदारीलाई प्रोत्साहन गर्दै सुदृढ यातायात प्रणालीको विकास गर्ने। | १. केबुलकार जस्ता वैकल्पिक यातायात पूर्वाधार निर्माणका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। | नभएको |
| | २. सडक दुर्घटनाका कारण पहिचान गरी आधुनिक प्रविधिको प्रयोग गरेर दुर्घटना न्यूनीकरण गरिनेछ। | ▪ सबै जिल्लाहरुमा सडक सुरक्षा कार्यक्रम कार्यन्वयन रहेको । भीङ्गी स्वर्गद्वारी सडकमा सडक सुरक्षार्थ बहुबर्षिय योजना कार्यन्वयनमा रहेको। |

| | | |
|---|---|---|
| ३. वातावरणमैत्री तथा विपप्रतिरोधी सडकको विकासमा जोड दिने । | १. विद्यमान सडकको मर्मत संभार तथा गुणस्तर सुधार गरिनेछ । | ▪ सडकको नियमित मर्मत संभार ,आवधिक मर्मत संभार, कालोपत्रे सडकको मर्मत संभार जस्ता मर्मत सम्भार कार्यक्रम कार्यन्वयनमा रहेको। |
| | २. अध्ययन सकिएका आयोजनामा मात्रै निर्माणका लागि बजेट विनियोजन गरिनेछ । | ▪ नभएको |
| | ३. प्रदेश सरकारको लगानी हुने कुनै पनि सडकमा नालीको व्यवस्था शुरुदेखि नै अनिवार्य गरिनेछ । | ▪ नाली निर्माणलाई सडक निर्माणको आभिन्न अंग बनाई कार्यन्वयन गरिएको। |
| ४. प्रिकास्ट कंक्रिट र अन्य दूत निर्माणका प्रविधिहरू प्रोत्साहन र प्रवर्द्धन गर्ने। | १. नाली तथा पुलहरूमा प्रिकास्ट कंक्रिटको प्रयोगलाई बढावा दिइनेछ । | ▪ नाली निमाणमा प्रिकास्ट कक्रिटको प्रयोग शुरु गरिएको। |
| ५. केबुलकार र रेलसेवा जस्ता यातायात पूर्वाधार विकासलाई प्रवर्द्धन गर्ने। | १. नेपाल सरकारसँग सहकार्य गरी प्रदेशमा रेल यातायात विकास गरिनेछ । | नभएको |
| | २. नेपालगन्ज विमानस्थलको स्तोरन्नति र दाङमा वैकल्पिक विमानस्थलको निर्माण सम्बन्धमा आवश्यक कार्य गर्न नेपाल सरकारसंग पहल गरिनेछ । | नभएको |
| | ३. लुम्बिनी क्षेत्रमा बुद्ध सर्किट रेल यातायात विकास गर्न बैदेशिक लगानी आकर्षित गरिनेछ । | नभएको |

**यातायात व्यवस्थापन**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. प्रादेशिक एकीकृत यातायात गुरूयोजना निर्माण गर्ने। | १. प्रदेशस्तरीय यातायात नीति तथा कानून तर्जुमाका अतिरिक्त एकीकृत यातायात व्यवस्थापन गुरुयोजना तयार गरिनेछ । | ▪ प्रदेश स्तरीय यातायात ऐन तर्जुमा भई कार्यान्वयनमा रहेको साथै नियमावली तर्जुमाको अन्तिम चरणमा पुगिएको।<br>▪ भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत PTMT PLAN निर्माणको अन्तिम चरणमा पुगेको। |
| | २. गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणपछिको अवस्थालाई ध्यानमा राखी यातायात व्यवस्थापनको कार्यक्रम ल्याइनेछ । | ▪ गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणपछि प्रभावकारी यातायात व्यवस्थापनका लागि निजी क्षेत्रसँग सहकार्य गरिएको। |
| | ३. सरकारी गाडी खरिद र प्रयोगलाई व्यवस्थित गर्न मापदण्ड लागु गरिनेछ। विद्युतीय गाडी खरिदलाई जोड दिइनेछ । | ▪ सरकारी तथा निजी क्षेत्रमा विद्युतीय सवारी उत्पादन तथा प्रयोगमा प्राथमिकता राख्ने किसिमको कार्य थालिएको। |
| | ४. विदेशी कम्पनीको साझेदारीमा प्रदेशमा विद्युतीय गाडी उत्पादन केन्द्र स्थापना गर्न प्रोत्साहन तथा पहल गरिनेछ । | नभएको |
| २. आधुनिक र वैज्ञानिक यातायात प्रणाली अनुरूपको संस्थागत विकास गर्ने। | १. प्रदेशको यातायात प्रणालीको व्यवस्थापनको लागि उचित व्यवस्था गरिनेछ। सार्वजनिक निजी साझेदारीमा यातायात सेवा संचालन गर्ने नीति लिइनेछ । | ▪ सार्वजनिक निजी साझेदारीमा यातायात सेवा संचालन गर्न स्थानीय तहसँग र निजी क्षेत्रसँग समन्वय गरिएको। |

| | | |
|---|---|---|
| | २. आधुनिक सुविधा र व्यापारिक गलसमेत हुनेगरी स्तरीय बसपार्कहरूको निर्माण गरिनेछ । | ▪ आधुनिक सुविधा र व्यापारिक गलसमेत हुनेगरी स्तरीय बसपार्कहरूको निर्माणका लागि स्थानीय तहसँगको छलफल थालिएको। |
| | ३. प्रदेश केन्द्र जोड्नेगरी प्रादेशिक सार्वजनिक यातायात सेवा सन्चालन गरिनेछ । | ▪ निजी क्षेत्रको सहकार्यमा प्रदेश-केन्द्र जोड्ने सार्वजनिक यातायात सेवा सञ्चालनमा रहेका। |
| | ४. प्रदेशको पहिचान हुनेगरी इम्बोस्ड नम्बर प्लेट र मुख्य सडक र नाकाहरूमा चिप्स रिडरको व्यवस्था गरिनेछ । | ▪ सार्वजनिक सवारीहरूलाई जिपिएस ट्रयाकिङको व्यवस्था गर्न इम्बोस्ड नं. प्लेट जडान गर्ने कार्यलाई अगाडि बढाइएको। |
| | ५. सार्वजनिक सवारीहरूलाई जिपिएस ट्रयाकिङको व्यवस्था गरिनेछ। | ▪ एम्बुलेन्सबाट जिपिएस ट्रयाकिङको शुरुवात थालिएको। |
| ३. यातायात प्रणालीमा रणनीतिक दृष्टिकोण अबलम्बन गरी वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूल रूपान्तरण गर्ने । | १. शहरी सडकमा साइकल लेनको विकास गरी साइकल प्रयोगलाई प्रवर्द्धन गरिनेछ। भाडाका साइकलको व्यवस्था शुरू गर्न प्रोत्साहन गरिनेछ । | ▪ शहरी क्षेत्रमा निर्माण हुने सडक पूर्वाधारमा साइकल लेनको प्रयोग तथा सर्भिस लेनको डिजाइन गरी मात्र सडक निर्माण गर्ने नीति लिई कार्यान्वयनमा अगाडि बढिएको । उदाहरणका लागि कालिका पथ - बुटवल |
| | २. विद्युत तथा वैकल्पिक ऊर्जाबाट संचालित हुने सवारी तथा यातायातका साधनहरूको विकास र प्रयोगमा प्रोत्साहन गरिनेछ । | ▪ विद्युत तथा वैकल्पिक ऊर्जाबाट संचालित हुने सवारी तथा यातायातका साधनहरूको विकास र प्रयोगमा प्रोत्साहन गर्न निजी क्षेत्रसँग सहकार्य गरिएको। |
| | ३. सडकहरूलाई सौन्दर्ययुक्त ढंगले हरियाली बनाइनेछ । | ▪ सडकहरूलाई सौन्दर्ययुक्त ढंगले हरियाली बनाउन सोही बमोजिमका क्रियाकलापका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय र शहरी विकास मन्त्रालयसँग आवश्यक समन्वय गरिएको । |
| ४. यातायात क्षेत्र व्यवस्थापनमा सार्वजनिक, निजी र सहकारीको साझेदारी प्रवर्द्धन गर्ने। | १. सार्वजनिक यातायातलाई प्रवर्द्धन गर्न निजी र सहकारी क्षेत्रलाई सहभागी गराइनेछ । | ▪ सार्वजनिक यातायातलाई प्रवर्द्धन गर्न प्रदेश सरकार नियमनकारी भूमिकामा रहेको। |
| | २. अन्तर-प्रदेश तथा अन्तर-जिल्ला हवाई यातायात संचालनका लागि नेपाल सरकारसँग सहकार्य गरिनेछ । | ▪ हवाई यातायात सञ्चालनमा संघीय सरकारसँग समन्वयात्मक भूमिकामा रहेको। |
| | ३. आधुनिक प्रविधिको प्रयोग गरेर सार्वजनिक यातायात प्रणालीलाई व्यवस्थित र आधुनिकीकरण गरिनेछ । | ▪ आधुनिक प्रविधिको प्रयोग गरेर सार्वजनिक यातायात प्रणालीलाई व्यवस्थित र आधुनिकीकरण गर्न निजी क्षेत्रसँग सहकार्य गरिएको। |
| ५. यातायात व्यवस्थापनका अन्तर्राष्ट्रिय असल व्यवहारहरूबाट सिक्दै यातायात क्षेत्रलाई यात्रु र जनमैत्री बनाउने । | १. विभिन्न ठाँउहरूमा पुनर्ताजगी केन्द्रहरू, विद्युतीय चार्जिङ स्टेशन तथा गाडीको तन्दुरूस्ती परीक्षण गर्ने केन्द्रहरूको स्थापना र कार्यान्वयन गरिनेछ । | ▪ दाङको लमही, कपिलबस्तुको चन्द्रौटा, नवलपरासीको बर्दघाट लगायतको स्थानमा रिफ्रेस सेन्टर निर्माण भई सञ्चालनमा आएको।<br>▪ वर्कसप सञ्चालन गर्नका लागि कानूनी व्यवस्था गरी नियमन गरिएको। |
| | २. निजी सवारीसाधनको कर अनलाइनबाट तिर्ने व्यवस्था गरिनेछ । | ▪ यातायात व्यवस्था विभागको समन्वय र सहकार्यमा EVRS प्रणाली लागू गर्ने प्रक्रिया अगाडि बढाएको। |
| | ३. सार्वजनिक सवारीमा ध्वनि प्रदूषणलाई नियमन गरिनेछ । लामो दुरीका यातायात साधनहरूमा फोहोर | ▪ फोहोर विसर्जन, ध्वनी प्रदूषण, खाना, पानी तथा नास्ताको व्यवस्था सम्बन्धमा प्रदेश सरकार नियमनकारी भूमिकामा रहेको छ। लामो दुरीका |

| | | |
|---|---|---|
| | विसर्जन, खाना, पानी तथा नास्ताको व्यवस्था, यात्रा अवधि र यात्राका मुख्य स्थलहरूबारे प्रत्येक यात्रामा अनिवार्य उद्घोषण गर्ने व्यवस्था मिलाई दुईजना चालकको व्यवस्था गरिनेछ । | यातायात साधनहरूमा दुईजना चालक अनिवार्य हुनुपर्ने कानुनी व्यवस्था रहेको। |
| | ४. सार्वजनिक र निजी पार्किङको विकासमा जोड दिइनेछ। विश्वविद्यालय, विद्यालय, सुपरमार्केट र कार्यालयहरू भएका स्थानहरूमा पार्किङको व्यवस्था अनिवार्य गरिनेछ । | ▪ सार्वजनिक र निजी पार्किङको विकासमा निजी क्षेत्रसँग समन्वयकारी भमिका निर्वाह गरिएको। |
| | ५. भिडभाड हुने बजार केन्द्रहरूमा गुडाउने ट्रलीहरूको व्यवस्थापन गरिनेछ । | ▪ भिडभाड हुने बजार केन्द्रहरूमा गुडाउने ट्रलीहरूको व्यवस्थापनमा नियमनकारी भूमिका निर्वाह गरिएको। |
| | ६. अशक्त तथा अपाङ्गमैत्री यातायात पूर्वाधार र सेवाको विस्तारमा जोड दिइनेछ । | ▪ अशक्त तथा अपाङ्गमैत्री यातायात पुर्वाधार र सेवाको विस्तारमा विशेष ध्यान दिँदै यातायात पूर्वाधार निर्माणमा सम्बद्ध मन्त्रालयसँग समन्वय गरिएको। |
| | ७. अपाङ्ग/ज्येष्ठ नागरिक/ विद्यार्थीलाई यातायातमा विशेष छुट हुने कानूनी व्यवस्थाको परिपालना गराइनेछ। | ▪ अपाङ्ग/ज्येष्ठ नागरिक/ विद्यार्थीलाई यातायातमा विशेष छुट हुने कानूनी व्यवस्थाको परिपालना पूर्णत लागू गरिएको। |
| | ८. सबैखाले यातायात सेवामा यात्रु बीमाको व्यवस्था अनिवार्य गरिनेछ । | ▪ सबैखाले यातायात सेवामा यात्रु बीमाको व्यवस्था अनिवार्य गर्न कानूनी व्यवस्था गरिएको। |
| | ९. वैज्ञानिक भाडादर कडाइका साथ लागु गरिनेछ । सार्वजनिक बसमा लगेजको छुट्टै भाडा लिन नपाइने नीति लागु गरिनेछ । यात्रु बसमा व्यापारिक सामान बोक्ने प्रचलनलाई निरुत्साहित गरिनेछ । | ▪ यातायात व्यवस्था विभागको निर्देशन, मापदण्ड अनुसार तय भएको वैज्ञानिक भाडादर लागू गर्न कडाइ गरिएको छ । |
| | १०. सार्वजनिक यातायात पर्मिट पाएका गाडीलाई राजमार्ग तथा शहरी क्षेत्रमा रातिको निश्चित समयसम्म अनिवार्य सेवा प्रदान गर्नुपर्ने व्यवस्था गरिनेछ । | ▪ सार्वजनिक यातायात पर्मिट पाएका गाडीलाई राजमार्ग तथा शहरी क्षेत्रमा रातिको निश्चित समयसम्म अनिवार्य सेवा प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ। |
| | ११. यातायातको व्यवस्थापन, अनुगमन तथा नियमनमा प्रदेश सरकारको उपस्थिति बढाइनेछ । | ▪ यातायातको व्यवस्थापन, अनुगमन तथा नियमनमा प्रदेश सरकारको प्रबल उपस्थिति रहेको छ। |
| | १२. कुनै रूटमा नियमित यात्रा गर्ने यात्रुलाई एउटा रूटमा चल्ने निश्चित वर्गीकरणको जुनसुकै सवारी साधनमा चढेपनि मान्य हुने यात्रु पासको व्यवस्था गर्दै लगिनेछ । | ▪ कुनै रूटमा नियमित यात्रा गर्ने यात्रुलाई एउटा रूटमा चल्ने निश्चित वर्गीकरणको जुनसुकै सवारी साधनमा चढेपनि मान्य हुने यात्रु पासको व्यवस्थाका लागि सम्वद्ध पक्षसँग छलफल थालिएको छ। |
| | १३. सडक दुर्घटनालाई कम गर्न सडक सुरक्षा योजना बनाइ लागू गरिनेछ । | ▪ १२ वटै जिल्लामा सडक दुर्घटनालाई कम गर्न सडक सुरक्षा सम्बन्धी सचेतनात्मका कार्यक्रम सञ्चालन गरिएको। |
| | १४. सडक सुरक्षा अडिटको व्यवस्था शुरू गरिनेछ । | नभएको |

अनुसूची-६.२

**सिचाँइ उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. विभिन्न प्रविधिको प्रयोग गरेर दिगो रूपमा सिँचाइ सुविधा विस्तार गर्ने। | १. प्रदेशका सिँचाइसम्बन्धी तथ्याङ्क संकलन तथा विश्लेषणसहित गुरुयोजना बनाएर काम गरिनेछ। | नभएको |
| | २. सतही, भूमिगत, लिफ्ट, थोपा सिँचाइ तथा स्प्रिङ्कलर जस्ता प्रविधि प्रयोग गरी सिँचाइ सुविधा बिस्तार गरिनेछ। | माताहतका निकाय मार्फत तथ्याङ्क संकलन, सतह, भूमिगत लिफ्ट तथा नयाँ प्रविधिको प्रयोग गरी सिंचाइ सुविधा विस्तार भैरहेको। |
| | ३. स्थानीय तहले गर्नसक्ने आयोजनाहरू (५० हेक्टर भन्दा कम। ३ स्थानीय तहमार्फत् गर्न प्रोत्साहन गरिनेछ। | नभएको |
| | ४. मर्मत सम्भार कोष स्थापना गर्ने र नियमित मर्मत सम्भार गर्ने व्यवस्था गरिनेछ। | प्रदेश सिंचाइ ऐनको मस्यौदा तयार भएको र मर्मत संभार कोष ऐन मार्फत व्यवस्थित गर्ने लक्ष्य लिइएको। |
| २. सिंचाइको प्राथमिक उद्देश्य सहितका | १. नौमुरे आयोजनालाई प्राथमिकताका साथ अगाडि बढाइनेछ। | संघिय सरकारबाट कार्यान्वयनको क्रममा रहेको। |
| | २. कालीगण्डकी तिनाउ तथा माडी-दाङ्ग बहुउद्देश्यीय पथान्तरण (diversion) आयोजनाको वातावरणीय, आर्थिक र सामाजिक | नभएको |
| ३. साना किसानहरूलाई सिँचाइ पहुँच वृद्धिको साथै साना सिँचाइका लागि स्थानीय तहसंग सहकार्य गर्ने। | १. सम्पन्न आयोजनाको संचालन तथा दिगो व्यवस्थापनका लागि स्थानीय तह तथा जलउपभोक्ता समितिलाई सक्षम र प्रभावकारी बनाउन सहयोग र प्रोत्साहन गरिने नीति लिइनेछ। | डिभिजन कार्यालयहरु मार्फत नियमित रुपमा कार्यान्वन हुने गरेको। प्रदेश |
| | २. सिँचाइ महसुल एवम् सिंचाइ आयोजनाका लागि जम्मा गरिएको प्रारम्भिक कोषलाई निर्माण सम्पन्न भएपछि मर्मत संभार कोषमा परिणत गरिनेछ। | सिंचाइ ऐनको मस्यौदा तयार। |
| | ३. सिंचित कृषि भूमिलाई कृषि प्रयोजनमा मात्रै प्रयोग गर्ने सुनिश्चितता गरी स्थानीय तहले माग गरेका सिँचाइ आयोजनालाई प्राथमिकतामा राखी कार्यक्रम तथा बजेट विनियोजन गरिनेछ। | नभएको |
| | ४. साना किसानहरूका सिंचाइसम्बन्धी मागलाई सम्बोधन गर्नेगरी नीतिगत व्यवस्था गरिनेछ। | नभएको |
| | ५. सिंचाइमा प्रयोग हुने डिप बोरिङमा लाग्ने विद्युत महशुलमा डिमाण्ड चार्ज नलाग्ने व्यवस्था मिलाइनेछ। | विद्युत डिमाण्ड शुल्क हाल नभएको। |
| ४.सिंचाई आयोजनाहरूबाट सह-उत्पादनको रूपमा विद्युत् निकाल्न प्रोत्साहन गर्ने। | १. सिंचाइ आयोजनाहरूको अध्ययन गर्दा बहुउद्देश्यीय संभावनाको अध्ययन गरिनेछ। | चालू आ.व. मा अध्ययन गर्ने लक्ष्य लिइएको। |
| | २. विद्यमान आयोजनाका नहरहरूमा सिँचाइलाई असर नगर्ने गरी जलविद्युत तथा सौर्य ऊर्जा विकास गर्न प्रोत्साहन गरिनेछ। | चालू आ.व. मा अध्ययन गर्ने लक्ष्य लिइएको। |

**जलविद्युत तथा प्रसारण लाइन र अन्य नवीकरणीय ऊर्जा उपक्षेत्रका रणनीति र कार्यनीतिको कार्यान्वयन अवस्था**

| जलविद्युत तथा प्रसारण लाइन | | |
|---|---|---|
| **रणनीति** | **कार्यनीति** | **कार्यान्वयनको अवस्था** |
| १. विद्युत नपुगेका स्थानहरूमा विद्युत सेवा बिस्तार गर्ने। | १. जलविद्युत विकासका लागि आवश्यक प्रादेशिक संरचना निर्माण गरिनेछ । | प्रदेश ऊर्जा समन्वय समिति गठन भएको ।<br>प्रदेश ऊर्जा ऐनको मस्यौदा तयार भएको |
| | २. स्थानीय तहको सहभागितामा सबै प्रकारका ऊर्जास्रोत उपयोग गरी शत प्रतिशत जनतालाई विद्युत पु-याइनेछ । | ८३.२% घर धुरीमा विद्युत सेवा पुगेको । |
| | ३. प्रदेशका सबै जिल्लालाई राष्ट्रिय प्रसारण लाइनमा जोड्नुका साथै प्रसारण तथा वितरण प्रणालीको बिस्तार तथा सुधार गरिनेछ । | नभएको |
| | ४. विद्युतीकरणमा आउने व्यवधान हटाउने गरी आवश्यक नीतिगत व्यवस्था गरिनेछ । | विद्युत नपुगेको स्थानहरुमा वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्ने नीति लिइएको । |
| | ५. प्रसारण लाइनलाई पूर्वाधारको पनि पूर्वाधारको रूपमा लिई निर्माण गरिनेछ । | नभएको |
| २. यातायात, उद्योग र घरायसी प्रयोगमार्फत् विद्युत खपत बढाउने । | १. विद्युतको खपत बढाउन र पेट्रोलियम पदार्थको उपभोग घटाउन नागरिकहरूलाई अभिमुखीकरण गर्ने र विद्यमान अनुदान नीति पुनरावलोकन गर्न संघीय तहसँग समन्वय गरिनेछ । | नभएको |
| | २. शहरी क्षेत्रमा विद्युतीय यातायात संचालनलाई प्राथमिकतामा राखिनेछ । | E-V Charging Station निर्माणको लागि गृहकार्य भैरहेको । |
| | ३. औद्योगिक क्षेत्रमा नियमित विद्युत आपूर्तिको व्यवस्था गरिनेछ । | नभएको |
| ३. जलविद्युतमा निजी, सामुदायिक तथा वैदेशिक लगानी आकर्षित गर्ने । | १. प्रवर्द्धकहरूलाई जग्गा प्राप्ति तथा वनको स्वीकृतिमा सहजीकरण गरिनेछ । | नभएको |
| | २. निजी लगानीकर्तालाई आकर्षित र सहजीकरण गर्न कानूनी व्यवस्था परिमार्जन गर्न सहजीकरण गरिनेछ । | प्रादेशिक ऊर्जा ऐनको मस्यौदामा समेटिएको । |
| | ३. प्रदेश नं ५ भित्र तोकिएको अवधिसम्म संचालनमा आइसक्ने शर्तमा निर्माण हुने निजी जलविद्युत आयोजनाहरूलाई प्राथमिकता प्राप्त क्षेत्र तोकी सहुलियत दिने नीति लागु गरिनेछ । | नभएको |
| ४. बहु-उपयोगी परियोजना १ पहिचान, प्रोत्साहन र विकास गर्ने। | १. निजी जलविद्युत परियोजनाले पर्यटनको समेत कार्यक्रम समावेश गरेर अतिरिक्त आम्दानी गरेमा आवश्यक सहुलियत दिइनेछ । | नभएको |
| | २. निजी जलविद्युत परियोजनाले सिँचाइको समेत कार्यक्रम समावेश गरेमा सिँचाइ सुविधाको लागत अनुपात हिसाब गरी करमा सहुलियत तथा आंशिक अनुदानका लागि सहजीकरण गरिनेछ । | नभएको |

| | | |
|---|---|---|
| | ३. यस प्रदेशका पहाडी जिल्लामा रहेका नदी तथा खोलाहरूबाट निकाल्न सकिने जलविद्युतको सम्भाव्यता अध्ययन गरी क्रमशः कार्यान्वयन गरिनेछ । | गुल्मी र रोल्पामा १० वटा जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन भएको । |
| | ४. स्थानीय तहलाई परियोजना पहिचान र उत्पादनमा प्रोत्साहित गरिनेछ । | नभएको |

| **सौर्य ऊर्जा** | | |
|---|---|---|
| **रणनीति** | **कार्यनीति** | **कार्यान्वयनको अवस्था** |
| १. सौर्य उर्जा सम्बन्धी नीति तर्जुमा र संरचनागत व्यवस्था गर्ने। | १. सौर्य ऊर्जाको विकासका लागि आवश्यक नीतिनियम तर्जुमा र संरचना बनाइनेछ । | विभिन्न क्षमताका सौर्य ऊर्जा परियोजनाको विस्तृत सम्भाव्यताको नर्मस् तयार भई स्वीकृतिको चरणमा रहेको । |
| | २. उत्पादित विद्युत उचित मूल्यमा बिक्री हुने वातावरण सिर्जना गरिनेछ । | नभएको |
| | ३. तापीय सौर्य चुल्होको प्रवर्द्धन तथा प्रयोगमा प्रोत्साहन गरिनेछ । | नभएको |
| २. सौर्य ऊर्जाको अध्ययन र विकासमा प्रदेश सरकारले उल्लेख्य लगानी गर्ने। | १. सौर्य ऊर्जाको संभाव्यता अध्ययन र आयोजना पहिचानका लागि यथाशीघ्र अध्ययन गराइनेछ । | स्थानिय तह र नीजि क्षेत्रको साझेदारीमा संचालन गर्नेगरी सातवटा आयोजनाको सम्भाव्यता अध्ययन गरिएको । |
| | २. प्रदेश सरकार आफै र निजी क्षेत्र तथा स्थानीय तहको सहकार्यमा सौर्य ऊर्जा उत्पादन गरिनेछ । | नभएको |
| ३. स्थानीय तह र निजी क्षेत्रसँग सौर्य ऊर्जा उत्पादनमा सहकार्य गर्ने । | १. स्थानीय तहसित समन्वय गरी आयोजना स्थल पहिचान गरी सौर्य ऊर्जा आयोजना कार्यान्वयन गरिनेछ । | रुकुम पूर्व र रोल्पा जिल्ला सदरमुकाममा उज्यालो सदरमुकाम कार्यान्वयनको लागि पूर्व सम्भाव्यता अध्ययनको काम भएको । |
| | २. झन्झटरहित तरिकाले लिजमा जग्गा उपलब्धता, उपकरण किन्न सहजीकरण र अन्य सहुलियत प्रदान गरी निजी क्षेत्रलाई सौर्य उर्जा उत्पादनमा प्रेरित गरिनेछ । | नभएको |
| | ३. सिँचाइ, कृषि, पर्यटन तथा उद्योग संचालनमा सौर्य उर्जाको प्रयोगलाई प्रोत्साहन दिइनेछ । | नभएको |
| | ४. ग्रिडको बिजुली पुयाउन कठिन हुने ठाउँमा सौर्य ऊर्जा जडान गरिनेछ । | नभएको |
| | ५. सार्वजनिक स्थलहरूलाई उज्यालो बनाउन सौर्य ऊर्जाको उपयोग गरिनेछ । | नभएको |
| **अन्य नवीकरणीय ऊर्जा** | | |
| **रणनीति** | **कार्यनीति** | **कार्यान्वयनको अवस्था** |
| १. जैविक तथा वायू ऊर्जा उत्पादन तथा उपयोगमा प्रोत्साहित गर्ने। | १. बायोब्रिकेटको उत्पादन तथा प्रवर्द्धन गरिनेछ । | नभएको |
| | २. सजिवन उत्पादनको तथ्याङ्क संकलन तथा कार्यक्रम संचालन गरिनेछ । | नभएको |

| | | |
|---|---|---|
| | ३. बायोइन्धनवाला गाडीलाई सहुलियत प्रदान गर्न सहजीकरण गरिनेछ। | कार्यान्वयन नभएको |
| | ४. बायोग्यासको व्यावसायिक उत्पादन र बिक्रीका लागि नीतिगत व्यवस्था तथा लगानी साझेदारी गरिनेछ। | कैलाशधाम आश्रम लगायत ११ वटा पालिकाहरुमा अध्ययन भएको |
| | ५. गोबरग्यास प्लान्ट स्थापना तथा संचालनको लागि सहयोग गरिनेछ। | नभएको |
| | ६. प्रशोधित दाउरा उत्पादन सम्बन्धमा अध्ययन गरिनेछ। | नभएको |
| २. जैविक ऊर्जामा अध्ययन र अनुसन्धान गरी बायोडिजेलको व्यापारिक उत्पादन र बिक्री प्रबन्ध गर्ने। | १. विश्वविद्यालय तथा अनुसन्धान गर्ने संस्थाहरूसित सहकार्य गरी जैविक ऊर्जाको अध्ययन, अनुसन्धान र नविकरणीय ऊर्जाको संभाव्यता अध्ययन गरिनेछ। | नभएको |
| | २. विगतमा संचालित बायोडिजेल प्लान्टको अनुभव र उपलब्धिको समीक्षा गरी यस्तो प्लान्ट स्थापना तथा प्रवर्द्धन गरिनेछ। | नभएको |
| | ३. जेनेरटरमा तथा कृषिमा प्रयोग हुने उपकरणहरूमा जैविक इन्धन राख्ने व्यवस्था गरिनेछ। | नभएको |

**शहरी विकास उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था**

| रणनीति | कार्यनिति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. नेपाली मौलिकता सहितका आधुनिक सुविधा सम्पन्न तीनवटा ठूला मुख्य शहर विकास गर्ने। | १. बुटवल-भैरहवा, कोहलपुर-नेपालगञ्ज ( गुलरिया समेत) र घोराही-तुलसीपुरलाई एकीकृत र व्यवस्थित रुपमा महानगर पूर्वाधार विकासको अवधारणा अनुरुप विकास गरिनेछ । | शहरी विकास तथा भवन निर्माण विभागबाट अध्ययन कार्य गरिरहेको र तहाँबाट कार्यान्वयन हुने हुँदा थप कार्य प्रदेशबाट नभएको। |
| २. प्रत्येक जिल्लामा साना स्याटलाइट ःस्मार्ट शहरहरु व्यवस्थित ढंगले विकास गर्ने | १. ठूला शहरहरुका निकटवर्ती साना शहरहरुलाई स्याटलाइट शहरहरुको रुपमा विकास गरिनेछ । | शहरी विकास तथा भवन निर्माण विभागबाट अध्ययन कार्य गरिरहेको र तहाँबाट कार्यान्वयन हुने हुँदा थप कार्य प्रदेशबाट नभएको । |
| | २. स्थानीय तहहरुको सहकार्यमा उपयुक्त ठाउँमा सुविधा सम्पन्न साना शहरहरु विकास गरिनेछ । | शहरी विकास तथा भवन निर्माण विभागबाट अध्ययन कार्य गरिरहेको र तहाँबाट कार्यान्वयन हुने हुँदा थप कार्य प्रदेशबाट नभएको । |
| | ३. ल्याण्ड पूलिङ तथा प्लाष्टिङको अवधारणा लागु गरी व्यवस्थित शहरी विकास गरिनेछ । | शहरी विकास तथा भवन निर्माण विभागबाट अध्ययन कार्य गरिरहेको र तहाँबाट कार्यान्वयन हुने हुँदा थप कार्य प्रदेशबाट नभएको। |
| | ४. प्रदेशका स्थानीय तहहरुका लागि शहरी विकास मापदण्ड तथा निर्देशिका तयार गरी लागू गराइनेछ । | शहरी विकास तथा भवन निर्माण विभागबाट अध्ययन कार्य गरिरहेको र तहाँबाट कार्यान्वयन हुने हुँदा थप कार्य प्रदेशबाट नभएको। |
| ३. शहरमा आवश्यक भौतिक पूर्वाधारहरु एकीकृत ढंगले निर्माण गर्ने। | १.प्रदेशको स्थायी राजधानी तोकिएपछि राजधानी शहरको योजनावद्ध विकास गर्न आवश्यक पूर्वाधार निर्माण गरिनेछ । | राजधानीका लागि दाङ जिल्लाको भालुवाङमा ९वटा मन्त्रालय, १ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संसदिय समितिका घरहरुको कार्य भइरहेको छ । ६ वटा मन्त्रालयको चौथो तलासम्म र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तेस्रोतलासम्मको कार्यको संरचनात्मक कार्य भएको। |
| | २.स्थानीय तहहरुको सहकार्यमा शहरी क्षेत्रको यातायात व्यवस्थित र भरपर्दो बनाइनेछ । | नभएको |
| | ३.स्थानीय तहको सहकार्यमा शहरी क्षेत्रमा खुला पार्क र उद्यानहरु निर्माण गरिनेछ । | नभएको |
| | ४. मुख्य शहरी क्षेत्रहरुमा बहुतले भवन बनाउन प्रोत्साहन गरिनेछ । | नभएको |
| | ५. शहरी पूर्वाधार तथा सेवाहरुको विकासकालागि सार्वजनिक निजी साझेदारीमा लगानी प्रवर्द्धन गरिनेछ । | नभएको |
| | ६. सेवाप्रवाहमा सूचना-प्रविधिको प्रयोग गरी आधुनिक सुविधा उपलब्ध गराइनेछ । | नभएको |

## खानेपानी र सरसफाई उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था

| खानेपानी तथा सरसफाइ | | |
|---|---|---|
| **रणनीति** | **कार्यनीति** | **कार्यान्वयनको अवस्था** |
| १. प्रदेशको खानेपानी तथा सरसफाइको गुरुयोजना बनाएर काम गर्ने। | १. खानेपानी सेवा उपलब्ध नभएका बस्ती पहिचान गरी त्यहाँ खानेपानी सुविधा पुर्‍याइनेछ । | ३६७ वटा खानेपानी आयोजना निर्माण सम्पन्न गरि थप १३०५९९ घर धुरीमा आधारभुत स्तरको खानेपानीको पँहुच थप भएको। |
| | २. आवश्यकता अनुसार जलाशय, पोखरी, ट्याङ्की, पक्की घैटाहरू तथा लिफ्ट प्रणाली निर्माण गरी खानेपानीको स्रोत सुनिश्चित गरिनेछ । | नभएको |
| | ३. पम्पिङ र लिफ्ट प्रणालीबाट खानेपानी सेवा पुर्‍याएका आयोजनाहरूलाई सौर्यऊर्जा जडान गर्न प्रोत्साहन अनुदान दिइनेछ। त्यस्ता आयोजनाहरूलाई विद्युतको डिमाण्ड चार्जमा अनुदान दिइनेछ । | नभएको |
| | ४. निजी जग्गामा रहेका पानीका मूलहरूलाई उपभोक्ताको प्रयोगको लागि स्थानीय तहसँग समेत सहकार्य गरी सहजीकरण गरिनेछ । | नभएको |
| | ५. संचालनमा रहेका खानेपानी आयोजनाहरूको मर्मत सम्भार तथा पानीको गुणस्तर परीक्षण गरिनेछ । आवश्यकता अनुसार गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिनेछ । | कपिलबस्तुमा खानेपानी परिक्षण प्रयोगशाला निर्माण सम्पन्न गरी संचालनको चरणमा |
| | ६. खानेपानीको बजेटलाई जनसंख्याको अतिरिक्त भूगोललाई समेत आधार लिई विनियोजन गरिनेछ । | नभएको |
| | ७. अति विपन्न बस्तीहरूमा स्वच्छ पिउने पानीको व्यवस्था गर्न समुदायको लगानीको अनुपात कम गरी जनतालाई व्यवस्थापनमा प्रत्यक्ष सहभागी गराउने गरी आयोजनाहरू संचालन र व्यवस्थापन गर्न पहल गरिनेछ । | नभएको |
| | ८. स्रोतको सुनिश्चितता गर्दै सार्वजनिक धारालाई एक घर एक धारा नीति अनुसार निजी धारामा परिणत गरिनेछ र आवश्यक नयाँ धारा थपिनेछ । | ११०० वटा आयोजनाहरु संचालनमा रहेको |
| | ९. तराईका ग्रामीण बस्तीमा भएका ट्युबवेलहरूको गुणस्तर प्रमाणीकरण तथा नियमित अनुगमन गरी सुरक्षित ट्युबवेललाई एक घर एक धाराको नीति बमोजिम धाराको परिभाषामा समेटिनेछ । | नभएको |
| | १०. शौचालयसहितको गोबरग्यास (बायोग्यास) लाई पूर्ण सरसफाइ कार्यक्रममा समावेश गरी यसको विकासलाई प्रोत्साहन गरिनेछ । | नभएको |
| २. स्थानीय सरकार, निजी क्षेत्र तथा विकास साझेदारहरूसित सहकार्य गर्ने। | १. शहरी फोहर व्यवस्थापनबाट जैविक ग्यास र प्राङ्गारिक मल उत्पादन गर्ने कारखाना स्थापना गर्न प्रोत्साहन र सहयोग गर्नुका साथै आवश्यकता अनुसार त्यस्ता कारखानाहरूमा रणनैतिक साझेदारी गरिनेछ । | नभएको |
| | २. स्थानीय तहको सहकार्यमा शौचालय नभएका घरधुरीहरू पहिचान गरी अनिवार्य रूपमा शौचालय बनाउन प्रोत्साहन गरिनेछ । | प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिएको |

| | | |
|---|---|---|
| | ३. स्थानीय स्तरमा सरसफाइ कायम राख स्थानीय तह बढी जिम्मेवार हुने भएकाले त्यसका लागि प्रदेश तहबाट सहयोग पुर्याइनेछ । | सरसफाई जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिएको |
| | ४. स्वच्छ गाँउपालिका र नगरपालिकाहरू छनोट गरी पुरस्कृत गरिनेछ । | नभएको |
| | ५. व्यवस्थित ढल निकासकालागि स्थानीय तहसँग सहकार्य गरिनेछ। प्रशोधन नगरिएको ढललाई खोला तथा नदीमा मिसाउन प्रतिबन्ध लगाइनेछ । | नभएको |
| | ६. सार्वजनिक स्थल र सडकहरूमा फोहोर संकलनको यथेष्ट प्रवन्ध मिलाइनेछ । | नभएको |
| | ७. राजमार्ग, चोक, व्यस्त क्षेत्र तथा पर्यटकीय स्थलहरूमा नविनतम प्रविधिमा आधारित सार्वजनिक शौचालयको निर्माण तथा संचालनलाई प्रोत्साहन गरिनेछ । | नभएको |
| | ८. राजमार्ग छेउछाउका वनजंगल तथा बस्ती नभएको क्षेत्रमा दिसापिसाब गर्न रोकिने स्थानहरू पहिचान गरी महिला र पुरूषका लागि पृथक शौचालय बनाइनेछ । | महेन्द्र राजमार्गको ३ स्थानमा स्मार्ट शौचालय निर्माणाधिन रहेको |
| | ९. विमानस्थल र ठूला बसपार्कको छेउछाउमा सार्वजनिक स्नानघर संचालनको लागि स्थानीय तह र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । | नभएको |
| | १०. आवश्यक संख्यामा ल्याण्डफिल साइटको विकास गर्न सहयोग गरिनेछ । | नभएको |
| | ११. घनाबस्ती भएका शहरहरूमा प्रशोधन सुविधायुक्त ढल सुविधा पुर्याइनेछ । | नभएको |
| | १२. गाउँ, नगर तथा उद्योगहरूलाई वैज्ञानिक फोहोर व्यवस्थापनमा आबद्ध गरिनेछ । | नभएको |
| | १३. गार्हस्थ फोहोरलाई कुहिने र नकुहिनेमा वर्गीकरण गरी संकलन, पृथकीकरण, पुनःप्रयोग तथा बिसर्जन गर्ने संस्कार बसालिनेछ । | नभएको |
| | १४. सार्वजनिक कार्यक्रम गर्दा उत्पन्न भएको फोहोरको व्यवस्थापनको लागि आयोजकहरूलाई जिम्मेवार बनाउने र सफा नगरेमा जरिवाना गरिनेछ । | नभएको |
| ३. सरकारी कार्यालयहरूलाई खानेपानी तथा शौचमैत्री बनाउने । | १. प्रदेश सरकारको मातहतका हरेक कार्यालयहरूमा महिला तथा पुरूष एवम् वृद्धवृद्धा र अपांगता भएका सेवाग्राहीले उपभोग गर्न पाउने गरी पानीको भरपर्दो व्यवस्था भएका तथा नियमित सफाई गरिने शौचमैत्री शौचालयको अनिवार्य व्यवस्था गरिनेछ । | संचालन भैरहेको |
| | २. प्रदेश सरकारको मातहतका हरेक कार्यालयहरूमा सेवाग्राहीले उपभोग गर्न पाउने गरी स्वच्छ पिउनेपानीको नियमित व्यवस्था गरिनेछ । | संचालन भैरहेको |
| ४. सवारीबाट सडकमा फोहोर फाल्न प्रतिबन्ध लगाउने । | १. सवारीबाट कुनै किसिमको फोहोर सडक वा छेउछाउ नफाल्ने बानी विकास गर्न सूचना तथा जनचेतना सन्देश प्रवाह गरिनेछ । | नभएको |
| | २. सार्वजनिक सवारी भित्र डस्टविन राख्ने व्यवस्था अनिवार्य गरिनेछ । | नभएको |

| | | |
|---|---|---|
| ५. प्रादेशिक मापदण्डहरू बनाएर प्रदूषण नियन्त्रण गर्ने। | १. विज्ञ तथा सरोकारवालाहरूको सहभागितामा प्रदूषणका प्रदेश अनुकूल मापदण्डहरू बनाएर लागु गरिनेछ । | नभएको |
| | २. प्लाष्टिकको प्रयोगबारे प्रदेशको वस्तुस्थिति तथा प्लाष्टिकका प्रभावहरूबारे तथ्यमा आधारित अध्ययन एवम् विश्लेषण, वैकल्पिक व्यवस्था गरी यसको प्रयोगमा कमी गर्दै लगिने र यसको प्रशोधन गर्न स्थानीय तहलाई सहयोग गरिनेछ । स्वदेशी जैविक कच्चापदार्थबाट बन्ने वैकल्पिक झोलाको उत्पादन र प्रयोगलाई जोड दिइनेछ । | नभएको |

अनुसूची-६.६

**विज्ञान तथा प्रविधि उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था**

| विज्ञान तथा प्रविधि | | |
|---|---|---|
| **रणनीति** | **कार्यनीति** | **कार्यान्वयनको अवस्था** |
| १. निजी क्षेत्र र विश्वविद्यालयसँग सहकार्य गरी अनुसन्धानमा उल्लेख्य लगानी गर्ने। | १. विज्ञान प्रविधिको अनुसन्धानलाई प्रदेशको बजेटबाट विनियोजन गरिनेछ । | नभएको |
| | २. विज्ञान प्रविधिमा अनुसन्धान गर्ने निकायको स्थापना र निजी क्षेत्रको सहकार्यमा विज्ञान प्रविधि पार्कको विकास गरिनेछ । | नभएको |
| | ३. विज्ञान प्रविधिमा काम गर्ने संस्थाहरूसित सहकार्य गरिनेछ । विश्वविद्यालय, क्याम्पसहरूसित सहकार्य गरी प्राध्यापक तथा विद्यार्थीलाई वैज्ञानिक अनुसन्धानमा प्रोत्साहित गरिनेछ । | विद्यालय प्रविधिक शिक्षालयहरुको सहकार्यमा कामहरु सुरु भएको। |
| २. नविनतम प्रविधिको विकास र उपयोग गर्न प्रोत्साहन गर्ने । | १. प्रदेशका भौतिक पूर्वाधार विकासका आयोजनामा अनुसन्धानलाई समेट्ने व्यवस्था गरिनेछ । | अनुसन्धानका लागि प्रस्तावहरुको माग भएको |
| | २. पूर्वाधार विकासका आयोजनाहरूमा स्वयंसेवी, इन्टर्नसिप तथा शोधार्थीहरूलाई सहभागी गराउने परिपाटी विकास गरिनेछ । | नभएको |
| | ३. पूर्वाधार पुस्तकालय तथा प्रशिक्षण प्रतिष्ठानमार्फत् विज्ञान र प्रविधिको विकास गरिनेछ । | नभएको |
| | ४. कृषि क्षेत्र लगायतका उत्पादनमा नयाँ प्रविधिको प्रयोग र यान्त्रिकीकरण गर्न प्रोत्साहन गरिनेछ । | नभएको |
| | ५. वनस्पतिसम्बन्धी अध्ययन अनुसन्धान गर्दै प्रमाणीकरणको काम गर्न र औषधिजन्य जीनहरू उत्पादन गर्न विश्वविद्यालयसँग सहकार्य गरी प्रादेशिक बायोटेक नविनता केन्द्र स्थापना गरिनेछ । | नभएको |
| ३. विज्ञान र प्रविधिको प्रयोग बढाउदै शिक्षासंग आवद्ध गर्ने। | १. वर्षा तथा मौसम मापन, वायुऊर्जा तथा सौर्य ऊर्जाको संभावित क्षमता मापन र नदीहरूको बहाव मापनका लागि केन्द्रहरू स्थापना गरी संचालन गरिनेछ । | वायु मौसम मापन केन्द्रको स्थापनामा सहयोग भएको । |
| | २. संघीय सरकारसँग सहकार्य तथा समन्वय गरी मौसम तथा बहावहरूको अवस्था सार्वजनिक जानकारी दिने व्यवस्था मिलाइनेछ । | नभएको |
| | ३. विज्ञान र प्रविधि शिक्षा बिस्तार तथा सबै जेहनदार व्यक्तिको पहुँच सुनिश्चित गर्दै दक्ष जनशक्ति उत्पादन गरिनेछ । | नभएको |
| ४. खगोल विज्ञानको विकास गर्ने। | १. भविष्यको खगोल केन्द्र बन्नसक्ने गरी प्रदेशका ३ स्थानलाई खगोलपार्कको रूपमा घोषणा र संरक्षण गरिनेछ । खगोल पर्यटनको प्रवर्द्धन गरिनेछ । | नभएको |

अनुसूची-६.७

**भवन, आवास तथा बस्ती विकास उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था**

| भवन, आवास तथा बस्ती विकास | | |
|---|---|---|
| **रणनीति** | **कार्यनीति** | **कार्यान्वयनको अवस्था** |
| १. विपन्न तथा लक्षित वर्गका परिवारहरूलाई सुरक्षित आवास बनाउन सहयोग गर्ने। | १. न्यून आय भएका विपन्न वर्गका तथा लोपोन्मुख जातिका परिवारहरूको न्यूनतम आवास व्यवस्थाकालागि स्थानीय तहमै संचालन गर्नेगरी आवास कार्यक्रम प्रभावकारी ढंगले संचालन गरिनेछ । एकीकृत बस्ती विकासमा जोड दिइनेछ । | दलित तथा लोपोन्मुख समुदायको ६२१६ आवास सम्पन्न । |
| | २. न्यून मध्यमवर्गीय परिवारहरूको लागि आवास निर्माणमा सहलियत दिइनेछ । | नभएको |
| | ३. आगलागीको जोखिम भएका छाना हटाउन स्थानीय तहसंगको सहकार्यमा त्यस्ता छानाहरूलाई जस्ता वा अन्य उपयुक्त छानाले प्रतिस्थापन गरिनेछ । | नभएको |
| | ४. ज्येष्ठ नागरिक, हिंसा पीडित महिला तथा अपाङ्गता भएका व्यक्तिका लागि आवास बनाउन सहयोग गरिनेछ । | प्यूठानको विजुवारमा ज्येष्ठ आवास भवन सम्पन्न । |
| २. जोखिमयुक्त बस्तीहरू व्यवस्थापनकालागि बहुउद्देश्यीय भवन बनाउने । | १. जोखिमयुक्त बस्तीहरूको सर्वेक्षण गर्ने र त्यस्ता बस्तीहरूलाई उपयुक्त ठाउँमा एकीकृत बस्ती निर्माण गर्ने गरी स्थानान्तरण गरिनेछ । | पहिरो प्रभावितका सत्यवती गा.पा., गुल्मीमा ७९ र सुनछहरीमा ४० आवास सम्पन्न । |
| ३. अव्यवस्थित बस्तीहरूलाई व्यवस्थित गर्नुका साथै एकीकृत बस्तीहरू विकास गर्ने। | १. भौतिक पूर्वाधार सहितको नमुना एकीकृत बस्तीहरू निर्माण गरी सोही अनुरूप बस्ती बसाइनेछ । | गुल्मीको सत्यवती गा.पा.मा ४७ आवासहरु निर्माण गरिएको । |
| | २. योजनाबद्ध बस्ती विकासमा टेवा पुग्ने गरी पूर्वाधार विकासको लगानीलाई बस्तीअनुसार प्राथमिकीकरण गरिने छ । यसको लागि स्थानीय सरकारहरूसँग सहकार्य तथा सहयोग गरिनेछ । | नभएको |
| | ३. औद्योगिक क्षेत्र वरपर श्रमिक लक्षित एकीकृत बस्ती निर्माण गरिनेछ । | नभएको |
| | ४. अव्यवस्थित बस्तीहरूलाई एकपटकलाई नियमित गरी त्यस्ता बस्ती विस्तारलाई नियन्त्रण गरिनेछ । | नभएको |
| | ५. पालिका अनुसार आफ्नै मौलिक विशेषता भएका एउटै डिजाइनका घरहरू रहने गरी मनमोहक बस्तीको विकास गर्न स्थानीय सरकारहरूसित सहकार्य गरिनेछ । | नभएको |
| | ६. स्थानीय सरकारसितको सहकार्यमा पहाडी क्षेत्रमा १० हजार जनसंख्या लक्षित गरी स्थानीय मौलिकता बोकेका साना शहरहरूको विकास गरिनेछ । | नभएको |
| | ७. आवास निर्माणमा आयातित वस्तु भन्दा स्वदेशी वस्तुहरूको प्रयोगलाई जोड दिने । | स्वदेशी निर्माण सामाग्रीलाई प्राथमिकता दिइएको |
| ४. आवास निर्माणमा आयातित वस्तु भन्दा स्वदेशी वस्तुहरूको प्रयोगलाई जोड दिने । | १. विदेशबाट आयात हुने र खासै उपादेयता नहुने विलासी निर्माण सामग्री (जस्तै टायल, मार्बल) लाई निरुत्साहित गरिनेछ र त्यस्ता सामग्रीको बिकल्पमा स्थानीय ढुंगा, कंक्रिट, बाँस, काठजस्ता सामग्रीहरू | स्थानिय सामाग्रीको प्रयोगलाई प्राथमिकता दिई निर्माण कार्य गरिएको । |

| | | |
|---|---|---|
| | प्रवर्द्धन गर्ने उद्यमीलाई प्रोत्साहन गरिनेछ । | |
| | २. टिकाउ नहुने र ठूलो धनराशि विदेशिने निर्माण सामग्रीको सट्टा स्वदेशी कच्चा पदार्थ प्रयोग हुने, रोजगारीलाई बढावा दिने र आधुनिक प्रविधि प्रयोग हुने निर्माण सामग्रीको उत्पादन र प्रयोगलाई प्राथमिकता दिइनेछ । | नभएको |
| | ३. स्थानीय स्तरमा सजिलै उपलब्ध हुने काठ र बाँसलाई घरनिर्माणमा उपयोगमा बढावा दिइनेछ । काठ र ढुंगाको प्रयोगसम्बन्धमा इन्जिनियरिङ विधामा अध्ययन, अनुसन्धान तथा तालिमको व्यवस्था गरिनेछ । | नभएको |
| | ४. परम्परागत निर्माण सामग्री र शैलीका राम्रा पक्षहरूलाई प्रवर्द्धन गर्नेगरी सुपथ घरका मापदण्ड, डिजाइन तथा नमुना विकास गरिनेछ । | जनता आवासको नमूना नक्सा (Drawing) को आधारमा भवन निर्माण गरिएको । |
| | ५. निर्माणजन्य सामग्रीहरूको सहज उपलब्धता गराउने व्यवस्था गरिनेछ । | नभएको |
| ५. प्रादेशिक सरकारी कार्यालय, विशिष्ट व्यक्ति र सरकारी कर्मचारीहरूकोलागि आवास निर्माण गर्ने। | १. प्रदेशका सरकारी कार्यालय भवन, विशिष्ट व्यक्ति तथा कर्मचारीहरूको लागि आवास निर्माण गरिनेछ । | १८ सरकारी भवन निर्माण ६३८ पटक सरकारी भवन मर्मत सम्भार गरिएको । |
| ६. पहाड काटेर तथा अनुत्पादक जग्गालाई विकास गरेर शहर बसाल्ने अवधारणा लागु गर्ने। | १. पहाड काटेर तथा अनुत्पादक जग्गालाई विकास गरेर योजनाबद्ध बस्ती बसाली भूमिहीनले विशेष अवसर पाउने गरी लिजमा घरजग्गा उपलब्ध गराउने नीति लिइनेछ । | नभएको |
| ७. शहरी क्षेत्रमा बहुतले भवनहरू बनाउन प्रेरित गर्ने। | १. मुख्य शहरी क्षेत्रमा प्राथमिकताका साथ बहुतले आवासीय भवन बनाउन प्रेरित र प्रोत्साहन गरिनेछ । | बहुतल्ले भवन निर्माणहरु नभएको । |

अनुसूची-७.१

**सुशासन तथा भ्रष्टाचार नियन्त्रण र शान्ति सुरक्षा उपक्षेत्रका रणनीति र कार्यनीतिहरुको कार्यान्वयन अवस्था**

| सुशासन तथा भ्रष्टाचार नियन्त्रण | | |
|---|---|---|
| **रणनीति** | **कार्यनीति** | **कार्यान्वयनको अवस्था** |
| १. नैतिकता र सदाचारको संस्कृतिलाई बढावा दिई प्रदेशबाट प्रवाह हुने सार्वजनिक सेवाहरूलाई गुणस्तरीय, मितव्ययी, एवम् पहुँचयोग्य बनाउने । | १ प्रदेशको सार्वजनिक सेवाहरूलाई गुणस्तरीय, प्रभावकारी एवम् जनताको पहुँचयोग्य बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र संक्षेपीकरण गरिनेछ । | विद्युतिय शासन अन्तरगत सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिएको । |
| | २ सुझाव पेटी, हेलो सरकार, मोवाइल एप्स मार्फत जनगुनासो संकलन गरी तिनको यथाशीघ्र व्यवस्थापन र सम्बोधन गर्ने व्यवस्था मिलाइनेछ । | विद्युतिय माध्यमबाट सुझाव तथा गुनासो लिई फछर्यौट गरिएको । |
| | ३. नैतिकता र सदाचार प्रवर्द्धन गर्न विद्यालयहरूमा पाठ्यक्रम सुधार, शिक्षण-प्रशिक्षण, जनचेतना तथा जनजागरणका कार्यक्रम सन्चालन गरिनेछ । | नभएको |
| | ४. प्रदेशका सार्वजनिक सरोकारका विषयसंग सम्बन्धित निकायमा रहेका सूचनामा कानून बमोजिम नागरिकको न्यून लागतमा सरल एवम् सहज पहुँचको व्यवस्था मिलाइनेछ । | मन्त्रालयका कामकारवाहीका सम्बन्धमा मन्त्रालयको बेवसाइटमार्फत जानकारी दिने गरिएको । |
| | ५. जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास तथा सुशासन सम्बन्धी तालिम संचालन गर्नुको साथै आचारसंहिता जारी गरी लागु गरिनेछ । | जनप्रतिधि तथा कर्मचारीहरुलाई सेवा प्रवाह सम्बन्धमा क्षमता विकासका कार्यक्रम सम्पन्न गरिएको । |
| | ६ कर्मचारी सरुवा, बढुवा र पदस्थापना प्रणालीलाई पारदर्शी, वैज्ञानिक र पूर्वानुमान योग्य बनाइनेछ । | नभएको |
| २. प्रदेशको विकास निर्माण कार्य तोकिएको मापदण्ड कायम गरी तोकिएको समयमा सम्पन्न गर्ने। | १. विकास निर्माणका कार्यहरूको समयतालिका तयार गरी गुणस्तर एवम् परिमाण यकिन गरी सोही अनुरूप कार्यान्वयन गरिनेछ । | नभएको |
| | २. विकास निर्माणका कार्यहरूको सम्पूर्ण प्रगति विवरण प्रत्येक चौमासिकमा समीक्षा गरी प्रतिवेदन प्रकाशन गरिनेछ । | चौमासिक रुपमा प्रतिवेदन तयार गरि प्रदेश योजना आयोग लगायत सम्बन्धित निकायमा पेश गरिएको । |
| | ३. प्रदेश आयोजनास्थलमा आयोजनासम्बन्धी विवरण खुलेको सूचना पट्टिका (होर्डिङ बोर्ड) राख्ने व्यवस्थालाई अनिवार्य बनाइनेछ । | नभएको |
| ३. विकास कार्यक्रमहरूमा सार्वजनिक लेखापरीक्षणलाई अनिवार्य बनाउने । | १. विकास निर्माण र सरकारको काम कारवाहीको प्रभावकारी अनुगमनको व्यवस्था गरिनेछ । | अनुगमन तथा निरीक्षण कार्यलाई प्रभावकारी बनाइएको । |
| | २. सार्वजनिक सुनुवाई र सार्वजनिक लेखापरीक्षणको व्यवस्था गरिनेछ । | नभएको |

| | | |
|---|---|---|
| ४. भ्रष्टाचारको सवालमा शून्य सहनशीलताको नीति अबलम्बन गरी सरकारी कामकाजलाई निष्पक्ष, नतिजामुखी, पारदर्शी, जवाफदेही एवम् जनउत्तरदायी बनाउने । | १. सरकारी कामकाज तथा आर्थिक कारोवारलाई पारदर्शी ढंगले सम्पादन गरिनेछ । | आर्थिक कारोवारलाई पारदर्शी बनाउन सूचना प्रविधि, बैंकिङ्ग प्रणाली तथा सफ्टवेयर प्रयोगमा जोडदिइ सेवाको लागत, गुणस्तर, समय लगायतमा समन्वय गरिएको । |
| | २. सूचना प्रविधिको प्रयोग गरी सरकारी कामकाज छिटो छरितो ढंगले गरिनेछ । | सूचना प्रविधिको प्रयोग लाई प्रोत्साहित गरिएको । |
| | ३. प्रदेशका कर्मचारीहरूलाई समयमा राम्रो काम गर्नेलाई पुरस्कार र राम्रो काम नगर्नेलाई दण्डको व्यवस्था गरिनेछ । | नभएको |
| | ४. कर्मचारीहरूसँग कार्य सम्पादन करार गर्ने पद्धति लागु गरिनेछ । | नभएको |
| | ५ जनताको प्रत्यक्ष सरोकार हुने र आर्थिक कारोवार हुने सरकारी कार्यालयहरूमा सिसिटिभी जडान गरी अनुगमन गरिनेछ । | सि.सि.टि.भि जडान कार्यलाई प्राथमिकता दिएको |
| ५. सुशासन कायम गर्ने तथा भ्रष्टाचारनियन्त्रणसम्बन्धी कानून तर्जुमा गरी नागरिक समाज र समुदाय समेतको सहयोग र सहकार्यमा कार्यान्वयनमा ल्याउने । | १. सुशासन (संचालन तथा व्यवस्थापन) भ्रष्टाचारनियन्त्रणसम्बन्धी प्रदेशको कानून र आवश्यक रणनीति तथा कार्ययोजना बनाई नागरिक समाज, संचार क्षेत्र र समुदाय समेतको सहयोग सहकार्यमा कार्यान्वयनमा ल्याइनेछ । | लिखित व्यवस्था मार्फत सुशासन कायम गर्ने व्यवस्था गरिएको ।<br>प्रदेश सुशासन ऐन, २०७६<br>प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५<br>संघ संस्था दर्ता ऐन, २०७५<br>सार्वजनिक खरिदसम्बन्धी प्रदेश नियमावली, २०७६ |
| | २. प्रदेश सरकारका कामकारवाहीहरूलाई लैङ्गिकमैत्री र समावेशी बनाइनेछ । | लैङ्गिकमैत्री र समावेशी बनाउन पहल गरिएको । |

| शान्ति सुरक्षा | | |
|---|---|---|
| **रणनीति** | **कार्यनीति** | **कार्यान्वयनको अवस्था** |
| १. शान्तिसुरक्षा कायम राख प्रादेशिक संस्थागत क्षमता बनाउने । | १. प्रदेश प्रहरी संगठनलाई व्यवस्थित एवम् सुदृढिकरण गरी संचालनमा ल्याइनेछ । | विभिन्न जिल्लामा प्रहरी चौकीहरुको निर्माण सम्पन्न गरिएको, कतिपय निर्माण सम्पन्न हुने चरणमा रहेको<br>आवश्यकतानुसार प्रदेश सुरक्षा समितिको बैठक निरन्तर बस्ने गरेको साथै जिल्ला स्तरीय सुरक्षा बैठक आयोजना गरिएको । |
| | २. प्रत्येक बडामा वडा प्रहरी इकाइ स्थापना गर्न सहजिकरण गरिनेछ । | नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलमा प्रि-फाइव महिला व्यारेक भवन निर्माण । |
| | ३. लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गमैत्री र ज्येष्ठ नागरिकमैत्री शान्ति सुरक्षाको व्यवस्था गरिनेछ । | लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गमैत्री / ज्येष्ठ नागरिकमैत्री शान्ति सुरक्षाको व्यवस्थाका लागि सुरक्षा निकायसँग सहजिकरण गरिएको . |

| | | |
|---|---|---|
| | ४. प्रदेश सूचना केन्द्र स्थापना गरी सबैखाले घटनाका सूचना संकलन र विश्लेषण गरी तत्काल पीडितहरूलाई सहयोग गर्ने प्रणाली स्थापना गरिनेछ । | मन्त्रालयमा PEOC-Provience Emergency Operation Centre_ को स्थापना गरि १२ वटै जिल्लामा दैनिक घटेका विपद्जन्य घटनाहरुको विवरण (DEOC-District Emergency Operation Centre) लिई विवरण अद्यावधिक गरिएको ।<br>जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार प्राप्त भएको विपद्को क्षति तथा विवरणका आधारमा सम्बन्धित लाभग्राहीलाई क्षतिपूर्ति प्रदान गरिएको। क्षतिपुर्ति वितरणको लागि मन्त्रालयले प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका तयार गरि आवश्यकतानुसार संसोधन गरिएको । विपद्‌बाट क्षति भएका निजि आवसहरुको निर्माण गर्न प्रदेशको साझेदारी रहने<br>३०% प्रतिशत रकम जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार कायम भएका लाभग्राहीको लागि निकासा दिने गरिएको । |
| | ५. कारागारहरूको भौतिक सुधारका अतिरिक्त बन्दीहरूको आचरण सुधार र व्यावसायिक बन्न नियमित सिपयुक्त तालिमहरू संचालन गरिनेछ । | कारागारको भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भारका लागि प्रत्येक वर्ष बजेट विनियोजन गरि निकासा दिइएको साथै १२ वटै जिल्लामा कैदि बन्दिहरुलाई प्रत्येक बर्ष सकारात्मक सोच विकास कार्यक्रम सञ्चालन गरि मानसिक रुपमा अनुकुलन गर्ने क्षमता विकास गरिएको । कैदि बन्दिहरुलाई सिपमुलक कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्न बजेट विनियोजन गरिएको ।<br>दाङ्ग जिल्लाको तुल्सीपुर कारागार परिसरमा महिला बन्दि घर निर्माण सम्पन्न गरिएको । |
| २. दक्षता, क्षमता अभिवृद्धि १. तालिम केन्द्रहरू स्थापना र संचालन गरी प्रदेश प्रहरीको क्षमता अभिवृद्धि गरिनेछ । | १. तालिम केन्द्रहरू स्थापना र संचालन गरी प्रदेश प्रहरीको क्षमता अभिवृद्धि गरिनेछ । गर्न नियमित तालिम प्रदान गर्नुका साथै आधुनिक प्रविधिको प्रयोग बढाउने । | तालिम केन्द्र बुटवल ब्यारेक ब्लक निर्माण तथा मर्मत गरिएको ।<br>नेपाल प्रहरी अस्पताल बाँके OT Block निर्माणाधिन रहेको । |
| | २. प्रदेश अनुसन्धान ब्यूरो स्थापना गरी संचालनमा ल्याइनेछ । | नभएको |
| | ३. सिसिटिभी लगायतका आधुनिक प्रविधिको प्रयोग गरी अपराध नियन्त्रण गरिनेछ । | प्रहरी निकायबाट माग भए बमोजिम सि.सि.टि.भि. निर्माणमा सहजिकरण गरिएको ।<br>भालुबाङ्ग- लमहि सडक खण्डमा निर्माण सम्पन्न भएको सि.सि.टि.भि मर्मत सम्भारको लागि सहजिकरण गरिएको |
| | ४. अपराध हुनु अगावै सुरक्षा निकायलाई सूचना प्राप्त हुने संयन्त्रको व्यवस्था गरिनेछ । | नभएको |

| | | |
|---|---|---|
| ३. अपराधिक गतिविधि कम गर्न सुरक्षासम्बन्धी सामाजिक चेतना अभिवृद्धि गर्ने। नेपाल सरकार, स्थानीय तह र अन्य सरोकारवालासँग सहकार्य गर्ने। | १. आपराधिक गतिविधि कम गर्न सामाजिक जागरणका कार्यक्रमहरू संचालन गरिनुका साथै अपराध अनुसन्धानका लागि अत्याधुनिक प्रविधिको प्रयोग गरिनेछ । | नभएको |
| | २. प्रहरीहरूलाई जनता र समुदायसंग सहकार्य गराइनेछ । | सहकार्य गराइएको |
| | ३. स्थानीय तहहरूको सहकार्यमा प्रत्येक वडामा मेलमिलाप केन्द्रहरू स्थापना गर्न सहजीकरण गरिनेछ । | सहजीकरण भएको |
| | ४. आपराधिक गतिविधिका कारक तत्वहरू कूलत, दुर्व्यसन जस्ता विकृति हटाउने कार्यक्रम संचालन गरिनेछ । साथै, खुल्ला जेलको नीति लिइ बन्दीहरूलाई रूपान्तरण र उत्पादनमा लगाउने अवधारणा अवलम्बन गरिनेछ । | नभएको |
| | ५. लागु पदार्थ तथा मादक पदार्थ सेवनलाई नियन्त्रण गरिनेछ । कूलतमा परेका व्यक्तिहरूको पुनःस्थापनाका लागि सहकार्यमा पुनःस्थापना गृह स्थापना गर्दै लगिनेछ । | मन्त्रालयको आयोजना र नेपाल प्रहरीको सहजिकरणमा ट्राफिक सचेतना कार्यक्रम सम्पन्न गरिएको साथै लागू पदार्थ दुरुपयोग नियन्त्रण सम्बन्धमा स्थानिय स्तरमा सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको । |
| | ६. घरेलु तथा लैङ्गिक हिंसा नियन्त्रणका लागि प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रम संचालन गरिनेछ । | कार्यक्रम भइरहेको |
| ४. शान्तिसुरक्षा कायम गर्न नेपाल सरकार, स्थानीय तह र अन्य सरोकारवालासँग सहकार्य गर्ने। | १. प्रदेश प्रहरीको क्षमता अभिवृद्धिको लागि नेपाल सरकारसंग र स्थानीय स्तरमा प्रभावकारी सुरक्षा कायम गर्न स्थानीय तहसंग सहकार्य गरिनेछ । | स्थानीय तह तथा न्यायिक समितिको कानून निर्माण तथा कार्यान्वय क्षमता अभिवृद्धि गर्न क्षमता विकास तालिम तथा कार्यक्रम सम्पन्न गरिएको । |
| | २. सामाजिक भेदभाव, आय असमानता र गरिबी हटाउन सरोकारवालासँग सहकार्य र समन्वय गरिनेछ । | सहकार्य र समन्वय भएको |
| | ३. स्थानीय तहको न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि गरी सामाजिक सद्भाव कायम गर्न सहयोग गरिनेछ । | सहयोग गरिएको |
| | ४. सीमा सुरक्षा र आपराधिक गतिविधि नियन्त्रणका लागि नेपाल सरकारसंग सहकार्य गरिनेछ । | सिमा सुरक्षा र अपराध नियन्त्रण गर्न तराइ जिल्लाका जिल्ला सुरक्षा समिति तथा भारतिय प्रतिनिधको उपस्थितिमा सुरक्षा बैठक सम्पन्न गरिएको साथै श्रीमान् सचिवज्यू समेतको सहभागितामा सिमा निरीक्षण तथा अनुगमन सम्पन्न गरिएको । |

## अन्तरसम्बिधित क्षेत्रको रणनीति र कार्यनीति कार्यान्वयन अवस्था
### गरिबी निवारण

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. सघन गरिबी भएका क्षेत्रहरू पहिचान गरी गरिबी निवारणका लागि लक्षित कार्यक्रम संचालन गर्ने। | १. प्रदेश स्तरमा गरिबीका कारणहरू पहिचान गर्न अध्ययन गरिनेछ । | अर्थ मन्त्रालयले आफै गरिबी संग सम्वन्धित कुनै कार्यक्रम संचालन नगरेको । विषयगत मन्त्रालयहरुले कार्यक्रमहरु कार्यन्वयन गर्दै आएको।अर्थ मन्त्रालयले विषयगत मन्त्रालयहरुको गरिबी निवारण संग सम्वन्धित आयोजना/कार्यक्रमहरुलाई बजेट विनियोजनमा प्राथमिकता दिई सहजीकरण गरेको । |
| | २. स्थानीय तहसँग सहकार्य गरी गरिबीको सघनता र मानव विकासमा पछि परेका पिछडिएको क्षेत्रमा गरिब घरपरिवार पहिचान गरी मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम मार्फत लक्षित विकासका कार्यक्रम संचालन गरिनेछ । | |
| | ३. सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई गरिब घर परिवारमा केन्द्रित गरिनेछ । | |
| २. गरिबी निवारणका लागि रोजगारी र आय आर्जनका कार्यक्रम संचालनका साथै ती कार्यक्रममार्फत लैङ्गिक विभेद समेत न्यूनीकरण गर्ने । | १. उद्योग र पर्यटनलाई गरिबी निवारणतर्फ परिलक्षित गरिनेछ । | |
| | २. भौतिक पूर्वाधार निर्माण गर्दा विपन्नलाई रोजगारी दिन प्राथमिकता दिइनेछ । | |
| | ३. न्यून आय भएका मानिसहरूलाई निस्शुल्क सिपमूलक तालिम प्रदान गरिनेछ । | |
| | ४. गरिब परिवारहरूलाई विभिन्न आर्थिक क्रियाकलाप संचालन गर्न अनुदान उपलब्ध गराइनेछ। साथै, आर्थिक सशक्तीकरण मार्फत लैङ्गिक विभेद कम गरिनेछ । | |
| | ५. गरिब घरपरिवारलाई कम्तीमा एक घर एक रोजगारीको प्रत्याभूतिको व्यवस्था गरिनेछ । | |
| ३. गरिबीलाई बहुआयामिक उपायबाट सम्बोधन गर्ने । | १. गरिब घरपरिवारहरूलाई आम्दानी, बचत र खर्चसँगै बैकिङ्ग ज्ञान प्रदान गरी बचत गर्ने बानीलाई प्रोत्साहन गरिनेछ । | |
| | २. गैर सरकारी संस्थाहरूलाई गरिबीको सघनता बढी भएका स्थानहरूमा गरिबी न्यूनीकरणका कार्यक्रम संचालन गर्न अभिप्रेरित गरिनेछ । | |
| | ३. जनजागरणको माध्यमबाट परम्परागत अन्धविश्वास, कुरिती र कुसंस्कारहरू हटाइनेछ । | |

| | | |
|---|---|---|
| | ४. शिक्षा र स्वास्थ्यमा पहुँच बढाई मानवीय पूँजी विकास गरिनेछ । | |
| | ५. भूमिहीन मानिसहरूलाई व्यावसायिक कृषि कर्म गर्न करारमा जग्गा उपलब्ध गराउन सहयोग गरिनेछ | |

**श्रम तथा रोजगारी**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. श्रमवजारको माग विश्लेषण गरी सो अनुरूपको जनशक्ति उत्पादनगर्ने । | १. श्रमबजारमा भइरहेको परिवर्तन र श्रम माग र आपूर्तिको सम्बन्धमा नियमित अध्ययन गरिनेछ । | ▪ नियमित अध्ययन गरी अध्ययनबाट प्राप्त माग बमोजिम तालिम सञ्चालन गर्न आवश्यक बजेट वनियोजन गरिएको । |
| | २. स्थानीय तहसंगको सहकार्यमा बेरोजगारी सम्वन्धी तथ्याङ्क संकलन गरिनेछ । | ▪ अनौपचारिक क्षेत्रमा कार्यरत श्रमशक्ति तथा श्रम शक्तिको विवरण अद्यावधिक गर्ने कार्य स्थानीय तहसँगको सहकार्यमा सम्पन्न गर्न कार्यविधि तयार गरिएको ।<br>▪ बेरोजगारी तथ्यांक संकलनका लागि रोजगार संयोजकको क्षमता विकास तथा प्रदेशसँग समन्वयका लागि अभिमुखीकरण तालिम सञ्चालन गरिएको । |
| | ३. श्रमवजारको माग अनुसारको जनशक्ति उपलब्ध गराउन सोही अनुसारको प्राविधिक एवम् रोजगारमुखी शिक्षा र दक्षता विकास गराइनेछ । | ▪ श्रमवजारको माग अनुसारको जनशक्ति उपलब्ध गराउन रोजगारमुखी शिक्षा र दक्षता विकासका लागि तत् तत् निकायसँग समन्वयकारी भूमिका निर्वाह गरिएको । |
| | ४. सार्वजनिक निजी साझेदारीमा सिपयुक्त जनशक्ति विकास गर्न औद्योगिक प्रतिष्ठान, बैंकिङ्ग संस्था र तालिम केन्द्रहरूसँगको सहकार्यमा बजारको माग अनुसार तालिम संचालन गरिनेछ । | ▪ आधारभूत सर्वेक्षणसमेत गरी बजारको माग अनुसार सीपमूलक तालिम सञ्चालन गर्ने व्यवस्था मिलाइएको ।<br>▪ अनिवार्य सीप परीक्षण र सिटिईभिटिको पाठ्यक्रमको आधारमा कम्तिमा १६० र अधिकतम् ३९० घण्टे सीपमूलक तालिम सञ्चालन गरिएको। |
| २. रोजगारी सिर्जना गर्ने क्रियाकलापहरू संचालन गर्न प्राथमिकता दिने। | १. स्थानीय श्रम, परम्परागत सिप र प्रविधिमा आधारित उद्योगको स्थापना र आयोजना तथा कार्यक्रमहरू कार्यान्वयनमा जोड दिइनेछ । | ▪ स्थानीय श्रममा आधारित तथा पुर्ख्यौली रुपमा सीप हस्तान्तरण हुँदै आएका साना तथा घरेलु उद्योगलाई आधुनिकीकरण गर्ने कार्यक्रम तर्जुमा गरिएको। सर्वजित भगत जस्ता कार्यक्रम सञ्चालन गरी परम्परागत सीपलाई प्रबर्द्धन गरिएको।<br>▪ प्रविधि हस्तान्तरण तथा बस्तुगत टेवा प्रदान गर्नेगरी कार्यक्रम राखिएको । |
| | २. भौतिक पूर्वाधार निर्माण र उद्योगधन्दामा प्रदेशका स्थानीय नागरिक तथा द्वन्द्व प्रभावित व्यक्तिहरूलाई रोजगारीका अवसरमा प्राथमिकता दिने नीति लिइनेछ । | ▪ लक्षित वर्गलाई रोजगारीका अवसर सिर्जना गर्ने किसिमका कार्यक्रम सञ्चानलन गर्दा यस्तो वर्ग लाभान्वित हुनेगरी तालिम सञ्चा्लन गरिएको । |

| | | |
|---|---|---|
| | ३. रोजगारी सूचना प्रवाहलाई प्रभावकारी पारिनेछ । | ▪ रोजगारी पोर्टलको व्यवस्था गरी सूचना प्रवाहको प्रभावकारी व्यवस्थापन गर्नेगरी अगाडि बढेको । |
| ३. उद्यमशीलताको प्रवर्द्धन गरी स्वरोजगारमा जोड दिने। | १. वैदेशिक रोजगारीबाट फर्केका युवालाई स्वरोजगार हुन सिप प्रमाणीकरण र सहुलियत ऋण उपलब्ध गराउन सहयोग गरिनेछ। | ▪ वैदेशिक रोजगारीबाट फर्केका युवालाई स्वरोजगार हुन सिप प्रमाणीकरणका लागि आवश्यक बजेट विनियोजन गरिएको । |
| | २. उद्यमशिल शिक्षा तथा तालिमको अवसर उपलब्ध गराई स्वरोजगारका लागि आवश्यक पूँजी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । | ▪ उद्यमशिल शिक्षा तथा तालिमको अवसर उपलब्ध गराई स्वरोजगारका लागि उद्यम विकास कोषमार्फत अनुदान प्रदान गर्नेगरी कार्यक्रम सञ्चालन गरिएको । |
| | ३ व्यावसायिक र प्राविधिक शिक्षामा सहज पहुँच बढाई युवाहरूलाई प्रोत्साहित गरिनेछ । | नभएको |
| | ४. कृषि, उद्योग, पर्यटन लगायतका क्षेत्रका लागि आवश्यक प्राविधिक जनशक्ति उत्पादनमा जोड दिइनेछ । | ▪ पर्यटन क्षेत्रमा आवश्यक पर्ने टुरगाइडहरुका लागि तालिम प्रदान गरी जनशक्ति तयार गरिएको। |
| ४. श्रमिकको हकहीत संरक्षण सहित श्रम बजारमा लैङ्गिक विभेद अन्त्यको वातावरण सिर्जना गर्ने। | १. श्रमिकहरूको बीमा अनिवार्य गर्दै सामाजिक सुरक्षामा जोड दिइनेछ । | ▪ संगठित तथा असंगठित क्षेत्रमा कार्य गर्ने श्रमिकहरुको सामाजिक सुरक्षाका लागि कानून तर्जुमा प्रक्रिया अगाडि बढेको । |
| | २. कार्यस्थलमा हुनसक्ने जोखिमको न्यूनिकरणमा जोड दिइनेछ । | ▪ कार्यस्थलमा हुनसक्ने जोखिमको न्यूनिकरणका लागि उद्योगहरुको अनुगमन र निर्देशन प्रदान गरिएको। |
| | ३. कार्यस्थलमा हुने लैङ्गिक विभेद तथा हिंसालाई निरुत्साहित गरिनेछ । | ▪ कार्यस्थलमा हुने लैङ्गिक विभेद तथा हिंसालाई निरुत्साहित गर्न अनुगमन गर्नुका साथै महिला उद्यमी कार्यक्रम सञ्चालन गरिएको। |
| | ४. समयको आधारमा ज्यालादर निर्धारण हुने पद्धतिको विकास गरी न्यूनतम र समान ज्यालाको सुनिश्चितता गरिनेछ । | नभएको |
| | ५. श्रम बजारमा लैङ्गिक विभेदलाई अन्त्य गर्ने अभियान चलाइनेछ । | ▪ समन्वयात्मक भूमिका निर्वाह गरिएको। |
| | ६. महिला उद्यमी तथा महिलाको रोजगारीको बढाउने नीति लिइनेछ । | ▪ महिला उद्यमी कार्यक्रम सञ्चालन गरिएको। |
| ५. श्रमको उचित सम्मान र इज्जत गर्ने संस्कृतिको विकास गर्ने। | १. श्रमको सम्मान गर्ने संस्कार बसाई श्रमबजारमा उपलब्ध कामहरू गर्न युवाहरूलाई प्रेरित गरिनेछ । | ▪ श्रमको सम्मान गर्ने संस्कार बसाई श्रमबजारमा उपलब्ध कामहरू गर्न युवाहरूलाई प्रेरित गर्न युवालक्षित कार्यक्रम सञ्चालन गरिएको । |
| | २. विभिन्न क्षेत्रका उत्कृष्ट पेशाकर्मीहरूलाई सम्मान र पुरस्कृत गर्ने व्यवस्था गरिनेछ । | ▪ विभिन्न क्षेत्रका उत्कृष्ट पेशाकर्मीहरूलाई सम्मान र पुरस्कृत गर्न मन्त्रालयबाट सिफारिस गरिएको । |

**वन तथा वातावरण**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. वनसम्बन्धी प्रादेशिक नीति, कानून र उपयुक्त संरचना बनाउने । | १. वन नीति, वातावरण नीति र वन तथावातावरण सम्बन्धी आवश्यक प्रादेशिक कानूनको तथा नीति नियम निर्माण गरिनेछ । | ▪ वातावरण संरक्षण ऐन २०७७, प्रदेश वन ऐन २०७८, वातावरण संरक्षण नियमावली २०७७, प्रदेश वन नियमावली २०७९, वन सम्बर्द्धन प्रणालीमा आधारीत वन व्यबस्थापन मार्गदर्शन २०७९, वन पैदावार आपूर्ति समिति सन्चालन कार्यविधि, २०७९, नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधी २०७५, जगदीशपुर बर्ड स्याङ्चुरी व्यवस्थापन योजना २०७५ निर्माण । |
| | २. प्रदेशअन्तर्गतका वनहरूको लगत तयार पारिनेछ । | ▪ प्रदेश अन्तर्गत वनहरुको Excel Based लगत तयार |
| | ३. वन अपराधका कृयाकलाप नियन्त्रण गर्न आवश्यक कानून तथा संयन्त्र तयार गरिनेछ । | नभएको |
| २. विद्यमान वनक्षेत्र कायम राखी उत्पादकत्व वृद्धिका लागि वनको सहभागितामूलक, दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने । | १. सामुदायिक, कबुलियती, साझेदारी र निजी वनको दिगो तथा वैज्ञानिक व्यवस्थापनमार्फत वनजन्य उत्पादन बढाई वनको अधिकतम उपयोग गरिनेछ । | ▪ वन जन्य उत्पादन बृद्धि गरि वनक्षेत्रको गुणस्तर समेत अभिबृद्धि गर्न प्रदेशमा दिगो वनको अबधारणा सहित वन सम्बर्द्धनमा आधारित वन व्यवस्थापन कार्यक्रम सन्चालन भएको ।<br>▪ सहभागीतामुलक Silviculture Based Forest Management लागू भई प्रत्येक वर्ष २० लाख घनफिट काठ र ४००० चट्टा दउरा उत्पादन भइरहेको तथा अन्य वनक्षेत्र तथा निजि वनबाट प्रत्येक वर्ष २५ लाख घनफिट काठ र १५००० चट्टा दाउरा उत्पादन भएको ।<br>▪ ३१५ वटा सामुदायिक वनको ४९५५४ हे. वन क्षेत्रमा वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन । |
| | २. आय आर्जन बढाउन वन क्षेत्रको व्यवसायिक ढंगले विकास र प्रयोग गरिनेछ । | ▪ कृषि वन कार्यक्रम लागू भई कार्यान्वयनमा रहेको । वनक्षेत्र कम रहेका स्थानिय तहहरुमा निजि कृषकका खाली जग्गाहरुमा वनजन्य तथा अन्य प्रजातीका बिरुवाहरु रोपण भएको । |
| | ३. कृषि तथा वागबानी वनको अवधारणा अनुरूप वनमा आधारित उपभोग्य वस्तुहरू उत्पादन गरिनेछ । | नभएको |
| | ४. फर्निचर उद्योग र घर निर्माणका लागि आवश्यक काठहरू व्यवस्थित ढंगले उपलब्ध गराइनेछ । | ▪ वन पैदावार आपूर्ति समिति सबै जिल्लामा स्थापन भइ काठ आपुर्तिको काम सहज भएको । |
| | ५. वन र वातावरणसम्बन्धी अनुसन्धानलाई जोड दिइनेछ। | ▪ वन तथा वातावरण क्षेत्रका ४४ वटा बिषयगत क्षेत्रमा अध्ययन अनुसन्धान भएको |
| | ६. वन डढेलो नियन्त्रण गर्न अग्नि रेखा बनाउने र नियन्त्रित जलान गर्ने काम गरिनेछ । | ▪ वन डढेलो नियन्त्रण तथा अग्नि रेखा निर्माण र Control Forest Fore को काम भएको ।<br>▪ सबै डिभिजनमा गरि जम्मा ४३१ किमि अग्निरेखा निर्माण भएको । |

| | | |
|---|---|---|
| ३. जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गर्ने एवम् पर्यापर्यटनका आधार क्षेत्रहरूलाई पुनःस्थापना तथा पुनःनिर्माण गर्ने। | १. स्थानीय तह तथा निजीक्षेत्रसंगको समन्वयमा जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय, वनस्पति उद्यान र चिडियाखाना स्थापना गरिनेछ। | नभएको |
| | २. उपयुक्त वनहरूमा पर्यटन प्रवर्द्धन, जैविक विविधता र जलाधार संरक्षणका साथै सिमसार क्षेत्रको संरक्षण र प्रयोगलाई प्राथमिकता दिइनेछ। | ▪ पर्यटन पर्बधनका लागि पर्यापर्यटन प्रबर्धन कार्यक्रम लागू भई सबै जिल्लामा Ecotourosm Enhance को काम भई रहेको।<br>▪ वन डढेलोको प्रकोप रोक्न तथा वनमा खेर गइरहेको पात पतिंगरबाट कम्पोष्ट मल बनाउने ८८ वटा उद्यम निर्माण गरिएको।<br>▪ २५ वटा वन पैदावरमा आधारित वन उद्यमलाइ अनुदान सहयोग। |
| | ३. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन गरिनेछ। | नभएको |
| | ४. नगर र नगर वरिपरिका वन, हरियाली, सिमसार, पानीका मुहान, खाली क्षेत्र, नदीतटको उचित व्यवस्थापन गरिनेछ। | नभएको |
| | ५. आकर्षक विरुवाहरू रोपेर शहरी क्षेत्र तथा सडकको सुन्दरता बढाइनेछ। | ▪ प्रदेशका सडकहरुलाई हरियाली बनाउन सडक सौर्दयीकरण अनुसार करिब ९ किमि मा वृक्षारोपण भएको।<br>▪ शहरी एवं घना बस्ति भएका ८ वटा पालिकाहरुका ५१०५ घरहरुमा बहुबर्षे बिरुवा रोपण भएको। |
| | ६. नाङ्गा डाँडा र खाली भूभागमा व्यक्तिगत र व्यावसायिक दुवै तरीका अपनाई वृक्षारोपण गरी वनको प्रवर्द्धन गरिनेछ। | ▪ निजि तथा सरकारी क्षेत्रका खालि जग्गाहरुमा ३२०० हेक्टर वृक्षारोपण भएको।<br>▪ प्रत्येक जिल्लामा एक सामुदायिक वन एक उद्यम कार्यक्रम लागु शहरी क्षेत्रका घना बस्तीमा प्रत्येक घरहरुमा २ रुख अनिबार्य गरि कार्याक्रम लागू भई हालसम्म १३४५० घरमा बिरुवा रोपण भएको।<br>▪ १६ पालिकामा नर्सरीहरु निर्माण तथा बिरुवा उत्पादन कार्य सम्पन्न भएको।प्रदेश भरी एक वर्षिय तथा वहुवर्षिय गरी जम्मम २० लाख ६५ हजार विरूवा उत्पादन भइ वितरण कार्य भएको<br>▪ प्रदेशका कम वनक्षेत्र रहेका ३८ वटा पालिका मध्ये तराईका ३२ वटा स्थानीय तहमा कृषि वन कार्यक्रम सञ्चालन भई ३०० हेक्टर निजी जग्गामा कृषि वन विस्तार भएको। |
| ४. जलवायु परिवर्तनलाई मध्यनजर राख्दै वातावरण संरक्षण गर्ने। | १. प्रदेशमा उपलब्ध तालतलैयाहरू संरक्षण र सम्बर्द्धन गरिनेछ। | ▪ प्रदेशका उपलब्ध तालतलैयाहरुको संरक्षण र व्यवस्थापन भईरहेको।<br>▪ संवेदनशिल र गुणस्तर ह्रास भएका सिमसारक्षेत्रको पहिचान भई व्यवस्थापनको काम भएको। |

| | | |
|---|---|---|
| | २. जैविक प्रविधिको प्रयोग गरी जैविक विविधताको संरक्षणसंगै मूल्यवान् रसायनहरूको उत्पादन शुरू गरिनेछ । | ▪ संकटापन्न अवस्थाका जैबिक प्रजातीको संरक्षणका लागी IN-situ र Ex-situ conservation का बासस्थान संरक्षण र व्यवस्थापन लगायत कामहरु सबै जिल्लामा कार्यान्वयनमा रहेका ।<br>▪ २१ वटा उद्योगहरुको वातावरणीय अनुगमन गरि उद्योगको स्थति बारे प्रतिवेदन तयार<br>▪ मूल्यवान रसायनहरुको उत्पादन प्रदेशस्तरबाट शुरु गर्न नसकिएको |
| ५. व्यक्तिगत र व्यावसायिक दुवै शैलीका वृक्षारोपण गरेर भू-स्खलन नियन्त्रण र भू-संरक्षण गर्ने। | १. भूक्षय भएको ठाउँ लगायत अन्य उपर्युक्त स्थानहरूमा अभियानको रूपमा वृक्षारोपण गरिनेछ । | ▪ अम्रीसो, वाँस, फलपुल रोपण सहित बायोइन्जिनियरिङ्ग प्रविधि प्रयोग गरी भू संरक्षणको काम नियन्त्रण गरिएको । |
| | २. राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता प्राप्त आयोजनाहरू वनक्षेत्रमा सचालन हुने अवस्थामा वातावरणीय प्रभावको मूल्याङ्कन गरी त्यसको प्रतिवेदन कार्यान्वयनलाई अनिवार्य गरिनेछ । | ▪ राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता प्राप्त आयोजनाहरु वन क्षेत्रमा संचालन हुने अवस्थामा वातावरणीय प्रभावको मूल्याङ्कन गर्ने गरीएको |

**सूचना तथा संचार प्रविधि**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. सूचना प्रविधिको विकास तथा व्यवस्थित प्रयोग गर्न कानूनी एवम् संस्थागत व्यवस्था गर्ने । | १. सूचना प्रविधि सम्वन्धी प्रदेशको नीति तथा कानून निर्माण गरिनेछ । | ▪ प्रदेश नं. ५, प्रदेश प्रसारण ऐन, २०७५ र प्रदेश नं. ५, प्रदेश प्रसारण नियमावली २०७६ बनेको |
| | २. प्रदेश सरकारका काम कारवाही, सेवा प्रवाह र विकास निर्माण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई व्यवस्थित गर्न एकीकृत प्रणालीको विकास गरिनेछ । | ▪ सूचना तथा सञ्चार प्रविधिको विकास गर्न समन्वय तथा सहजिकरण गरिएको ।<br>▪ लुम्बिनी प्रदेशवाट संचालित सम्पूर्ण वेवसाइटहरू सूचना प्रणाली तथा व्यवस्थापन प्रणालीहरूलाई क्लाउडमा व्यवस्थापन गरि संचालनमा भएको ।<br>▪ लुम्बिनी प्रदेश तथा यस प्रतिष्ठानबाट संचालित सम्पूर्ण सफ्टवेयरहरूको सुरक्षा जाँच कार्य सम्पन्न भएको ।<br>▪ क्लाउड सेवालाई सुरक्षित बनाउन तथा प्रकोपहरू जस्तै डेटा चोरी नस्ट बिग्रेमा पूर्व तयारीको लागि डिजाष्टर रिकभरी सेवा संचालन भएको ।<br>▪ प्रदेश सरकारका सूचना प्रणालीहरू लाइ व्यवस्थापन गर्ने बेवसाइट फ्रेमवर्कलाई थप सुधार तथा परिमार्जन गरिएको ।<br>▪ लुम्बिनी प्रदेशको आधिकारिक सब-डोमेन Lumbini.gov.np लाई व्यवस्थापन गर्न DNS Server व्यवस्थापन |

| | | |
|---|---|---|
| | | प्रणालीको विकास गरिएको । |
| | ३. सूचना प्रविधिको व्यवस्थित विकासका लागि संस्थागत संरचना निर्माण गरिनेछ । | सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको स्थापना गरिएको । |
| २. सूचना प्रविधिको पहुँच विस्तार तथा आर्थिक, सामाजिक विकासका क्षेत्रमा व्यापक प्रयोग गर्ने । | १. मोवाइल फोनको सिग्नल नपुगेका ठाँउहरूमा टावरहरू निर्माण गर्न सेवा प्रदायक कम्पनीहरूलाई आकर्षित एवम् सहजीकरण गरिनेछ । दूरसंचार सेवा विस्तारको लागि नेपाल दूरसंचार प्राधिकरणसंग सहकार्य गर्ने व्यवस्था गरिनेछ । | नभएको |
| | २. दुर्गम बस्तीहरूमा इन्टरनेट सुविधा पुयाउन सेवा प्रदायक कम्पनीहरूलाई प्रोत्साहन गरिनेछ । | नभएको |
| | ३. इन्टरनेटको पहुँच बढाउने लक्ष्य हासिल गर्न स्थानीय तहसँग सहकार्य गरी नमुनाका निःशुल्क वाईफाई बडाहरू बनाइनेछ । | नभएको |
| | ४.सूचना प्रविधिको उचित प्रयोगको लागि जनचेतना अभिवृद्धि गरिनेछ । | नभएको |
| | ५. शिक्षा र स्वास्थ्यको गुणस्तर सुधारमा सूचना प्रविधिको प्रयोग गर्न प्रोत्साहन र सहयोग गरिनेछ । साथै, प्रदेशभित्रका विद्यालय तथा क्याम्पसहरूमा इन्टरनेट पहुँच पु-याउन सहयोग गरी शैक्षिक सामग्रीको सहज उपलब्धताको लागि सहजीकरण गरिनेछ । | नभएको |
| | ६. प्रदेशका पुस्तकालयमा निःशुल्क इन्टरनेट सेवा र इ- पुस्तकालयको व्यवस्था गर्दै लगिनेछ। | नभएको |
| | ७. प्रदेशको यातायात प्रणालीलाई इन्टरनेटमा आधारित सूचना प्रणालीमा आवद्ध गर्दै लगिनेछ । | नभएको |
| | ८. प्रदेश सरकारका प्रशासनिक संरचनाहरूमा इ-गभर्नेसको अवधारणा अनुरूप सूचना प्रविधिको अधिकतम प्रयोग गरी काम कारवाही तथा सेवा प्रवाह गर्नुपर्ने व्यवस्था पारिनेछ । | नभएको |
| | ९. मोबाईल एप, वेब साईटहरू मार्फत लैङ्गिक विभेद तथा समावेशी सम्बन्धि नीति, नियम र राम्रा अभ्यासहरूबारे जानकारी गराइनेछ । | नभएको |
| | १०. सूचना प्रविधि सम्बन्धी आवश्यक दक्ष जनशक्ति उत्पादनमा जोड दिइनेछ । | नभएको |
| ३. प्रादेशिक सूचना प्रविधि पार्क संचालन गर्ने। | १. प्रादेशिक सूचना प्रविधि पार्कसम्बन्धी कानून बनाएर संस्थागत विकास गरिनेछ । | नभएको |
| | २. प्रादेशिक सूचना प्रविधि पार्कमा निजी क्षेत्रलाई उद्योग तथा सेवा विस्तार गर्न प्रोत्साहन सहित व्यवस्था गरिनेछ । इन्टरनेटमा आधारित सेवा तथा सफ्टवेयर उत्पादन तथा विक्रीको व्यवस्था मिलाइनेछ । | नभएको |

**विपद् जोखिम न्यूनीकरण र जलवायू परिवर्तन व्यवस्थापन**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. प्रदेशको अवस्था अनुरूपका भूमि तथा बस्ती व्यवस्थापन गर्ने। | १. संकटासन्न स्थानको पहिचान तथा नक्शांकन समेत गर्दै भूमि तथा बस्ती व्यवस्थापनलाई प्राथमिकताका साथ अघि बढाइनेछ । | ▪ विपद्बाट पूर्ण रुपमा क्षति भएका घरको संघीय सरकारको निजी आवास निर्माण कार्यक्रम अन्तरगत प्रदेश सरकारले जम्मा लागतको ३०% लागत साझेदारी गरि प्यूठान जिल्लामा कार्यक्रम कार्यान्वय गरिएको साथै अन्य जिल्लामा समन्वय तथा सहजिकरण गरिएको । |
| | २. विपद् व्यवस्थापन गर्न नसकिने स्थानका वासिन्दाहरूलाई सुरक्षित एवम् एकीकृत बस्ती निर्माण गरी स्थानान्तरण गरिनेछ । | ▪ राष्ट्रिय आवास तथा बस्ती उत्थानशिल समन्वय मञ्चको प्राविधिक सहयोगमा लुम्बिनी प्रदेशका जिल्लाहरु जोखिमयुक्त बस्ती पहिचान तथा नक्साङकन कार्य सञ्चालन गरिएको । |
| २. विपद सिर्जित गरिबी न्यूनीकरणका लागि विशेष कार्यक्रमहरू संचालन गर्ने । | १. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोषको व्यवस्था गरी विपद्को उद्दार, राहत र प्रतिकार्य लागु गरिनेछ । | ▪ प्रदेश विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका तर्जुमा गरि उद्दार, राहत तथा प्रतिकार्य सम्पन्न गरिएको । |
| | २. प्रभावित क्षेत्रमा गरिबी न्यूनीकरणका लागि विशेष कार्यक्रमहरू संचालन गरिनेछ । | नभएको |
| | ३. विपदमा परेका घरपरिवारलाई रोजगारीमा प्राथमिकता दिने नीति लिइनेछ । | नभएको |
| ३. विपद्ले असर गर्नसक्ने स्थानहरूको पहिचान गरी सम्भावित प्रभावको न्यूनीकरण गर्ने। | १. विपद्को कारणले जोखिममा पर्ने पूर्वाधारहरूको संरक्षणका कार्यक्रम लागु गरिनेछ । | ▪ अन्तर मन्त्रालय समन्वय कायम गरि संरक्षणका कार्यक्रम सञ्चालन भएको ।<br>▪ LEOC र DEOC चलायमान गर्न समन्वयात्मक कार्यक्रम गरिएको ।<br>▪ स्थानीयत तहसँग समन्वय गरि विविध कार्यक्रम सञ्चालन गरिएको ।<br>▪ प्रदेश अन्तर्गत सवै जिल्लाहरुमा भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत सडकपाखो संरक्षण र विकासका पूर्वाधार संरक्षण कार्यक्रममा हरेक वर्ष कार्यान्वयन भैरहेको । |
| | २. जलाधारमा आधारित अवधारणा लागु गर्दै बाढीले प्रभाव पार्ने सम्भावित क्षेत्रहरूमा दिगो तटवन्ध कार्यक्रम सञ्चालन गरिनेछ । | ▪ पहिरोहरुमा वायो इन्जिनियरिङ्ग प्रविधि प्रयोग गरी वनस्पतिको रोपण गरिएको नदि किनार संरक्षणमा वायो इन्जिनियरिङ्ग प्रविधि प्रयोग भएको। |
| | ३. घनाबस्तीहरूमा भूकम्पको वेला सुरक्षित रहने खुला चौरहरूको व्यवस्था गरिनेछ । | नभएको |
| | ४. स्थानीय तहसंगको सहकार्यमा खर तथा फुशका छानालाई विस्थापन गरिनेछ । | नभएको |
| | ५. शीतलहर र आगलागीबाट बच्न तराईका जिल्लाहरूमा स्थानीय तहसंगको सहकार्यमा बहुउपयोगी सुरक्षित आवास आश्रयस्थलको व्यवस्था गरिनेछ । | नभएको |

| | | |
|---|---|---|
| | ६. व्यापक रूपमा वृक्षारोपण गरी पहिरो नियन्त्रण गरिनेछ । | नभएको |
| | ७. पहाडमा हुने भू-क्षय कम गर्ने र नदीमा बाँध बनाउने नयाँ तरिका जस्तै जैविक तटबन्ध जस्ता प्रविधिको प्रवर्द्धन गरिनेछ | नभएको |
| ४. पूर्व तयारी गरी विपद व्यवस्थापनमा प्रभावकारिता ल्याउने । | १. प्रदेश तहमा पूर्वसूचना प्रणाली स्थापना गरी जल तथा मौसम मापन केन्द्रहरुको विस्तारका लागि सहजीकरण गरी प्रभावकारी ढंगले पूर्वसूचना प्रवाह गरिनेछ । | नभएको |
| | २. विपद् व्यवस्थापनका लागि भण्डारण गृह निर्माण गरी आवश्यक सामग्रीहरूको संचय गरिनेछ । | ▪ विपद् व्यवस्थापन समाग्रीहरुको भण्डारणको लागि रुपन्देहीको जितगढीमा पूर्वाधार भाडामा लिइएको ।<br>▪ विपद् व्यवस्थापन समाग्रीहरु खरिद गरि सुरक्षा निकायहरलाई उपलब्ध गराउने गरिएको ।<br>▪ विपद् व्यवस्थापन सम्बन्धी तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको |
| | ३. बाली, पशु र संरचनाको बीमा प्रणालीलाई थप विकसित गर्दै लगिनेछ । | नभएको |
| ५. भवन तथा संरचना निर्माणका संहिता कडाइका साथ लागु गर्ने। | १. भवन संहिता कार्यान्वयन गरी भूकम्पको सम्भावित असर तथा प्रभाव कम गरिनेछ । | ठोसरुपमा नभएको |
| | २. विपद् पश्चातको उद्धार र राहतको व्यवस्थापनलाई प्रभावकारी ढंगले संचालन गर्ने गरी संरचना बनाइनेछ । | ▪ अन्तर मन्त्रालय समन्वय कायम गरिएको ।<br>▪ विपद्को सूचना संकलन गर्न PEOC को संस्थागत संरचना मन्त्रालयमा रहेको । |
| ६. विपद् पश्चातको व्यवस्था, शीघ्र उद्धार, प्रति कार्य तथा राहत प्रदानलाई प्रभावकारी ढंगले संचालन गर्ने। | १. जलवायू परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न प्रदेशस्तरका मापदण्डहरूको विकास, परिमार्जन र लागु गर्ने संयन्त्र बनाइनेछ । | ▪ विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन परिषद्को गठन गरिएको । |
| | २. विपद्पछिको शीघ्र पुनरूत्थानका लागि पूर्व योजनाहरू तयार पारिनेछ । | ▪ विपद्जन्य घटना सम्बन्धी सुरक्षा निकायसँग समन्वय गरि Simulation तथा Table Top Exercise सम्पन्न गरिएको ।<br>▪ जलउतपन्न प्रकोपमा राहत र उद्धारका लागि ग्यावियन तारजाली, सुलभ मूल्यमा काठ उपलब्ध गराइएको । |
| | ३. विपद् प्रतिकार्य तालिम केन्द्र स्थापना गरिनेछ । | नभएको |
| | ४. विपद् व्यवस्थापनको संयोजन स्थानीय सरकारबाट गराइनेछ । | ठोसरुपमा नभएको |
| | ५. विपदको घटनापश्चात् शीघ्र उद्धार, राहत र प्रतिकार्य सेवा प्रदान गर्ने संरचना तयार पारिनेछ । | ▪ अन्तर मन्त्रालय तथा निकाय समन्वय गरिएको ।<br>▪ |
| | ६. आकष्मिक उद्दारका लागि आवश्यक पर्ने स्थान पहिचान गरी हेलिप्याडहरू निर्माणको सहजीकरण गरिनेछ । | ▪ विभिन्न स्थानमा हेलिप्याडहरु निर्माण गरिएको । |

| | | |
|---|---|---|
| | ७. बहु प्रकोप जोखिम लेखाजोखालाई समयानुकूल संस्थागत गर्दै लगिनेछ र सूचना सङ्कलनमा नयाँ प्रविधिहरूको उपयोग गरिनेछ । | ठोसरुपमा नभएको |
| | ८. विपद् व्यवस्थापनमा सहयोग गर्ने गरी क्षमता विकास सहित स्वयंसेवक तयार पारिनेछ । | ▪ स्वयम् सेवक तयार गर्न विपद् तालिम मन्त्रालयबाट आयोजना गरिएको । |
| ७. जलवायू परिवर्तन अनुकूलनको कार्यक्रम लागु गर्ने। | १.जलवायूमा भइरहेको परिवर्तन र त्यसले पार्नसक्ने प्रभावको सूक्ष्म अध्ययन तथा अनुसन्धान गर्ने व्यवस्था गरिनेछ । | ▪ वातावरण संरक्षण ऐन र नियमावलीमा अनुसन्धानवाट प्राप्त सुझवाहरुलाइ समावेश गरिएको |
| | २. जलवायू परिवर्तन अनुकुलित आर्थिक गतिविधि तथा भौतिक पूर्वाधार निर्माण गरिनेछ । | ▪ पानीको मुहान संरक्षण, गल्छी पहिरो रोकथाम, पोखरी निमार्ण, खोला किनार संरक्षणका कामभएका औधोगिक लगायत निर्माणका कार्यहरुमा अनिवार्य वातावरण परिक्षण गर्नु पर्ने गरिएको । |
| | ३. जलवायू परिवर्तन तथा विपद्को जोखिममा रहेका महिला, बालबालिका, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरू, दलित तथा सीमान्तकृत वर्ग र समुदायको फरक जोखिम एवम् सङ्कटासन्नतालाई दृष्टिगत गर्दै विशेष योजना तथा कार्यक्रम तयार गरी लागु गरिनेछ । | नभएको |
| | ४. नीति, नियम, कानून बनाउँदा रैथाने रीतिथिति तथास्थानीय ज्ञानलाई महत्व दिदै वैज्ञानिक अनुसन्धानबाट प्राप्त सुझावहरूलाई कार्यान्वयन गर्दै लगिनेछ । | नभएको |
| | ५. विपद् जोखिम न्यूनीकरण र जलवायू परिवर्तन अनुकूलनका विषयवस्तुलाई विकास योजनामा मूलप्रवाहीकरण गरिनेछ । | ठोसरुपमा नभएको |

**मानव संशाधनको विकास**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. विभिन्न उत्पादन क्षेत्रहरूलाई चाहिने जनशक्तिको आवश्यकतालाई आँकलन गर्नु । | १. सरोकारवालाहरूको सहयोगमा प्रदेशलाई चाहिने दक्ष जनशक्तिको माग प्रक्षेपण गरिनेछ । | नभएको |
| | २. श्रमबजारको माग र आपूर्तिमा आउने परिवर्तनलाई सूक्ष्म रूपमा नियमित अध्ययन गरिनेछ । | नभएको |
| २. व्यावसायिक र प्राविधिक शिक्षालाई प्रवर्द्धन गरी समावेशीपूर्ण ढंगले अर्थतन्त्रलाई आवश्यक जनशक्ति उत्पादन गर्नु । | १. काममा आधारित व्यावसायिक तालिमहरू प्रदान गर्ने व्यवस्था गरिनेछ । | नभएको |
| | २. प्रदेशस्तरीय जनशक्ति विकासका लागि तालिम केन्द्र स्थापना गरिनेछ । | नभएको |
| | ३. मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादनमा बढी जोड दिई पोलिटेक्निक कलेजहरू संचालन गरिनेछ । | लुम्बिनी प्राविधिक विश्वविद्यालय स्थापना गरिएको । |
| | ४. न्यून आय भएका यूवाहरूलाई सिप हासिल गर्न सहयोग गरिनेछ । | नभएको |

| | | |
|---|---|---|
| | ५. परम्परागत सिप भएका व्यक्तिहरूलाई सिप प्रमाणीकरणको व्यवस्था गरिनेछ । | नभएको |
| | ६. दक्ष जनशक्ति उत्पादन गर्न सार्वजनिक निजी साझेदारीका माध्यमबाट उपलब्ध सरकारी पूर्वाधारहरूको सदुपयोग गर्नका लागि प्रोत्साहन गरिनेछ । | नभएको |
| | ७. निजी क्षेत्र, औद्योगिक क्षेत्र, तथा शैक्षिक संस्थाहरूसँगको साझेदारीमा उद्यमशीलता इन्क्युबेटरहरूको विकास प्रवर्द्धन गरिनेछ । | नभएको |
| | ८. प्रादेशिक विकास स्रोत (पुस्तकालय) तथा तालिम केन्द्र स्थापना गरिनेछ । | नभएको |

**आम संचार**

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. पहुँच, व्यावसायिकता र संस्थागत क्षमता बढाउने । | १. स्थानीय तहसँगको सहकार्यमा वडातहसम्म आम संचारको पहुँच अभिवृद्धि गरिनेछ । | ▪ विभिन्न कानूनी व्यवस्था मार्फत कार्यान्वयन गरिएको । |
| | २. प्रादेशिक विज्ञापन नीति तर्जुमा गरी जनचेतनामूलक सूचना र सरकारी विज्ञापन बिना भेदभाव प्रदान गरिनेछ । | ▪ विज्ञापन कर नियमावली २०७६ तर्जुमा भएको । |
| | ३. आम संचारको नियमन र प्रवर्द्धन गर्न आवश्यक कानूनी र संस्थागत व्यवस्था गरिनेछ । | ▪ संचार माध्यम ऐन, २०७९ तर्जुमा भएको । |
| | ४. एफ.एम. रेडियोको पहुँच नपुगेको ठाँउहरूमा स्थानीय तहको सहकार्यमा एफ.एम् रेडियो संचालनमा सहयोग पुरयाइनेछ । | नभएको |
| २. सकारात्मक, खोजमूलक र विकासमुखी संचारको प्रवर्द्धन गर्ने । | १. सकारात्मक, खोजमूलक र विकास प्रवर्द्धन गर्ने संचार गृह तथा संचारकर्मीलाई पुरस्कृत र प्रोत्साहित गरिनेछ । | ▪ संचारकर्मी सम्मान तथा पुरस्कार वितरण सम्बन्धी कार्यविधि, २०८० |
| | २. सामाजिक जागरण र व्यावसायिकता प्रर्वधनको लागि संचार माध्यमको प्रयोग र सहकार्य गरिनेछ । | ▪ चलचित्र तथा वृत्तचित्र उत्पादनका लागि अनुदान सम्बन्धी निर्देशिका, २०७६<br>▪ सञ्चारमाध्यमहरुलाई अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७८ |
| | ३. स्वास्थ्य शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सुशासनका लागि रेडियो बहस कार्यक्रममा आमसंचारको उपयोग गरिनेछ । | ▪ आशिंकरुपमा भएको |
| | ४. समृद्धिका आधारको रूपमा रहेका कृषि, उद्योग र पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनमा संचार माध्यमको सहयोग लिइनेछ । | ▪ सार्वजनिक सन्देशमुलक रेडियो सामग्री उत्पादन तथा प्रसारण कार्यविधि, २०७८ |
| ३. प्रदेश सरकारका गतिविधिहरूलाई जनसमक्ष पुऱ्याउन सम्प्रेषणको व्यवस्था गर्ने । | १. प्रदेश सरकारका कामकारवाहीलाई सहज ढंगबाट प्रादेशिक रेडियो र टेलिभिजन कार्यक्रम लयायतका आम संचार माध्यमबाट प्रवाह गरिनेछ । | ▪ प्रदेश सरकारका कामकारवाहीलाई सहज ढंगबाट प्रवाह गर्न रेडियो , टेलिभिजन, पत्रपत्रिका तथा आमसञ्चार माध्यमसँग समन्वय तथा सहजिकरण गरिएको । |
| | २. सञ्चारसँग सम्बन्धित नीति, नियम, तर्जुमा गर्दा समावेशीता र लैंगिक समानताको पक्षलाई समावेश गरिनेछ । | नभएको |